# विधागत पत्रकारिता
## हाते पुस्तक

# विधागत पत्रकारिता
# हाते पुस्तक

सम्पादक

**विनोद ढुङ्गेल**

प्रकाशक

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

**सञ्चार रजिष्ट्रारको कार्यालय**

**बागमती प्रदेश, नेपाल**

# विधागत पत्रकारिता हाते पुस्तक
(Beat Journalism Handbook)

सम्पादक
**विनोद ढुङ्गेल**

प्रकाशक
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**सञ्चार रजिष्ट्रारको कार्यालय**
**बागमती प्रदेश, नेपाल**
कार्यालय : हेटौंडा, मकवानपुर
फोनं. ०५७-५२०२५० (हेटौंडा)
काठमाडौँ उपत्यका : ०१-५४२०४४७ (जावलाखेल)
ईमेल : admin.cro@bagamati.gov.np
वेबसाइट : http://cro.moial.p3.gov.np

प्रथम संस्करण : २०८० असार (July 2023)
© सञ्चार रजिष्ट्रारको कार्यालय, बागमती प्रदेश
**ISBN : 9789937144964**

साजसज्जा
**अल मिडिया सोलुसन प्रा.लि., बागबजार, काठमाडौँ**

मुद्रक
**कामना प्रिन्ट एण्ड क्रिएशन, पुतलीसडक, काठमाडौँ ।**

---

यस पुस्तकमा प्रकाशित तथ्य वा विचार व्यापारिक प्रयोजनबाहेक स्रोत उल्लेख गरेर प्रयोग गर्न पाइने छ ।

# मुहान सङ्ल्याउने प्रयास

पत्रकारिता जगत् समाजको एक अभिन्न अंग भएकाले समाजमा विद्यमान सुकृति र विकृति यसमा पनि निहित छन् । समाजका संगति तथा विसंगति सबै पेशा एवं व्यवसायमा छन् । खराबलाई असल बनाउने सत्चरित्रवान्हरूले हो । पत्रकारिता सङ्ल्याउन सक्दा मात्र समाजको सफा ऐना बन्न सक्छ । अरूलाई धारणा बनाउन सूचना दिने पत्रकारितालाई जति गुणस्तरीय बनाउन सकिन्छ, त्यति नै सामाजिक रूपान्तरण सम्भव हुन्छ ।

पत्रकारिता जगत्लाई नियन्त्रण गरेर होइन, स्वनियमनमा प्रोत्साहित गरेर नै गुणस्तरीय बनाउने हो । स्वनियमनजस्तो अनुशासनको हतियार अरू हुनै सक्दैन । यही तथ्य आत्मसात गरी सञ्चार रजिष्ट्रारको कार्यालय, बागमती प्रदेशले विभिन्न अध्ययन सामग्रीको उत्पादन तथा वितरण गर्दै आएको छ । मानिसको स्वभाव परिवर्तन गराउन उसको सोचाइ परिवर्तन गराउनुपर्ने हुन्छ । फलतः मानिसका बानी, व्यवहार र शैली परिवर्तन हुन्छन् । सोचाइ परिवर्तन गराउने ज्ञान, सीप, सूचना र अनुभव आदानप्रदानले हो ।

शान्त पोखरीमा पनि ढुंगा हानेपछि पानी तरंगित हुन्छ, त्यो क्रियाको प्रतिक्रिया हो । क्रिया नै नगरी कुनै प्रतिक्रिया आउँदैन र कुनै काम गरिएन भने न सहयोग पाइन्छ, न त वाधा-अवरोध नै आउँछन् । क्रियाशीलताले मात्रै आलोचना र प्रशंसालाई निमन्त्रणा दिन सक्छन्, शून्यता त शान्त होइन; सुनसान हुन्छ, खालीखाली हुन्छ । सबै सक्रियता सबैलाई सबै किसिमले चित्तबुझ्दो नहुन सक्छ, तर समाजको बृहत्तर हितका लागि चित्तबुझ्दो सुकार्यका लागि सक्दो कोशिश गर्न भने पछाडि हट्नु हुन्न ।

विधागत पत्रकारितासम्बन्धी अध्ययन सामग्री तयार गरिरहँदा पहिल्यै यस्ता सामग्री प्रकाशन हुनुपर्थ्यो भन्ने सन्दर्भ नउठेको होइन । पहिल्यै यस्ता अध्ययन सामग्री उपलब्ध भइदिएको भए हामी नयाँ विषयमा केन्द्रित हुन पाउने थियौं । तर, नयाँ एवं सिर्जनात्मक काम गर्न कहिल्यै ढिलाइ हुँदैन भन्ने हाम्रो निष्कर्ष हो । सिर्जनात्मक कार्य आफैंबाट शुरू गरेर नै सबैखाले टीकाटिप्पणीको जवाफ फर्काउन सकिन्छ भन्नेमा हामी विश्वस्त छौं ।

काठमाडौं उपत्यकाभित्र रहेर पत्रकारिता गर्ने सीमित पत्रकारले विधागत पत्रकारिताको अभ्यास गर्न पाएका छन्, तर बाहिरी जिल्ला वा स्थानीय तहमा रहेर समाचार संकलन गर्ने पत्रकारका लागि ती क्षेत्र नै विधागत पत्रकारिताको अभ्यासस्थल भएका छन् । फलतः उनीहरू तिनै क्षेत्रका विशेषज्ञ त भएका छन्, तर निकायगत वा विषयगत आधारमा विशेषज्ञता हासिल गर्न नपाउँदा विशेषज्ञ-पत्रकार हुन पाएका छैनन् । उनीहरूले सबै विषय क्षेत्रका समाचार लेख्दै आएका छन्, तर एउटै विषय वा निकायमा केन्द्रित समाचार लेखेर पेशा नै नधानिने उनीहरूको अवस्था छ । उनीहरू या त स्थानीय क्षेत्रका पाठक/श्रोता/दर्शकका रुचिअनुसारका मिडियामा कार्यरत छन्, या त काठमाडौंकेन्द्रित सञ्चारमाध्यमका स्थानीय संवाददाता वा स्ट्रिङ्गरका रूपमा क्रियाशील छन् । जानेर वा नजानेर सबै विषयका समाचार लेख्नुपर्ने बाध्यतामा रहेका ती पत्रकारलाई तिनका भू-क्षेत्रगत विशेषज्ञताको परिधिबाट बाहिर निकालिदिने हो भने पुनः सिकारु पत्रकारको अवस्थामा पुग्ने बाध्यता छ ।

विषयगत विधाको विशेषज्ञता प्राप्त नगरेका उनीहरूका लागि त्यस्तो ज्ञान र सीप आर्जन गर्न सकिने गतिला पुस्तक पढ्ने अवसर पनि प्राप्त छैन । सम्बन्धित विषय-विशेषज्ञसँग नियमित सम्पर्कमा रहन पनि उनीहरूले पाएका हुँदैनन् र पाए पनि कुराकानीका लागि प्रायः आफूसँग खुराक र जानकारी लिने कोणको अभाव छ । काठमाडौं उपत्यका वा जिल्लाका सञ्चारमाध्यमका सञ्चालक वा सम्पादकको निर्देशन पालना गरी खुरुखुरु समाचार लेख्नुबाहेक उनीहरूसँग विकल्प छैन । त्यो ऊर्जाशील मानव संसाधनसँग समाचार स्रोतले भनिदिएका विषयमा आधारित भएर समाचार लेख्नुबाहेक थप तथ्य खोज्ने सीप र सोच पनि पर्याप्त छैन ।

यी समग्र पक्षको असर ती पत्रकारलाई मात्र परेको छैन, समग्र समाचार-चक्रमा नै परेको छ । तिनले जे-जस्ता सूचना संकलन गरेका हुन्छन्, त्यसैमा आधारित भएर समाचार कक्षले समाचार प्रसारण तथा प्रकाशन गर्छ । समाचारमा गल्ती भएमा सम्बन्धित पत्रकारलाई आन्तरिक रूपमा सञ्चारमाध्यमले स्पष्टीकरण त सोध्न सक्छ, तर प्रकाशन तथा प्रसारण भइसकेका सामग्रीको जिम्मेवारी सम्बन्धित सञ्चारमाध्यमले लिनुपर्छ । समाचारका उपभोक्ता गलत सूचना र तथ्यको मारमा पर्छन् । परिणामतः पत्रकार र सञ्चारमाध्यमको

विश्वसनीयतामाथि प्रश्न उठ्छ। समग्र पत्रकारितामाथि नै प्रश्न उठिरहन्छ। त्यस्ता प्रश्नले पत्रकारितालाई धमिलो बनाउँदै लैजान्छन् भने समाजको मन पनि अमिलो भइरहन्छ। तसर्थ पत्रकारितालाई सङ्लो बनाउन सूचना संकलन गर्ने स्रोतका रूपमा सक्रिय पत्रकारलाई सीपयुक्त, जानकार, सचेत र गतिशील बनाउन आवश्यक छ। त्यही मुहान सङ्लो बनाउने एक हदसम्मको प्रयास हो- विधागत पत्रकारिता हाते पुस्तक।

नेपालमा विधागत पत्रकारिताका बारेमा अध्ययन गर्ने सामग्रीको सर्वथा अभाव छ। त्यही अभाव पूर्ति गर्ने प्रारम्भ हो- विधागत पत्रकारिता हाते पुस्तक। स्वदेशमै क्रियाशील जनशक्तिसँग भएका ज्ञान, सीप र अनुभव आदानप्रदान गराउँदा पनि विधागत पत्रकारितालाई एउटा तहमा माथि उठाउन सकिन्छ भन्ने मान्यताका आधारमा सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेशले पहिलोपटक १९ वटा विधा समेटेर विधागत पत्रकारिता हाते पुस्तक तयार गरेको हो।

यो पुस्तक अन्तिम होइन, विधागत पत्रकारितालाई व्यवस्थित बनाउन चालिएको पहिलो प्रयास हो। हामी स्पष्ट छौं- तपाईंका हातमा परेको विधागत पत्रकारिता हाते पुस्तक पूर्ण छैन। र, ज्ञानको पूर्णताको अपेक्षा पनि कहिल्यै गर्न सकिन्न। त्यसमाथि पनि दुनियाँका पत्रकारिताको अभ्यास हेर्ने हो भने अनन्त विधाको अभ्यास भइरहेकाले कसैले पूर्णता दिन्छु भन्छ भने त्यो असम्भवप्रायः छ। पूर्णताको शुरूआत अपूर्णबाट हुन्छ। यो पुस्तक त्यही प्रयासको पहिलो खुड्किलो हो, पूर्णतातिरको शुरू यात्रा हो।

यसमा चलनचल्तीका कतिपय विधा छुटेका छन्। यो पुस्तक पढेपछि विधाका क्षेत्रमा थप महत्त्वाकांक्षी सूची तयार हुने छ। सीमित स्रोतसाधनका बीचमा पनि जति सामग्री पस्कन सकेका छौं, तीभित्रका सूचना र ज्ञान अपुग हुन सक्छन्, ती सामग्रीले फराकिलो मार्ग नदेखाउन सक्छन्, तर मार्ग नै नभएको ठाउँमा साँघुरो बाटो पहिल्याउन भने मद्दत पुऱ्याउन सक्छन् भन्ने हाम्रो ठम्याइ छ। यसमा तपाईंको रचनात्मक सहयोग जोडिन सक्छ।

जिल्ला वा पालिकालाई क्षेत्र बनाएर काम गर्ने पत्रकारले आफ्ना रुचिका विषयलाई मुख्य बनाएर अरू विषय समेट्दै समाचार संकलन तथा सम्पादन गर्न यो पुस्तकले सहयोग पुऱ्याउने विश्वास छ। फरक-फरक जिल्लामा बसेर फरक-फरक विषयलाई मुख्य विधा बनाएर पत्रकारिता गरिरहेका पत्रकारलाई समन्वयात्मक रूपमा काम गर्न यो पुस्तकले उत्प्रेरित गर्ने हाम्रो विश्वास छ।

विधागत पत्रकारिता हाते पुस्तक बागमती प्रदेशको पत्रकारितामा क्रियाशील मात्रै होइन, नेपालभरि क्रियाशील पत्रकारका लागि पनि अध्ययन गर्ने पाठ्य सामग्री हो। त्यस अवस्थामा नै बागमती प्रदेशले नेपालको पत्रकारिता जगत्को गुणवत्ता उकास्न योगदान

गरेको ठहरिने छ । गुणस्तरीय र विश्वसनीय पत्रकारिताले सुशासनमा मद्दत पुऱ्याउँछ । सुशासनले शासन व्यवस्थालाई बलियो र दिगो बनाउन योगदान गर्छ । संविधानका मूल मर्म र भावनाअनुसार संघीय लोकतान्त्रिक गणतन्त्रलाई दिगो बनाउन पनि पत्रकारितालाई गुणस्तरीय र विश्वसनीय बनाउन आवश्यक छ, त्यसका लागि विधागत पत्रकारितालाई प्रोत्साहन गर्नैपर्छ । स्थानीय विषयवस्तुलाई विश्वस्तरमा पुऱ्याई विश्व समुदायको ध्यानाकर्षण गराउन सक्ने बलियो साधनका रूपमा विधागत पत्रकारिताको विकास गर्दै लैजानुपर्ने आवश्यकता छ ।

मोफसलमा काम गरिरहेका पत्रकार, एउटै विधामा स्थापित हुन खोजिरहेका अनुज पत्रकार, विधागत पत्रकारिताको जान्दो अभ्यास गरिरहेका पत्रकार, विश्वविद्यालयमा पत्रकारिता अध्ययन गरिरहेका विद्यार्थीलगागत पत्रकारितामा चासो राख्ने सबै सरोकारवालाका लागि यो पुस्तक उपयोगी हुने हाम्रो विश्वास छ । यसमा रहेका त्रुटि र कमजोरीहरू औंल्याइदिएर सुधारका लागि मार्गप्रशस्त गर्न तथा पुस्तकका उपयोगी पक्ष ग्रहण गर्न र बाँड्न सबैमा विनम्र आग्रह गर्दछौं । यो पुस्तक तपाईंका हातमा पार्न रचनात्मक सहयोग गर्नुहुने सम्पादक, लेखक, भाषा सम्पादक, डिजाइनर, छापाखाना, सञ्चार रजिष्ट्रारको कार्यालयका कर्मचारी, बामगती प्रदेश सरकारलगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छौं ।

ज्ञान बाँडेर कहिल्यै सकिँदैन । यसलाई मनन गर्दै ज्ञान हस्तान्तरण वा पुस्तान्तरण गर्न, ज्ञान उत्पादन, प्रशोधन र वितरण गर्न सञ्चार रजिष्ट्रार कार्यालयको प्रयास जारी रहने छ । जन्मिएको पाँचौं वर्षमा हिँडिरहेको सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेशको निष्कर्ष छ- कोशिश जारी राख्नुपर्छ, असफलतालाई परास्त गर्दै सफलता प्राप्त गर्ने दिन आउँछ । आगामी दिनमा उपयोगी थप अध्ययन सामग्री तपाईंसमक्ष ल्याउने प्रतिबद्धता पनि व्यक्त गर्दछौं ।

**रेवतीप्रसाद सापकोटा**
सञ्चार रजिष्ट्रार
बागमती प्रदेश

# विषय सूची


**विधागत पत्रकारिता**
- ■ विशेषज्ञ पत्रकारिताको अभ्यास
- - विनोद ढुङ्गेल — १

**राजनीति–पत्रकारिता**
- ■ सार्वभौमिक जनअधिकारका लागि
- - रामकृष्ण रेग्मी — ३७

**परराष्ट्र तथा कूटनीतिक मामिला**
- ■ राष्ट्रिय हित निर्विवाद सर्वोपरि
- - ध्रुवहरि अधिकारी — ६७

**कानून तथा अदालती पत्रकारिता**
- ■ न्यायको सत्मार्गलाई सहयोग
- - अनन्तराज लुइँटेल — ८१

**अपराध मामिला रिपोर्टिङ**
- ■ कानून-निषिद्ध कामको निगरानी
- - के.पी. ढुंगाना — ९५

**भ्रष्टाचारका समाचार**
- ■ सुशासन र सदाचारका पक्षमा
- - हरिबहादुर थापा — १२१

**विकास पत्रकारिता**
- ■ असल कार्यका लागि उत्प्रेरणा
- - डा. सुरेश आचार्य — १३७

**प्रदेश र स्थानीय तहको रिपोर्टिङ**
- ■ भुइँ तहका सरोकारमा समाचार
- - श्रीराम पौडेल — १५५

**आर्थिक पत्रकारिता**
- ■ देशको स्तर देखाउने खबर
- - कुबेर चालिसे — १७७

**शेयर बजार रिपोर्टिङ**
■ पूँजी संकलनमाथि पत्रकारको नजर
- मुराहरि पराजुली १९५

**ऊर्जा र जलस्रोत पत्रकारिता**
■ जनकल्याण र समृद्धिका लागि समाचार
- विकास थापा २११

**कृषि मामिलाका समाचार**
■ आत्मनिर्भरताका लागि पत्रकारिता
- डा. बद्रीप्रकाश ओझा २२९

**स्वास्थ्य पत्रकारिता**
■ सर्वप्रिय वस्तुबारे पत्रकारिता
- एकराज पाठक २४७

**विपद् मामिला पत्रकारिता**
■ संकटको सहारा सूचना र सञ्चार
- दीपक सापकोटा २६९

**मानवअधिकार पत्रकारिता**
■ न्यायिक शक्ति-सम्बन्ध नै मूल आधार
- कपिल काफ्ले २८९

**महिला तथा बालबालिका मामिला रिपोर्टिङ**
■ न्यायिक समाजका लागि सशक्त आवाज
- नितु पण्डित ३२१

**परम्परागत आदिवासी मामिला**
■ ज्ञान प्रणाली चिनेर मात्र पत्रकारिता
- कुमार यात्रु ३३९

**विज्ञान-प्रविधि पत्रकारिता**
■ विज्ञान-समाज संवादको माध्यम
- छत्र कार्की ३५९

**खेलकुद पत्रकारिता**
■ खेलकूदका समग्र पक्षमाथि निगरानी
- रोशन राउत ३७३

**कला तथा मनोरञ्जन पत्रकारिता**
■ जीवनका रङ्गहरूको प्रस्तुति
- रामनाथ घिमिरे ३९५

**लेखक चिनारी** ४१९

# विशेषज्ञ पत्रकारिताको अभ्यास

**विनोद ढुङ्गेल**

प्राचीनदेखि समकालीन संसारसम्म पनि मानव जातिका रुचि र छनोटमा एकरूपता छैन, हुँदैन; बरु विविधता छ। त्यो विविधता मानव जातिका ज्ञान र सूचनाको क्षितिज फराकिलो हुँदै जाँदा फेरिँदो छ, बढ्दो छ। बढ्दो विविधताका क्षेत्रमा सूचना प्रवाहका माध्यम मात्र फेरिँदा, परिष्कृत हुँदा वा थपिँदा छैनन्, सूचनाको विशिष्टता पनि बढ्दो छ। बढ्दो, फेरिँदो र थपिँदो क्षेत्रका लागि पत्रकारिताको सेवा पनि बढ्दो छ, विशिष्टीकृत हुँदो छ। सूचनाको फैलिँदो र लम्बिँदो रेखाका हरेक विन्दुमा नयाँ-नयाँ सूचना र जानकारीका आयाम फेला पर्न थालेका छन्। सूचनाको बढ्दो फैलावटलाई स्थान दिनका लागि पत्रकारिता क्षेत्र चौडाइ बढाउन तम्तयार छ, हरेक विन्दुका समाचार खुट्याउँदै गहिराइमा पुगेर समाचार कोट्याउन पत्रकार जगत् तयार छ र रुचिअनुरूपका सूचना पर्गेली-पर्गेली उपभोग गर्न सूचना र समाचारका पारखीहरू प्रतीक्षारत छन्।

हालसम्मको खोज-अनुसन्धानले पत्ता लगाएअनुसारको पत्रकारीय प्रथम उत्पादन प्राचीन रोमको इशापूर्व ५९ को *एक्टा डिउर्ना*[१] देखि चीनको ताङ्वंशीय शासन (सन् ६१८-९०७) मा शुरू भई चिङ्वंशीय शासनको अन्त्यताका (सन् १९१२) सम्म विभिन्न रूप र नाममा सरकारी अधिकारीहरूलाई वितरण गरिने १०-१२ पृष्ठको *केङ-पौ* वा *केङ-त्चाउ* अर्थात् *पेकिङ गजेट* नामक सरकारी बुलेटिन (गोमेज सन् १९५२) नै किन नहोस्, ती सबै

---

१. https://open.lib.umn.edu/mediaandculture/chapter/4-2-history-of-newspapers/ मा उपलब्ध; असार ४, २०८० मा हेरिएको।

सूचनाप्रदायक र प्रापकका रुचिकै जगमा टिकेका हुन् । त्यसो नहुँदो हो त सन् १६०९ तिर बेल्जियमको एन्टवर्प र जर्मनेली शहरहरूमा नियमित अखबार देखा पर्ने थिएनन्, सन् १६२२ मा पहिलो अंग्रेजी अखबार *विक्ली न्यूज* निस्कने थिएन र सन् १७०२ मा पहिलो दैनिक पत्रिका *दि डेली कुरान्ट* उदाउने नै थिएन ।

त्यस्तै मानवीय जिज्ञासाले प्रविधिको विकाससँगै पत्रकारिताको विस्तार पनि गराएको हो । त्यही सिलसिलाले सन् १९०९ मा अमेरिकी इन्जिनीयर चार्ल्स हेर्रोडलाई क्यालिफोर्नियामा *केक्यूडब्लू* रेडियो खेल्ने हुटहुटी जगाएको हो ।[२] त्यही हुटहुटीमा पत्रकारिताको रौनकले जित्दै जाँदा हेर्रोडलाई आफ्नो इन्जिनीयरिङ कलेजबाट दुनियाँकै पहिलो त्यो रेडियो स्टेशनबाट समाचारका टुक्राटुक्री प्रसारण गर्ने जोश जगाएको हो । कोलम्बिया ब्रोडकास्टिङ सिष्टम (सीबीएस इन्कर्पोरेटेड) ले किनेर *केसीबीएस* भएको २८ वर्षपछि सारा सांगीतिक कार्यक्रम बन्द गरेर सन् १९६८ देखि हालसम्म पनि समाचार रेडियो बनाउने धुन पनि त्यसका सञ्चालकहरूमा जागेको पत्रकारीय सामग्रीप्रतिको मोहकै परिणाम हो ।

त्यसपछि जन्मेको टेलिभिजन प्रविधिले यान्त्रिक प्रविधिको क्रम भंग गरेर विद्युतीय विकास-यात्रा पार गर्नुका पछाडि जिज्ञासु युवा वैज्ञानिक मस्तकको आविष्कारलाई मात्रै निर्धारक तत्त्व मानियो भने प्रविधि-प्रेमी मानव चाहनाको अवमूल्यन हुने छ । त्यही मानवीय चाहना पक्रेर नै सन् १९२८ मा अमेरिकामा *डब्लू३एक्सके* पहिलो टेलिभिजन स्टेशनका रूपमा स्थापना भएको हो[३], एकपछि अर्को प्राविधिक विकासको छलांग मार्दै अघि बढेको यो माध्यम समाचारीय दृष्टिले प्रभावकारी हुने ठहरले नै सन् १९४७ मा दुनियाँमा पहिलोपल्ट टेलिभिजन पर्दामा समाचार प्रसारण सम्भव भएको हो र *द वाल्टर कम्प्टन न्यूज*मार्फत अमेरिकाको डुर्मौं टेलिभिजन नेटवर्क इतिहास रच्न सफल भएको हो ।

छापा, रेडियो र टेलिभिजन जस्ता सबै माध्यमले 'एकार्काको सहअस्तित्त्वलाई सहर्ष स्वीकारिरहेको' भनेर भारतीय जनसञ्चार संस्थान (आईआईएमसी) का तत्कालीन अध्यक्ष बलवीर के. पुञ्जले मूल्यांकन गरेको (पुञ्ज सन् १९९९ : छ) चौथाइ शताब्दी बित्दा ती सबै माध्यमको सहअस्तित्त्वलाई आफूमा समाहित गर्न इन्टरनेट अहिले नयाँ मिडियाका रूपमा हावी भएको छ । सन् १९७० को दशकमा इन्टरनेट जन्मिएपछि जीवनका अरू क्षेत्रमा जस्तै पत्रकारितामा पनि सर्वाधिक परिवर्तन र प्राविधिक विकासको

---

२. https://bayarearadio.org/sf-radio-history/kqw मा उपलब्ध; असार ४, २०८० मा हेरिएको ।

३. https://bebusinessed.com/history/history-of-the-television/#:~:text=The%20First%20Electronic%20Television%20was%20Invented%20in%201927&text=That%20inventor%20lived%20in%20a,radio%20waves%20to%20different%20devices.मा उपलब्ध; असार ५, २०८० मा हेरिएको ।

मार्ग तयार भएको हो । त्यही मार्गमा खडा भएर सन् १९७४ मा दुनियाँको पहिलो अनलाइन अखबारका रूपमा *(प्लाटो) न्यूज रिपोर्ट* खडा[४] भएपछि पत्रकारिताको दुनियाँ विभिन्न कोणबाट पुनर्परिभाषित हुने अवस्थामा आइपुगेको हो । सन् १९८० को मध्यतिर *कोलम्बस डिस्प्याच* अनलाइनमा जाने पहिलो पत्रिका[५] बनेयता सबै माध्यम एकपछि अर्को गर्दै यही इन्टरनेट माध्यममा शरणागत भएर मात्र विकास यात्रामा अघि बढ्न सक्ने गरी सूचना तथा सञ्चार प्रविधिको वशमा परिसकेका छन् ।

अब त्यही सञ्जालको बाहुपासमा बेरिएर पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन न्यूजपोर्टलले शतक लामो अनुभव र प्राविधिक विकाससँगै पत्रकारिताको यात्रालाई पनि सामान्यीकरणबाट विशिष्टीकरणतर्फ मोडिसकेका छन् । अभ्यास र अनुभवका आधारमा अनेक विधामा पत्रकार र मिडियाको विकास भइरहेको छ । नेपालमै पनि *गोरखा भारत जीवन, सुधासागर, गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन र दि नेपाल डाइजेस्ट* (आचार्य सन् २०१३) हुँदै अहिलेसम्मको पत्रकारिता यात्रा विशिष्टीकरणको मार्गमा छ । पत्रकारिताकै आत्मनिरीक्षणका अनेक प्रश्न (ढुङ्गेल २०७८) र तिनको उत्तरको खोजीसँगै प्रा. रामकृष्ण रेग्मीका शब्दमा 'हाम्रो पत्रकारिताले विधागत विकास गर्न खोजे पनि अलमलमा' (आचार्य, ढुङ्गेल र पोखरेल २०७९ : १३६) चाहिँ परेकै छ ।

नेपालमा मिडिया व्यावसायिक अभ्यास र संस्थागत विकासको क्रममा अघि बढिरहेको करिब १२ वर्षअघिको मूल्यांकन (ढुङ्गेल २०६९ : ५७) अद्यापि सामयिक नै रहेको सन्दर्भमा विधिको दृष्टिले यो आलेख मूलतः विधागत पत्रकारिताको अध्ययन, अवलोकन, अनुभव र अभ्यासका आधारमा लिपिबद्ध छ । नवप्रवेशी र विभिन्न विधामा सक्रिय तथा गैरविधागत पत्रकारलाई उनीहरूका रुचिअनुसारका विधामा केन्द्रित गर्न केही जानकारी दिनु र विधागत पत्रकारहरूलाई ज्ञान तथा सीप आर्जनमा केही सहजीकरण गर्नु यस आलेखको उद्देश्य हो । डेस्कटप तथा पुस्तकालय अध्ययन, केही विज्ञहरूसँगको अन्तर्क्रिया, केही विधागत पत्रकारिताका अनुभवीहरूको अभ्याससमेत यस आलेखका परिमाणात्मक तथ्याङ्कका स्रोत हुन् । यसअलावा यस पुस्तकको सामग्री सम्पादक मात्र नभएर विकासात्मक सम्पादक (नर्टन सन् २००९) को समेत भूमिकाका आधारमा प्राप्त अनुभव र अध्ययनसमेत यो आलेखका लागि सूचनाका स्रोत बनेका छन् ।

---

४. https://www.quintype.com/blog/industry/online-newspaper-what-you-need-to-know#:~:text=The%20First%20Online%20Newspapers,as%20a%20global%20news%20engine मा उपलब्ध; असार ५, २०८० मा हेरिएको ।

५. https://www.dispatch.com/picture-gallery/news/local/2021/07/01/historical-timeline-columbus-dispatch-photos/7822297002/#:~:text=The%20first%20edition%20of%20The,page%20newspaper%20cost%20three%20cents.&text=The%20original%20home%20of%20The,High%20St df pknAwÙ c;f/ %, २०८० मा हेरिएको ।

यस आलेखका केही स्पष्ट सीमा छन् । पहिलो त, यो शोधमा आधारित प्रतिवेदन होइन, बरु २०८० मध्य-असारसम्मको सान्दर्भिक अध्ययन र अनुभवका आधारमा केही विधा समेट्दै यस पुस्तकको भूमिकासमेत हुने गरी लेखिएको एक आलेख मात्र हो । पत्रकारितामा यति नै विधा हुन्छन् भनेर किटान नभएको र हुन नसक्ने अभ्यासका बीच यस आलेख र पुस्तकमा पनि न सबै विधा समेटिएका छन्, न कुनै एउटा संकलनमा सबैलाई समेट्न सम्भव छ, न त व्यावहारिक नै छ। संरचनाका दृष्टिले यस आलेखमा विधागत-पत्रकारिताको भूमिका, यसको विकासको जग, पृष्ठभूमि, परिचय, प्रकार, केही विधाका संक्षिप्त चर्चा, विधा छनोटका आधार, पत्रकारका योग्यता तथा सीप, जनसम्पर्क र सूचनाका स्रोत, प्रभावकारी अभ्यासका उपायका साथै विधागत पत्रकारिताका चुनौती र अवसरलाई विभिन्न उपशीर्षकमा सर्सर्ति चर्चा गरिएको छ। आगामी दिनमा यस्ता चर्चा र विमर्श बढ्दै जाऊन् भन्ने अपेक्षा त छँदैछ।

## विधागत पत्रकारिताको विकासको जग

आम सञ्चार विकासको प्रारम्भिक चरणमा छापामा सीमित 'प्रेस' लाई जसले जसरी जुनसुकै मनसुवाले अनेकार्थी, पर्यायवाची शब्द प्रयोग गरेर अगाडि बढाउन खोजे पनि छायामा पार्न हम्मे छ, 'प्रेस' यतिबेला समग्र पत्रकारिता क्षेत्रलाई जनाउने संकेत शब्दका रूपमा स्थापित छ। यसको व्यापकता यस्तो छ कि रेडियो, टेलिभिजन हुँदै अनलाइन प्रविधिमा विस्तारित हुँदासम्ममा पत्रकारिता पेशालाई अरूले मात्र नभएर पत्रकार स्वयम्ले पनि रोजगारीको एक साधनका रूपमा मात्र अंगीकार गरेका छैनन्, बरु 'नवीन घटनाको संकलन, चयन र सम्प्रेषणको समग्र प्रक्रियाका रूपमा रहेको पत्रकारिता समसामयिक ज्ञानको व्यवसाय भएको र यस पेशाको सम्बन्ध समाजका हरेक जीवनसँग गाँसिएको'[६] रूपमा आत्मसात गरिरहेका छन् । पत्रकारहरूको यस्तो ठहर र रहरले नै पत्रकारितालाई सामाजिक क्रियाकलापका रूपमा समाजबारे समाचार र विचारको प्रसारण वा वितरण गर्ने सूचना वा सञ्चारमाध्यमसँग सम्बन्धित व्यवसायका रूपमा स्थापित गराएको छ र आम सञ्चारका साधनका लागि आवश्यक कच्चा पदार्थ संकलन, प्रशोधन, उत्पादन, भण्डारण र वितरण यस पेशाअन्तर्गत हुँदै आएको देखिइरहेको छ।

समाजका घटना र जानकारीको तथ्यपूर्ण प्रस्तुतिका आधारमा समाजको ऐनाका रूपमा पत्रकारिताले लुकेका वा लुकाउन खोजिएका सार्वजनिक महत्त्वका सूचनाहरूको तथ्यपूर्ण, सन्तुलित र विश्वसनीय सम्प्रेषण गर्ने धर्म निर्वाह गरिरहेको हुन्छ। पत्रकारिताले मानिसको जीवन र जगत्का विषयवस्तुलाई समाचार वा विचारका रूपमा समेटेको हुन्छ

६. पत्रकार रोशन राउतले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदाबाट लिइएको ।

या समेट्नुपर्छ भनिन्छ। मानवीय चासोभन्दा बाहिर यो छैन, जाँदैन। रोचक प्रश्न- त्यसो भए मानिसको चासो के विषयमा र कति हुन्छ ? जवाफ सीमिततामा अटाउँदैन किनभने मानिसको चासो मानिसमा मात्र सीमित छैन, सारा चराचर जगत्मा मात्र पनि छैन; समग्र पृथ्वी, ब्रम्हाण्ड र अनन्तसम्मै छ। जिज्ञासु मानिसको चासोका दायरा न कसैले तोक्न सक्छ, न त सीमित परिधिभित्र रोक्न नै सक्छ। मानिसको चासो र उत्सुकताको जगमा टिकेको ज्ञानको खोजी जस्तै पत्रकारिताको जीवनको परिधि पनि फैलँदो छ।

यो अनन्त चासो र जिज्ञासा मेटाउन एउटा पत्रकारले कतिसम्म सुन्ने, कतिसम्म जान्ने, कतिसम्म भन्ने, कतिसम्म सक्ने ? जीवन, जगत् र त्यसभन्दा पनि टाढाका सबै विषयलाई एउटै पत्रकारले बुझ्न र बुझाउन सक्दैन, सम्भवै छैन। हो, त्यसैले नै विभिन्न विधामा केन्द्रित भएर समाचारदाताले अध्ययन गर्ने र त्यसमा दक्षता हासिल गरेर समाचार संकलन गर्ने गर्दछन्। जिज्ञासुका चाहना सकेसम्म समेट्नका लागि मिडियाले पनि समाचारदातालाई अलग-अलग विधाका कार्य क्षेत्र तोकेर समाचार भित्र्याउँछन्, प्रशोधन र सम्प्रेषण गर्छन्। यसलाई नै विधागत पत्रकारिता भन्न सकिन्छ। त्यस्ता केही विधामा काम गर्नका लागि केही जानकारी, केही कोण, केही सन्दर्भ-सामग्री, केही अनुभव र केही ज्ञान बाँड्न यस किताबमा केही अग्रज र अनुभवी कस्सिएका छन्।

सिसाका टुक्राटाक्री जोडेर छापामा दल्नुपर्ने प्रविधिको स्थान कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स- एआई) ले लिएको मात्र हैन, समाचार कक्षमै हावी भइसकेको विश्वव्यापीकरणको यो युगमा मानिसले पनि रुचिअनुरूप जानकारी पाउने अवस्था तयार छ, सबल हुँदै छ। छनोटको यो सुविधाले परम्परागत पत्रकारिता वा पत्रकारिताका साधनमै मात्र दुनियाँ निर्भर रहेन। मिडिया जगत्मा भूमण्डलीकरणको परिणामस्वरूप नै नेपाली उपभोक्ताले आम सञ्चारमा विश्वव्यापी उत्पादनसम्म पहुँच राखेको र उपभोग पनि गरिरहेको (क्षेत्री २०७० : २१५) अहिलेको समयमा एउटै मिडियाबाट सबै विषय समेट्न असम्भव छ। यसअलावा कुनै विधागत पत्रकारिता गर्ने सञ्चारमाध्यमलाई पनि अरूभन्दा छिटो र पृथक् स्वाद पस्कनुपर्ने बाध्यता बढ्दै गएको अनुभव नेपाली पत्रकारहरूको पनि छ।[७] यो दुनियाँकै पत्रकारिताको अनुभवको एक अंश हो।

## विधागत पत्रकारिताको विकासक्रम

पत्रकारिताको थालनीका बेला त समग्र विषयमा एउटै पत्रकारले कलम चलाउँथे तर समयसँगै विधागत पत्रकारिताको अवधारणा विकसित हुँदै आयो। पत्रकारिताको लामो

७. पत्रकार रामनाथ घिमिरेले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदामा व्यक्त गरेको अनुभव।

इतिहास भएका मुलुकमा विधागत रिपोर्टिङ गर्ने चलन पनि विकसित नै छ । *बीबीसी, सीएनएन*जस्ता मिडियामा वातावरण रिपोर्टिङ गर्ने वातावरणविद्, स्वास्थ्य/जनस्वास्थ्यका लागि चिकित्सक, जलवायु परिवर्तनको रिपोर्टिङ गर्ने विशेषज्ञ आदि हुने गरेको हामीले देख्दै आएका छौं । पूर्वखेलाडीहरू खेल पत्रकार भएका उदाहरण अरू कतिपय देशमा जस्तै नेपालमै पनि छन् ।

बीट रिपोर्टिङ आधुनिक पत्रकारिताको शुरूवात हो । सिंगो पत्रकारिताकै दक्षता बढाउने ध्येयले उन्नाईसौं शताब्दीको अन्त्यतिर संयुक्त राज्य अमेरिकामा थालनी गरिएको बीट रिपोर्टिङ पत्रकारिताको व्यावसायिकता र तर्कसंगतताका साथै पत्रपत्रिकालाई सामूहिक उत्पादनमा रूपान्तरण गर्ने मामिलासँग सम्बन्धित छ (म्यागिन र मौरर सन् २०१९) ।

यतिखेर चलनचल्तीको भाषामा मूल प्रवाह भनिने मिसमास पत्रकारिताको हालिमुहाली देखिए पनि नेपालमा पत्रकारिताको थालनी नै विधागत पत्रकारिताबाट भएको इतिहास छ । करिब तीन दशकअघि २०५१ सालमा छापा पत्रकारिता सिकाउनकै लागि हाते किताब (अधिकारी २०५३) को आवश्यकता महसुस गरेको नेपाली पत्रकारिता आज विधागत अभ्यासको चरणमा अघि बढिरहेको छ । जबकि राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको करिब १३० वर्षपछि रोपिएको पत्रकारिताको बीउ नै विधागत थियो, त्यो साहित्यिक विधा थियो ।[८]

१९४३ सालमा मोतीराम भट्टले भारतको वनारसबाट नेपाली भाषाको पहिलो पत्रिका *गोरखा भारत जीवन* प्रकाशन गरेको सात वर्षपछि उनै युवा मोतीरामले १९५० सालमा नेपाल फर्किएर पं. कृष्णदेव पाण्डेसँग मिली काठमाडौंको ठहिटीमा पाशुपत प्रेस स्थापना गरेका थिए (देवकोटा २०५१ : २५) ।

त्यही प्रेसमा मोतीरामले पं. पाण्डेसँग मिलेर १९५५ साउनमा *सुधासागर* साहित्यिक मासिकबाट नेपाली पत्रकारिताको शुरूवात गरिदिएका थिए । त्योभन्दा रोचक पक्ष त के भने १९०८ मा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले नेपालमा हाते प्रेस (गिद्धे प्रेस) भित्र्याएको (श्री ५ को सरकार २०४९ : ४३८) ४७ वर्षपछि नेपाली भूमिबाट पत्रिका प्रकाशनको आरम्भ भए पनि मोतीरामले स्थापना गरेको प्रेसमै छापेर १९५८ साल जेठ ३ गते पहिलो समाचारपत्रका रूपमा *गोर्खापत्र* साप्ताहिक प्रकाशन भएको थियो ।

---

८. पृथ्वीनारायण शाहले कान्तिपुर राज्यमाथि विजय हासिल गरेको १८२५ असोज १३ गतेदेखि १९५५ साल साउनमा *सुधासागर* प्रकाशित हुँदासम्मको अवधिका आधारमा ।

यसरी नेपाली पत्रकारिताको इतिहासमा महत्त्वपूर्ण स्थान राख्ने *गोरखापत्र*[९]को जन्मसमेत नेपाली साहित्यिक पत्रकारिताका प्रणेताहरूले तयार गरेको पूर्वाधारमा भएको गौरव पनि विधागत पत्रकारिताले हासिल गरेको छ। नेपालमा पत्रकारिताकै वीजारोपण गर्ने व्यक्तिको हैसियतले मोतीराम भट्ट नेपाली पत्रकारिताका आदिपुरुष वा संस्थापक हुन पुगेका छन् ।

राजनीतिक दृष्टिकोणसहितको निजी क्षेत्रको पहिलो समाचारपत्रको इतिहास कायम गर्दै २००७ साल फागुन ७ गते राणा शासनको अन्त्य हुनु तीन दिनअघि हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा निस्केको *जागरण* साप्ताहिक राजनीति-पत्रकारिताको कोसेढुंगा हो । 'वास्तविक पत्रकारिताको विकास २००७ सालको राजनीतिक परिवर्तनपछि नै प्रारम्भ भएको' (प्रेस काउन्सिल २०३१-३२ : ३) मानिए पनि र व्यावसायिक पत्रिकाको प्रारम्भ प्रजातान्त्रिक व्यवस्थाको थालनीसँगै भएको (पाण्डे २०५५ : २६) ठानिए पनि त्यसपछि पनि साहित्यिक पत्रकारिता नै फस्टाएको पाइन्छ । २००८ देखि २०१३ सालभित्र व्यापक रूपमा प्रकाशन हुन थालेका विभिन्न खाले पत्रपत्रिकाले त्यतिखेर अरू पत्रपत्रिकाको लोकप्रियता बढ्दै गएको संकेत गरे पनि त्यस अवधिमा समेत 'साहित्यिक व्यक्तित्वहरूको रचना र उनीहरूको बाहुल्य' (अर्याल २०६८ : १४४-१४५) देखिनुले इतिहासमा साहित्यिक पत्रकारिताको वर्चश्व पुष्टि हुन्छ।

नेपाली पत्रिकामा फोटो पत्रकारिताको अस्तित्त्व *गोरखापत्र*ले १९८४ साल वैशाख १३ गते छापेको फोटो-ब्लकबाट देखिएको हो भने राजधानी काठमाडौंमा नगर संवाददाता राख्ने चलन २००० साल र व्यंग्य चित्र अर्थात् कार्टूनको थालनी २०१२ सालपछि (देवकोटा २०५१ : १४१-१४३) भएको हो।

नेपाली पत्रकारितामा महिलाको प्रवेश हस्तक्षेपकारी छ। २००८ सालमा कुमारी कामाक्षी र साधना प्रधानद्वारा सम्पादित *महिला* मासिक नेपाली पत्रकारितामा महिला प्रवेशको गौरवपूर्ण इतिहास कायम गर्दै उदाएको थियो । त्यसपछि महिलाहरू संलग्न भएर *प्रभा, प्रतिभा, जनविकास, स्वास्नीमान्छे* जस्ता पत्रपत्रिका २०१५ सालसम्ममा निकालेको देखिन्छ (देवकोटा २०५१ : १३०-१३३) ।

प्रजातन्त्रको आठबर्से अभ्यासपछि २०१५ सालमा निर्वाचन भएर सरकार बनेको दुई वर्ष बित्दा नबित्दै २०१७ सालमा राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरेपछि राजनीतिक स्वतन्त्रतासँगै प्रेस स्वतन्त्रता पनि समाप्त भयो । पञ्चायती व्यवस्थाभरि नै पत्रकारिताको

---

९. प्रकाशन शुरू हुँदा *गोर्खापत्र* लेख्ने गरिएकोमा वि.सं. १९८३ जेठ ४ गतेदेखि *गोरखापत्र* लेख्न थालियो। वि.सं. २०६२ साल वैशाख २४ गतेदेखि फेरि *गोर्खापत्र* लेख्न थालिएकोमा २०६३ वैशाख १८ गते उप्रान्त *गोरखापत्र* नै लेखिँदै आएको छ।

विकासको गति अवरुद्ध भयो । यही अवरोधका बीच पनि आर्थिक, साहित्यिक, खेलकूद, ग्रामीण, विज्ञान, प्रशासन आदि पत्रकारिताका केही अभ्यास भएको देखिन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रेस स्वतन्त्रता सुनिश्चितता गरेपछि नेपालमा दैनिक पत्रिका प्रकाशनको लहर चल्यो । 'आंशिक प्रजातन्त्रीकरण भएको शक्ति' (वन्त सन् २००१ : ३४३) का रूपमा रहेका पत्रपत्रिकामा त्यसपछि नै विभिन्न विधामा समाचार लेख्ने प्रचलन पनि भएको *राष्ट्रिय समाचार समिति (रासस)* का प्रधान सम्पादक एकराज पाठकको अनुभव छ ।[१०]

करिब अढाई दशक लामो छापा पत्रकारिताको अनुभवपछि अनलाइन पत्रकारितामा सक्रिय पत्रकार विकास थापा २०४९ पछि पनि व्यावसायिक पत्रकारिताको शुरूवातीताका रिपोर्टिङको विधा व्यवस्थित भइनसकेको र राजनीतिक समाचारले प्राथमिकता पाउने गरेको सम्झन्छन् । उनको स्मरण यस्तो छ :

> विस्तारै पत्रपत्रिकामा विज्ञापन गर्ने चलन शुरू भयो । विज्ञापन आकर्षित गर्नका लागि पनि आर्थिक समाचार दिनुपर्ने भयो र पछि गएर आर्थिक ब्युरो बनाउन थालियो । राजनीतिभित्र पनि उपविधा जन्मिए । नेपाली कांग्रेसको रिपोर्टिङ गर्ने पत्रकार सामान्यतः कांग्रेसी हुन्थ्यो, एमालेको गर्ने एमाले आदि । राजनीतिक दलपिच्छेकै विधा सिर्जना भयो । त्यसैगरी मन्त्रिपरिषद्को निर्णय र सरकारी कामकारबाही गर्ने अर्को विधा जन्मियो । तर, एउटै बीटमा पत्रकारले स्थायी रूपमा काम गर्न पाउँदैनथे, बेला-बेलामा कार्य विभाजन भइरहन्थ्यो । यसले गर्दा विशिष्टीकरण गर्ने अवसर हुँदैनथ्यो ।[११]

विशिष्टीकरणको महत्त्वलाई ध्यानमा राखेर प्रेस काउन्सिलमा पनि २०६३ सालमा विधागत पत्रकारिता विकास उपसमिति गठन गरियो (प्रेस काउन्सिल २०६३ : ६३), जसले साहित्यिक तथा अन्य विधागत पत्रकारिताको विकास र संवर्द्धनका लागि नीति निर्माण गरी समस्या समाधान गर्न पहल गर्ने भनिएको थियो ।

## विधागत पत्रकारिताको परिचय

विधागत पत्रकारिता शब्दलाई अंग्रेजीको बीट रिपोर्टिङ (Beat Reporting) बाट लिइएको हो । साहित्यमा प्रयोग हुने विधा (Genre) को अर्थ पनि काव्य वा साहित्यमा प्रचलित नाट्यविधा, कविताविधा, कथाविधा इत्यादि 'खासखास विषय, प्रकार वा किसिम' (नेपाल प्रज्ञा-प्रतिष्ठान २०७५ : ११५३) भएकाले बीट रिपोर्टिङलाई नेपालीमा विधागत रिपोर्टिङ

१०. पाठकले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदाबाट लिइएको ।
११. थापाले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदाबाट लिइएको ।

र यस्तो कर्मलाई समेट्ने पत्रकारितालाई विधागत पत्रकारिता भन्नु उचित देखिन्छ।

पत्रकार तथा अनुसन्धाता कुमार यात्रु यसलाई 'कार्यक्षेत्र' पत्रकारिता भन्न रुचाउँछन् । यस विधाको महत्त्वसमेत दर्शाउँदै उनी यसरी चर्चा गर्छन् :

> एउटै मात्र विषय वा सन्दर्भले कुनै पनि सञ्चारमाध्यमले आफ्ना दर्शक, श्रोता वा पाठकलाई सन्तुष्ट बनाउन नसक्ने भएकाले विषयगत विविधता सञ्चारमाध्यमको आभूषणजस्तै हो । यसकारण फरक-फरक धारका सूचना संकलन र सम्प्रेषण गर्नका लागि सञ्चारमाध्यमका सदस्यहरूले विशेष मुद्दा वा विधाको जिम्मेवारी लिएका हुन्छन्, जसलाई 'कार्यक्षेत्र' पत्रकारिता (Beat Journalism) भनिन्छ ।[१२]

खासमा रिपोर्टरहरूको बीट उनीहरूलाई रिपोर्टिङका लागि तोकिएको विषय-क्षेत्र हो, कार्यक्षेत्र हो । वरिष्ठ पत्रकार तथा लेखक श्रीरामसिंह बस्नेत यसरी 'कुनै विषयमा समर्पित भएर गरिने पत्रकारितालाई विषयगत पत्रकारिता' (बस्नेत २०६४ : २७३) को संज्ञा दिन्छन् । रिपोर्टरको भूमिका समाचार ल्याउनु, देखेबुझेअनुसार सामग्री लेखेर अन्तर्दृष्टि प्रदान गर्नु, विधाअनुरूपका विषयमाथि टिप्पणी तथा विश्लेषण गर्नु र तोकिएको अवधिभित्र रिपोर्ट तयार गरिसक्नु हो ।

मिडिया समाजशास्त्रीहरूका अनुसार, स्टोरी तयार गर्नका लागि रिपोर्टरहरूलाई सीमित समय दिइने कारणले गर्दा नै बीट रिपोर्टिङ हुने गर्छ (बर्कोविज सन् १९९७) । प्रारम्भ विन्दुका रूपमा बीट रिपोर्टिङ साह्रै राम्रो हो तर यो पत्रकारिताको सीमा भने होइन (गलब्रेथ सन् २०१० : ६) । रिपोर्टरहरूले विभिन्न विषयमा समाचार संकलन र लेखन गर्नुपर्छ, गर्छन् । ताजा समाचारदेखि महिनौं समय खर्चेर गरिने गहिरो खोजीसम्ममा उनीहरू जुटिरहेका हुन्छन् । आम रिपोर्टरहरूले जुनसुकै कुरामा पनि रिपोर्टिङ गर्नुपर्छ, उनीहरूलाई सबै कुराका बारेमा अलिअलि थाहा हुन्छ तर विधागत पत्रकारलाई भने कुनै एक विषय वा विषय क्षेत्रका बारेमा गहिरो ज्ञान हुन्छ ।

एउटा पत्रकारले धेरै वर्षसम्म एउटै विधामा काम गरेपछि ऊ त्यस विधा वा विषयको विशेषज्ञ नै बन्छ । योजना र विविधता पत्रकारिताका लागि *एनबीसी न्यूज*का वरिष्ठ सम्पादकीय निर्देशक जोय वाङका विचारमा पत्रकारितामा बीट भनेको विशेषज्ञताको क्षेत्र हो, जहाँ पत्रकारले समाचारका स्रोत विकास गरेको हुन्छ र समाचार-कथाहरूद्वारा आफ्नो विशेषज्ञता प्रमाणित गरेको हुन्छ ।[१३] त्यसैले पत्रकारिताको विधा भनेको

१२. यात्रुले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदाबाट लिइएको ।
१३. https://nbcuacademy.com/joy-wang-beat-reporting/ मा उपलब्ध; असार १३, २०८० मा हेरिएको ।

कुनै पनि पत्रकारले समेटेर काम गर्ने एक विषय वा विषय क्षेत्र हो, पत्रकारको विशेषज्ञताको क्षेत्र हो ।

## विधागत पत्रकारिताका प्रकार

विधागत पत्रकारिताभित्र पनि विविधता छ । कोही ज्यादै फराकिलो क्षेत्र समेट्ने खालका विधा छन्, कोही खास कुनै विषयमा केन्द्रित पनि छन् । विधागत पत्रकारितालाई अनेक आधारमा विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । कतिपयले प्रविधिका आधारमा छापा पत्रकारिता, रेडियो पत्रकारिता, टेलिभिजन पत्रकारिता, डिजिटल पत्रकारिता भनेर पनि छुट्याउने गरेको पाइन्छ भने ती माध्यमभित्र पनि अन्तर्वार्ताकार, फोटो पत्रकार, कार्टुनिस्ट, ग्राफिक डिजाइनर, टीभी क्यामरापर्सन, पाण्डुलिपि सम्पादक आदिका रूपमा विशिष्टीकरण गरेर छुट्याउनेहरू पनि छन् । त्यससँगै रक्षा, अपराध, अदालत, राजनीति, खेलकूद, मनोरञ्जन जस्ता परम्परागत विधादेखि कृत्रिम बौद्धिकता, ब्लकचेन एन्ड बोट्स, पोडकास्ट, मोजो (मोबाइल जर्नालिजम), डोजो (ड्रोन जर्नालिजम), डेटा जर्नालिजम जस्ता अत्याधुनिक रूप पनि पत्रकारितामा समेटिन र विश्वविद्यालयका पाठ्यपुस्तकमा समेत पढाइन थालेको छ (दहिया र साहु सन् २०२१) ।

पत्रकारिताका पुराना सीप, शैली र प्रविधिमाथि कडा दबाब सिर्जना गरेर आएका सोसियल मिडिया रिपोर्टिङ, डेटा जर्नालिजम, तथ्य जाँच पत्रकारिता, मोजो, डोजो, एआई, पोडकास्ट, कुसूचना तथा झुटो समाचार आदि रूप र आयामलाई पनि विधाकै रूपमा व्यवहार गरेको अभ्यास हेर्दा कार्यक्षेत्र मात्र नभएर कार्यप्रविधिका आधारमा पनि विधा छुट्टिन थालेको जस्तो देखिएको छ ।

प्रविधि र सीपको विकासका आधारमा विधा छुट्टिने कुराभन्दा अलि फरक विश्लेषणसहित न्युयोर्कमा मुख्यालय रहेको *एनबीसी न्यूज*का वरिष्ठ सम्पादकीय निर्देशक जोय वाङ् पत्रकारितामा मुख्य तीन किसिमले बीट छुट्याउन सकिने ठान्छिन् ।[१४] उनका अनुसार, भौगोलिक क्षेत्र विभाजन (Territorial Beats), सरकारी निकायहरूको जस्तो क्षेत्राधिकार विभाजन (Jurisdictional Beats) र सामयिक विषयवस्तुका आधारमा गरिने विभाजन (Topical Beats) । यसलाई क्रमशः स्थानका आधारमा बीट (Location Beats), निकाय वा संस्थाका आधारमा बीट (Entity Beats) र विषय क्षेत्रका आधारमा बीट (Subject Beats) पनि भनिएको पाइन्छ ।[१५]

---

१४. https://nbcuacademy.com/joy-wang-beat-reporting/ मा उपलब्ध; असार १३, २०८० मा हेरिएको ।

१५. https://becomeawritertoday.com/what-is-beat-in-journalism/ मा उपलब्ध; असार १३, २०८० मा हेरिएको ।

यीमध्ये पहिलो- भौगोलिक आधारमा वा स्थानका आधारमा छुट्याइने बीट हो । वाङले 'मध्यपूर्व' भनेर उदाहरण दिए जसरी नेपालको सन्दर्भमा हेर्दा यो विभिन्न ब्युरो, जिल्ला, नगर, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, बसपार्क आदि छुट्याएर समाचार संकलन गरिने तरिका हो । विश्वका ठूला समाचार संस्थाहरूले वासिंगटन, लन्डन, मस्को, बेइजिङ, नयाँदिल्ली जस्ता ठूला राजधानी शहरमा आफ्ना विशेषज्ञतासहितका रिपोर्टर राखेका छन् । कतिपय नेपाली मिडियाले काठमाडौँ महानगरपालिका क्षेत्र, भारत प्रवास, युरोप, अमेरिका, जापान, कोरिया, अस्ट्रेलिया, गैरआवासीय नेपाली, खाडी (अरबको खाडी), मलेसिया आदि बीट पनि छुट्याएर काम गरेको पाइन्छ । दोस्रो- संस्थाका आधारमा वा सरकारी निकायहरूको जस्तो क्षेत्राधिकारका आधारमा गरिने बीट विभाजन हो । नेपालमा अदालत, प्रहरी, सेना, संसद्, दलविशेष, परराष्ट्र, वैदेशिक रोजगारी, स्थानीय सरकारहरू, बैंक, उद्योग, आदि यसरी छुट्याइएका समाचार बीट हुन् । विदेशी मिडियाहरूले पनि कर्पोरेट मात्र नभनेर त्यसभित्र पनि फेसबुक जस्ता कम्पनी नै तोकेर तथा न्याय विभाग, स्थानीय सरकार आदि भनेर बीट छुट्याएको *एनबीसी न्यूजकी* वाङको अनुभव छ । तेस्रो- सामयिक विषयवस्तु वा विषय क्षेत्रका आधारमा छुट्याइने विधा भनेका राजनीति, युद्ध, द्वन्द्व, मानवअधिकार, विपद् मामिला, आघात, महिला, बालबालिका, ज्येष्ठ नागरिक, सामाजिक सुरक्षा, आन्तरिक सुरक्षा, यातायात, स्वास्थ्य, शिक्षा, पर्यटन, वातावरण, वन, जलवायु परिवर्तन, आर्थिक मामिला, शेयर बजार, बैंकिङ, सरकारी, ऊर्जा, संस्कृति, साहित्य, खेलकूद, मनोरञ्जन, सूचना प्रविधि, कृषि, मिडिया आदि विधा हुन् ।

विधा नै नभने पनि पत्रकारिताका गुरु लाल देउसा राई (आचार्य, ढुङ्गेल र पोखरेल २०७९ : ९३-११८) ले समाचारको किसिम छुट्याएर विधागत पत्रकारिताको बाटो देखाइदिएका छन् (राई २०५९ : ४) । उनका अनुसार, समाचारको विषयवस्तुका आधारमा, समाचार प्राप्त हुने ठाउँ वा स्रोतका आधारमा र समयको दृष्टिकोणबाट पनि समाचार के हो बुझ्न सकिन्छ । समाचारको पहिलो र दोस्रो किसिमका आधारमा पनि पत्रकारिताको विधा समात्न र अभ्यास गर्न सकिने देखिन्छ ।

पत्रकारिताको विकासक्रमसँगै पत्रकारहरू आफ्नो रुचिका क्षेत्रमा विशेष महत्त्वका साथ संलग्न हुने क्रम बढेर गएको छ, जस्तै- मौसम, राशिफल, सामाजिक सञ्जाल, जीवनशैली, साहसिक खेल, श्रम, पूर्वाधार, खाद्य, पर्यटन, विज्ञान आदि-इत्यादि ।

पत्रकारितामा विधा मात्र भनेर पनि पुग्दैन । प्रहरी, अदालत, स्वास्थ्य आदि जस्ता विधा त मूल प्रवाहका भनिने मिडियामा प्रायः आधारभूत विधा नै हुन् । त्यसबाहेक खेलकूद, मनोरञ्जन, आर्थिक आदि विधा हेर्ने हो भने त्यहाँभित्र पनि अनेक शाखा देखिन्छन् । जस्तै- मनोरञ्जनभित्र चलचित्र, रङ्गमञ्च, टीभी, संगीत, नृत्य आदि । खेलकूदभित्र

प्रमुख खेलैपिच्छेको विशेषज्ञता । आर्थिक पत्रकारिता भनेर मात्र पनि हुँदैन, त्यसभित्र पनि बैंक तथा वित्तीय संस्था (बीएफआई), वीमा, कलकारखाना, सेवा उद्योग, व्यापार तथा वाणिज्य, सूचना-प्रविधि उद्योग आदि अनेक उपविधा तयार छन् । नेपाली पत्रकारहरूको अनुभव पनि भिन्न छैन । पत्रकार विकास थापा भन्छन् :

> आर्थिक विधामा पनि धेरै उपविधा हुन्छन् । बैंकिङ, घरजग्गा, शेयर बजार, सहकारी, वित्त कम्पनी, मौद्रिक नीति, वित्तीय नीति, बजेट, योजना आदि उपविधामा अलग-अलग पत्रकार रहने गर्छन् । त्यसैगरी ऊर्जा र जलस्रोत पनि एउटा बीटका रूपमा स्थापित भएको छ ।[१६]

विधाको विकास मिडियाको प्राथमिकताका आधारमा पनि हुने गरेको देखिन्छ । सम्पादक कपिल काफ्लेको अध्ययनमा विश्वमा पत्रकारिता युद्ध र व्यापारको समाचारका साथ उदाएको हो र त्यही कारणले गर्दा मानवअधिकार यसको पहिलो रोजाइको विषय बनेन । युद्धले मानवअधिकारलाई क्षति पुऱ्याउँछ भन्ने सत्य बुझ्न पनि विश्वले दोस्रो विश्वयुद्ध नै पर्खिनुपऱ्यो । त्यसैले सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि मात्र मानवअधिकार पत्रकारिता शुरू भयो । यसरी मानवअधिकारलाई पनि पत्रकारिताले महत्त्व दिन थालेको सन्दर्भमा काफ्लेको ठहर छ, 'समाजले जुन विषयलाई महत्त्व दिन्छ, त्यसलाई नै समाचार बनाउने पत्रकारिताको धर्मअनुसार सञ्चारमाध्यममा यसले महत्त्व पाउन थालेको बुझ्न गाह्रो छैन ।'[१७] अहिले सूचना तथा सञ्चारका नयाँ-नयाँ प्रविधिको विकाससँगै उदाएका विधालाई यसै सन्दर्भमा बुझ्न सकिन्छ ।

## पत्रकारिताका केही प्रमुख विधा

विधागत पत्रकारिता आफैंमा पत्रकारिताको कुनै प्रकार भने होइन । पत्रकारिताको प्रकार भन्नुको अर्थ त अध्यापन र अनुसन्धान विधि नै अलग प्रयोग गर्ने साधारणतया एकार्कामा स्वतन्त्र पत्रकारिताका क्षेत्र हुन्, जस्तै-खोजी पत्रकारिता, फिचर लेखन, स्तम्भ लेखन आदि ।[१८] भारत, गुजरातको अहमदाबादस्थित न्याशनल इन्स्टिच्युट अफ मास कम्युनिकेशन एन्ड जर्नालिजम (एनआईएमसीजे) का अनुसार, विधागत पत्रकारिता त विभिन्न प्रकारका पत्रकारिताको उपक्षेत्र हो र पत्रकारितामा विधा भन्नुको अर्थ नै कुनै पनि प्रकारको पत्रकारितामा गहिराइमा जानु हो, रिपोर्टर नियुक्त गर्ने ठाउँ हो ।

---

१६. थापाले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदाबाट लिइएको ।

१७. काफ्लेले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदाबाट लिइएको ।

१८. https://www.nimcj.org/blog-detail/6-important-types-of-beats-in-journalism.html; accessed July 6, 2023.

असीमित विधागत उपलब्धतामा कुनै क्षेत्रको रुचि र दक्षता भएका पत्रकारहरू सम्बन्धित क्षेत्र वा विषयका बारेमा लेख्न र खोज्न उत्सुक हुने क्रम जारी छ । यही उत्सुकतासँगै पत्रकारिताका विधा पनि बढेर गएका छन् । केही विधा अलिबढी लोकप्रिय छन् भने केही अलि कम । अझ अर्को भाषामा भन्दा केही विधा कुनै प्रकारका पाठक, दर्शक वा श्रोताका बीचमा अरूभन्दा लोकप्रिय छन् । रुचि-समूहभित्र लोकप्रियताको मापन हुनुपर्छ । सञ्चार प्रतिष्ठान तथा तिनका सम्पादकीय नेतृत्वले पनि सोहीअनुरूप पत्रकार परिचालन गर्ने प्रचलन अन्यत्र जस्तै नेपाली पत्रकारितामा पनि बढ्दो छ र केही विधाको त लामै इतिहाससमेत बनिसकेको देखिन्छ (ढुङ्गेल २०६९ : ३४८-३६१) । विषयगत वा विधागत रूपमा पत्रकारहरू संलग्न र संगठित तथा थप विशिष्टीकृत हुने सिलसिला जारी छ, यसको प्रभाव बढ्दो छ । यस सन्दर्भमा यहाँ केही विधाको संक्षिप्त चर्चा गरिएको छ, जसमध्ये केहीबारे यस पुस्तकमा अध्याय नै लेखिएको छ भने कुनैको चर्चा यहीं मात्र सीमित छ ।

**राजनीतिक रिपोर्टिङ** : प्रा. रामकृष्ण रेग्मीका शब्दमा विधागत दृष्टिले यो 'राजनीति-पत्रकारिता' हो । यो अत्यन्त समृद्ध र फराकिलो विधा हो, यसमा राजनीति र राजनीतिशास्त्रका सबै पहलु समावेश हुन्छन् । तर, पत्रकार विकास थापालाई महसुस भएको छ, "नेपालमा पत्रकारिता गर्न सबैभन्दा सजिलो विषय राजनीतिलाई मानिन्छ किनभने नेताहरूले गरेका भाषण नै आफैंमा समाचार हुँदै आएका छन् । सरकार बनाउने/गिराउने, आफ्ना मान्छेलाई मन्त्री बनाउने, योग्यलाई किनारा लगाउने, पार्टी प्रमुख बन्ने/बनाउनेलगायतका राजनीतिक विषयको उठान हुन्छ, ऊर्जा र जलस्रोतमा जस्तो प्राविधिक शब्दावली हुँदैनन् ।"[१९] वास्तवमा राजनीतिका गम्भीर र जटिल पक्षलाई सही ढंगले रिपोर्टिङ नगर्नुप्रतिको रोषका रूपमा थापाको अभिव्यक्तिलाई लिन सकिन्छ । उनले भनेजस्तै "नेपाली कांग्रेसको रिपोर्टिङ गर्ने पत्रकार सामान्यतः कांग्रेसी र एमालेको रिपोर्टिङ गर्ने पत्रकार एमाले हुने किनभने 'जय नेपाल' र लाल सलाम कामरेड' नभनीकन पार्टीका नेताहरूले नपत्याउने" प्रवृत्तिका कारण पनि तटस्थताका साथ नजर राख्न पत्रकारहरूलाई केही सकस परेको हो ।

राजनीतिभित्र पनि संसद्, दलविशेष, विषयविशेष आदि विशेषज्ञताका क्षेत्र हुन्छन्, भइरहेका छन् । अमेरिकी पत्रकार वाङ कोही पत्रकार राजनीतिक बीटभित्र पनि एक निश्चित दल मात्र हैन, राजनीतिज्ञकै बारेमा समेत विशेषज्ञ हुन सक्ने बताउँछिन् । अन्तर्राष्ट्रिय मिडियामा यस्तो अभ्यास भएको उदाहरण दुनियाँको पत्रकारितामा देखिएको

१९. प्रा. रेग्मी र थापाद्वारा यसै पुस्तकका लागि तयार पारिएको आलेखको मस्यौदाबाट लिइएको ।

पनि छ। नेपालमै पनि धेर-थोर यस्ता अभ्यास हुँदै आएका छन्, थप विकसित हुँदो छ। यसो भन्नुको अर्थ राजनीति-पत्रकारिता गरिरहेको पत्रकारले कुनै दल वा नेताविशेषलाई खुसी पार्न उनीहरूका रुचिका विषयमा समाचार लेख्छ भन्नेचाहिँ होइन। बरु उसले त निर्भीकतापूर्वक सत्तारुढ र विपक्षी दलका अनेक राजनीतिक गतिविधि, चुनावी अभियान र त्यसपछाडिको सत्यता, सार्वजनिक नीतिहरूको समीक्षाका साथै कानून र अन्य सरकारी कानूनी व्यवस्था तथा संस्थामाथि पनि निगरानी राख्छ, राख्नुपर्छ। त्यस अर्थमा राजनीतिक पत्रकारिता सधैं महत्त्वपूर्ण छ, महत्त्व बढ्दो छ।

एनआईएमसीजेका अनुसार, राजनीतिक रिपोर्टिङको खास गरेर तीनवटा महत्त्व[२०] छन् : एक- राजनीतिक व्यवस्थालाई जनहितमा सञ्चालन गराउन, दुई- सत्तारुढ राजनीतिक दललाई नागरिकका पक्षमा काम गर्ने कुराको सुनिश्चितता गर्न र तीन- कुनै पनि राजनीतिक अभियानका पछाडिको सत्य पूर्वाग्रहरहित ढंगले थाहा पाउन। सारमा, जनहितमा काम गर्ने सही उम्मेदवार छनोट गर्नका लागि निष्पक्ष राजनीतिक समाचार दिएर राजनीतिक रिपोर्टिङले नागरिकको जीवनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। स्पष्ट छ- अरस्तुले भनेजस्तै राजनीतिशास्त्र सबै शास्त्रहरूको गुरु हो। त्यसैले पनि हुनुपर्छ, विधागत पत्रकारितामा गरिएको अनुसन्धान अहिलेसम्म दुई पक्षमा केन्द्रित देखिन्छ- पहिलो, स्थिर एवम् उच्च आय भएका लोकतन्त्र र दोस्रो, पत्रकारिताको सबैभन्दा आधारभूत र प्रमुख विधाका रूपमा राजनीतिक पत्रकारिता (म्यागिन र मौरर सन् २०१९)।

**साहित्यिक पत्रकारिता** : नेपालमा *सुधासागर* निस्केको लामो समयपछि सन् १९६० को दशकमा आएर मात्र पश्चिमा मुलुकहरूबाट साहित्यिक पत्रकारिताले पहिलोपटक 'नयाँ पत्रकारिता' नामक आन्दोलनका रूपमा मान्यता पाएको[२१] भए पनि त्योभन्दा निकै अघिदेखि नै यस विधाको अभ्यास नभएको होइन। 'कथात्मक पत्रकारिता' वा 'वर्णनात्मक पत्रकारिता' पनि भनिने पत्रकारिताको यो अधिक रचनात्मक तथा कथात्मक शैलीलाई सन् १९९० को दशकमा आएर 'साहित्यिक पत्रकारिता' वा 'सृजनात्मक गैरआख्यान' का रूपमा 'रिब्रान्डिङ' गरिएको थियो। यो विधाको वंशावली खोज्दै पश्चिमा साहित्यिक पत्रकारिताका अन्वेषक सन् १७००  तिरका ड्यानियल डेफोसम्म पुगेका छन् र उन्नाईसौं शताब्दीका मार्क ट्वेन अनि बीसौं शताब्दीको शुरूतिरका स्टेफेन क्रेन हुँदै वर्तमानतिर फर्किएका छन् (क्र्यामर सन् १९९५ : २१)।

---

२०. https://www.nimcj.org/blog-detail/political-reporting-and-its-vitality.html; accessed July 6, 2023

२१. https://www.masterclass.com/articles/how-to-recognize-and-write-literary-journalim# 3g8Z8AfOUWIdZNwRHs3rCW; accessed July 8, 2023.

नेपालमा राणा प्रधानमन्त्री वीरशमशेरको शासकीय दबदबाका बीच मोतीराम भट्टको अगुवाइमा १९५५ सालमा *सुधासागर*बाट पत्रकारिताको थालनी हुनु १२ वर्षअघि मोतीरामले नै रामकृष्ण बर्मासँग मिलेर भारतको वनारसबाट प्रकाशन गरेको *गोरखा भारत जीवन*को अभ्यास भइसकेको थियो । *गोरखापत्र* छापिन थालेको ३३ वर्षपछि १९९१ सालमा शारदा मासिकको प्रकाशन नहुँदासम्म भने नेपालभित्रबाट पत्रिका नै छापिएको पाइँदैन । त्यसबेला भारतमा मात्र नेपाली पत्रकारिता जोगियो । १९६५ सालपछिको 'सय वर्षको अवधिमा देश-विदेशका नेपाली समुदायबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाको संख्या तीन-चार हजार हुन सक्ने धेरै विज्ञको अनुमान रहँदै आएको परिप्रेक्ष्यमा करिब ११०० पत्रपत्रिका' (दाहाल २०६५ : ङ) को संक्षिप्त विवरण समेटेर प्रेस काउन्सिलले एक ग्रन्थकोश समेत प्रकाशन गरेकाले त्यसबाट यस विधाको एक ऐतिहासिक झलक पाउन सकिन्छ (प्रेस काउन्सिल नेपाल २०६५) ।

साहित्यिक भावनालाई काव्यिक एवं कलात्मक रूपमा पाठक, दर्शक वा श्रोतासम्म पुऱ्याउन यस पत्रकारिताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस विधाको कलाका बारेमा प्रकाश पार्दै सम्पादक नर्मन सिम्स भन्छन्, 'साहित्यिक पत्रकारिताको परिधि परम्परागतरूपमा लेखकको आवाजले पनि स्थान पाउने यात्रा-लेखन, संस्मरण जस्ता रूपसम्म फैलिएको हुन्छ। रिपोर्टिङको स्थापित मान्यताले लेखकको आवाजलाई लुकाउँछ तर साहित्यिक पत्रकारिताले त्यो आवाजलाई पनि कथामा छिराउने मौका दिन्छ।' (सिम्स सन् १९९५ : ३)

साहित्यिक पत्रकार मात्र नभएर साहित्यकारबाट समेत व्यक्त कलात्मक अनुभूतिहरूलाई ताजै प्रस्तुत गर्ने आधुनिक आम सञ्चारमाध्यम साहित्यका संवाहक बन्न पुगेका छन् । साहित्यिक पत्रपत्रिकाका साथै विभिन्न मिडियामा साहित्यिक सामग्रीको उभार हेर्दा यो विधा निकै फस्टाएको देखिए पनि समयोचित संवर्द्धनका दिशामा अनेकौं समस्या छन्, जसका कारणले यसले अपेक्षित र आवश्यक खुराक पस्कन सकिरहेको छैन । भलै नेपालको प्रेस काउन्सिलको विधागत पत्रकारिताको गतिविधिमा भने सर्वाधिक महत्त्व यसैले पाएको छ (ढुङ्गेल २०६९ : ३४८-३५३) । काउन्सिलमा शुरूदेखि नै साहित्यिक व्यक्तिहरूको प्रतिनिधित्व पनि रहँदै आएको देखिन्छ । यद्यपि साहित्यिक क्षेत्रमा भने पञ्चायतकालको अन्त्यसम्ममा पनि साहित्यिक पत्रपत्रिकाप्रति काउन्सिलले खासै चासो नराखेको अनुभूति पाइन्छ (दीक्षित २०४५ : २१) ।

**फोटो पत्रकारिता** : पत्रकारिताको आकर्षक, कठिन र सजीव पक्ष फोटो पत्रकारिता पनि नेपालमा क्रमशः विकास हुँदै गएको छ । फोटो पत्रकारहरू पनि संगठित भएर व्यावसायिक कर्ममा क्रियाशील छन् । पत्रकारितामा तुलनात्मक रूपमा महँगो पेशा मानिने फोटो पत्रकारिता डिजिटल प्रविधिमा निकै सुलभ भएको छ ।

पत्रकारिताको शुरूका दिनमा तस्वीर छाप्ने चलन थिएन । सन् १८९० जनवरी ४ मा बेलायतमा *टेलिग्राफ* पत्रिकाले तस्वीर छाप्ने परम्परा शुरू गरेकोमा नेपालमा *गोरखापत्र*ले १९८४ वैशाख १३ गते सबैभन्दा पहिला तस्वीर छाप्ने इतिहास बनाएको छ। तेस्रो पृष्ठमा छापिएको सो तस्वीरमा वीरगञ्जकी एक १२ वर्षकी बालिका सूर्यमती श्रेष्ठले चर्खामा धागो कातिरहेको देखिन्छ। त्यसैले वैशाख १३ गते हरेक वर्ष नेपाली फोटो पत्रकारले फोटो पत्रकारिता दिवस मनाउने गरेका छन् । अफसेट प्रविधि आउनुअघि फोटो ब्लक छाप्ने गरिन्थ्यो। किताबहरूमा भने त्योभन्दा ३६ वर्षअघि देखि नै नेपाली कालिगढहरूले बनाएका काठका टुक्रामा कुँदेका चित्रहरू छापिएका थिए (देवकोटा २०५१ : १४१) ।

**व्यंग्य चित्र पत्रकारिता** : पत्रपत्रिकामा व्यंग्य चित्र (कार्टून) विधा लोकप्रिय र चर्चित छ। सन् १८४१ मा बेलायतबाट शुरू भएको व्यंग्य चित्र छाप्ने चलन नेपाली पत्रकारितामा भने २०१२ सालबाट मात्र भित्रिएको हो। राजनीतिक विचारधाराका पत्रपत्रिकाले यस्तो काम थालेका हुन् । कागजमा बनाएको व्यंग्य चित्र कालिगढहरूले काठमा कुँदेपछि ब्लकमा तयार पारेर छाप्ने गरिन्थ्यो (देवकोटा २०५१ : १४२) । नेपालमा अफसेट छपाइ प्रविधि नआउँदासम्म तस्वीर र व्यंग्य चित्र दुवै ब्लक तयार पारेर छाप्ने गरिन्थ्यो ।

पञ्चायत कालमा थोरै मात्र साप्ताहिक पत्रिकामा देखिने गरेका कार्टून मूलतः राष्ट्रिय राजनीतिमा संलग्न व्यक्तिमाथि केन्द्रित हुने गर्दथे भने एकादुई पत्रिकाले बेलाबेलामा अन्तर्राष्ट्रिय घटनालाई पनि व्यंग्य चित्रमा प्रस्तुत गर्दथे (प्रेस काउन्सिल २०४१-४२ : १०) । दुर्गा बराल, अशोकमान सिंह, मोहनश्याम महर्जन जस्ता अग्रज कार्टुनिस्टहरूले अगुवाइ गरेको व्यंग्य चित्र पत्रकारिता गर्नेहरूको संस्था कार्टुनिस्ट क्लब नेपाल क्रियाशील छ । दैनिक पत्रपत्रिका, साप्ताहिक तथा पाक्षिक पत्रिका र म्यागजिनहरूमा व्यंग्य चित्रको प्रयोग बढ्दो छ।

**संसदीय पत्रकारिता** : नेपालमा २०१५ सालमा संसद्को निर्वाचन हुनुअघिको सल्लाहकार सभाको समेत समाचार संकलन गरेको अनुभवका आधारमा *रेडियो नेपाल*ले भोग्यप्रसाद शाहलाई निर्वाचनपछि बनेको संसद्को समाचार संकलनमा खटाएको थियो । तर, दुवै सदनको समाचार संकलन एकै व्यक्तिबाट सम्भव नहुने हुनाले महासभा (माथिल्लो सदन) को समाचार संकलनका लागि *गोरखापत्र*का शिवप्रसाद शर्मा र पुण्यरत्न बज्राचार्यलाई खटाइएको थियो । त्यतिबेला समाचारमा भएका त्रुटि सम्बन्धमा संवाददाता आफैं प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाका अगाडि गृहमन्त्री सूर्यप्रसाद उपाध्यायसमक्ष स्पष्टीकरण दिनका लागि एकाबिहानै हाजिर हुनुपर्ने अवस्था पनि थियो । त्यतिबेलाको

संसद्मा सधैंजसो उपस्थिति भई समाचार संकलन गर्ने अरू पत्रकारहरूमा भैरव रिसाल, श्रीकण्ठ शर्मा, ऋषभ शर्मा, रुद्रलाल मुल्मी, केशव भट्टराई, भरत बस्नेत मानिन्थे (शाह २०५७ : २३८-२४३) । इच्छुक पत्रकारले प्रवेशपत्रका आधारमा संसदीय गतिविधि हेर्न पाउँथे । यसरी नेपालमा संसदीय प्रणाली र यससम्बन्धी पत्रकारिता एकैसाथ थालनी भएको देखिन्छ ।

तत्कालीन विधायिकाका रूपमा रहेको राष्ट्रिय पञ्चायतको पनि समाचार संकलन हुन्थ्यो । २०१९ सालमा पञ्चायती संविधान आएपछि गठित राष्ट्रिय पञ्चायतमा सचिवालयले अधिवेशनभरिका लागि करारमा राखेका केही कर्मचारीबाट समाचार तयार पारिन्थ्यो । ती समाचार विवरण *रासस*लाई दिएर दैनिक समाचार सेवाअन्तर्गत सम्प्रेषित गरिन्थ्यो (बस्नेत २०६४ : १५७) । तर, *रासस*कै वा अरू कुनै पनि पत्रकारलाई भने राष्ट्रिय पञ्चायतमा प्रवेश निषेध थियो ।

२०३२ सालसम्मको राष्ट्रिय पञ्चायतको समाचार बुलेटिनमा राष्ट्रिय पञ्चायतका सदस्यको नाम आउँदैनथ्यो, उनीहरूले स्थानीय विकास निर्माणका बारेमा उठाएका विषय मात्र दिइन्थ्यो । पञ्चायती संविधानमा २०३२ सालमा दोस्रो संशोधन भएपछि केही खुकुलोपन आयो । त्यसैअनुसार केही पत्रकारलाई राष्ट्रिय पञ्चायत भवनमा प्रवेश दिए पनि स्वतन्त्र समाचार संकलनको अनुमति दिइएन । जनमत संग्रहपछि सुधारिएको भनिएको पञ्चायती व्यवस्थामा *रासस*ले राष्ट्रिय पञ्चायतभित्र गएर समाचार संकलन गर्ने अनुमति पायो (पाठक र अधिकारी २०६८ : ८०) । २०३९ साल जेठ १३ गते राष्ट्रिय पञ्चायत (दोस्रो संशोधन) नियमावली २०३९ लागू भएपछि भने पत्रकारहरूले राष्ट्रिय पञ्चायतको समाचारमा पहुँच पाए (प्रेस काउन्सिल २०३८-३९ : ११-१२) ।

नेपाली पत्रकारिताले वास्तवमै संसदीय पत्रकारिताको स्वतन्त्र उपभोग पाएको भने २०४८ सालमा निर्वाचित प्रतिनिधि सभादेखि मात्रै हो । २०५९ सालमा संसद् विघटन नहुँदासम्म यो क्रम जारी रह्यो र २०६३ साल वैशाखमा जनआन्दोलनको बलमा प्रतिनिधि सभा पुनर्स्थापना भएपछि फेरि शुरू भयो । त्यसपछि निर्वाचित दुईवटा एक सदनात्मक संविधान सभा र त्यसपछिका प्रतिनिधि सभा र राष्ट्रिय सभाका समेत संसदीय समाचार संकलनमा नेपाली पत्रकारिता सक्रिय छ । यस मामिलामा लेख्ने पत्रकारहरू २०५७ सालदेखि संसदीय मामिला पत्रकार समाजमा संगठित पनि छन् । त्यसअलावा सातै प्रदेशका प्रादेशिक सभाका गतिविधिको समाचार संकलन पनि संसदीय पत्रकारिताकै अभ्यास हुन् ।

मिडियाको संख्या बढेपछि संसदीय मामिलामा लेख्ने पत्रकारको संख्या पनि बढ्नु स्वाभाविकै हो । जनप्रतिनिधिमूलक सर्वोच्च निकाय संसद्का प्रत्येक निर्णय जनसरोकारका

विषय हुन्छन् । त्यसैले संसदीय मामलाका सही र वास्तविक स्थिति देखाउन समाचार, लेख र समीक्षाहरूको विशेष महत्त्व हुन्छ । त्यस्ता ठाउँका समाचार लेख्नेका लागि पत्रकारिताका प्राध्यापक पी. खरेलका केही सुझाव यस्ता छन् :

> संसद् सदस्यहरूले जनचासोका कस्ता विषय, आम जनताको सामूहिक हितका लागि कस्ता सुझाव एवम् प्रस्ताव ल्याए र आफ्नो चुनाव क्षेत्रका साथै राष्ट्रिय मुद्दाबारे कसरी प्रस्तुत भए भन्ने जस्ता यावत् विषय नियालेर घटनाप्रधान समाचार र विश्लेषण दह्रो किसिमबाट पाठक, श्रोता तथा दर्शकसमक्ष व्यावसायिक मान्यताअनुरूप पेश गर्नु नै पत्रकारको धर्म हो ।
>
> ...चौथो अंगले जनविश्वास निरन्तर आर्जनका लागि संसद्मा कस्ता विषयले प्रवेश र प्रश्रय पाए मात्र नभएर कुन क्षेत्र र कस्तो मुद्दा ओझेलमा परे वा पारियो जस्ता कुरामा सार्वजनिक चासो हुन्छ ।
>
> ...चुनावी घोषणापत्रले पहिल्याएको बाटो र गरेको बाचा दलहरूले संसद्मा कसरी लिए भन्ने कुरा समाचारको अर्को क्षेत्र हो ।
>
> ...प्रचारका लागि मात्र सक्रिय देखिने सांसद वा दलका नेताहरूका संकीर्ण सोच र स्वार्थका लागि अनाहकमा तिनका सहयोगी बन्नबाट समाचारकर्मी सदा सतर्क रहनुपर्ने हुन्छ ।
>
> ...संसद्मा उठाइएको विषयको कार्यान्वयन पक्ष कस्तो रह्यो र लक्ष्यित समूहलाई के असर पऱ्यो जस्ता पक्ष पनि संसदीय समाचारकर्ताको क्षेत्रभित्र पर्छ । (खरेल २०७३ : ४-५)

**विकास पत्रकारिता** : पत्रकारितामार्फत विकास निर्माणका सवालमा जनतालाई सक्रिय गराउन र नीतिनिर्माताको ध्यानाकर्षण गर्न सन् १९६० को दशकमा विकास पत्रकारिताको अवधारणा विकसित भएको हो । यस पत्रकारिताको उद्देश्य नै जनतामा सचेतना जगाउने, विकास निर्माणका कार्यमा क्रियाशील बनाउने तथा विकास प्रयासहरूमा ढिलासुस्ती वा अनिमितता भएमा त्यसको बोध गराई विकास कार्यमा योगदान गर्ने रहेको हुन्छ । यस पत्रकारिताले जनमत सिर्जना गर्ने दायित्वका अतिरिक्त विकासका सन्देशहरूलाई प्रभावकारी ढंगले जनसमुदायमा पुऱ्याउने सबल सन्देशवाहक र उत्प्रेरकको भूमिका पनि खेलिरहेको हुन्छ ।

पञ्चायती व्यवस्थाले 'विकासका लागि सञ्चार' भन्ने नारासहित २०२८ सालमा लागू गरेको सञ्चार योजनामा पहिलोपटक मुलुकको आर्थिक विकासमा पत्रकारिता क्षेत्रबाट

हुने योगदानलाई स्वीकार गरिएको थियो । सो योजना आएको एक दशकपछिको प्रेस काउन्सिलको प्रतिवेदन हेर्दा विकास पत्रकारितालाई निकै महत्त्व दिएको पाइन्छ (प्रेस काउन्सिल २०३७-३८ : १०-११) । त्यसपछि पनि यो नेपाली पत्रकारिताको एक विधा मात्र नभएर अध्ययनको विषयकै रूपमा स्थापित छ।

**आर्थिक पत्रकारिता** : नेपाली पत्रकारिता क्षेत्रमा निकै अगाडिदेखि आर्थिक पत्रकारिता हुँदै आएको पाइन्छ। २०४० को दशकमा *रासस* र *गोरखापत्र* दैनिकमा आर्थिक समाचार विषयगत रूपमा प्रकाशन भएको पाइन्छ । रामकृष्ण रेग्मी, राजेन्द्र दाहाललगायतका पत्रकारहरूले सरकारी सञ्चारमाध्यमबाट शुरू गरेको आर्थिक पत्रकारिताको शृंखला २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि व्यावसायिक रूपमा अगाडि बढेको हो।

छुट्टै आर्थिक पृष्ठसहित *कान्तिपुर* बजारमा छाएपछि आएका अरू दैनिक मात्र नभएर साप्ताहिक, पाक्षिक र मासिक पत्रिकाका साथै रेडियो र टेलिभिजनले पनि यो विषयलाई विशिष्ट रूपमा स्थान दिने गरे । आर्थिक पत्रकारिताको विकासका क्रममा आर्थिक मामिलामै केन्द्रित दैनिक, अनलाइनका साथै गुणस्तरीय छपाइ र सामग्रीयुक्त म्यागजिन पनि बजारमा छन् । राष्ट्रिय दैनिकहरूले अर्थ तथा वाणिज्य पृष्ठ छुट्याइएका छन् । *नेपाल टेलिभिजन*मा २०५१ साल वैशाखमा *अर्थको अर्थ* साप्ताहिक आर्थिक कार्यक्रम शुरू गरिएको थियो । अहिले आएर सबै टेलिभिजनका समाचार बुलेटिनमा आर्थिक समाचार पाइन्छ।

आर्थिक पत्रकारितामा संलग्न पत्रकार पनि संगठित हुँदै छन् । यसभित्र पनि जलस्रोत, पर्यटन, कृषि, सहकारी जस्ता क्षेत्रमा रिपोर्टिङ गर्ने पत्रकारहरू छुट्टाछुट्टै संगठन बनाएर क्रियाशील छन्। बैंक, शेयर बजार, दूर सञ्चार, आदि विषयमा पत्रकारिता गर्नेको संख्या र गुणस्तर पनि बढ्दो छ।

**स्वास्थ्य पत्रकारिता** : स्वास्थ्य रिपोर्टरले कुपोषण, रोग, स्वास्थ्य सेवा, बाल चिकित्सा हेरचाह, पोषण, फिटनेस, बढ्दो महामारी आदि अनेक क्षेत्रको ज्ञान राख्नुपर्दछ । आफैंलाई ज्ञान नभएका विषयमा पाठक, श्रोता वा दर्शकलाई अन्तर्दृष्टि प्रदान गर्न सम्भव पनि हुँदैन । जिन्दगी नै स्वास्थ्य पत्रकारितामा बिताएका पत्रकारहरूले पनि नयाँ स्वास्थ्य चुनौती देखिनेबित्तिकै यस प्राविधिक क्षेत्रको रिपोर्टिङ गर्दा गल्ती गर्ने सम्भावना हुन्छ । कोभिड- १९ को रिपोर्टिङका सन्दर्भमा पत्रकारहरूले गल्ती गरेको पाइएको पनि हो।

स्वास्थ्य पत्रकार सर्वप्रथम शब्द-प्रयोगमै स्पष्ट र जानकार हुनुपर्छ। विश्व प्रेस स्वतन्त्रता

सूचकांकमा सबैभन्दा पिँधतिर रहेको देश इरानमा[२२] गरिएको अध्ययनले समेत 'स्वास्थ्य पत्रकारका लागि ज्ञान र विशिष्टीकृत तालिमको अभाव स्वास्थ्य क्षेत्रको समाचार प्रवाहमा गम्भीर चुनौती' (केशभारी, यामानी, अदिबी र सहनाजी सन् २०१८) मानेको सन्दर्भ यहाँनिर मननीय छ। त्यसैले यस क्षेत्रका महत्त्वपूर्ण प्रश्नहरूको जवाफ दिन सक्ने हुँदा मात्र सार्थक रिपोर्ट तयार गर्न सकिन्छ र त्यो अवस्थामा मात्रै एउटा रिपोर्टरले सम्पादकलाई खुशी राख्नुका साथै पाठक/दर्शक/श्रोतालाई राम्ररी सेवा दिन तथा आफूलाई सन्तुष्ट राख्न सक्छ (स्वित्जर सन् २०१० : ८)।

स्वास्थ्य स्वयं नै संवेदनशील विषय भएकाले त्यस विषयमा कलम चलाउने पत्रकार पनि त्यत्तिकै संवेदनशील हुनुपर्छ। कोभिड- १९ को समयमा अभूतपूर्व रूपमा स्वास्थ्य पत्रकारिताको महत्त्व बढेको देखिएको थियो र अन्य विधाका पत्रकार पनि स्वास्थ्य क्षेत्रको रिपोर्टिङमा संलग्न भएका थिए। त्यस समयमा विश्वको पत्रकारिताले गरेको अनुभवका आधारमा स्वास्थ्य पत्रकारले ध्यान दिनुपर्ने देखिएको सबैभन्दा महत्त्वपूर्ण कुरा हो- 'स्वास्थ्य पहिला'। रोगविशेषबाट आफूलाई आइपर्न सक्ने खतराबाट जोगिन आवश्यक सुरक्षाका सबै चिकित्सकीय सल्लाह अनुशरण गर्नुपर्छ। आफ्नो स्वास्थ्यलाई ध्यानमा नराखी काम गर्ने हो भने न जीवन रहन्छ, न त अरूको जीवनको रिपोर्टिङ नै गर्न सकिन्छ।

अर्को पक्ष समाचारको शीर्षक हो। शीर्षकले नै पाठक, दर्शक वा श्रोताको ध्यान आकृष्ट गर्ने भएकाले समाचारका शीर्षक राख्दा पनि संवेदनशील हुनुपर्छ। घातक, ज्यानमारा आदिजस्ता त्रास फैलाउने खालका विशेषणयुक्त शब्द प्रयोगबाट बचेर सबैले बुझ्ने भाषाका अद्वितीय शीर्षक राख्न कोशिश गर्नुपर्छ। प्राविधिक शब्द हुबहु सारिएको शीर्षक राख्नबाट पनि जोगिनुपर्छ।

पत्रकार पूर्वाग्रहरहित र तथ्यमा आधारित हुनुपर्ने खाँचो स्वास्थ्य पत्रकारका हकमा पनि आइपर्छ। स्वास्थ्यसम्बन्धी सूचनाका अनेक स्रोत हुने भएकाले भरपर्दो स्रोत पहिल्याउन सक्नुपर्छ। नयाँ स्रोतसँग सूचना लिनेबित्तिकै त्यो स्रोतकै सत्यासत्य जाँच गर्नु र विश्वास लागेको स्रोतको सूचना मात्र प्रयोग गर्नुपर्छ। प्राविधिक विषयको विश्लेषणमा नअल्मलिइकन सीधै तथ्यपूर्ण सूचना प्रवाहमा ध्यान केन्द्रित गर्नु सुरक्षित र सही उपाय हो। कुनै खास समूह, जाति, नश्ल वा राष्ट्रियतामाथि प्रहार हुने शीर्षकबाट बच्नैपर्छ। कोभिडको समयमा अमेरिकी र भारतीय मिडियाले चिनियाँ नागरिक र चीन देशमाथि नै प्रहार हुने, एड्सका समयमा अफ्रिकीलाई होच्याउने गरी आएका समाचार यस सन्दर्भमा

२२. https://rsf.org/en/country/iran; accessed June 29, 2023.

स्मरणीय छन् । अन्तर्वार्ता गर्दा पनि सम्बन्धित विषयसँग सरोकार राख्ने आधिकारिक व्यक्ति मात्र नभएर सर्वसाधारणसँग पनि गर्नुपर्छ ।

त्यसअलावा, पत्रकारिता सदैव नागरिकप्रति उत्तरदायी हुने हुनाले स्वास्थ्य विधाका पत्रकारले पनि सो जिम्मेवारी बोध गर्दै यतिखेर चलिरहेको स्वास्थ्य समस्याका बारेमा जानकारी दिने सामग्री प्रवाह गर्नुपर्छ । त्यही जिम्मेवारी बोधले नै नागरिकलाई तर्साउने, आतंकित पार्ने गरी नभएर जानकारी मात्र दिने गरी सामग्री दिनुपर्ने हो । यसका लागि सकारात्मक भाषा प्रयोग गर्नुपर्छ भने सूचनामा संख्याको प्रयोग गरेर समस्यालाई सामान्यीकरण नगरी जे-जति हो, त्यति मात्रै भन्न सक्ने ढाँचामा जानुपर्छ ।

नेपालमा जनस्वास्थ्यका विषयमा कलम चलाउने पत्रकारहरूको संख्या पनि कम छैन । मिडियामा स्वास्थ्यसम्बन्धी सामग्रीका साथै स्वास्थ्यका विषयमै मात्र केन्द्रित मिडिया पनि छन् । त्यसैगरी स्वास्थ्यका विषयमा रेडियो र टेलिभिजनमा विभिन्न खालका कार्यक्रम छन् । यसमा स्वास्थ्य सल्लाह दिनेलगायत विभिन्न ढाँचाका कार्यक्रम सञ्चालनमा रहेको पाइन्छ ।

**शिक्षा पत्रकारिता** : बाल तथा युवा मस्तिष्कलाई साक्षर, शिक्षित र सुयोग्य नागरिक बनाउने शिक्षाले हो । उनीहरू नै अन्ततः देश र विश्वको भविष्यका निर्माता हुन् । उनीहरूको वर्तमानलाई समुचित शिक्षाले सिञ्चित गर्न सकिएन भने देश र दुनियाँको भविष्य पनि बाँझो रहने स्पष्ट छ ।

सरकारी तथ्यांकअनुसार नेपालमा पूर्व-प्राथमिकदेखि उच्च माध्यमिक तहसम्मका मात्रै करिब आधा करोड विद्यार्थी छन् र करिब पाँच लाख विद्यार्थी उच्च शिक्षा अध्ययनरत छन् । यति ठूलो संख्यामा रहेका विद्यार्थीका साथै शिक्षक, अभिभावक, शिक्षालय सञ्चालक, सरकार र समग्रमा राज्य नै सचेततापूर्वक सक्रिय नभएसम्म शिक्षा क्षेत्रबाट गतिलो परिणामको अपेक्षा गर्न सकिँदैन । यसका लागि राज्यको चौथो अंग मानिएको प्रेसले पनि शिक्षा मामिलामा निरन्तर निगरानी र चासो राख्नुपर्छ, शिक्षासँग गाँसिएका सबैखाले समस्या र सम्भावना खोज्नुपर्छ ।

शिक्षा पत्रकारिताले शिक्षा क्षेत्र र नागरिकबीच संवाद गराउनुका साथै शिक्षकको क्षमता अभिवृद्धिमा सघाउन सक्छ, शिक्षण पेशाको प्रतिष्ठा तथा विद्यार्थीको ज्ञान अभिवृद्धिमा सन्देश फैलाउन सक्छ, सरोकारवालाबीच सार्थक सम्बन्धका उपाय पस्कन सक्छ, नीतिनिर्माता/कार्यान्वयनकर्ता र उपभोक्ताबीच सन्देशवाहक सेतु बन्न सक्छ । अनि, खराबीमाथि खबरदारी र सुकार्यको सराहना गर्न सक्छ । शिक्षा क्षेत्रमा देश-विदेशमा भइरहेका रोचक, ज्ञानवर्द्धक र उपयोगी चिन्तन, अभ्यास र प्रविधिलाई समाजसमक्ष पस्कने पनि शिक्षा पत्रकारिताले नै हो ।

भारतीय अभ्यास हेर्दा अचेल धेरै पत्रकारले युवा-केन्द्रित शिक्षा रिपोर्टिङमा ध्यान दिइरहेका छन् । रिपोर्टरका लागि त्यस्ता शैक्षिक कथा तयार गर्न सजिलो पनि छ, जसमा उनीहरू परीक्षा अंक, क्याम्पसका कथा र खेलसमेत समावेश गरेर लेखिरहेका हुन्छन् । उनीहरूले शिक्षालयमा विद्यार्थीको सुरक्षा नियमन वा शिक्षकको पारिश्रमिकका विषयमा पनि लेख्छन् ।

नेपालमा यस मामिलामा कलम चलाउनेहरूको संख्या बढ्दो छ र उनीहरू संगठित पनि छन् । शिक्षा क्षेत्रमा फिचर सेवा, पुस्तक प्रकाशन, रेडियो कार्यक्रम, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम पत्रकारहरूले सञ्चालन गरिरहेको पाइन्छ । शिक्षालाई पनि विशेष सामग्रीका रूपमा स्थान दिने पत्रिका मात्र नभएर शिक्षासँग मात्रै सम्बन्धित पत्रिका र अनलाइन पनि सञ्चालनमा छन् ।

**विज्ञान पत्रकारिता** : विधागत विशेषताकै आधारमा उदाहरण दिने हो भने त विज्ञान पत्रकारिता मूलतः अनुवाद हो । विज्ञान पत्रकारहरूका ठूला काममध्ये एउटा वैज्ञानिकहरूलाई नागरिकसँग जोडिदिनु हो । विभिन्न सञ्चारमाध्यमका लागि लेख्नु, सम्पादन गर्नु, अनुसन्धानमूलक वैज्ञानिक लेखहरू तयार पारिदिनु जस्ता काम विज्ञान पत्रकारहरूले गरिरहेका छन् । नयाँ-नयाँ वैज्ञानिक आविष्कार भएसँगै पत्रकारहरूको काम शुरू हुन्छ । वैज्ञानिक आविष्कारहरू अनुवाद गरेर आम मानिससमक्ष पुऱ्याउने काम विज्ञान पत्रकारहरूकै हो, जसरी संसद्का निर्णयहरू संसदीय पत्रकारले नागरिकसमक्ष पस्कन्छन् । समाचारीय महत्त्वका आधारमा विज्ञानका जटिलता र अस्पष्टतालाई प्रस्ट पारेर, सही प्रश्न गरी त्यसको सही जवाफ पत्ता लगाएर विज्ञान पत्रकारले नै पस्किने हो ।

विज्ञान पत्रकारिताका लागि ठ्याक्कै मिल्ने भन्ने कुनै खास प्रकारको व्यक्ति छैन, हुँदैन । परम्परागत रूपमा त सामान्य बीट रिपोर्टर नै विज्ञान रिपोर्टर थिए । तिनीहरूमध्ये या त कोही विज्ञानप्रतिको रुचिका आधारमा या सम्पादकले हुऱ्याइदिएका भरमा विज्ञान पत्रकारिताका क्षेत्रमा पुगेका हुन्थे । अवस्था  केही फेरिएको छ । अझै पनि सामान्य रिपोर्टरहरूले नै विज्ञान रिपोर्टिङ गरिरहेका भए पनि मूलभूत रूपमा वैज्ञानिक पृष्ठभूमिका साथ विज्ञान लेखकका नयाँ पत्रकारहरूको प्रजाति परिदृश्यमा आएको छ । शैक्षिक पृष्ठभूमि (लेखनमा लाग्ने वैज्ञानिक वा विज्ञानमा रुचि भएका लेखक) का बाबजुद, विज्ञान पत्रकारमा आवश्यक पर्ने मुख्य गुणहरूमा जिज्ञासा, सिक्ने इच्छा र कडा पेशागत नैतिकता हुन् । विज्ञान विषयमा लेख्न गाह्रो हुन सक्छ, तर यो फलदायी पनि छ । यसका लागि विज्ञान पत्रकारिताका ज्ञान र सीप अभिवृद्धि गर्ने सैद्धान्तिक तथा व्यावहारिक अद्यावधिक अध्ययन र अभ्यास भने सधैं आवश्यक हुन्छ ।

## विधा छनोटका आधार

विधाको बिस्कुन छुट्याएको देखेपछि पत्रकारका मनमा द्विविधा उत्पन्न हुन सक्छ- मैले के आधारमा कुन विधा छान्ने ? आधार यति हो- आफ्नो रुचि र विषयवस्तुमाथिको दक्खल ।

'आफ्नो विधामा के-के समावेश छ भनेर ठ्याक्कै परिभाषित गर्नुहोस्, अर्थात् विधाका बारेमा नै जानकारी राख्नुहोस्', यसरी एक सम्पादकको दृष्टिले जहिले पनि सकेसम्म विषयवस्तुमाथि अर्जुनदृष्टि राख्न सकिने गरी विधा छान्नु राम्रो हुने सल्लाह दिइन्छ । *एनबीसी न्यूज*की सम्पादकीय निर्देशक वाङ पनि त्यसै गर्छिन् । जस्तै- यदि तपाईं बिजनेस रिपोर्टर हो भने त्यहाँभित्र पनि पूँजी बजार वा उद्योगविशेष वा आफ्नो रुचिका कुनै क्षेत्रमा ध्यान केन्द्रित गर्नुहोस् । तपाईंको क्षेत्रअनुसारका कम्पनीहरूमाथि नजर राख्नुहोस् । कुन समाचार अपडेटका लागि कोसँग सम्पर्क गर्नुपर्छ, ध्यान दिनुहोस् ।

त्यति मात्रले पनि हुँदैन, तपाईंको 'समाचार संस्थाको वित्तीय क्षमता, आकार र जनशक्तिको स्थिति' (रेग्मी २०५३ : ६८) का आधारमा पनि तपाईंको बीट निर्धारण हुन्छ । समाचारको प्राथमिकता त त्यसपछि निर्धारण भइहाल्छ । यही आधारमा नै दैनिक समाचारलाई प्राथमिकता दिने कि दीर्घकालीन लामा रिपोर्टिङलाई महत्त्व दिने भन्ने टुंगो लाग्छ । जस्तै- दैनिक पत्रिका वा समाचार अनलाइन हो भने दैनिक घटनाप्रधान समाचार आवश्यक हुन्छ, साप्ताहिक वा पाक्षिक म्यागजिन वा विश्लेषणात्मक अनलाइन, रेडियो म्यागजिन वा टेलिभिजन प्याकेजका लागि हो भने प्राथमिकता फरक पर्छ ।

विभिन्न विधामध्ये कुन संवाददातालाई कहाँ खटाउने भन्ने कुरा समाचार संस्थाले पनि विचार गर्नुपर्छ । वरिष्ठ पत्रकार रामकृष्ण रेग्मीका विचारमा एकै समाचारदातालाई धेरै बीट दिँदा विशेषज्ञता हासिल गर्न नसकिने र खास कार्यक्षेत्रमा रुचि नभएका समाचारदातालाई त्यो बीट थोपर्दा उत्पादनशील हुन नसक्ने जस्ता पक्षलाई विचार गरी समाचार संस्थाको आवश्यकता र क्षमताअनुसार समाचारदाताको रुचि र योग्यतालाई ध्यानमा राखेर कार्यक्षेत्र चयन गर्नुपर्छ । समाचारदाताई कुन कार्यक्षेत्र दिने (रेग्मी २०५३ : ६८-६९) भन्ने प्रश्नमा रेग्मीको थप सिफारिश यस्तो छ :

> केहीमा सामान्य ज्ञान हुने समाचारदाताले समाचार संकलन-लेखन गर्न सक्छन् भने केहीमा विशेष ज्ञान र योग्यताको आवश्यकता पर्छ । ...समाचारदाता खटाउँदा सम्बद्ध क्षेत्रको नियम चलनलाई पनि ध्यानमा राख्नुपर्छ । कतिपय क्षेत्रमा नयाँ समाचारदातालाई पठाउन दिइँदैन; प्रधानमन्त्री कार्यालय, संसद्, परराष्ट्र तथा सेना बीटमा ४-५ वर्षको

> पत्रकारिता अनुभव हासिल नगरेकालाई समाचार संकलन गर्न नदिने चलन धेरै राष्ट्रमा छ । प्रेस स्वतन्त्रताका नाममा जुनसुकै कार्यक्षेत्रमा जुनसुकै समाचारदातालाई पठाउन सकिन्छ भन्ने आडम्बर लिन मिल्दैन ।

त्यसो भए पत्रकारले कुन विधा के आधारमा रोज्ने त ? भारतीय लेखक तथा पत्रकार (सन् १९१५-२०१४) खुशवन्त सिंहको झट्ट हेर्दा भावनात्मक जस्तो लाग्ने तर स्पष्ट सिफारिश यस्तो छ, 'यदि तपाईं पत्रकारिताको दुनियाँमा अगाडि बढ्न चाहनुहुन्छ भने आफ्नो हृदयको सबैभन्दा नजिकको विषयमा विशेषज्ञता हासिल गर्नुहोस् र त्यसैमा विशेषज्ञ बन्नुहोस्' (सिंह सन् १९८४ : एक्स) ।

## विधागत पत्रकारका योग्यता र सीप

विधागत हिसाबले कुनै पनि विषयलाई केन्द्रमा राखेर गरिने पत्रकारिताका आआफ्नै मौलिक विशेषता हुने नै भए । राजनीति, अपराध, पर्यटन, शिक्षा, खेलकूद आदि विभिन्न विधाले सम्बन्धित विषयलाई केन्द्रमा राखेर पत्रकारिता गरिरहेका हुन्छन् । विधागत पत्रकारिता गर्नका लागि आमरूपमा पत्रकार हुँदा चाहिने गुण, विशेषता, सीप, क्षमता आदि अनिवार्य नै छ, त्यसमाथि विशिष्टीकृत क्षेत्रमा केन्द्रित हुनका लागि आवश्यक विशिष्ट योग्यता, विशेषता, सीप र क्षमता वाञ्छनीय हुन्छन् । आम पत्रकारका आँखामा मात्र ती वाञ्छनीय गुण हुन् तर विशिष्टीकृत क्षेत्रका लागि अत्यावश्यक हुन्छन् । यो त्यस्तै आवश्कता हो, जस्तो- चिकित्सक त एमबीबीएस गरेपछि भइन्छ तर विशेषज्ञ हुनका लागि अध्ययन र अनुभवसहितको विशेषज्ञता हासिल गर्नुपर्छ ।

आम पत्रकारिताभन्दा केही विशिष्ट गुणहरूका कारणले नै विधागत पत्रकारिता विशिष्ट पत्रकारिता भएको हो । विधागत विशिष्टताको भूमिका झल्काउने गरी विभिन्न विधाको उदाहरणसहित नेपाली पत्रकारका गुरु (आचार्य, ढुङ्गेल र पोखरेल २०७९ : ११९-१४२) रामकृष्ण रेग्मीको व्याख्या यस्तो छ :

> विधागत पत्रकारिताका उदाहरणका रूपमा विज्ञान वा विपद् वा मानवअधिकार वा विकास पत्रकारिता जस्ता केही विशिष्ट पत्रकारितालाई लिन सकिन्छ । तिनमा विषयगत ज्ञान, सीपका साथै खास तथ्य वा सन्दर्भसँगै सञ्चार शैली र सूचना प्रवाहको खासखास धार हुन्छन् । प्रत्येकमा विशेष मर्म, मौलिक मूल्य र मान्यता हुन्छन्, जसको जगेर्ना पत्रकारिताले गर्नैपर्छ । विज्ञान पत्रकारितामा वैज्ञानिक सत्य वा तथ्य, आविष्कार वा देन सफलता वा असफलता किन जनजीवनमा महत्त्वपूर्ण छ, पत्रकारिताले उघार्नु पर्छ । विपद् पत्रकारितामा विपद् आउनै नदिने तयारी, विपद् आइहाले खोजी, उपचार, उद्धार,

> पुनर्वासका चरण नपछ्याई हुँदैन । मानवअधिकार पत्रकारितामा पीडित, पीडक, ऐन कानून, न्याय, अधिकार हनन र हिंसाका मसिना सन्दर्भ केलाउनै पर्छ । विकास पत्रकारिता गर्दा वास्तविक आवश्यकता, स्रोत, संसाधन, श्रम, प्रविधि, दिगोपन र सेवाशुल्क तथा कार्यकुशलताको चर्चा नगर्दा अधुरो हुन्छ ।[२३]

यसरी विधागत रूपमा विषयवस्तुको भित्री तहसम्म पुग्ने क्षमता राख्नु विधागत पत्रकार हुन चाहनेको योग्यता नै हो । बीट रिपोर्टरहरूले ज्ञानको आधार तयार गर्छन् र आफ्ना विषयवस्तुसँग उनीहरू परिचित हुन्छन् । त्यसैले सीधा तथ्यहरूको रिपोर्टिङका अतिरिक्त त्यस विषयका भित्री कथा र टिप्पणी पनि दिन सक्ने ज्ञान र सूचना उनीहरूमा हुन जरुरी छ । खुशवन्त सिंहको सल्लाहलाई त बिर्सनै मिल्दैन । सबैभन्दा ठूलो कुरा हो, त्यो विधाप्रति तपाईंको रुचि ।

कुनै विधाविशेषमा अनुभवी पत्रकार सो विधामा आधिकारिक रूपमा लेख्न सक्छ, यो नै पत्रकारका लागि सबैभन्दा ठूलो तागत हो । जोय वाङका अनुसार, यदि तपाईंको क्षेत्रभित्रको समाचार ब्रेक भयो भने छिटो समाचार सामग्री तयार पार्न वा सही रिपोर्टका साथ क्यामेरामा देखा पर्न उत्तम व्यक्ति हुनुहुँदो रहेछ भनेर तपाईंका सम्पादकले थाहा पाउने छन् । अर्थात्, उत्तम बीट रिपोर्टरले आफ्नो बीटको आधिकारिक समाचार छिट्टै तयार पार्नसक्छ, टेलिभिजन पत्रकार हो भने तगडा रिपोर्टसहित क्यामरामा देखा परिहाल्छ । तगडा बीट रिपोर्टर हुनुको अर्थ पनि त्यही हो, सम्पादक मात्र नभएर समाचारका उपभोक्ताले समेत मूल्याङ्कन गर्ने आधार पनि त्यही हो ।

पत्रकार तथा कानून व्यवसायी अनन्तराज लुइँटेल शैक्षिक योग्यता, सीप र शब्दावली, विधागत मर्म, विषय ज्ञान, प्रचलित शब्दावलीहरूको जानकार भएपछि मात्रै प्रभावकारी रूपमा पत्रकारिता सम्भव हुने ठान्छन् । विशेषज्ञतासहितको पत्रकारितामा ज्ञानको आवश्यकता र महत्त्वलाई उनी यसरी प्रस्ट पार्छन् :

> पत्रकारिता सूचना पस्किने क्षमता हो तर विषयगत ज्ञानको विशेषज्ञता होइन भन्नेहरूको सोचाइ सामयिक होइन । आफैं उक्त विषयमा स्पष्ट भएपछि मात्रै त्यस्तो प्रक्रियाको उचित विश्लेषण गर्न सम्भव हुन्छ । 'अरूले भनिदिन्छन् र त्यही लेखेर पत्रकारिता गरिहालिन्छ नि' भन्ने पत्रकारिताको पुरानो शैली हो । नपढीकन त्यो विषयको पत्रकारिता गर्ने हो भने बुझेर गरे पनि भयो, नबुझी गरे पनि भयो भन्ने अवस्था आउन सक्छ । त्यस्तो अवस्थामा नबुझीकनै लेखेको भन्ने आलोचना खेप्नुपर्ने अवस्था मात्रै रहँदैन, वास्तवमै नबुझीकनै पत्रकारिता गर्नुपर्ने परिस्थिति पनि पर्न जान्छ ।[२४]

---

२३. प्रा. रेग्मीले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदाबाट लिइएको ।
२४. लुईंटेलले यसै पुस्तकका लागि तयार पारेको आलेखको मस्यौदाबाट लिइएको ।

आफ्नो बीटका कानून, नीति, कार्यक्रम र तिनको कार्यान्वयन अवस्थाका बारेमा सबै विधागत पत्रकारलाई ज्ञान हुन जरुरी छ। आफ्नो विधाका समाचारका स्रोत चिन्नुका साथै भाषा र प्रक्रिया सिक्नुपर्छ (स्क्यानलान सन् २००२) भने शब्द, शैली, संस्कृति, संकेत, संवेदनशीलता, सबलता/दुर्बलता पनि बुझ्नुपर्छ। त्यसैअनुसारको विशिष्ट/प्राविधिक शब्दावली र तिनको अर्थ, कार्यस्थलको वातावरण आदि पनि जान्नुपर्छ। उदाहरणका लागि, आमरूपमा नै पत्रकारहरू मिडियाका लागि लैंगिक संवेदनशीलतासम्बन्धी सूचक (ग्रिजल सन् २०१२) प्रति धेरथोर सचेत हुन्छन् भन्नेसम्म अपेक्षा गरिए पनि महिला तथा लैंगिक मामिलामा कलम चलाउनेले भने महिलाविरुद्ध हुने हिंसाको रिपोर्टिङ गर्दा ध्यान दिनुपर्ने मार्गदर्शक सामग्री (जस्तै- इम्प सन् २०१९) देखि यस मामिलामा थप बौद्धिक खुराकसमेत (जस्तै- फ्र्याइक्स् सन् २०१३) पाएका हुन्छन् भन्ने अपेक्षा गर्नु अनुचित हुँदैन। मानवअधिकारको सामान्य जानकारी जो-कसैलाई पनि हुन सक्छ वा नहुन पनि सक्छ तर मानवअधिकार पत्रकारलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ नै थाहा नहोला भनेर कल्पना नै गरिँदैन।

## जनसम्पर्क र सूचनाका स्रोत

बीट रिपोर्टरहरूले रिपोर्ट गर्दा भेट्ने प्रत्येक व्यक्तिबाट जानकारी संकलन गर्दछ। कुनै पनि नयाँ जानकारी प्राप्त गर्नका लागि उनीहरूले स्रोतलाई नियमित रूपमा फोन गर्ने, भेट्ने, ईमेल गर्नेलगायतका काम गर्नुपर्छ। आमरूपमा पत्रकारले कायम गर्ने जनसम्पर्क र विकास गर्ने सूचनाका स्रोत निर्माणका विधि नै विधागत पत्रकारका पनि विधि र उपाय हुन्।

कुनै पनि सक्षम पत्रकारले अपराधसम्बन्धी समाचार तयार पार्न सक्छ अथवा अदालतको सुनुवाइको रिपोर्टिङ गर्न सक्छ तर अनुभवी बीट रिपोर्टरले तत्तत् क्षेत्रका अन्तर्यसमेत थाहा पाउँछ तर त्यसका लागि तगडा बीट रिपोर्टरका समाचार स्रोत भने अद्यावधिक हुनुपर्छ। एक विधागत पत्रकारले निर्दिष्ट विषयमा नयाँ जानकारी संकलन गर्न खास उपाय र मार्गहरूको अनुशरण गर्नुपर्ने हुन्छ। व्यापक स्रोतहरूसँगको राम्रो सम्बन्धका आधारमा नै गतिला समाचार हात लाग्ने हुन्। सूचनाका आधिकारिक र भरपर्दा स्रोत नभएका पत्रकारको पेशा नै दाउमा पर्न सक्छ। सामान्यतः बारम्बार भेट्ने स्रोतहरूसँग पनि सम्बन्ध कायम राखिराख्दा मात्र विश्वास पनि कायम रहन्छ।

पत्रकारहरूलाई कुनै बीटमा रिपोर्टिङ गराउन सञ्चार संस्थाको लगानी भएको हुन्छ र उनीहरू निपुणता हासिल गर्न मनैदेखि लागेका हुन्छन् (राइफ सन् २००९ : ६६६)। त्यो भनेको मूलतः मिडिया हाउसको आर्थिक लगानी हो, पत्रकारको समय र भावनाको लगानी हो। स्रोतलाई सधैं खुशी राख्न सम्भव नहुन सक्छ तर सम्बन्ध कायम राख्न भने

आवश्यक छ । आफ्नो बीटमा कुनै घटना हुनेबित्तिकै स्रोतहरूसँग छिटो सम्पर्क गरेर आवश्यक जानकारी पाउनु र उपलब्ध समय-सीमामा लेखिसक्नु (स्क्यानलान २०११) पत्रकारको ठूलो तागत हो ।

विधागत पत्रकारिताका अनुसन्धानकर्ताहरूले बीट रिपोर्टर र समाचार-स्रोतबीचको सम्बन्धका सन्दर्भमा कुरा गर्दा पत्रकारले व्यावसायिक दूरी कायम राख्न नसक्ने तीनवटा जोखिमका अवस्था देखेका छन् (म्यागिन र मौरर सन् २०१९) । त्यसअनुसार, पहिलो हो- बीट रिपोर्टरहरू स्रोतप्रति धेरै बफादार भए भने उनीहरूलाई स्रोतले औजारका रूपमा प्रयोग गरिदिन सक्छ । दोस्रो- पत्रकारहरू स्रोतप्रति धेरै विरोधी भएमा पाठक, दर्शक र श्रोतालाई मन पर्दैन र पत्रकारले नै विश्वास गुमाउन सक्छन् । र, तेस्रो जोखिम हो- बीट रिपोर्टरहरूले आफूलाई उनीहरूको स्वार्थका पक्षधर जस्तो ठान्न थाले भने तिनीहरू एक असंलग्न पर्यवेक्षक हुनुको सट्टा कार्यकर्ताका रूपमा व्यवहार गर्न सक्छन् । यी तीनवटै अवस्थामा पत्रकारको पत्रकारिता क्षयीकरणमा पर्छ ।

## विधागत पत्रकारितालाई प्रभावकारी बनाउने उपाय

विधागत पत्रकारितालाई प्रभावकारी तुल्याउन के गर्न सकिएला त ? पत्रकारिताको २५ वर्षभन्दा लामो समयका अनुभवी तथा अमेरिकी प्राध्यापक टोनी राजर्स चारवटा उपाय पेश गर्छन् (रजर्स सन् २०१९) । तिनको संक्षिप्त चर्चा गरौं :

**सक्ने जति सबै सिक्नुहोस्** : बीट रिपोर्टर हुनु भनेको आफ्नो बीटका बारेमा चाहिने सबै कुरा सक्दो सिक्न र जान्न आवश्यक छ । यसका लागि यस क्षेत्रका धेरैभन्दा धेरै मानिससँग कुरा गर्नुपर्छ र धेरै पढ्नुपर्छ । विज्ञान वा स्वास्थ्य जस्ता जटिल र प्राविधिक विधामा काम गर्ने पत्रकारका लागि यो विशेष चुनौतीपूर्ण छ ।

तर, चिन्ता लिनु पर्दैन । डाक्टर वा वैज्ञानिकले गर्ने सबै कुरा तपाईंले जान्नुहुन्छ भनेर कसैले आशा गर्दैन । तर, तपाईंसँग त्यस विषयका बारेमा एक आम गैरप्राविधिक मान्छेले जान्नेजति ज्ञान भने हुनुपर्छ । त्यसो भएमा डाक्टर वा यस्तै कोही प्राविधिक मान्छेसँग अन्तर्वार्ता लिनुपर्दा तपाईंले बुद्धिमान प्रश्नहरू सोध्न सक्नुहुन्छ अर्थात् मूर्ख प्रश्न गर्नुहुन्न । विषय राम्रोसँग बुझेमा मात्रै सबैले बुझ्न सक्ने गरी भाषामा उतार्न सक्नुहुने छ ।

**खास खेलाडी चिन्नुहोस्** : तपाइँ कुनै बीट कभर गर्दै हुनुहुन्छ भने तपाईंले त्यस क्षेत्रका खास खेलाडी को-को हुन् भनेर जान्नुपर्छ । उदाहरणका लागि, तपाईं स्थानीय प्रहरीपरिसरलाई समाचारको विषय बनाउँदै हुनुहुन्छ भने यसको मतलब प्रहरी महानिरीक्षक र सकेसम्म धेरै जासुस र बर्दिधारी अधिकारीका बारेमा थाहा पाउन आवश्यक हुन्छ । तपाईं एक स्थानीय

हाई-टेक कम्पनीका बारेमा समाचार लेख्दै हुनुहुन्छ भने शीर्ष अधिकारीका साथै केही कर्मचारीसँग पनि सम्पर्क बनाउनुपर्छ ।

**विश्वास कमाउनोस्, सम्पर्क बनाउनोस्** : फगत आफ्नो बीटमा भएका मानिसलाई चिन्नेबाहेक, तिनीहरूमध्ये कम्तीमा पनि केहीलाई भरपर्दो सम्पर्क वा स्रोतका रूपमा विश्वासको स्तर विकास गर्न आवश्यक छ । किन आवश्यक छ ? किनभने त्यसरी विश्वास आर्जन गरेका स्रोतले नै तपाईंका लागि सुझाव र बहुमूल्य जानकारी दिने हुन् । वास्तवमा, जहाँ विश्वासिला स्रोत, त्यहाँ गतिला समाचार । ती यस्ता समाचार हुन्, जुन प्रेस विज्ञप्ति, पत्रकार सम्मेलन वा अन्य कुनै औपचारिक स्रोतबाट आउँदैनन् । अंग्रेजीमा एउटा भनाइ छ- स्रोतविनाको रिपोर्टर, पीठोविनाको बेकर । यही कुरा बीट रिपोर्टरको हकमा पनि लागू हुन्छ, समाचार स्रोत नभएका पत्रकारसँग काम गर्नका लागि केही बाँकी हुँदैन ।

सम्पर्क बनाउने र विकास गर्ने कामको एउटा ठूलो हिस्सा भनेको स्रोतहरूसँग विभिन्न किसिमले निरन्तर सम्पर्कमा बस्ने नै हो । त्यसैले पुलिस प्रमुखसँग सुरक्षा र अपराधको मात्र कुरा होइन, उनका रुचिको खेलकूद र सिनेमाको गफ पनि गर्नुहोस् । कुनै प्रमुख कार्यकारी अधिकृत वा प्रशासकलाई कस्तो खाना, घुमघामको ठाउँ मन पर्छ, कुराकानी गर्नोस् । उनको कार्यालयमा सजाइएका चित्रकलामा तपाईंलाई के मन पर्‍यो ? सुनाइदिनोस् । अचेल कुराकानीका लागि एकापसमा सामाजिक सञ्जालमा जोडिएका साझा विषयवस्तु पनि छँदैछन् ।

यसका साथै, कुराकानी र जनसम्पर्क गरिरहँदा सहायक कर्मचारीहरूलाई पनि नबिर्सनुहोस् । सामान्यतः महत्त्वपूर्ण कागजात र अभिलेख तिनैसँग हुन्छ, तीमध्ये कतिपय तपाईंको समाचारका लागि अमूल्य हुन सक्छन् । प्रधानमन्त्रीले गरेको किनमेलको विवरण उनको सुरक्षा गार्डबाट पाउन सकिन्छ भने राष्ट्रपतिको स्वास्थ्य अवस्थाको जानकारी अस्पतालका नर्सबाट पाउन सकिन्छ । नेपाल भ्रमणमा आएका विदेशी सेलेब्रिटीसँग पहुँच नपाए पनि उनीहरूको होटलका बेयरा त तपाईंको पहुँचभन्दा टाढा नहोलान् नि !

**पाठकलाई सम्झनुहोस्** : वर्षौंसम्म कुनै खास बीटमा काम गरेका र स्रोतहरूको बलियो सञ्जाल विकास गरेका रिपोर्टर पनि कहिलेकाहीं तिनीहरूका स्रोतका रुचिका सामग्री मात्र लेख्ने चेपुवामा पर्छन् । तिनीहरू आफ्नो बीटमा यति डुबेका हुन्छन् कि बाहिरी संसार कस्तो देखिन्छ भन्ने नै बिर्सेका हुन्छन् ।

तपाईं कुनै खास उद्योगका मजदुरप्रति लक्षित व्यापारसम्बन्धी कुनै प्रकाशनमा कुनै

उद्योगविशेषका बारेमा लेख्दै हुनुहुन्छ भने त्यो त्यति नराम्रो नहुन सक्छ । तर, त्यही कुरा तपाईं मूलधारे छापा वा समाचार अनलाइनका लागि लेख्दै हुनुहुन्छ भने सामान्य पाठकको रुचिमाथि ज्यादती त गरिरहनु भएको छैन ? विचार गर्नोस् ।

त्यसैले आफ्नो बीटका बारेमा सोच्दा वा काम गर्दा सधैं आफैंलाई सोध्नुहोस्, 'यसले मेरा पाठक/श्रोता/दर्शकलाई कस्तो प्रभाव पर्ला ? उनीहरूले के सोच्लान् ? यो उनीहरूलाई चाहिने हो कि होइन ?' जवाफ नकारात्मक आउँछ भने थाहा पाउनोस्, तपाईंको समाचार-कथा समयानुकुल र आवश्यक छैन ।

यसअलावा पनि बीट रिपोर्टिङलाई प्रभावकारी बनाउन विभिन्न उपाय अपनाउन सकिन्छ। त्यस्ता उपायबारे बुँदागत रूपमा केही चर्चा गरौं-

- सीधै पाठक/दर्शक/श्रोतासँग कुरा गर्नुहोस् । तिनका छिमेकी, साथीसँगी र पाठकका आफन्तका बारेमा पनि स्थानीय समाचार-कथाहरूले रिपोर्ट गर्छन् । तिनका बारेमा कुरा गर्ने होइन, सीधै पाठक/दर्शक/श्रोतासँगै कुरा गर्नोस् ।
- पहरेदार र मार्गदर्शक बन्नुहोस् । परम्परागत रूपमा पत्रकारको जिम्मेवारी अधिकारीहरूलाई जवाफदेही बनाउने हो । असल र सिर्जनशील पत्रकारले यसअलावा समुदायलाई समाधान र प्रगतिको बाटो पनि देखाउँछ ।
- रिपोर्टिङमा ध्यान केन्द्रित गर्नुहोस् । राम्रो लेखनका लागि पत्रकारले धेरै रिपोर्टिङ गर्नुपर्छ । छोटा कथाहरू पनि राम्रोसँग विकसित हुनुपर्छ । यस्तो काम गहन-रिपोर्टिङबाटै शुरू हुन्छ ।
- विवरणहरू संकलन र विकास गर्नुहोस् । गहन रिपोर्टिङको एउटा ठूलो हिस्साले जहिले पनि विवरण, व्यक्तित्वका सूक्ष्मता र कुनै पनि मामिलाको नगण्यजस्तो देखिने तत्त्व संकलन गरिरहन्छ । लेखनमा यस्ता विवरण राख्नु कथाको सफलताका लागि महत्त्वपूर्ण हुन्छ ।
- घन्टे-ग्लास (पानीघडी) संरचनामा लेख्ने प्रयास गर्नुहोस् । त्यसका लागि कथाको प्रमुख तत्त्वलाई अगाडि प्रस्तुत गर्नुहोस् र त्यसपछि मात्र घटनाको पुनः वर्णनतिर लाग्नुहोस् ।
- जटिल समस्याहरूलाई अनुवाद गर्नुहोस् । प्रायः बीट रिपोर्टिङले पाठक/दर्शक/श्रोताका लागि जटिल समस्याको सम्बोधन गर्दछ । पत्रकारले अनावश्यक पृष्ठभूमि नहाली आवश्यक व्याख्या मात्र गर्नुपर्छ ।

- मानवीय विवरण लेख्नुपर्छ । प्रायः स्थानीय वा बीट रिपोर्टहरूमा चित्रित व्यक्ति त्यस क्षेत्रका वासिन्दा हुन्छन् । उनीहरू स्थानीय चिया चौतारी वा किराना पसलतिर भेटिने मान्छे हुन्, त्यहीअनुरूप निकटता देखाउनुहोस् ।

- सांस्कृतिक अन्तर्दृष्टि दिनुहोस् । स्थानीय समाचार संकलन र लेखनमार्फत त्यस क्षेत्रको संस्कृतिका बारेमा थाहा पाउनोस् र त्यसलाई विकास गर्ने प्रयास गर्नुहोस् । टाढाका पाठकलाई पनि कथाले नजिक ल्याउनुपर्दछ ।

- पाठकलाई आँखा दिनुहोस् । पाठकलाई हेर्ने बनाउनु र उनीहरूका ब्रेकफास्ट टेबलबाट उनीहरूलाई संसार देखाउन सक्नु हरेक लेखकका लागि चुनौती हो । यो चुनौती अँगाल्नुहोस् ।

यसबाहेक आफ्नो विधाका समाचारलाई आफू संलग्न मिडियाको प्राथमिकतामा माथि पार्न सदैव ख्याल गर्नुपर्छ । समाचार तथा सूचनाका स्रोत हुन सक्ने स्थानीय, प्रादेशिक तथा राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाको सम्पर्क सूची तयार गर्नु यस मामिलामा थप उपयोगी हुन्छ । त्यस्तो सूची र महत्त्वका आधारमा खोजिएका/पाइएका सूचनाको चाङबाटै समाचारीय महत्त्व र प्राथमिकता निर्धारण पाइने हो । केही यस्ता प्रश्नतर्फ घोत्लिएर तिनको जवाफ खोजिराख्नु पनि विधागतको पत्रकारका लागि लाभप्रद नै हुने छ :

- समाचार तथा सूचनाका स्रोतव्यक्ति को-को हुन सक्लान् ?
- इन्टरनेटमार्फत समाचार तथा सूचना कसरी खोज्ने र नचाहिएको सूचनामा बरालिनबाट कसरी जोगिने ?
- विधागत पत्रकारिता गर्दा स्थानीय तथा प्रादेशिक सन्दर्भका सामग्रीलाई राष्ट्रिय महत्त्व र सन्दर्भ-सामग्रीका रूपमा कसरी विकास गर्ने ?
- कस्ता अन्तर्राष्ट्रिय घटनाहरूलाई राष्ट्रिय मिडियामा सान्दर्भिक बनाएर प्रस्तुत गर्ने ? अन्तर्राष्ट्रिय सूचनाका स्रोत के-कस्ता हुन सक्लान् ? अन्तर्राष्ट्रिय र राष्ट्रिय सरकारी तथा गैरसरकारी प्रमुख संघसंस्था कुन-कुन हुन् ?
- सूचनाका स्रोतका रूपमा रहेका शक्तिशाली व्यक्ति तथा संस्थाको प्रभावबाट मुक्त रहेर नागरिक-केन्द्रित पत्रकारिता कसरी गर्ने ?
- विधागत पत्रकारितामार्फत नीतिगत निगरानी गर्नुपर्ने विषय के-के हुन सक्छन् ? आफ्नो विधाका नजानिनहुने मुख्य कानूनी विषय/व्यवस्था के हुन् ? आफ्नो विधाका नीति तथा महत्त्वपूर्ण प्रतिवेदन के-के छन् ?

- के-कस्ता तथ्यांक केलाएर समाचार बनाउन सकिन्छ ? ती कति आधिकारिक छन् ?
- विधागत पत्रकारिता गर्दा तयार हुने समाचार सामग्रीलाई कसरी मूल प्रवाह (आम चासो) का सामग्री बनाउन सकिन्छ ?

## चुनौती र अवसर

विधागत पत्रकारिताका विभिन्न आयामको चर्चा गर्दा यी पढ्ने/पढाइने सैद्धान्तिक विषय मात्र होइन, बरु यसको पछाडि पत्रकारिता जगत्ले हासिल गर्ने लाभका पक्षहरू स्पष्ट छन्, यसमा संलग्न विशेषज्ञ पत्रकार हुनुको पत्रकारीय मूल्य उच्च छ। विधागत छनोटका आधारमा पत्रकारितामा संलग्न हुनुको सर्वप्रधान लाभ भनेकै आफ्नो रुचिअनुरूपको क्षेत्रमा खुलेर काम गर्न पाउनु हो।

यसै पनि सूचना र अभिव्यक्ति स्वतन्त्रताको सेवक यो पेशामा पत्रकारले रुचिका विषयमा आफूलाई समेत अभिव्यक्त गर्न पाउँछ। यस आधारमा हेर्दा विधागत रिपोर्टिङको अवसरले पत्रकारलाई सम्बन्धित विषयमा विशेषज्ञता निर्माणको माग गर्दो रहेछ। त्यो माग पूरा नगरी विधागत पत्रकारिता गर्नै सकिन्न, पूरा गरेर पत्रकारिता गर्दा पत्रकारको पूर्णता र विशेषज्ञता बढ्दै जान्छ। त्यो विशेषज्ञताले निम्त्याउने अवसर पत्रकारिताभित्र मात्र नभएर बाहिर पनि हुन सक्छ, छ। उदाहरणका लागि, तपाईंमा चलचित्रप्रति रुचि छ भने तपाईं चलचित्र समीक्षक बन्न थप उत्साहित हुन सक्नुहुन्छ। खेलकूदमा रुचि भएको व्यक्ति सो रुचिकै आधारमा पत्रकार बनेका उदाहरण नेपालकै सन्दर्भमा नयाँ होइनन् भने खेल पत्रकारहरू खेलविशेषका कमेन्टेटर, राजनीति-पत्रकारहरू राजनीतिक विश्लेषक आदि भएको हामीले देखिरहेकै हुन्छौं।

दैनिक कामका दृष्टिले बीट रिपोर्टिङका निर्विवाद फाइदा छन्। पहिलो कुरा त यसले स्रोतसाधनको बचत गर्छ। बीट रिपोर्टरहरू आफ्नै बीटमा धेरै अनुभवी हुने हुनाले र उनीहरूलाई आवश्यक जानकारी कहाँ, कसरी र कोसँग प्राप्त गर्ने भनेर राम्ररी थाहा हुन्छ; त्यसका लागि अनावश्यक स्रोतसाधन परिचालन र व्यय आवश्यक नै पर्दैन। सान्दर्भिक स्रोतहरूसँग विश्वासको दीर्घकालीन सम्बन्धका कारण बीट रिपोर्टरहरूले एक्स्क्लुसिभ, विश्वसनीय र राम्रो समाचार-मूल्य भएका जानकारी प्राप्त गर्छन्।

लामो समयसम्म लगातार एउटै विषयमा कलम चलाउने काम झिँजो र निरस लागेपछि तरोताजा महसुस गर्नका लागि पत्रकारले नयाँ विधामा हात हाल्ने र सम्पादकहरूले बीट परिवर्तन गर्न अनुमति दिने गरेका उदाहरण पनि नभएका होइनन्। त्यसमा पनि नयाँ अवसर छ। विधा फेर्दा ती पत्रकारले पत्रकारिताको पुरानो अनुभव र नयाँ विधाका नयाँ

ज्ञानका आधारमा नयाँ सूचना नयाँ स्वादसहित पस्किन्छन्, नयाँ पहिचान बनाउँछन् र नयाँ प्रशंसक/आलोचक कमाउँछन् ।

विधागत रिपोर्टिङका कारणले नै अखबार तथा कतिपय वेबसाइट स्थानीय मिडियाका समाचारभन्दा पृथक् र गहन देखिन सक्छन् । राम्रो विशेषज्ञता भएका पत्रकारका गहन सामग्रीका आधारमा नै प्रभावकारी प्रसारण माध्यमहरूलाई समेत पत्रपत्रिकाले पछार्न सक्ने हुन्, अन्यथा यो काम चुनौतीपूर्ण छ ।

विधागत पत्रकारितामा धेरै चुनौती पनि नभएका होइनन् । उदाहरणका लागि एउटा बीटमा प्रतिनिधित्व गरिएका विचारहरूको विविधता सीमित हुन सक्ने हुनाले समाचार कभरेजको विविधतालाई पनि असर गर्न सक्छ । चरम अवस्थामा यो प्रवृत्तिले पत्रकारितालाई नै 'सामूहिक सोच' का रूपमा पनि परिणत गरिदिन सक्छ (म्यागिन र मौरर सन् २०१९) । त्यसो हुनु भनेको पत्रकारिताले समाजमा रहेका विविधता र बहुलतालाई बेवास्ता गर्नु हो र अन्ततः खुला समाजको मूल्य-मान्यताविरोधी कुरा हो । यो सैद्धान्तिक र व्यावहारिक दुवै प्रकारले चुनौतीपूर्ण विषय हो ।

यस्ता सैद्धान्तिकदेखि अनेक व्यावहारिक चुनौती छिचोलेर सफल विधागत पत्रकार बन्नेहरूका लागि मिडिया जगत्मा स्थापित हुने र सामाजिक पहिचान हासिल गर्ने अवसरका ढोकाहरू खुला रहने गरेका छन् । विधागत पत्रकारितामा विशिष्टीकरण गरेर पनि पत्रकारिताको मूल प्रवाहमा स्थापित हुन सक्ने भविष्य मात्र हैन, प्रधान सम्पादक नै हुन सक्ने सम्भावना हुन्छ । नेपालकै सन्दर्भमा पनि यो देखिइसकेको र देखिइरहेको छ ।

पत्रकार आचारसंहिता प्रतिकूल नहुने गरी सम्मानित, पुरष्कृत हुने राष्ट्रिय सम्भावना त छँदै छ; बीट रिपोर्टिङमा अन्तर्राष्ट्रिय पुरस्कार पनि धेरै छन् । त्यस्ता पुरस्कारमध्ये कोलम्बिया विश्वविद्यालयले सन् १९९१ देखि २००६ सम्म दिने गरेको 'बीट रिपोर्टिङका लागि पुलिट्जर पुरस्कार' सबैभन्दा प्रख्यात मानिन्छ । पुरस्कार बोर्डले यो पुरस्कार सन् २००७ यता 'स्थानीय रिपोर्टिङका लागि पुलिट्जर पुरस्कार' दिने निर्णयका साथ बन्द गर्दा त्यहाँ पनि बीट रिपोर्टिङ समेटिन सक्ने ढोका खुलै देखेको थियो ।

त्यसैले एक निश्चित विषयमा विशेषज्ञता हासिल गरेर पत्रकारिताप्रतिको निष्ठा र सोअनुकूलको आचरण कायम राख्दै पेशागत योग्यता, दक्षता, इमानदारी र लगनशीलताका साथ कर्मक्षेत्रमा डटेका पत्रकारलाई सबै प्रकारका चुनौती छिचोल्दै पत्रकारिताको संसारमा अगाडि बढ्न र सफलता हासिल गर्नबाट कसैले रोक्न सक्दैन । पत्रकारिताको चौडाइ,

पत्रकारको गहिराइ र उपभोक्ताको लम्बाइ नै पत्रकारिताको सम्भावनाका आयाम र भविष्यका निर्धारक हुन् । यी तीन पक्ष खुम्चिँदा मात्र जोखिम जाग्छ, अन्यथा अवसरै अवसरको ज्योति जाग्छ । विश्वमै यही हो, नेपालमा पनि त्यही हो ।

## सन्दर्भ–सामग्री


अधिकारी, ध्रुवहरि, सं. । २०५३ । *पत्रकारिता हाते किताब* । दोस्रो सं. । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट ।

अर्याल, दीपक । २०६८ । नेपाली भाषामा प्रकाशित पत्रपत्रिका (वि.सं. २००८-२०१३) । *मिडिया अध्ययन* ६ : १३१-१४८ ।

आचार्य, सुरेश, विनोद ढुङ्गेल र भरतराज पोखरेल, सं. । २०७९ । *उहिलेको पत्रकारिता (अनुभवको सँगालो)* । हेटौंडा : सञ्चार रजिष्ट्रारको कार्यालय, बागमती प्रदेश ।

क्षेत्री, इन्द्रध्वज । २०७० । मिडियामा भूमण्डलीकरणका प्रभाव । *मिडिया रिडर* । दीपक अर्याल, भुवन केसी र तिलक पाठक, सं., पृ. २०४-२१६ । ललितपुर : जगदम्बा प्रकाशन ।

खरेल, प्रा. पी. । २०७३ । संसद्, सांसद र समाचार । *संसदीय पत्रकारिता* । राजेन्द्र फुयाल, सं., पृ. १-६ । काठमाडौं : संसदीय मामिला पत्रकार समाज ।

ढुङ्गेल, विनोद । २०६९ । *नेपालमा प्रेस काउन्सिल : अनुसन्धानात्मक समकालीन इतिहास* । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

ढुङ्गेल, विनोद । २०७८ । मिडियाको आत्मनिरीक्षणका लागि संक्षिप्त प्रश्नावली । *नयाँ पत्रिका,* चैत १९ । https://jhannaya.nayapatrikadaily.com/news-details/1678/2022-04-02 मा उपलब्ध; असार ५, २०८० मा हेरिएको ।

दाहाल, राजेन्द्र । २०६५ । प्राक्कथन । *नेपाली साहित्यिक पत्र-पत्रिका संक्षिप्त ग्रन्थकोश,* पृ. क-ज । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

दीक्षित, कमलमणि । २०४५ । भाषा र साहित्यको विकासमा पत्रकारिताले खेलेको भूमिका । *नेपालमा जनसञ्चार स्मारिका,* पृ. २०-२१ । काठमाडौं : प्रेस काउन्सिल ।

देवकोटा, ग्रीष्मबहादुर । २०५१ । *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* । दोस्रो सं. । काठमाडौं : साझा प्रकाशन ।

नेपाल प्रज्ञा-प्रतिष्ठान । २०७५ । *नेपाली बृहत् शब्दकोश* । संशोधित र परिवर्धित दशौं सं. । काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाठक, एकराज र कृष्ण अधिकारी । २०६८ । *राससको इतिहास* । काठमाडौं : राष्ट्रिय समाचार समिति ।

पाण्डे, युवराज, सं. । २०५५ । *नेपाली पत्रकारिताको विकासक्रम* । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

प्रेस काउन्सिल । २०३१-३२ । *प्रेस काउन्सिलको (तेस्रो) वार्षिक प्रतिवेदन २०३१-०३२* । काठमाडौं : प्रेस काउन्सिल ।

प्रेस काउन्सिल । २०३७-३८ । *नवौं वार्षिक प्रतिवेदन २०३७-०३८* । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

प्रेस काउन्सिल । २०३८-३९ । *दशौं वार्षिक प्रतिवेदन २०३८-०३९* । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

प्रेस काउन्सिल । २०४१-४२ । *तेह्रौं वार्षिक प्रतिवेदन २०४१-०४२* । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

प्रेस काउन्सिल । २०६३ । *एकतीसौं वार्षिक प्रतिवेदन २०६२/०६३* । अन्तर्राष्ट्रिय सम्बन्ध एवं प्रकाशन तथा अनुसन्धान उपसमिति, सं. । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

प्रेस काउन्सिल । २०६५ । *नेपाली साहित्यिक पत्र-पत्रिका संक्षिप्त ग्रन्थकोश* । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

बस्नेत, श्रीरामसिंह । २०६४ । *पत्रकारिताका आयाम* । काठमाडौं : पैरवी बुक हाउस ।

राई, लाल देउसा । २०५९ । *अखबारी पत्रकारिता* । दोस्रो सं. । ललितपुर : साझा प्रकाशन ।

रेग्मी, रामकृष्ण । २०५३ । समाचारदाता; समाचार संकलन र लेखन । *पत्रकारिता हाते किताब* । ध्रुवहरि अधिकारी सं., पृ. ६५-८२ । दोस्रो सं. । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट ।

शाह, भोग्यप्रसाद । २०५७ । सम्झनाका केही पानाहरू । *भोग्यप्रसाद शाह अभिनन्दनग्रन्थ* । हरि मञ्जुश्री र जीवनचन्द्र कोइराला, सं, पृ. २३१-२४४ । काठमाडौं : भोग्यप्रसाद शाह अभिनन्दन समिति ।

श्री ५ को सरकार । २०४९ । प्रेस कमिसनको रिपोर्ट- २०१५ । *प्रकाशनको दिग्दर्शन*, पृ. ३५४-४७० । तेस्रो सं. । काठमाडौं : प्रेस काउन्सिल ।

Acharya, Ujjwal. 2013. Rajpal J Singh & The Nepal Digest. *Medium*, Sep. 6. Available at https://medium.com/onlinemedia-nepal/rajpal-j-singh-the-nepal-digest-2319cf1576a; accessed July 7, 2023.

Berkowitz, Daniel A. 1997. *Social Meanings of News: A Text-reader.* Thousand Oaks, CA: Sage Publications.

Dahiya, Surbhi and Shambhu Sahu, eds. 2021. *Beat Reporting and Editing: Journalism in the Digital Age.* New Delhi: Sage.

Franks, Suzanne. 2013. *Women and Journalism.* New York : I.B.Tauris & Co. Ltd

Galbraith, Kate. The Capriciousness of Beats. *Nieman Reports* 64 (4) : 5-6.

Gomez, Luís Gonzaga. 1952. *Exposing China's Newspapers.* Available at http://www.icm.gov.mo/rc/viewer/20011/919#:~:text=The%20only%20periodical%20to%20be,Register%2C%20was%20published%20in%20Canton; accessed June 20, 2023.

Grizzle, Alton, ed. 2012. *Gender-sensitive Indicators for Media : Framework of Indicators to Gauge Gender Sensitivity in Media Operations and Content.* Paris : UNESCO.

Impe, Anne-Marie. 2019. *Reporting on Violence against Women and Girls : A Handbook for Journalists.* Mirta Lourenço, ed. Paris : UNESCO.

Keshvari, Mahrokh, Niko Yamani, Peyman Adibi and Hossein Shahnazi. 2018. Health Journalism: Health Reporting Status and Challenges. *Iranian Journal of Nursing and Midwifery Research* 23 (1) : 14-17. Available at https://www.ncbi.nlm.nih.gov/pmc/articles/PMC5769179/; accessed July 9, 2023.

Kramer, Mark. 1995. Breakable Rules for *Literary Journalists.* Literary Journalism. Norman Sims and Mark Kramer, eds., pp. 21-34. New York : Ballantine.

Magin, Melanie and Peter Maurer. 2019. Beat Journalism and Reporting. *Oxford Research Encyclopedia of Communication,* March 26. Available at https://oxfordre com/communication/view/10.1093/acrefore/9780190228613.001.0001/acrefore-9780190228613-e-905; accessed on June 25, 2023.

Norton, Scott. 2009. *Developmental Editing: A Handbook for Freelancers, Authors, and Publishers.* Chicago : University of Chicago Press.

Onta, Pratyoush. 2001. The Print Media in Nepal Since 1990: Impressive Growth and Institutional Challenges. Studies in Nepali History and Society 6(2): 331-346.

Punj, Balbir K. 1999. Foreword. *Before the Headlines: A handbook of TV Journalism.* Chandrakant P. Singh, pp. vii-ix. New Delhi: Macmillan India Limited.

Rogers, Tony. 2019 . Here's How to Cover a Journalism Beat Effectively. *ThoughtCo,* July 3. Available at https://www.thoughtco.com/effective-beat-coverage-2073858; accessed May 1, 2023.

Ryfe, David. 2009. Structure, Agency, and Change in an American Newsroom. *Journalism* 10: 665-683.

Scanlan, Chip. 2002. Beat reporting: what does it take to be the best. *Poynter,* December 31. Available at https://www.poynter.org/reporting-editing/2002/beat-reporting-what-does-it-take-to-be-the-best/; accessed July 9, 2023.

Schwitzer, Gary. 2010. Covering Medical Research: *A Guide for Reporting on Studies.* Columbia : Center for Excellence in Health Care Journalism and the Association of Health Care Journalists.

Sims, Norman. 1995. The Art of Literary Journalism. *Literary Journalism.* Norman Sims and Mark Kramer, eds., pp. 3-19. New York : Ballantine.

Singh, Khushwant. 1984. Foreword. *Basic Journalism.* Rangaswami Parthasarathy, pp. vii-x. New Delhi: Macmillan India Limited.

# सार्वभौमिक जनअधिकारका लागि

**रामकृष्ण रेग्मी**

**सारांश**

राजनीति-पत्रकारिता त्यस्तो सञ्चार साधन हो, जसका कारण नागरिकहरू आफूमा रहेको सार्वभौमिक अधिकार सही अर्थमा प्रयोग गर्न समर्थ बन्छन् । यही पत्रकारिताका कारण सत्ता–दरबारका गोप्य वार्ता र दलहरूका पेचिला दाउपेच सार्वजनिक चोक र चौरका विचार मन्थनमा पुग्छन् । सूचनालाई दल वा नेताको स्वार्थमा होइन, सार्वजनिक हितमा सही रूपमा निरन्तर बगाउनु यसको उद्देश्य हो । त्यस लक्ष्यमा पुग्न चुनौती छन्, विश्वमा र नेपालमा धेरैले लामो समयदेखि प्रयत्न गरिरहेका छन्, सफलता र असफलताबीचका अनेक विन्दुमा अनुभव सँगालिरहेका छन् । पत्रकारिताका मूल्य-मान्यतालाई पत्रकार र आम सञ्चार गृहले पालना गरेमा, आवश्यक योग्यता लिएमा, सीप सिकेमा र चरित्र बल विकास गरेमा चुनौतीको सामना सम्भव छ भन्ने संकेत अध्ययन, अनुभव र अभ्यासले दिएका छन् ।

यो आलेख मूलतः राजनीति–पत्रकारिताको अवलोकन, अनुभव र अभ्यासका आधारमा तयार पारिएको हो । यसको लक्ष्य हो- नेपालमा कार्यरत पत्रकारलाई राजनीति–पत्रकारिताका कखरासहित परिवेशसँग अवगत गराउनु र त्यसमा संलग्न हुन सहजीकरण गर्नु । यसमा संख्यात्मक होइन कि गुणात्मक अनुसन्धानका केही विधि अपनाइएको छ । यसको आधार हो- अन्तर्क्रियामा केही विज्ञ, अभ्यासी, पर्यवेक्षक र प्रयोगकर्ताबाट व्यक्त वर्तमान (२०८० मध्य-जेठ) बोल ।

आलेखको सीमा छ, यसलाई अनुसन्धान प्रतिवेदन वा शोधकार्यका रूपमा लिन मिल्दैन। यसमा न अनुसन्धान प्रश्न छन्, न राजनीति, सञ्चार, दल वा नेताका साहित्य समीक्षा। अन्वेषणमा आवश्यक पर्ने विधि यसमा अपनाइएको छैन। यसमा त राजनीति-पत्रकारितासँग सम्बद्ध केही सन्दर्भ– पृष्ठभूमि, परिचय, उद्देश्य, राजनीति पत्रकारका योग्यता, सीप, तिनका लागि जनसम्पर्क, सूचनाका स्रोत, तिनका सामु आइपर्ने चुनौती र अवसर, तिनका आचरणका चर्चा र केही अध्ययन सामग्री –मा निबन्धात्मक प्रस्तुति छन्।

**केही संकेत शब्द** : विविधता, बहुता राजनीति–पत्रकारिता, अल्पसंख्यक, इन्टरनेट, निर्वाचन, सामाजिक न्याय, सीप, आचारसंहिता।

## पृष्ठभूमि

राजनीति–पत्रकारिताको पृष्ठभूमि राज्य वा समाज वा समूहमा रहेका शक्ति, राजनीतिक दल वा संगठन, शक्ति प्राप्त गर्ने र त्यसलाई सञ्चालन गर्ने विधि, शासक, शासन प्रणाली र सार्वजनिक चासोसँग सम्बद्ध प्रश्न, व्यक्ति र गतिविधिसँग जोडिएको पाइन्छ।

यसको प्रारम्भ प्रजातन्त्र, अधिकार र स्वतन्त्रताका लागि भएका राजनीतिक वा सामाजिक वा अन्य क्रान्ति वा संघर्षसँग गाँसिएर भएको देखिन्छ। साक्षरता, औद्योगीकरण, शहरी विकास, बजार विस्तार, सूचना सञ्चार प्रविधि सुविधा र अभिव्यक्ति स्वतन्त्रताले यसलाई विविध र व्यापक पारेको स्पष्ट हुन्छ। इतिहास पल्टाउँदा वा अभ्यासीका अनुभव सुन्दा यिनै प्रसंग फेला पर्छन्।

राज्यका प्रमुख अंगमा चौथो मानिने प्रेसलाई प्रभावकारी बनाउन राजनीति–पत्रकारिताको अहम् स्थान छ। त्यसका लागि यसले प्रत्यक्ष सहजकर्ता, पूर्वाधार, बहस चौतारी तथा सामान्य सूचना प्रवाहकको काम गर्छ। यसका मूल्य र मान्यताअनुरूप यो मूलतः सत्ताबाट अलग, स्वतन्त्र र निष्पक्ष रही कार्यकारिणी, विधायिका र न्यायालय, अन्य प्रजातान्त्रिक संस्थाका कार्य, अकार्य, अधिकार प्रयोग वा दुरुपयोगलाई नियालेर तिनलाई जिम्मेवार बनाउन दृढ रहन्छ।

यो पूर्वाग्रहरहित हुन्छ, निष्पक्षता र स्वतन्त्रता यसका विशेषता हुन्। यसमा प्रतिपक्षी, आलोचक र वैकल्पिक आवाज वा दृष्टिकोण पनि प्रवाह हुन्छ। सार्वजनिक चासो मुखरित गर्न, सर्वसाधारणको हित संवर्द्धन गर्न, बहुसंख्यकको कार्यको लेखाजोखा गर्न र अल्पसंख्यकको औचित्य र आकांक्षा औंल्याउन यो द्वारपाल वा संरक्षक झैं प्रतिबद्ध रहन्छ। उपरोक्त आदर्शलाई व्यवहारमा उतार्ने प्रयास धेरै देशमा अलग-अलग कालखण्डमा भए पनि विविध कारणले त्यो सफल भने हुन सकेको देखिन्न।

खास देशमा भएको राजनीतिक व्यवस्था, प्रजातान्त्रिक संस्थाको स्थिति, प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्थाले राजनीति-पत्रकारिता कतै सन्तुलित, कतै उदार-अनुदार, प्रजातान्त्रिक, कम्युनिस्ट, समाजवादी वा दक्षिणपन्थी वा वामपन्थी, क्रान्तिकारी वा राष्ट्रवादी, कतै एक दलीय, कतै द्विदलीय, कतै बहुदलीय, कतै निर्दलीय, कतै निष्पक्ष, कतै दलविशेषको निजी प्रवर्द्धनात्मक सञ्चार, त कतै मिश्रित स्वरूपमा विकास भएको र चलेको पाइन्छ ।

नेपालमा पनि राजनीति सञ्चारका रूपमा निष्पक्ष राजनीति-पत्रकारिता चल्न सकेको पाइन्न । एकतन्त्री राणाशासनका बेला स्वतन्त्रताको अभावमा राजनीति-पत्रकारिताले जग हाल्न सकेन । प्रजातन्त्रको उदयपछि एक दशकभर (वि.सं २००७–१७) अनेक दलको उपस्थितिमा आधार बनाउने अवसर थियो तर दलहरूबीचको असमझदारी, आडम्बर र राजनीतिक सहअस्तित्त्व र प्रतिस्पर्धीप्रतिको असहिष्णुताले पत्रकारितालाई राजनीतिसँग गाँसिन नपर्ने स्थिति सिर्जना हुन सकेन ।

त्यसपछिको तीन दशक दललाई निषेध गर्ने राजनीतिअन्तर्गत निर्दलीय नाममा राजनीति-पत्रकारिता एकातिर एकोहोरो भयो भने अर्कातिर कहिले भूमिगत र कहिले सतहगत रूपमा कहिले हलुका र कहिले कडा प्रजातान्त्रिक र वामपन्थी धारमा सञ्चालन भइरह्यो । राष्ट्रिय जनमत संग्रहका बेला वि.सं २०३६ तिर भने वर्षभरि बहुदलका नाममा प्राप्त स्वतन्त्रताका भरमा राजनीति-पत्रकारिता जुर्मुराएको थियो । त्यसकै कारण जनमतसंग्रहमा हारे पनि बहुदलीय राजनीतिले एक किसिमको प्रजातन्त्रप्रति सचेत–धार कायम राख्दा पत्रकारिताले पनि त्यसलाई साथ दिएको हो ।

वि.सं २०४६ को जनआन्दोलनका क्रममा प्रजातन्त्रको पुनर्स्थापनाले सम्भव गराएको स्वतन्त्रतामा राजनीति-पत्रकारिताले फस्टाउने मौका पाएको हो । त्यो बेला नेपाली पत्रकारिता राजनीतिक र आर्थिक आड खोज्ने प्रवृत्ति राम्रो होइन भन्नेमा सचेत भएको पनि हो ।

यसका संकेत समय-समयमा सामग्रीका विविधतामा पाइन्छ । समग्र प्रेसमा राजनीतिक प्रश्नमा बहस चलेको देखिन्छ, तर पनि नेपाली आम सञ्चार जगत्ले निष्पक्ष राजनीति सञ्चारको सही रूपरेखा पेश गर्न सकेन, राजनीति रिपोर्टिङमा औंल्याइने आलोचना, कमीकमजोरी तथा अर्को पक्षलाई सहने, बुझ्ने धैर्य, सहनशीलता पैदा गराउन सकेन । राजनीति-पत्रकारितालाई दल वा नेताविशेषलाई कि रिझाउन कि फुल्याउन कि हियाउन वा चिढ्याउनतर्फ जान नजानिँदो दबाब रहिरहने यथार्थ बदलिएन ।

फलतः बहुदलीय प्रजातन्त्रका संघीयतासहित अनेक प्रयोग क्रममा नेपाली पत्रकारिताले

दल वा नेताप्रतिको जानिँदो-नजानिँदो झुकावसहित राजनीतिक सामग्री प्रस्तुत गर्ने क्रम चलेको हो, जुन अद्यावधि कायम छ। द्वन्द्वको समयमा होस्, प्रेसमाथि अंकुश लगाइएको बेला होस्, दोस्रो जनआन्दोलन वा शान्ति-सम्झौता र गणतन्त्रपछिको समयमा होस्, त्यो क्रम नै सामान्यसरह बनेको हो।

वर्तमान राजनीति-पत्रकारिताको जग बेलायत (संयुक्त अधिराज्य) मा सत्रौं शताब्दीमा सन् १६४० को दशकतिर संसद् र राजसंस्थाबीचको शक्ति-द्वन्द्व हुँदा बनेको हो भन्ने ऐतिहासिक आधार छ। सन् १६४४ मा जोन मिल्टनले बौद्धिक र प्रेस स्वतन्त्रताका पक्षमा तयार गरेको प्रकाशनले त्यो जग दृढ पार्न बल पुऱ्याएको हो। सन् १६८९ मा ब्रिटिश संसदबाट पारित अधिकारसम्बन्धी कानून –बिल अफ राइट्स– ले त राजनीति–पत्रकारितालाई झन् हौसला प्रदान गऱ्यो।

विज्ञहरूका अनुसार 'सरकार भनेको जनताको जनताद्वारा र जनताका लागि हो' भन्ने अब्राहम लिंकनको प्रसिद्ध अभिव्यक्ति र सन् १७७६ मा संयुक्त राज्य अमेरिका स्वतन्त्र हुँदा भएको घोषणामा उल्लेख भएका 'सबै मानिस जन्मैदेखि समान छन् र स्वतन्त्रता तथा सुख पाउने तिनका अधिकार खोस्न सकिन्न' भन्ने आशयले पनि निष्पक्ष राजनीति-पत्रकारिताको औचित्य औंल्याएको छ।

राजनीति-पत्रकारितालाई विविध वैचारिक परिवेशका आधारमा हेर्नेहरू आम सञ्चारका चर्चित विद्वान् –फ्रेड सिबर्ट, थियोडर पिटर्सन तथा विल्बर स्क्र्याम– ले व्याख्या गरेको प्रेसका चार सिद्धान्त 'फोर थियोरिज अफ प्रेस' मा (सिबर्ट, पिटर्सन र स्क्र्याम सन् १९५६) भर पर्छन्। अथोरिटेरियन थियोरी, लिबर्टेरियन थियोरी, सोसल रिसपोन्सिबिलिटी थियोरी र सोभियत कम्युनिस्ट थियोरी नामले चिनिने यी सिद्धान्तले आम सञ्चारमाध्यम सञ्चालनमा सर्वोपरि, नियामक वा निर्णायक क्रमशः शक्तिको अधिकार प्राप्त सरकार, प्रेस स्वयं, कम्युनिस्ट पार्टी र सामाजिक दायित्वलाई मानेका छन्। तिनैका आधारमा विभिन्न समयमा राजनीति-पत्रकारिता चल्दै आएको पनि देखिन्छ।

कोही डेमोक्र्याटिक पार्टिसिपेन्ट मिडिया थियोरीमा आस्था राख्छन्। यो सिद्धान्तको केन्द्रमा सूचना प्रयोग गर्नेहरू वा अडियन्स –पाठक, श्रोता, द्रष्टा तथा अनलाइन नियाल्नेहरू– रहन्छन्, आम सञ्चारमाध्यम वास्तवमा तिनका लागि हो भन्ने यसको मान्यता हो। विद्वान् डेनिस मक्वेलले उल्लेख गरे झैं उक्त सिद्धान्तले समाजमा आम सञ्चार सूचना प्रयोग गर्नेहरूको आवश्यकता, रुचि, आकांक्षा महत्त्वपूर्ण हुन्छ र राजनीति पत्रकारिताले तिनैलाई सम्बोधन गर्न आवश्यक पर्छ (मक्वेल सन् २०१०)। सान्दर्भिक सूचनाको अधिकार, जवाफ दिन पाउने अधिकार, समाजमा हुने बहसमा सहभागी हुन आवश्यक पर्ने सञ्चार र

उपकरणसम्बन्धी पहुँचको अधिकार संरक्षित हुनुपर्छ। साथै आम सञ्चार सामग्रीलाई कुनै सरकारी नियन्त्रणमा राखिनु हुन्न भन्ने मान्यता पनि उक्त सिद्धान्तले स्पष्ट पारेको छ।

वर्तमान परिवेशमा राजनीति–पत्रकारितासरहको अभ्यास सामाजिक सञ्जालबाट पनि भइरहेको छ। यसको पनि आम सञ्चारमाध्यमले उपयुक्त मात्रामा जानकारी राख्नुपर्छ। यसमा राजनीतिमा संलग्न हुने नेता तथा कार्यकर्ता प्रत्यक्ष रूपमा नागरिकसँग संवाद वा सूचना प्रवाहमा रहेको पाइन्छ। त्यसमा माध्यमको आवश्यकता पर्दैन।

यसका कारण राजनीति–सूचना प्रवाहमा दुई धार निस्किरहेका छन्– एक, माध्यमीय र अर्को, सञ्जालीय। पहिलो- पत्रकारिताका सिद्धान्तमा आधारित र प्रोसेस्ड वा सम्पादित तथा दोस्रो- व्यक्तिको अभिव्यक्ति स्वतन्त्रतामा आधारित र व्यक्तिविशेषको इच्छा, रुचि, सुविधा, विवेक वा सौखमा निर्भर। सर्वसाधारण यी दुईबीचका सूचना प्रवाहमध्ये कुनलाई पत्याउनु कुनलाई नपत्याउनु भन्ने दोधारमा रहने स्थिति छ।

विज्ञका अनुसार सञ्जालका कारण केही जोखिम पनि छन्। कोस्टिका डम्ब्राभाले औंल्याएका जोखिम यस्ता छन् :

> प्रत्येक प्रयोगकर्ता निरन्तर निगरानीमा पर्ने, तिनको निजी वा व्यक्तिगत विवरण सधैं सबैको पहुँचमा रहने, सूचनाको सत्यता परीक्षण बाध्यकारी नहुँदा मिथ्या, भ्रमपूर्ण तथा प्रोपगन्डा सूचना प्रवाह हुने बढी सम्भावना हुने, समाचार र विचारमा फरक पाउन अप्ठेरो हुने अवस्था आउने र प्रयोगकर्ताका स्वनिर्णय लिने शक्तिमा क्षयीकरण हुने खतरा। (डम्ब्राभा सन् २०२१)

राजनीति–पत्रकारले सञ्जालका बहुपक्षीय, सकारात्मक र नकारात्मक असरबारे राम्ररी बुझिराख्न आवश्यक छ। साथै कृत्रिम बुद्धि (आर्टीफिसियल इन्टेलिजेन्स) को बढ्दो प्रयोगले राजनीति–सूचना प्रवाहमा पर्ने प्रभावको पनि निरन्तर अवलोकन गरिराख्नुपर्छ।

## परिचय

राजनीति-पत्रकारिता त्यो विधा हो, जसले सर्वसाधारण नागरिकलाई राजनीति बुझाउँछ, राजनीतिक दल र प्रक्रियालाई चिनाउँछ, सिद्धान्त, नेता, कार्यकर्ता, समर्थक र तिनका गतिविधि, योजना, नीति, कार्यक्रमबारे जानकारी दिन्छ।

यसकै आधारमा नागरिकलाई समाजमा विशेषगरी शासन प्रक्रिया बुझ्न र त्यसमा सहभागी बन्न सहज हुन्छ, नागरिकले आफ्नो भूमिका निर्वाह गर्ने शैलीबारे सचेत निर्णय लिन र आवश्यक पर्दा स्वतन्त्र अडान लिन, मतदान गर्न ऊर्जा मिल्छ। यिनै तर्कका

आधारमा जान्नेहरू भन्छन्- राजनीति-पत्रकारिता त्यस्तो सञ्चार साधन हो, जसका कारण नागरिक आफूमा रहेको सार्वभौमिक अधिकार सही अर्थमा प्रयोग गर्न समर्थ बन्छन् । यही पत्रकारिताका कारण सत्ता–दरबारका गोप्य वार्ता र दलहरूका पेचिला दाउपेच सार्वजनिक चोक र चौरका विचारमन्थनमा पुग्छन् ।

परिभाषा गर्नेहरूले आशय स्पष्ट उल्लेख गरेको देखिन्छ- पत्रकारिताका अनेक विधामध्ये बढी पवित्र नै राजनीति-पत्रकारिता हो (कुह्न र नेभ्यु सन् २००२) । यो राजनीति र प्रजातन्त्रसँग मात्र गाँसिएको छैन, यो त नेता, कार्यकर्ता, दलजस्ता संगठन र नागरिकी संस्थाबीच मूल मध्यस्थकर्तासरह छ (डालेन सन् २०१६) । सूचना प्रवाहबाट मान्छेको आस्था, मत र व्यवहार नै परिवर्तन गरिदिने विधाको नाम राजनीति-पत्रकारिता हो (मक्कम्ब्स् सन् २०१४) ।

राजनीति–समाचार माध्यम स्वयंमा एक संस्था हो (कुक सन् १९९८) । जनतालाई स्वतन्त्रतासहित स्वशासित हुनका लागि सुसूचित गर्ने, शक्तिमा भएकालाई उत्तरदायी बनाउन वाचडगको कार्य गर्ने र सार्वजनिक क्षेत्रमा खुला राजनीतिक बहसलाई सहजीकरण गर्ने तीन प्रमुख भूमिकामा यो संस्था परिचालित हुँदै आएको छ (कोभाक र रोजेन्स्टिल सन् २०१४) । विज्ञहरूले विविध कालखण्डमा आम सञ्चारमाध्यम विशेषगरी समाचार माध्यमबारे दिएको अभिव्यक्ति हेर्दा स्पष्ट हुन्छ- राजनीतिलाई सार्वजनिक बनाउने आधार नै सञ्चारमा अर्थात् राजनीति–पत्रकारितामा रहेको हुन्छ ।

लिपम्यानले माध्यमीय अनुभूतिका सन्दर्भ 'पब्लिक ओपिनियन' (सुड्जन सन् २००२ मा लिपम्यान सन् १९२२) मा गर्नु, केटरले (सन् १९५९) समाचार माध्यमलाई 'राजनीतिक संस्था' भनेर व्याख्या गर्नु र कुक (सन् १९९८) ले समाचार संस्थालाई 'राजनीतिक आक्टर' भनेर सम्बोधन गर्नुमा यस्तै संकेत छन् । ब्लुमलर र काभानाघले (सन् १९९९) 'राजनीति-पत्रकारिता राजनीति प्रचार-प्रसारको व्यावसायिक स्वरूप' भएको उल्लेख गर्नुले पनि त्यही कुरा औंल्याउँछ । म्याजोलिनीका अभिव्यक्ति (म्याजोलिनी सन् १९९५ : ३०८) मा राजनीतिका हर कुरा माध्यममा हुने प्रवृत्तिलाई कोपर्निकन क्रान्ति भनेर सम्बोधन गरिएको पाइन्छ । राजनीतिको माध्यमीकरण भएपछि केही सकारात्मक पक्षसहित नकारात्मक आयाम पनि जोडिन पुग्यो, जसमा राजनीतिमा भ्रष्टता, नागरिकी प्रतिबद्धतामा क्षयीकरण र राजनीतिक बहसमा प्रदूषण देखिएका सन्दर्भ उल्लिखित छन् (सुड्जन सन् २००२) ।

राजनीति-पत्रकारिता राजनीति र शासन पद्धतिका अनेक पक्षमा प्रकाश पार्ने विधा हो । यसमा क्रमबद्ध रूपमा सूचना संकलन गरी उपयुक्त रूपमा आम सञ्चारमाध्यममार्फत जनसमक्ष राख्ने काम हुन्छ । यसरी प्राप्त हुने सामग्रीबाट नागरिकलाई उपयुक्त निर्णय

लिन, सहभागी बन्न, मत विकास गर्न र आवश्यक पर्दा मतदान गर्न स्वतन्त्र सोचको शक्ति प्राप्त हुन्छ।

नेपालका केही अनुभवी पत्रकारहरूले २०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना हुँदा भनेका थिए- नेपालका पत्रपत्रिकाले राजनीतिक दल निषेधमा परेको ३० वर्षमा पनि राजनीति-पत्रकारितालाई आफ्नै ढंगमा जीवित राखेकाले प्रथम जनआन्दोलनमा बृहत् जनसहभागिता सम्भव भएको हो।

## अरू पत्रकारिताभन्दा के फरक ?

राजनीति-पत्रकारिता अन्य पत्रकारिताभन्दा के हिसाबले फरक छ भन्नेमा संक्षेपमा चर्चा गर्न उपयुक्त हुन्छ। यस सन्दर्भमा नेपाली राजनीति–पत्रकारिताको एक शब्दचित्र[१] हेरौं।

सामान्य अवलोकनमा नेपाली राजनीति-पत्रकारिता नेता–केन्द्रित, भाषणमय भएको, सत्ताको आड खोज्ने अनि त्यसका लागि दलगत सञ्चारमा रमाउने अवस्थामा देखिन्छ। राजनीतिलाई निर्धक्क भएर समाजले चाहेजस्तो रूपमा कभर गर्ने तथा प्रस्तुत गर्ने स्थिति प्रजातन्त्र पुनर्स्थापनाको ३३ वर्षमा पनि तयार हुन नसकेको अनुभव हुन्छ। आजका पत्रकारले यसलाई महसुस गरी केही ठोस प्रयास गरेमा सकारात्मक परिवर्तनको आशा लिने ठाउँ छ। यो एक प्रयोगकर्ताको धारणा हो।

राजनीति-पत्रकारिता निष्पक्ष सञ्चारको अनिवार्यताबारे सचेत छ। यसैले समय-समयमा यसले विविध दल, नेता, तिनका सहमति-असहमति, प्रगतिशीलता, गतिहीनता, अडान, अडानशून्यता, नीति, कुनीति, दिशा स्पष्टता, दिशाहीनता, द्वन्द्व, संघर्ष विषयमा समाचार दिँदा सन्तुलन कायम गर्न खोजेको पाइन्छ तर त्यसलाई निरन्तर व्यवहारमा उतार्न यसका सामु विविध आर्थिक, राजनीतिक, स्वामित्वसम्बन्धी चुनौती छन्।

राजनीति रिपोर्ट गर्ने पत्रकार र सञ्चार गृहहरू नै कुनै न कुनै रूपमा खास राजनीतिक दल वा नेतासँग सम्बद्ध हुने वा हुनुपर्ने वा भइरहेको अवस्थाले पनि दल वा नेताविशेषको प्रवर्द्धनात्मक झुकावलाई बल दिएको छ। सो लगाबको समानान्तरमा प्रतिपक्षका दल तथा नेतालाई राजनीतिक तेजोबध वा विविध किसिमको असहयोगात्मक वा नकारात्मक वा छिद्रान्वेषी सञ्चार प्रवाह गर्ने प्रचलन स्थापित जस्तै देखिन्छ। त्यसमा सहअस्तित्त्व, स्वस्थ प्रतिस्पर्धा, सराहना, पारस्परिक सम्मान, बहुता, असहमतिप्रतिको सहिष्णुता, विविधताको सम्मान गर्ने संस्कार पाइन्न। त्यसो हुनुहुन्न र त्यसले देशमा दलको आन्तरिक र बाह्य

१. शब्दचित्र पत्रकारिताका विज्ञ, अभ्यासी, पर्यवेक्षक र प्रयोगकर्ता गरी १०० जनासँग विसं २०८० वैशाख-जेठमा भएका बेग्लाबेग्लै अनौपचारिक कुराकानीका आधारमा प्रस्तुत गरिएको हो।

सांगठनिक विकास विस्तार क्रमलाई दिगो बनाउन आवश्यक पर्ने खुला बहसलाई प्रदूषित गर्छ भन्नेहरू किनारामा धकेलिएका छन् । परिणामतः दललाई सत्ता प्राप्तिपछि के गर्ने, शासन प्रक्रियामा रहेको दलले शासन सञ्चालनलाई प्रभावकारी कसरी पार्ने, सरकार र दल-व्यवस्थापन सीमारेखा कुन ठाउँमा खिच्ने भन्ने विषयमा सधैं अलमल भइरहेको देखिन्छ। सत्तामा पुगेपछि कार्य-कुशलता देखाउनै नसक्ने स्थिति लामो समयदेखि कायम छ।

साथै समयअनुरूपको दिशा लिन, नयाँ पुस्ताको चाहना सम्बोधन गर्न, सक्षम नेतृत्व हुर्काउन, दलभित्र आन्तरिक प्रजातन्त्र दृढ पार्न, समाजसामु रहेका जल्दाबल्दा समस्या समाधान खोज्न र आफ्नो समर्थन-धरातल व्यापक पार्न निकै अप्ठेरो भइरहेको दिनदिनै छर्लंग भइरहेको छ। वि.सं २०८० अघिको चुनावले यस्तै संकेत दिएको भुल्न सकिन्न। विज्ञका भाषामा दलहरूले झीनामसिना स्वार्थमा लुट्पुटिएर खुला राजनीति–पत्रकारिताबाट लाभान्वित हुने अवसर त्यसै गुमाइरहेका छन् ।

तिनका विचारमा राजनीतिक प्रतिस्पर्धा के हो, वैचारिक संघर्ष कस्तो हो, बहुदलीय व्यवस्थामा अल्पमत र बहुमतलाई कसरी उपयुक्त सम्मान गर्ने हो, अन्तर्दलीय समझदारी, सहकार्य कस्ता हुन्, संसदीय छलफल कसरी प्रतिनिधिमूलक र उपयोगी बन्न सक्छ, दलहरूबीचको पारस्परिकता वा दूरता वा मित्रता वा शत्रुता कहाँ सुरु हुन्छ, कहाँ टुंगिन्छ, दललाई तथा नेतालाई कसरी उत्तरदायी बनाउने, साना र ठूला दलप्रति कस्तो व्यवहार हुनुपर्ने हो जस्ता विषयमा स्वतन्त्र भएर, निर्भय रहेर राजनीति-पत्रकारिता हुन नसकेकाले राजनीतिप्रति जननिष्ठा कम हुने स्थिति आएको हो। एक विज्ञ भन्छन्, ‘कठोर राजनीतिक संघर्ष, त्याग, तपस्या, बलिदान र योगदानका पर्यायसरहका नेपालका दल र नेताप्रतिको जनविश्वास घटेको दृश्य वर्तमान र भविष्यका लागि पनि बिझाइरहने खालको छ।’

नेपाली राजनीति–पत्रकारिताको संक्षेप चित्रकस्तो देखिन्छ ? त्यसलाई को (पात्र), के (विषयवस्तु), कहाँ (स्थान), कहिले (समय), किन (कारण) र कसरी (प्रक्रिया) अर्थात् चर्चित फाइभ डब्लुज् र एच भनेर चिनिने शब्दका आधारमा संरचना गर्दा रमाइलो दृश्य फेला पर्छ।

सत्तामा रहेका नेता, दल, तीनिकटका सहयोगीवरपर राजनीति-पत्रकारिताले परिक्रमा गरिरहेको पाइन्छ । ‘त्यो शक्तिशाली पात्र र सहयोगीमा केन्द्रित रहन्छ’ भन्ने ठहर एक अभ्यासीको हो। राजनीति-पत्रकारिताले के पस्कन्छ त भनी प्रश्न गर्दा एक विज्ञको उत्तर थियो, ‘उपरोक्त सत्तासीन र तिनकै भक्त वा सहयोगीका गतिविधि र बोली, भावभंगिमा, व्यवहार र तस्वीर । तिनका साना-मसिनादेखि ठूला काम, भोज, भेट, सन्देश, कथन, आरोप, प्रत्यारोप, वक्तव्य, प्रतिवक्तव्य प्रेसको रिपोर्टिङका विषयवस्तु बनिदिन्छन् ।’

शक्तिसम्पन्न र आसपासका मान्छेहरूले टेकेको ठाउँ, पुगेको क्षेत्र, लगाएको पहिरन, पहिराइएको माला समय-समयमा समाचारीय भइहाल्छन्, केन्द्रीय, प्रादेशिक राजधानी र पालिकास्तरीय चर्चित भेग प्रायः आकर्षणमा परिरहन्छन्, अन्य ओझेलमा हराउँछन् । एक पर्यवेक्षकका अनुसार समाचारको महत्त्वले होइन कि राज्यका वा दलका पदको प्रोटोकल वा मर्यादाक्रमले पत्रकारितालाई निर्देशन दिइरहेको पाइन्छ । 'शक्तिशाली परिचालित भएका बेला नै राजनीतिक पत्रकारिता झांगिने समय हो, फक्रने मौसम हो भन्दा कसरी अतिशयोक्ति होला र !', एक विज्ञको मत थियो ।

अर्का एक प्रयोगकर्ताको शब्द यस्तो छ– राजनीतिक पत्रकारितामा किनको उत्तर खोज्न भने गाह्रो हुन्छ किनकि त्यसमा जनताका नाम र सेवाको बहाना, इतिहासका आडम्बर, प्रतिपक्षका खोट, ठूला कुराका कल्पना, नाराका प्रवाह, आश्वासनका सूची, प्रतिज्ञाका लहर थुप्रै हुन्छन्, अनेकपटक दोहोरिएका हुन्छन् । कार्यान्वयनबारे भने मौनता निरन्तर नै हुन्छ । त्यसमा नजाँनिदो रूपमा नेताविशेष वा दलविशेषको स्वार्थ वा कारोबारको लाभ भने कुनै न कुनै रूपमा प्राथमिकतामा परेको हुन्छ ।

शक्तिसम्पन्नका चाल, बोली, व्यवहार, क्रिया, प्रतिक्रिया र गतिविधि नै राजनीतिक पत्रकारिताको प्रक्रिया शुरू हुने आधार बन्न गएको छ । "प्रमुख नेताले दिएको संकेतलाई सहयोगीले टिप्दै विस्तार गर्ने प्रवृत्ति छ । यो क्रम वास्तवमा २०८० मा संसद्मा प्रतिनिधित्व गर्ने सबै दलमा देखिन्छ । जुलुस, समारोह, सार्वजनिक भेलामा त यो पोखिन्छ नै, तर नीतिनिर्णय तथा परिचालनमा जनसहभागितालाई कसरी प्रेरित र प्रवर्द्धन गर्ने भन्ने सन्दर्भ प्रक्रियामा कतै देखिन्न, उपेक्षित भइरहन्छ", एक विज्ञको विचार हो ।

निर्वाचनको सम्पूर्ण प्रक्रियामा राजनीति-पत्रकारिता निकै सचेत, सक्रिय र अग्रसर भएको इतिहास छ । तर, चुनावी बेलामा पनि माथि उल्लेख गरिए झैं त्यसले दल, नेता, उम्मेदवार, तिनका अडान, भनाइ, सिद्धान्त, कार्यक्रम आदिलाई निर्भय, स्वतन्त्र तथा झुकावरहित रूपमा केलाएर सामग्री पस्कन सकेको पाइन्न ।

संघीयता अभ्यासका पहिलो पाँच वर्ष र पछि राजनीति–पत्रकारितामा संघीय, सात प्रादेशिक र ७५३ स्थानीय वा गाउँ/नगर पालिकाउन्मुख धुन र शैली आउनुपर्थ्यो, तर त्यस दिशातिर पाइला चलेको पाइन्न । तीन तहका सरकार, तिनका तीन बेग्लाबेग्लै कार्य, क्षेत्र र अधिकार, तीबीचका विविध संयुक्त दायित्व परिवेशलाई आधार गरेर राजनीति–पत्रकारिताले सामग्री उत्पादन गर्नुपर्ने हो, तर त्यसो गर्ने अवस्था सिर्जना गर्नेतिर माध्यम लागेको पाइन्न । 'सबै नै संघीयताअघिको ढाँचा विस्तार गरे भइहाल्छ भन्ने मानसिकतामा भएजस्तो देखिन्छ', एक प्रयोगकर्ताको विचार हो ।

## मिडिया मौन रहे के होला ?

राजनीतिका बारेमा आम सञ्चारका माध्यम मौन रहे के होला भन्ने प्रश्नको जवाफ खोज्दा राजनीति-पत्रकारिताबारे जानकारी लिँदै चर्चा गर्न अनिवार्य छ । माध्यमले राजनीति परिसरलाई रिपोर्टिङ नगर्नासाथ समाजमा अन्धकार हुन्छ, अपारदर्शिता बढ्छ र राजनीतिमा अज्ञानता वा निरक्षरताको बोलवाला चल्छ । फलतः शासन प्रक्रियामा को-को छन्, के गर्दैछन्, साधन स्रोत कसरी प्रयोग हुँदै छ, सर्वसाधारणको प्रतिनिधित्व र सहभागिताको स्थिति कस्तो छ भन्ने जस्ता कुरा जान्ने विश्वसनीय आधार हुँदैन ।

यसले शक्तिमा रहेकाको, नीतिनिर्माता, निर्णयकर्ताको एकाधिकार, मनोमानी र छाडापन बढ्न जान्छ । फलतः थोरैबाट धेरैको शोषण हुने सहज स्थिति बन्छ । राजनीतिक दल, नेता, तिनका सिद्धान्त, कार्यक्रम, परिचालन आदिबारे जानकारी लिन सहज हुँदैन । राजनीतिक सूचनाको अभावमा समाजका विविध विषयवस्तुलाई सार्वजनिक रूपमा बहस गर्ने मञ्च हराउँछ । यसैसँग धेरैका लागि अनेक अवसर गुम्ने स्थिति पैदा हुन्छ । समाजका समस्या समाधान गर्न आवश्यक पर्ने रणनीति उपयुक्त रूपमा बनाउन अप्ठेरो पर्छ । सर्वसाधारण, अल्पसंख्यक, पिछडिएकाहरू पीडामा पर्ने, वञ्चित रहने र अपहेलित हुने क्रम बढ्छ ।

सूचना प्रवाहको कमीका कारण अन्तर्दलीय संवाद र सहयोग, बहुदलीय सहकार्य, सहमतिका लागि वार्ता गर्न पनि सम्भव हुन्न । अन्तर्राष्ट्रिय संस्थाले केही सहयोग गर्न चाहेमा पनि त्यसका लागि उपयुक्त आधार हुँदैन, न त सहकार्य गर्ने वातावरण नै हुन्छ । बाह्य विश्वमा समस्या समाधानका लागि भएका प्रयासबाट देशलाई लाभान्वित बनाउने दिशामा खास केही गर्न सकिन्न । राजनीतिलाई स्वार्थसिद्धिका लागि एक औजारका रूपमा प्रयोग गर्ने प्रवृत्ति विस्तार हुन जान्छ । त्यो झाँगिएर अपराधीकरणको विन्दुमा पुग्दा पनि त्यसमा संलग्नलाई दण्डित गर्न नसकिने अवस्था आउन सक्छ ।

आम सञ्चारमाध्यम नरहेमा वा मौन रहेमा प्रजातान्त्रिक मूल्यमान्यतालाई खास अर्थ दिने निर्वाचनका सम्पूर्ण प्रक्रियाबारे तथा जनप्रतिनिधित्व हुने संसद्का बहस, विधि निर्माण प्रक्रिया निर्णयबारे उचित जानकारी लिन सम्भव हुँदैन । यस्तो स्थितिमा सर्वसाधारणले मत निर्माण गर्न, चुन्ने वा नचुन्ने प्रक्रियामा सहभागी हुन आवश्यक पर्ने सूचना लिन अप्ठेरो पर्छ जसले गर्दा शक्तिमा रहनेलाई राखिरहने वा फेर्ने भन्ने विषय सर्वसाधारणको नियन्त्रणमा रहँदैन ।

त्यसैगरी जनप्रतिनिधि र सर्वसाधारणबीचको संवाद, सम्बन्ध र आवधिक सम्पर्कलाई अर्थपूर्ण बनाउन आवश्यक हुने सूचना प्रवाहमा वाधा पर्छ । यसले गर्दा संसदीय अभ्यासबाट

सरकारलाई उत्तरदायी बनाउने प्रक्रियामा पनि वाधा पर्न जान्छ। जनप्रतिनिधित्वबाट विधि निर्माणमा हुनुपर्ने योगदानमा पनि नकारात्मक असर पर्छ।

## उद्देश्य

राजनीति–रिपोर्टिङको मूल उद्देश्य हो- सर्वसाधारण नागरिकलाई शासन प्रक्रिया, शासक, राजनीतिक दल, नेता, कार्यकर्ता, संसद्, चुनाव, मतदान, बहुता, विविधता, प्रतिनिधित्व, सामाजिक न्याय, समानता र जनसहभागिताका हर पक्षबारे निरन्तर सूचित, अवगत गराई तिनलाई शासन संरचनामा आफ्नो सचेत भूमिका निर्वाह गर्न सबल गराउनु।

उद्देश्यलाई विस्तृत रूपमा यसरी केलाउन मिल्छ :

- राजनीतिक क्षेत्र र समाज तथा त्यहाँका सबै विशेषगरी सर्वसाधारणबीच विश्वसनीय सूचना–पुल बन्नु,
- राजनीतिक दललाई सूचना प्रवाहद्वारा समाजको समग्रताको प्रतिनिधित्व गर्न सचेत गराउनु, राजनीतिक प्रक्रियामा सर्वसाधारणको सहभागितामा सहजीकरण गर्नु, शक्तिको स्थिरता, निरन्तरता तथा हस्तान्तरण प्रक्रियामा सहयोग पुऱ्याउनु,
- राष्ट्रिय जीवनका अनेक आयाम र राजनीतिक नेता तथा कार्यकर्तामाझ चिन्तन, बहसको आधार बन्नु, समाधानको खोजीमा सहजीकरण गर्नु,
- प्रजातन्त्रका लागि अनिवार्य पोषण वा खुराकसरह सेवा पुऱ्याउनु,
- प्रजातन्त्रका लागि आधार स्तम्भ चुनाव र यसका प्रक्रियाबारे बुझाउने र त्यसमा सहभागी भएर नागरिकमा भएको सार्वभौम अधिकारलाई प्रयोग गर्न उत्साहित पार्नु,
- राजनीतिक सूचना वा समाचारका पाठक, श्रोता, द्रष्टा वा प्रयोगकर्तालाई समाजमा सहभागी हुन, समाजका हर प्रसंगमा, चासो लिन, रुचि बढाउन, प्रतिक्रिया व्यक्त गर्न, प्रतिनिधि छान्न निरन्तर प्रेरित गर्नु (वास्तवमा सूचनाबाट नागरिकको सशक्तीकरण भनेको त्यही नै हो)।

## राजनीति–पत्रकारको योग्यता

सरल भाषामा सार्वजनिक सरोकारका हर पक्षमा चासो लिई त्यससम्बद्ध सन्दर्भलाई जनमानसमा फैलाइरहन सक्ने क्षमतालाई राजनीति-पत्रकारको योग्यता भन्दा हुन्छ। राजनीति, सर्वसाधारणको हित, बहस, सामूहिकता, संगठन, परिचालन, नेतृत्व आदि विषय,

प्रश्न वा घटनासम्बन्धी सूचना प्रवाहमा रुचि राजनीति–पत्रकारिताका लागि आवश्यक शर्त हुन् ।

समूहमा रमाउने, मिल्ने, सहयोगी बन्ने, नागरिकी अन्तरक्रियामा सहभागी बन्न सक्ने व्यक्तित्वले त्यसमा ऊर्जा थप्छ । आधारभूत शिक्षा अनिवार्य छ, विश्वविद्यालयको डिप्लोमा, डिग्री भए राम्रो । सूचना प्रविधिको बहुपक्षीय प्रयोग गर्ने सीप जरुरी हुन्छ । लेख्ने, बोल्ने अभ्यास, पोस्टिङ, प्रस्तुति गर्ने कला नभइ हुँदैन ।

विज्ञका विचारमा निम्न सबै राजनीति-पत्रकारमा हुनु राम्रो होः उत्सुकता, धैर्य, विस्तृत विवरणप्रेमी, विविधता, बहुतामा अभिरुचि, विविध तह, क्षेत्र, भाषा, आर्थिक स्तर, सांस्कृतिक जनसमुदायसँगको अन्तरक्रियामा रमाउने बानी, सार्वजनिक चासोका विषयमा तल्लीन हुने प्रवृत्ति, प्रशंसा वा आलोचनालाई सहन सक्ने क्षमता, र आफ्नो विश्वासविपरीतका अवधारणालाई सम्मानपूर्वक व्यवहार गर्न सक्ने खुलापन र कुशलता ।

## राजनीति–रिपोर्टिङ : आवश्यक सीप

केही जानिफकारहरूले राजनीति-रिपोर्टिङमा केही सीपलाई अनिवार्य भनी उल्लेख गरेको पाइन्छ । तिनमा मुख्य छन्– राजनीतिक प्रक्रिया बुझ्ने र व्याख्या गर्ने क्षमता, शासन प्रक्रियाको पेचिलो संरचना बुझ्ने खुबी, बहुसञ्चार सीप, अनुसन्धान क्षमता, सामाजिक सञ्जाल सम्पर्क, राजनीतिक ज्ञान, सञ्चार सक्षमता, प्रस्तुति सिर्जनात्मकता तथा क्षमता, समय व्यवस्थापन, सहकार्य गर्ने भाव र उत्साह, शासन प्रणाली तथा प्रक्रियाको बोध, सम्झाउने बुझाउने क्षमता, स्वयं प्रेरणा, विश्लेषण सोच र शक्ति, भिडियो सम्पादन सशक्तता, कम्प्युटर सञ्चालन र प्रयोग, निरन्तर सिकाइको चाहना, विस्तृत विवरणउन्मुखता, जनसम्पर्क र सूचनाका स्रोत बढाउने जाँगर आदि ।

कथा भन्ने, समाचार सञ्चार गर्ने र व्याख्यान विश्लेषण प्रस्तुति कलाका विविध शैली र ढाँचा राजनीति पत्रकारमा हुन जरुरी छ ।

राजनीति–पत्रकारितामा भाषा, शब्दको प्रयोग, तिनका सही उद्धरणको धेरै महत्त्व हुन्छ । यसैले पत्रकारले शब्द भण्डारलाई व्यापक पार्नुपर्छ, स्थलगत रिपोर्टिङ गर्दा पनि यसमा विवेक पुऱ्याउनुपर्छ, यस सम्बन्धमा रिपोर्टर र सम्पादकबीच पनि सरसल्लाह समय-समयमा भइरहनुपर्छ । शब्दका मर्म, वजन, अर्थ, खास स्थान, समय, सन्दर्भमा भएका प्रयोगले थपेको आशय आदिमा पत्रकारले ध्यान दिनुपर्छ, त्यो प्रयोग भएको परिवेशलाई बिर्सन मिल्दैन । विज्ञका विचारमा यी शब्दको प्रयोग होशियारीका साथ हुनुपर्छ ः

केन्द्रमुखी संघीयता, प्रदेश पालिकामुखी संघीयता, सेवामुखी राजनीति, कारोबारमुखी राजनीति, राजनीतिमा निष्ठा, निष्ठामा राजनीति, सहअस्तित्त्वको राजनीति, समावेशी राजनीति, निषेधको राजनीति, दक्षिणपन्थी, वामपन्थी, मार्क्सवादी, माओवादी, नरमपन्थी, राष्ट्रवादी, अन्तर्राष्ट्रवादी, समाजवादी, साम्यवादी राजनीति ।

राजनीति–पत्रकारले यी र यस्ता शब्दको पनि तौल राम्ररी बुझ्नुपर्छ :

प्रतिनिधित्व, उत्तरदायित्व, नेतृत्व, समर्थन, सहमति, विमति, विरोध, सहकार्य, सम्झौता, गठबन्धन, निर्देशन, वकालत, सामाजिक न्याय, उत्पीडन, हिंसा, आतंक, ध्वंसात्मक, रचनात्मक, सकारात्मक, नकारात्मक, प्रगतिशीलता, बहुमत, अल्पमत, मत मौनता, दुईतिहाइ मत, सक्रियता, निष्क्रियता आदि ।

## समाचार कक्षमा राजनीति–पत्रकारिता

राजनीति-पत्रकारिता प्रायः सबै किसिमका आम सञ्चारमाध्यमको समाचार कक्षको एक प्रमुख पक्ष हो, काम हो र दायित्व पनि हो । यस आलेखमा उल्लिखित अनेक सन्दर्भले अभ्यासमा अनुवादित हुने अवसर त्यहीं पाउँछन् ।

वास्तविक अर्थमा राजनीति-पत्रकारिता समाचार कक्षमा वस्तुगत आकार र स्वरूप प्राप्त गरी यस्ता विविध प्रेस सामग्रीका रूपमा देखा पर्छ– समाचार, व्यक्तित्व चर्चा, अन्तर्वार्ता, भाषण, अन्तर्वार्ता, घटना विवरण, समस्या चिन्तन, विश्लेषण, खास विषय वा प्रश्नबारे छलफल, अन्तरक्रिया, फिचर, योजना चर्चा, नीति वा कार्यक्रम घोषणा, सवाल-जवाफ, प्रेस सम्मेलन, प्रवक्ता जानकारी, सम्पादकीय, चुनावी सन्दर्भ वा संसदीय वा शासकीय दैनिकी वा रणनीति वा मात्र राजनीति विषयमा एक प्रस्तुति वा स्तम्भ आदि ।

सामग्री लेखेर, बोलेर, क्यामेराले खिचेर वा पोस्ट गरेर वा ती सबैलाई एकै सामग्रीमा मिसाएर सर्वसाधारणसमक्ष पेश गरिन्छ । ती सबैमा सत्यता, वस्तुपरकता, सन्तुलन, निष्पक्षता, सान्दर्भिकता, सामयिकता, तर्कशीलता, न्यायोचितता, विविधता, उचित छनोट, विश्वसनीय स्रोत तथा आवश्यक पृष्ठभूमि सम्भव भएसम्म हुनुपर्छ नै । प्रस्तुतिमा प्रवाह, सरसताका साथै संक्षेपता, भाषागत शुद्धता, सरलता र सहजता पनि हुनुपर्छ ।

विरोधाभास, आरोप-प्रत्यारोप, भनाभन, द्वन्द्वात्मक भनाइ, अडान वा अलग-अलग दृष्टिकोण छ भने शिष्ट शैलीमा सबै पक्षलाई उचित स्थान र ध्यान दिन आवश्यक छ । सामाजिक सद्भाव बिथोल्ने, आतंक, हिंसा फैलाउने, खास समुदायलाई भड्काउने वा अपमानित गर्ने गरी सामग्री प्रस्तुत गर्न मिल्दैन ।

राजनीति-पत्रकारिता गर्नेले फोहर शब्द, अशिष्टता, अभद्रता, यौनिक अभिव्यक्ति, होच्याउने, घृणा फैलाउने, भय सिर्जना गर्ने, अन्धविश्वास बढाउने र स्थानगत स्वीकृति नमिल्ने भाकाका सीमालाई बुझी राख्नुपर्छ । रिपोर्टर र सम्पादकबीचको सहयोजना र कार्यबाट सामग्री तयार हुन्छ । सञ्चार गृहका स्वामित्व लिनेको, रिपोर्टिङको वा उत्पादनको, सम्पादनको र प्रस्तोताको जिम्मा लिनेहरूले यसको मर्म बुझेर राजनीतिक सामग्री सम्हाल्न आवश्यक छ ।

सामग्री उत्पादनमा नियमितता ल्याउन समाचार कक्षले राजनीति समाचारको क्यालेन्डर नै बनाउन उचित हुन्छ । खास समय र आवश्यकताको परिप्रेक्षमा त्यो तयार हुनुपर्छ । कार्यस्थलमा राजनीतिसँग सम्बद्ध घटना कार्यक्रम भए त्यसैअनुरूप र नभए क्यालेन्डरअनुरूप सामग्री तयार गर्दा कहिल्यै कमी हुँदैन । उदाहरणका लागि एक साता क्यालेन्डरमा यी विषयमा सामग्री खोजेर सान्दर्भिक रूपमा तयार पार्दा प्रभावकारी सूचना प्रवाह हुन सक्छ– दलहरूको जागरुकता वा अस्तव्यस्तता वा सुस्तता, नेताका भाषण दौड वा मौनता, कार्यक्रमको प्रचुरता वा शून्यता, अडानको अलमल वा स्पष्टता, अन्तर्दलीय संवाद वा प्रतिस्पर्धा वा नेताबीच वाक्‌द्वन्द्व र प्रतिबद्धता र कार्यान्वयनबीचको अन्तर । यो अभ्यासलाई दिगो बनाउन सके राजनीतिक सामग्रीको बैंक नै तयार हुन्छ, जुन डेस्कका लागि इच्छा भोजनसरह हुन्छ ।

## राजनीति रिपोर्टिङमा आफैंलाई प्रश्न

राजनीति रिपोर्टिङ गर्दा पत्रकारले केही प्रश्न आफैंलाई सोध्न सक्छन् । जस्तै- के सामग्रीले सुसूचित गर्छ ? के यो सामग्री अहिले नै दिन उचित छ ? सामग्रीमा मेरो खोजी के हो ? कतै सामग्री उत्पादनमा मैले अरूको नक्कल गरेको त छैन ? के सामग्रीले प्रजातान्त्रिक प्रक्रियामा सघाउँछ ? प्रयोग गर्नेले सामग्रीबाट के पाउने ?

निम्न बुँदामध्ये धेरैलाई सकेसम्म समेट्ने गरी सामग्री तयार गर्ने बानी बसाल्नु उचित हुन्छ ः

- जनचासो, मानवीय मर्म कहाँनिर छ, तिनमा जनसहभागिता कसरी प्रवर्द्धन गर्न सकिन्छ, त्यो पत्ता लगाएर सामग्री तयार गर्ने,
- पृष्ठभूमि र सन्दर्भ स्पष्ट पार्ने,
- सामग्री पढ्ने वा सुन्ने, हेर्ने वा प्रयोग गर्ने किन ? यस प्रश्नको उत्तर सामग्रीमा हुनुपर्ने,
- प्रभाव कस्तो पर्छ त्यसको संकेत उल्लेख गर्ने,

- हेडलाइनमा विवेक पुऱ्याउने,
- लिड वा प्रथम प्याराग्राफ आकर्षक र छरितो रूपमा तयार गर्ने,
- समाचारका आधारभूत बुँदा पाँच डब्लू र एचसम्बन्धी जानकारी समावेश गर्ने,
- पूर्ण, विवरणयुक्त, सही तथ्य तथा विश्वसनीय स्रोतमा आधारित हुनुपर्ने,
- उद्धरण, मानवीय कोण, प्रभावकारी अभिव्यक्ति, संवाद, प्रश्न जस्ता कथा भन्ने वा समाचार लेख्ने वा कथा सुनाउने विविध शैली प्रयोग गर्ने

माध्यमको स्वामित्व लिनेले राजनीतिक डेस्कलाई पत्रकारिताको मूल्य र मान्यताअनुरूप कार्य गर्न दिनुपर्छ । त्यसमा कुनै किसिमको जानिँदो वा नजानिँदो दबाब, प्रलोभन वा नियन्त्रण दिन वा गर्न मिल्दैन, सम्पादकीय सर्वोच्चताको सही सम्मान हुनुपर्छ ।

सम्पादन गर्नेले बुझ्नुपर्छ- राजनीतिक पत्रकारिताका मूल्य र मान्यता र तिनको प्रजातन्त्रसँगका सबै नालीबेली । सम्पादन डेस्क सार्वजनिक आँखामा कहिल्यै पर्दैन तर त्यहाँ हुने प्रक्रियाले राजनीतिक प्रश्न, गतिविधि, सन्देश, सूचना तथा सामग्रीमा ज्यान भरिदिन्छ । पत्रकारिताको व्यावसायिकता, सिर्जनात्मकता तथा उत्पादनशीलताको परीक्षण त्यहीँ हुने हो ।

वास्तवमा राजनीतिक सामग्रीलाई सूचनामूलक बनाउने कि शिक्षाप्रद तुल्याउने कि, आकर्षणीय रूपमा पेश गर्ने कि, मनोरञ्जनात्मक पार्ने कि वा नागरिकी सबलीकरणमय पार्ने भन्नेमा सम्पादक स्पष्ट हुनुपर्छ ।

## राजनीतिक रिपोर्टिङको संक्षेप नक्सांकन

राजनीतिक रिपोर्टिङको क्षेत्र बृहत् छ, केही पानामा उल्लेख गर्न सकिन्न । समाचार कक्षको व्यवहार सञ्चालन, व्यवस्थापन गर्न निम्न पाँच स्तम्भलाई आधार बनाएर अघि बढ्दा राम्रो हुन्छ । तिनले राजनीतिक क्षेत्रलाई संक्षेपमा पारदर्शी तुल्याउन सहजीकरण गर्छन् भन्ने धारणा प्रयोगकर्ता र विज्ञको हो ।

**राजनीतिक दल** : राजनीतिक दल, यसको आन्तरिक संरचना, आर्थिक स्थिति, सिद्धान्त, नेता, कार्यकर्ता, रणनीति तथा कार्यक्रमका हर पक्षमा परिचयात्मक र आवश्यक पर्दा विश्लेषणात्मक समाचार वा फिचर बनाउन आवश्यक पर्छ । खास दलसँगको प्रसंगमा यो पृष्ठभूमि उल्लेख गरी राख्नुपर्छ ।

सत्तारुढ, प्रतिपक्षी र अन्य दलका बैठक, अधिवेशन, महाअधिवेशन, केन्द्रीय र विविध

समितिमा हुने विचार-विमर्श, गतिविधि, प्रतिस्पर्धाका विषयलाई राजनीति-पत्रकारिताले सूचना प्रवाहमा ल्याई राख्नुपर्छ ।

नेताप्रधान दलमा दल नै नेता र नेता नै दलजस्तो देखिन्छ । त्यसमा अन्य पक्ष प्रेसले खोतल्न सके दलका अन्य विषयवस्तु पनि प्रकाशमा आउन सक्छन्, जसबाट दलभित्रको आन्तरिक प्रजातन्त्रलाई बल पुग्छ । नेपालमा दलहरू आर्थिक स्थितिमा त्यति पारदर्शी रूपमा अघि आउन रुचाउँदैनन् । यसमा पत्रकारले होशियारीपूर्वक कार्य गर्न आवश्यक छ ।

राजनीतिक दलले जनादेश वा अन्य आधारमा संसद्मा पाउने-नपाउने प्रतिनिधित्व र त्यसलाई प्रयोग गर्ने वा नगर्ने प्रवृत्तिलाई पनि राजनीति-पत्रकारिताअन्तर्गत हेर्नुपर्ने हुन्छ । यसका लागि संसदीय पत्रकारिता राजनीति-पत्रकारिताभित्रकै अर्को विशेष विधाका रूपमा विकास भएको छ ।

खास-खास राजनीतिक दलको खास-खास संसदीय दल, तिनका भूमिका, सांसदका व्यवहार, दृष्टिकोण आदिलाई पनि आम सञ्चारमाध्यममा स्थान दिन आवश्यक छ, जसबाट मतदातालाई आफ्ना प्रतिनिधिबारे जानकारी मिलिरहन्छ ।

प्रजातन्त्रमा वा नागरिकको सम्मान हुने स्थितिमा सरकार बन्ने विधिसम्मत आधार नै राजनीतिमा हुन्छ, त्यहीं नै दलीय प्रतिस्पर्धाका साथ चुनाव हुन्छ । नागरिकले जनादेश दिन्छन्, प्रतिनिधिमध्ये केहीले सरकार चलाउँछन्, अन्य संसद्मा कानून बनाउन र सरकारका कामकारबाहीलाई आलोचनात्मक अवलोकन गरी जवाफदेही बनाउन बस्छन् ।

**निर्वाचन** : निर्वाचन र यससँग सम्बद्ध प्रक्रिया, आयोग, प्रतिस्पर्धी, खर्च, नारा, प्रचार-प्रसार, मतदाता शिक्षा, मतपत्रको ढांचा, मतदान, मतगणना पनि राजनीति रिपोर्टिङको महत्त्वपूर्ण पक्ष हो । यिनलाई समाचार, विश्लेषण, फिचर, अन्तर्वार्ता वा बहसका अनेक विधाबाट जनसमक्ष स्पष्ट पार्न सकिन्छ ।

निर्वाचन आयोगका प्रदेश तथा पालिकास्तरमा रहेका संरचना र तिनका गतिविधिलाई पनि सूचना नक्सामा ल्याई राख्नुपर्छ ।

**सरकार** : सरकार देश हाँक्ने कार्यकारिणी आसनमा हुन्छ । उसका साथमा साधनस्रोत, शक्ति र सुरक्षाका हतियार आदि हुन्छन् । यसैले राजनीति–पत्रकारिताले सरकारलाई जनसमक्ष लैजाने र आम जनताका चासो सार्वजनिक पार्ने दिशामा भयरहित भएर, स्वतन्त्र र निष्पक्ष रहेर आवश्यक सूचना प्रवाह निरन्तर गर्नुपर्छ । प्रधानमन्त्री कार्यालय मन्त्रालय, विभाग र तीसँग सम्बद्ध समिति, आयोग आदिका सूचना प्रवाह निरन्तर हुने स्थिति

समाचार कक्षमा तयार पार्नुपर्छ । वास्तवमा तिनलाई जवाफदेही बनाउने नै राजनीति–पत्रकारिताले हो ।

**राज्यका महत्त्वपूर्ण अंग** : यिनमा निजामती सेवा, सुरक्षा अंग, कानूनी राज्य व्यवस्थित गर्ने प्रहरी, संवैधानिक अंगहरू, महालेखा परीक्षकको कार्यालय, निजी क्षेत्रका उद्योग व्यापार संस्था, अन्य आर्थिक एवं सांस्कृतिक संस्थाहरू पनि पर्छन् । सतहमा हेर्दा यिनको राजनीतिसँग कुनै लेनदेन छैन जस्तो देखिन्छ तर तिनको सञ्चालनमा कति साधन दिने, कस्ता कानून बनाउने, नियुक्ति प्रक्रिया कसरी निर्धारण गर्ने, तिनका काममा हस्तक्षेप गर्ने-नगर्ने, सहकार्य कसरी गर्ने आदि विषय सबै सरकार चलाउने राजनीतिक नेतृत्वका हातमा हुन्छ । राजनीति–पत्रकारले यसलाई ध्यानमा राखी खास सत्तारुढ दलको यी संस्थाप्रतिको रणनीतिक र व्यावहारिक नीति र व्यवहारको सूचना प्रवाह गर्नुपर्छ ।

**प्रसिद्ध व्यक्तित्व वा पोलिटिकल सेलिब्रिटी** : विषयलाई राजनीति पत्रकारले राम्ररी बुझिराख्नुपर्छ, यसभित्रको भावनात्मक सामीप्य, मनोविज्ञान तथा समर्पित हुने आशयजस्ता अन्तर्यबारे जानकारी लिनुपर्छ । त्यो खास समयमा कहाँ छ र कुन व्यक्तिमा छ भन्नेमा पनि स्पष्ट हुनुपर्छ । व्यक्तित्वप्रतिको श्रद्धा सीमाहीन छ, समयरेखामा त्यो बाँधिन्न तथा त्यससँगको सम्बन्धलाई अरू किसिमको सम्बन्धसँग दाँज्न सकिन्न भन्ने बुझिराख्न जरुरी छ ।

व्यक्तित्व औपचारिक पदसँग मात्र जोडिएका हुँदैनन् । जनप्रियता, प्रभावकारिता, मनोवैज्ञानिक झुकाव, विगतको इतिहास, सर्वसाधारणलाई परिचालित गर्ने क्षमता, भाषण गर्ने खुबी आदि गुणसहित महत्त्वपूर्ण योगदानका कारण बनेको व्यक्तित्वलाई राजनीति-पत्रकारिताले त्यसैअनुरूप कभर गर्नुपर्छ । सर्वसाधारण तिनका बारेमा बुझ्न बढी उत्सुक हुन्छन्, तिनका विषयमा जान्ने, रमाउने सन्दर्भको सीमा नै हुँदैन ।

खास जनलहर वा घटनाविशेषले जन्माएको व्यक्तित्व होस् वा आम सञ्चारमाध्यम वा सामाजिक सञ्जालका कारण विकसित व्यक्तित्व होस् यस्तोमा पनि पत्रकारले विशेष ध्यान दिनु उचित हुन्छ ।

राजनीति-पत्रकारिता गर्दा व्यक्तित्वको चरित्रहत्या हुने वा तीप्रति घृणाभाव फैलने वा भ्रम सिर्जना हुने सामग्री उत्पादन गर्न मिल्दैन । तर यसको अर्थ सार्वजनिक हितका लागि प्रमाणका आधारमा, तर्कका भरमा, सन्तुलित शैलीमा आलोचना, टिप्पणी वा अर्को पक्ष पेश गर्न नै हुँदैन भन्ने होइन । खास व्यक्तित्वलाई मानवको उचाइबाट उठाएर देवतुल्य वा खसालेर दानवतुल्य रूपमा प्रस्तुति गर्ने वा अन्धभक्ति वा प्रोपगन्डा शैलीबारे भने होशियार हुनुपर्छ ।

**नागरिक समाज** : प्रजातन्त्रलाई बलियो बनाउन महत्त्वपूर्ण संस्था हो- नागरिक समाज। अन्य संस्थाजस्तो यो संगठित हुँदैन, स्थापित हुँदैन। स्वयंसेवा भाव यसमा रहन्छ, आवश्यक पर्दा यो निस्कन्छ, बोल्छ, यसले दबाब हाल्छ, दिशानिर्देश दिन्छ, नागरिकको हित जगेर्नामा दृढता व्यक्त गर्छ र खतरा वा जोखिम देखिएमा होशियार हुन प्रेरणा दिन्छ।

अनुभवी, बुज्रुक र समाजका मित्रहरू यसमा हुन्छन्। दलबाट नागरिक समाज अलग हुनुपर्ने मान्यता हो। कहींकहीं व्यवहारमा भने दलहरूले नागरिक समाजलाई पनि आफ्नो पक्ष वा प्रभावमा पारेका हुन्छन्। राजनीति पत्रकारले यस विषयलाई राम्ररी बुझी विवेकपूर्वक नागरिक समाजलाई समाचार नक्सामा राखिराख्नुपर्छ।

## निर्वाचन प्रक्रियाको समाचार प्रवाह

चुनाव र त्यससँग जोडिएका हर सन्दर्भ, प्रश्न, व्यक्ति, संस्था, उम्मेदवार, मतदाता, मतदान, मत निर्माण, मत गणना, प्रचार-प्रसार, सभा खर्च, प्रक्रिया, गतिविधि, घोषणा, निर्देशन र निर्णयको समाचार संकलन, सम्पादन, प्रकाशन, प्रसारण, पोस्टिङ आदि पनि राजनीतिक रिपोर्टिङकै एक अंगका रूपमा लिने प्रचलन छ।

प्रजातन्त्रमा सर्वोपरि जनता हुने भएकाले तिनको निर्णयअनुसारको शासन चलाउन प्रतिनिधि आवश्यक पर्छ। प्रतिनिधि छान्न समय-समयमा चुनाव गर्नुपर्छ। सम्भावित प्रतिनिधिबारे सही जानकारी दिन उपयुक्त सूचना चाहिन्छ।

निर्वाचन रिपोर्टिङमा सत्यता, यथार्थ, निष्पक्षता र सन्तुलन आवश्यक पर्छ। प्रतिस्पर्धी दलहरू निर्वाचन क्रममा विजयका लागि उत्तेजित, आक्रामक तथा बढी स्वार्थकेन्द्रित हुने भएकाले पनि पत्रकारहरूले विशेष धैर्यसाथ चुनावी प्रक्रियाका समाचार संकलन गर्नुपर्ने हुन्छ। चुनावमा केवल उम्मेदवारको जित र हारको मात्र प्रश्न हुँदैन, त्यहाँ त प्रजातन्त्रप्रतिको निष्ठा, जनताको अधिकार, बालिग मतदाताको सार्वभौमिकता तथा प्रक्रियागत स्वतन्त्रता, सहजता, न्यायोचितता, स्पष्टताका सन्दर्भ रहेका हुन्छन्।

चुनावी सूचनामा आफ्नो आधिपत्य वा नियन्त्रण जमाउन दल लागेका हुन्छन्, सामाजिक सञ्जाल वा परिसरमा व्यक्ति-व्यक्तिका प्रचार-प्रसार आआफ्नै शैलीमा भइरहेका हुन्छन् भने रिपोर्टरले कतै पनि नबहकिई गलत सही छुट्याई उचित रूपमा आवश्यक सूचना जनसमक्ष पुर्‍याउन अनिवार्य छ। चुनावी बहसका हल्लाखल्लाबीच रिपोर्टरले उपयुक्त सन्देश छानी मतदातामाझ लैजान जरुरी हुन्छ, काम अति चुनौतीपूर्ण छ, होशियारी निरन्तर अपनाउनुपर्छ।

चुनावका बेला रिपोर्टिङ गर्नेलाई अनुभवी अभ्यासीको सल्लाह यस्तो छ- सम्पादकीय सर्वोच्चता कायम राख्दै चुनावी प्रक्रियाका हर पक्षमा निष्पक्ष प्रकाश पार्नु, तथ्यसत्य राम्ररी परीक्षण गर्नु, रिपोर्टिङको प्रवाह र लय निरन्तर पार्नु, घृणा, हेलाँ, होच्याउने, उडाउने प्रवृत्ति नलिनु, सुरक्षित रिपोर्टिङको वातावरण तयार गर्नु, सहकर्मीसँग पारस्परिक सहयोगको स्थिति बनाउनु ।

## जनसम्पर्क र सूचनाको स्रोत

जनसम्पर्क त्यस्तो आधार हो, जसबाट राजनीतिक फाँटमा के भइरहेको छ भन्ने पछिल्लो जानकारी वा संकेत प्राप्त गर्ने ढोका खुल्छ। त्यसमार्फत अनमोल समाचार चुहिने गर्छ, कहिले प्रत्यक्ष कहिले परोक्ष ढंगमा। यो नभएमा राजनीति-पत्रकारिता अँध्यारोमा अल्मलिन्छ।

व्यक्ति-व्यक्तिसँगको सञ्चो-बिसञ्चो चर्चा वा टेलिफोन वार्ता वा पब्लिक स्फेयर वा सार्वजनिक चोक वा चौतारीका चियापान, हाई-हेलो, यात्रा वा इन्टरनेट सामाजिक सञ्जालमार्फत यसलाई निरन्तर अद्यावधिक बनाउनुपर्ने हुन्छ । सम्पर्कलाई लेनदेनमा होइन कि पूर्णतः विश्वसनीय, व्यावसायिक मित्रवत वा पारस्परिक सद्भावना शैलीमा विकास गर्दा दिगो हुन्छ । आफ्ना लागि कुनलाई कहिले परिचालित गर्ने भन्ने कुरा राजनीति-पत्रकारले अनुभव र आवश्यकताका आधारमा आफैंले निर्धारण गर्नुपर्छ।

अनुभवीहरू बताउँछन्- जनसम्पर्क कला हो, यसलाई सीपले चम्काउन सक्छ, पहिल्याउने, फैलाउने र दिव्य रूपमा प्रयोग गर्ने विषयमा राजनीति-पत्रकार सचेत रहनुपर्छ । तिनको सुझाव छ- राजनीति-पत्रकारिता डेस्कवर्क मात्र नभएर फिल्डवर्क पनि भएकाले सर्वसाधारण वा विशिष्टहरू भेला हुने, स्वस्फूर्त शैलीमा निर्धक्क भएर कुराकानी गर्ने स्थानमा फन्को मार्दा राम्रो हुन्छ । भूतपूर्व नेता वा कार्यकर्ताका भेटघाट हुने थलो र अनौपचारिक वार्तास्थल पनि सूचना संकेतका लागि महत्त्वपूर्ण हुन्छन् ।

राजनीतिक परिसरका बन्द बैठक, बन्द सत्र वा बन्द गोष्ठी वा बन्द वार्ता वा बन्द भेटघाट आदि सबै नै समाचारीय हुन्, तिनमा प्रवेश सम्भव हुन्न, बल गर्न मिल्दैन। तिनका सूचना संकलनका लागि अनौपचारिक शैली, स्रोत र सहभागी सम्पर्क परिचालन नगरी हुँदैन ।

प्रवक्ताका अतिरिक्त अन्य कोही जानकारबाट पनि केही संकेत लिन कोसिस गर्नु जरुरी हुन्छ। छद्म भेषमा वा नाम बदलेर वा झुक्याएर त्यस्ता कार्यक्रमका सूचना लिने प्रयास गर्नु उचित होइन ।

राजनीतिक दल, तिनका भ्रातृ संस्था वा समिति वा अन्य अंगका वर्तमान, पुराना नेता, कार्यकर्ता, सदस्य, निर्वाचित, मनोनीत पदाधिकारी सबैलाई नै राजनीतिक सूचना वा समाचारका स्रोत

मान्न मिल्छ। त्यस्तै दलसँग सम्बद्ध प्रतिवेदन, विवरण वा अन्य अक्षरीय, श्रव्यदृश्य सामग्री, अनुसन्धान, सर्भेक्षण, अध्ययन, प्रचार सामग्री राजनीति-पत्रकारिताका स्रोत हुन्छन् ।

स्रोतलाई उचित रूपमा प्रयोग गर्ने तर उसको स्वार्थका लागि प्रेसलाई प्रयोग गर्ने अवसर नदिने विषयमा  होशियारी अपनाउनु अनिवार्य छ। यसो नगर्दा, स्रोतमाथिको पूर्ण वा अति निर्भरता बढ्ने सम्भावना हुन्छ, जसले पत्रकारिताको निष्पक्षता–मान्यतालाई सोझै चुनौती दिन्छ । एउटै स्रोतमा मात्र भर गर्नुभन्दा बहुस्रोतमा आधारित हुनु राम्रो हो । वैकल्पिक स्रोतलाई त निरन्तर सोच र पहुँचमा राख्नु, 'एक औंला वा बोल वा कल पर साँच्नु' भन्ने अनुभवीको राय छ।

सद्भावना र विश्वासका आधारमा सूचना, संकेत वा समाचार दिने स्रोतलाई भने निरन्तर संरक्षण गर्नुपर्छ। यस्ता स्रोतलाई आवश्यक पर्दा विश्वसनीय स्रोत वा जानकार स्रोत भनेर उल्लेख गर्ने चलन छ। यस्तै मात्र स्रोतलाई बढी मात्रामा प्रयोग गर्दा भने पत्रकारिताको विश्वसनीयतामा आँच आउन सक्छ।

स्रोत उल्लेख गर्दा दलविशेषको, नेताविशेषको खास-खास विषयमा रहेका सिद्धान्त, अडान, बोलनीति आदिलाई राजनीति-पत्रकारले राम्ररी बुझ्नुपर्छ। तिनमा तलमाथि हुने, अर्को अर्थ लाग्ने, बांगिने, भ्रम पर्ने स्थिति आउनु हुँदैन। त्यसमा रहेको निरन्तरता, परिवर्तन, बदलाव आदिमा विशेष निगरानी राख्नुपर्छ । यसलाई सत्तारुढ-प्रतिपक्षी, ठूला-साना, नयाँ-पुराना दल, संसद्मा रहेका, संसद्बाहिर रहेका सबै दलका सम्बन्धमा समाचार स्रोत उल्लेख गर्दा याद गर्नु जरुरी हुन्छ।

राजनीति-पत्रकारितामा अन्यमा झैं अंक वा तथ्यांकको उल्लेखनीय भूमिका हुन्छ। अंकमै आधार गरेर खास दलको पक्षमा दुईतिहाइ, बहुमत, अल्पमत वा कति मतदाता रहेछन् भन्ने थाहा हुन्छ। अंक हेरेरै खास दलको समर्थनमा कति रहेछन्, विगत र वर्तमानमा खास दलको सदस्यता संरचना कस्तो रहेछ, त्यसमा वर्ष-वर्ष वा अन्य विशेष कालखण्डमा कति फेरबदल हुने रहेछ भन्ने थाहा पाइन्छ। नेशनल प्रेस फाउन्डेशन, वासिङ्गटनकी अध्यक्ष एनी गडलास्कीको विचार यस्तो छ :

> राजनीति–पत्रकारले विविध तथ्यांकको दस्तावेज, प्रतिवेदन वा आधार खोजेर पहुँचमा राख्नुपर्छ र आवश्यक पर्दा त्यसलाई उपयुक्त रूपमा प्रयोग गर्नुपर्छ। तथ्यांक महान् हो तर त्यो भए पुगिहाल्छ भन्ने भाव भने लिन हुँदैन। तथ्यांकमा अर्थ र महत्त्व भर्न मानवीय बोलीको पनि आवश्यकता पर्छ। तथ्यांक अध्ययन गर्दा समयावधिबारे जानकारी राखेर बायाँदेखि दायाँसम्म, माथिदेखि तलसम्म हेरी (यसलाई 'चार कुना परीक्षण' पनि भन्ने गरिन्छ) बुझी, सरल अर्थ आउने गरी प्रयोग गर्न आवश्यक पर्छ। (गडलास्की सन् २०२२)

अंक-सन्दर्भलाई अक्षरका साथै दृश्यात्मक रूपमा ग्राफिक्स, चार्ट, तस्वीर, नक्सा, विविध रेखात्मक अभिव्यक्तिबाट प्रस्तुत गर्न आवश्यक छ।

दलविशेषको जनप्रियत्व जान्न होस् वा आर्थिक स्थिति पहिल्याउन होस् वा नेताविशेषको दलभित्रको पकड जान्न होस् वा  नेता-कार्यकर्ताको आय सम्पत्ति बुझ्न होस्, चन्दादाता र दलबीचको सम्बन्धसँग परिचित हुन होस्, अंकको राम्ररी अध्ययन गर्नुपर्छ, त्यसको अर्थ निकाल्नुपर्छ र त्यही अंकमा आधार गरेर राम्रो समाचारीय कथा तयार पार्नुपर्छ।

अंक वा प्रतिशत वा सर्भेक्षणमा आधार गरेर थरीथरीका सूचना दिने, दलको विगत, वर्तमान र भविष्यबारे ठोस प्रगति, विस्तार वा तिनको अभावबारे ग्राफिक्स पनि उत्पादन गर्न सकिन्छ। दलको बल, कमजोरी वा सामान्य स्थिति नाप्न होस् वा राजनीतिक प्रवृत्ति वा चलनलाई यथार्थ पारदर्शी पार्न पनि सम्बद्ध तथ्यांकले सहयोग गर्छ।

कुनै सभाको गणपूरक संख्या पुग्यो-पुगेन, न्यूनतम उपस्थिति भयो-भएन, समानुपातिक अंश वा प्रतिनिधित्व वा न्यायपूर्ण समानता भयो-भएन भनेर जाँच्ने वैज्ञानिक आधार पनि अंकले नै दिन्छ। निर्वाचनमा दलले पाएको मतसंख्याले दलको राष्ट्रिय, प्रादेशिक वा पालिकास्तरीय स्थिति स्पष्ट पार्छ, निर्वाचनमा सहभागी मतदाताको संख्याले ती स्तरमा राजनीतिप्रति जनताको अभिरुचि, चासो, सहभागिता, चयन र निर्णयलाई यथार्थ रूपमा औंल्याउँछ।

सामाजिक, सांस्कृतिक, आर्थिक, वैदेशिक तथा अन्य नीतिलाई जनचाहना, सामाजिक न्याय, समता, विविधता, बहुता, कर प्रणाली, सेवा उपलब्धता तथा अन्य सर्वसाधारणसँग सम्बद्ध चासोअनुरूप तुल्याउन पनि अंकको भूमिका अहम् छ।

अंकलाई आम सञ्चारमाध्यम सामग्रीमा प्रयोग गर्दा अंक संकलन विधि, त्यसबाट पाइने जानकारी विश्लेषण गर्ने प्रक्रिया र सम्बद्ध संस्थालाई भने राम्ररी उल्लेख गर्न आवश्यक छ। त्यसो नभए अंकको अर्थ र विश्वसनीयता स्पष्ट हुँदैन। अंकैअंकको वर्षामा समाचारीय विषयवस्तु डुब्ने गरी भने सूचना प्रवाह गर्नु हुँदैन। अतिशयोक्ति, बढी सामान्यीकरण वा बढी सरलीकरण पनि उचित होइन।

केही कानूनी विषयको जानकारी पनि राजनीति-पत्रकारका लागि आवश्यक पर्छ। संगठन गर्ने, राजनीतिक दल बनाउने, सदस्य बनाउने, प्रचार-प्रसार गर्ने, वकालत, विज्ञापन गर्ने, विरोध जनाउने, अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्ने, समारोह गर्ने, प्रतिस्पर्धीको आलोचना गर्ने, बैठकमा निर्णय गर्ने जस्ता विषयसँग सम्बद्ध ऐन-कानून बुझ्न आवश्यक छ।

साथै समान अवसर, न्यायोचित व्यवहार, सञ्चारको प्रजातन्त्रीकरण, निर्वाचनसँग

सम्बन्धित सबै व्यवस्था, अधिकार, कर्तव्य, गाली, बेइज्जती, दोषारोपण आदिका सन्दर्भमा आकर्षित हुने कानूनी प्रावधानका विषय जान्नुपर्छ। नजानेको खण्डमा बेलाबेलामा निकै अप्ठेरो आइपर्छ। 'अफ द रेकर्ड' वा 'अफ द क्यामेरा' भनेको बेलाको सामग्री प्रयोग गर्न मिल्दैन, गरेमा सम्बद्ध कानून आकर्षित हुन्छ, यो बुझिराख्नुपर्छ।

सोसल मिडियामा जे आयो बुझ्दै नबुझी शेयर गर्न पनि हुन्न। गरेमा शेयर गरेका आधारमा साइबर कानून लाग्छ, आपत्तिजनक सूचना रहेछ भने त अप्ठेरो पर्छ, यसमा विवेक पुऱ्याउन जरुरी छ। स्टेट्स अपडेट गर्ने धुनमा विनाविवेक जे मन लाग्यो सो पोस्ट गर्दा पनि कानूनी जोखिममा पर्न सकिन्छ।

यसका अतिरिक्त राजनीति–पत्रकारले केन्द्र, प्रदेश र पालिकास्तरमा दल, सरकार र अन्य संस्थाबाट प्रकाशित महत्त्वपूर्ण प्रतिवेदन, कागजपत्र, श्वेतपत्र, वक्तव्य, योजना, बजेट विवरण, निर्णय, विवरण, घोषणा आदिबारे पनि ज्ञान आर्जन गर्न आवश्यक पर्छ। तिनलाई समाचारको स्रोत र व्याख्याका लागि रेफरेन्सका रूपमा प्रयोग गर्न पनि सकिन्छ।

राजनीति-पत्रकारिताका लागि दलीय, सरकारी, गैरसरकारी, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विज्ञ, अनुभवी र जानकार विश्वसनीय व्यक्तिहरू पनि सूचना स्रोत हुन्छन् र बन्न सक्छन्। पत्रकारले तिनलाई चिनेर सम्पर्क कायम राख्नु उचित हुन्छ।

इन्टरनेटमा रहेको तत्काल जोड्न सक्ने शक्तिका कारण आज विश्व एउटा गाउँसरह छ। चाहेका बेलामा विनाबाधा चहार्न, सुन्न, हेर्न, पढ्न र बुझ्न सकिन्छ। यसका सम्भावनालाई उच्चतम विन्दुमा प्रयोग गर्न राजनीति–पत्रकारले प्रयास गर्नुपर्छ। सूचनाको स्रोतका रूपमा मात्र होइन सूचना पठाउन, सूचनालाई डिजाइन गर्न, सूचना प्रयोगकर्तासँग दोहोरो संवाद गर्न, दल, नेता, कार्यकर्तासँग संवाद गर्न वा तिनका गतिविधि पहिल्याउन पनि यसलाई उपयोग गर्न जरुरी पनि छ।

सूचना प्रविधिकै कारण संघ वा केन्द्र, प्रदेश, पालिकाका विविध समाचार सामग्रीलाई सबै तहमा प्रयोग गर्न मिल्ने गरी उत्पादन गर्न सकिन्छ। केन्द्र, प्रदेश र पलिकाका बेग्लाबेग्लै वा संयुक्त अधिकार र कर्तव्यसम्बन्धी वा सेवा उपलब्धता वा प्राकृतिक सम्पदा प्रयोगसम्बन्धी सूचनालाई राष्ट्रिय प्रादेशिक आयाममा पेश गर्न सम्भव छ।

त्यसैगरी अन्तर्राष्ट्रिय समाचारलाई राष्ट्रिय सन्दर्भमा मिल्ने गरी पेश गर्न सकिन्छ। विश्वभर धेरै देशमा अध्ययन, स्वास्थ्योपचार, रोजगारी वा भ्रमणका सन्दर्भमा अनेक नेपाली रहेका पृष्ठभूमि तथा सूचना प्रविधि र यातायातको उपलब्धताले सम्पर्कलाई सहज पारेको स्थितिमा भूराजनीतिका अनेक घटना, बहस वा चर्चाबारे नेपाली अवगत हुनुपर्छ। यस

सम्बन्धमा सामग्री प्रसारित र पोस्टिङ गर्न सकिन्छ । हो, त्यसका लागि उपयुक्त पृष्ठभूमि, सन्दर्भ, विश्वसनीय स्रोत र सिर्जनात्मक तर्क आवश्यक पर्छ ।

## चुनौती र अवसर

राजनीतिक पत्रकारिता नियाल्दा देखिन्छ– यसमा चुनौती र अवसर दुवै छन् । तिनको मात्रा भने मूलतः दल सञ्चालन शैली तथा राजनीतिक पत्रकारिताको व्यावहारिक स्वरूपले निर्धारण गरेको पाइन्छ ।

राजनीति-पत्रकारिता मूलतः राजनीति–सूचना–सञ्चार हो भन्ने मूल्यप्रति आदर भाव राख्ने समय र स्थानमा पत्रकारले सिर्जनात्मक हुने, राजनीतिक भाषण, घटना र विचारलाई रमाइलो भाकामा पेश गर्ने, प्रश्नलाई निर्भय भएर बहसमा ल्याउने सम्भावना बढी हुन्छ । त्यहाँ एक दलको विषयमा आउने प्रेस सामग्रीले अर्कालाई असहज हुने स्थिति हुन्न, भए पनि त्यसलाई सहने, सम्झने, बुझ्ने संस्कृति हुन्छ र आवश्यक पर्दा शिष्ट प्रतिक्रिया दिने परिपाटी हुन्छ, पत्रकारमाथि शंकाभाव राखिन्न ।

चुनावमा हार्दा स्वीकार गर्ने, प्रतिपक्षमा बस्न नहिच्किचाउने प्रवृत्ति हुन्छ । दल-दलबीचको प्रतिस्पर्धात्मक अस्तित्त्वमाझ सहकार्य, समझदारी, सम्झौता, सराहना, निरन्तर वार्ता गर्ने आँट हुन्छ र सहअस्तित्त्वमा आस्था रहन्छ ।

तर राजनीति-पत्रकारिता त खास दलविशेषलाई मध्यनजरमा राखेर त्यसमा कुनै पनि किसिमको आँच नपुग्ने गरी हुनुपर्छ भन्ने मूल्यको बाहुल्य भएका बेला वा स्थानमा राजनीति-पत्रकारिता दलविशेषलाई नजानिँदो ढंगमा प्रवर्द्धन गर्ने आज्ञाकारी सूचना प्रवाहकका रूपमा देखा पर्छ ।

एक दलको भजन नै पत्रकारिताको लक्ष्य भइदिन्छ । यसबाट अन्य दलमा न्यायोचित योगदान पुग्दैन । विविधता पनि पाइन्न । एकोहोरो प्रचार-प्रसारको बहाब मात्र देखिन्छ र बहुदलको मर्ममा नै आघात पर्छ । राजनीति-पत्रकार र दलको सदस्यमा केही फरक देखिन्न । उपरोक्त परिवेशमा उल्लेख गर्नैपर्ने हुन्छ :

> राजनीतिक असहिष्णुता राजनीति–पत्रकारिताको आधारभूत चुनौती हो । खास दलको समाचार लेखेकै आधारमा पत्रकारलाई त्यस दलसँग गाँसेर हेर्ने सामाजिक प्रवृत्तिले गर्दा सो असहिष्णुता झन् बढ्ने निश्चित हुन्छ । पत्रकार, सञ्चार गृह स्वयंले पनि आफूलाई दलविशेषको निकटता, प्रभाव वा न्यानो आलिंगनबाट अलग राख्न नसक्दा दलप्रति जानिँदो-नजानिँदो झुकाव झांगिने सम्भावना रहन्छ ।

असहिष्णुताको कारण राजनीति–पत्रकार विस्तारै एक दलप्रति नरम हुने र अन्यमा त्यति होशियार नरहने, अनास्था भाव लिने प्रवृत्ति बढ्छ, जसलाई स्वस्थ मान्न सकिन्न। त्यसले राजनीतिले चाहने स्वस्थ प्रतिस्पर्धाको वातावरणलाई प्रदूषित गरिदिन्छ र जनमतको स्वाभाविक विकासलाई पनि विचलित तुल्याइदिन्छ।

यस्तो वातावरणमा राजनीति सञ्चार गर्ने तर दलको पछि नलाग्ने पत्रकारलाई खतरा पनि पैदा हुन्छ। तिनलाई कार्यस्थलमा समाचार संकलन गर्न असजिलो हुन्छ। स्रोतहरू सहयोग गर्न नरुचाउने हुन्छन्। धम्की तथा अन्य जोखिमले पनि घेर्ने परिस्थिति बन्छ। सूचनाको पहुँचमै बन्द गरिदिने तथा आरोप लाञ्छना वा चरित्र हत्यासम्म गर्ने स्थिति पैदा हुन्छ। न्यायालयबाट उपचार गराइरहन व्यावहारिक नहुने स्थिति बनिदिन्छ।

सामाजिक सञ्जालबाट प्रवाह हुने सूचना, अभिव्यक्ति, ब्लग, भ्लग र दृश्यात्मक सामग्रीले आम सञ्चारमाध्यमका सामग्रीलाई एक किसिमको चुनौती सधैं दिइरहेका हुन्छन्। तिनमा रहेका गलत सूचना, प्रोपगन्डा, कुसूचना, मिथ्या सूचना छुट्याउन समय-समयमा निकै अप्ठेरो हुन जान्छ।

खास दल, नेता, कार्यकर्ता, समर्थकसँग जोडिएका नकारात्मक, असहज, कमजोरी देखिने सन्दर्भलाई राजनीति समाचारमा राख्दा भने संघर्षकै सामना गर्नुपर्ने स्थिति बन्छ। यसलाई त्यस दलका तर्फबाट नराम्रो आशयले सूचना प्रवाह गरेको आरोप लगाइन्छ। घृणा फैलाउनेहरूको सूचना प्रवाह गर्न नमान्दा आउने चुनौती झन् खतरनाक हुन्छ।

निरन्तर सचेत र होशियार भई निष्पक्षतामा निष्ठा राखेर राजनीति-पत्रकारिता गर्दा भने सन्तोष लिन सकिने अनेक अवसर आउँछन्। आफूले माध्यममा चलाएको बहसबाट, दिएको सूचनाबाट, औंल्याएको दिशाबाट समाजले पाएका नीति, कार्यक्रम आदि र सेवाग्राहीमा पुगेको सेवाबाट कसलाई सकारात्मक प्रभाव पर्दैन र ? अझ अल्पसंख्यक र पीडितका सन्दर्भमा भएका सूचना प्रवाहले उघारेका सकारात्मक सन्दर्भले दिने आनन्द आध्यात्मिक र जीवनभरका लागि प्रेरक खालको हुन्छ।

दल वा सत्तानिकट र दूरीमा होइन कि समदूरीमा रहेर पत्रकारिता गर्ने सीप, नेताका दबाबलाई व्यावसायिक आधारमा सामना गर्ने कुशलता, शिष्ट राजनीतिक संस्कारले राजनीति–पत्रकारलाई भविष्यमा प्रेस सल्लाहकार, मेसेजिङ विज्ञ, भाषण लेखक नीति तर्क विश्लेषक, सामाजिक सञ्जाल व्याख्याता, सर्भेक्षण, पोलको दिग्दर्शकजस्ता महत्त्वपूर्ण भूमिकामा जान वास्तविक रूपमा योग्य नै बनाइरहेको हुन्छ।

साथै राजनीति-सञ्चारमा लाग्दा प्राप्त अनुभवले सञ्चार क्षेत्रको कुनै पनि कार्य स्वतन्त्र रूपमा गर्न, सामग्री उत्पादन गर्न आवश्यक आत्मविश्वास पत्रकारलाई प्राप्त हुन्छ।

यसलाई अवसरका रूपमा लिने वा नलिने उपयोग गर्ने वा नगर्ने भने पत्रकारको आफ्नो निर्णय हो ।

उपरोक्त अवसर आउन सक्ने भए पनि राजनीति-पत्रकारिताको काम वास्तवमा धन्यवाद नपाइने सेवा हो भन्ने कुरालाई भने सदा सम्झिराख्नु राम्रो हो ।

## राजनीति-पत्रकारका आचरण

राजनीतिलाई रिपोर्ट गर्ने पत्रकारको आचरण कस्तो हुनुपर्छ ? के उसका लागि कुनै आचारसंहिता चाहिन्छ ? यी प्रश्नले पनि विगत र वर्तमानमा विद्वान्, अनुसन्धाता तथा अभ्यासीलाई चिन्तनशील बनाएको देखिन्छ । सबैले आचरणलाई नैतिकता, आध्यात्मिकताको दृष्टिकोणले व्याख्या गरेको पाइन्छ र सबैले राजनीतिक रिपोर्टिङको व्यापकता हेरेर आचारसंहितामार्फत गर्न हुने र नहुने, गलत र सही, उचित र अनुचित क्षेत्र औंल्याएको भेटिन्छ ।

आचारसंहिता यस्तो प्रस्तावना हो, जसलाई व्यक्ति-व्यक्तिले अपनाउनुपर्छ, प्रत्येक सञ्चार संस्थाले स्वयं प्रस्फुटित उत्साह र आस्थाले अँगाल्नुपर्छ । यसमा कानूनमा झैं बाध्यता रहँदैन, न त नमानेमा दण्ड नै तोकिएको हुन्छ । संहिता आदर्श अवधारणाबाट प्रेरित रहन्छ, त्यसमा सत्यको खोजी गर्ने र त्यसलाई सञ्चार प्रवाहमा ल्याउने, त्यस क्रममा कसैलाई नोक्सानी नपुऱ्याउने, स्वतन्त्र रहिरहने र आफ्नो कामको जिम्मेवारी लिने प्रतिबद्धतामा आधारित हुन्छ ।

यी मूल्य-मान्यता अपनाउँदा पत्रकारितामा पारदर्शिता रहन्छ, सामाजिक उत्तरदायित्वको भाव कायम रहन्छ, आवाजहीनहरूको आवाज उत्रन्छ, सार्वजनिक चासोका विषयमा बहस सम्भव हुन्छ, जनमत सिर्जना हुन्छ, प्रजातान्त्रिक प्रणालीलाई ऊर्जा मिल्छ भन्ने विश्वास गरिन्छ । अभ्यासको इतिहासले त्यसलाई पुष्टि पनि गरेको छ ।

उपरोक्त भाव एकअर्कासँग गाँसिएका छन् र तिनले संयुक्त रूपमा पत्रकारलाई सूचना प्रवाहमा सबल बनाउँछन् जसले गर्दा पत्रकारलाई स्वार्थ बाझ्ने, कर्तव्य जुध्ने, अधिकार मिचिने सन्दर्भलाई उचित ढंगले केलाउन सम्भव हुन्छ ।

आचारसंहिता नै किन ? उत्तर स्पष्ट छ– राजनीतिक पत्रकारितामा एकरूपता ल्याउन, छाडा नहुन, प्रस्तुतिमा स्तर, शिष्टता, स्वस्थता, तन्दुरुस्तता कायम गर्न, समान कार्य गर्नेलाई एक सूत्रमा बाँध्न, विधाको सम्मान बढाउन, कसैको लहडमा विधालाई बदनाम नगराउन, समस्या परेमा समाधान खोज्नका लागि एक विश्वसनीय आधार तय गर्न ।

राजनीति–पत्रकार आचारसंहिता कसले पालना गराउने ? सबाल पेचिलो छ : सरकारले

पालना गराउन खोजे प्रेसमा नियन्त्रण हुने सम्भावना, दल, संवैधानिक संस्था, अन्य निकाय वा नागरिक समाजले निर्देशन दिए प्रेस स्वतन्त्रतामा हस्तक्षेपको खतरा रहने। तर यसको जवाफ सरल छ, अलमलमा छैन : पत्रकार स्वयंले, आम सञ्चार गृहले। सबले नैतिकतालाई राम्ररी बुझ्ने, संहितामा विश्वास राख्ने, त्यसलाई इमानदारीका साथ अभ्यासमा पालना गर्ने र त्यसका लागि इच्छा शक्ति दिगो तुल्याइराख्ने।

राजनीतिक सूचना प्रवाह गर्दा पत्रकारले केही कुरामा हेक्का भने राख्न आवश्यक छ। दलविशेष र नेता-कार्यकर्ताविशेषका समाचार दिँदा तिनका विषयमा सर्वसाधारणलाई सही जानकारी पुगोस्, आवश्यक सूचना मिलोस् भन्ने भाव लिनुपर्छ। आफूलाई तिनको पक्षधर, समर्थक, प्रचारक वा विपक्षी वा छिद्रान्वेशी बनाउन हुँदैन। दल, नेता तथा कार्यकर्तालाई रिझाउन वा भड्काउन पत्रकारिता गरिन्न। न त तिनबाट डराएर पत्रकारिता हुन्छ, भय भएमा सत्यको रक्षा गर्न सम्भव हुन्न, त्यस्तो अवस्थामा स्वतन्त्र अभिव्यक्ति हुने स्थिति नै बन्दैन।

सूचनामा वा प्रवाहमा पत्रकारले राजनीति गर्नु हुँदैन, कसैलाई काखा कसैलाई पाखा पार्न हुन्न, ध्यानाकर्षणका लागि अतिशयोक्ति, अति जनप्रिय भाका, सस्तो प्रचार-प्रसार शैलीको प्रयोग गर्न मिल्दैन। हिंसालाई, नकारात्मक सोचलाई, दुष्टतालाई प्रवर्द्धन गर्ने काम गर्नु हुँदैन। सामाजिक सद्भावमा आघात पार्ने, व्यक्तिको चरित्र हत्या गर्ने, लैंगिक विभेद हुने, पीडित बढी पीडित हुने आतंक फैलाउने गरी सूचना प्रवाह गर्नु हुँदैन। सूचना प्रवाहबाट विभेद, आक्षेप, षड्यन्त्र, घृणाको प्रवाह हुन जाने जोखिमप्रति विशेषगरी संवेदनशील प्रावधान राखिनुपर्छ र त्यसको पालना हुन अनिवार्य छ।

## अध्ययन–सामग्री

राजनीति–पत्रकारले समसामयिक विषय र घटनाबारे आफूलाई सधैं जानकार गराइराख्न अनिवार्य छ। यसका लागि आफ्नो दैनिकीमै निरन्तर अध्ययन समावेश गर्न आवश्यक छ। राजनीतिलाई राम्ररी अर्थ लगाउने स्थितिमा आफूलाई सदा तम्तयार बनाउन अध्ययन सामग्रीले सहजीकरण गर्छन् नै। तर यसका लागि सूत्रबद्ध रूपमा कुनै सूची बनाउन सकिन्न। केही सहयोगी संकेत गर्न सकिन्छः

- **ऐन** : वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५, सूचनाको हकसम्बन्धी ऐन, २०६४, सूचना प्रविधि नीति, २०७२

- केन्द्र, प्रदेश, पालिका, अन्तर्राास्ट्रिय स्तरमा उपलब्ध आम सञ्चारमाध्यमको निरन्तर अध्ययन, अनुगमन गर्ने, तिनमा राजनीतिक सूचना प्रवाहलाई पछ्याउने

- सामाजिक सञ्जालसँग जोडिने, तिनमा राजनीति-बहाबलाई समय-समयमा हेर्ने, बुझ्ने र गति पहिल्याउने अनि तिनका सूचनालाई सही वा गलत के हो पत्ता लगाएर प्रयोग गर्ने-नगर्ने निर्णय गर्ने, कपी पेस्टको दौडमा नलाग्ने

- आर्टिफिसियल इन्टेलिजेन्सको बहस पछ्याउने

- राजनीति विषयमा प्रयोग हुने शब्द र व्यवहारमा ती शब्दको प्रयोग प्रवृत्तिलाई बुझिराख्न 'डिक्सनरी अफ पोलिटिक्स एन्ड गभर्नमेन्ट' जस्ता विभिन्न राजनीतिक शब्दकोष समय-समयमा हेर्ने, शब्दकोशलाई पहुँचमा राख्ने

- दल, नेता, समर्थकविशेषका योजना, गति, कार्यक्रमबारे स्रोत वा सूचना प्रविधिको उपयुक्त माध्यमबाट पृष्ठभूमिसहित पछिल्लो जानकारी राख्ने

- राजनीति–समाचार–क्यालेन्डरलाई दुरुस्त राख्ने, त्यसैका आधारमा सामग्री–प्रस्तुति–बैंक तयार गर्ने

- नेपालका सबै दल विशेषगरी संसद्मा प्रतिनिधित्व भएका स्वतन्त्र सांसदसहित हरेक दल रतिनका नेता, समर्थन आधार, सिद्धान्त, कार्यक्रम, निर्वाचन प्रतिबद्धता आदिका विषयमा समसामयिक जानकारी ताजा बनाइराख्ने

- संसदीय रिपोर्टिङसँग अवगत भइरहने

- सत्तारुढ, प्रतिपक्ष र अन्य दलका प्रवक्तासँग नियमित सम्पर्कमा रहने

- नेपालको संविधान, प्रदेश र पालिकासम्बन्धी तथ्य, तथ्यांक, योजना, बजेट र अन्य जानकारीलाई पहुँचमा राख्ने

- संवैधानिक संस्था र तिनका कार्यक्रमसँग निरन्तर जोडिने

- संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, जापान, चीन, रूस तथा अन्य केही मुलुकका प्रमुख आम सञ्चारमाध्यमका राजनीति रिपोर्टिङ समय-समयमा पढ्ने, हेर्ने र सुन्ने (यसबाट सूचना प्रवाहलाई अभ्यासमा अत्याधुनिक बनाउन मद्दत मिल्छ),

- सन्दर्भ स्रोतमा उल्लेख भएका आलेख र पुस्तक पढ्दा राजनीतिसँग सम्बद्ध सूचनाका स्रोत अन्य आवश्यक ज्ञान र सीप आर्जन गर्न सकिन्छ।

## सन्दर्भ-सामग्री

Albæk, Erick, Arjen Van Dalen, Nael Jebril, and Claes H. De Vreese. 2014. *Political Journalism in Comparative Perspective (Communication, Society and Politics).* Cambridge: Cambridge University Press.

Blumler, Jay G. and Dennis Kavanagh. 1999. The Third Age of Political Communication: Influences and Features. *Political Communication,* 16(3), 209-230. DOI: 10.1080/105846099198596

Cater, Douglass. 1959. *The Fourth Branch of Government.* Boston : Houghton Mifflin Co.

Cook, Timothy E. 1998. *Governing with the News: The News Media as a Political Institution.* Chicago: University of Chicago Press.

Dumbrava, Costica. 2021. *Key social media risks to democracy: Risks from surveillance, personalisation, disinformation, moderation and microtargeting.* European Parliamentary Research Services. Available at https://www.europarl.europa.eu/RegData/etudes/IDAN/2021/698845/EPRS_IDA(2021)698845_EN.pdf; accessed on May 26, 2023.

Godlasky, Anne. 2022. *How Data Journalists Track Politics.* National Press Foundation. Available at https://nationalpress.org/topic/how-data-journalists-track-politics/; accessed on May 25, 2023.

Holmes, Peter, ed. 2004. *Dictionary of Politics and Government.* 3rd Ed. London : Bloomsbury Publishing Plc.

Katz, Richard S. and William Crotty. 2006. *Handbook of Party Politics.* London : SAGE Publications Ltd. DOI: https://doi.org/10.4135/9781848608047

Kovach, Bill and Tom Rosenstiel. 2007. *The Elements of Journalism: What Newspeople Should Know and the Public Should Expect.* 4th Ed. New York : Crown Publishing Group.

Krimmer, Robert, Armin Rabitsch, Rast'o Kužel, Marta Achler and Nathan Licht. 2022. *Elections in digital times: a guide for electoral practitioners. UNESCO. Available at https://unesdoc.unesco.org/ark:/48223/pf0000382102; accessed on* May 25, 2023.

Kuhn, Raymond and Erik Neveu. 2002. Political Journalism: New Challenges, New Practices. *ECPR Studies in European Political Science.* Vol. 26.

Kuhn, Raymond and Rasmus Kleis Nielsen, eds. 2014. *Political Journalism in Transition.* New York : i.B.Tauris & Co. ltd in association with the Reuters institute for the study of Journalism, University of Oxford.

Lippmann, Walter. 1922. *Public Opinion.* New York : Harcourt, Brace and Company.

Mazzoleni, Gianpietro. 1995. Towards a "videocracy"? Italian Political Communication at a Turning Point. *European Journal of Communication.* 10 (3): 291–319.

Mazzoleni, Gianpietro, ed. 2015. *The International Encyclopedia of Political Communication.* Wiley Blackwell.

McCombs, Maxwell E. 2014. *Setting the Agenda: The Mass Media and Public Opinion.* Cambridge : Malden, MA, Polity.

McQuail, Denis. 2010. *McQuail's Mass Communication Theory.* 6th Ed. London: Sage Publications Ltd.

Morrison, James, Jen Birks and Mike Berry. 2022. *The Routledge Companion to Political Journalism.* Routledge.

Örnebring, Dr. Henrik, ed. 2020. *Oxford Encyclopedia of Journalism Studies.* Oxford University Press.

Schudson, Michael. 2002. *The News Media as Political Institutions. The Annual Reviews of Political Science, 5 : 249-269. Available at https://www.annualreviews.org/doi/pdf/10.1146/annurev.polisci.5.111201.115816;* accessed on May 24, 2023.

Siebert, Fred S., Theodore Peterson and Wilbur Schramm. 1956. *Four Theories of the Press.* Urbana : University of Illinois.

Tilak, Geetali. 2021. Journalism and Politics. *Xi'an DianziKejiDaxueXuebao/ Journal of Xidian University.* Available at https://www.researchgate.net/publication/349686312; accessed on 21 May, 2023.

Van Dalen, Arjen. 2016. *Journalism, Political.* https://doi.org/10.1002/9781118541555.wbiepc058

Wolfsfeld, Gadi. 2022. *Making Sense of Media and Politics.* 2nd Ed. Routledge.

# राष्ट्रिय हित निर्विवाद सर्वोपरि

**ध्रुवहरि अधिकारी**

## पृष्ठभूमि

अन्तर्राष्ट्रिय सम्बन्ध गतिशील हुन्छन् । ती सम्बन्धलाई मानिसका आवश्यकता र रुचिले निर्देशित गर्दै आएका छन् । मानिसहरू विभिन्न महादेशमा उत्पत्ति भएका देशमा बाँडिएर बसेका छन् । त्यस्ता देशको संख्या संयुक्त राष्ट्रसंघका सदस्यताका आधारमा हेर्दा १९३ पुगेको छ, जसलाई त्यस संस्थाले सदस्य-राज्य (मेम्बर-स्टेट) भन्दछ। सदस्यता नलिएका वा नपाएका देश-प्रदेशसमेत जोड्दा झन्डै दुई सय छन्। जलवायु, भौगोलिक अवस्थिति र सांस्कृतिक परिवेशअनुसार मानिसका आवश्यकता र चाहना भिन्न-भिन्न हुनु स्वाभाविक र अपरिहार्य छ, यद्यपि ती सबै पृथ्वीतलकै बासिन्दा हुन् । कुन देश (वा प्रदेश) वा परिवेशमा जन्मिने भन्ने कुरा जातकको चाहनाअनुसार हुने होइन। यो त दैविक भनौं वा प्राकृतिक नियमले तय गर्ने विषय हो।

हजारौं वर्षको विकासक्रममा निर्मित देश वा प्रदेशका मानिसले आआफ्नै विशिष्ट चिनारीका साथ बेग्लाबेग्लै देशका नागरिक र नागरिक समाजको सिर्जना गरेका छन् । इतिहासका अध्येताहरूले पहिले देशहरूको संख्या थोरै भएका बखत कतिपय देशका शासकले राज्यलाई साम्राज्यमा परिणत गरेको तथ्य औंल्याउने गरेका छन्। त्यस क्रममा भएका अनेकौं लडाइँमा हजारौं, लाखौं सैनिक तथा गैरसैनिकको ज्यान गएको छ।

पहिलो विश्वयुद्ध (सन् १९१४-१८) र त्यसपछि दोस्रो विश्वयुद्ध (१९३९-४५) विगत एक शताब्दीका दुःखद् घटना हुन्, जसमा बेलायती सेनाको एकाइ भएर युरोप र एसियाका युद्धमा होमिनेमा नेपालका 'गोर्खा सैनिक' पनि थिए। विश्वका कुनै महादेश वा देश त्यो लडाइँको असरबाट अछुतो रहन सकेन। दोस्रो विश्वयुद्धका क्रममा भएको जन-धनको त्यो अथाह क्षतिपश्चात् त्यस युद्धमा संलग्न मुख्य-मुख्य देश बेलायत, अमेरिका र सोभियत संघका नेतागणले युद्धको सिलसिला सदा-सर्वदाका लागि रोक्ने मनसाय बनाए। त्यसका लागि उपयुक्त माध्यम खोज्नेबारे भएको उनीहरूको निर्णयमुताबिक सन् १९४५ मै संयुक्त राष्ट्रसंघ स्थापना भएको हो। नेपाल सन् १९५५ (वि.सं. २०१२) मा राष्ट्रसंघको सदस्य बन्न सफल भयो।

संयुक्त राष्ट्रसंघको स्थापना भएयता सिंगो विश्वलाई एकै युद्धमैदानमा तान्ने किसिमको अर्को विश्वयुद्ध भएको छैन। तर, राष्ट्रसंघको स्थापनापछि पनि पटकपटक विभिन्न ठाउँमा हुने गरेका देश-देशबीचका अनेकानेक युद्ध र गृहयुद्धका सिलसिलाले यस्ता युद्ध आणविक हतियार प्रयोग गर्ने तहमा उक्लेर तेस्रो विश्वयुद्ध हुने त होइन भन्ने सन्देह र भयको वातावरण उत्पन्न गर्ने गरेका छन्। दोस्रो विश्वयुद्ध सकिएपछि सहज हुँदै गएको विश्व व्यवस्था (वर्ल्ड अर्डर) मा देशहरूबीच आपसी सम्बन्धमा बेलाबखत देखापर्ने असमझदारी र तनाव वार्ता र सम्झौताका माध्यमबाट हल गर्ने अभ्यास हुने गरेका छन्। संयुक्त राष्ट्रसंघको बडापत्र (चार्टर) अनुरूप सबै देश स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न भएकाले एक समान छन्।

क्षेत्रफलको हिसाबले सबैभन्दा ठूलो रूस र त्यसपछि क्रमशः क्यानाडा, चीन, संयुक्त राज्य अमेरिका, ब्राजिल, अस्ट्रेलिया, भारत, अर्जेन्टिनाजस्ता देश विशाल छन्। जनसंख्याको कोणबाट हेर्दा सबैभन्दा ठूलो भारत छ भने त्यसपछि क्रमशः चीन, संयुक्त राज्य अमेरिका, इन्डोनेसिया, पाकिस्तान, नाइजेरिया, ब्राजिल, बंगलादेश ठूला देश भएका छन्। देशलाई ठूलो वा सानो भनेर पर्गेल्ने यस्ता अनेक आधार हुन सक्छन्। तर, सार्वभौमसत्ता सम्पन्नताका आधारमा सबै देशको हक र हैसियत समान हुन्छ। तसर्थ देश-देशबीचको सम्बन्धलाई अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत र अनुमोदित सिद्धान्तसम्मत ढंगले सञ्चालन गरिन्छ। जहाँ तल-माथि भयो, त्यहाँ त्यसको निकास आपसी संवादबाट निकालिन्छ।

दोस्रो विश्वयुद्धपछिको इतिहास नियाल्दा स्वतन्त्र देशहरूको संख्या निरन्तर बढ्दै गएको देखिन्छ। एसिया, युरोप, अफ्रिका, अमेरिकालगायतका सबै महादेशमा रहेका उपनिवेश र प्रदेशहरू एकपछि अर्को गरी स्वतन्त्र हुँदै जाने क्रममा नै छिमेकी भारत पनि बेलायतको उपनिवेशबाट मुक्त भई सन् १९४७ मा स्वतन्त्र भएको हो। त्यसै मेसोमा हिन्दुस्तानको एक हिस्सा टुक्रिएर पाकिस्तान अस्तित्वमा आयो भने त्यसको पनि पूर्वी हिस्सा चोइटिएर सन् १९७१ मा बंगलादेश बन्यो।

सौभाग्य हो- नेपाल उपनिवेश भएन । यस देशमा विदेशी झन्डा फहराएको इतिहास छैन । यसलाई कसैकसैले नेपाल बाँकी विश्वसँग एक्लिएर बस्न रुचाएको कालखण्ड भनेका छन् । तर, त्यो अवस्थामा २००७ सालको राजनीतिक परिवर्तनपछि हेरफेर भएको छ । २०१२ सालमा राष्ट्रसंघको सदस्य भएपछि त यो मुलुक अन्तर्राष्ट्रिय समुदायको अभिन्न अंग भयो र नेपालको विश्व सम्बन्ध आधुनिक परिवेशमा पदार्पण गऱ्यो । शनैःशनैः आत्मनिर्भरताको युगबाट सिंगो विश्व नै पारस्परिक निर्भरता (इनटरडिपेन्डेन्स्) को अभ्यासमा छ ।

## परिवर्तित परिस्थिति

आधुनिक सन्दर्भमा बुझिने परराष्ट्रनीति वा कूटनीति नभए तापनि परापूर्वकालमा पनि राज्य-राज्यबीच कलह र सुलह हुने गर्थ्यो । राज्यलाई फराकिलो साम्राज्य तुल्याउने अभियानको युगमा पनि अर्को राज्यसँग कसरी व्यवहार गर्ने भन्ने नीति (परराष्ट्रनीति) तय हुन्थ्यो र त्यसलाई कार्यरूपमा लैजान कुन प्रकारको कूटनीति अघि बढाउने भन्ने निर्णय गरिन्थ्यो । साम, दान, दण्ड र भेद नामक चार उपायको चर्चा हामीले सुन्दै आएका हौं । उसबखत पनि शत्रुदेशको किल्लामा सन्देश पठाउन दूतको प्रयोग गर्ने प्रचलन थियो ।

ईशापूर्व ३२१ देखि ईपू १८५ सम्म हालको भारतको मध्य र उत्तरी भागबाट फैलिएर इरानका केही भागसम्म फैलिएको मौर्य साम्राज्यका सल्लाहकार थिए- कौटिल्य[१] (ईशापूर्व ३७५-२८३) । कौटिल्यको कूटनीति उच्च कोटिको मानिन्छ । हालको भारतका केही लेखकले नारद ऋषिलाई पनि कूटनीतिज्ञ मानेका छन् । यो पूर्वीय मान्यता भयो ।

पश्चिमी जगत्मा विदेशनीति, कूटनीति र अन्तर्राष्ट्रिय राजनीतिका सन्दर्भमा कि इटालीका दार्शनिक तथा इतिहासकार निकोलो मेकियाभेली (सन् १४६९-१५२७) को चर्चा हुन्छ कि त तीसबर्से युद्ध अन्त्य गर्दै सन् १६४८ मा हालको जर्मनीको मुन्स्टरमा पर्ने स्थान 'वेस्टफेलिया'को नामबाट भएको शान्तिसन्धि 'वेस्टफेलिया पिस'को उल्लेख गर्ने गरिन्छ । यसमा कालक्रममा परिमार्जन भएका र थपिएका पाटाबारे अध्येताहरूको सजगताको महत्त्व आफ्नो ठाउँमा छ । दोस्रो विश्वयुद्धयता पूर्वीय र पश्चिमी दृष्टिकोणका अन्तर घटेर गएपछि अन्तर्राष्ट्रिय कूटनीति सञ्चालनका विधिमा एक तहको सामञ्जस्य आएको छ ।

यस आलेखको प्रयोजनका लागि संयुक्त राष्ट्रसंघ स्थापना भएपछिको विश्व-व्यवस्था र

१. शिक्षक, लेखक, रणनीतिकार, दार्शनिक, अर्थशास्त्रीलगायतको बहुआयामिक व्यक्तित्व भएका कौटिल्यले सम्राट चन्द्रगुप्त र उनका पुत्र विन्दुसरा (सम्राट अशोकका पिता) को सेवा गरेका थिए । चाणक्य तथा विष्णुगुप्त नामबाट पनि चिनिने कौटिल्यको 'अर्थशास्त्र' अद्यापि शासनविधिको महत्वपूर्ण आधार-ग्रन्थ मानिन्छ ।

त्यसको सञ्चालनका लागि अपनाइएको परराष्ट्रनीति औ कूटनीतिलाई परिप्रेक्ष्यमा राखिएको छ । यसमा मुलुक-मुलुकबीचका द्विपक्षीय सम्बन्ध व्यवस्थापन र राष्ट्रसंघलगायतका अन्तर्राष्ट्रिय संस्थाका माध्यमबाट सञ्चालन हुने बहुपक्षीय संवाद तथा सम्झौतालाई पनि समेटिएको छ । यिनै आयामको परिधिमा रहेर गरिने कूटनीतिक अभ्यास तथा क्रियाकलापलाई आम सञ्चारका विविध माध्यमद्वारा कसरी प्रभावकारी ढंगले जनसमक्ष पुऱ्याउन सकिन्छ ? त्यसबारे प्रेस/मिडियाले ध्यान दिनु वाञ्छनीय हुन्छ । त्यसरी ध्यान दिनुपर्ने पक्ष र बुँदाहरूको यहाँ चर्चा गरिएको छ ।

## परिभाषा र प्रविधि

परराष्ट्र तथा कूटनीतिक मामिलालाई केन्द्रमा राखेर गरिने विधागत (बीट) पत्रकारिताको औचित्य केलाउने प्रयत्न गर्नुअघि दुई शब्दावली 'परराष्ट्र नीति' र 'कूटनीति' बारे स्पष्ट हुन आवश्यक छ । दुवै पदावलीमा 'नीति' शब्द परेको हुँदा यी उस्तै अर्थ दिने अर्थात् पर्यायवाची अभिव्यक्ति हुन् कि भन्ने भ्रम पर्न सक्छ । वास्तवमा यी पर्यायवाची शब्दावली भने हैनन् ।

परराष्ट्रनीति (वा विदेशनीति) भन्नाले एक देशले अन्य देशसँग गर्ने व्यवहारबारेको स्थायी राष्ट्रिय दृष्टिकोण भन्ने बुझिन्छ भने 'कूटनीति'को तात्पर्यचाहिँ परराष्ट्रनीतिलाई कार्यरूप दिने विधि हो; प्रक्रिया हो । यसबारे मूर्धन्य कूटनीतिज्ञ प्रोफेसर यदुनाथ खनाल (वि.सं. १९७०-२०६१) को बुझाइ छ, 'आधुनिक युगको कूटनीति कौटिल्य वा मेकियाभेलीको भन्दा भिन्न ढंगले परिभाषित हुन्छ । 'संवाद र सम्झौताका माध्यमद्वारा अन्तर्राष्ट्रिय सम्बन्धको व्यवस्थापन गर्नुलाई कूटनीति भन्नुपर्छ' भनेर पुनःपरिभाषित गर्नु उपयुक्त होला ।'

खनालको पुस्तक 'नेपाल्स् नन-आइसोलेसनिस्ट फरेन पोलिसी' (सन् २०००) मा विषय बुझ्न सहज गराउँदै एक उदाहरण यसरी दिइएको छ, 'विदेशस्थित दूतावासमा कार्यरत रहने कूटनीतिक कर्मचारी वा राजदूत इन्जिनियर हो भने मन्त्रालयमा बसेर नीतिगत कुरामा सक्रिय भूमिका खेल्ने परराष्ट्रमन्त्रीलाई 'आर्किटेक्ट' (वास्तुविद्) भन्न सकिन्छ ।' नेपालका लागि सर्वाधिक महत्त्व रहेका भारत, चीन र अमेरिकामा राजदूत भएर काम गरेका खनालको राजदूतकै बारेमा एउटा मान्यता यस्तो छ- राजदूतका तीनवटा मालिक हुन्छन्- नियुक्त गर्ने देशको सरकार, आतिथेय देशको सरकार र दुवै देशका जनता ।

कुनै पनि देशमा परराष्ट्रमन्त्री फेरिएझैं छिटोछिटो परराष्ट्रनीति फेरिन सक्दैन; फेरेको देखिँदैन । त्यसैगरी, सरकार वा राजनीतिक व्यवस्था परिवर्तन हुनासाथ पनि देशको परराष्ट्रनीतिमा हेरफेर गर्न सकिँदैन । कृषिनीति, अर्थनीति, गृहनीति आदि नीतिहरू तत्काल बहाल रहेको

सरकारका नीति हुन्छन् तर परराष्ट्रनीति भने सिंगो देशको हुन्छ। किनभने, परराष्ट्रनीति अन्य देशहरूसँगको सम्बन्धलाई नियमित गर्ने विषयसित गाँसिएको हुन्छ । साथमा, द्विपक्षीय सन्धि तथा अन्तर्राष्ट्रिय कानूनमार्फत सृजित दायित्वहरू पनि हुन्छन् । जस्तो- सरकारले आन्तरिक विधिद्वारा नयाँ अर्थनीतिमातहत आयकरको दर १० प्रतिशतबाट बढाएर १५ प्रतिशत कायम गर्न सक्छ । तर, अर्को देशसँगका व्यवहार/कारोबार यसरी आन्तरिक निर्णयबाट एकपक्षीय रूपमा गर्न सक्दैन । यो एक हातले ताली बज्दैन भनेजस्तै हो । कुनै देशका लागि राजदूत नियुक्त गर्न छानिएको व्यक्तिका बारेमा समेत अर्को पक्षको सहमति अर्थात् एग्रेमा (Agrément) चाहिने प्रचलन यस प्रसंगको जल्दोबल्दो प्रमाण हो ।

नेपालको सन्दर्भमा हेरौं- २०१७ साल, २०४६ साल र २०६३ सालमा महत्त्वपूर्ण राजनीतिक परिवर्तनहरू भए, परन्तु संवेदनशील अन्तर्राष्ट्रिय मामिलाहरूमा तटस्थ (र पछि असंलग्न) रहने नेपालको नीति यथावत् छ। समयानुकूल प्राथमिकतामा हेरफेर गरिए पनि मूलभूत नीतिमा तलमाथि भएको छैन। देशको राजनीतिक भूगोलले उत्तर र दक्षिणका छिमेकीसँग इमानदारीसाथ सन्तुलित सम्बन्ध राख्ने दिशा-निर्देश गरेको छ। परराष्ट्र तथा कूटनीतिक मामिलामा समाचार लेख्ने पत्रकारले हेक्का राख्नुपर्छ- राष्ट्रिय हित निर्विवाद रूपमा सर्वोपरि हुने यस मामिलामा राजनीतिक दलविशेषका दर्शन असान्दर्भिक हुन्छन् ।

सूचना-प्रविधिका क्षेत्रमा केही दशकको छोटो अवधिमा युगान्तकारी परिवर्तन भएका छन् । इन्टरनेटको विकासले विश्वभरमै सूचनाहरूको आदानप्रदान आश्चर्यजनक ढंगले छिटो-छरितो हुन गएको छ। कुनै बखत संस्थागत स्वामित्वमा मात्र रहने गरेको कम्प्युटर प्रविधि अहिले व्यक्तिले पनि किन्न, चलाउन सक्ने छरितो आकारमा आएका छन् । काखे कम्प्युटरको आगमनले लेखन-प्रकाशन व्यवसायमा उल्लेख्य सहजता आएको छ। हातहातमा रहेका मोबाइल फोनमै निजी र सार्वजनिक चासोका ताजा सन्देश आउन थालेका छन् । सामाजिक सञ्चालले सिंगो विश्वलाई आबद्ध गरिसकेको छ । सूचना-प्रविधिको यस्तो विकास र विस्तारले परराष्ट्र र कूटनीतिक मामिला सञ्चालनमा पनि मनग्गे प्रभाव पारेको छ।

यस हरफको लेखक सन् १९८१ मा संयुक्त राष्ट्रसंघका दोस्रो महासचिव ड्याग ह्यामरसोल्ड (सन् १९०५-१९६१) को स्मृतिमा स्थापित फेलोसिप पाउने गरी नेपालबाट छनोटमा परेको एक युवा पत्रकार थियो। छनोटमा परेका अन्य तीन जना युगान्डा, आइभोरी कोस्ट र चिलीका थिए । चारैजनाले न्युयोर्कस्थित राष्ट्रसंघको मुख्यालयमा चार महिना रहँदा त्यस वर्षको वार्षिक अधिवेशनका बखत राष्ट्रसंघका गतिविधिबारे आआफ्ना देशका सञ्चारमाध्यमलाई समाचार तथा विश्लेषण पठाउने अवसर पाएका थियौं । म त्यसबखत *गोरखापत्र*मा कार्यरत थिएँ। टेलेक्सबाट समाचार पठाउने र टेलिप्रिन्टरमा आएका समाचार

पढ्ने प्रविधि उपलब्ध थियो । गोरखापत्र संस्थानको एउटा कोठामा रहेको टेलेक्समा अंग्रेजीमा सामग्री पठाउने सुविधा थियो; पठाउँथें- केही खर्चिलो भए पनि। अंग्रेजी दैनिक *दि राइजिङ नेपाल*मा सामान्य सम्पादन गरेर छापिन्थ्यो । तर, *गोरखापत्र*मा भने अनुवाद गरेर मात्र छाप्न सकिने अवस्था थियो। त्यसैले विस्तृत विवरण भएका खबर र टिप्पणी हुलाकद्वारा नेपाल पठाइन्थ्यो। त्यसरी नेपाल आइपुग्ने सामग्री साता-दश दिनमा प्रकाशित हुन्थे। त्यसको १०/१५ दिनपछि राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगको कार्यालयमा *गोरखापत्र*का मुठा आउँथे र त्यहाँ गएर आफूले पठाएका सामग्री हेर्ने गरेको थिएँ। स्थायी प्रतिनिधि (राजदूत) उद्धवदेव भट्ट र उहाँमातहतका अधिकृत कर्मचारीको सहयोग प्राप्त हुन्थ्यो । सन् १९८० दशकको आरम्भमा टेलिफ्याक्स प्रविधि पनि आइसकेको थिएन; आएको भए नेपालीमै लेखेर फ्याक्सद्वारा पठाउने सुविधा लिइन्थ्यो । अहिले उपलब्ध विकल्पहरू हेर्दा आश्चर्य लाग्छ।

सन् १९८९ मा वर्ल्ड वाइड वेब (World Wide Web–www) आविष्कार भएर १९९१ को अगस्तमा संसारसमक्ष पेश गरिएयता अन्य क्षेत्रमा जस्तै कूटनीतिक क्रियाकलापको सञ्चालन पनि भिन्न तरिकाले हुन थालेको हो । इन्टरनेटका माध्यमको व्यापक प्रयोग र सामाजिक सञ्जालको नियमित उपयोगले गर्दा कूटनीतिक अभ्यासहरू पारदर्शी हुँदै गएका छन् । 'डिजिटल डिप्लोमेसी' तीव्र गतिले प्रयोगमा आएको पदावली भएको छ। सार्वजनिक कूटनीतिका नमुनाका रूपमा काठमाडौंमा खटिएका विदेशका राजदूतले *ट्वीटर*मा प्रकाशित गरेका सन्देश र छोटा वक्तव्यलाई लिन सकिन्छ। राष्ट्रप्रमुख तथा सरकारप्रमुखले अर्को देशका समकक्षीलाई बधाई सन्देश *ट्वीटर*मार्फत दिन थालेका छन्। बधाइको औपचारिक पत्र त सोभै सरकारी निकायमा पुग्छ र अभिलेखका लागि भण्डार गरे हुने भएको छ।

यसरी खुलापनलाई सहज गराउने सूचना-प्रविधिको विकासले कूटनीतिको औचित्य समाप्त हुने त होइन भन्ने तर्कहरू विकसित कहलिएका देशमा समेत सतहमा आएका छन् । तर, उतैका जानिफकारहरूको भनाइ छ- जसरी टेलिफोन, रेडियो, टेलिभिजन र त्यसपछि आएका सञ्चार-प्रविधिले कूटनीतिलाई नकारात्मक असर गरेनन्, त्यसैगरी हालै भएका परिमार्जनले पनि त्यस्तो अन्तर पार्दैनन् ।

हुन पनि सूचना प्रविधिको यस्तो विकास कूटनीतिक क्रियाकलापलाई सजिलो पार्न थप वैकल्पिक माध्यम नै उपलब्ध भएका छन्। जस्तो- श्रव्य-दृश्य माध्यम (भिडियो) प्रयोग गरेर चीन र अमेरिकाका राष्ट्रपतिको स्तरमा गम्भीर वार्ता सञ्चालन गर्न सम्भव भएको छ। कूटनीतिक स्तरका कतिपय द्विपक्षीय संवादमा नेपालकै परराष्ट्र सचिवसमेत सहभागी

भएको देखिएको छ । सूचना र विज्ञप्तिहरू छापेर खाममा हालीकन सञ्चारगृहहरूमा पठाउने पहिलेको चलन हटेको छ। कम्प्युटर वा मोबाइल फोनमा उपलब्ध माध्यमद्वारा सीधै उपकरणमा पठाउन सकिने भएको छ। सूचना-प्रविधिको माध्यमको उपयोग निकै कम खर्चमा गर्न सकिने भएकाले सबै स्तरका भ्रमण कम गरी बाटा खर्च जोगाउने अवसर मिलेको छ । स्थलगत कूटनीतिका लागि खोलिएका कतिपय नियोग हटाउन सकिने अवस्था आएको छ।

## विशिष्टीकृत विधा

२००७ सालको राजनीतिक परिवर्तनसँगै मुलुकमा प्रेसका लागि पनि खुला वातावरण आयो । प्रजातन्त्रको लाभ लिँदै केही उत्साही युवाले पत्रपत्रिकाको प्रकाशनमा रुचि देखाए । वि.सं. १९५८ मा प्रकाशन आरम्भ भएपछि झन्डै आधा शताब्दीसम्म अखबारको पर्याय रहिआएको *गोरखापत्र*को एकाधिकार तोडियो ।[२] प्रजातान्त्रिक सरकारबाट २००७ सालको अन्त्यतिर *रेडियो नेपाल*मार्फत प्रसारण युगको पनि थालनी भयो ।[३] परन्तु प्रकाशनमा झैं प्रसारणमा प्रतिस्पर्धाको समय शायद आइसकेको थिएन। विभिन्न कलेबरका दैनिक, साप्ताहिक, पाक्षिक पत्रपत्रिका छापेर स्वतन्त्र प्रेसको जग हाल्नेमा त्यसबखतका अगुवाहरूको ठूलो योगदान रह्यो।

तर, सीमित साधन, स्रोत र सीपका आधारमा गरिएको पत्रकारिताले फड्को मार्न सक्ने स्थिति थिएन। एकै व्यक्ति सम्पादक, प्रकाशक र मुद्रक मात्र होइन, पत्रिका बाँड्दै हिँड्ने वितरकको भूमिकामा समेत रहनुपर्ने जमाना थियो । त्यस समयमा ती व्यक्ति एक्लैले राजनीति, शासन-प्रशासन, कूटनीति, अर्थनीति, गृहनीति सबै विधामा खबर लेख्ने र टीकाटिप्पणी लेखेर छपाउने कामसमेत गर्दथे । कहीं कसैले निजी रुचिवश कुनै खास विधामा चासो राखेछन् भने त्यो संयोग मात्र भयो। सबै प्रकारका रोगव्याधिबारे सामान्य जानकारी राखेर उपचार गर्ने एउटै चिकित्सक (फिजिसिएन) ले काम गर्ने कालखण्डको कुरो अहिलेका भन्दा सर्वथा भिन्न थियो।

अचेल सबै क्षेत्रमा विशिष्टीकृत ज्ञान भएका मानिसहरू देखापरेका छन्। गृह, अर्थ, कृषि, उद्योग, वाणिज्य, संसद्, न्यायपालिका जस्तै परराष्ट्र सम्बन्ध सञ्चालन पनि एक विशिष्ट विधा भएको छ। पत्रकारितामा यो छुट्टै हेरिनुपर्ने फाँट हुन लागेको बल्ल एक दशकजति भयो। अनि, परराष्ट्र मामिला र त्यसलाई कार्यान्वयन गर्ने कूटनीति विषयमा विशेष रुचि

---

२. *गोरखापत्र*बारे थप ऐतिहासिक जानकारीका लागि हेर्नुहोस्- (रेग्मी र भट्टराई २०६७)।

३. *रेडियो नेपाल*को इतिहाससम्बन्धी थप केही सान्दर्भिक सामग्रीका लागि हेर्नुहोस्- (वन्त, पराजुली, हुमागाईं, अधिकारी र भट्ट २०६१)।

राखेर निरन्तर समाचार, विवेचना र विश्लेषण गर्ने नेपाली पत्रकारको वृत्त जम्मा १०/१२ जनाको अर्थात् सानो छ। हुन त परराष्ट्र मामिला २०७२ सालमा जारी भएको नेपालको संविधानअनुसार[४] संघीय (केन्द्रीय) तहको क्षेत्राधिकारमा पर्छ, तर यसबारेको अभिरुचि देशका जुनसुकै तह र इलाकामा कार्यरत सञ्चारकर्मीले पनि राख्न पाउँछन्। परराष्ट्रनीति र कूटनीतिमा दक्षता अभिवृद्धि गराउने प्रशिक्षण वा अभिमुखीकरण उपलब्ध भए यस विधामा रुचि राख्ने सञ्चारकर्मीको संख्या बढ्दै पनि जाला।

एसियाको यस हिमाली देशको रणनीतिक महत्त्व प्रारम्भदेखि नै छर्लंग रहेको हो; हालैका वर्षहरूमा बदलिँदो अन्तर्राष्ट्रिय परिस्थितिले त्यस महत्त्वलाई झन् टड्कारो बनाएको छ। उत्तरमा चीन एक विश्वशक्तिका रूपमा खडा भएको छ भने दक्षिणमा क्षेत्रीय शक्ति रहिआएको भारत पनि विश्वको शक्तिशाली राष्ट्रका रूपमा उभिएको छ। नेपालको भू-राजनीतिले गर्दा 'गृहनीतिको विस्तारित रूप परराष्ट्रनीति हुने गर्छ' भन्ने प्रचलित अन्तर र्राष्ट्रिय मान्यताविपरीत गएर पो सोच्नुपर्ने हो कि जस्तोसमेत महसुस हुन थालेको छ।

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूको उल्लेख भएको छ। यस खण्डको पुछारमा राखिएको खण्ड (ड) मा 'अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति' समावेश भएको छ। दुईवटा बुँदामा सूचीकृत ती नीतिमध्ये पहिलोमा 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितरक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने' प्रतिबद्धता जनाइएको छ। दोस्रो (तथा अन्तिम) नीति यस्तो छ- विगतमा भएका सन्धिको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितका आधारमा सन्धि सम्झौता गर्ने।

परराष्ट्रनीति तथा कूटनीतिका क्षेत्रमा पसेर विशिष्टीकृत पत्रकारिता गर्ने लक्ष्य राखेका सञ्चारकर्मीले संविधानतः अनुमोदित यी नीति कार्यान्वयन गर्ने नेपालको प्रशासनिक संरचना राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका पालामा निर्माण भएको हो भनी बुझ्न आवश्यक छ। त्यो संरचना शुरूदेखि २००७ सालसम्म र त्यसपछिका दशकमा कसरी विकास हुँदै आयो भन्नेबारे पनि जानकार रहनुपर्छ। नेपाललाई 'दुई ढुंगाबीचको तरुल' सँग तुलना गर्ने राजा पृथ्वीनारायणको 'दिव्योपदेश' मा शाश्वत महत्त्वका बुँदा परेका छन्। जस्तो- वरिपरिका देशसँग घा (मित्रता) राख्नू तर दक्षिणतर्फको बादशाह महा चतुरो छ; हिन्दुस्तानलाई पनि दबाइराखेको छ; हिन्दुस्तानीहरू जागे भने आफूलाई त्यहाँ

४. नेपालको संविधानको अनुसूची - ५ मा संघको अधिकारको सूची दिइएको छ। सो अनुसूचीको क्र.सं. ६ मा उल्लेख गरिएअनुसार परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसंघसम्बन्धी विषय स्थानीय वा प्रदेश नभई संघको अधिकार क्षेत्रभित्र पर्छ।

रहन कठिनाइ पर्ला भनेर त्यसले आफ्नानिम्ति सुरक्षित किल्ला खोज्न यतातिर कुनै दिन आउनेछ; जाई कटक (लडाञी) नगर्नु भिकी कटक गर्नु आदि-इत्यादि।[५]

छिमेकीहरूसँगका व्यवहारलगायतका काम गर्न राजा पृथ्वीनारायणले 'जैसी कोठा' नामक कार्यालय खोली भानु जैसी अर्ज्याल र बालकृष्ण अर्ज्याललाई जिम्मा दिएका थिए। अहिलेको परराष्ट्र मन्त्रालयको पूर्वरूप यही हो। उनले त्यसबखत कलकत्तामा मुख्यालय भएको इस्ट-इन्डिया कम्पनी, पटना, लखनउ, पूर्णियाँ र पूर्वमा सिक्किम र उत्तरमा तिब्बत (भोट) मा दूतहरू खटाएका थिए। उनी आफ्नो जीवनकालभर परराष्ट्र मामिलातर्फ सक्रिय रहेका अन्य दृष्टान्त पनि पाइन्छन्। पछि, भीमसेन थापा मुख्तियार भएपछि साबिकको जैसी कोठा मुन्सीखानामा परिणत भयो। राणाकालमा त्यही नाम कायम रह्यो। अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले 'परराष्ट्र विभाग' गठन गरी छोरा विजय शमशेरलाई डाइरेक्टर जनरल नियुक्त गरे। सन् १९४९ मा विजय शमशेरले नेपाललाई राष्ट्रसंघको सदस्यता दिलाउन पैरवी गरेका थिए तर सुरक्षा परिषद्मा सोभियत संघको भिटोले गर्दा नेपालको प्रयास सफल भएन। २००७ सालको परिवर्तनपछि परराष्ट्र विभाग मन्त्रालयमा परिणत भयो र नरेन्द्रमणि आ.दी. सचिव नियुक्त भए। अनि, नेपालले राष्ट्रसंघको सदस्यता राजा महेन्द्रको राज्यकाल (१४ डिसेम्बर १९५५ः २९ मंसिर २०१२ साल) मा पायो।

नेपालको अहिलेको परराष्ट्र मन्त्रालय पहिलेको दाँजोमा व्यवस्थित छ। स्थलगत कूटनीति सञ्चालन गर्न ३० वटा दूतावास, राष्ट्रसंघसँग सम्बन्धित तीन नियोग र सात महावाणिज्य दूतावास कायम गरिएका छन्। नेपालमा उस्तै संख्यामा विदेशका नियोग छन्। राष्ट्रसंघका प्रतिनिधिहरूका कार्यालय छन्। नेपालसँग दौत्य सम्बन्ध भएका देशको संख्या १७९ पुगेको छ। नेपालसँग दौत्य सम्बन्ध कायम भएको सबैभन्दा नयाँ देश हो- नाउरू, जुन प्रशान्त महासागरमा अवस्थित सानो टापु भनेर चिनिन्छ।

राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा हरेक वर्ष भदौतिर (मध्य-सेप्टेम्बर) मा हुने महासभाको सत्रमा सबै सदस्य-राष्ट्रका प्रतिनिधिहरू सहभागी हुने गर्छन्। प्रधानमन्त्रीका रूपमा विश्वेश्वरप्रसाद कोइरालाले सन् १९६० मा र राजा महेन्द्रले सन् १९६७ मा महासभालाई सम्बोधन गर्दै नेपालका नीति र मान्यताबारे विश्व समुदायलाई अवगत गराएका थिए। महासभाको कार्यसूचीमा विश्वका विभिन्न भागमा भएका विवाद र समसामयिक चासोका मामिला परेका हुन्छन्। विवादग्रस्त विषयमा सामूहिक हल निकाल्ने यत्न गरिएका हुन्छन्।

---

५. पृथ्वीनारायण शाहले 'दिव्योपदेश' मा चार बादशाहको उल्लेख गरेका छन्। यसलाई स्पष्ट पार्दै इतिहासकार बाबुराम आचार्य र योगी नरहरिनाथले ती बादशाह भनेका तिनताक संसारभर प्रसिद्ध रहेका बेलायत, रुस, चीन र रोम गरी चार साम्राज्यलाई लक्ष्यित गरेकोमा कुनै सन्देह नभएको उल्लेख गरेका छन्। 'दिव्योपदेश' बारे थप जानकारीका लागि हेर्नुहोस्- (आचार्य र योगी २०७५)।

हालैका वर्षमा महासभा बैठकमा जलवायु परिवर्तनले ल्याएका चुनौती, जनसंख्याको चाप, सम्पन्न र विपन्न वर्गका बीच फराकिँदै गएको खाडल, व्यापारमा बढ्दो संरक्षणवाद, आ/प्रवासी श्रमिकहरूको शोषण, प्राकृतिक स्रोतहरूको नाजायज दोहन इत्यादि कुरा पेचिला प्रश्न बनेर आउने गरेका छन् । विश्वका विभिन्न देशबीच भएका युद्धका मामिला पनि पटक-पटक सुरक्षा परिषद् र महासभामा आएका छन् । मतदान हुँदा बहुमतले पारित भएका प्रस्तावको समेत पालना भएन भन्ने सिकायत पनि यसै मञ्चमा आउने गरेको छ ।

२०८० साल वैशाखको तेस्रो साता यी हरफ लेखिरहेका बखत सुडानमा आन्तरिक हिंसा भड्केको छ । रूस-युक्रेन युद्ध कायम छ, जसमा संयुक्त राज्य अमेरिका, बेलायतलगायतका पश्चिमी शक्ति राष्ट्र खुलेरै युक्रेनका पक्षमा देखिएका छन् भने चीन र भारतको भूमिका तटस्थ जस्तो देखिएको छ । हालैका वर्षमा चीन र अमेरिकाबीच दक्षिणी चीन सागरको सेरोफेरोमा तनाव चर्किनाले सम्पूर्ण प्रशान्त क्षेत्रका ससाना मुलुक अशान्त हुन पुगेका छन् । पश्चिम एसिया (मध्यपूर्व) मा सिरिया, लिबिया, यमन र इराक हिंसामुक्त हुन सकेका छैनन् । इरान आणविक शक्ति विकासमा लागेको छ भन्ने अवधारणाले अमेरिका उत्तेजित छ । भारत र चीनबीच सन् १९६२ को लडाइँयता सीमा विवाद सुल्झिन सकेको छैन; सन् २०२० मा गलवान् उपत्यकामा भएजस्ता झडपका समाचार बेलाबेलामा आइरहन्छन् । पूर्वमा भुटान-चीन-भारत जोडिएको ठाउँ डोक्लाम पनि विगत केही वर्षयता तनावमा परेको छ । भारत र पाकिस्तानबीच कश्मीरको स्वामित्वसमेतका मामिला चर्केर कुन बेला कसरी विस्फोट हुने हो, अड्कल गर्न कठिन छ । सन् १९४८, १९६५ र १९७१ मा गरेर तीनपटक त भारत र पाकिस्तानबीच लडाइँ नै भइसकेको छ । यी दुई देशबीचको विवादले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का प्रक्रियागत गतिविधि बेलाबेलामा अवरुद्ध हुने गरेका छन् । यी पंक्ति लेखिरहँदा पनि सार्कको अध्यक्ष रहेको नेपाल किंकर्तव्यविमूढ हुन पुगेको छ ।

कश्मीर विवाद दक्षिण एसियामा स्वतन्त्र भारत र स्वतन्त्र पाकिस्तानको जन्म भएको वर्ष सन् १९४७ को लगत्तै शुरू भएको हो । र, उसबखत राष्ट्रसंघमा पुगेको विवाद अझै सुल्झेको छैन । हरेक वर्ष महासभामा पेश हुने कार्यसूचीमा कश्मीर मामिला झुन्डिने गरेको छ । यो पश्चिम एसियाको प्यालेस्टाइन समस्या जस्तै लामो समय अल्झोमा परेको मामिला हुन पुगेको छ । राष्ट्रसंघीय सैनिक पर्यवेक्षक टोली आज पनि भारत-पाक सीमा क्षेत्रमा तैनाथ छ । नेपालनिकट छिमेकहरू चीन, भारत र पाकिस्तान तीनवटै आणविक हतियारयुक्त देश हुन् । अस्तित्त्वका लागि लगातार विभिन्न रणनीति अख्तियार गर्दै आएको नेपालका लागि छिमेकको खिचातानी गहिरो चिन्ताको विषय हो; हुनु पनि पर्छ ।

## राष्ट्रसंघ र कानूनका कुरा

नेपाल राष्ट्रसंघको बडापत्रप्रति प्रतिबद्ध सदस्य-राष्ट्र भएको हुनाले राष्ट्रसंघका तमाम गतिविधिबारे कूटनीतिक पत्रकार अद्यावधिक हुन आवश्यक छ। यस विश्वमञ्चमा हुने बहस, मतदान र निचोडबारे नेपालका मान्यतासहित जनसाधारणलाई सुसूचित गर्न हरघडी तयार रहनुपर्छ।

राष्ट्रसंघजस्तो बहुपक्षीय मञ्च होस् वा नेपालसँग दौत्य सम्बन्ध भएका  देशहरूसँगका द्विपक्षीय वार्ता वा सम्झौता हुन्, सबैमा नेपाली नागरिकलाई जानकार तुल्याउने अपेक्षा प्रतिबद्ध सञ्चारकर्मीबाट गरिएको हुन्छ। यसका लागि देशभित्रका घटनाक्रमलाई नियालिरहन आवश्यक हुन्छ।

राष्ट्रसंघको संरचनामा १५ सदस्यीय सुरक्षा परिषद् सर्वाधिक महत्त्वको निकाय हो। संसारका कुनै कुनामा वा कुनाबाट विश्व शान्ति खल्बलिने परिस्थिति देखियो भने परिषद्को निर्णयबाट जुनसुकै ठाउँमा हस्तक्षेप गर्न सक्छ। नेपालमा माओवादी आन्दोलनलाई शान्ति प्रक्रियामा अवतरण गराउने बेला आएको 'अनमिन' सुरक्षा परिषद्कै पहलमा खटिएको थियो। (परिषद्का पाँच स्थायी सदस्यमध्ये कसैले पनि भिटो प्रयोग नगरेकाले परिषद्को प्रस्ताव पारित भएको थियो।)

चीन राष्ट्रसंघीय सुरक्षा परिषद्का पाँच स्थायी सदस्यमध्येको देश हो भने भारत बाँकी १० सदस्यमध्येको एउटा यस्तो सदस्य-राष्ट्र भएको छ, जो पटकपटक परिषद्को अस्थायी सदस्यमा निर्वाचित हुँदै आएको छ। यससँग अहिले नभएको भनेको निषेधाधिकार (भिटो पावर) मात्र हो। कदाचित कुनै दिन सुरक्षा परिषद्को संरचना परिवर्तन गर्ने माग राष्ट्रसंघले पूरा गरेछ भने स्थायी सदस्य हुने अग्रपंक्तिको देशमा भारत पनि पर्ने छ। प्रसंगवश, विगतका ६ दशकमा नेपालले सुरक्षा परिषद्मा निर्वाचत भई दुईपटक दुईबर्षे (अस्थायी) कार्यकाल पूरा गरिसकेको छ। आगामी वर्षहरूमा आउने चुनौती र अवसरका लागि गरिने पहल, पैरवीमा कूटनीतिक पत्रकारिताबाट पुग्ने योगदानलाई मध्यनजर गरी यस विधामा सञ्चारकर्मीको संख्या बढाउन सकिन्छ; बढाउन आवश्यक छ।

नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा हस्ताक्षर तथा अनुमोदन गरेर पक्ष राष्ट्र बनेको छ। त्यस आधारमा सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार, नेपाल पक्ष भएको कुनै अन्तर्राष्ट्रिय सन्धिको व्यवस्था राष्ट्रिय कानूनसँग बाझिएमा बाझिएको हदसम्म उक्त सन्धिको व्यवस्था राष्ट्रिय कानूनसरह लागू हुने हुन्छ। संयुक्त राष्ट्रसंघ र यसका विशिष्ट संस्थाहरू (बाल कोष, विश्व स्वास्थ्य संगठन, शरणार्थी आयोग, मानवअधिकार

परिषद् आदि) मा नेपालको सहभागिता छ । यी निकायका कामकारबाही र यिनको सञ्चालनलाई निर्देशन दिने समितिहरूका लागि हुने निर्वाचनसमेतका क्रियाकलापबारे नेपाली जनसमुदायलाई जानकारी दिन कूटनीतिक संवाददाता हरघडी चनाखो रहनुपर्ने हुन्छ । तसर्थ, यस मामिलामा गर्ने पत्रकारिताको कार्यक्षेत्र फराकिलो छ ।

## भाषा, शिष्टाचार र परिश्रम

आवश्यकता यो भए तापनि कूटनीतिक मामिलामा कलम चलाउने पर्याप्त जनशक्ति तयार पार्न सजिलो भने छैन । भाषाको ज्ञान, विषयमा पकड र कूटनीतिक निकायका अधिकारीहरूसँग पहुँच बनाई सूचनाका स्रोतहरू तयार गर्ने क्षमता कूटनीतिक मामिलामा समाचार लेख्ने पत्रकारका पूर्वशर्त हुन् । तिनले नेपालका अधिकृतहरूसँग मात्र होइन, नेपालमा खटिएर आएका विदेशी कूटनीतिक कर्मचारीसँग पनि तिनकै भाषामा दोहोरो संवाद गर्न सक्ने हुनुपर्छ, अन्यथा सूचना संकलन कार्य अधुरो रहन्छ र समाचार लेख्ने काम अवरुद्ध हुन पुग्छ ।

भाषा भन्नाले नेपालीका साथसाथै अंग्रेजी जान्नु अनिवार्य हुन्छ । नेपालका सबै पक्षबारे जान्ने-बुझ्ने हुन पहिले नेपाली (विभिन्न राष्ट्रिय भाषा-भाषिकासहित) मा दखल हुन आवश्यक छ भने आफूले जानेका कुरा अंग्रेजीभाषीलाई बुझाउन अंग्रेजी भाषाको राम्रो ज्ञान पनि चाहिन्छ । बदलिँदो परिवेशमा राष्ट्रसंघले प्रयोग गर्ने अन्य भाषा (चिनियाँ, रूसी, फ्रान्सेली, अरबी र स्पेनी) मध्ये कुनै एक वा दुईको पनि ज्ञान हुन सके कार्य सम्पादन सहज हुने देखिन्छ ।

शिष्टाचार (प्रोटोकल) सम्बन्धी जानकारी भएमा आफ्नो देशको कुन नेता वा पदाधिकारीको समकक्षी को हो भन्ने ठम्याउन सकिन्छ र तदनुसारका जानकारी बटुल्न पाइन्छ । औपचारिक रूपमा प्रवक्ताले प्रेसलाई दिने जानकारी (ब्रिफिङ), पत्रकार सम्मेलनमा हुने प्रश्नोत्तर तथा छापेर प्रकाशित गरिने सूचना, वक्तव्य र विज्ञप्तिमार्फत आउने कुराको महत्त्व हुन्छ, परन्तु तिनबाट सबै सम्भाव्य प्रश्नको उत्तर नपाइन सक्छ । अनौपचारिक सम्पर्क र कुराकानीबाट पाइने सूचना र तथ्यबाट समाचार पोटिला हुन पाउँछन् ।

कूटनीतिक संवाददाताको हैसियत प्राप्त गर्न सिकारु संवाददाताले कम्तीमा १० वर्षको अभ्यास र परिश्रम लगाएको हुनुपर्ने अवस्था छ । नेपालमा बहुसंख्यक नागरिकले पाउने शिक्षाको स्तर, सिक्ने प्रयास र साधन-स्रोतले कार्यप्रगतिमा असर पारिरहेको हुन्छ । यिनै धरातलीय यथार्थ आत्मसात् गरेर पत्रकारले आफ्ना इच्छा र आकांक्षालाई सही गोरेटोबाट डोऱ्याउनु बुद्धिमानी हुन्छ ।

## अपेक्षाका केही बुँदा

सारांशमा, परराष्ट्रनीति र कूटनीतिलाई आफ्नो कार्यक्षेत्र बनाउने लक्ष्य लिएका सञ्चारकर्मी/पत्रकारबाट गरिने केही अपेक्षा–

- न्यूनतम शैक्षिक योग्यता (स्नातक)
- नेपालको संविधान र सन्धि-सम्झौता विषयक ऐनहरूको जानकारी
- राष्ट्रसंघको बडापत्र (चार्टर) का प्रावधानहरूको राम्रो अध्ययन
- नेपालीका अतिरिक्त अंग्रेजी भाषामा दखल; थप भाषाको ज्ञान
- अन्तर्राष्ट्रिय घटनाक्रमबारे अद्यावधिक रहन समाचार पढ्ने/सुन्ने/हेर्ने बानी
- कूटनीतिक शिष्टाचार (प्रोटोकल) बारे सामान्य जानकारी
- राष्ट्रसंघका कार्यसूचीमा रहेका विषय र मामिलाबारे जानकारी
- सुल्झिन नसकेका कश्मीर, म्यानमारलगायतका आवश्यक अन्तर्राष्ट्रिय समस्याको ज्ञान
- सार्क, दक्षिण-पूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान), बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक), युरोपेली संघ (ईयू) समेतका क्षेत्रीय संस्थाका गतिविधिबारे जानकारी
- समसामयिक विश्वसामुका चुनौतीबारे लेखिएका पुस्तकहरूको अध्ययन
- सन्दर्भ-सामग्रीहरूको खोजी गर्ने र पढ्ने जाँगर
- सूचना-प्रविधिको अद्यावधिक जानकारी लिने र उपकरण प्रयोग गर्ने इच्छा
- विदेशमा गएर पनि काम गर्ने उत्साह र सीप

## सन्दर्भ–सूची

अधिकारी, ध्रुवहरि, सं. । २०५१ । *पत्रकारिता-हाते किताब*। काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट।

आचार्य, बाबुराम र योगी नरहरिनाथ, सं. । २०७५ । *बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्य उपदेश*। काठमाडौं : फाइनप्रिन्ट।

देवकोटा, गृष्मबहादुर। २०२४। नेपालमा छापाखाना र पत्रपत्रिकाको इतिहास। काठमाडौँ : केशवप्रसाद लम्साल।

बस्न्यात, डा. निरञ्जनमान सिंह। सन् २०२२। परराष्ट्र मामिलामा सुधारको आवश्यकता। *AFCAN Review.*

भट्टराई, डा. मदनकुमार । सन् २०१९ । *परराष्ट्रका पात्र* । काठमाडौं : किताब पब्लिसर्स।

रेग्मी, शिव, शिवप्रसाद भट्टराई र जयदेव भट्टराई, सं. । २०६७। *गोरखापत्रको इतिहास*। काठमाडौं : गोरखापत्र संस्थान।

वन्त, प्रत्यूष, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं. । २०६१। *रेडियो नेपालको सामाजिक इतिहास*। काठमाडौं : मार्टिन चौतारी।

नेपाल विश्व सम्बन्ध परिषद्का जर्नलहरू।

नेपालको संविधान। २०७२।

Khanal, Yadu Nath. 2000. *Nepal's Non-isolationist Foreign Policy.* Kathmandu: Satyal Publications.

*AFCAN Review* journals– Journals published by Association of Former Career Ambassadors of Nepal (AFCAN)

# न्यायको सत्मार्गलाई सहयोग

**अनन्तराज लुइँटेल**

'न्यायालय सुधार' न्याय क्षेत्रको सदावहार प्रसंग हो । पत्रकार मात्र हैन, न्यायाधीश वा कानून व्यवसायीका जिब्रोमा पनि यही विषय झुन्डिएको पाइन्छ । प्रधानन्यायाधीश बहिर्गमनका लागि महिनौंसम्म गरिने आन्दोलन वा नयाँ प्रधानन्यायाधीश नियुक्तिको माग गर्दै गरिने आन्दोलन समाचार हो । जनतालाई न्याय दिने सर्वोच्च वा अन्य जुनसुकै तहको अदालत वा न्यायिक निकायमा कुनै घट्ना हुनु वास्तवमै समाचार हो, सबैको चासोको विषय हो ।

अदालतमा जनचासोका विषयमा भएगरेका कामकारबाही जनतासम्म पुऱ्याउने मिडिया कर्मलाई नै हामी कानून पत्रकारिताका रूपमा बुझ्ने गर्दछौं । पछिल्लो कालमा अदालतमा भएका गतिविधि जनताको प्रत्यक्ष निगरानी र पहुँचमा पुऱ्याउने काम कसैले गरेको छ भने त्यो हो- मिडिया । अदालती विषय किन र कसरी मिडियाको चासो बनेको छ र कसरी अदालती प्रक्रियालाई मिडियाले समाचारका रूपमा पस्कनुपर्छ भन्ने विषयमा यहाँ चर्चा गरिएको छ ।

अमेरिकी अदालत संवाददाता तथा क्याप्सन लेखकहरूको संस्था द एसोसिएसन फर कोर्ट रिपोर्टर्स एन्ड क्याप्सनर्सको परिभाषामा अदालती संवाददातालाई उनीहरूले खेल्ने निष्पक्ष भूमिका र सुनुवाइका समयमा बोलिएका कुरालाई रेकर्ड गर्न सक्ने क्षमताका कारण 'अभिलेख अभिभावक' मान्ने गरिएको छ ।[१] अदालती संवाददाताहरू बहसमा उठेका

१. https://www.ncra.org/home/professionals_resources/professional-advantage/Court-Reporting; accessed May 6, 2023.

विषयलाई शब्दमा उतार्ने प्रक्रियामा सामेल हुन्छन् र जब मुद्दाका पक्षहरूले आफ्नो पुनरावेदकीय अधिकार प्रयोग गर्छन्, त्यसबेला वास्तविक रूपमा उनीहरूका मुद्दामा सुनुवाइका क्रममा के भएको थियो भन्ने विवरण उपलब्ध गराउँछन् । वकिलहरूले समेत तयारीका लागि त्यस्ता ट्रान्सक्रिप्ट प्रयोग गर्छन् । केही अदालती संवाददाताले त वास्तविक रूपमा सुनुवाइका समयमा के भएको थियो भन्ने जानकारी उपलब्ध गराउँछन्, जुन कुराले मुद्दाका सबै पक्षलाई महत्त्वपूर्ण ढंगले मद्दत गर्दछ र स्वयम् न्यायाधीश र वकिललाई समेत सुनुवाइका क्रममा के भएको थियो भन्ने बुझ्न सहयोग गर्दछ भनिएको पाइन्छ ।

## अदालती रिपोर्टिङको इतिहास

नेपालमा पनि यदाकदा अदालती रिपोर्टिङ हुँदै आएको पाइन्छ । तर, त्यो व्यवस्थित र नियमित हुन सकेको थिएन । पञ्चायतकालअघि पनि *नयाँ सन्देश, समीक्षा, सही रास्ता* जस्ता साप्ताहिक पत्रिकामाथि अदालती समाचार लेखेवापत मुद्दा चलेका उदाहरण छन् । २०१० देखि २०५२ सालसम्मको चार दशकको न्यायिक इतिहास हेर्ने हो भने २०५२ भदौ १२ को फैसलाअघिसम्म अदालतको अवहेलनामा मुद्दा चलेका र कारबाही भएका उदाहरण छन् ।

तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधि सभा विघटन गरेपछि चलेको मुद्दामा २०५२ भदौ १२ को फैसलाका सन्दर्भमा *साप्ताहिक विमर्श*मा प्रकाशित व्यंग्य चित्रलाई लिएर अदालतको अवहेलना मुद्दा चल्दासम्मको अवस्था हेर्दा त्यसअघि पनि थोरै मात्रामा भए पनि अदालती समाचार प्रकाशन हुने र सजायभागी भइरहने गरेको पाइन्छ । त्यसबेलाको अदालती रिपोर्टिङ व्यावसायिक (Professoinal) नभएर राजनीतिक लक्ष्यप्रेरित (Politically Motivated) वा राजनीतिक उद्देश्य (Political Mission) का लागि भएको पाइन्छ ।

५० को दशकयता अदालती समाचारको बाढी नै आएको छ । त्यसयताको पत्रकारितामा 'कोर्ट रिपोर्टिङ' ले राजनीतिक समाचार वा विश्लेषणलाई समेत माथ गरिसकेको छ । अर्थात् यो पत्रकारिताको एक मुख्य बीटकै रूपमा स्थापित भएको छ । संसद् विघटनदेखि प्रधानमन्त्रीको नियुक्तिसम्मका विषय, न्यायाधीश नियुक्तिदेखि कारबाहीसम्मका विषयमा जनताको प्रत्यक्ष चासो रहने भएकाले यी विषयमा मिडियाको चासो रहने गरेको छ । राज्यका सबै निकायको कामको कानूनी परीक्षण (Legal Audit) मुद्दामार्फत हुने र तिनका काम अदालतमै पुगेर ठोक्किने भएका कारण पनि अदालत सबै निकायको सुपरिवेक्षक ( Institutional Supervisor) जस्तो हुन पुगेको हो । त्यसैले त्यस्तो निकायको समाचार लेख्ने पत्रकारमा ज्ञानको दायरा फराकिलो हुन आवश्यक छ ।

नेपाल अधिराज्यको संविधान २०४७[२] ले अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गरेपछि व्यावसायिक संञ्चार गृहहरू भटाभट खुल्न थाले र प्रतिस्पर्धा बढ्न थाल्यो । त्यसपछि सबैजसो ठूला मिडियाले अदालती रिपोर्टिङअगाडि बढाउन विशेषज्ञता हासिल गरेका पत्रकारलाई खटाएको पाइन्छ । प्रचलनमा रहेको नेपालको संविधान संविधान सभाले पारित गरी लागू भएपछि त मिडियामा क्रान्ति नै आएको छ। संविधानको धारा १९[३] ले सबै विद्युतीय सञ्चार तथा छापा माध्यमलाई समेत समान हैसियत प्रदान गरेपछि अहिले विद्युतीय मिडिया जबर्जस्त रूपमा विकास भएको छ । ठूला मिडियामा उक्त अभ्यास भए पनि समग्र मिडियामा र पछिल्लो अवधिमा विकास भइरहेको अनलाइन माध्यममा अदालती रिपोर्टिङलाई सुव्यवस्थित बनाउन बाँकी नै देखिन्छ।

अन्तर्राष्ट्रिय रूपमा अदालती रिपोर्टिङ कसरी शुरू भयो भन्ने तथ्य रोचक छ। रोमन र सिसेरोबाट इशापूर्व ६३ पछि शुरू भएको 'कोर्ट रिपोर्टिङ' खासमा रोमन रिपब्लिकका सिनेटर तथा कानूनविद् सिसेरोको सहयोगीका रूपमा मार्कुस टुल्लिस टिरोबाट शुरू भएको मानिन्छ । उनले सिसेरोलाई सहयोग गर्ने क्रममा सर्टह्यान्डमा नोटहरू बनाउन थाले,

२. नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १३ : छापाखाना र पत्रपत्रिका सम्बन्धी हक : (१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्न पूर्व-प्रतिबन्ध लगाइने छैन । तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन। (२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन। (३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गरे बापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन।

३. धारा १९ सञ्चारको हक : (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन। (२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन। तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन। (३) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन।

जसलाई पछि 'टिरोनियन नोट' का रूपमा चिनियो । टिरो आफैंले सर्टह्यान्ड राइटिङ, ल्याटिन लेटर, ग्रिक संकेतहरू र अन्य संकेतसमेत प्रचलनमा ल्याए । टिरोले सिसेरोलाई संक्षिप्त नोटहरू तयार गरिदिने गरेकाले पनि उनलाई कोर्ट रिपोर्टिङको शुरूवातकर्ता मानिएको हो । विस्तारै उनैको शैलीबाट सर्टह्यान्ड राइटिङ शुरू भयो भने त्यसैलाई कोर्ट रिपोर्टिङको शुरूवाती समय पनि मानियो ।[४]

## उद्देश्य : न्यायमा सघाउ, पीडकलाई सजाय

अदालती मामिला मिडिया आकर्षणको विषय हो भन्नेमा कुनै द्विविधा छैन । विभिन्न सञ्चारमाध्यममा अदालत मामिला हेर्ने पत्रकारहरूले अदालती काम-कारबाही, प्रक्रिया र विधिको शासनलाई मिहीन ढंगले केलाउने मात्रै होइन, सबैले बुझ्ने तरिकाले पस्कने गर्छन् । यसरी अदालतका जटिल विषयवस्तुलाई सरल ढंगले पस्कने कार्यले अन्ततोगत्वा न्यायको मार्गमा सघाउ पुऱ्याइरहेको हुन्छ ।

पत्रकारितामा विषयवस्तुको पहिचान सबैभन्दा गहन विषय भए पनि यसलाई जान्न र पर्गेल्न सक्ने खुबी महत्त्वपूर्ण हुन्छ । यस विधाका पत्रकारमा सूचना थाहा पाउने र पस्कने क्षमता मात्र भएर पुग्दैन, बरु कानूनी प्रक्रियागत विषय, अदालती शब्दावली, कानूनका दाउपेच र व्यक्तिका अधिकार तथा तिनको प्राप्तिको उपायको ज्ञानसमेत चाहिन्छ । यसका लागि विशेषतः शैक्षिक ज्ञान, तालिम र अनुभव अति महत्त्वपूर्ण हुन्छ । न्याय प्रदान गर्ने उद्देश्यमा पनि सत्यको खोजी हुन्छ भने पत्रकारितामा पनि सत्यकै खोजी हुन्छ । यी दुवैको सम्मिश्रणले कानून पत्रकारिता झन् प्रभावकारी हुन्छ ।

कानून पत्रकारितामा शैक्षिक ज्ञान अति आवश्यक मानिन्छ, त्यसपछि अन्य विधाको ज्ञानसरहका कुरा त अनिवार्य हुने नै भए । समाचारलाई सतहमा ल्याइदिएर सूचना प्रदान गर्नुका साथै न्याय पनि दिलाउने संवाहकका रूपमा कानून पत्रकारले भूमिका निर्वाह गर्ने मकसद राख्नुपर्छ । कानून पत्रकारिताको उद्देश्य पनि स्वाभाविक रूपमा समाचार पस्कने नै हो तर समाचारको दृष्टिकोणमा भने विधिको शासन कायम गर्ने, मानवअधिकार सुनिश्चित गर्ने र अन्ततोगत्वा न्यायको सत्मार्गलाई सहयोग पुऱ्याउने र पीडकलाई दण्ड दिलाउने उद्देश्य हुनुपर्छ ।

## मिडिया–अदालत नजिकिँदो सम्बन्ध

केही दशकअघि सम्म पत्रकार र अदालतको सम्बन्ध 'जोगीदेखि भैंसी डराउने, भैंसीदेखि

४. https://brookscourtreporting.com/the-history-of-court-reporting-and-tenography; accessed May 6, 2023.

जोगी डराउने' अवस्थाको थियो । अहिले मिडियाको प्रभावले न्यायाधीशका कामलाई समेत निगरानीको घेरामा राखिसकेको छ । काममा गल्ती होला कि मिडियाले थाहा पाउला कि भनेर न्यायाधीशहरू सतर्क हुन थालेका छन् । पहिलाजस्तो अवहेलनामा कारबाही चलाइहालिन्छ, तर्साइहालिन्छ भन्ने भ्रम न न्यायाधीशलाई छ, न पत्रकारलाई नै त्यसको अनावश्यक त्रास छ । न्यायाधीश स्वयं पनि गलत कर्म आलोचनाको विषय हुन सक्छ भन्नेमा सतर्क भइसकेका छन् ।

पहिला-पहिला जनता अदालतसम्म पुग्न डराउने अवस्थामा अदालतका गतिविधिलाई निडरताका साथ मिडियामार्फत जनतामा पुऱ्याउन पनि सजिलो थिएन । अहिले पनि ज्यादै न्यून प्रतिशत जनता अदालतको पहुँचमा छन् । न्यायालय एउटा भ्रष्ट निकाय हो भन्ने भावनासमेत जनमतबाट प्रकट हुने गरेको छ । यस परिप्रेक्ष्यमा यसको सुधार र परिस्करणका लागि मिडियाले खेलिरहेको भूमिकालाई नजरअन्दाज गर्न सकिँदैन । त्यसैले त मिडियाले जुन भूमिका निर्वाह गरिहेको छ, त्यो नै सबैले बुझ्ने भाषामा कानून पत्रकारिता हो ।

नेपालकै न्यायिक इतिहास हेर्ने हो भने पहिला-पहिला पनि मिडिया र पत्रकारले मुद्दा-मामिला खेपेका, राजनीतिक घटनाक्रममा अदालतका आदेश र फैसला भएको इतिहासमा पाइन्छ । राजनीतिक दलका नेतामाथि लागेका मुद्दा, तिनको प्रक्रियामा भएको चर्चा-परिचर्चालाई समेत मिडियाले महत्त्वका साथ हेर्ने गरे पनि नियमित रूपमा अदालतका गतिविधि मिडियाको चासोको विषय बन्न सकेका थिएनन् ।

नेपाली प्रेसले न्यायपालिकालाई महत्त्व दिएको २०४७ सालको संविधान लागू भएपछि र न्यायपालिकाले पनि काम देखाएर आफ्नो महत्त्व बढाउन थालेपछि मात्रै हो । त्यसपछि नै मिडियाको निगरानीमा अदालतका गतिविधि नियमित परेका हुन् । सो संविधानले नेपाली प्रेसलाई स्वतन्त्र बनाएपछि विस्तारै खुला समाज विकास हुने क्रममा न्यायालयका गतिविधि मिडियाको चासोको विषय बन्न पुगेको देखिन्छ ।

२०५२ सालमा गरिएको संसद् विघटनलाई चुनौती दिँदै अधिवक्ता रविराज भण्डारीविरुद्ध प्रधानमन्त्री मनमोहन अधिकारीसमेत भएको मुद्दाको रिट निवेदन दायर भएपछि त्यसमा अदालतबाट भएको कारबाही र निर्णयका विषयमा प्रेसले गरेको कभरेजपश्चात् प्रेस कभरेजको हिसाबले वास्तवमा न्यायपालिकाको महत्त्व ह्वात्तै बढेको हो (लुइँटेल २०६२ : १०६) । त्यसयता लगातार सर्वोच्च अदालत प्रेसका लागि नियमित एजेण्डा (Regular business) बन्दै आएको छ ।

अदालतबाट भएका फैसला वा आदेश छिनछिनमा जनतासम्म पुऱ्याउने माध्यम पत्रकारिता नै हो । कुनै पनि मुद्दाको जानकारी पहिला मुद्दाका पक्षलाई अदालतको आफ्नै प्रक्रियाअन्तर्गत रहेको तामेलदारमार्फत दिइन्छ । तामेलदार वास्तवमा अदालतको

कारबाहीको जानकारी दिने माध्यम हो । तर, तामेलदारले मुद्दाको म्याद तामेल गर्न नसक्दासमेत मिडियाको सहायता लिइन्छ ।

अदालतबाट एकतर्फी फैसला भएकोमा त्यस्तो फैसलाको सूचना तामेल गर्न कुनै उपाय नलाग्दा त्यस्तो सूचना मुद्दामा उपस्थित नरहेको पक्षको जानकारीका लागि राष्ट्रिय स्तरका दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (५)[५] को व्यवस्थाबाट मिडिया र अदालतबीचको सम्बन्ध बुझ्न सकिन्छ । कुनै व्यक्तिलाई अदालतको सूचना अदालतको आन्तरिक प्रणाली तामेलद्वारा दिँदासमेत पूरा हुन सकेन भने अन्ततोगत्वा प्रेसकै सहायताबाट सूचना प्रकाशित[६] हुने गरेबाट पनि यस्तो सम्बन्ध स्पष्ट हुन्छ । अहिले त भिडियो कन्फरेन्सिङबाट समेत प्रमाणको परीक्षण शुरू भइसकेको छ ।[७] यसबाट समेत वास्तविक रूपमा सञ्चार र अदालतको सम्बन्ध मजबुत हुँदै गएको स्पष्ट हुन्छ ।

मुद्दाको म्याद इमेलमार्फत तामेल हुने व्यवस्था र मुद्दाका मिसिल कागजातसमेत अदालतका नियमावलीमार्फत निश्चित रकम तिरी फोटो खिच्न पाइने[८] व्यवस्थाले अदालतमा सूचना प्रविधिको प्रयोग प्रमाणित भइसकेको छ । मुद्दाको बहस सुनुवाइसमेत भर्चुअल माध्यम[९]बाट गरिने भएपछि सूचना प्रविधिको भरपूर प्रयोग अदालतले गरिरहेको देखिएको छ । यद्यपि कतिपय व्यावहारिक कठिनाइका कारण यो पद्धतिले उचित परिणाम दिन नसक्दा यसको प्रयोग प्रभावकारी रूपमा विकसित भइसकेको भने छैन । त्यति मात्र नभई कोरोना महामारीकालमा त भिडियो कन्फरेन्सिङबाट समेत मुद्दाको सुनुवाइ भएकाले प्रविधिसँग अदालतको निकटता बढिरहेको प्रमाणित गर्छ ।

## योग्यता, ज्ञान र सीप

कानूनको अर्थ, विधिको शासनको मर्म, प्रक्रियागत विषयको ज्ञान, अदालती शब्दावलीहरूको जानकारी भएपछि मात्रै प्रभावकारी कानून पत्रकारिता सम्भव हुन्छ । त्यसपछि अर्को अति आवश्यक तत्त्व भनेको मुलुकको न्यायालय कतातिर गइरहेको छ (Court dynamics) र नजिरहरू कस्ता ढंगले बनेका छन् भन्ने थाहा पाउनु हो । कतिपय अवस्थामा न्यायाधीशहरूले भविष्यको कुनै मुद्दाविशेषलाई समेत लक्षित गरी नजिर बनाएका रहेछन् भने त्योसमेत थाहा पाइराख्दा राम्रै हुन्छ ।

---

५. जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१, १०८ ले प्रविधिको प्रयोगको सुनिश्चितता गरेको छ ।
६. मुलुकी कार्यविधि संहिता, २०७४ को दफा १०५ (२२) ।
७. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८२ ।
८. सर्वोच्च अदालत नियमावली, २०७५ को नियम ९६ ।
९. सर्वोच्च अदालत नियमावली, २०७५ को नियम ११५ ।

कानून पत्रकारिता गर्दा प्रयोग हुने भाषाको मर्मको त झनै ठूलो अर्थ छ। जतिसुकै राम्रो समाचार पाए पनि अदालती शब्दावली (Legal Jargon) नजानीकन समाचार लेखेमा अनर्थ लाग्न पुग्छ। त्यस्तो प्रस्तुति हाँसोको विषय, अपुरो र अधुरो मात्र हुँदैन कि भ्रमात्मक पनि हुन सक्छ। उदाहरणका लागि- 'फैसला' र 'आदेश' भन्ने शब्द उस्तै-उस्तै लाग्छन् तर समाचारमा यी शब्दको प्रयोग गर्दा फैसला लेख्नुपर्ने भए फैसला नै र आदेश लेख्नुपर्ने भए आदेश नै लेख्नुपर्ने हुन्छ। सर्वसाधारणलाई त केही फरक नपर्ला तर जाने-बुझेकाहरूले लेखक वा संवाददाताले 'यति पनि नबुझ्ने पत्रकारले लेखेका अरू विवरण कति ठीक होला र' भन्ने अर्थ निकालेर पूरै मिडियाको विश्वसनीयतामाथि प्रश्न खडा गरिदिन्छन्। मिडियामा 'फ्याक्ट चेक' को प्रक्रिया अघि बढिरहेकाले गल्ती तत्कालै खुट्टिइहाल्छ। अदालतमा प्रयोग हुने सुनुवाइ, पेशी, नि.सु., तारेख, लगाउ, प्राथमिकता, थुनछेक, निवेदन प्रतिवेदन, साधक जस्ता विभिन्न शब्द हेर्दा सामान्य लागे पनि ती शब्द मात्रै होइनन्, अर्थ थाहा पाउनैपर्छ।

कानून पत्रकारले बुझ्नुपर्ने यो एउटा संवेदनशील पाटो हो- सबै आदेश फैसला होइनन् तर सबै फैसला आदेश वा निर्णय हुन्। त्यसकारण फैसलाबाहेकका विषयमा हुने आदेशलाई पनि फैसला लेखियो भने राम्रो समाचार पनि गलत सिद्ध हुन जान्छ। न्यायक्षेत्रभित्र मात्रै प्रयोग हुने अदालती शब्द (Legal Jargon) को त कुरै छाडौं, पूर्ण इजलास र पूर्ण बैठक, इजलास र चेम्बरलगायतका विषयले समेत विषयवस्तुको गहिराइ र महत्त्वलाई आनको तान फरक पार्छन्। त्यसकारण ती शब्दको सुझबुझपूर्ण प्रयोगबाट मात्रै कानून पत्रकारिता पूर्ण हुन जान्छ। 'पूर्ण बैठक' (Full Court) प्रशासनिक हो भने 'पूर्ण इजलास' (Full Bench) न्यायिक निकाय हो तर झट्ट सुन्दा यी दुवै उस्तैउस्तै लाग्ने हुँदा झुक्किने सम्भावना रहन्छ।

मुद्दा दर्ता, पेशी, सुनुवाइ, आदेश वा फैसला, अदालतको म्याद तामेलीदेखि आदेश वा फैसलाको जनाउदेखि लिएर फैसलाको कार्यान्वयन र न्याय परेको वा नपरेकोसम्मका अदालतका प्रक्रियाका बारेमा अदालती रिपोर्टिङ गर्ने पत्रकारले भलिभाँती जान्न जरुरी छ। त्यसैले व्यक्तिका अधिकार, समग्र न्याय प्रणाली र प्रक्रियाका विषयमा राम्रोसँग जानकारी राख्ने पत्रकार मात्रै वास्तविक रूपमा सक्षम कानून पत्रकार हो। अझ यसरी बुझौं- अदालती डाइनामिक्स राम्रोसँग नबुझेको व्यक्ति कानून पत्रकार बन्नै सक्दैन।

कुनै विषय कसरी उठान हुन सक्छ ? कसरी जनताका सरोकारको विषय बन्न सक्छ ? त्यसको अदालती प्रक्रिया के हो ? कसरी त्यसमा न्याय वा अन्याय भएको छ ? कार्यविधिगत विषय के हो ? कति दिनमा फैसला भइसक्नुपर्थ्यो ? कति समय लाग्यो ? प्रक्रियामा कतै त्रुटि त भएको छैन ? कुनै तवरले कानूनको त्रुटिपूर्ण व्याख्या पो भएको छ

कि ? प्रमाणको मूल्यांकनमा पो कमजोरी भएको छ कि ? यस्ता अनेक विषयमा पोख्त भएर विश्लेषण नगरेसम्म कानून पत्रकारिता प्रभावकारी हुनै सक्दैन ।

यी सबै विषयमा आफैं जानकार नभए पनि कानूनका व्याख्यातासम्म पुग्न र उनीहरूले भनेका आधारमा लेख्न सकिन्छ भन्ने कच्चा र अपरिपक्व सोच हो । जसरी एउटा मेडिकल डाक्टरले झैं सबै कुरा बुझेर मात्रै स्वास्थ्य क्षेत्रमा कलम चलाउन सक्छ, त्यसरी नै एउटा पत्रकार समग्र कानूनको ज्ञाता भएपछि मात्रै कानून पत्रकारिता सम्भव हुन्छ ।

कतिपय पत्रकार औपचारिक रूपमा कानून पढेका पनि हुन सक्छन्, कतिपय नहुन पनि सक्छन् । तर, औपचारिक शिक्षाले नै प्रभावकारी कानून पत्रकारितालाई बढी सम्भव गराउँछ भन्नेमा दुईमत छैन ।

अदालतमा हजारौंका संख्यामा मुद्दा विचाराधीन हुन सक्छन् । त्यसमध्ये समाचार बन्न लागेको विषय कसरी समाचार बन्न लाग्यो भन्ने स्पष्ट हुनुपर्छ । अदालतमा त्यस मुद्दाले पाउने प्राथमिकता के हो ? त्यो कसरी तय हुन्छ ? कसरी कुनै पनि मुद्दाको प्रक्रिया अघि बढ्छ ? अदालतमा प्रयोग हुने सांकेतिक शब्दहरू जसलाई अंग्रेजी भाषामा कोड वर्ड (Code Word) वा लिगल जार्गन (Legal Jargon) भनिन्छ, तिनको प्रयोग कसरी भइरहेको छ भन्ने विषयमा पनि उत्तिकै जानकार भएपछि मात्रै कानून पत्रकारिता प्रभावकारी हुन जान्छ ।

अदालतमा देखिएजति सबै विषय समाचार होइनन् र देखिएजति सबै विषयलाई समाचार बनाउन पनि सकिँदैन भन्ने मान्यता राखेपछि मात्रै वास्तविक समाचारसम्म पुग्न सकिन्छ । अहिले हातहातमा मिडिया भएको अवस्थामा त जुनसुकै विषय पनि समाचारजस्तो लाग्न सक्छ, तर त्यसलाई पनि पस्कने शैली र विषयवस्तुले वास्तविक समाचारलाई नै ओझेलमा पार्ने गरी समाचार प्रकाशित प्रसारित भइरहेको पाइन्छ । यथार्थमा समाचारको महत्त्व कहिल्यै पनि नहराउने र झुट प्रचार भइरहेको वर्तमान सन्दर्भमा सत्यको उजागर गर्ने चुनौती झन् थपिएको छ ।

अदालती प्रक्रिया स्वयंमा जनताका लागि बुझ्न असजिलो भए पनि यसले गरेका कामकारबाही र प्रतिपादन गरेका सिद्धान्तलाई सरल रूपमा पस्कने काम प्रेसको हो । आधुनिक कालमा संसारभर नै यो अभ्यास विकास भएको पाइन्छ । कुनै पनि घटनाका सन्दर्भमा हुने अदालती प्रक्रिया जनताको चासोको विषय हो ।

तत्कालीन अमेरिकी राष्ट्रपति बिल क्लिन्टनसँग जोडिएको मोनिका लेविन्स्की काण्ड[१०] होस् वा इराकका शासक सद्दाम हुसेनको मुद्दा[११]को सुनुवाइको विषय होस्, संसारभर चासोका रूपमा लिइएको छ । एकपटक सत्तामा पुगेको व्यक्ति सार्वजनिक व्यक्ति हुने भएकाले त्यस्ता व्यक्तिका विषयमा हुने हरेक गतिविधिले सार्वजनिक महत्त्वको रूप धारण गर्छ । हाम्रै देशमा कांग्रेस नेता शेरबहादुर देउवामाथि भ्रष्टाचार नियन्त्रण शाही आयोगले गरेको कारबाही संसारभर चासो र चर्चाको विषय बनेको थियो ।

यो क्रम पछिल्लो कालमा पनि जारी छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ पुस र २०७८ जेठमा गरेको प्रतिनिधि सभा विघटन, प्रधानन्यायाधीशहरूमाथि लागेको पटक-पटकको महाभियोग, न्यायाधीश नियुक्तिका प्रसंगहरू, उपप्रधानमन्त्री तथा गृहमन्त्री भएका व्यक्तिको दोहोरो नागरिकताको विषय, सांसद पदको अयोग्यताका विषय अदालतमा ठोक्किन पुग्ने र अदालतबाट हुने आदेश र फैसलाले जनताको ध्यान आकर्षण गर्ने भएकाले स्वाभाविकरूपमा मिडियाको समेत चासोको विषय बने ।

## कानून पत्रकारका सूचनाका स्रोत

नयाँ सूचना इन्टरनेटमा खोजेर पाइने होइन । तपाईंभन्दा अघि कसैले लेखेको समाचार वा सूचना पछिल्ला सन्दर्भ-सामग्रीका लागि काम लाग्ने भएकाले इन्टरनेटमा खोज्न सकिएला र त्यसलाई एउटा अभिलेखालयका रूपमा मान्न सकिएला । तर, नयाँ सूचनाका लागि त पीडित, सो कुरा थाहा पाउने अधिकारी, कानून व्यवसायी, सो कार्यका अभियन्ता नै वास्तविक सूचनाका स्रोत हुन् ।

समाजमा भएका सबैखाले गतिविधिको अन्तिम विन्दु अन्ततोगत्वा अदालत नै भएकाले अदालत, कानून व्यवसायीका कार्यालय, सो क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रसंघीय कार्यालय तथा दातृ निकायका प्रतिवेदन कानून बीटमा काम गर्ने पत्रकारका सूचनाका स्रोत हुन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनसम्बद्ध संस्थाहरू

१०. तत्कालीन अमेरिकी राष्ट्रपति बिल क्लिन्टन र ह्वाइट हाउसकी इन्टर्न मोनिका लेविन्स्कीबीचको यौनकाण्ड । उनीहरूको यौन सम्बन्ध सन् १९९५ मा शुरु भएर १८ महिनासम्म चल्यो र १९९७ मा समाप्त भयो । क्लिन्टनले जनवरी १९९७ को अन्त्यमा एक टेलिभिजन भाषणमा भनेका थिए, "मैले ती महिला सुश्री लेविन्स्कीसँग यौन सम्बन्ध राखेको छैन ।" थप अनुसन्धानपछि क्लिन्टनलाई झुटो बोलेको आरोप मात्र लागेन, अमेरिकी प्रतिनिधि सभामा १९९८ मा महाभियोगसम्म पुऱ्यायो । पछि अमेरिकी सिनेटको २१ दिने सुनुवाइबाट झुटो बोलेको र न्यायमा अवरोध पुऱ्याएको सबै महाभियोगको आरोपबाट क्लिन्टनलाई सफाइ दिइयो ।

११. इराकका राष्ट्रपति सद्दाम हुसेनले आफ्नो कार्यकालमा मानवताविरुद्धको अपराध गरेको अभियोगमा इराकी अन्तरिम सरकारले लगाएको मुद्दा । सो मुद्दामा हुसेनले मानवताविरुद्धको अपराध गरेको ठहर गरी मृत्युदण्डको सजाय सुनाइयो थियो । सोहीबमोजिम उनलाई ३० डिसेम्बर २००६ मा फाँसीमा चढाएर मृत्युदण्ड दिइयो ।

पनि कानून पत्रकारितासँग सम्बन्धित सूचनाका स्रोत हुन् । संविधान, कानून, नियमावली, निर्देशिका, अदालतका वार्षिक प्रतिवेदन, सरकारी वकिलका प्रतिवेदन अध्ययन सामग्री हुने भएकाले पहिला त्यस्ता सामग्री अध्ययन गर्नुपर्छ । तिनमा उल्लिखित तथ्य-तथ्यांकको विश्लेषणबाट समाचारको नजिक पुग्न सकिन्छ ।

काशीराज दाहाल लिखित 'प्रेस विधिशास्त्र', डा. रामकृष्ण तिमल्सेना लिखित 'सूचना विधिशास्त्र', रामप्रसाद भट्टराई र अनन्तराज लुइँटेल लिखित 'मिडिया जुडिस्प्रुडेन्स (स्क्रुटिनी अफ कोर्ट प्रिन्सपल्स एन्ड लेजिस्लेटिभ पोलिसिज)', विनोद ढुङ्गेलद्वारा लिखित 'नेपालमा प्रेस काउन्सिल : अनुसन्धानात्मक समकालीन इतिहास' जस्ता पुस्तक कानून पत्रकारिताका लागि उपयोगी छन् । अहिले अनलाइनमा पुस्तक खोजेर पढ्न सकिन्छ ।

कानून पत्रकारिताको महत्त्व कति हुन्छ भन्ने विषयमा भारतीय सिनेमा बजारमा पाइने 'जोली एलएलबी', 'नो वन किल्ड जेस्सिका', 'अन्धा कानून' लगायतका हिन्दी सिनेमासमेत हेर्नलायकका छन् । मिडियाले फलो-अप गर्दा अन्यायमा परेका व्यक्तिले समेत न्याय पाएको देखाइएका यस्ता खालका सिनेमा र पुस्तकबाट समेत कानून पत्रकारिता कस्तो हुनुपर्छ भन्ने प्रोत्साहन मिल्छ ।

## कानून पत्रकारिताका अनौठा अनुभव

कानून पत्रकारिताका सन्दर्भमा लेखकका अनुभव अनौठा-अनौठा छन् । तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको गाडी फिर्ता प्रसंग मेरो पत्रकारिता जीवनको महत्त्वपूर्ण अनुभव हो । २०५७ सालतिर म *हिमालय टाइम्स* राष्ट्रिय दैनिकमा कानून रिपोर्टर थिएँ । संसदीय मामिला र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बीटको रिपोर्टिङ पनि मेरो जिम्मामा थियो । खासमा म एलएलएम गर्दै गरेको कानूनको विद्यार्थी हुँदा कानूनबीट मेरै भागमा पर्दथ्यो । मैले कानूनबीटमा लेख्दै आएको सात-आठ वर्ष भइसकेको थियो । मैले *प्रकाश* र *सौर्य* साप्ताहिक तथा *देउराली* दैनिकमा काम गरेर *हिमालय टाइम्स*मा प्रवेश गरेको दुई वर्ष बितिसकेको थियो ।

एक दिन नेपाल ल क्याम्पसबाट कक्षा सकेर दिउँसो २ बजेतिर सर्वोच्च अदालत छिरें । रजिस्ट्रार श्रीप्रसाद पण्डित कामविशेषले आफ्नो कक्षबाट बाहिर निस्किएको संयोग परेछ । बाटैमा भेट भयो । उनले मलाई हातमा समातेरै कार्यकक्षभित्र लगे । मैले एलएलएम गर्दै गरेको उहाँलाई पनि आरिस रहेछ कि क्या हो, 'मैले त खोइ एलएलएलम पनि गरेको छैन' भनेर उल्याए । मैले पनि मजाकमै जवाफ दिएँ, 'कलेज छँदैछ, प्रवेश परीक्षा दिने, पास हुने, पढ्ने । के छ र त्यस्तो आइतबार ?' हुन पनि उनले त्यसको केही वर्षपछि एलएलएम गरे ।

कुरै कुरामा उनले भने, 'तपाईं अनेक-अनेक समाचार लेखिरहनुहुन्छ, आज पनि एउटा लेख्नुस् म दिन्छु ।' मैले जवाफ दिएँ, 'दिनुस् न म लेखिहाल्छु नि !' उनले मलाई फेरि सोधे, 'साँच्चि हो ? पहिला 'छाप्छु' भन्नुस्, अनि मात्र दिन्छु ।' मैले फेरि जवाफ दिएँ, 'तपाईंले दिएको जुनसुकै समाचार लेख्छु तर शर्त छ- तपाईंलाई कोट गर्छु ।'

त्यसपछि एउटा फाइल मगाए र मलाई विश्वनाथ उपाध्याय र उनीअघिका पाँचजना प्रधानन्यायाधीशले गाडी फिर्ता नगरेको, अब आफूले प्रहरी लगाएर पूर्व प्रधानन्यायाधीशका गाडी फिर्ता ल्याउने विवरण दिए । 'म विश्वनाथको गाडी प्रहरी लगाएर फिर्ता ल्याउँछु', गाडीको विवरणसहित रजिस्ट्रार पण्डितलाई कोट गरेर *हिमालय टाइम्स*को भोलिपल्टको अंकमा मेरो बाइलाइनमा प्रमुख समाचार बन्यो ।

भोलिपल्ट नियमित कक्षा र रिपोर्टिङ सकेर बेलुका ५ बजे कार्यालय पुगें । त्यतिबेला हामी अघिल्लै दिन आफ्नो काम विभाजन गर्दथ्यौं र एकैचोटि बेलुका कार्यालयमा जम्मा हुन्थ्यौं अनि केहीबेर हल्लाखल्ला गरेपछि राति ७-८ बजे लेख्न थाल्थ्यौं । अहिलेको जस्तो मोबाइल फोन वा अन्य तत्काल सम्पर्क हुने माध्यमको विकास भइसकेको थिएन । समाचार प्रकाशित भएको दिन निकै हल्लाखल्ला भयो । सबैले विश्वनाथलाई गाली गरिरहेका थिए । अवकाश पाएको ५/६ वर्ष भए पनि विश्वनाथको दबदबा सकिएको थिएन । हरेक महत्त्वपूर्ण संवैधानिक र राजनीतिक विवाद उनैकहाँ अझै पनि ठोक्किइरहेको समय थियो ।

कार्यालय पुग्नेबित्तिकै 'तपाईं अध्यक्षकहाँ जानुस्' भन्दै सबैजना मेरो मुखमा हेर्न थाले । के भएछ भन्दै म अध्यक्ष उज्ज्वल शर्माको कार्यकक्षमा गएँ । शर्माले शुरूमै आगो ओकले, 'लुईंटेलजी, तपाईंले के गरेको यस्तो ? तपाईं त राम्रो लेख्ने पत्रकार भनेको, यस्तो झुटो समाचार लेख्ने ? लौ हेर्नुहोस्, खण्डन ।' उनले सर्वोच्च अदालतबाट फ्याक्समा आएको ३ पृष्ठ लामो खण्डन देखाए । म अवाक भएँ । मैले भनें, 'समाचार यथार्थ हो, रजिस्ट्रारले नै मलाई दिएको हो, म उहाँसँग फेरि फोनमा कुरा गरेर जानकारी गराउँछु ।' तत्कालै पण्डितको घरको ल्यान्डलाइनमा फोन गरें । भर्खरै घर आइपुगेका पण्डितले फोन उठाएका मात्र के थिए, मैले झम्टिएँ, 'तपाईंले के गर्नुभएको यस्तो, किन खण्डन पठाउनुभयो ?' मेरो प्रश्न नसकिँदै उनले धीरतापूर्वक जवाफ दिए, 'ल, तपाईंलाई बधाई छ । आजै सबै गाडी सर्वोच्च अदालतमा फर्किए । तपाईंको समाचारले पूराका पूरा काम गर्‍यो ।' 'किन खण्डन पठाउनुभयो त ?' भन्दा उनको जवाफ ताज्जुबलाग्दो थियो, 'मलाई धेरैले विश्वनाथको बद्नामी गर्‍यो भनेर आक्षेप लगाएकाले खण्डन पठाएको हुँ, तपाईंले खण्डन छाप्नु पर्दैन । मेरो फाइलमा बस्छ । सर्प पनि मर्ने लठ्ठी पनि नभाँचिने, कि कसो ?'

मैले अध्यक्ष शर्मालाई गएर त्यही कुरा सुनाएँ । उनी पनि मरिमरी हाँसे । हामीले भोलिपल्ट गाडी फिर्ता भएको फलो-अप समाचार लेख्यौं । कहिलेकाहीं ब्युरोक्रेसीले आफ्नो थाप्लो जोगाउन कतिसम्म गर्छ भन्ने मलाई गतिलो अनुभव भयो ।

राष्ट्रिय सभाका सांसद दिप्तप्रकाश शाहको राजीनामा प्रसंग पनि अर्को एउटा महत्त्वपूर्ण अनुभव रह्यो मेरो लेखकीय जीवनमा । म *राजधानी* दैनिकमा कानून र संसदीय मामिला पत्रकारिता गरिरहेको थिएँ । राष्ट्रिय सभा मेरो भागमा परेको थियो ।

यसै सन्दर्भमा २०५८ साल भदौ १५ का दिन मलाई सांसद शाहले संसद्को क्यान्टिनमा भेटेर 'एकछिन चिया गफ गरौं' भन्ने आग्रह गरे । राष्ट्रिय निर्वाचन हुन सकिरहेको थिएन । उनी राजाबाट सांसदमा मनोनीत व्यक्ति थिए । त्यसैले मैले उनीसँग अब राजाको कस्तो खालको एक्सन हुन सक्छ भनेर अन्तर्वार्ता गर्न चाहें । 'राजाले अब सत्ता हातमा लिनुपर्ने अवस्था आइसकेको छ, त्यही बाटोतर्फ अघि बढ्छ' भन्ने अन्तर्वार्ता उनले दिए ।

त्यसबेलाका हाम्रा सम्पादक थिए- जीवेन्द्र सिम्खडा । मैले समाचार लेखेर दिएँ तर भोलिपल्ट छापिएन । पर्सिपल्ट पनि छापिएन । तेस्रो दिन मैले सम्पादकलाई समाचार नछाप्नुको विषयमा जिज्ञासा राखें । सिम्खडाले विषय अलि गम्भीर छ, भोलि खण्डन आयो भने के गर्ने भने । मैले फेरि शाहलाई फोन गरेर तपाईंको अन्तरर्वार्ता भोलि छापिन सक्छ, कतै केही हेरफेर वा कुनै परिवर्तन त छैन नि भनेर सोधें । उनले तपाईंसँग कुरा गरेको हो, त्यही हो, केही फरक छैन भन्नुभयो । मैले सम्पादकलाई त्यही बताएँ ।

भोलिपल्ट अर्थात् २०५९ भदौ १८ मा त्यो सामग्री प्रथम पृष्ठमा प्राथमिकताका साथ छापियो । बिहानै राजदरबारले शाहलाई बोलाएछ र समाचार खण्डन गर्नू भनेछ । विषय दुई दिन लम्बियो ।

उता *कान्तिपुर* दैनिकले समेत शाहलाई स्पष्टीकरण सोधेको मुख्य समाचार बनाएर छापिसकेको थियो । समाचार छापिएको पर्सिपल्ट शाहले मलाई एकाएक फोन गरेर भने, 'लुईंटेलजी, म के गरौं मलाई दरबारले स्पष्टीकरण सोध्यो, विषय गम्भीर मोडमा पुग्यो ।' मैले पनि हितैसीका रूपमा सल्लाह दिएँ, 'हजुरजस्तो मान्छेलाई बोलेकै भरमा कारबाही गर्नु उचित हुँदैन । पत्रकारले तोडमरोड गरेछ भन्दिनुस् न, किन छँदाखाँदाको पदबाट बाहिरिने ?' मैले यति मात्रै के भनेको थिएँ, उनले भने, 'हुँदैन, म पनि राज-खानदानको व्यक्ति हुँ । मैले जे बोलेको हो, तपाईंले त्यही छाप्नुभएको छ । म खण्डन गर्दिनँ, मैले राजीनामा दिइसकें ।' मैले सम्पादकलगायत सबैलाई सुनाएँ । दैलेखी राजाका नाति

दीप्तप्रकाशमा पनि राजषी अडान कायमै थियो । त्यस घटनामा पनि मेरो इज्जत त जोगियो तर उनको भने पद गयो । राजाले ठीक एक महिनापछि अर्थात् असोज १८ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सत्ता हातमा लिए । शाहको प्रक्षेपण सत्य ठहरियो, राजनीतिक उथुलपुथल भयो ।

कानून पत्रकारिताको अर्को एउटा नलेखिनहुने अनुभव मलाई सधैं खट्किरहन्छ । २०६१ सालतिरको कुरा हो, म *दि हिमालयन टाइम्स* अंग्रेजी दैनिकमा कानून पत्रकारका रूपमा कार्यरत थिएँ । मोतीमाया श्रेष्ठ नामकी न्युरोडकी ८४ वर्षीया महिलाले न्याय नपाएको विषयलाई मैले महत्त्वका साथ उठाइरहेको थिएँ । पछि *अन्नपूर्ण पोस्ट* राष्ट्रिय दैनिकका सहकर्मी हरिहर योगी र *नेपाल समाचारपत्र* दैनिकका सहकर्मी विकास भट्टराईबाट पनि उनको विषयले साथ पायो । करिब तीन-चार महिनापछि उनी चालीसबर्से लडाइँ जितेर आफ्नो घरमा प्रवेश गरिन् । हामी चार-पाँचजना कानून पत्रकारलाई घर सर्ने दिन पूजामा निम्तो गरिएको थियो । हामीले पनि जितमा खुसी हुने मौका पायौं । एउटा सत्कार्य र विजयका रूपमा लियौं । मोतीमायाकी ५०/५२ वर्षकी छोरी थिइन्- लक्ष्मी श्रेष्ठ । पछिसम्म पनि फोन गरिरहन्थिन् । दुई-तीन वर्षपछि एक साँझ फोन आयो- आमालाई सञ्चो छैन, पशुपतिमा घाटे वैद्यकहाँ राखिएको छ, तपाईंलाई धेरै सोधिरहनुभएको छ, एकचोटि आइदिनूस् । मैले हुन्छ त भनेंतर कामको तनावले भुसुक्कै बिर्सिएछु । भोलिपल्ट बिहान झल्याँल्स ब्युँझिएर फोन गर्दा त मोतीमायाले त राति नै संसार त्यागिसक्नुभएछ । हाम्रै सत्प्रयासबाट न्याय पाएकी एउटी आमाबाट आर्यघाटमा पुगेको अवस्थामा आशीर्वाद पाउने अवसर गुमाएछु । तर सम्झन्छु- सत्कार्य आर्यघाटमा पुगुञ्जेल पनि सम्झने विषय बन्दो रहेछ ।

पत्रकारिता पेशाका क्रममा यस्ता धेरै घटना भए । न्यायाधीशहरूको घुसकाण्डदेखि विभिन्न समयमा प्रकाशित समाचारका क्रममा जति पनि अनुभव भए, ती सबै अविस्मरणीय छन् । खासगरी न्यायाधीशका सन्दर्भमा न्याय परिषद्ले गरेको छानबिनका प्रतिवेदनहरू न्याय परिषद्सँग माग्ने क्रममा ठूलो लडाइँ गर्नुपरेको, सूचना हकको प्रयोगबाट प्रतिवेदन प्राप्त भएपश्चात्को सुखद् अनुभव खास छन् । त्यही आधारमा मेरो लेखनको 'पर्दापछाडिको न्याय' नामक पुस्तक प्रकाशित भएपछि केही भ्रष्टाचारीले ज्यानै मार्ने धम्की दिएका घटनासमेत अनुभवका रूपमा सँगालिएका छन् ।

सिरियल किलरको नामबाट विश्व कुख्यात चार्ल्स शोभराजको विषयमा गरिएको अनुसन्धान, सो सन्दर्भमा सर्वोच्च अदालतको फैसलाले पारेको असर र प्रभाव पनि जीवनका महत्त्वपूर्ण अनुभव हुन् । 'चार्ल्स शोभराज अपराध र सजाय' नामक पुस्तक लेखकको अनुसन्धानको अर्को उपलब्धि हो । शोभराजलाई नेपालमा २० वर्ष कैद त्यसै भएको होइन, राष्ट्रिय र अन्तर्राष्ट्रिय मिडियाले महत्त्वका साथ समाचार प्रकाशन प्रसारण

नगरेको भए शोभराजलाई सजाय हुन्थ्यो वा हुँदैनथ्यो, यसै भन्न सकिँदैनथ्यो । यसै पनि उनको पक्राउमा समेत समाचारको भूमिका छ । *दि हिमालयन टाइम्स* र *अन्नपूर्ण पोस्ट* राष्ट्रिय दैनिकले छापेका स्कूप समाचारका आधारमा उनी पक्राउ परेका थिए ।

कानून पत्रकारिताको अनुभवबाट के भन्न सकिन्छ भने नियमित रूपमा अदालतका अधिकारी, कानून व्यवसायी, पारदर्शिता र सुशासनमा काम गर्ने व्यक्तिहरूसँग नियमित सम्पर्कमा बस्ने र इमानदारी कायम गर्ने हो भने समाचारमा पहुँच स्थापित गर्न सकिन्छ ।

## सन्दर्भ–सामग्री


लुइँटेल, अनन्तराज । २०६२ । न्यायपालिका र प्रेस : सम्बन्ध र सीमा । *स्वर्ण महोत्सव स्मारिका* । काठमाडौं : नेपाल बार एसोसिएसन ।

# कानून–निषिद्ध कामको निगरानी

**के.पी. ढुंगाना**

*कान्तिपुर* दैनिकको २०८० वैशाख २ देखि असार २ सम्मको प्रथम पृष्ठमा अपराध र सुरक्षासँग जोडिएका ३७ वटा समाचार छापिए। तीमध्ये अधिकांश कि मुख्य समाचार कि त एंकर भएर छापिएका थिए।

वैशाख २५ देखि जेठ ६ सम्म १३ दिन मुख्य समाचार अपराधकै विषयका थिए। यस अवधिमा नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिकालगायतका तेस्रो देशमा पठाउने भन्दै राज्यका प्रभावशाली निकायमा रहेकादेखि बिचौलियाको भूमिका खेल्नेसम्मका व्यक्ति पक्राउ परेका थिए। पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्व गृहमन्त्री बालकृष्ण खाँणजस्ता राज्यका उपल्लो निकायमा पुगेका व्यक्तिहरू नै गम्भीर अपराधमा पक्राउ परेका थिए। त्यसैले फलोअप समाचारहरू पनि प्रथम पृष्ठमै आए।

यसबीचमा यो प्रकरणबाहेक साउदी अरबमा वैदेशिक रोजगारमा जाँदा हत्या आरोपमा जेल परेर २२ वर्षपछि मृत्युदण्ड पाएका पर्वतका सन्तबहादुर पुनबारे, जापानमा राजवंशी कोटा खुल्यो भन्दै अर्को ठगी, मानव तस्करी अभियोगमा फिनल्यान्डका नेपाली दम्पतीलाई जेल सजायलगायतका समाचार पनि प्रथम पृष्ठमै आए। अहिलेको पत्रकारितामा अपराध र सुरक्षा विषय कुन स्थानमा छ भन्ने *कान्तिपुर*को दुई महिनाको तथ्यांकले प्रस्ट्याउँछ।

## अपराध–सुरक्षा मामिला पत्रकारिताको पृष्ठभूमि

विश्व पत्रकारिता इतिहासमा सत्रौं शताब्दीको अन्त्यतिरबाट अपराधसम्बन्धी समाचारले प्राथमिकता पाउने गरेको र सन् १८३० तिर आएर प्रस्तुति बदलिन थालेको देखिन्छ। उन्नाइसौं शताब्दीमा पत्रिकाका आकारमा आएको परिवर्तनसँगै प्रतिस्पर्धा शुरू भयो। पाठकको रुचिअनुरूप अपराधलाई प्राथमिकता दिएर प्रकाशित गर्न थालियो (क्रोन सन् २००७)।

यस विधाको पत्रकारिताबारे प्रस्ट इतिहास देखिँदैन तर २००३ वैशाख २१ गतेको *गोरखापत्र*मा 'एकै रातमा चार खून' शीर्षकमा समाचार प्रकाशित भएका आधारमा २००३ बाटै यो विधाका समाचार प्रकाशन हुने गरेको देखिन्छ (पराजुली २०७६)। समाचार मात्रै हैन, त्यही दिन *गोरखापत्र*को दोस्रो पानामा छापिएको सम्पादकीयमा 'धर्म गर्नुहोस्' भन्दै सोही घटनामा संलग्न व्यक्ति पत्ता लगाउनका लागि सहयोग गर्न आग्रह गरिएको छ।

२०२० फागुन १९ को *राष्ट्रिय समाचार समिति*को बुलेटिनमा नेपाल-भारत सिमानामा पर्ने नवलपरासीको नरशाही जंगलमा हुने अवाञ्छित गतिविधिबारे समाचार छ। यसले समाचार एजेन्सीले पनि अपराधसम्बन्धी समाचारलाई प्राथमिकता दिएको देखिन्छ (रिसाल र ओझा २०६५ : ३८)। तर विधागत रूपमा अपराध र सुरक्षाको मात्र रिपोर्टिङ गर्ने गरी रिपोर्टर राख्ने गरिएको भने देखिँदैन।

२०४६ सालको राजनीतिक परिवर्तनपछि वाक् तथा प्रेस स्वतन्त्रता बहाल भएसँगै निजी क्षेत्रका मिडियाको संख्या बढ्यो। २०४९ फागुन ७ गते निजी क्षेत्रबाट *कान्तिपुर* दैनिकको प्रकाशन शुरू हुँदा त्यसको पहिलो अंकमै सैनिक विमान दुर्घटना, इजरायली सेना भिडन्तसम्बन्धी समाचार प्रकाशन भएको देखिन्छ। कामना प्रकाशन समूहले *आजको समाचारपत्र* (हालको *नेपाल समाचारपत्र*) दैनिकसँगै *साधना* पारिवारिक डाइजेस्टको प्रकाशन शुरू गर्‍यो, जसमा अपराध विषयलाई प्राथमिकता दिइएको देखिन्छ।

सञ्चारमाध्यमको संख्या वृद्धि र समाचारका उपभोक्ताको रुचिका आधारमा विस्तारै अपराध र सुरक्षा विषयले प्राथमिकता पाउन थाले। टेलिभिजनहरूमा यससम्बन्धी अलग्गै कार्यक्रम प्रसारण हुन थाले। दैनिक पत्रिकामा अपराध र सुरक्षा विधा छुट्याएरै रिपोर्टर राख्न थालियो।

२०६० सालपछि अपराध र सुरक्षासम्बन्धी रिपोर्टिङको शैली र प्राथमिकीकरण बदलिन थालेको देखिन्छ। प्रहरीको सूचनामा मात्र आधारित भएर गरिने सपाट प्रस्तुतिको साटो कारक र कारण खोज्न थालियो र घटनालाई आलोचनात्मक दृष्टिकोणले हेर्न थालियो।

२०७० पछिको एक दशकमा समाचारमा थप निखार आयो । विवरणात्मक मात्र नभई विश्लेषणात्मक र आलोचनात्मक सामग्री बढ्न थाले । सामाजिक अपराधलाई मनोविज्ञानसँग र संगठित अपराधलाई अर्थ-राजनीतिसँग जोडेर पनि हेर्न थालियो (खनाल २०७९) ।

दैनिक पत्रिकाहरूमा अपराध समाचारलाई फरक कोणबाट प्रस्तुत गर्न *नयाँ पत्रिका* दैनिकले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । २०६३ वैशाख १ बाट ट्याब्लोइड आकारमा प्रकाशन शुरू भएको यो पत्रिका पछि ब्रोडसिट भयो । ट्याब्लोइड हुँदा यसले अपराध र सुरक्षा मामिलाका समाचारलाई प्रथम पृष्ठमा विशेष प्राथमिकता दिने *नयाँ पत्रिका* छोटो समयै लोकप्रिय भयो ।

२०६३ पछि अनलाइन सञ्चारमाध्यमको संख्या उल्लेख्य रूपमा बढेसँगै अपराध र सुरक्षासम्बन्धी समाचारको प्रभाव र बहाब पनि बढ्यो । साना-ठूला सबैखाले सञ्चार गृहले अपराध र सुरक्षा हेर्ने गरी संवाददाता राख्न थाले । अन्य विषयको रिपोर्टिङ गर्ने पत्रकारको सहायक विधा मानिएको अपराध र सुरक्षा पत्रकारिता विशेष विधाका रूपमा स्थापित भयो । यसबाट समाचारको संख्या वृद्धि मात्र नभएर गुणस्तरमा समेत सुधार आएको देखिन्छ ।

## अपराध, समाचार र रुचि

राज्य निर्माणको प्राथमिक अवधारणा सुरक्षासँगै जोडिन्छ । त्यतिबेला सरकारको पहिलो प्राथमिकता सुरक्षा हुन्थ्यो भने व्यक्ति वा समाज वा राष्ट्रलाई हानि हुने गतिविधि रोक्नु राज्यको प्राथमिक कर्तव्य मानिन्थ्यो । यसैक्रममा स्थायी प्रकृतिको सेना, नीतिनिर्माण गर्ने प्रतिनिधिमूलक संस्था, सर्वसाधारणलाई न्याय सुनिश्चित गर्ने संयन्त्रको परिकल्पना र आम मानिसबाट राज्य सञ्चालनका लागि भनेर निश्चित योगदान संकलन गर्ने काम शुरू भएको हो (पोखरेल २०७६) ।

नागरिकको जीउधनको सुरक्षा राज्यको प्रमुख दायित्व भएकाले प्राकृतिक वा कानूनी जुनसुकै प्रकारका व्यक्तिले पनि कानूनले निषेध गरेका काम गर्नु अपराध हो, दण्डनीय हुन्छ । यही मामिलामा केन्द्रित भएर गरिने पत्रकारिता नै अपराध र सुरक्षा मामिला पत्रकारिता हो । अपराध मानव जीवनको दैनिकीसँग प्रत्यक्ष जोडिने भएकाले यसबारे समाचारका उपभोक्तामाझ रुचिकर विषय बन्ने गरेको छ । कानून कसले अनि कसरी उल्लंघन गर्‍यो ? त्यसवापत सजाय भयो वा भएन ? भए के सजाय भयो, नभए किन भएन ? यस्ता आम जिज्ञासाका विषय हुन् ।

कहिलेकाहीं अपराधलाई साहससँग समेत जोडेर हेर्ने गरिन्छ । कानून उल्लंघन गर्नुलाई नै बहादुरी ठान्ने चिन्तनका कारण यदाकदा समाजमा त्यस्ता व्यक्ति तथा समूहको प्रभाव बढेको पनि देखिन्छ । कोही त्यसैबाट प्रभावित भएर अपराधमा संलग्न हुन पनि सक्छन् । यसका अलवा अपराध गर्नु जोखिमपूर्ण काम हो, अपराधको सजाय सहज विषय होइन । तैपनि समाजमा अपराध हुने हुनाले को, किन अपराधमा संलग्न हुन्छ भन्ने विषय रुचिकर बन्न सक्छ ।

नेपालको कानूनले अपराधलाई देवानी र फौजदारी भनेर छुट्याएको देखिन्छ । देवानीमा व्यक्ति वा संस्था वादी-प्रतिवादी हुन सक्छन् तर फौजदारी मुद्दामा वादी सरकार हुन्छ । फौजदारी कानूनका आफ्नै महत्त्व र सिद्धान्त छन् (तिवारी सन् २०२१) ।

फौजदारी अपराधलाई विधागत रूपमा हत्या, बलात्कार, चोरी, डकैती, ठगी, तस्करीका रूपमा बुझ्न सकिन्छ । गम्भीर र संगठित अपराधका रूपमा लागूऔषध, मानव तस्करी, साइबर अपराध, आतंकवाद, अवैध हातहतियार, वन्यजन्तु तस्करी आदि यस कोटिमा पर्छन् ।

घटनाको प्रकारका रूपमा हेर्दा अपराध गर्छु नै भन्ने मनसाय नभएको तर अपराध भएको अवस्था भवितव्य हो भने सोचविचार गरेर जानीबुझीकन गरिने अपराध योजनाबद्ध अपराध हो ।

## अपराध मामिला पत्रकारिताको योग्यता

पत्रकारितामा सुरक्षा मामिला चुनौतीपूर्ण र संवेदनशील विधा भएकाले यो विधामा काम गर्न अलिबढी नै मेहनत र सक्रियता चाहिन्छ । रिपोर्टिङ कलाका साथै साहस पनि चाहिन्छ ।

अन्य विधा र अपराध तथा सुरक्षा मामिलामा पत्रकारिता गर्दा अधिकांश समान योग्यता नै हुन् । तर, विषयगत संवेदनशीलता र सूचनाको प्रकृतिका आधारमा सुरक्षा र अपराध मामिलाका पत्रकारका केही विशिष्ट योग्यता छन् ।

**हरदम तयार** : जसरी सुरक्षाकर्मी खटिने निश्चित समय हुन्न, त्यसरी नै अपराध तथा सुरक्षा मामलामा रिपोर्टिङ गर्ने पत्रकारको कार्य समय पनि निश्चित हुन्न । त्यसका लागि सधैं तयारी अवस्थामा बस्नुको विकल्प हुन्न । जस्तै : तत्कालीन युवराज पारस शाहले नयाँ बानेश्वरमा रहेको एभरेस्ट होटलको क्यासिनोमा विवादका क्रममा मध्यरातमा गोली चलाएका थिए । मध्यरात को जान्छ भन्यो वा आफू चनाखो भएन भने त त्यस्तो समाचार छुट्छ ।

**भाषा र कानूनी ज्ञान** : अपराध तथा सुरक्षालाई अनुसन्धानको दृष्टिले हेर्न सकिन्छ। कसले, कहाँ, किन, कसरी अपराध गऱ्यो ? प्रहरीले कसरी अनुसन्धान गऱ्यो ?, के-के प्रमाण संकलन भयो ?, बयान के दियो, पीडित परिवारको अवस्था के छ लगायतका पक्ष पनि समाचार बन्छन् । अधिवक्ता सरोज अधिकारीका अनुसार अपराध तथा सुरक्षा मामिलासम्बन्धी रिपोर्टरलाई कानूनसम्बन्धी ज्ञान हुनुपर्छ, अन्यथा समाचारमा गम्भीर त्रुटि हुन सक्छ।[१]

**सही स्रोतको पहिचान** : जब आपराधिक घटना हुन्छ पीडित पक्ष आघातमा हुन सक्छ। सो पक्ष तत्काल पत्रकारसँग बोल्न सक्ने अवस्थामा नहुन सक्छ।

प्रहरीको प्राथमिकता पत्रकारलाई घटनाबारे बताएर बस्नेभन्दा पनि अपराधमा संलग्नको खोजी र पक्राउ गर्नु हो । तर, पत्रकारको काम त सूचना संकलन गर्ने हो । पीडित आघातमा छन्, प्रहरी अन्यत्रै व्यस्त छ भनेर सुख पाइन्न । यस्तो बेलामा सही स्रोतको पहिचान गर्न सक्नेले नै बाजी मार्छ। जस्तै- पीडित पक्ष आघातमा परे पनि उनका आफन्त सबै आघातमा परेका हुँदैनन्। सीधै अपराधबाट प्रत्यक्ष प्रभावित परेकाभन्दा सान्त्वना दिन आएका वा परिचितबाट सूचना लिँदै जाँदा घटनाबारे विस्तृत जानकारी भएका व्यक्तिसम्म पुग्न सकिन्छ।

प्रहरीतर्फ पनि सबै प्रहरी घटनामा संलग्नको खोजीमा खटिएका हुँदैनन्। कार्यालय प्रमुख निर्देशनलगायतमा व्यस्त हुन सक्छन् । तसर्थ ड्युटी अफिसर्स, घटनास्थल मुचुल्कामा संलग्न प्रहरी आदिबाट थप सूचना लिन सकिन्छ।

**घटनाको प्रकृति पहिल्याउने गुण** : सामान्य घटना र असामान्य घटनासम्बन्धी समाचारले उत्तिकै महत्त्व पाउँदैन । तर, कुन सामान्य हो अनि कुन असामान्य त्यो छुट्याउने क्षमता पत्रकारमा हुनुपर्छ । सबै ठाउँमा हुने एकै प्रकारको अपराध र सुरक्षासम्बन्धी घटनाको उस्तै महत्त्व नहुन सक्छ। उदाहरणका लागि सामान्य नागरिक रेस्टुरेन्टमा गएर मदिरा पिएर झगडा गर्नु र चर्चित कलाकार वा नेताले त्यही व्यवहार गर्नुमा समाचारको महत्त्वको दृष्टिले फरक हुन्छ। तर त्यही सामान्य नागरिक हरेक दिन भिन्नाभिन्नै रेस्टुरेन्टमा जाने अनि मदिरा पिएर झगडा गर्ने गर्छ भने त्यो रोचक समाचार बन्न सक्छ। यस्तो अवस्थामा ती व्यक्तिको पृष्ठभूमि, पेशा, दैनिकी, पारिवारिक तथा सामाजिक अवस्थालगायतका पक्षमा अध्ययन गर्दा अकल्पनीय तथ्य फेला पर्न सक्छ।

---

१. अधिवक्ता सरोज अधिकारीसँग असार २, २०८० मा गरिएको कुराकानी।

**आचरणको ज्ञान** : प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिता पत्रकारिताका सबै विधामा लागू हुन्छ । तर, विषयगत गम्भीरताका कारण आचारसंहितासँगै कानूनी व्यवस्थाबारे ज्ञान हुनैपर्ने भएको हो । जस्तो- अपराधमा संलग्न नाबालिगको परिचय खुलाउन पाइँदैन । निश्चित उमेर नपुगेका बालबालिकाका हकमा अपराध हैन, यसलाई बालबिजाइँ लेख्नुपर्छ ।

त्यसैगरी बलात्कार घटनामा पीडितको परिचय सार्वजनिक भइसकेको भए पनि समाचारमा उल्लेख नगर्ने मात्रै हैन, संकेतै गर्न पाइँदैन । पहिलोपटक अपराधको आरोपमा पक्राउ परेका व्यक्तिको पहिचान खुल्ने गरी तस्वीर प्रकाशित गर्न हुन्न ।

**परिचयपत्रबारे जानकार** : केही देशमा अपराध र सुरक्षासम्बन्धी रिपोर्टिङ गर्न प्रहरी कार्यालयबाट अलग्गै परिचयपत्र दिने प्रचलन पनि छ । तर, नेपालको हकमा त्यस्तो प्रचलन छैन । मिडिया हाउसले दिने परिचयपत्रले नै काम गर्छ ।

तर, रिपोर्टिङका क्रममा अति आवश्यक स्थानहरूमा जान भने अलग्गै कार्ड आवश्यक पर्छ । जस्तो- कुनै आपराधिक घटनाबारे अदालतबाट सूचना लिनु पर्‍यो भने अदालती प्रक्रियाका लागि अलग्गै कार्ड आवश्यक पर्छ । आन्तरिक सुरक्षाको जिम्मेवारी रहेको गृह मन्त्रालय जान सूचना विभागले जारी गर्ने परिचयपत्र आवश्यक पर्छ ।

**व्यक्तिगत जानकारी अपडेट गराउने** : गृह मन्त्रालय अनि प्रहरी प्रधान कार्यालयदेखि जिल्ला तहको प्रहरी कार्यालयसम्मले बेलाबखत पत्रकार सम्मेलन गर्ने गर्छन् । त्यसको पूर्वजानकारीका लागि सम्बन्धित कार्यालयमा सम्बन्धित रिपोर्टरका ईमेल, सम्पर्क नम्बरलगायतका विवरण आवश्यक पर्छ । त्यसका लागि बेलाबखत यस्ता कार्यालयमा जाँदा सम्बन्धित सूचना शाखामा गएर आफ्नो व्यक्तिगत मोबाइल, ईमेल, मिडिया हाउस अद्यावधिक गराउनुपर्छ ।

**समाचारको फाइलिङ र डायरी व्यवस्थापन** : विधागत रूपमा अपराध र सुरक्षा विषयसम्बन्धी रिपोर्टर पनि प्रायः एक मिडिया हाउसमा एकैजना मात्र राख्ने प्रचलन देखिन्छ । तर, अपराधको संख्या र प्रवृत्ति भने भिन्नभिन्न हुन्छ ।

नेपाल प्रहरीको अपराधसम्बन्धी पञ्चवर्षीय तुलनात्मक विवरणअनुसार आर्थिक वर्ष २०७४/०७५ पछिका पाँच वर्षमा अपराधका घटना बढेकै देखिन्छ । ज्यान, आत्महत्या, चोरी, संगठित तथा आर्थिक अपराध, सामाजिक अपराध, महिला तथा बालबालिका, सवारीसम्बन्धी र विविध अपराधका घटना प्रमुख छन् । २०७९ पुस १३ को तुलनात्मक तथ्यांकअनुसार कुनै घटना कुनै वर्ष कम भए पनि अर्काथरी घटनाको संख्यामा वृद्धि भएको देखिन्छ ।[२]

---

२. https://nepalpolice.gov.np/news/83/; असार १६, २०८० मा हेरिएको ।

अपराधको बढ्दो प्रवृत्ति हेर्दा अपराध तथा सुरक्षा पत्रकारलाई आफ्नो दैनिकी व्यवस्थापन गर्न कति कठिन हुन्छ भन्ने प्रस्ट हुन्छ । सामान्य आपराधिक घटनाको तथ्यांकले पनि समाचार विश्लेषणमा सहयोग पुऱ्याउँछ। त्यसका लागि रिपोर्टिङमा समाचार फाइलिङ गर्ने र डायरी व्यवस्थापन गर्ने सीप आवश्यक पर्छ।

लामो समयसम्म लेखिरहनुपर्ने गम्भीर प्रकृतिका आपराधिक घटनामा त यो अनिवार्य नै हो। पछिल्लो समय लेखिएका समाचार कुनै न कुनै रूपमा डिजिटल फर्म्याटमा रहन्छ नै। अनलाइनमा भइहाल्छ नि भनेर व्यक्तिगत रूपमा आफैंले फाइलिङ नगर्ने बानी बढिरहेको देखिन्छ, यो घातक हो।

आफूले नियमित काम गर्ने कम्प्युटरमा दैनिक लेख्ने समाचार अनिवार्य रूपमा फाइलिङ गरेर राख्नुपर्छ। आफ्नो फाइलिङ सीपअनुसार मितिका आधारमा राख्न पनि सकिन्छ वा विषयका आधारमा राख्न पनि सकिन्छ।

अपराध र सुरक्षासम्बन्धी सामग्री फाइलिङ गर्दा डिजिटलै गर्दा पनि हुन्छ। खोज्दा सहज रूपमा फेला पार्न मुख्य फोल्डर विषयका आधारमा बनाएर त्यसभित्र सहायक फोल्डर बनाएर मितिका आधारमा राख्दा सहज हुन सक्छ।

डायरीलाई पनि यसरी नै व्यवस्थापन गर्न सकिन्छ। त्यसका लागि विषयगत डायरी बोक्न सम्भव हुन्न । डायरीका अगाडि कुन मितिदेखि कुन मितिसम्मको रिपोर्टिङमा प्रयोग भएको डायरी हो र कुन पानामा कुन विषयको रिपोर्टिङ छ भनेर लेख्ने हो भने खोज्न सहज हुन्छ।

## प्रश्न मार्ने हैन, उत्तर खोज्ने

पत्रकारले लेखेका समाचारका आधारमा अदालत हुँदै बहालवाला कुनै मन्त्रीले राजीनामा दिनुपर्ने अवस्था आउनु दुर्लभ सफलता हो। त्यस्तै एउटा घटनासँग म आफैं जोडिएकाले यहाँ त्यो अनुभव उल्लेख गर्नु सान्दर्भिक नै हुन्छ।

*प्रसंग हो- तत्कालीन उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको । २०७९ मंसिर ४ को प्रतिनिधि सभा निर्वाचनमा उनी चितवन निर्वाचन क्षेत्र नं २ बाट उम्मेदवार बने । उनको नागरिकता अवैध भएको दाबीसहित मुख्य निर्वाचन कार्यालयमा उजुरी पऱ्यो ।*

*अधिकांश पत्रकारले उजुरी परेको कोरा विषयलाई समाचार बनाए । उजुरी किन पऱ्यो ? यही जिज्ञासाको उत्तर खोज्दै जाँदा उनले अमेरिकी नागरिकको कानूनी हक छाडे पनि कानूनी प्रक्रियाअनुसार नेपाली नागरिकता सक्रिय नगराएको रहस्य खुल्यो । समाचार*

*प्रकाशित भएपछि सर्वोच्च अदालतमा रिट पऱ्यो ।*

*सर्वोच्चको संवैधानिक इजलासले कुनै नेपाली नागरिक अर्को देशको नागरिक बनेको मितिदेखि उसको नेपालको नागरिकता निष्क्रिय रहने र त्यस्तो नागरिकता सक्रिय गराउन कानूनी प्रक्रिया पूरा गर्नुपर्ने व्याख्यासहित लामिछानेको नेपाली नागरिकता कानूनतः निष्क्रिय रहेकाले उम्मेदारी खारेज हुने फैसला गऱ्यो ।*

*फैसला हुँदा उनी गृहमन्त्री थिए । उनले गृहमन्त्री र राष्ट्रिय स्वतन्त्र पार्टीको सभापतिबाट समेत राजीनामा दिए अनि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा गएर कानूनी प्रक्रियाअनुसार नयाँ प्रमाणपत्र लिए ।*

*हो, यो समाचारको आधार उजुरी थियो । त्यही आधारमा लामिछानेले उम्मेदवारी दर्ता गर्दा बुझाएको प्रमाणपत्र कुन हो ? उनले पेश गरेको प्रमाणपत्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सक्रिय गराइएको प्रमाणपत्र हो वा उनी अमेरिकी नागरिक बन्नुअगाडिको प्रमाणपत्र हो ? यही प्रश्नको उत्तर खोज्ने क्रममा उनले पुरानै नागरिकताको प्रमाणपत्र पेश गरेको प्रमाण स्वयं रिपोर्टरले हेरेपछि समाचार लेखिएको थियो ।*

*स्रोतको मात्र भर नपरी रिपोर्टर आफैंले प्रमाण हेरेर त्यसको नक्कल प्राप्त गरी समाचार लेखिएकाले पत्रकारले लेखेको समाचारका आधारमा सांसद तथा गृहमन्त्री पदमा रहेका व्यक्तिले पद गुमाएका थिए ।*

उजुरी नै किन पऱ्यो भन्ने जिज्ञासा, थप सूचनाको खोजी र प्रमाणका अवस्थाबारे रिपोर्टर स्वयंले बुझेकाले नै यो दुर्लभ सफलता प्राप्त भएको हो । यसरी पत्रकारले मनमा उठेका प्रश्नको उत्तर खोज्ने र स्रोतको मात्र भर नपरी स्वयं प्रमाणसम्म पुग्ने प्रयास गर्दा दुर्लभ उपलब्धि हासिल हुन सक्छ ।

## अपराध/सुरक्षा समाचार स्रोत

तथ्यसहितका समाचार नै पत्रकारको सम्पत्ति हो । त्यसैले जति धेरैसँग सम्पर्क गरेर सूचना संकलन गर्न सक्यो, त्यति नै सूचना कुन सही र कुन गलत हो भनेर पहिल्याउन सकिन्छ । यहाँ समाचारका केही स्रोतको चर्चा गरिन्छ–

**प्रहरी प्रतिवेदन, अनुसन्धान मिसिल र अध्ययन प्रतिवेदन** : अपराध अनुसन्धानसम्बन्धी विवरणको विभिन्न स्वरूपमा रेकर्ड राखिएको हुन्छ ।

अपराध अनुसन्धानका चरण पार गरेपछि त्यो कुनै न कुनै मुद्दाका रूपमा सरकारी वकिलको

कार्यालय हुँदै अदालतसम्म पुग्छ। त्यसमा घटनास्थलको मुचुल्का, बयान, प्रहरी प्रतिवेदन, प्रमाणलगायतका विषय हुन्छन्, जुन समाचारका लागि राम्रो सन्दर्भ-सामग्री हुन्छ।

अनुसन्धानमा प्रहरीले गरेको दाबीअनुसारको प्रमाण संकलन भएको छ या छैन भन्ने मिसिल हेर्दा थाहा हुन्छ। आरोपीको बयान, घटनाका प्रत्यक्षदर्शीलगायतकाको सम्पर्क नम्बरसहितको बयान हुन्छ। त्यसले पनि अनुसन्धान कत्तिको बलियो भएको हो या हैन भन्ने जानकारी दिन्छ।

प्रहरी कार्यालय, गृह मन्त्रालय, अपराध अनुसन्धानसम्बन्धी काम गर्ने निजी संस्थाहरू अनि तथ्यांक विभागबाट पनि महत्त्वपूर्ण तथ्य पाउन सकिन्छ। प्रहरी र गृह मन्त्रालयले हरेक वर्ष अपराधका तथ्यांकसहितको प्रतिवेदन तथा अन्य विभिन्न प्रकाशन सामग्री निकाल्छन्। महान्यायाधिवक्ताको कार्यालयले हरेक वर्ष राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउँछन्। यस्ता सामग्रीबाट अपराधको प्रवृत्ति कस्तो छ भन्ने समाचारको कच्चा पदार्थ फेला पार्न सकिन्छ। यसका आधारमा विश्लेषणात्मक समाचार तयार पार्न सकिन्छ।

कार्यालयले प्रकाशन गर्ने स्मारिका, बुलेटिन वा वेबसाइटमा राख्ने सामग्री र तिनमा लेख्ने व्यक्तिमध्येबाट आफूलाई विषयगत आधारमा सम्पर्क गर्न सक्ने स्रोत व्यक्तिको पहिचान गर्न सहज हुन सक्छ।

**विश्वविद्यालयका शोधपत्र र पुस्तक** : नेपालमा सुरक्षा र अपराधसम्बन्धी विधागत पढाइ हुने विश्वविद्यालय छैन। तर, पत्रकारिता, कानून, मनोविज्ञान, मानवशास्त्र, समाजशास्त्र आदि पढाइ हुने विश्वविद्यालयहरू छन्, जहाँ अपराधसम्बन्धी अध्ययन भएका हुन्छन्।[३] स्नातकोत्तर, एमफिल तथा विद्यावारिधिका शोधपत्र समाचारका स्रोत हुन सक्छन्।

नेपाली सेना र सशस्त्र प्रहरीले पनि आफ्नो जनशक्तिको उच्च शिक्षाका लागि स्टाफ कलेज चलाएका छन्। तिनमा अध्ययन गरेकाहरूसमेत सुरक्षा र अपराध विषयमा शोधपत्र र पुस्तक लेख्ने गर्छन्। ती पनि पत्रकारका लागि गहकिलो अध्ययन सामग्री बन्न सक्छन्।

**अवकाशप्राप्त सुरक्षा अधिकारी** : अवकाश पाएका सुरक्षा अधिकारीहरूका ज्ञान र अनुभवका आधारमा समेत समाचार तयार पार्न सकिन्छ। अपराधको शैली र अनुसन्धान विधिबारे जानकारीका लागि यस्ता व्यक्ति अनुभवका खानी हुन्। उनीहरूसँगका कुराकानी र अनौपचारिक छलफलले आफूलाई सम्बन्धित क्षेत्रबारे विस्तृत जानकारी पाउन सकिन्छ।

---

३. https://elibrary.tucl.edu.np

अनुभवमा दर्जाले मात्र काम गर्दैन । अवकाशप्राप्त प्रहरी महानिरीक्षकभन्दा प्रहरी नायब निरीक्षकसँग बढी रोचक अनुभव हुन सक्छ । यस्ता व्यक्ति छान्दा विषयगत ज्ञानका आधारमा छान्न सकिए प्रभावकारी सूचना पाइन्छ । जस्तो- कोही गम्भीर प्रकृतिका अपराध अनुसन्धानमा खटिएका व्यक्तिसँग भेटेर त्यो अनुसन्धान कसरी सफल भयो भन्ने विषयमा कुराकानी गरेर आलेखसमेत बनाउन सकिन्छ ।

**अधिवक्ता, कानूनका प्राध्यापक, अध्येता** : प्रहरीले अनुसन्धान गर्ने हो । त्यसका प्रमाण केलाएर को दोषी र को निर्दोष भनेर अदालतमा प्रमाणित हुने हो । त्यसमा वादी-प्रतिवादी दुवै पक्षका वकिलले सबै प्रमाणको अध्ययन गरेर बहस पैरवी गर्छन् ।

लामो समय वकालत गरेकाहरूसँग प्रहरीले गर्ने अपराध अनुसन्धानको बलियो अनि कमजोर पक्षबारे राम्रो जानकारी हुन सक्छ । प्रहरी अनुसन्धानमा कहाँ-कहाँ, कसरी कमजोरी भएका हुन्छन् भन्ने जानकारी पाएमा तत्काल भइरहेका आपराधिक घटनाको अनुसन्धानमा रिपोर्टर आफैंले पनि हो या हैन भनेर हेर्न सक्छ । त्रुटि फेला परेमा गहकिलो समाचार बन्न सक्छ ।

मिडिया, कानून, सुरक्षा, मानवशास्त्र, समाजशास्त्र, अपराधशास्त्र, मनोविज्ञानका प्राध्यापक तथा अनुसन्धातासमेत अपराध तथा सुरक्षा मामिला पत्रकारका लागि गहकिला खुराकका स्रोत हुन् ।

## अनुसन्धान प्रक्रिया र भाषिक सीप

अपराध पत्रकारिता प्राविधिक विषय पनि हो । यसको रिपोर्टिङमा दक्ष हुनका लागि ती विषयबारे जानकार हुन आवश्यक छ । यसमा मूलतः अपराध अनुसन्धानका प्रक्रिया र भाषाबारे जानकारी हुन आवश्यक हुन्छ ।

**अनुसन्धान प्रक्रिया** : घटना भएसकेपछि त्यसको अनुसन्धान हुन्छ र अनुसन्धान प्रक्रिया हुन्छ । त्यसबारे पत्रकार जानकार हुनैपर्छ । जस्तो- जहाँ अपराध भएको हुन्छ, पहिला त्यहाँ प्रमाण नष्ट नहोस् भन्नका लागि घटनास्थलको सुरक्षा हुनुपर्छ, डोरी टाँगेर घटनास्थलको सुरक्षा गरिएको हुन्छ ।

त्यसपछिका प्रक्रिया भनेको घटनास्थलमा के-के फेला परे भनेर घटनास्थल जाँच मुचुल्का गरिन्छ । मुख्य प्रमाणै यही हो । कुनै महत्त्वपूर्ण प्रमाणबारे उल्लेख नगरे घटनाको अनुसन्धानले अर्कै मोड लिन पनि सक्छ ।

त्यसपछिका प्रक्रिया भनेको घटनाका पीडित पक्षसँग जानकारी, घटनामा संलग्नको खोजी,

पक्राउ, बयान अनि प्रहरीबाट प्रस्तावित सुझाव गएका आधारमा सरकारी वकिलको कार्यालयबाट अभियोग पत्र दर्ता नै हो । अभियोग पत्र दर्ता भएपछि अदालती प्रक्रिया शुरू हुन्छ ।

**भाषागत ज्ञान** : अपराध अनुसन्धानका शब्दावली तथा भाषा कानूनसँग जोडिने भएकाले कसैले कानूनको औपचारिक अध्ययन गरेर पत्रकारितामा आएको छ भने निकै सहज हुन्छ ।

भाषिक ज्ञान अभावमा समाचारै गलत लेखिन सक्छ । जस्तो- निवेदन र जाहेरी । निवेदनको अर्थ आपराधिक गतिविधिबारे प्रहरीलाई दिइएको प्रारम्भिक जानकारी हो । निवेदनका आधारमा प्रहरीले अनुसन्धान अगाडि बढाउन सक्छ, तर मुद्दा प्रक्रियामा लैजाने गरी नै अनुसन्धान गर्नका लागि जाहेरी आवश्यक पर्छ । निवेदन आफूअनुकुल शैली र भाषामा लेख्न सकिन्छ तर जाहेरीको निश्चित ढाँचा हुन्छ ।

अर्को उदाहरण– कर्तव्य ज्यान र ज्यानसम्बन्धी उद्योग । हेर्दा उस्तै लागे पनि यी दुई शब्दको अर्थ फरक छ । कर्तव्य ज्यान भनेको कसैको ज्यानै लिनु हो भने ज्यानसम्बन्धी उद्योग भनेको हत्या गर्ने प्रयास गर्नु हो ।

प्रहरीले कुनै घटनामा संलग्न रहेको शंकामा पक्राउ गरेको वा अदालतमा पेश भइसकेपछिको अवस्थामा के भनेर लेख्ने वा अदालतबाट फैसला नै भइसकेको व्यक्तिलाई के भनेर लेख्ने भन्नेमा पनि रिपोर्टरहरूमा अन्योल देखिन्छ ।[४] कुनै अपराधमा संलग्न भएको आशंकामा प्रहरीले नियन्त्रणमा लिनु पक्राउ हैन, प्रहरी नियन्त्रण हो । नियन्त्रणमा लिएको २४ घन्टाभित्र प्रहरीले ती व्यक्तिलाई अदालतमा पेश गरेर अनुसन्धानका लागि न्यायिक हिरासतमा राख्ने अनुमति पाए पक्राउ हुन्छ, र ती व्यक्तिलाई आरोपी भनिन्छ ।

प्रहरी आफैं अनुसन्धान अधिकृत हुन्न । नेपालको कानूनी प्रबन्धअनुसार अनुसन्धान गर्ने प्रमुख व्यक्ति फौजदारी अपराधका हकमा सरकारी वकिल हुन्, सरकारी वकिलले प्रहरीलाई अनुसन्धानको जिम्मेवारी दिन सक्छ । प्रहरीले निश्चित अवधिमा अनुसन्धान पूरा गरेर विवरणसहित सरकारी वकिलको कार्यालयमा पेश गर्छ । त्यसलाई प्रहरीको प्रस्तावित राय र सुझाव भनिन्छ, यो नै अन्तिम हैन । त्यसका आधारमा सरकारी वकिलको कार्यालयले अभियोग पत्र तयार पारेर पक्राउ परेका आरोपीमध्ये कसले कुन काम गरेर कुन कानून उल्लंघन भयो र उसलाई कुन कानूनअनुसार दण्ड-सजाय दिने भन्ने खुलाएर अदालतमा अभियोग पत्र दर्ता गर्छ । जब सरकारी वकिलको कार्यालयले अभियोग पत्र

४. अधिवक्ता सरोज अधिकारीसँग असार २, २०८० मा गरिएको कुराकानी ।

दर्ता गर्छ अनि मात्र पक्राउ परेको व्यक्ति अभियुक्त हुन्छ । कतिपयले प्रहरीले मुद्दा दर्ता गऱ्यो भनेर पनि लेखेको भेटिन्छ । प्रहरीले कहिल्यै मुद्दा दर्ता गर्दैन, प्रहरीले जाहेरी मात्र दर्ता गर्छ । मुद्दा त सधैं सरकारी वकिलले दर्ता गर्छ ।

अभियोग पत्रका आधारमा अदालतले प्रारम्भमा ती व्यक्तिलाई थुनेरै मुद्दा प्रक्रिया अगाडि बढाउने कि धरौटी या तारेखमा छाड्ने भनेर आदेश दिन्छ । त्यसका लागि हुने बहसलाई थुनछेक बहस भनिन्छ । प्रारम्भमा जुन अदालतमा मुद्दा चलेको हो त्यहाँबाट अभियुक्त दोषी ठहर भएमा बल्ल ती व्यक्ति दोषी हुन्छन्, अदालतमा मुद्दा विचाराधीन रहेको अवधिमा अभियुक्त हुन्छन् ।

कुन तहको प्रहरीलाई के भनिन्छ भन्ने पनि जानकारी हुन आवश्यक छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको पदीय क्रम हेर्ने हो भने सबैभन्दा तल्लो एकाइ प्रहरी जवान हो । त्यसपछि सबैभन्दा माथिल्लो तह प्रहरी महानिरीक्षक ।[५]

## घटनास्थल पहिलो प्राथमिकता

घटनास्थल जस्ताको तस्तै भएका बेलामा रिपोर्टर पुगेमा घटनास्थलको मूल्यांकन गरेकै आधारमा धेरै तथ्य फेला पार्न सक्छन्, जुन तत्काल अन्य स्रोतबाट नआउन सक्छ । घटनास्थलको प्रकृति कस्तो थियो र सुरक्षाकर्मी वा प्रत्यक्षदर्शी दाबी गर्नेले के भने भन्ने आधारमा रिपोर्टर आफैंले घटना के हो भन्ने पूर्वानुमान लगाउन सक्छन् ।

*उदाहरणका लागि काठमाडौंमा संगठित अपराधमा संलग्न कुमार श्रेष्ठ (घैंटे) इन्काउन्टरमा मारिएको घटना । श्रेष्ठ सामाखुसीमा प्रहरीको गोली लागेर मारिए । प्रहरीको दाबीअनुसार पिछा गर्ने क्रममा उनले प्रहरीमाथि गोली चलाए र आत्मसुरक्षाका लागि प्रहरीले पनि गोली चलाउँदा कुमार मारिए ।*

*स्कुटरबाट लडेका उनको शव घोप्टो थियो । प्रहरीले भाग्न खोजेको दाबी गरेको जुन बाटोमा कुमार गएका थिए, त्यो बाटो केही पर पुगेर बन्द हुन्थ्यो । दोहोरो फायर भएको प्रकृतिको संकेत देखिँदैनथ्यो । केही प्रत्यक्षदर्शीका अनुसार उनले स्कुटर रोकेलगत्तै पछिपछि आएको प्रहरीले गोली हानेको थियो ।*

*घटनालगत्तै पत्रकार त्यहाँ पुगेको अवस्थामा मात्रै यी सबै जानकारी संकलन गर्न सक्छ र*

---

५. नेपाल प्रहरीका दर्जा र दर्ज्यानी चिन्हका लागि हेर्नुहोस्- https://www.nepalpolice.gov.np/about-us/police-ranks/; असार १२, २०८० मा हेरिएको । र, सशस्त्र प्रहरीका दर्जा र दर्ज्यानी चिन्हका लागि हेर्नुहोस्- https://www.apf.gov.np/Pages/Ranks; असार १५, २०८० मा हेरिएको ।

*प्रहरीले गरेको दाबी झुटो हो भनेर लेख्न सक्छ । तर, शव उठाइसकेपछि पुग्ने पत्रकारले शव र स्कुटरको अवस्थालाई प्रहरीको दाबीसँग दाँजेर लेख्न सक्दैन ।*

कुनै समाचार भने यति संवेदनशील हुन्छन् कि घटनास्थलमै पुगेर नलेख्दा सुरक्षामै गम्भीर क्षति पनि पुग्न सक्छ । उदाहरणका लागि संविधान जारी हुँदाताका मधेसमा भएको हुलदंगाको रिपोर्टिङ । त्यतिबेला मिडियाले प्रहरी र प्रदर्शनकारीको झडपमा मृत्यु भएकाभन्दा धेरै संख्या लेख्यो । यसले प्रदर्शनकारीमा उत्तेजना बढायो र प्रदर्शन उग्र भयो । त्यतिबेला मिडियाकर्मी घटनास्थलमा पुगेनन्, बरु जोसँग सहज हुन्छ, उसैसँग सोधेर समाचार लेखे । सक्रियता र मेहनत भएको भए यस्तो ठूलो गल्ती हुने थिएन (मैनाली २०८०) ।

## रोचक बनाउन आवश्यक सीप

उल्लंघन भएको कानून अनि त्यसवापत हुने सजायमा मात्र केन्द्रित भएर लेखिएको अपराधसम्बन्धी समाचार रोचक हुँदैन ।

सधैं गम्भीर अनि संगठित अपराध मात्रै रोचक समाचारको विषय बन्न सक्छ भन्ने हैन । संगठित अपराधको महत्त्व भिन्न हुन्छ र त्यसले स्वाभाविक रूपमा मिडियामा प्राथमिकता पाउन सक्छ । जस्तै– नक्कली भुटानी शरणार्थीसम्बन्धी घटना जसमा राज्यका प्रभावशाली व्यक्तिहरू नै संलग्न रहेको पाइयो ।

व्यक्तिगत घटना पनि समाचारका उपभोक्तामाझ कम रोचक भने हुन्नन् । जस्तै- घर झगडाका क्रममा श्रीमती गीता ढकाललाई भित्तामा ठोक्काएर हत्या गरेपछि उनको शव मकवानपुर पुऱ्याएर जलाउन खोज्ने प्रहरी अधिकारी रञ्जन कोइरालाको घटना । त्यसैगरी अर्कैसँग प्रेम सम्बन्धमा रहेको आशंकामा प्रेमिका मेरिना शाक्यलाई जंगलमा लगेर सुटरमार्फत गोली हान्न लगाएको अर्को घटना ।

यस अलावा देवानी र सामाजिक अपराधको पनि समाचारीय महत्त्व कम छैन । प्रेरणा शाह र नेपाल सरकारबीचको सम्पत्तिसम्बन्धी मुद्दा पटकपटक हेडलाइन बनिसकेका छन् । तत्कालीन मुस्ताङ्गी राजाका दाजु-भाउजूबीचको अंशबन्डा मुद्दा त्यस्तै रोचक विषय भएको थियो, जसबारे *साधना* पारिवारिक डाइजेष्टले डेढ दर्जन पृष्ठ लामो आवरण लेख पस्केको थियो (ढुङ्गेल २०५७ : १०-२७) । मदिरा पिएर सवारी चलाउँदा जरिवाना भएका कलाकार हुन् या ट्राफिक नियम उल्लंघन गर्दा कारबाहीमा परेका मन्त्री हुन्, ती घटनाले पनि महत्त्वपूर्ण स्थान पाउँछन् नै । कहाँ कति महत्त्व पायो भन्ने पक्ष भने कसरी रिपोर्टिङ भयो भन्नेमा पनि भर पर्छ । त्यसैले यस्ता केही पक्षमा ध्यान दिएर समाचार रोचक बनाउन सकिन्छ ।

**व्यक्ति र विषय** : समाचारमा अधिक रुचाइने विषय व्यक्ति हो । त्यो सकारात्मक विषय पनि हुन सक्छ वा नकारात्मक पनि । यस विधामा समाचारका पात्र भनेका अनुसन्धान अधिकृत, अपराधमा संलग्न व्यक्ति, पीडित, घटनाका प्रत्यक्षदर्शी यी नै हुन् । त्यसैले व्यक्ति-केन्द्रित समाचार बनाउनु उत्तम हो ।

सधैं आरोपीले कसरी अपराध गरेको आरोप लाग्यो र प्रहरीले कसरी पक्राउ गऱ्यो भन्नेतिर मात्रै ध्यान दिएर पनि हुँदैन । अपराधबाट प्रभावित वा पीडित-केन्द्रित सामग्री पनि हुन्छ । अपराधीको मात्रै हैन, पीडितको पृष्ठभूमि पनि उत्तिकै रोचक समाचारको विषय बन्छन् । घटनाअगाडि पीडितको अवस्था कस्तो थियो, अब कस्तो हुन सक्छ, त्यो अपराधपछि समाज र व्यक्तिको जीवनमा कस्तो प्रभाव पार्न सक्छ भन्ने पक्ष केलाउन पनि सकिन्छ ।

**विषय पहिल्याउने** : अपराधकै समाचारमा पनि रोचक घटनाक्रमले पाउने स्थान र समाचारका उपभोक्ताले रुचाउने अवस्था फरक पर्छ नै । उदाहरणका लागि सडकका बीचमा राखिएको डिभाइडर डोरी नाघेर बाटो काट्नु कानून मिच्नु हो । त्यसबापत निश्चित जरिवाना हुने भए पनि सबै बटुवाले त्यसरी नै बाटो काटेको विषय सामान्य समाचार बन्न सक्छ । सार्वजनिक पहिचान भएको व्यक्तिले त्यसरी बाटो काटेमा त्यसको समाचारीय महत्त्व हुन्छ । गृहमन्त्री रहेका बेला वामदेव गौतमले काठमाडौंको रत्नपार्कमा त्यसरी नै बाटो काटेको तस्वीरसहितको समाचार सार्वजनिक हुँदा पाठकले निकै रुचाएका थिए ।

समाचारको फलोअपमा यसरी डोरी नाघेर बाटो काट्दा कति जरिवाना हुने कानून छ, त्यसरी बाटो काटेका कतिपयलाई जरिवाना भयो र गौतमलाई त्यस्तो जरिवाना भयो कि भनेर खोज्न सकिन्छ । जरिवाना गरे पनि समाचार हुन्छ र जरिवाना नगरे पनि समाचार हुन्छ ।

**अवलोकन क्षमताको विकास** : अपराध मामिलासम्बन्धी रिपोर्टिङका क्रममा अवलोकनसमेत गर्नुपर्ने हुन सक्छ । यसले समाचारलाई विश्वसनीय र खँदिलो बनाउनसमेत सहयोग गर्छ ।

जस्तै- घटनास्थलमा के भएको हो भनेर सूक्ष्म अवलोकन गर्ने बानी बसाल्नाले घटनाको सम्भावित खाका आउन सक्छ । त्यस्तो किन भयो भनेर सोध्ने प्रश्न मनमा आउन सक्छ । कुनै समाचार यस्तै भएको हो भनेर लेख्न प्रमाण पुग्दैन भने पनि अवलोकन गर्दा के-के देखियो भनेर लेखेका आधारमा पनि पाठकलाई बुझाउन सकिन्छ ।

*उदाहरणका लागि काठमाडौंको सीतापाइलामाथिको जंगलको उकालोमा आपराधिक संगठनका नाइके दिनेश अधिकारी (चरी) प्रहरी इन्काउन्टरमा मारिए ।*

*प्रहरीमाथि नै गोली चलाएपछि आत्मरक्षाका लागि गोली चलाउँदा चरीको मृत्यु भएको प्रहरीले दाबी गऱ्यो तर घटनास्थलले त्यो दाबी पुष्टि गर्ने आधार दिएन । उकालो सकिएलगत्तै उनले चलाएको मोटरसाइकल ढलेको थियो । उकालोमा मोटरसाइकल चलाइरहेका चरीले पछि लागेको प्रहरीमाथि कसरी गोली चलाए ?*

*उनको शव घोप्टो अवस्थामा थियो भने पेस्तोल दाहिने हातमा थियो । उनले पेस्तोल समातेरै कसरी मोटरसाइकल चलाए ? घटनास्थलमा उनले लगाएको हेलमेटसमेत टाउकैमा थियो । तीव्र गतिको मोटरसाइकलबाट गोली लागेर ढल्दा पनि मोटरसाइकलको अवस्था सर्लक्क रोकेको ठाउँमा लडाएजस्तै थियो, कसरी ? चरीको शव घटनास्थलमै रहँदा प्रहरीले मृत घोषणा गरेको थियो । मृत घोषणा गर्ने प्रहरीले कि चिकित्सकले ?*

यस्ता प्रश्न सोध्दा प्रहरी अधिकारीबाट आउने उत्तरका आधारमा सो घटना वास्तविक हो या प्रहरीले नक्कली घटनास्थल बनाएको हो भन्ने केही तथ्य आउँछन् नै । यति मात्रै विवरण उल्लेख गरेर समाचार लेख्ने हो भने सक्कली इन्काउन्टर हो या नक्कली भन्ने पाठक/दर्शक/श्रोताले नै अनुमान गर्न सक्छन् ।

**पत्रकार सम्मेलनमा पूर्वतयारी** : के विषयमा पत्रकार सम्मेलन हुन लागेको हो त्यसबारे पूर्वतयारी गरेर जाँदा आफूलाई चाहिने सूचना संकलन गर्न सहज हुन्छ । तस्वीर मात्र खिच्ने हो या अडियो अनि भिजुअल पनि चाहिने हो भन्ने पहिल्यै तयारी गर्नुपर्छ । पत्रकार सम्मेलनका लागि तोकिएको समयभन्दा कमसेकम १० मिनेट पहिल्यै पुग्ने, आफूलाई सहज हुने स्थान चयन गरेर बस्ने गर्नुपर्छ ।

पत्रकार सम्मेलनमा सार्वजनिक गरिने विषय अनुसन्धानको प्रारम्भिक चरणका विवरण वा अनुसन्धान सकिएपछिको निष्कर्ष दुवै हुन सक्छ ।

पत्रकार सम्मेलन गर्ने व्यक्तिसँग कस्तो सम्बन्ध छ, त्यसका आधारमा कस्ता प्रश्न गर्ने अनि कस्ता प्रश्न नगर्ने भनेर तय गर्नुपर्छ । औपचारिक सम्बन्ध मात्र हो भने जेजस्ता जिज्ञासा मनमा आउँछन्, सबै पत्रकार सम्मेलनमै सोध्नुपर्छ । सम्बन्ध राम्रो छ, पछि सोध्दा पनि जानकारी पाउने सम्भावना छ भने मनमा उठेका प्रश्न डायरीमा टिपेर राख्नुपर्छ र पत्रकार सम्मेलन सकिएपछि एक्लै भेटेर वा पछि टेलिफोनमार्फत पनि सोध्न सकिन्छ । यस्तो गर्दा कुनै प्रश्न नौलो र अन्य रिपोर्टरले भेउ नै नपाएको महत्त्वपूर्ण विषय पनि हुन सक्छ र तपाईंलाई नयाँ सूचना र नयाँ एंगल पहिल्याउन सहज हुन सक्छ ।

पत्रकार सम्मेलनमा सकेसम्म सहज लाग्ने र अलि सभ्य देखिने पोसाक लगाएर जानुपर्छ ।

प्रश्नोत्तरमा सुझाव दिने हैन, प्रश्न मात्रै सोध्ने बानी बसाल्नुपर्छ। प्रश्न छोटो र सटिक भएमा उत्तर पनि सटिक आउँछ। उत्तर दिने व्यक्तिलाई खिस्याउने वा विवाद गर्ने गर्नु हुन्न।

## जनसम्पर्क र सूचनाका स्रोत

अपराधलगत्तै प्रहरी अनुसन्धानमा व्यस्त हुन सक्छ। प्रहरीसँग के भएको हो भन्नेबाहेक थप सूचना नहुन पनि सक्छ। घटनास्थलको सुरक्षा, मुचुल्का, प्रत्यक्षदर्शीबाट जानकारीलगायतमा प्रहरी संलग्न हुने भएकाले तत्काल पत्रकारले प्रहरीबाट सूचना नपाउन सक्छ। उनीहरूको प्राथमिकता पनि तत्काल सूचना दिने नभई अनुसन्धान हो।

यस्तो अवस्थामा तत्काल घटनास्थलमा गएर छिटोभन्दा छिटो घटनाबारे जानकारसँग सम्पर्क स्थापित गर्न सके मात्र तत्काल सूचना आउन सक्छ। यसबाहेक पनि जनसम्पर्क नै पत्रकारको सबैभन्दा ठूलो सम्पत्ति हो भन्ने कुरा सधैं हेक्का राखेर काम गर्नुपर्छ।

नियमित सम्पर्कमा रहनु, स्रोतको संरक्षण गर्नु अनि विश्वास जित्नु नै सूचना सञ्जालको विस्तार र संरक्षणको भरपर्दो माध्यम हो। रिपोर्टिङसम्बन्धी विषय नहुँदा पनि टेलिफोन गर्ने, सञ्चो-बिसञ्चो सोध्ने, भेट्न जाने तर यसो बाटो पर्‍यो तपाईं हुनुहुन्छ कि भनेर छिरेको भन्दै निकटता बढाउने गर्नुपर्छ। कामका लागि मात्र सम्पर्क गर्दा विश्वसनीय सम्बन्ध बन्न सक्दैन। कुनै स्रोतसँग नियमित सम्पर्कमा भयो र लामो समयसम्म सहकार्य भएको अवस्थामा चाडपर्व, नयाँ वर्षका अवसरमा उपहार दिने, जन्मदिनमा शुभकामना दिने जस्ता आत्मीय व्यवहार गरेर सम्बन्ध निकट बनाउन सकिन्छ। तर, यसो गरिरहँदा पनि समाचारको स्रोत भनेको परिवारको सदस्य हैन भन्ने बिर्सनु हुँदैन। जस्तोसुकै निकट सम्बन्ध रहे पनि पुनः पुष्टि गर्नैपर्छ।

यदि स्रोतले परिचय गोप्य राख्न चाहन्छ भने उसको चाहनाको सम्मान गर्नु रिपोर्टरको कर्तव्य हो। कसैलाई उसका बारेमा जानकारी दिने वा कुनै सामूहिक भेटमा अन्य व्यक्तिसँग परिचय गराउनेजस्ता काम पनि गर्नु हुँदैन।

**स्थानीय सम्पर्क सञ्जाल** : कुनै आपराधिक घटना भएपछि त्यसबारे जानकार को-को हुन सक्छन् ? घटनामा संलग्न वा प्रहरीलाई जानकारी गराउने पक्ष, प्रत्यक्षदर्शी, प्रहरीलगायत घटनाको प्रकृतिअनुसार अरू पनि थपिन सक्छन्। यीमध्ये पत्रकारले सबैभन्दा पहिला कोबाट सूचना पाउन सक्छ ?

घटना भएको क्षेत्रको सम्बन्धित प्रहरी कार्यालयका प्रमुखबाट पनि केही सूचना पाउन सकिन्छ तर नपाउन पनि सकिन्छ। त्यसैले सम्पर्क सञ्जाललाई सीमित बनाउनु हुँदैन।

प्रहरी कार्यालयभित्रै वैकल्पिक स्रोतको विकास गर्नुपर्छ। उनीहरूले 'अफ दि रेकर्ड सूचना' दिन सक्छन्, जसलाई पछि कार्यालयका आधिकारिक व्यक्तिबाट पुष्टि गर्न सकिन्छ।

उदाहरणका लागि, प्रहरी हटलाइनमा सबैभन्दा पहिला घटनाबारे सूचना आएको हुन सक्छ। हटलाइनमा राम्रो सम्बन्ध भए त्यहाँबाट सूचना लिन सकिन्छ। यससँगै प्रहरी हटलाइनमा सबैभन्दा पहिला जसले जानकारी दियो उसैको सम्पर्क नम्बर लिएर सीधै सम्पर्कमा पनि जान सकिन्छ।

घटनास्थलबाट पनि सूचनाको स्रोत विकास गर्न सकिन्छ। प्रत्यक्षदर्शी वा घटनाका पीडित पक्षबारे जानकारलगायतका व्यक्तिसँग सम्पर्क स्थापित गर्न सके सहज सूचना पाउन सकिन्छ। सामाजिक काममा रुचि राख्ने व्यक्तिको स्थानीय प्रहरीसँग राम्रो सम्पर्क हुने हुनाले तीमार्फत पनि सम्पर्क विस्तार गर्न सकिन्छ। घाइतेलाई अस्पताल लैजाने एम्बुलेन्स चालक, अस्पतालमा खटिने प्रहरी, अस्पतालका स्वास्थ्यकर्मी पनि सूचनाका स्रोत हुन्।

घटनास्थलको मुचुल्कामा संलग्न प्रहरीसँग गरिने कुराकानी र परिचयले भोलिका दिनमा राम्रो समाचार स्रोतको विकास गर्न सक्छ। त्यसैले भेटेसम्मका व्यक्तिसँग कुराकानी गर्न र परिचय आदानप्रदान गर्न अल्छी मान्नु हुँदैन।

**प्रहरीसँगको सम्पर्क सञ्जाल** : उच्च तहका प्रहरी अधिकारीसँग जति निकट सम्बन्ध भयो, त्यति नै अपराधसम्बन्धी सूचनामा सहज हुन्छ भन्ने बुझाइ धेरै रिपोर्टरमा देखिन्छ, तर यो भ्रम हो।

तल्लो तहका प्रहरी जसलाई सीधै मिडिया अनि पत्रकारसँग सम्बन्ध हुनु र नहुनुमा केही फरक पर्दैन, उनीहरूभन्दा उच्च तहका प्रहरी अधिकारीसँग औपचारिक सम्बन्ध स्थापित गर्न थप सहज हुन्छ। तर, सबैभन्दा महत्त्वपूर्ण तल्ला तहका प्रहरी हुन्, जसबाट उच्च पदस्थ अधिकारीले पनि सूचना पाउँछन्। घटनास्थलमा सबैभन्दा पहिला पुग्ने, घटनास्थलको सुरक्षा गर्ने, पक्राउ गर्ने, बयान लिने सबै काम तल्ला तहका प्रहरीले गर्छन्। समाचारका लागि चाहिने महत्त्वपूर्ण सूचना यस्तै हुन्।

प्रहरीको ड्युटी अफिसर्स, प्रहरी हिरासत कक्षको इन्चार्ज, चालक सबै तल्ला तहका प्रहरी हुन्छन्। त्यसैले डीएसपीदेखि तलका प्रहरी कर्मचारीसँग जति धेरै सम्बन्ध र सम्पर्क विस्तार गर्न सक्यो, रिपोर्टरको स्रोत त्यति बलियो हुन्छ।

रिपोर्टरले सबैभन्दा पहिला स्थानीय प्रहरी युनिटका प्रहरी कर्मचारीसँग निकट सम्बन्ध बनाउने प्रयास गर्नुपर्छ। माथिल्लो तहका प्रहरी अधिकारीसँग अधिकांश औपचारिक

संवाद हो । सम्बन्धको निकटताका आधारमा विस्तारै अनौपचारिक सूचनाको स्रोतसमेत बन्न सक्छन् । तर, माथिल्लो ओहोदाको प्रहरीसँगको निकटता भन्दा तल्लो तहका प्रहरी कर्मचारीसँगको निकटता लामो र स्थायी हुन सक्छ ।

प्रहरीसँग जति निकट भए पनि तपाईं प्रहरी हैन, रिपोर्टर हो । यो कहिल्यै भुल्नु हुन्न । जति निकट व्यक्तिले सूचना दिए पनि दोस्रो या तेस्रो व्यक्तिबाट पुनः परीक्षण गर्नैपर्छ । यो तपाईंको दायित्व हो । प्रहरीबाट प्रभावित भएर हैन, प्रहरीलाई प्रभावित पारेर सूचना लिन सक्ने रिपोर्टर नै सफल र असल रिपोर्टर बन्न सक्छन् ।

**संघीयदेखि प्रादेशिक संरचना** : केन्द्रमा प्रधानमन्त्रीकै नेतृत्वमा केन्द्रीय सुरक्षा परिषद् छ, जसमा नेपाली सेनादेखि सबै सुरक्षा संगठनका प्रमुख हुन्छन् । राष्ट्रिय सुरक्षासम्बन्धी नीति निर्माण र निर्णय यसले गर्छ ।

केन्द्रमा केन्द्रीय सुरक्षा समिति छ, यसको नेतृत्व गृहमन्त्रीले गर्छन् । जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला सुरक्षा समिति रहेका हुन्छन् । यी सबै संरचना सुरक्षासम्बन्धी समाचारका दृष्टिले महत्त्वपूर्ण स्रोत हुन् ।

अपराध र सुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने गृह मन्त्रालय र मातहतका नेपाल प्रहरी र सशस्त्र प्रहरी हुन् । अवस्था हेरेर रक्षा मन्त्रालय अनि नेपाली सेनासँग पनि अपराध र सुरक्षा हेर्ने रिपोर्टरले सम्पर्क गर्नुपर्ने हुन्छ ।

केन्द्रमा गृहमन्त्रीले नेतृत्व गर्ने गरी गृह मन्त्रालय छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमनलगायत यसका ५१ वटा काम छन् ।[६]

समाचारको दृष्टिकोणले मन्त्रालयको शान्तिसुरक्षा तथा समन्वय महाशाखा महत्त्वपूर्ण छ । सहसचिवको नेतृत्वमा रहने यो महाशाखामा शान्तिसुरक्षा तथा अपराध नियन्त्रण शाखा, सूचना समन्वय तथा विश्लेषण एकाइ, सीमा तथा अध्यागमन प्रशासन शाखा र स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा छन् ।

जिल्ला प्रशासन कार्यालय, अध्यागमन विभाग अनि कारागार व्यवस्थापन विभागसमेत गृहमातहतमै छन् । यी सबै अपराध र सुरक्षाका समाचारका स्रोत हुन् । गृहमा सूचनाका

६. विस्तृत जानकारीका लागि हेर्नुहोस्- https://moha.gov.np/page/main-functions; असार १७, २०८० मा हेरिएको ।

लागि प्रवक्ता र सूचना अधिकारीको प्रबन्ध गरिएको छ । गृहमा केन्द्रको सरोकारबाहेक केन्द्रीकृत सूचना प्रणाली छैन । विभाग र जिल्ला प्रशासन कार्यालयका प्रमुखबाट समेत सूचना पाउन सकिन्छ ।

प्रदेश तहमा पनि सबै आन्तरिक सुरक्षा मामिला हेर्ने मन्त्रालय छन्, तिनले पनि आआफ्नो प्रदेशस्तरमा सुरक्षासम्बन्धी काम सम्हालिरहेका छन् ।

अपराध अनुसन्धानको दृष्टिले हेर्ने हो भने एकल जिम्मेवारी नेपाल प्रहरीको हो । यसको कार्य क्षेत्र अपराध नियन्त्रण, अनुसन्धान र शान्ति स्थापना हो । नेपाल प्रहरीको प्रमुख दायित्व नै कानून कार्यान्वयन गरी शान्तिसुरक्षा कायम गर्ने हो । सरकारले निर्माण गरेका कानून कार्यान्वयनमा परिचालित हुने संगठन भएकाले यसको कार्य क्षेत्र बृहत् छ ।

केन्द्रमा प्रहरी प्रधान कार्यालयसँगै अपराधको प्रकृतिअनुसारको विशिष्ट प्रकृतिको अपराध हेर्ने ब्युरोहरू छन् । केन्द्रमातहतमा आतंकवाद तथा अन्तरदेशीय अपराध हेर्ने विशेष ब्युरो छ ।

संगठित अपराधको अनुसन्धान गर्ने केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) छ । लागू औषधसम्बन्धी अपराध हेर्न लागू औषध नियन्त्रण ब्युरो छ । गृह मन्त्रालयको मातहत कार्यालय भए पनि यसमा प्रहरीबाटै दरबन्दी जान्छ, तर चेन अफ कमान्ड प्रहरी प्रधान कार्यालयमै छ । अपराधको बदलिँदो शैलीअनुसार हालै मानव बेचबिखन ब्युरो, साइबर ब्युरोसमेत गठन भइसकेको छ । यी सबै कार्यालयले अपराधको प्रकृतिअनुसार अनुसन्धान गर्छन् ।

काठमाडौं उपत्यकाका तीन जिल्ला हेर्ने गरी उपत्यका प्रहरी कार्यालय छ, जसको मातहत गम्भीर अपराध हेर्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय छ । तीनवटै जिल्ला प्रहरीपरिसर र क्षेत्रअनुसार वृत्त राखिएका छन् । उपत्यकाको ट्राफिक व्यवस्थापन हेर्न उपत्यका ट्राफिक प्रहरी कार्यालय रहेको छ । यी सबै समाचारका स्रोत हुन् ।

ब्युरोमध्ये सीआईबीको प्रमुख एआईजी रहने प्रावधान छ भने उपत्यका प्रहरी कार्यालयको प्रमुख पनि एआईजी छन्, अन्य ब्युरोको प्रमुखमा डीआईजी छन् । प्रहरी प्रधान कार्यालयमा एआईजीको नेतृत्वमा मानव स्रोत विकास विभाग, प्रदेश समन्वय विभाग, प्रशासन विभाग, कार्य विभाग र अपराध अनुसन्धान विभाग छन् ।[७] यीमध्ये समाचारका दृष्टिले अपराध

७. https://nepalpolice.gov.np/structure/departments/; असार १७, २०८० मा हेरिएको ।

अनुसन्धान विभाग सबैभन्दा महत्त्वपूर्ण हो । यस विभागले नेपालभरिको अपराधको तथ्यांक राख्ने, विश्लेषण गर्ने र आवश्यक नीति बनाउने गर्छ ।

केन्द्रका यी सबै संरचनासँग समन्वय गर्ने र आवश्यक सूचना सम्प्रेषण गर्न डीआईजी तहका केन्द्रीय प्रवक्ता रहने गरेका छन् । अन्य प्रहरी कार्यालयमा तहअनुसार प्रवक्ता तोकिएको हुन्छ । प्रहरी नियमअनुसार जहाँ प्रवक्ता तोकिएको हुन्न, त्यहाँको कार्यालय प्रमुख स्वतः कार्यालय प्रमुख हुन्छ ।

राज्य संघीय संरचनामा गएसँगै प्रहरी पनि संघीय संरचनामा गएको छ । हरेक प्रदेश तहमा केन्द्रमा रहेका ब्युरोहरूको संरचना छ । ती संरचनामा केन्द्रका ब्युरोकै जनशक्ति खटिएको हुन्छ ।

सशस्त्र संघर्ष नियन्त्रण, सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण, आतंककारी गतिविधि नियन्त्रण, दंगा नियन्त्रण, दैवी प्रकोप र महामारीमा उद्धार, अपहरितको उद्धार, सीमासुरक्षालगायतका कार्य क्षेत्रसहित सशस्त्र प्रहरी बल छ ।

सशस्त्र प्रहरी बल भने ब्यारेक प्रणाली अपनाउने अर्ध-सैनिक बल हो । माओवादी विद्रोहको समयमा परिचालन हुने गरी बनेको संगठन शान्ति सम्झौतापछि सीमा सुरक्षालगायतका क्षेत्रमा केन्द्रित गरिएको छ । यो संगठन प्रदेश संरचनामा गएको छैन । यसको सूचना प्रणाली केन्द्रीकृत छ । सूचनामा सहजीकरणका लागि सशस्त्रले पनि केन्द्रमा प्रवक्ताको प्रबन्ध गरेको छ ।

राष्ट्रिय अनुसन्धान विभाग इन्टेलिजेन्समा आधारित सुरक्षा संगठन हो । गृह मन्त्रालयमातहतको यो निकायलाई तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७५ फागुन १६ मा विशेष निर्णय गरेपछि प्रधानमन्त्री कार्यालयमातहत रहँदै आएको छ । राअविका रूपमा परिचित यो संगठन राष्ट्रिय सुरक्षाका दृष्टिले समाचारको स्रोत हो, तर यसमा न प्रवक्ता छन्, न त यसका कर्मचारी सार्वजनिक नै हुन्छन् । त्यसैले राअविमा स्रोतको विकास गर्न निकै कठिन छ ।

सुरक्षासम्बन्धी अध्ययन अनुसन्धान गर्ने प्रभावकारी गैरसरकारी संस्थाहरू त्यति सक्रिय देखिँदैनन् । अन्तर्राष्ट्रिय रूपमा भने विभिन्न संस्थाले नीति निर्माणदेखि क्षमता अभिवृद्धिसम्ममा सहयोग गरिरहेका हुन्छन् । उनीहरूले आफ्नो उद्देश्यअनुसार अध्ययन र अनुसन्धानसमेत गरिरहेका हुन्छन् ।

मुख्य प्रहरी संगठनहरूको अन्तर्राष्ट्रिय संगठन इन्टरपोल अनि संयुक्त राष्ट्र संघअन्तर्गतका लागूऔषध नियन्त्रणलगायतका संरचनाले प्रकाशन गर्ने रिपोर्टहरूले समेत समाचारलाई खँदिलो बनाउन सहयोग पुऱ्याउन सक्छ ।

## इन्टरनेटमार्फत समाचारको खोजी

सूचना प्रविधिको बढ्दो प्रभावसँगै सुरक्षासँग सम्बन्धित सामान्य जानकारी, जुन सार्वजनिक गर्दा शान्तिसुरक्षामा खराब असर पर्दैन, त्यस्ता सामग्री सहजै ती संगठनका वेबसाइटमा पाउन सकिन्छ । गृह मन्त्रालयको वेबसाइटमा[८] नीति-नियमदेखि विभिन्न प्रतिवेदन र सर्कुलर भेट्न सकिन्छ ।

नेपाल प्रहरीको वेबसाइटमा[९] केन्द्रदेखि तल्लो युनिटसम्मका सम्पर्क नम्बरदेखि दैनिक आपराधिक घटनाका विवरणसमेत फेला पार्न सकिन्छ। अपराधसम्बन्धी तथ्यांकलगायतका महत्त्वपूर्ण सामग्री जसले समाचारमा सघाउँछ ती विवरण पनि नेपाल प्रहरीको वेबसाइटमा पाइन्छ ।

सशस्त्र प्रहरी बलको वेबसाइट[१०] सूचना दिने हकमा त्यति उदार देखिँदैन । संगठनका सामान्य गतिविधि र सशस्त्रसम्बन्धी ऐन-कानून भने पाइन्छ। राष्ट्रिय अनुसन्धान विभागको वेबसाइटमा सामान्य विवरणबाहेक थप केही पाइन्न ।[११]

अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्र संघमातहतको युनाइटेड नेसन्स अफिस अन ड्रग्स एन्ड क्राइम (यूएनओडीसी) को वेबसाइटमा[१२] लागूऔषधसम्बन्धी नेपालसहित विश्वका अन्य देशको अवस्थाबारे महत्त्वपूर्ण जानकारी पाउन सकिन्छ ।

प्रहरी संगठनहरूको अन्तर्राष्ट्रिय संगठन (इन्टरपोल) को वेबसाइटमा[१३] पनि फरार अन्तर्राष्ट्रिय अपराधीलगायत इन्टरपोलका सदस्य राष्ट्रमार्फत खोजी भइरहेका नेपाली अनि नेपालले खोजी गरिरहेका अन्तर्राष्ट्रिय अपराधीबारे महत्त्वपूर्ण जानकारी पाउन सकिन्छ ।

---

८. https://moha.gov.np
९. https://www.nepalpolice.gov.np
१०. https://www.apf.gov.np
११. https://nidept.gov.np
१२. https:www.unodc.org
१३. https://www.interpol.int

## स्थानीय समाचार यसरी बन्छ प्रभावकारी

समाचार लेख्ने विषयबारे पर्याप्त जानकारी छ र लेखन क्षमता पनि छ भने सामान्य अपराध र सुरक्षाका विषयमा पनि प्रभावकारी समाचार बनाउन सकिन्छ, त्यसले राष्ट्रिय महत्त्व पनि पाउँछ । त्यसैले आवश्यक सामग्री र लेखन कला दुवै भएमा मात्र स्थानीय र प्रदेशका समाचारले पनि केन्द्रमा प्रभाव पार्न सक्छन् ।

सीमा क्षेत्रका कुरा गर्नेबित्तिकै हाम्रो ध्यान सीमा मिचिएको कुरामा जान्छ । यो महत्त्वपूर्ण विषय हो, तर नेपाल-भारत सीमा होस् या नेपाल-चीन सीमा क्षेत्र, त्यहाँ अन्य प्रकारका आपराधिक समस्या पनि छन् । जस्तै- नेपाल-भारत सीमा क्षेत्रको सबैभन्दा ठूलो समस्या तस्करी हो । तर, स्थानीय रूपमा यसबारे कमै समाचार आउँछन् । दुवै देशका अपराधी एकार्काका देशमा आएर लुक्नु र सीमा क्षेत्र संगठित अपराधको मारमा पर्नु ठूलो समस्या हो ।

घटनाको संवेदनशीलताका आधारमा गहकिलो रिपोर्टिङ गर्न सक्ने हो भने प्रदेश र जिल्लाका समाचारले केन्द्र हल्लाउन सक्छन् । उदाहरणका लागि रुकुमको नवराज विक हत्या र कञ्चनपुरकी किशोरी निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटना ।

## अन्तर्राष्ट्रिय घटना पनि सान्दर्भिक

सूचना प्रविधिको तीव्र विकास अनि अवसरको खोजीमा बढ्दो अन्तर्राष्ट्रिय बसाइँसराइका कारण नेपाली संसारभर फैलिइसकेका छन् । आफ्ना परिचित जुन देशमा पुगेका हुन्छन् त्यहाँ हुने गतिविधिले स्वाभाविक रूपमा नेपालमा प्रभाव पार्छ । जस्तो- अमेरिकामा हुने गोलीकाण्ड नेपालका समाचारका उपभोक्ताका लागि पनि चासोको विषय हो । विभिन्न देशमा पुगेका कामदारमाथि हुने शोषण, रोजगारीको आवरणमा हुने तस्करी अनि नेपालमा वैध हुने गतिविधि नेपालीको बाक्लो संख्या भएको कुन देशमा अवैध हो भन्ने सामग्री नेपालका लागि पनि पठनीय विषय हो ।

अमेरिकामा काम गर्ने नेपाली सांघातिक आक्रमणमा पर्ने गरेका छन्, किन ? सूचना प्रविधिको प्रयोग गरेरै त्यसबारे नेपालमै बसेर तथ्यसहितको समाचार बनाउन सकिन्छ । यसका लागि सम्बन्धित देशको सुरक्षा निकायका आधिकारिक वेबसाइटमा हुने विवरण, सम्बन्धित देशका विश्वसनीय सञ्चारमाध्यममा प्रकाशित समाचार अनि सम्बन्धित देशमा कार्यरत पत्रकार त्यहाँ रहेका नेपाली समुदायसमेत समाचारका स्रोत हुन सक्छन् ।

उदाहरणका लागि, बैंककमा रहेका बेला पूर्वयुवराज पारस गाँजासहित समातिए । त्यो नेपालका लागि पनि महत्त्वपूर्ण समाचार थियो । प्रारम्भमा त्यहींको सञ्चारमाध्यममा प्रकाशित समाचारका आधारमा नेपालमा समाचार सम्प्रेषण भयो । पछि थाइल्यान्डको मिडियामा कार्यरत पत्रकार अनि त्यहाँ रहेका नेपालीमार्फत नेपालमै बसेर रिपोर्टिङ भएको थियो ।

सामूहिक हत्या, बलात्कार, ठूला दुर्घटना, अनौठा शैलीका अपराधका घटना पनि सार्वजनिक भइरहेका हुन्छन् । तिनमा रुचि भएको अवस्थामा भर पर्ने विश्वासिला अन्तर्राष्ट्रिय मिडिया नै हुन् ।

## शक्तिको प्रभावबाट मुक्तिको उपाय

अपराध र सुरक्षा विषयमा बढ्दो चुनौती भनेको स्रोतलाई प्रभावित पारेर सूचना लिनेभन्दा पनि स्रोतको स्वार्थअनुसारका सूचनालाई समाचार बनाउने प्रवृत्ति छ, जुन क्रम बढ्दो छ ।[१४]

कतिपय अवस्थामा सुरक्षा मामिला रिपोर्टिङ गर्ने पत्रकारहरू 'पत्रकार कम र प्रहरीका प्रवक्ता बढी' जस्ता देखिन्छन् । १५ वर्षदेखि यो क्षेत्रमा कलम चलाउँदै आएका पत्रकारले पनि यस्तो अनुभव गरेका छन् (मैनाली २०८०) । प्रहरीले जे बतायो, त्यही लेख्दा पत्रकारहरू प्रहरीबाट 'प्रयोग हुने' जोखिम हुन्छ ।

प्रायः प्रहरीको उपल्लो तहमा बढुवाका बेलामा प्रतिस्पर्धी अधिकारीहरूबाट पत्रकार हरूको दुरुपयोग हुने गरेको देखिन्छ । यस क्रममा प्रतिस्पर्धीको चरित्र हत्या गराएर आफू अगाडि बढ्ने, आफू प्रमुख रहेको कार्यालयका सामान्य कामलाई पनि बढाइचढाइ प्रचार गराउने जस्ता प्रवृत्ति देखिन्छन् । यसबाट जोगिन कस्तो सूचना आयो मात्र हैन, कसले कस्तो सूचना किन दियो भन्ने कोणबाट पनि विचार गर्नुपर्छ । यस्ता सूचनालाई दोस्रो वा तेस्रो स्रोतबाट पुनः पुष्टि नगरी प्रकाशन/प्रसारण नगर्नु सबैभन्दा उचित निर्णय हुन्छ । 'प्रमाणविना आफैंलाई पनि विश्वास नगर्नु' नै आफू दुरुपयोग हुनबाट जोगिने सर्वोत्तम उपाय हो ।

## अपराध र सुरक्षा विधाका चुनौती र अवसर

पत्रकार अनि सञ्चारमाध्यम दुवैको संख्या बढे पनि समाचारको गुणस्तर बढ्न सकेको छैन । यस विधाको पत्रकारितामा सबैभन्दा ठूलो समस्या 'सीपरहित पत्रकारहरूको बढ्दो

१४. नेपाल प्रहरीका पूर्व डीआइजी हेमन्त मल्लसँग जेठ १०, २०८० मा गरिएको कुराकानी ।

संख्या' हो। पुरानो पुस्ताको सक्रियता घटेसँगै उनीहरूका स्थानमा आइपुग्ने नयाँ पुस्ता थप सीपयुक्त र अब्बल हुनुपर्नेमा समाचारको गुणस्तर थप खस्कँदो रहेको यस क्षेत्रका व्यक्तिले पनि अनुभव गरेका छन् ।

पेशागत सीप विकास गर्ने अवसरको अभावमा पनि यस्तो अवस्था देखिएको हुन सक्छ, तर त्योभन्दा पनि मुख्य कारण अरू नै छन्, जस्तै- स्रोतसँगको बढ्दो निर्भरता, काँचै भए पनि समाचार सम्प्रेषण गर्ने हतारो । यसको समाधानको पहिलो खुड्किलो विधागत प्रशिक्षणलाई बनाउन सकिन्छ । अपराध र सुरक्षा रिपोर्टिङ भनेको राज्यका निकायले जे भन्यो त्यही रिपोर्टिङ गर्नु हो वा राज्यका गतिविधिमाथि निगरानी गर्ने र उनीहरूले उपलब्ध गराउने तथ्यांक र विवरणको सत्यता परीक्षण पनि हो भन्ने पाटोमा मेहनत गर्नुपर्छ।

पठन सामग्रीको अभाव सुरक्षा र अपराध क्षेत्रको सबैभन्दा ठूलो समस्या हो। न अपराध र सुरक्षाबारे औपचारिक शिक्षा लिने पाइने अवस्था छ, न त विधागत दक्षता बढाउने प्रशिक्षण केन्द्र नै छन् ।

यस विषयमा रिपोर्टिङ गर्नु भनेको वैध र अवैध बन्दुकको नालका बीचमा बसेर रिपोर्टिङ गर्नु समान हो। दुवै क्षेत्रमा रहेका खराब पक्षबाट पत्रकार जुनसुकै समयमा पनि निशानामा पर्न सक्छन् । तर, यस्तो जोखिम बहन गरेअनुसार सेवा-सुविधा अभावका कारण पनि रिपोर्टरले इच्छा हुँदाहुँदै जोखिम मोल्ने निर्णय नगर्ने विवशताका बारेमा नसोची पत्रकारिताको शुद्धताको निरपेक्ष कुरा निरर्थक हुन्छ।

यसका साथै सुरक्षा र अपराध विधामा यही समस्याले नै अवसर निर्माण गरिरहेको अवस्था पनि छ। सञ्चारमाध्यमले अपराध र सुरक्षालाई विधाका रूपमा स्वीकार मात्र गरेका छैनन्, यसलाई प्राथमिकतामा राखेका छन् । तसर्थ यो विधामा काम गर्ने पत्रकारले चाँडै वृत्ति विकास गर्ने सम्भावना देखिन्छ।

जोखिमपूर्ण विधा भए पनि नेपालको हकमा अपराधसम्बन्धी समाचार लेखेका आधारमा राज्यको निकायमा बसेका वा आपराधिक समूह चलाएका व्यक्तिबाट रिपोर्टरले ज्यानै गुमाउनुपरेको अवस्था छैन । अनुचित प्रभावबाट मुक्त भएर कुनै एकै विषयमा मात्र निर्भीकताका साथ तथ्यपूर्ण समाचार सम्प्रेषण गर्ने हो भने एकै विषयको समाचारले पनि छवि बनाउन सकिन्छ।

सुरक्षा र अपराधका विषयमा सकारात्मक काम पनि प्रशस्तै भएका छन्। कसैको प्रभावमा नपरी समाचार लेख्ने पत्रकारले स्याबासी पाएका पनि छन्। प्रायः हरेक सञ्चारमाध्यममा

रिपोर्टर नियुक्ति गर्दा अपराध तथा सुरक्षा विषयमा पनि अलग्गै रिपोर्टर नियुक्त हुन थालेका छन् । साहसी पत्रकारको छवि निर्माणमा यो प्रभावकारी विधासमेत हो । तसर्थ यसैलाई विशिष्टीकृत गरेर यही क्षेत्रमा विज्ञका रूपमा आफ्नो करिअर निर्माण गर्न सक्ने सम्भावनासमेत उत्तिकै छ ।

२५ वर्ष पूरा भएको स्थापित मिडिया होस् वा खुलेको २५ दिन पनि नपुगेको मिडिया नै किन नहोस्, अहिलेको समाचार वितरण प्रणाली सामाजिक सञ्जाल नै हो । यसले मिडिया हाउसको साखमा मात्रै हैन, अब समाचारको गुणस्तरमा समेत प्रभाव पर्न थालेको छ । सञ्चारमाध्यमको साखको अर्थ नहुने हैन तर सञ्चारकर्मीका सामग्रीको गुणस्तरलाई अब सञ्चारमाध्यमको साखले आवश्यकताभन्दा बढी प्रभाव पार्न वा ओभ्झेलमा पार्न सम्भव छैन ।

अहिले सबैभन्दा बलियो साख समाचारको विश्वसनीयता र रिपोर्टरको मेहनत नै हो । यो नै नयाँ पुस्ताका लागि वरदान समान हो । यी सबै उपलब्धि कहिले अनि कसरी हासिल गर्ने भन्ने अरूको निर्णयमा हैन, रिपोर्टरकै सक्रियतामा निर्भर छ ।

## सन्दर्भ–सामग्री


खनाल, सुन्दर । २०७९ । प्रवक्ता जस्ता पत्रकार, किस्सामा समाचार लेखाउने सम्पादक । *उकेरा डट कम*। पुस ६ । https://www.ukeraa.com/news/2021/12/21/13157/ मा उपलब्ध; असार ४, २०८० मा हेरिएको ।

ढुङ्गेल, विनोद । २०५७ । हिमालपारिको राजदरबारमा पारिवारिक कलह । *साधना*, ६(८), पूर्णाङ्क ७७ : १०-२७ । जेठ १५ - असार १४ ।

तिवारी, अनिश कुमार । सन् २०२१ । फौजदारी कानून भनेको के हो ? यसका महत्त्व र सिद्धान्त के के हुन् ? जुन १४ । https://lawscholarsnepal.com/criminal-law-in-nepali/ मा उपलब्ध; असार ४, २०८० मा हेरिएको ।

पराजुली, लोकरञ्जन । २०७६ । कुम्भेश्वरको त्यो खुन । *अन्नपूर्ण पोस्ट* । माघ ४ । https://annapurnapost.com/story/145816/ मा उपलब्ध; असार ४, २०८० मा हेरिएको ।

पोखरेल, सञ्जीव । २०७६ । राज्यको अवधारणामा देखिएका संकटहरू । *नेपाल* साप्ताहिक । पुस ७ । https://nepalmag.com.np/opinion/2019/12/23/2019 1223140645 मा उपलब्ध; असार ४, २०८० मा हेरिएको ।

मैनाली, नवराज । २०८० । प्रहरीको प्रवक्ता जस्ता भयौं सुरक्षा बीटका पत्रकार । उकेरा डटकम । वैशाख २६ । https://www.ukeraa.com/news/detail/132901/ मा उपलब्ध; असार ४, २०८० मा हेरिएको ।

रिसाल, भैरव र घनानाथ ओझा । २०६५ । *त्यो बेलाको पत्रकारिता* । काठमाडौं : पैरवी बुक हाउस ।

*Crone, Rosalind. 2007. Crime Reporting. British Library Newspapers. Detroit : Gale. Available at* https://www.gale.com/binaries/content/assets/gale-us-en/primary-sources/intl-gps/intl-gps-essays/full-ghn-contextual-essays/ghn_essay_bln_crone1_website.pdf; *accessed on June 19, 2023*।

# सुशासन र सदाचारका पक्षमा

## हरिबहादुर थापा

सुशासनका निम्ति 'भ्रष्टाचार' पेचिलो चुनौतीपूर्ण सवाल बनेको छ । राज्यका तीनै अंग र संयन्त्रमा भ्रष्टाचार व्याप्त भएसँगै नागरिक असल शासन वा सुशासनबाट विमुख बन्दै विद्रोहउन्मुख देखिन्छन् । जबसम्म भ्रष्टाचार, चुहावट, हिनामिना, संगठित आर्थिक अपराध न्यूनीकरण हुँदैन, तबसम्म विधिको शासन स्थापित हुन सक्दैन । कानूनको शासनको अभावमा सुशासनको बाटोमा मुलुक हिँड्न सक्दैन । भ्रष्टाचारले विधिको शासनमा बाधा पुऱ्याउँछ र कतिपय बेला भताभुंग पार्छ । विधिको शासन भताभुंग हुनु भनेको शासकीय सभ्यता पतनोन्मुख हुनु हो ।

सुशासन र लोकतान्त्रिक विकासक्रमका यावत् प्रक्रियालाई क्षत्विक्षत् पार्ने प्रमुख कारकतत्त्वका रूपमा विश्वभर नै भ्रष्टाचारलाई लिने गरिन्छ । अझ आर्थिक अपराध या भ्रष्टाचारलाई मुलुक विशेषको मात्र समस्याका रूपमा लिइँदैन । भ्रष्टाचारविरुद्ध न एक्लो मानिस लड्न सक्छ, न त एक्लो मुलुक । तसर्थ सुशासन स्थापना निम्ति भ्रष्टाचारविरुद्ध संयुक्त रूपमै लड्नुपर्ने विश्वव्यापी मान्यता बनेको छ ।

यही तथ्यलाई मनन गर्दै भ्रष्टाचारविरुद्ध संयुक्त हुँदै लड्न संयुक्त राष्ट्र संघले २००३ डिसेम्बर ९ मा भ्रष्टाचारविरुद्धको महासन्धि गराएको हो । भ्रष्टाचारविरुद्ध संसारभर कानून समान प्रकृतिको तुल्याउने र सदस्य राष्ट्रबीच आपसमा सहकार्यको माहोल सिर्जना गर्नु यसको उद्देश्य हो । भ्रष्टाचार, स्वार्थ द्वन्द्व, संगठित अपराध, सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुचित क्रियाकलापविरुद्ध एकजुट गर्नु महासन्धिको मूल ध्येय हो ।

नेपालमा पनि हरेक पक्ष या निकायमा भ्रष्टाचार र आर्थिक अनियमितता व्याप्त छ, त्यसले सुशासनका यावत् पक्षलाई धरापमा पार्दै लगेको छ। सार्वजनिक खरिद-ठेक्कापट्टा हुँदै जहाज खरिद होस् वा भाडादेखि आयात-निर्यातसम्म कमिसन, भ्रष्टाचार र घुस जोडिने गर्छ। बृहत् प्रकृतिका आयोजनादेखि आर्थिक कारोबारका सवाललाई 'नीतिगत निर्णय' को जामा पहिऱ्याउँदै छानबिनबाहिर पार्ने खेल पनि निरन्तर छ। मन्त्रिपरिषद्बाट निर्णय गराएर होस् या संसद्बाट कानून पारित गराएर बदनियत तरिकाले लाभ लिने खेलले बढ्दो रूप लिँदो छ। त्यस्ता प्रकृतिको खेलले बृहत् प्रकृतिको भ्रष्टाचार निम्त्याएको छ। त्यस्ता किसिमका भ्रष्टाचारमा संलग्न पात्रहरूलाई आम बोलीचालीमा 'ठूला माछा'को संज्ञा दिने गरिन्छ। कानूनतः अझसम्म नीतिगत निर्णयको परिभाषा हुन सकेको छैन। हरेक कालखण्डमा शासकीय वृत्तका शक्तिशाली पात्रहरूबाट स्वार्थमा आधारित हुँदै निर्णय लिएपछि बृहत् प्रकृतिका भ्रष्टाचार मौलाउने क्रममा छन्।

शासकीय वृत्तको टाउको कुहिएपछि फेद पनि गनाउने नै भयो। सरकारी कार्यालयमा दैनन्दिन सेवा लिन घुस बुझाउनुपर्छ। नागरिकले रसिदबेगर 'अतिरिक्त शुल्क' बुझाउनुलाई घुस भन्ने गरिन्छ। जब सरकारी निकायमा घुसखोरी व्याप्त हुन्छ, तब सर्वसाधारणले सहजै सरकारी सेवा प्राप्त गर्न कठिन हुन्छ। जबसम्म सरकारी कार्यालयबाट सहजै प्राप्त हुनुपर्ने सेवाका निम्ति घुस बुझाउनुपर्छ, तबसम्म सुशासनयुक्त मुलुकको कल्पना गर्न सकिँदैन। यतिखेर त्यस्ता प्रवृत्तिका खुद्रे घुसखोरीलाई 'साना माछा' नामकरण गरिएको छ। बृहत् प्रकृतिका भ्रष्टाचारदेखि खुद्रे घुसखोरीले सुशासनलाई बाधा पुऱ्याउँदै आएको छ।

नेपालमा राज्यका संयन्त्र, राजनीतिक दल र निजी क्षेत्र भ्रष्टाचारको खतराजन्य थलो मानिन्छन्। आम नागरिकको अनुभूतिमा राज्यका हरेक क्षेत्रमा भ्रष्टाचार र घुस लेनदेन बढेकै छ। त्यही अनुभूति अन्तर्राष्ट्रिय संस्थाहरूको पनि छ। ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२१ को सूचकांकमा नेपाल भ्रष्टाचार व्याप्त मुलुककै कोटिमा पर्छ। विश्वका १८० देशमध्ये नेपाल ११७ औं स्थानमा सूचीकृत छ र नेपालले जम्मा १०० पूर्णांकमा ३३ अंक पाएको छ। उसको सूचकांकमा ५० भन्दा तल अंक प्राप्त गर्नु भनेको 'भ्रष्टाचार व्याप्त' मुलुकको सूचीमा दर्ज हुनु हो। नेपालले थोरै अंक प्राप्त गर्नुमा ट्रान्सपरेन्सी इन्टरनेसनलको टिप्पणी रहने गरेको छ, 'राजनीतिक भ्रष्टाचार नियन्त्रण नहुनु, सार्वजनिक क्षेत्रमा भ्रष्टाचार र अधिकारको दुरुपयोग कायम रहनु हो।'

## सुशासन र पत्रकारिता

भ्रष्टाचार र विसंगतिका विकृत रूप उजागर गर्दै आम नागरिकलाई सचेत तुल्याउनेदेखि सरोकारवाला निकायलाई कारबाहीका निम्ति अग्रसर तुल्याउने दायित्व मिडिया र

सञ्चारकर्मीको काँधमा हुन्छ। राज्य सञ्चालकबाट भएका भ्रष्टाचार र खराब कामलाई सार्वजनिक गर्ने एक सशक्त माध्यम मिडिया नै हो। भ्रष्टाचार न्यूनीकरण गरी सुशासनको बाटोमा मुलुकलाई हिँडाउन पत्रकारिता जगत्को महत्त्वपूर्ण हात हुन्छ भन्ने विश्वव्यापी मान्यता नै छ। सरकारले गरेका निर्णयका राम्रा/नराम्रा पक्ष खोज्ने र तथ्यपरक तथा विश्लेषणात्मक प्रस्तुतिले आममानिसलाई सचेत तुल्याउँछ। पत्रकार र पत्रकारिताको कर्म भनेकै नागरिकसमक्ष वास्तविक सूचना र निष्पक्ष विचार प्रवाह गर्नु हो।

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका काम-कारबाहीप्रति पहरेदारी गर्ने भएकाले पत्रकारितालाई राज्यको चौथो अंग भनिएको हो। राज्यका अंगहरूलाई पारदर्शी बन्न बाध्य तुल्याउनमा पत्रकारको कर्म महत्त्वपूर्ण हुन्छ। त्यही आलोकमा प्रेसलाई 'वाचडग' अर्थात् हतियारविहीन पहरेदार मानिएको हो। त्यही आधारमा संवैधानिक र वैधानिक रूपमा कहीँ-कतै 'चौथो अंग' भनी उल्लेख नगरिए पनि तीन अंगमाथि निगरानी गर्ने हुँदा समाजबाट 'चौथो अंग'को मान्यता मिलेको हो। लोकतान्त्रिक राज्यले पनि त्यसलाई स्वीकारेको छ। राज्यका तीन अंग तथा नागरिकबीच पुल र निगरानीयुक्त पहरेदारी गरिर हेसम्म यो संज्ञा कायम रहन्छ। त्यस अर्थमा असल र खराबबीचको तथ्यपरक भेद खुट् याइदिनु मिडिया कर्म हो। खराब नियत उजागर गरी निरुत्साहित गर्ने वातावरण बनाउनु र असल कामका निम्ति माहोल सिर्जना गर्नु नै पत्रकार भएबापतको जिम्मेवारी हो।

मिडियाको स्वादिलो परिभाषामा राज्यका अंग, संयन्त्रको पहेरीदारी गर्दै तिनलाई खराबतिर मोडिन नदिनु हो। राज्यका अंगदेखि समाजसम्मका खराब कर्म जब उजागर हुन्छन्, तिनीहरू सजायको भागीदार बनेसँगै त्यस्ता दुष्कर्म न्यून हुँदै जान्छन्। त्यो कर्म पूरा गर्न मिडिया सक्षम भएको खण्डमा सुशासन कायम हुन्छ।

पत्रकारका खोजीमूलक 'रिपोर्टिङ'ले सहस्र भ्रष्ट र खराब टाउकामाथि प्रहार गर्न आधार भूमि तयार गर्छ भन्ने विश्वव्यापी मान्यता छ। अनुसन्धानमूलक समाचार, लेख, टिप्पणीले भ्रष्टाचार र घुसखोरी कम गर्ने आधार तयार गर्छ। मिडियाका तथ्यपूर्ण सामग्रीले छानबिन र कारबाहीको तहसम्म पुऱ्याउने माहोल बनाउन सक्छ। शासकका कामकारबाही शासितकहाँ पुऱ्याउने र शासितका मर्का शासककहाँ पुऱ्याउने कर्म मिडियाकर्मीबाट व्यावसायिक तवरले भएको खण्डमा सुशासनको जग बस्छ।

## मिडिया शक्ति

मिडियाबाट प्रकाशित तथ्यपूर्ण खोजी समाचारले शक्तिशाली शासकलाई थला पारेको प्रशस्त उदाहरण छन्। शक्तिशाली राष्ट्र अमेरिकाकै राष्ट्रपतिले समेत मिडिया सामग्रीका

कारण पदच्युत हुनुपरेको उदाहरण हाम्रासामु छन् । सन् १९७४ मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सन मिडियामा प्रकाशित सामग्रीकै कारण राजीनामा दिन बाध्य भएका थिए । विपक्षी डेमोक्रेटिक पार्टीको चुनावी रणनीति पत्ता लगाउन शक्तिशाली सञ्चार उपकरण प्रयोगसम्बन्धी गलत क्रियाकलापको अनुसन्धानात्मक रिपोर्टिङ *वासिङ्टन पोस्ट्*मा प्रकाशित भएसँगै उनको पद धरापमा परेको थियो । उक्त प्रकरणमा *वासिङ्टन पोस्ट्*ले २२ वटा प्रमुख समाचार, दर्जनभन्दा बढी विश्लेषण र सम्पादकीय शृंखला प्रकाशन गरेको थियो । राष्ट्रपति निक्सनका क्रियाकलाप पर्दाफास गर्ने पत्रकारद्वय बब उडवार्ड र कार्ल बर्नस्टिन विश्वभर चर्चित भए । 'वाटरगेट प्रकरण'का रूपमा बहुचर्चित उक्त काण्ड अनुसन्धानमूलक पत्रकारिताका निम्ति उदाहरण मानिन्छ ।

जोसेफ एजर्सिटो एस्ट्राडा फिलिपिन्समा शक्तिशाली राष्ट्रपति थिए । राज्यसत्ताको चरम दुरुपयोग गरी एस्ट्राडाले अथाह धन-सम्पत्ति जोडे । फिलिपिन्सको खोज पत्रकारिता केन्द्रले अवैध तरिकाले सम्पत्ति जोडेको तथ्यपरक रिपोर्टिङसँगै नागरिक सडक प्रदर्शनमा उत्रिए । त्यसपछि शक्तिशाली राष्ट्रपति सत्ताच्युत हुन बाध्य भए ।

नेपालमा प्रेसले साहसिक काम नगरेको होइन । राज्यका तीनै अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका खराबीको चिरफार गर्न पत्रकारहरू पछि परेका छैनन् । पत्रकारका खोजमूलक समाचारका कारण नेपालमा धेरै उच्च अधिकारी कारबाहीका भागीदार बनेका उदाहरण छन् भने भ्रष्टाचारविरुद्ध कडा कानून निर्माण गर्न बल पुऱ्याएको छ । २०५८ मा आर्थिक लेनदेनको सवाल आएपछि तत्कालीन वनमन्त्री गोपालमान श्रेष्ठले राजीनामा गर्नुपरेको थियो । प्रजातन्त्र पुनर्स्थापनायता धमिजा, चेज एयर, चाइना साउथ वेस्ट, लाउडा जहाज खरिद, लेबीको चिनी, एलसी काण्ड, रासायनिक मल काण्ड, सुडान काण्ड, नेपाल ट्रस्टका जग्गा भाडा, वाइड-बडी, यति-ओम्नी जस्ता अनगिन्ती काण्ड मिडियाबाटै उजागर भएका हुन् ।

२०६१ मा बहुचर्चित 'रविन्सन प्रकरण'मा मुछिएका न्यायाधीशका क्रियाकलाप सञ्चारमाध्यमले उजागर गरेका हुन् । लागूऔषध कारोबारमा संलग्न बेलायती नागरिक गोर्डन विलियम रविन्सनलाई नाटकीय तवरमा तारेखमा छाड्ने निर्णयपछि प्रकरणको रूप लिएको हो । सर्वोच्च अदालतका न्यायाधीशद्वय कृष्णकुमार बर्मा र बलिराम कुमारले ' जाहेरीमा कुन खुट्टाको जुत्ताबाट लागूऔषध बरामद भएको भन्ने खुल्न नआएको' उल्लेख गरी छुट दिएका थिए । लागूपदार्थ बरामद हुनुलाई आधार नमानी 'कुन खुट्टा' भन्ने प्राविधिक आधारमा फैसला भएपछि सञ्चारमाध्यमले प्रकरणमा स्थापित गरे । उक्त प्रकरणसँगै न्यायाधीशद्वय राजीनामा गर्न बाध्य भएका थिए ।

मुलुकमा २०८० सालको प्रारम्भमा 'नक्कली भुटानी शरणार्थी' प्रकरण देखा पऱ्यो, जसमा राजनीतिक-प्रशासनिक वृत्तका पात्रहरूको संलग्नता भेटिएको छ। भुटानी शरणार्थीलाई तेस्रो देशमा पुनर्स्थापनाले अन्तिम रूप लिँदै थियो र 'छुट दर्ता' को अनुसूचीमा नेपाली नागरिकलाई नक्कली शरणार्थीको परिचयपत्र दिलाउँदै लाभ लिने खेलमा गृह मन्त्रालय र राजनीतिक व्यक्ति नै संलग्न रहेको समाचार सार्वजनिक भएपछि त्यो एक बृहत् प्रकरण बन्न पुग्यो। दुई पूर्वमन्त्रीसहित पूर्वसचिवलगायतका पात्रहरूका खेल मिडियाबाटै आएपछि प्रहरीले अनुसन्धान अघि बढाउँदै मुद्दा दायर गरेको हो।

मिडिया र मिडियाकर्मीको कर्म भनेको खराब काम वा बदनियत उजागर गर्नु हो। त्यसबाट कारबाही गर्ने निकाय वा संस्थाका निम्ति 'मसला' उपलब्ध हुन्छ। कानूनी कारबाही गर्ने या सजाय दिलाउने अधिकार भने मिडियालाई हुँदैन। मिडियाले सकेसम्म बढीभन्दा बढी तथ्य बाहिर ल्याउँदै छानबिन गर्ने र सजाय दिलाउने निकायलाई चासो र सक्रियता बढाउन उत्प्रेरित भने गर्छ। त्यसपछि छानबिन गर्ने र सजाय दिलाउने निकायले मौनता साँधेको या शिथिलता देखाएको खण्डमा प्रश्न उठाइरहनु पनि मिडियाको दायित्व हुन आउँछ।

## सैद्धान्तिक परिभाषामा भ्रष्टाचार

भ्रष्टाचार सन्दर्भमा संयुक्त राष्ट्रसंघ, विश्व बैंक हुँदै ट्रान्सपरेन्सी इन्टरनेसनलसम्मले शब्द फरक प्रयोग गरे पनि परिभाषा एकैखाले भेटिन्छन्, 'निजी फाइदाका लागि सार्वजनिक पद, अधिकार र शक्ति दुरुपयोग गर्नु नै भ्रष्टाचार हो।'

भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल शब्दमा, 'सार्वजनिक क्षेत्रमा काम गर्ने पदाधिकारी र राजनीतिक वा सरकारी पदाधिकारी/अधिकारीहरूले आफूलाई सुम्पिएको अख्तियारी र शक्ति दुरुपयोग गरी कुनै पनि व्यक्ति वा सम्बद्ध व्यक्तिहरूको निजी फाइदाका लागि गरिने गैरकानूनी काम नै भ्रष्टाचार हो।'

संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिभाषा पनि त्यही आशयको छ, 'कानूनले गर्नुपर्ने भनी तोकेको आचरण पालना नगर्नु वा गर्नु भनी तोकेका व्यवस्थाविपरीत काम गर्नु भ्रष्टाचार हो।' यसर्थ शक्ति, सरकारी धन र कानून उल्लंघन गरी निजी स्वार्थ पूर्ति गर्नुलाई भ्रष्टाचारको परिभाषाभित्र पारिएको छ।

सुशासनका निम्ति नेपाल भ्रष्टाचार तथा आर्थिक अपराधविरुद्ध दरिला कानून र संस्था निर्माण गर्नेमा अग्रणी मुलुकमध्ये पर्छ। भ्रष्टाचार नियन्त्रण गर्न संवैधानिक संस्थादेखि सम्पत्ति शुद्धीकरण हुँदै राजस्व अनुसन्धान विभागसम्मका संस्था छन्। न्यायाधीशका निम्ति न्याय परिषद्कै व्यवस्था छ। खासमा जसरी कानून निर्माण र संस्था खडा भएका छन्,

त्यसरी नै तिनले क्रियाशीलता प्रदर्शन गर्ने हो भने सुशासन टाढाको सवाल हुँदैनथ्यो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ मा फराकिलो दायरासँगै सार्वजनिक क्षेत्र र पात्रका भ्रष्टाचार छानबिन गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पाएको छ। निजी क्षेत्रमा कहीँकतै गैरकानूनी काम गरी आर्जित सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोबार छलेको पाएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छानबिन गर्न सक्छ। त्यसअतिरिक्त कर छलीमा राजस्व अनुसन्धान विभाग पनि छँदै छ। तिनलाई छानबिनका निम्ति 'मसला' दिन रसक्रिय पार्न मिडियाको भूमिका पनि उत्तिकै हुनुपर्छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद- २ मा भ्रष्टाचारजन्य 'कसुर' मानिने क्रियाकलापलाई बुँदागत रूपमा उल्लेख गरेको छ। अझ संसद्मा २०७६ मा दर्ता भएको भ्रष्टाचार निवारण ऐनको संशोधित विधेयकमा निजी क्षेत्र, बैंक तथा मेडिकल क्षेत्रलाई छानबिनको दायराभित्र पार्ने प्रस्ताव गरिएको छ, जुन संसद्बाट पारित हुन बाँकी छ । विद्यमान कानूनअनुरूप भ्रष्टाचारका कसूरभित्र पर्ने विषयमा सञ्चारकर्मीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छानबिनका निम्ति तथ्यपरक समाचारमार्फत 'काम' उपलब्ध गराउन सक्छन् । कानूनतः भ्रष्टाचारजन्य कसूर मान्ने विषय यस प्रकार छन्–

- रिसवत लिनु-दिनु । ('रिसवत' भन्नाले नगदी, जिन्सी वा अन्य जुनसुकै किसिमका लाभ वा सुविधा लिनु हो र यो शब्दले घुससमेतलाई जनाउँछ।)
- विनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा दिनु ।
- दान दातव्य, चन्दा वा उपहार लिनु ।
- कमिसन लिनु ।
- राजस्व चुहावट गर्नु ।
- गैरकानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्नु ।
- गलत लिखत तयार गर्नु ।
- लाभ लिने उद्देश्यसहित गलत अनुवाद गर्नु ।
- सरकारी कागज सच्याउनु र नोक्सान गर्नु ।
- सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्नु ।
- प्रश्नपत्रको गोपनीयता भंग गर्नु तथा परीक्षाको परिणाम फेरबदल गर्नु ।
- गैरकानूनी व्यापार व्यवसाय गर्नु ।
- नपाएको ओहोदा पाएँ भन्नु ।
- झुटा विवरण दिनु ।

- सार्वजनिक सम्पत्ति हानि-नोक्सानी गर्नु ।
- गैरकानूनी दबाब दिनु ।
- गलत प्रतिवेदन दिनु ।
- गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवन जिउनु ।
- मतियार बन्नु (नगद, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराइदिने वा आफूले लिने मतियारलाई कसुर गर्ने व्यक्तिसरह सजाय हुनेछ ।)

सञ्चारकर्मी तथा मिडियाबाट यी विषयमा खोजमूलक समाचार प्रकाशन वा प्रसारण गरेको खण्डमा अख्तियारलाई अनुसन्धानको विषय प्राप्त हुन्छ, जसका निम्ति आयोगमा 'स्क्रिनिङ कमिटी'कै व्यवस्था छ। व्यापक भ्रष्टाचारका विषयमा लाखौं, करोडौं भ्रष्टाचार जस्ता भेग शीर्षक भएका सामग्रीमा प्रयुक्त तथ्यांक भरपर्दो देखिएन भने तिनलाई आयोगले गम्भीरतापूर्वक लिँदैन।

## भ्रष्टाचारको जरा मौलाउँदो

'घर जलाए खरानीको के दुःख ?' सञ्चारकर्मीले अलिकति साहस र धैर्यसाथ खोजी गर्ने समाचारका विषय प्राप्तिमा धेरै दुःख नै मोल्नु पर्दैन किनभने चारैतिर कानूनविपरीतका क्रियाकलाप निरन्तर छन् र सरकारी साधन-स्रोत व्यक्तिगत हितका लागि उपयोग गर्ने क्रम व्याप्त छ। मन्त्रिपरिषद्का नीतिगत निर्णयमा भ्रष्टाचार, संसद्बाट कानून निर्माणकै बखत स्वार्थी समूह हाबी हुँदै घुमाउरो तरिकाले लाभ लिने क्रम पनि बाक्लिएको छ।

कुनै बेलासम्म भ्रष्टाचारको 'इपी सेन्टर' सिंहदरबारलाई मानिन्थ्यो । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई अधिकारका हिसाबले मात्र होइन, स्रोतका हिसाबले समेत शक्तिशाली बनाएको छ। अब आर्थिक वा नीतिगत निर्णयको थलो सिंहदरबार मात्र रहेन। नयाँ संविधानपछि संघीय सरकार, ७ प्रदेश सरकार, ७५३ स्थानीय सरकार गरी ७ सय ६१ थलोबाट कार्यकारिणी र कानून निर्माणका काम हुन्छन् ।

नयाँ संविधानपछि शक्ति र स्रोत विकेन्द्रित भएसँगै भ्रष्टाचारजन्य विकृति पनि डरलाग्दो गरी स्थानीय तहसम्म विकेन्द्रित हुन पुगेको छ। यसले पत्रकारलाई समाचारको खोजीका निम्ति भने खानी नै मिलेको छ भन्दा अत्युक्ति हुँदैन । तीनै तहका सभा र सरकारका निर्णयभित्र अन्तर्निहित 'बदनियत' खोजी गर्ने हो भने विषयको कुनै अभाव पर्दैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग सर्वेक्षण र वार्षिक प्रतिवेदनले पनि भ्रष्टाचार र कानूनविपरीतका कामका हिसाबले स्थानीय तहलाई समाचारका खानी नै देखाउँदैछन् । आयोगको प्रतिवेदन २०७८ अनुसार, आयोगमा पर्ने उजुरीमध्ये ४७.७२ प्रतिशत स्थानीय

तहसँग सम्बन्धित छन् । संघसँग ३९.७२ र प्रदेशसँग सम्बन्धित १२.५६ प्रतिशत उजुरी छन् । प्रदेशभन्दा स्थानीय तह भ्रष्टाचारका निम्ति सघन क्षेत्र बन्न पुगेको देखिन्छ ।

आयोगले स्थानीय तहमा हुने भ्रष्टाचारका सम्बन्धमा २०७६ मा सर्वेक्षण गरेको थियो । उक्त सर्वेक्षणअनुसार, सार्वजनिक सम्पत्ति दुरुपयोग बढेको, भ्रष्टाचार, नातावाद/कृपावाद बढेको, सार्वजनिक कोषको गैरकानूनी प्रयोग पनि बढ्दै गएको र अनावश्यक कागजात माग गरी झमेला दिएको गुनासो नागरिकको छ । सामाजिक सुरक्षा भत्तामा समेत अनियमितता छ। मिलिभगतमा सामाजिक सुरक्षा भत्तामा उमेर सच्याउने, मृत्यु भइसकेका र बसाइँसराइ गरेका नागरिकका हकमा समेत दोहोरो-तेहेरो भत्ता लिने क्रम जारी छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सर्वेक्षण, नागरिकका उजुरी, अख्तियारबाट अनुसन्धान हुँदै विशेष अदालतमा दायर हुने मुद्दा हेर्दा पनि भ्रष्टाचारले स्थानीय तहसम्म जरा गाडेको देखाउँछ। अख्तियारले विशेष अदालतमा दर्ता गरेका पछिल्ला मुद्दा धेरैजसो स्थानीय तहसँगै सम्बन्धित छन् । स्थानीय तहका पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिको मिलेमतोमा भ्रष्टाचार बढेको देखाउँछ।

स्थानीय तहमा प्राकृतिक स्रोत-साधनको दोहन बढ्दो छ, जसमा जनप्रतिनिधिहरूको प्रत्यक्ष वा परोक्ष संलग्नता छ। जनप्रतिनिधिहरूको अनुचित क्रियाकलाप सञ्चारकर्मीको निरन्तर खोजीको विषय बन्नुपर्छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदन २०७८-२०७९ अनुसार, स्थानीय तहमा पूँजीगत खर्चबाट गरिने विकासमा योजनादेखि भुक्तानीसम्म स्वार्थको द्वन्द्व देखिने, राजनीतिक तथा प्रशासनिक पहुँच भएकाहरूले आ-आफ्ना योजना छनोट गर्ने, उपभोक्ता समितिमा पनि तिनै व्यक्ति रहने र राजनीतिक उद्देश्यले बजेट विनियोजन गर्ने देखिएको छ। सिफारिश, घर-नक्सा पास तथा कर निर्धारणमा पनि घुस माग्ने प्रवृत्ति स्थानीय तहमा देखिएको छ। तोकिएको कामै नगरी नक्कली भर्पाइ र किर्ते कागज बनाई सरकारी रकम भुक्तानी लिने, कमिसन लिँदै पूरा नभएको कामको फरफारक गर्ने, योजना पूरा नगरी बीचैमा अलपत्र पार्ने, विकासका काममा मेसिन-डोजर प्रयोग गर्ने र भुक्तानी डोर-हाजिरीमा हुने प्रवृत्ति मौलाएको छ। ती विषय पत्रकारका निम्ति नियमित खोजका विषय हुन् ।

विश्वव्यापी मान्यता हो कि 'जहाँ अधिकार, त्यहाँ दुरुपयोग ।' नयाँ संविधान जारी भएपछिको स्थानीय सरकारको छबर्से अभ्यास हेर्दा भ्रष्टाचार गर्ने, प्राकृतिक स्रोतको दोहन गर्ने तथा ठेकेदारी प्रथा मौलाउँदो छ। वडाध्यक्ष नै डोजराध्यक्षमा परिणत भएको तथ्य-तथ्यांक पनि आएकै छन् । स्थानीय तहमा विकास निर्माणदेखि स्रोत दोहन गर्नेको संख्या ह्वात्तै बढेको छ। अर्थात्, भ्रष्टाचारको जरो तल्लो तहसम्म नराम्ररी गढेको हुँदा

पत्रकारले त्यस्ता खराब विषय उत्खनन गरी समयमै 'ट्र्याक'मा हिँडाउनुपर्ने दायित्व छ।

त्यसअतिरिक्त प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, कृषि तथा अन्य अनुदान हुँदै प्रदेश सांसद निर्वाचन क्षेत्र विकास कार्यक्रमजस्ता वितरणमुखी योजना पनि भ्रष्टाचारका जड बन्न पुगेका छन् । अति आलोचित भएसँगै संघीय सांसदको हकमा यो कार्यक्रम कटौतीमा परेको थियो तर २०८०-२०८१ को बजेटसँगै पुनर्जीवित भएको छ। यो रकम खासगरी आफ्ना दलका कार्यकर्ता पोस्ने र अनावश्यक ठाउँमा बजेट छर्ने विगत भएको हुँदा सञ्चारकर्मीहरूको खोज र खबरदारी निरन्तर आवश्यक हुन्छ।

विकास आयोजनामा हुने कमिसन र भ्रष्टाचारमा मन्त्रीदेखि आयोजनासम्बद्ध ओभरसियरसम्मको संलग्नता रहन्छ। मन्त्रीको काम ठेक्कापट्टा र खरिद प्रक्रियामा संलग्न हुने होइन, मुलुकका निम्ति नीति बनाउनेतिर केन्द्रित हुनुपर्ने हो । तिनको काम नीति कार्यान्वयन भयो या भएन भनी अनुगमन गर्ने हो तर मन्त्रीहरू नीति बनाउने र थिति बसाल्नेभन्दा आर्थिक लाभका काममा बढी व्यस्त हुने गरेका छन् । यसका पछाडिको कारण भनेको मूलतः व्यक्तिगत लाभ नै हो।

विकास/निर्माण र पूर्वाधारमा अथाह लगानी र अकल्पनीय भ्रष्टाचार हुन्छ। त्यसअतिरिक्त चुहावट उत्तिकै हुन्छ । त्यो प्राविधिक सवाल भएको हुँदा पत्रकारहरूको खोजी धेरै गहिराइसम्म पुग्न सकेको देखिन्न । त्यो पक्षलाई उजागर गर्ने खेलमा पत्रकारहरूको ' अतिरिक्त सक्रियता' आवश्यक पर्छ।

जलस्रोत, सिँचाइ, सडकसम्बन्धी ठूला आयोजनाको बोलपत्र आह्वान भएपछि भ्रष्टाचार र कमिसनका कुरा बाहिर आउन थाल्छन्। शक्तिकेन्द्रका बार्दलीहरूमा 'ठेकेदार'हरू भेटिने गर्छन् । ठेकेदारहरूले सरकारी र संस्थानका पदाधिकारीहरूलाई लाभान्वित तुल्याउँदै संस्थाका आर्थिक क्रियाकलापलाई कब्जामा लिएका अनगिन्ती उदाहरण छन्। सार्वजनिक ठेक्कापट्टा र खरिदका काम स्वस्थ प्रतिस्पर्धाका आधारमा हुनुपर्नेमा 'सेटिङ' शब्दावलीको प्रयोग व्यापक भएको छ। सार्वजनिक खरिद नियमावली शृंखलाबद्ध संशोधनको खेलमा पर्नुमा 'सेटिङ'कै भूमिका हुन्छ।

आफ्नो कार्य क्षेत्रमा ठूला परियोजना सञ्चालित छन् भने त्यहाँ पत्रकारको निरन्तर निगरानी हुनैपर्छ। परियोजनाको ठेक्कापट्टादेखि निर्माण कालमा भद्रगोल अवस्था पैदा भएको छ कि भनेर भ्रष्टाचार गर्ने उद्देश्य राखिएको शंकासहित सोधखोज निरन्तर रहनुपर्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकका प्रतिवेदन अध्ययन गर्ने हो भने मुलुकमा भ्रष्टाचार र आर्थिक अराजकता उकालो लागेको भेटिन्छ।

पछिल्लो कालखण्डमा जग्गाको मूल्य आकासिएको छ । सार्वजनिक जग्गा कब्जा र

दुरुपयोग गर्ने प्रवृत्ति बाक्लिएको छ । मिडियाकर्मीका आँखा र दिमागमा यस्ता प्रश्न निरन्तर भइरहनुपर्छ- कहीँकतै सार्वजनिक जग्गा कब्जाका दुष्कर्म त भइरहेका छैनन् ? कहीँ नयाँ बस्ती बस्दै छ भने खोला-नाला, चौर, घाटलगायतमा कसैले आँखा गाडिरहेको छैन ? त्यस्ता मामिला पहिचान गरी मिडियामार्फत सार्वजनिक गरेको खण्डमा राज्यको धन लुटिनबाट जोगिन्छ ।

ठेकेदार वा कारोबारी कम्पनीका मालिकहरू सांसद-मन्त्री बन्दैछन् । ठेकेदार विकास-निर्माणको जिम्मेवारी बोकेकै मन्त्रालयको मन्त्री बनेको र संसदीय समितिमा पनि स्वार्थ जोडिएकै सदस्यहरू संलग्न हुँदै निर्णय प्रभावित गरेको दृश्य निरन्तर छ । हामीकहाँ 'स्वार्थको द्वन्द्व' मौलाएको छ । यस्ता विषयमा गहन रिपोर्टिङ हुन बाँकी छ । निर्णयकर्ताको स्वार्थ पहिचान गर्ने र तिनको स्वार्थ उजागर गर्ने मामिलामा पत्रकारहरूको अनुसन्धानमा सक्रियता अधिक आवश्यक हुन्छ ।

सुशासनका निम्ति अनेकन् कानूनी व्यवस्था तथा औजार प्रयोगमा छन् । राज्य संयन्त्रलाई जवाफदेही, जिम्मेवार, पारदर्शी पद्धति अवलम्बन गराई कानूनी शासनको जग बसाउनु नै तिनको मकसद हो । कानूनमा व्यवस्था भएका सार्वजनिक सुनुवाइ, सेवाग्राही सर्वेक्षण, उपभोक्ता सर्वेक्षण र सामाजिक परीक्षण नियमित छन् कि छैनन् भन्ने सवालमा निगरानी गर्ने र समाचार सम्प्रेषण गर्ने दायित्व पत्रकारकै हो ।

नागरिकलाई सुशासनका सवालमा सचेत गराउनु मिडियाको दायित्व हो । सरकारको नीति तथा उद्देश्य छिटो, छरितो तवरमा सर्वसाधारणमा सेवा उपलब्ध गराउनु हो । सरकारको नीतिविरुद्ध कर्मचारी बोझिलो र घुस असुल्न उद्यत् हुन्छन् भने त्यस्ता पात्रहरू समाचारका विषय हुन् । सरकारी निकायबाट सेवा लिँदा घुस बुझाउन हुन्न र त्यसरी बुझाएको खण्डमा सेवाग्राही पनि उत्तिकै दोषी मानिन्छन् भन्ने माहोल सिर्जना गर्ने कर्म मिडियाकै हो ।

कानूनतः सरकारी निकायबाट प्राप्त हुनुपर्ने सेवा समयमै उपलब्ध गराइएन भने त्यस्तो निकाय वा व्यक्तिले क्षतिपूर्ति बेहोर्नुपर्छ भन्ने 'नागरिक बडापत्र'मै व्यवस्था छ । तर यस्ता बडापत्र खास प्रयोग भएको पाइँदैन । कुनै कर्मचारीले सेवा उपलब्ध गराउँदाका बखत अनुचित उद्देश्य राख्दै झुलाएको खण्डमा क्षतिपूर्ति मागका निम्ति नागरिकलाई उत्प्रेरित माहोल निर्माण गर्ने कर्म पनि सञ्चारकर्मीकै हो ।

## पत्रकारको काम : तजबिजी निर्णय खोतल्ने

अमेरिकी बुद्धिजीवी रोबर्ट क्लिटगार्डको भनाइमा, 'शासक-निर्णयकर्तामा एकाधिकारवाद र स्वविवेकीय तजबिजी अधिकार अधिक हुँदा भ्रष्टाचार बढ्छ । अझ तिनको काम तथा

निर्णय पारदर्शी भएन र उनीहरू जवाफदेही बन्नुपरेन भने त त्यहाँ भ्रष्टाचार कहालीलाग्दो रूपमा हुन्छ ।'

एकाधिकारवादी निरंकुश शासनको नेपाल भुक्तभोगी मुलुक हो । जहानियाँ राणा शासन, दरबार नियन्त्रित निरंकुश पञ्चायती व्यवस्था, २०६१ माघ १९ पछिका शाही शासन देखेकै र भोगेकै हो । ती सबै कालखण्डमा शासकीय पात्रहरूले बजेटदेखि राज्यका सम्पूर्ण अंग-प्रत्यंगलाई कब्जामा लिँदै सक्दो दुरुपयोग गरेकै हुन् ।

यदि शासन वृत्तमा एकाधिकारवाद र तजबिजी अवस्था छ भने मिडियाकर्मीले तिनका हरेक काम/निर्णयलाई शंकाको घेरामा पार्दै सत्य-तथ्य खोज अभियान शुरू गर्नुपर्छ । एकाधिकारवादका कारण भएका खराब निर्णय खोज्ने, तजबिजी अधिकार प्रयोग गरी तिनले लिएको स्वार्थ पहिचान गर्ने कर्म मिडियाकर्मीबाट भएको खण्डमा तिनका अधिकार कटौती गर्दै कानून बनाउन सहयोग पुग्छ ।

भ्रष्टाचार तथा आर्थिक अनियमितता गर्दा हुने फाइदा र खतराको मात्रामा चुकाउनुपर्ने मूल्य मूल्यांकन गर्दा जुन बढी फाइदाजनक हुन्छ, त्यही पक्ष हाबी बन्छ । नेपालमा खतराको मात्रा कम भएपछि भ्रष्टाचार गर्नेहरू प्रोत्साहित भएका हुन् । जहाँ कारबाहीको डर कम हुन्छ, त्यहाँ भ्रष्टाचारको मात्रा बढी हुन्छ । मिडियाकर्मीको खोजमूलक रिपोर्टिङ्ले भ्रष्टाचारमा संलग्न पात्रहरूका अनुहार सतहमा ल्याइदिँदाको अवस्थामै सामाजिक बहिष्कारको माहोल सिर्जना हुन सक्छ । त्यसो भएमा कारबाही गर्ने निकायका आँखामा पुऱ्याइदिँदा मात्रै पनि डरको मात्रा बढाउँछ ।

जति मात्रामा बदनियत वा खराब उद्देश्य राख्दै भएका निर्णय तथा कामबारे सोधखोज गरी सार्वजनिक गर्न मिडियाकर्मी सफल हुन्छन्, त्यति मात्रामा भ्रष्टाचार हुने सम्भावना कम हुँदै जान्छ । त्यसले सुशासनको जग बलियो बनाउँदै विधिको शासन स्थापित गर्न बल पुऱ्याउँछ । शासकीय निर्णयको आधार-औचित्य नखुल्ने अवस्थामै तजबिजीपना बढ्दो छ ।

## सूचना स्रोत : जहींतहीं

सफल पत्रकार बन्ने हो भने सूचना तथा तथ्यका स्रोत पहिचान गर्न सक्ने खुबी विकास गर्नैपर्छ । समाचारका स्रोत पहिचान र प्रस्तुत गर्ने खुबी नभएसम्म स्थापित पत्रकारको सूचीमा पर्न सकिँदैन । सूचना र तथ्य जहींतहींहुन सक्छन् तर पत्रकारमा त्यो सुँघ्न र बुझ्न सक्ने क्षमता हुनुपर्छ । समाचारका निम्ति चिठीपत्र-परिपत्र, प्रतिवेदन हुँदै संविधानसम्म पढ्नुपर्छ । पुस्तकका पानादेखि कागजका ठेलीसम्म तथ्य सजिएर रहेका हुन सक्छन् । कुनै पत्रिकामा 'छुस्स' आएका सामग्रीभित्र पनि खोजका विषय हुन सक्छन् ।

कसैले बोलिरहँदा पनि भ्रष्टाचार वा आर्थिक अनियमितताका तथ्य फुत्काइरहेका हुन सक्छन् भने निर्णयका पानाहरूमा त अनगिन्ती तथ्य-तथ्यांक सामेल भएका हुन सक्छन् । अदालतका आदेशदेखि फैसलासम्म प्रधानमन्त्रीदेखि वडाध्यक्षका निर्णयसम्म लाभ लिन खोजिएको हुन सक्छ । योजनादेखि परियोजनासम्म, फाइलदेखि निर्णयसम्म भ्रष्टाचारका तथ्य लुकेका हुन सक्छन् । पत्रकारमा खालि त्यसभित्र अन्तर्निहित नियत-बदनियत खुट्याउन सक्ने क्षमता चाहिन्छ । पत्रकारले परिस्थितिजन्य प्रमाणका कडी उत्खनन गरी विश्लेषणात्मक आलेख तयार गर्न सक्ने खुबी विकास गर्नुपर्ने हुन्छ ।

अनुसन्धानात्मक रिपोर्टिङ गर्ने पत्रकारको जनसम्पर्क बढी हुनुपर्छ । कुनै पनि विषय (इस्यु) मा धेरै व्यक्तिसँग सम्पर्क गर्दा भिन्न-भिन्न स्वार्थ र द्वन्द्व पहिचान गर्न सकिन्छ । त्यस्तोमा सामान्य तहका कर्मचारीसँग सम्पर्क बढाएर होस् या असन्तुष्ट पक्ष खोज्दै तथ्य-तथ्यांक बटुल्न सकिन्छ । कुनै घटना वा प्रकरण आउँदा त्यसमा असन्तुष्ट पक्ष वा द्वन्द्वरत पक्ष पहिचान गर्नु उपयुक्त हुन्छ ।

पत्रकारका निम्ति वास्तविकता पत्ता लगाउन रेकर्ड, डकुमेन्ट, फाइल, घटनासँग संलग्न व्यक्तिहरूको प्रत्यक्ष वा परोक्ष भनाइ आवश्यक पर्छ । पत्रकारले आफूसम्बद्ध 'बीट' सम्बन्धी हरेक किसिमका 'डकुमेन्ट' खोजी गर्ने र तिनलाई व्यवस्थित गर्ने बानी बसाउनुपर्छ । त्यस्ता 'डकुमेन्ट' कुनै बेला 'ब्याकग्राउन्ड' का रूपमा काम लाग्न सक्छन् भने कुनै बेला 'फलो-अप'का निम्ति उपयोगी हुन सक्छन् । पत्रकारले के पढ्ने भन्ने होइन कि भेटेजति पढ्ने र आफ्नो 'बीट' अर्थात् कार्य क्षेत्रसम्बन्धी हरेक खाले सन्दर्भ-सामग्री संकलनदेखि नियमित अध्ययन गर्ने बानी बसाउनुपर्छ । त्यस्ता सन्दर्भ-सामग्रीलाई 'इस्यु' आउँदा प्रयोग गर्ने खुबीको विकास गर्नुपर्छ । हाम्रा समाचार तथ्यपूर्ण 'डकुमेन्ट'मा आधारित भएनन् भने 'फेक न्यूज'मा परिणत हुन सक्छन् र 'डिसइन्फरमेसन' सम्मको आरोप खेप्नुपर्ने हुन्छ । अझ शक्तिशाली वर्गले आफूप्रतिकूल समाचार आएमा त्यसलाई 'फेक न्यूज'को मोटो गाली बसाउँदै आफूलाई चोख्याउँदै अपराध-कर्म ढाकछोप गर्ने प्रवृत्ति बढेको छ ।

कुनै प्रकरणको तथ्य फेला परेपछि राम्रै समाचार बनाइन्छ र त्यसबारे सम्पादकीय पनि आउन सक्छ । तर त्यस्तो समाचार 'एकाध चोटि'मा मात्र सीमित भयो भने त्यसले कुनै निष्कर्ष नपाउने स्थिति बन्छ । मिडियाबाट लेखिरहँदा अनुसन्धान या कारबाही गर्ने निकाय पनि सचेत भइरहन्छन् र उनीहरू मिडियाको चासोका प्रकरण छिटो टुंग्याउन खोज्छन् ।

मिडियाबाट नियमित 'फलो-अप' नहुने हो भने ठूला काण्डहरू 'किंवदन्ती'मा सीमित हुन पुग्छन् । कुनै आर्थिक मामिला जोडिएका घटना र प्रकरणमा नियमित 'फलो-अप' गर्ने र निष्कर्षमा पुऱ्याउन मिडिया र मिडियाकर्मी चुकेको पाइन्छ । जब 'फलो-अप' हुँदैन

तब मिडिया र पत्रकारमाथि प्रश्न सोझिन्छ, 'कतै दबाब-प्रभावले त काम गरेन ?' अझ व्यापारिक घराना जोडिएका ठाउँमा विज्ञापन-बार्गेनिङको सन्दर्भ पनि जोडिन्छ नै ।

नियमित रूपमा समाचार खोज्दै लेखिरहने हो भने जस्तोसुकै शक्तिशाली पात्रलाई पनि सजायको भागीदार बनाउन सकिन्छ । यस्तो काम गर्ने कि नगर्ने भन्ने मिडिया र मिडियाकर्मीकै हातमा हुन्छ । तिनले नियमित लेखिदिएनन् र सजाय भएनन् भने त्यस्ता घटना 'किंवदन्ती'मा सीमित हुन पुग्छन् । मिडियाकर्मीले 'हिट एन्ड रन' प्रकृतिमा सीमित नरही नियमित 'फलो-अप' गरिरहे भने शक्तिशाली पात्रहरू पनि तह लाग्न सक्छन् ।

## पत्रकार र खोजमूलक पत्रकारिता

जो पत्रकार भ्रष्टाचारजन्य अपराधको अनुसन्धानसहितको लेखनयात्रामा रहन्छन्, तिनीहरू छिटै स्थापित हुन पुग्छन् । सुशासनको मामिलामा खोजी गर्नु र लेख्नु भनेको राज्य संयन्त्रका क्रियाकलाप बुझ्नु पनि हो । तिनीहरूले खराब निर्णय लिँदा होस् या भ्रष्ट कर्म अघि बढाउन खोज्दाकै बखत होस्, पत्रकारहरूको लेखनले रोक लगाउन सक्छ ।

अनुसन्धानमूलक रिपोर्टिङ गर्नु र सार्वजनिक जीवनका पात्रहरूलाई जवाफदेही बनाउनु पत्रकारको मूलभूत जिम्मेवारी र दायित्व ठानिन्छ । पश्चिमा मुलुकमा अनुसन्धान वा खोजमूलक पत्रकारिता नगर्नेलाई पत्रकारको कोटिमा राख्न हिच्किचाइन्छ । त्यसो हुँदा उनीहरू स्थापित पत्रकार हुन खतरा मोलेरै भए पनि भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी तथ्य बाहिर ल्याउन उद्यत् भइरहेकै हुन्छन् ।

भ्रष्टाचार र विकृतिको जड पहिल्याउने काम वास्तवमै सजिलो हुँदैन । तर, अनुसन्धान पत्रकारिताको चुनौती स्वीकार नगर्ने हो भने धेरै सिक्ने र नाम कमाउने अवसर गुम्छ । एउटै खोजपूर्ण गहन समाचारले पनि पत्रकारलाई चर्चाको शिखरमा पुऱ्याउँछ । जसले बदनियतपूर्ण ढंगले गोप्य वा रहस्यमयमा राखिएका विषय खोज गर्न सक्छ, त्यो पत्रकार छिटै स्थापित हुन सक्छ ।

भ्रष्टाचार, अनियमितता तथा अपराध अनुसन्धानका खास विषय हुन् । यस्ता घटनामा राष्ट्रका ठूला पदाधिकारी र शक्तिसम्पन्न वर्गको संलग्नता हुन्छ । जहाँ शक्तिशाली वर्गको संलग्नता रहन्छ, त्यस्ता विषयको खोजी कार्य चुनौतीपूर्ण र जोखिमपूर्ण हुन्छ । तिनले प्रमाण गोप्य राख्ने वा नष्ट गर्ने गरेका हुन सक्छन् । ती लुकेका तथ्य अनुसन्धान गर्न सजिलो हुँदैन ।

सामान्य रिपोर्टिङ गर्ने दैनिक दौडमा अभ्यस्त पत्रकारबाट ठूला प्रकरण सार्वजनिक गर्ने काम हुन सक्दैन । घटनाको तथ्य फेला पार्न महिनौं तथा वर्षौं लाग्न सक्छ । तथ्य संकलनका दौरान दुःख, डर, धम्की तथा चुनौती सामना गर्नुपर्नेदेखि अनुसन्धान रिपोर्ट सार्वजनिक भइसकेपछि अनेक चेतावनी र झन्झट बेहोर्नुपर्ने हुन्छ ।

भ्रष्टाचार तथा आर्थिक अनियमितता सम्बन्धमा 'फिल्ड' अवलोकन तथा मूल्यांकन गरी रिपोर्टिङ वा आलेख तयार पार्दा प्रभावकारी, विश्वसनीय र तथ्यपरक हुन्छ। स्थलगत रिपोर्टिङमै अभ्यस्त हुँदा कागजी प्रमाण, वस्तुस्थिति तथा परिस्थितिजन्य प्रमाण फेला पार्न सकिन्छ। आफूसँग तथ्य-तथ्यांक र वस्तुस्थिति भएपछि निर्धक्कसँग बुझ्न र लेख्न सजिलो हुन्छ।

कतिपय अवस्थामा सरकारी कर्मचारीबाट सूचना लिनु छ भने उनीहरूले कार्यालयभित्र खुलेर नबोल्न सक्छन्। त्यसो हुँदा उनीहरूले चाहेको ठाउँमा भेट्दा खुलस्त हुँदै सूचना दिन सक्छन्। भ्रष्टाचारजस्तो गम्भीर विषयमा समाचार लेख्दा सूचनादाताको परिचय गोप्य राख्नुपर्छ। कसैले 'अफ दी रेकर्ड' भनी दिएका सूचनामा परिचय चुहियो भने उसले जागिर गुमाउनेलगायतका अनेक समस्या बेहोर्नुपर्ने हुन्छ।

## सञ्चारकर्मी शंकासहित हिँड्ने

सरकारी संयन्त्र र स्वार्थी समूहका पात्रहरू मिडियाकर्मीलाई आफ्नो अनुकूल पनि प्रयोग गर्न खोज्छन्। जानेर वा नजानेर तिनको प्रयोगमा कुनै पत्रकार पऱ्यो भने उसको 'करियर' समाप्त हुन सक्छ। त्यसो हुँदा पत्रकार हरेक ठाउँ, विषय र पात्रहरूसँग शंकासहित व्यवहार गर्नुपर्छ, शंकारहित तवरले होइन। कसैले कुनै सूचना दिँदै छ भने पनि किन दिँदै छ भनी शंका गर्नुपर्छ। तिनीहरूबाट प्राप्त सूचनालाई प्रारम्भिक तथ्यका रूपमा लिँदै अनुसन्धान प्रक्रिया अघि बढाउनुपर्छ। समाचार लेख्नु र लुकेका सत्य/तथ्य खोज्नु फरक लक्ष्य हुन्। कसैले सार्वजनिक गर्न चाहेका विषय विज्ञापन वा कसैले स्वार्थ पूर्ति गर्न खोजेका योजना पनि हुन सक्छन्। सरकारी संयन्त्रमा रहेकाहरू स्वार्थ नमिलेको बखतमा मात्र भ्रष्टाचारका सूचना र तथ्य दिने गर्छन्, स्वार्थ मिल्दा तिनीहरू आफैं रम्न पुग्छन्।

पृष्ठभूमिअनुरूप सञ्चारकर्मीले आफूलाई 'शंकालु जात'को कित्तामा उभ्याउँदै घोत्लिनुपर्छ, 'यतिखेर तिनीहरू किन यो सूचना दिँदैछन् ?' सञ्चारकर्मी मुलुकको बृहत्तर हितमा उभिनुपर्छ र कसैले आफ्नै स्वार्थ पूर्ति गर्न 'म्यानुपुलेट'को योजना बोकेको हुन सक्छ, चनाखो हुनुपर्छ। कसैबाट उपलब्ध सूचना र तथ्यलाई एकैचोटि नपत्याई शंकालु दृष्टिकोणले हेर्दै सोधखोजसहित अनेकन् कोणबाट परीक्षण गर्नुपर्छ।

भ्रष्टाचार वा आर्थिक अनियमिततासम्बन्धी समाचारमा कतिपयले सीधै 'भ्रष्टाचार भयो' र कुनै पात्रलाई सीधै 'भ्रष्टाचारी' लेख्ने गरेको पाइन्छ। यसमा 'भ्रष्टाचार वा आर्थिक अनियमितताको आशंका' लेख्नु राम्रो हुन्छ। अख्तियार वा सरोकारवाला सरकारी निकायले अभियोग लगाइसकेपछि पनि 'भ्रष्टाचारी' लेख्न मिल्दैन, 'अभियुक्त'

लेख्नुपर्छ । सर्वोच्च अदालतबाट भ्रष्टाचार प्रमाणित भइसकेका व्यक्तिलाई मात्र 'भ्रष्टाचारी' लेख्न सकिन्छ ।

जुनसुकै राजनीतिक वाद या तन्त्रमा विश्वास गर्ने भए पनि सरकारी कुर्सीमा आसीन पात्रहरूले स्वतन्त्र र तथ्यपूर्ण आलोचना खप्न सक्दैनन् । खराब निर्णय तथा कामको तथ्य संकलनका दौरान दुःख, डर, धम्की तथा चुनौतीको सामना गर्नुपर्नेदेखि अनुसन्धान रिपोर्ट सार्वजनिक भइसकेपछि अनेक चेतावनी र झन्झट बेहोर्नुपर्ने हुन्छ । उनीहरू आफूविरुद्ध लेख्ने र बोल्नेलाई शक्ति र सुविधाको दुरुपयोग गरी दुःख दिन उद्यत् हुन्छन् ।

तथ्यपरक आलोचनायुक्त समाचार र विश्लेषण प्रस्तुत अखबार र पत्रकार दुवैलाई शासकहरूले तारो बनाउन कुनै कसर बाँकी राख्दैनन् । त्यो कहिले घुमाउरो प्रकृतिको हुन्छ, त कहिले प्रत्यक्ष । २०५८ मा लाउडा काण्डको फेहरिस्त आएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला कान्तिपुर पब्लिकेसन्ससँग रिसाउँदै बदलाको रणनीतिमा गए । २०५८ जेठमा डा. बाबुराम भट्टराईको लेखमा आपत्ति जनाउँदै व्यवस्थापक र सम्पादकलाई राजद्रोहको मुद्दा लगाएको उदाहरण छ ।

भ्रष्टाचारकै सवालमा प्रश्न उठाउँदा पत्रकारका शिरमा 'संसद्को विशेषाधिकार' र ' अदालतको अवहेलना'को तरबार झुन्डिएको हुन्छ । न्यायाधीशका खराब आचरणमा प्रश्न उठाउँदा पत्रकारहरूले 'अवहेलना'का मुद्दा मात्र होइन कि कहिलेकाहीं त सजायकै भागिदारसमेत बन्नुपर्छ । न्यायाधीशले आफ्ना अनुचित कर्म ढाकछोप गर्न 'अवहेलना' अस्त्रको मार बेहोरेको घटनासमेत देखा नपरेका होइनन् । त्यसअतिरिक्त कुनै व्यक्तिको आर्थिक अपचलनमा संलग्नताको प्रश्न उठाउँदा 'मानहानी'को उजुरीबाट प्रताडित हुनुपर्छ । त्यसो हुँदा पत्रकारले आफूसम्बद्ध कानूनबारे पूर्णतः जानकार हुनुपर्छ ।

मिडियामाथि चारैतिर आरोप लाग्ने गरेको छ कि सतही, सनसनीखोज, भद्दा-मजाकयुक्त सामग्री प्रस्तुत गर्छन् । त्यस्तो आरोप या अभियोगबाट बच्न पत्रकारहरूले तथ्यपूर्ण र त्यो पनि प्रमाणसहितका समाचार खोजी गर्ने र लेख्ने गर्नुपर्छ । भ्रष्टाचार तथा आर्थिक अनियमिततासम्बन्धी तथ्य-तथ्यांक खोजी गरी सम्प्रेषण गर्न सकेको खण्डमा खराब पात्रहरू किनारा लाग्दै सुशासनका निम्ति माहोल निर्माण हुन्छ । पत्रकारकै खोजले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउँदै समाजमा असल शासन र सदाचार कायम गर्न मद्दत पुग्छ ।

## सन्दर्भ–सूची

अदुअआ । २०७८ । *अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन,* २०७८ । काठमाडौं : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

अदुअआ । २०७६ । *अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थानीय तहमा हुने भ्रष्टाचारसम्बन्धी अध्ययन,* २०७६ । काठमाडौं : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

अदुअआ । २०७६ । *अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थानीय तहसँग सम्बन्धित उजुरीहरूको अनुसन्धान : सवालहरू तथा आयोगका तर्फबाट दिइएका सुझावहरू,* २०७६ । काठमाडौं : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

खड्का, केदार । २०५८ । *असल शासन स्रोत सँगालो* । काठमाडौं : प्रो पब्लिक ।

ढुङ्गेल, द्वारिकानाथ र अच्युतबहादुर राजभण्डारी । २०५९ । *श्री ५ को सरकारमा सुशासनका आयामहरू* । काठमाडौं : प्रजातन्त्र र सुशासनका लागि अध्ययन केन्द्र ।

थापा, हरिबहादुर । २०६० । *भ्रष्टाचारको शल्यक्रिया* । काठमाडौं : नेसनल बुक पब्लिकेसन्स् ।

थापा, हरिबहादुर, सं. । २०६३ । *सुशासन वर्ष पुस्तक* २००६ । काठमाडौं : रिमेक नेपाल ।

थापा, हरिबहादुर । २०७४ । *रजगज* । काठमाडौं : फाइन प्रिन्ट ।

कान्तिपुर दैनिकका विभिन्न अंकहरू ।

नेपालको संविधान २०७२ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ ।

भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धि, सन् २००३ ।

महादेव यादव संयोजक रहेको भ्रष्टाचार नियन्त्रण सुझाव समितिको प्रतिवेदन- २०५६ ।

सर्वोच्च अदालतका विभिन्न फैसला तथा आदेशहरू ।

Burgh, Hugo de. 2000. *Investigative Journalism.* London : Routledge.

Coronel, Sheila S. 2009. *Digging Deeper* : A Guide for Investigative Journalists in the Balkans. Bosnia and Herzegovina : Balkan Investigative Reporting Network.

Klitgaard, Robert. 1988. *Controlling Corruption. California* : University of California Press.

Stapenhurst, Rick. 2000. *The Media's Role in Curbing Corruption.* Wahington DC : World Bank Institute.

# असल कार्यका लागि उत्प्रेरणा

**डा. सुरेश आचार्य**

***'विकास यस्तो प्रक्रिया हो, जसले व्यक्तिको पारम्परिक जीवनलाई जटिल, प्राविधिक रूपमा उन्नत र जीवन शैलीमा द्रूततर परिवर्तन गरिदिन्छ।'***

- *Everett Mitchell Rogers (1931-2004),अमेरिकी सञ्चार सिद्धान्तकार तथा समाजशास्त्री*

***'विकास मानव सञ्चारको कला र विज्ञान हो, जसले समाजलाई योजनाबद्ध ढंगमा गरिबीबाट गतिशील सामाजिक, आर्थिक रूपान्तरण गरी बृहत् समता र व्यक्तिको सम्भावना उजागर गर्दछ।'***

- *Nora Cruz Quebral (1926-2020), 'विकास सञ्चारकी जननी' का रूपमा चिनिने फिलिपिनी नागरिक*

विकास के हो ? झट्ट सुन्दा विकास (Development) र वृद्धि (Growth) उस्तै लाग्छन्। विकासले अवश्य पनि वृद्धि गर्छ तर वृद्धि मात्रले विकास नगर्न सक्छ वा नहुन पनि सक्छ। मानिसको उमेर वृद्धिसँगै शारीरिक विकास हुन्छ तर निश्चित समयपछि नचाहे पनि उमेर त बढ्छ तर शारीरिक विकास रोकिन्छ। मानिसले आफ्नो विकासका लागि इच्छा र क्षमताका आधारमा ज्ञान बढाउन पढ्नै पर्छ र सीप बढाउन सिक्नै पर्छ। त्यसैले सबै बढ्ने कुरा विकास होइनन्। खोला बढ्यो भने घर बगाउन सक्छ, पहिरो बढ्यो भने घर पुरिन

सक्छ, पेट बढ्यो भने स्वास्थ्यमा समस्या आउन सक्छ। बढ्नुको अर्थ सकारात्मक मात्र नहुने रहेछ, बरु बढ्नुको परिणाम नकारात्मक पनि हुन सक्दो रहेछ।

विकासलाई परिवर्तनका रूपमा पनि बुझ्ने चलन छ तर परिवर्तन मात्रले विकास ल्याउँदैन। परिवर्तनले मानव जीवनलाई सहज बनाउँछ र अगाडि बढ्न मद्दत गर्छ भने त्यो विकास हो। तर, परिवर्तनले मानव जीवनलाई झन् कठिन र कमजोर बनाउँछ भने त्यो विकास होइन, विनाश हो। यद्यपि, त्यो परिवर्तन भने अवश्य हो, जसलाई प्रगति भन्छौं, त्यो विकास हो। अधोगति विकास हुन सक्दैन। अहिले नेपालका दलहरूको सन्दर्भ अर्थात् राजनीतिक शब्दमा विकास सुख हो, समृद्धि हो, खुसी पनि हो।

विकासलाई अध्येताहरूले फरक-फरक ढंगमा परिभाषित गरेका छन्। इन्साइक्लोपिडियाहरूले विकासलाई 'नयाँ प्रादुर्भावको प्रक्रिया' भनेका छन्। सन् १९४० सम्म विकास भनेको औद्योगीकरण थियो। कलकारखाना स्थापना हुनुले उत्पादन र रोजगारी दियो, त्यसलाई नै विकास भनियो।

सन् १९५० र ६० को दशकमा आधुनिकीकरणलाई विकास मानियो। शहर बजारको स्थापना, सडक, बिजुली, ठूला भवन निर्माण विकास मानिए। एकथरी मानिस यसको उपभोगबाट समृद्ध भए तर अर्काथरी मानिसका जीवनयापनका न्यूनतम आवश्यकता पनि पूरा भएनन्। त्यसैले सन् १९७० को दशकमा आधारभूत आवश्यकतालाई विकास मानियो। १९९० पछि विकासलाई प्रविधिले छोपेको छ। एक्काइसौं शताब्दीको विकास सूचना प्रविधिमा आएको द्रूततर परिवर्तन हो। तसर्थ, विकासको परिभाषा समाजका माग र आवश्यकताको परिपूर्ति मात्र होइन, प्रविधिका क्षेत्रमा भएको आविष्कारसँगै परिवर्तन हुँदै आएको छ।

विकासलाई विभिन्न कालखण्डमा फरक रूपमा लिने गरियो। जस्तै :

- १९५० र ६० को दशकमा औद्योगीकरण र आधुनिकीकरणलाई विकास मानिन्थ्यो।
- १९७० को दशकमा सामाजिक संरचना तयार गर्नुलाई विकास मानियो।
- १९८० र ९० को दशकमा विकासलाई गरिबी निवारणमा केन्द्रित गरियो।
- १९९० को दशकमा वातावरणीय प्रभावलाई ध्यानमा राख्दै गरिने दिगो विकासलाई विकास मानियो।
- सन् २००० मा भने सूचना र प्रविधि प्रयोग गरेर गरिने विकासलाई विकास मानियो।

खासगरी विकसित मुलुकमा आजको विकास भनेको प्रविधि-केन्द्रित छ । तर, अल्पविकसित मुलुकमा आज पनि आर्थिक समृद्धि र गरिबी निवारण नै विकासका मूल नारा बन्दै आएका छन् ।

## विकासका अवधारणा

विकासको परिभाषा जसरी गरे पनि मूलतः मानिसको जीवनस्तरमा आउने परिवर्तन नै विकास हो । यद्यपि मानिसका अपेक्षा र आकांक्षा परिवर्तन हुँदै जाँदा विकासका मान्यता तथा अवधारणाहरूमा परिवर्तन हुँदै गएका छन् ।

विकासको पहिलो अवधारणाअनुसार, आधुनिकीकरण नै विकास हो । यसले पूँजीवादी आर्थिक विकासको समर्थन र प्रवर्द्धन गर्दछ । यो एक हिसाबले पश्चिमा अवधारणा हो । यसका लागि नयाँ प्रविधिको उपयोग आवश्यक हुन्छ । नागरिकका तहमा प्रविधिको प्रयोग सम्भव भएका ठाउँमा मात्र यसले सफलता पाएको छ । शिक्षा र मानवीय स्रोत-साधनको विकास नगरी यो प्रयोग सम्भव हुँदैन ।

दोस्रो अवधारणाले पहिलो अवधारणाको आलोचना गर्छ । राजनीतिक र आर्थिक पुनर्संरचना गरेर समाजलाई साधन-स्रोत पुऱ्याउन सकियो भने विकास आफैं सम्भव हुन्छ भन्ने यसको मान्यता हो । यस मान्यताअनुसार, आधुनिकीकरणका नाममा आर्थिक र सांस्कृतिक विस्तारले मात्र विकास सम्भव छैन, आधुनिकीकरणका कमजोर पक्षलाई सच्याउँदै राम्रा कामलाई उजागर गर्दै जाने हो भने विकासका लागि अरूले आएर सहयोग गरिरहनु पर्दैन । यो अवधारणाका व्याख्याताहरूले विकासको ठोस वैकल्पिक विधिचाहिँ दिन सकेका छैनन् ।

विकासको तेस्रो अवधारणाले भने सामाजिक परिवर्तनलाई विकास मानेको छ । सामाजिक मनोविज्ञानका अनुसन्धानकर्ताहरूले अर्थतन्त्रको बृहत् प्रणाली र मिडिया-प्रभावको अध्ययनबाट सञ्चारलाई सामाजिक परिवर्तनको आधार हो भन्ने निष्कर्ष निकालेका छन् । कुनै वस्तु वा उत्पादनमा आउने रासायनिक परिवर्तन जस्तै सामाजिक परिवर्तनको प्रक्रियामा सञ्चारको भूमिका रहन्छ ।

## विकासका प्रमुख पाँच क्षेत्र

एकजना नागरिकले स्तरीय जीवनयापन गर्नका लागि कुन क्षेत्रमा कस्तो विकास गर्नुपर्ला ? यसको मापन त्यति सहज छैन । एउटै समाजमा फरक सोच र संस्कारका मानिस हुन्छन् । हरेक व्यक्तिका रुचि र चाहना फरक हुन्छन् । यद्यपि, आम रूपमा के-

कस्ता सेवा-सुविधा नागरिकका लागि अनिवार्य छन् भन्ने आधारमा विकासको मापन गर्नु उचित हुन्छ।

विकासका कतिवटा क्षेत्र हुन्छन् भनेर परिभाषित गर्न सहज छैन। आम मानिसको जीवनलाई के गर्दा सहज बनाउन सकिन्छ, त्यो काम पूरा गर्नु विकास हो। विकास कहिल्यै पनि पूर्ण हुँदैन। यद्यपि, दैनिक जीवनसँग जोडिने विषयलाई विकासका क्षेत्र मानेर हेर्दा मूलतः पाँचवटा क्षेत्रलाई प्रमुख रूपमा मानिएको छ। यी विकासका न्यूनतम क्षेत्र पनि हुन्– सामाजिक विकास, आर्थिक विकास, वातावरण, स्वास्थ्य र शिक्षा।

**शिक्षा** : मानव विकासको पहिलो शर्त नै शिक्षा हो। खान-लाउन पाउनु आधारभूत आवश्यकताका विषय हुन्। जब मानिस बाँच्न सक्ने अवस्थामा हुन्छ, त्यसपछि मात्र शिक्षा चाहिन्छ भन्ने धारणा गलत हो। शिक्षाले नै मानिसलाई आफैं बाँच्न सिकाउँछ, समाजलाई उन्नत बनाउन योगदान गर्छ र स्वास्थ्य र वातावरणका बारेमा जागरुक बनाउँछ। हरेक नागरिकले सहजै पढ्न पाउने व्यवस्था गर्नु राज्यको दायित्व हो। विद्यालय खोलेर मात्र शिक्षाको विकास हुँदैन, बरु शिक्षाले जीवनोपयोगी ज्ञान दिन सक्नुपर्छ। त्यस्तो ज्ञान र सीप दिने क्षमता भएका शिक्षक भएनन् भने विद्यालय एउटा रित्तो घर मात्र बन्न पुग्छ।

**सामाजिक** : सामाजिक दृष्टिले मानिसमा चेतना कति बढ्यो भन्ने कुरा हेरिन्छ। आफ्नो जीवनयापनमा उनीहरू कति सचेत छन्, लवाइ-खुवाइ कस्तो छ ? मानिसले नभएर मात्र होइन, भएर पनि खान-लाउन जानेका छैनन् भने त्यो समाज फेरि पनि पछाडि परेको मानिन्छ। एकले अर्कामा गर्ने व्यवहार र व्यक्तिगत आचरणमा कस्तो सुधार आएको छ भन्ने कुराले पनि सामाजिक चेतनाको मापन गर्दछ। परिवारको संख्या र रहनसहन यसका अरू आधार हुन्।

**आर्थिक** : विकासलाई आर्थिक पक्षबाट हेर्दा मानिसको मुख्य आयआर्जनको बाटो हेरिन्छ। नेपालमा पनि विस्तारै एकभन्दा बढी पेशा व्यवसाय गर्ने प्रवृत्ति पनि देखा पर्न थालेको छ। कतिपय मानिस आंशिक काम पनि गर्ने गर्छन्। यस अर्थमा मानिसका सहायक पेशा, रोजगारी, ऋणभार आदिका आधारमा पनि आर्थिक पक्ष कति बलियो भएको छ भनेर हेर्न सकिन्छ।

**वातावरण** : बाँच्नका लागि स्वच्छ हावा र पिउनयोग्य पानी मूलभूत आवश्यकता हुन्। स्वच्छ पिउने पानी आपूर्ति नेपालको ठूलो समस्या हो। वातावरणलाई स्वच्छ राख्न संस्कार र संस्कृतिले पनि धेरै मद्दत गरेको हुन्छ। समाजले वातावरणलाई स्वच्छ र सुन्दर बनाउन प्रेरित गरेको हुन्छ। वातावरण विनाशका कारक बन्नु हुँदैन भन्ने चेतना

मात्र होइन, वरिपरिको वातावरणलाई हरियाली बनाउने अभियानले पनि वातावरणप्रतिको सचेतनालाई प्रतिबिम्बित गर्दछ ।

**स्वास्थ्य** : स्वस्थ मानिस मात्र विकासको परिचायक होइन, बिरामी पर्दा उपचार गर्न पाउने अवस्था र व्यवस्था पनि विकासको लक्षण हो । सामान्यदेखि असामान्य खालका रोगको उपचार गर्न सक्ने र पाउने व्यवस्था भयो भने मानिसले अकाल मृत्युवरण गर्नु पर्दैन । अस्पतालमा दरबन्दीअनुसारका चिकित्सक वा स्वास्थ्यकर्मी उपलब्ध हुनु मात्र पनि विकास हुँदैन, त्यहाँ उपचारका लागि आवश्यक उपकरणको पनि प्रबन्ध हुनुपर्छ ।

## विकासका तीन पात्र

नेपालजस्ता अति कम विकसित मुलुकका विकासका मुद्दा आधारभूत आवश्यकता परिपूर्ति र भौतिक संरचना निर्माणमा नै केन्द्रित हुन्छन् । यस्ता विकासका काममा मूलतः तीन मुख्य पात्र हुन्छन्- राजनीतिक नेतृत्व, विकास प्रशासन र विकासका आकांक्षी नागरिक ।

**राजनीतिक नेतृत्व** : विकासको नीतिनिर्माणदेखि बजेट विनियोजनसम्मका काम राजनीतिक नेतृत्वले गर्छ । राजनीतिक नेतृत्व भनेको संघीय सरकारमा रहने मात्र होइन, प्रदेश र स्थानीय तहका सरकारमा रहने जनप्रतिनिधि पनि हुन् । उनीहरूले स्थानीय नागरिकका आवश्यकता के हुन् र तिनलाई कसरी दिगो बनाउन सकिन्छ भनेर सोच्नुपर्छ । विकासका नाममा बाटो खन्ने र पुर्ने मात्र नभएर किसानलाई समयमा बीउबिजन र मलखाद उपलब्ध गराउने काम पनि विकास हो । कृषिका लागि सिँचाइको प्रबन्ध मिलाउनु अर्को आवश्यक विकास हो । नागरिकलाई रोजगारी उपलब्ध गराउने दायित्व पनि राज्यकै हुन्छ र राज्य सञ्चालन गर्ने राजनीतिक नेतृत्वले नै हो । उनीहरूको इच्छाशक्तिका आधारमा विकासले फड्को मार्छ ।

**विकास प्रशासन** : झन्झटिला विधिविधान र प्रक्रियाले विकास प्रक्रियालाई अल्मल्याउँछन् । विकासको प्रारम्भसँगै वातावरणीय प्रभाव मूल्यांकनबाट शुरू हुने काममा प्रशासक र प्राविधिकले कति रुचि राखेका छन् भन्ने आधारमा विकासका प्रक्रिया सहज वा असहज हुने हुन्छ । त्यसैले विकासका प्रक्रियालाई अनावश्यक प्रशासनिक झन्झटमा फस्न दिनु हुँदैन । विकास आयोजना समयमा नसकिनुको एउटा मुख्य कारण काम गर्नेदेखि भुक्तानी दिनेसम्मको प्रक्रियामा रहेको निजी स्वार्थ हो ।

**आम नागरिक** : सचेत नागरिकसमेत विकास प्रक्रियामा म कहाँनेर छु वा हुनुपर्छ भनेर सचेत रहेको पाइँदैन । त्यसैले नै ऊ विकासको काम राज्य र सरकारलाई जिम्मा

लगाएर विकासका प्रक्रियामा निरपेक्ष रहने गर्छ । नागरिकले विकासलाई सरकारी काम ठान्ने र आफ्ना आँखाअगाडि भइरहेको अपचलन चालै नपाउने प्रवृत्तिले कामको गुणस्तरमा सम्झौता हुने गरेको छ । विकासका काममा नागरिक सचेतना अभावले यसो हुने गरेको छ । राज्यको लगानीमा आफूले तिरेको करको रकम खर्च भइरहेको छ भन्ने नागरिक सचेतनाका आधारमा काम नभएसम्म विकास कार्यमा गुणस्तर कायम हुन सक्दैन । त्यसैले विकास प्रक्रियामा योजना छनोटको चरणदेखि नै आम नागरिक जोडिएको हुनुपर्छ । योजनाको माग गर्ने तर कति लागत लाग्छ र कसरी काम हुन्छ भन्नेतर्फ नागरिकले आँखा चिम्लिने प्रवृत्तिका कारण विकास कार्यमा जवाफदेहिता नहुने गरेको हो ।

विकासका काममा गरिएको लगानी राज्यको हो र त्यो भनेको नागरिककै हो भन्ने बुझाइ नागरिकलाई योजनाका हरेक प्रक्रियामा सहभागी गराउनु राज्यको कर्तव्य हो । राजनीतिक चस्मा फुकालेर विकासको दृष्टिकोणले मात्र हेर्ने हो भने विकास जगबाटै उठेको हुनुपर्छ । स्थानीय तहबाट विकासका प्रक्रिया प्रारम्भ भए भने त्यसमा दिगोपन रहन्छ र आम नागरिकले त्यो विकासको स्वामित्व लिन्छन् । कुन सरकारका पालामा कुन-कुन योजना सम्पन्न भए भन्ने कुराको कुनै अर्थ हुँदैन, बरु त्यसमा नागरिकको अपनत्व कति रह्यो र उनीहरूले त्यसबाट कति लाभ लिन सक्ने भए भन्ने कोणबाट विकासलाई हेर्नुपर्छ ।

## विकास सञ्चार र विकास पत्रकारिता

विकास सञ्चार र विकास पत्रकारिता सुन्दा उस्तै-उस्तै लागे पनि यी दुई फरक विषय हुन् । विधा उही हो- विकास; केवल प्रक्रिया फरक । विकास सञ्चारले सामाजिक विकासलाई सहजीकरण गर्न प्रयोग गरिने सञ्चारलाई जनाउँछ । विकास सञ्चार सरोकारवाला र नीतिनिर्माताका बीच सामञ्जस्य वा अनुकूल वातावरण कायम गर्ने साधन हो । यसले अवसर र चुनौतीको मूल्यांकन गरी समाजमा सकारात्मक परिवर्तन वा दिगो विकासका लागि सूचना आदानप्रदान गर्दछ ।

विकास सञ्चार विधिअन्तर्गत सूचनाको प्रवाह र शिक्षा, आचरणमा परिवर्तन, सामाजिक बजारीकरण, सामाजिक परिचालन, मिडिया वकालत आदि पर्छन् । सामाजिक परिवर्तनका लागि सामाजिक सहभागिता विकास सञ्चारको मुख्य ध्येय हो । जनसहभागिता र जनपरिचालनबाट मात्रै नागरिक र समाजको विकास सम्भव छ । यस्तो विकास दिगोसमेत हुन सक्छ ।

विकास सञ्चारलाई पत्रकारिताको पाँचौं सिद्धान्त पनि भनिन्छ । ‘सामाजिक रूपान्तरण र विकास’ तथा ‘आधारभूत आवश्यकता’ जस्ता आधारभूत उद्देश्य पूरा गर्नका लागि

प्रयोग हुने संवादका रूपमा यसलाई बुझ्ने गरिन्छ । विकास सञ्चारका तीन आयाम छुट्याउँदै यसका अध्येताहरूले यी तीन कुरा हुनुपर्ने शर्त अघि सारेका छन् : उद्देश्यमूलक, मूल्य-मान्यतामा आधारित र व्यावहारिक । विकास सञ्चारलाई डा. नोरा क्युब्रालले ' मानिसलाई गरिबीबाट तीव्र गतिमा माथि उकास्न र सामाजिक समानता कायम गर्न गरिने मानव संवादको कला र विज्ञान' भनेकी छन् (क्युब्राल सन् १९८८) । मेल्कोट र स्टिम्सले त यसलाई 'अन्याय र पिछडिएको अवस्थाविरुद्धको लडाइँका लागि गरिने उदार सञ्चार' भनेका छन् (मेल्कोट र स्टिम्स सन् २०१२) ।

विकास पत्रकारिताका गुरुका रूपमा चिनिने फिलिपिनो पत्रकार एलान बी. चाक्लीका विचारमा विकास पत्रकारितामा यी तत्त्वहरूको विद्यमानता हुनुपर्छ- तथ्यपूर्ण सूचना, निष्कर्षमा पुग्ने खालको व्याख्या, पाठकलाई प्रेरित गर्न सक्ने क्षमता, ठालु वर्गको सेवा गर्ने साधन वा माध्यम नभएर सामान्य नागरिकबारेको लेखन । विकास पत्रकारिता के होइन? यो एउटा रोचक प्रश्न हुन सक्छ । जवाफ सरल छ- सरकारका विकास योजनाबारेको लेखाइ मात्र होइन, गैरसरकारी संस्था र सामाजिक कार्यकर्ताका कामबारेको लेखाइ पनि होइन, आलोचनारहित पत्रकारिता त हुँदै होइन र 'खाम पत्रकारिता' त झनै होइन तर त्यसो गराउने सम्भावना भने रहन्छ ।

यहाँनिर प्रश्न उठ्छ- यो 'खाम पत्रकारिता' भन्ने कस्तो विधा हो ? वास्तवमा यो विधा नभएर बोलीचालीमा प्रयोग हुने एक अनौपचारिक शब्दावली मात्र हो । खाम पत्रकारिता (Envelopment Journalism) भन्ने शब्दावली विकास पत्रकारिता (Development Journalism) सँगै भित्रिएको हो । यसलाई Envelopmental Journalism, Envelope Journalism, Red Envelope Journalism, White Envelope Journalism भनेर पनि भनिन्छ । अंग्रेजी बोलिने देशहरूमा Red Envelope Journalism भनेर चिनिन्छि । खासगरी विकाससँग सम्बन्धित अन्तर/राष्ट्रिय गैरसरकारी संस्था तथा विकास आयोजनाहरूले आफूले गरेका कामको प्रतिफलको प्रचार-प्रसार गर्न पत्रकारलाई सम्पूर्ण स्रोत-साधनको व्यवस्थापन गरेर कार्य क्षेत्रमा लैजाने प्रवृत्ति शुरू भयो । पत्रकारलाई विकासको कामको खोजीमा भन्दा खानपिनमा अल्मल्याउने, आफूले तयार पारेको सामग्री दिएर पठाउने र त्यो सामग्रीका साथमा नगद राखेर खामसमेत दिने चलन शुरू भयो । झट्ट देख्दा पत्रकारहरू फिल्ड रिपोर्टिङमै गएका हुन् तर उनीहरूले फिल्डमा गएर सामग्री संकलनतिर रुचि देखाएनन् वा देखाउने वातावरणलाई अन्यत्र मोड्ने प्रयत्न गरियो । रकमको प्रलोभनमा पेशागत निष्ठाबाट च्युत भई आयोजकले दिएका सामग्रीमा आधारित भएर समाचार लेख्ने पत्रकारिता अन्ततः 'खाम पत्रकारिता' का नाममा बदनाम भयो ।

कतिपयलाई विकासका बारेमा लेख्नु नै विकास पत्रकारिता हो भन्ने लाग्ने गर्छ। सामान्यतः विकासका बारेमा देखिने विषय नै विकास पत्रकारिता हो पनि । तर, यसका सकारात्मक पक्ष मात्र लेखेर विकास पत्रकारिता हुन्छ भनेर बुझ्नु गलत हुन्छ।

पछिल्लो समय विभिन्न गैरसरकारी संस्थाहरूले आफूलाई 'विकासका एजेन्ट' ठान्ने गरेका छन् । उनीहरूले पत्रकारलाई बोलाउने, घुमाउने र आफ्नो कामका बारेमा प्रचार गर्न पत्रकारलाई प्रयोग गर्ने गर्दै आएका छन्। उनीहरूले गरेका राम्रा कामका बारेमा लेख्दै गर्दा कथाको अर्को पाटोलाई बिर्सेर पत्रकारिता हुँदैन। उनीहरूले गरेका विकासबाट लाभान्वित हुने नागरिकको अनुभव र अनुभूति तथा ती 'राम्रा काम' का पछाडिका रहस्य नलेखेर पत्रकारिताको धर्म पूरा हुँदैन।

खासमा विकास पत्रकारिता भनेको यी काम/कुरा हुन्- जनतामा पुग्नु, उनीहरूका जीवनमा परिवर्तन ल्याउनु, विकाससँग सम्बन्धित नीतिनिर्मातालाई प्रभावित गर्नु, नागरिकलाई उनीहरूका अधिकारप्रति सचेत र सशक्त बनाउनु, विकासका नाममा गलत काम गर्नेलाई नङ्ग्याउनु, नीतिमा परिवर्तन ल्याउन सक्नु, विकाससँग जोडिएका भ्रष्ट र अक्षम अधिकारीलाई हटाउनु, विकाससँग सम्बन्धित नयाँ विचार र अवधारणा प्रवाह गरेर प्रभाव पार्नु, नागरिकका समस्या र चाहनामा ध्यान दिनु, र समग्रमा नागरिक पत्रकारितालाई अघि बढाउनु।

पत्रकारिताको पाँचौं अंग मानिने विकास सञ्चारले सामाजिक विकासमा सहजीकरण गर्नुका साथै सूचना प्रवाह गर्दै शिक्षा र सामाजिक बजारीकरण गर्छ । समग्रमा, यसले मुलुकको रूपान्तरणको गति बढाउने काम गर्छ । तर, विकास पत्रकारिता गर्नु भनेको सूचना प्रवाह गर्नु मात्र होइन।

यसले त विकाससँग सम्बन्धित खोजमूलक सामग्री तयार गर्छ, विकासका हरेक प्रक्रियामा नागरिक सहभागिताको खोजी गर्छ, विकासका लागि तयार पारिएका योजना तथा कार्यक्रमका अभिलेखको अवस्था पत्ता लगाउँछ, ग्रामीण र सुदूर बस्तीमा पुगेर त्यहाँका नागरिकसँग संवाद गरेर त्यहाँको अवस्था चित्रण गर्छ र विकासमा नागरिक सहभागिताका लागि प्रोत्साहितसमेत गर्छ।

विकास सञ्चारकर्मीले सूचना प्रवाहको काम नागरिकलाई भेटेर गर्न सक्छन्, तर विकास पत्रकारले यी विषयलाई मिडियामार्फत आम नागरिकसमक्ष पुऱ्याउँछ। त्यसैले उस्तै-उस्तै लागे पनि यी दुई अलग विषय हुन्।

## विकास पत्रकारिताको प्रादुर्भाव

विकास पत्रकारिताको अवधारणा विश्वमा कहिले प्रादुर्भाव भयो भन्ने कुनै यकिन मिति छैन । तर एसियामा यसको श्रेय फिलिपिन्सलाई जान्छ । फिलिपिन्स लस बानोस विश्वविद्यालयले विकास सञ्चार कलेज सञ्चालनमा ल्याएसँगै यसको प्राध्यापन गर्नेहरूले विकास पत्रकारिताका विषयमा चासो दिन थाले । सन् १९५४ मा कृषि प्रचारका लागि अध्यापन शुरू गरिए पनि विस्तारै १९६८ मा कृषि सञ्चार र १९७४ मा विकास सञ्चारको प्राध्यापन फिलिपिन्सबाट नै शुरू भएको हो । पछि यो कलेजले विकास सञ्चार विभाग नै खडा गरेर विकास पत्रकारिताको प्राध्यापन थालेको हो । १९७० को दशकमा प्राध्यापक नोरा क्रुज क्युब्राल र उनका सहयोगीहरूले विकास सञ्चारमा स्नातक तह शुरू गरे । नोराले विकासका लागि सञ्चार आवश्यक छ भन्ने ठाने पनि र आफूहरूले यसलाई विकास सञ्चारको नाम दिए पनि विकासका गतिविधिलाई सञ्चारको सहयोग आवश्यक छ भन्ने अवधारणा एर्स्किन चाइल्डर्स (Erskine Childers) को हो भन्ने कुरा नोरा आफैंले लेखेकी छन् ।

विकास पत्रकारिताको अभ्यास भने यसअघि नै भएको दाबी प्रेस फाउन्डेसन अफ एसियाको छ । यो संस्था केही एसियाली पत्रकार र फोर्ड फाउन्डेसनको सहयोगमा गठन भएको हो । १९६० को दशकमा नै 'विकास पत्रकारिता' र 'विकास रिपोर्टिङ' शब्दावली प्रयोगमा आएको फाउन्डेसनको इतिहासमा पाइन्छ (शर्मा सन् २००७) ।

भारत र फिलिपिन्समा इन्टरनेसनल प्रेस इन्स्टिच्युट (आईपीआई) अन्तर्गत संस्था बनेका थिए । आईपीआईको क्वालालम्पुर आयोजनाका प्रमुख श्रीलंकाका पत्रकार अभय गामिनी परेरा भिटाची थिए । पछि १९६४ मा यो आयोजना मनिलामा सऱ्यो र भिटाचीको ठाउँ भारतीय पत्रकार अमिताभ चौधरीले लिए । उनले कोरिया, मलेसिया, थाइल्यान्ड, इन्डोनसिया र चीनमा नेसनल प्रेस इन्स्टिच्युट खोले र पत्रकारलाई विकास पत्रकारिताको तालिम दिन शुरू गरे ।

'विकास पत्रकारिता' अगाडि बढाउने श्रेय भने एलान चाक्लीलाई जान्छ । उनी आईपीआई आयोजनाअन्तर्गत १९६८ मा फिलिपिन्सका आर्थिक मामिला लेखनका प्रशिक्षक हुन् । आफूलाई विकास पत्रकार मान्ने चाक्ली 'पत्रकारको मुख्य काम तथ्यगत सूचना दिनु त हुँदै हो, उसको दोस्रो मुख्य दायित्व त्यसका बारेमा व्याख्या पनि गर्नु हो' भन्ने ठान्छन् । सकिन्छ भने त्यस समाचारबारे निष्कर्षसमेत निकाल्नुपर्ने उनको मत छ । उनले पत्रकारको तेस्रो काम तथ्य र व्याख्या मात्र नभएर प्रवर्द्धन पनि हो भनेका छन् । कुनै विकास खबर पढ्दै गरेको पाठकले विकासका समस्याको गम्भीरता कति रहेछ भनेर अनुभूत गर्न सकोस्,

त्यसबारेमा गम्भीर भएर सोचोस् र सम्भावित समाधानबारे आफ्ना आँखा खोलोस् भन्ने उनको दृष्टिकोण छ।

विकास पत्रकारिताको विश्वव्यापी अभ्यासचाहिँ आम गरिबीलाई उजागर गर्दै त्यो अवस्थाबाट नागरिकलाई माथि उठाउन के-कस्ता काम गर्नुपर्छ र त्यसनिम्ति भइरहेका कामको परिणाम कस्तो भइरहेको छ भनेर आम नागरिकमा सूचना र सन्देश प्रवाह गर्नुपर्छ भन्ने रहेको छ।

समग्रमा, विकासका कामलाई गलत बाटोमा जान नदिएर असल कामका लागि प्रेरणाको सञ्चार गरिरहने पत्रकारिता नै विकास पत्रकारिता हो। नागरिकले तिरेको करको रकम दुरुपयोग हुनबाट रोक्नका लागि नागरिकको निगरानी जरुरी छ भन्ने कुरालाई ध्यानमा राखेर विकास पत्रकारिताले त्यसनिम्ति आम नागरिकलाई प्रेरित गरिरहनुपर्छ।

नेपालमा विकास पत्रकारिता विकासकै क्रममा छ। यसको प्रारम्भ कहाँ र कसरी भयो भन्ने अनुसन्धान गरिएको छैन। नेपालमा २०४४ सालमा नेपाल प्रेस इन्स्टिच्युटले पानोस साउथ एसियाको सहयोगमा नेपालका पत्रकारलाई पनि विकास पत्रकारिताका बारेमा तालिम दिन थालेको थियो। यद्यपि, *गोरखापत्र*मा भारतदत्त कोइरालाले विकास समाचार भन्ने अलग पृष्ठ राखेर यसको प्रारम्भ गरेको मानिँदै आएको छ।

## विकास पत्रकारिताको अवधारणा

विकास पत्रकारिता मूलतः नागरिककेन्द्रित पत्रकारिता हो। यो नागरिकको जीवन-भोगाइको यथार्थ चित्रण हो र यसले मानिसलाई कसरी समृद्ध बनाउँछ भन्ने बाटो पहिल्याउनसमेत मद्दत गर्नुपर्छ।

विकास पत्रकारिताले यी आधारमा विषयवस्तुका बारेमा प्रश्न उठाउन सक्नुपर्छ, तदनुरूप काम भएका छन् वा छैनन् भनेर खोज्नुपर्छ :

- मानवकेन्द्रित
- नेतालाई हैन, नागरिकलाई अगाडि राख्ने
- पछाडि परेकालाई अगाडि बढाउने
- तलैबाट विकासका प्रक्रियाको प्रारम्भ गराउने
- तलकालाई माथि उठाउने
- स्थानीय संस्कृतिमा आधारित र स्थानीय नै प्रिय ठान्ने

- नागरिकको सहभागिता अनिवार्य गराउने
- नागरिकलाई स्वतन्त्र र सशक्त बनाउने
- सानोचाहिँ सुन्दर देख्ने
- आदिवासी ज्ञान प्रणालीमा आधारित ।

## विकास पत्रकारिताको भूमिका

विकासका समस्या र सम्भावनाको खोजी गर्नु विकास पत्रकारिताको उद्देश्य हो । स्थानीय आवश्यकताअनुरूपको विषयवस्तुलाई आम नागरिकबीच राखिदिने काम यसले गर्नुपर्छ । स्थानीय विकासमा सहयोगी हुन सक्ने आविष्कारसम्बन्धी प्राविधिक सूचना दिने काम पनि यसकै हो । अर्कोतिर, स्थानीय समूहले आफ्नै प्रयासमा गरेका कामको जानकारी गराउनुपर्छ । यसबाट अरू समुदायका नागरिक पनि त्यस खालका कामका निम्ति पनि प्रोत्साहित हुन सक्छन् ।

विकास पत्रकारिता गर्ने पत्रकार अरू पत्रकारभन्दा फरक होइन र हुँदैन । पत्रकारिताको सिद्धान्त पनि फरक हुँदैन । तर, उनीहरूको काम अनुसन्धान पत्रकारिताको जस्तै काम हो । उनीहरूले सार्वजनिक चासोका समस्यालाई मात्र उठाउँदैनन्, यसको समाधानका उपायको खोजी गर्ने प्रयाससमेत गर्छन् । नागरिकले थालेका कामको प्रोत्साहन गर्नु विकास पत्रकारिताको धर्म हो ।

विकास पत्रकारहरू परिवर्तनका वाहक वा कार्यकर्ता भने होइनन् । विकासका नाममा हुने व्यापारिक स्वार्थप्रति उनीहरू सजग भइरहनुपर्छ । तर, केवल पहरेदार मात्र नभई व्याख्या, सन्दर्भ र खोजीमा पनि उनीहरूको ध्यान जान आवश्यक हुन्छ । जस्तै– सफलताको कथा लेख्दा अरूले दिएको सूचनामा मात्र भर पर्न हुँदैन । बताउने मानिसले दाबी गरेका विषयलाई पुष्टि गर्ने र यथार्थ पत्ता लगाउने काम गर्नैपर्छ । सूचनालाई शंकाको दृष्टिले हेर्ने पत्रकारको गुण यहाँ पनि चाहिन्छ । कुनै पनि विषयवस्तु समाचारयोग्य छ कि छैन भनेर नियाल्ने खुबी चाहिन्छ । मूल कुरा विकासका विषयमा भ्रष्टाचार र यसका छिद्रबारे विचार गर्ने क्षमता भने विकास पत्रकारिता गर्नेका लागि जरुरी हुन्छ ।

## विकास पत्रकारका न्यूनतम योग्यता

विकास पत्रकारिता गर्दा खोजीमा बढी समय लाग्नुपर्ने हुँदा पत्रकारहरूको स्वभाव र चरित्र खोजी पत्रकारको जस्तै हुनुपर्छ ।

*गार्जियन* र *अब्जर्वर* पत्रिकाकी सम्पादक एलिजावेथ रिबन्सूले भनेकी छन् :

> असल पत्रकारिता भनेको व्याख्या गर्नु मात्र होइन, यसले दत्तचित्तता, उजागर र यथार्थ चित्रण खोज्दछ । विकास आफैंमा जटिल, सुस्त, अनिश्चित प्रक्रिया हो । यो भनिएअनुरूप कहिल्यै अघि बढ्दैन । यसमा विभिन्न पक्षहरू जस्तै- स्वास्थ्य, शिक्षा, वातावरण, सुशासन, आन्तरिक वा बाह्य अर्थतन्त्र, संस्कृति आदि जोडिएका हुन्छन् भन्ने कुरा पत्रकारले पनि स्वीकार गर्न सक्नुपर्छ ।

यो परिभाषासमेत नियाल्दा हरेक विकास पत्रकारमा हुनुपर्ने केही गुण यस प्रकार देखिन्छन् :

- 'तातै खाउँ जली मरौं' को भावना नभएको अर्थात् धीरता,
- काममा रमाउने स्वभाव,
- स्थानीय शक्ति-सम्बन्धका बारेमा जानकार
- विषयवस्तुलाई ठीक ढंगमा बुझ्ने क्षमता
- विषयवस्तुको सही विश्लेषण गर्ने सीप
- आलोचनात्मक चेत
- सामाजिक जिम्मेवारी बहन गर्न सक्ने ।

## विकास पत्रकारिताका मुद्दा

विकासले ठीक बाटो नसमाएको हाम्रोजस्तो मुलुकमा यी र यस्ता विषय सधैंभरि विकास पत्रकारिताका मुद्दा बनिरहन सक्छन् :

- हुने र नहुनेबीचको खाडल पुर्न विकासका काम कति सहयोगी छन् ? जे कुरालाई विकास भनिएको छ, के त्यसले नहुने वर्गलाई सहयोग पुऱ्याएको छ ? वा, हुने-खानेकै सेवा गरिरहेको छ ?
- चालु विकासका आयोजनाका बारेमा आम नागरिकलाई पर्याप्त जानकारी छ कि छैन ? कतै कसैले विकासका प्रक्रिया नागरिकको तहको जानकारीमा आउन नदिन प्रयत्न त गरिरहेको छैन ?
- विकासका लागि बनेका योजनामा कतिवटा र कस्ता कार्यक्रम छन् ? कि यो

सरकारको नीति कार्यक्रममा मात्रै सीमित छ ? कतै विकास 'आकाशको फल आँखा तरी मर' त भएको छैन ?

- कर्मचारीतन्त्रका कारणले विकासका काममा अवरोध वा ढिलासुस्ती भएको त छैन ? विकासका कामप्रति उनीहरूको दृष्टिकोण र चाहना के छ ?
- 'विकास गरौं' भन्ने राजनीतिक इच्छाशक्ति कति प्रबल छ ?
- के विकासबारे सञ्चार गर्नुपर्ने आवश्यकताबोध हुने गरेको छ ?
- विकासमा सहयोग पुर्‍याउने सञ्चार-गतिविधि हुने गरेका छन् ?

## विकास समाचार लेखन र विषय छनोट

विकास समाचार लेखनको तरिका आम समाचार लेखनको तरिकाभन्दा केही भिन्न छ। त्यस्ता भिन्नता अर्थात् विकास समाचार लेखनको विशिष्टतालाई यहाँ हेरौं :

- विकास समाचार लेख्दा आम समाचार लेखनमा जस्तो '६ क' बाट शुरू गर्नुपर्दैन। जसरी घटना-प्रधान समाचारमा उल्टो पिरामिडको संरचनामा समाचार लेख्नुपर्छ भन्ने मान्यता छ, विकास समाचारमा त्यस्तो जरुरी हुँदैन। केवल हरेक सूचनालाई कसरी पठनीय बनाउने भन्ने सोचका साथ लेखन प्रारम्भ गरिन्छ। उल्टो पिरामिडमा महत्त्वपूर्ण सूचना दिएपछि त्यसलाई पुस्ट्याइँ गर्ने स्रोतहरू उधृत गर्ने र कम महत्त्वका विषयलाई क्रमानुसार तल लेख्दै जाने भन्ने मान्यता हुन्छ। तर, विकास समाचार लेखनमा हरेक अनुच्छेद उत्तिकै महत्त्वपूर्ण हुन्छन् भन्ने मान्यता राखिन्छ।
- विकास समाचार र फिचरमा झीनो अन्तर मात्र छ। सामान्यतः फिचरभन्दा विषयप्रधान सामग्रीलाई बुझिन्छ। तर, कतिपय विकास समाचार पनि विषयप्रधान नै हुन्छन्। त्यसैले दुवैको लेखनमा आउने अन्तर भनेको मूलतः समयोचित हुनु हो। फिचरमा हरेक विषयवस्तुलाई सामयिक बनाउन सकिन्छ तर विकास समाचार आफैंमा सामयिक हुनुपर्छ। फिचरमा लेखन शैली कलात्मक हुन सक्छ तर विकास पत्रकारिता प्रस्ट र सीधा जवाफ आउने खालको हुन्छ। फिचरमा शुरूवात र अन्त्य गर्ने कठिनाइ हुन्छ भने विकास पत्रकारितामा त्यो चुनौती कम हुन्छ।
- विकास समाचार लेख्दा विकासका कामले कसलाई फाइदा वा असर पर्छ भन्ने हेर्न घटनाको दायाँबायाँ पनि खोज्नुपर्छ। सीधा आँखाले देखिने सूचना सामग्री मात्र होइन, त्यस घटना वा विषयवस्तुसँग जोडिएका अनेक स्वार्थ र स्वार्थ समूह वा नागरिकका नाफा-घाटाका विषयलाई पनि विकास पत्रकारले खोज्न सक्नुपर्छ।
- विकासका कामबाट कसलाई फाइदा वा असर पर्छ भन्ने केलाउन सक्नुपर्छ। उदाहरणका

लागि कुनै नेताले गाउँमा कुलो पुऱ्याउँदै छ भने त्यहाँ उसका मात्र मतदाता छन् वा आफ्नो कमजोर अवस्था सुधार्ने स्वार्थ पो लुकेको छ कि भनेर प्रस्ट्याई दिनुपर्छ।

- विकासका कुनै घटना, घोषणा वा जानकारी समाचार हुन सक्छन् तर त्यति मात्र समाचार होइन। त्यसले तत्तत् विषय वा क्षेत्रसँग सम्बन्धित नागरिकले पाउन सक्ने फाइदा वा उनीहरूमा पर्ने नकारात्मक पक्षलाई उजिल्याउनु पनि विकास पत्रकारिता हो। विकासका नाममा हुने गतिविधिलाई मात्र विकास पत्रकारिता ठान्नु गलत हुन्छ।
- विभिन्न स्रोत र संलग्न विभिन्न पक्षका कारण समाचार दिने वा नदिने कुराले अलमल हुन सक्छ। जस्तै– स्रोत एकपक्षीय छ र सकारात्मक पक्षको मात्र पक्षपोषण गरेर सूचना प्रवाह गर्छ भने उसको नियतमाथि प्रश्न उठ्न सक्छ। अथवा, त्यस विषयवस्तुसँग जोडिएका मानिससँग पत्रकारको नाता-सम्बन्ध वा कुनै खालको कारोबार छ वा लगानीकर्ताको स्वार्थ जोडिएको छ भने लेख्नुपर्ने विषय नलेखेर नलेख्नुपर्ने लेखिन सक्छ।
- विकासका योजना, कार्यान्वयन रणनीति, लक्षित समूह, खर्च जस्ता कुराले अलमल बनाउन सक्छ। कुनै पनि समाचार लेख्ने भनेको समग्र कथा लेख्ने होइन, कुनै विषयवस्तुभित्रको नागरिकको खास चासोका मुद्दाको चिरफार गर्ने हो। तसर्थ कुन विषयमा नागरिकका चासो छन् र कुन पक्षमा उदाहरणीय काम भएका छन् वा गलत गर्ने प्रयत्न गरिएको छ, ती कुराको खोजी गरेर पस्कने काम पत्रकारको हो। तसर्थ पत्रकारले एउटा नागरिकले खोजेको वा उसका लागि उपयोगी कुरा के हो भनेर सोचे पुग्छ।

सबै मिडियामा एकै खालका विषय समाचार बन्दैनन्। मिडिया विशिष्टीकृत हुँदै गएसँगै मिडिया सामग्री पनि छुट्टिन थालेका छन्। विकासका विषय कस्तो मिडियामा आउनुपर्ने हो ? विकास मामिलाका लागि अलग्गै मिडिया हुनुपर्ने हो ? यस्तो हुन सक्छ कि सक्दैन ? वास्तवमा हरेक मिडिया आम नागरिकका लागि हुन् र हरेक नागरिकलाई विकास चाहिएको छ। तर, के सबै मिडियाले विकासका समाचार दिएका छन् त ? के विकासका समाचार दिनु सबै मिडियाको दायित्व होइन र ? यसबारे पर्याप्त बहस गर्न सकिन्छ।

विकास समाजका लागि हो। मिडिया पनि यही समाजका नागरिकका लागि हो। जसरी नागरिकका रुचि हरेक विषयमा हुनुपर्छ भन्ने छैन, त्यसरी नै विकासका क्षेत्र पनि रुचिअनुसार फरक हुन सक्छन्। जस्तै-पर्यटन क्षेत्रमा भएको विकासका प्रति एउटा किसानमा प्रत्यक्ष रुचि नहुन सक्छ तर पर्यटन विकासले किसानलाई छुन सकेन भने त्यस्तो विकास दिगो

हुन सक्दैन । पर्यटकहरू बढ्दै गर्दा खाद्यान्नको आवश्यकता पनि बढ्दै जान्छ । पर्यटकले भोजन गर्ने प्रकृतिका भिन्न सामग्री किसानले नै उत्पादन गर्ने हुन् ।

## विकास पत्रकारिता, अनुसन्धान पत्रकारिता

विकासका विषय निरन्तर र लगातार उठाउने पत्रकार विकास पत्रकार भनेर चिनिन्छन् । उनीहरू मानिसको ध्यान नपुगेका वा अरू मिडियाले दिन नखोजेका र राजनीतिक समुदायले चासो नदिएका विषय खोजिरहन्छन् । उनीहरू एक प्रकारले खोज पत्रकार पनि हुन् । गरिबीका विभिन्न रूप र आयामका कथा, जो कसैले देखेनन् वा लेखेनन्, त्यसलाई उजागर गर्ने काममा उनीहरू लागिरहेका हुन्छन् ।

विकास पत्रकारिता नलेखिएका हरेक विषयको खोजी होइन, बरु त्यो अनुसन्धानात्मक प्रवृत्तिको पत्रकारिता हो । राजनीतिक नेता वा सामाजिक अभियन्ताले बोलेका कुरालाई जोडजाड गरेर 'भन्नुभयो' वा 'बताउनुभयो' भन्ने शैलीको समाचार विकास पत्रकारिता होइन । भइरहेको वा कसैले थाहा नपाएको विषयको नयाँ खोजी विकास पत्रकारिता हो । यी विषय सामान्यतः विकाससँग सम्बन्धित हुन्छन् ।

विकासका केही पक्ष हेरौं : आर्थिक विकास, कृषि तथा खाद्य सुरक्षा, खानेपानी र सरसफाइ, स्वास्थ्य र औषधि, रोजगारी, शिक्षा र साक्षरता, सूचना प्रविधि, बसोवास प्रबन्ध, वातावरण र यसको दिगोपना, शहरी तथा ग्रामीण विकास, लैंगिक समानता आदि ।

यस्ता अनेक पक्षमाथि गरिने पत्रकारितामा मुख्य नायक नागरिक नै हुन् । स्थायित्व, सहभागिता, सामञ्जस्य, सहमतिजस्ता विषयलाई विकास पत्रकारिताले जोड दिन्छ । विकासका प्रक्रियामा आउने समस्या उजागर गर्नु नै विकास पत्रकारिताको कर्तव्य पनि हो ।

## विकासका समस्या र विकास पत्रकारिता

विकास हुन नसक्नुका मुख्य कारणको खोजी गर्ने क्रममा विकासविद्हरूले माथिबाट तल जाने विकासलाई समस्याका रूपमा लिएको पाइन्छ । विकास भनेको न धनीले गरिबलाई दिने दान हो, न त विकास माथिल्लो तहमा रहेकाले तल्लो तहका नागरिकलाई दिने उपहार हो । यो केन्द्रले स्थानीयलाई दिने अनुदान मात्रै पनि होइन ।

जहाँ विकासका प्रक्रियामा आम नागरिकको सहभागिता खोजिँदैन, त्यहाँ विकासमा अवरोध आउने पर्याप्त सम्भावना रहन्छ । यदि विकास भई नै हाल्यो भने पनि त्यस्तो विकासले स्थायित्व पाउन सक्दैन । विदेशीले बनाइदिएका संरचना नेपालीले किन धान्न


सक्दैनन् ? यसको मूल कारण हो- त्यसको विकास प्रक्रियामा नागरिक तहको कुनै भूमिका नै खोजिएको हुँदैन । त्यसैले यस्ता अभ्यासका आधारमा विकासविद्हरूले यसलाई माथिबाट तल जाने प्रक्रिया (Trickle-down Theory) भनेका छन् । सिंहदरबारमा बसेर कर्णालीको बजेट बनाउने सोच यसको एक उदाहरण हो ।

विकासमा जहाँ समस्या रहन्छ, विकास पत्रकारिताको आवश्यकता र महत्त्व त्यहींनेर खडा हुन्छ । फेरि पनि जनसहभागिता नखोज्ने विकासले स्थायित्व पाउन सक्दैन । जनसहभागिताका स्वरूपहरू फरक हुन सक्छन् । योजना छनोट र बजेट व्यवस्थापनदेखि अनुगमन र मूल्यांकनसम्म मा नागरिक सहभागिताले मात्र विकासलाई अर्थपूर्ण बनाउन सक्छ ।

## विकासको स्मार्ट (SMART) मोडल र विकास पत्रकारिता

विकासलाई व्यवहारमा उतार्न पछिल्लो समय 'स्मार्ट' विधि उपयुक्त मानिएको छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यो विधि अपनाएर गुजरातका सफल मुख्यमन्त्री र भारतकै पटक-पटक प्रधानमन्त्री हुने अवसर प्राप्त गरे भन्ने मानिन्छ ।

यो विधिअनुसार विकासको उद्देश्य पूरा गर्नका लागि पाँच चरणको स्मार्ट प्रक्रिया अवलम्बन गर्नुपर्छ ।



ती पाँच चरण हुन् ः

१. तपाईंले के गर्न चाहनुभएको हो ? त्यसको खास लक्ष्य निर्धारण गर्नुहोस् ।

२. तपाईंको विकासको लक्ष्य मापन गर्न सकिने खालको हुनुपर्छ ।

३. विकासको लक्ष्य यस्तो बनाउन सक्नुहोस्, जसलाई प्राप्त गर्न पनि सकियोस् ।

४. तपाईंले जे गर्न खोजिरहनुभएको छ, त्यो समयको मागअनुरूप र वास्तविकताको जगमा उभिएको हुनुपर्छ ।

५. तपाईं जे विकासका जे काम गर्नु हुन्छ, त्यो निर्धारित समयभित्र पूरा गर्नैपर्छ ।

उदाहरणका लागि, कसैले कम्प्युटर अपरेटर बन्न चाहेको हो भने उसको लक्ष्य यस्तो बन्छु भनेर मात्र हुँदैन । उसले कम्प्युटर टाइप राम्रोसँग गर्न चाहेको हो अथवा छिटो गर्न सक्ने हुन चाहेको हो, प्रस्ट हुनुपर्छ । दोस्रो चरणमा उसले आफूलाई कम्प्युटर छिटो टाइप गर्न चाहन्छु भनेर काम शुरू गऱ्यो भने त्यस्तो गर्न सक्यो कि सकेन भनेर मापन गर्न सकिन्छ । यसलाई कसरी प्राप्त गर्ने ? यो उसको तेस्रो चरण हो । यसमा उसले आफूलाई एक मिनेटमा ५० शब्दबाट १०० शब्द टाइप गर्न सक्छु भन्ने उद्देश्य राख्न सक्छ । एक सातामा ५० बाट ७५ शब्द टाइप गर्न सक्ने भयो भने त्यो उपलब्धि हुन्छ । तर, यतिमा ऊ सन्तुष्ट हुन सक्दैन किनभने बजारमा कम्तीमा १०० शब्द टाइप गर्ने मानिसको माग हुन सक्छ । त्यसैले उसको उपलब्धि समयको मागअनुरूपको हुनुपर्छ । तर, उसले १०० शब्दको लक्ष्य अर्को १५ दिनमा हासिल गरेन भने तत्काल जागिर नपाउन सक्छ । त्यसैले १५ दिनभित्र १०० शब्द टाइप गर्न सक्ने बन्नैपर्छ ।

लक्ष्य निर्धारण गरेर काम गरियो भने सफलता प्राप्त हुन सक्छ । यो स्मार्ट विधि विकासका प्रक्रियामा मात्र होइन, विकास पत्रकारितामा पनि उत्तिकै लागु हुन सक्छ । विकास पत्रकारिता आजको भोलि वा अहिलेको अहिल्यै समाचार बन्ने वा बनाउन सकिने विधा होइन । यसमा समय लाग्छ । यसको अर्थ योजनाविहीन किसिमले काम गर्नुपर्छ भन्ने होइन । कुन काम, कहिले सक्ने र कसरी सक्ने ? लक्ष्य निर्धारणसहितको योजना स्मार्ट विधिको विशेषता हो । यो विधि स्वाभाविक रूपमा विकास पत्रकार बन्नमा पनि सहयोगी हुन सक्छ ।

## सन्दर्भ–सामग्री

Chalkley, Alan B. 1970. *A Manual of Development Journalism.* Vikas Publications.

Chalkley, Alan. 1980. Development Journalism – a New Dimension in

the Information Process, *Media Asia* 7 (4): 215–217. DOI: 10.1080/01296612.1980.11726018

Melkote, Srinivas R. and H. Leslie Steeves. 2012. *Communication for Development in the Third World.* 2nd Ed. New Delhi: Sage Publications India Pvt. Ltd.

Quebral, Nora Cruz. 1988. *Development Communication.* Manila: College of Agriculture, University of the Philippines at Los Baños College.

Rogers, Everett Mitchell. 1976. Communication and Development: The Passing of the Dominant Paradigm.*Sage Journals* 3 (2). https://doi.org/10.1177/009365027600300207

Sharma, Dinesh Chandra (2007). *Development Journalism: An Introduction.* Manila: Asian Center for Journalism.

# भुइँ तहका सरोकारमा समाचार

**श्रीराम पौडेल**

## १. पृष्ठभूमि

विश्वभर क्षेत्रीय वा स्थानीय तहलाई प्राथमिकता दिएर पत्रकारिता बिरलै हुँदै आएको छ। राजधानी वा मुख्य शहरकेन्द्रित पत्रकारिताले स्थानीय क्षेत्रलाई कहिल्यै पनि प्राथमिकता दिएन। स्थानीय क्षेत्रका ठूला दुर्घटना, प्राकृतिक विपत्तिका घटनाबाहेक ती क्षेत्रका पीडा र जनताका जीवनगाथासँग जोडिएका विषय नियमित प्राथमिकतामा परेनन् । समृद्ध भनिएका पश्चिमा राष्ट्रहरूले पनि स्थानीय पत्रकारितालाई गत शताब्दीभर हल्का रूपमा लिए (निल्सन सन् २०१५) । सूचना प्रविधिको नयाँ युगसँगै पत्रकारिताको विरासत र आयाम बदलिँदै छ। केन्द्रीकृतको साटो विकेन्द्रित हुँदै पत्रकारितामा पनि स्थानीयता मौलाउँदै छ।

एकात्मक केन्द्रीकृत राज्यबाट संघीय राज्य प्रणालीमा रूपान्तरण[१] भएसँगै नेपालमा प्रदेश र स्थानीय तहकेन्द्रित पत्रकारिताको अभ्यास भइरहेको छ। कतिपय राष्ट्रिय मिडियाले

१. २०७२ असोजमा 'नेपालको संविधान' जारी भएपछि नेपाल एकात्मक केन्द्रीकृत राज्यबाट संघीय प्रणालीमा रूपान्तरण भएर ७७ जिल्लाको संरचनासहित केन्द्र, ७ प्रदेश र ७५३ स्थानीय तहका समेत गरी कूल ७६१ वटा सरकार क्रियाशील छन्। ती सरकारका लागि संविधानमा एकल र साझा अधिकारका सूची निर्धारण गरिएको छ।

प्रदेश ब्युरो स्थापना गरी प्रदेश संस्करण प्रकाशन/प्रसारण अभ्यास गरिरहेका छन् । भौगोलिक रूपमा निकटता भएका वा राजनीतिक रूपमा परिभाषित प्रशासनिक रूपमा सीमा बाँधिएका क्षेत्रहरूमा सीमित रहेर गरिने पत्रकारितालाई नै यस आलेखमा 'प्रदेश र स्थानीय तह' को रिपोर्टिङ मानिएको छ । यस अर्थमा प्रदेश र स्थानीय तहको रिपोर्टिङ बहुआयामिक विषय हो । ती क्षेत्रका विषयवस्तु न भूगोलको सीमामा बाँधिन्छन्, न त क्षेत्रगत विधामै सीमित रहन्छन् । यहाँ प्रदेश र स्थानीय तहलाई 'रिपोर्टिङ विधा' मानेर चर्चा गरिएको छ ।

## २. परिचय र उद्देश्य

नेपालमा साधारणतया केन्द्रका सञ्चारमाध्यममा मोफसलबाट काम गर्ने पत्रकारका लागि भौगोलिक विभाजनअन्तर्गत जिल्ला वा मुख्य शहरहरूलाई कार्य क्षेत्र तोकिएको देखिन्छ भने क्षेत्रीय वा जिल्ला तहका मिडियामा आन्तरिक 'बीट' विभाजनअनुसार काम भइरहेको देखिन्छ । अर्कातर्फ प्रादेशिक र स्थानीय क्षेत्रकेन्द्रित मिडियाको अभ्यास पनि क्रमशः फराकिलो हुँदै आएको बर्सेनि बढ्दै गएको सञ्चारमाध्यमको संख्याले देखाउँछ । देशभरका पत्रकारमध्ये झन्डै आधा बागमती प्रदेशमा (ढुङ्गेल २०७७ : १७-१८) रहेको भए पनि प्रादेशिक एवं जिल्लाकेन्द्रित सञ्चारमाध्यमको घनत्व बढ्दै गएको देखिन्छ ।

पत्रकारिताको आयाम द्रूत गतिमा परिवर्तन हुँदै आएको छ । सूचना प्रविधिको विकाससँगै विभिन्न डिजिटल मञ्चबाट वैकल्पिक पत्रकारिताको अभ्यास हुन थालेको छ । नेपालको सन्दर्भमा प्रदेश र स्थानीय तहमा मिडियाको सघन उपस्थितिले अब केन्द्रमुखी भइरहनुपर्ने अवस्था नरहेको देखाउँछ ।

## ३. पत्रकारका योग्यता र सीप

'प्रदेश र स्थानीय तहको रिपोर्टिङ' मा पत्रकारमा नवीनता र सिर्जनशीलताको अपेक्षा गरिन्छ । हरेक विषयमा पत्रकार जिज्ञासु र अध्ययनशील हुनुपर्छ । अहिलेको डिजिटल युगमा कुनै पनि समाचार कथा अब मल्टिमिडिया शब्दचित्रबाट प्रस्तुत गर्न सम्भव भएको छ । समाजका प्रवृत्ति बुझ्न र देख्न सक्ने योग्यता हुनुपर्छ ।

अहिले सामाजिक सञ्जालका विभिन्न मञ्चमा नागरिक नै सूचना प्रवाहमा सक्रिय छन् र पत्रकारितालाई चुनौती दिँदैछन् । मूलधारका मिडियामा 'गेट किपिङ' पार गर्दै आउने विषयवस्तुभन्दा ती सामग्री लोकप्रिय भइरहेका छन् । माध्यमको अस्तित्त्व जोगाउन स्वरूप परिवर्तन वा प्रतिस्पर्धामा उत्रनुको विकल्प छैन । मूलधारे भनिएका मिडियामाथिको निर्भरता घट्दो छ । सार्वजनिक संस्था, दल, नेता वा प्रभावशाली व्यक्तिहरूलाई अब

जनतासँग पहुँच स्थापित गर्न सामाजिक सञ्जालमार्फत जोडिएका छन् र आफ्ना भनाइ सोझै आम मानिसमा पुऱ्याइरहेका छन् ।

मोफसल भनेर किनारामा रहेका 'प्रदेश र स्थानीय तहको पत्रकारिता' ले अब नागरिकको जीवनस्तर उकास्नका लागि बहस र पैरवी गर्न सक्नुपर्छ । सन् १९६० को दशकदेखि विश्वभर चलेको र मूलतः विकासोन्मुख देशका लागि आवश्यक ठानिएको विकास पत्रकारिताको खाँचो नेपालमा अझै देखिन्छ । वि.सं. २०३० को दशकमा *गोरखापत्र*को 'हाम्रो गाउँघर' स्तम्भबाट प्रचलनमा आएको विकास पत्रकारिताको संस्थागत विकास हुन सकेन । पत्रकार कुन्द दीक्षितको पुस्तकमा लेखिएको छ, "समाचार लेखन-प्रस्तुति शैली बदल्नुपर्छ । रूखो र निरस भाषामा निर्जीव समाचार लेख्ने शैली बदलेर सरल, सरस एवं रुचिकर भाषामा सजीव समाचार लेख्ने शैली विकास गर्नुपर्छ । विकास पत्रकारिताको ध्येय पनि यही हो ।" (दीक्षित २०८०)

अहिले भुइँ तहका नागरिकका चासो र सरोकारमा समाचार देख्ने आँखाको खाँचो मुख्यगरी प्रदेश र स्थानीय तहमा छ । एउटा नागरिकले पासपोर्ट वा ड्राइभिङ लाइसेन्स बनाउन कति समय र लगानी खर्चिन्छ, उसले बेहोरेको प्रशासनिक झन्झट कस्तो छ ? किसानले दूध र तरकारी सडकमा फाल्नुपर्ने अवस्था कसरी आयो ? मिटरब्याजीविरुद्ध पीडित उत्रिँदा पनि कारबाही किन हुँदैन ? जनगुनासो सुन्ने सरकारी संयन्त्र किन र कसरी कमजोर हुँदै छ ? यस्ता जनचासोका विषयको गाम्भीर्य र नियमिततामा पत्रकारले काम गर्न सक्नुपर्छ ।

पत्रकारिताको तटस्थता नीतिमा मात्र सीमित नरहेर अब पत्रकारहरू कतिपय विषयमा समाधान दिन सक्ने पनि हुनुपर्छ । गाउँ-गाउँमा विद्यालय र हेल्थपोस्ट्का भवनमा ठूलो धनराशि खर्च भइरहेको छ, तर अधिकांश सरकारी विद्यालय र स्वास्थ्य संस्थाको गुणस्तर किन बढेन ? सरकारी विद्यालयमा प्राथमिक तहमा नयाँ भर्नादर घट्दै गएको छ तर सीमित सेवा-सुविधा दिने निजी विद्यालयमा आकर्षण किन छ ? यसभित्रका कमजोरी के हुन् ? केन्द्रदेखि स्थानीय सरकारका प्राथमिकताका बाबजुद ग्रामीण क्षेत्रमा खेतबारी किन बाँझो रहे ? अव्यवस्थित शहरीकरणसँगै खेतीयोग्य भूमि किन र कसरी 'कंक्रिट जंगल' मा रूपान्तरण भइरहेका छन् ? कृषकको उत्पादन मूल्य र उपभोक्ताको खरिद मूल्यमा ठूलो अन्तर रहँदै आएकोमा बिचौलियाले कसरी खेल्न पाइरहेका छन् ? सामाजिक सुधार ऐनले सामाजिक सांस्कृतिक गतिविधि (विवाह, व्रतबन्ध वा अन्य भोजभतेरका कार्यक्रम) मितव्ययी बनाउनुपर्नेमा सामाजिक अगुवा नै किन तडकभडक देखाउँछन् ? सामाजिक कुरीति र विभेदविरुद्ध परिवर्तनका संवाहक भनिएका राजनीतिक दल र अगुवा नै किन मौन छन् ? घरेलु हिंसा, महिला हिंसा, बाल विवाह, छुवाछुतविरुद्ध समाज किन

मौन बस्छ ? अधिकांश पहाडी जिल्लाको जनसंख्या वृद्धिदर किन ऋणात्मक हुँदै छ र यसको सामाजिक-आर्थिक प्रभाव कस्तो छ ? वैदेशिक रोजगारीबाट आयआर्जन बढेसँगै बसाइँसराइ बढ्दो छ भने पारिवारिक संरचना खल्बलिएको छ, किन ? यी र यस्ता विषयमा सम्पादकहरूले प्राथमिकता नदिए पनि पत्रकार स्वयंले ब्लग वा अन्य वैकल्पिक मञ्चमार्फत आवाज उठाउन सक्नुपर्छ।

## ४. प्रदेश एवं स्थानीय तहकेन्द्रित विषयवस्तु

'प्रदेश र स्थानीय तहको रिपोर्टिङ' बहुआयामिक छ। यसैभित्र राजनीतिक एवं प्रशासनिक संरचना र क्षेत्राधिकारका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवं दिगो विकासका सबै विषय र चासो यसभित्र पर्छन्। प्रदेश एवं स्थानीय चासो र सरोकारलाई प्राथमिकता दिँदै ती क्षेत्रको सबलीकरण गर्नु यसको उद्देश्य हो। संघीय अधिकारका विषयवस्तु नै यस रिपोर्टिङका पनि विषयवस्तु हुन्।

४.१ **अधिकार बाँडफाँट** : तीन तहको संघीयतामा सबै तहका अधिकार बाँडफाँट गरिएको छ। नेपालको संविधान २०७२ मा अनुसूची ५ का ३५ वटा बुँदामा संघको अधिकार सूची, अनुसूची ६ का २१ वटा बुँदामा प्रदेशको अधिकार सूची, अनुसूची ७ का २५ वटा बुँदामा संघ र प्रदेशको साझा अधिकारको सूची, अनुसूची ८ का २२ वटा बुँदामा स्थानीय तहको अधिकार सूची र अनुसूची ९ का १५ वटा बुँदामा तीनै तहका साझा अधिकार सूची दिइएको छ।[२]

राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध, केन्द्रीय बैंक, ठूला परियोजना एवं विविध तोकिएका राजस्वहरूका विषय केन्द्र सरकारले हेर्ने छ। यसैगरी राष्ट्रिय तहमा शिक्षा, स्वास्थ्य, कृषि, जल, वन, भू-उपयोग, यातायात, सूचना तथा सञ्चार, हवाई मार्ग, रेलमार्ग, पर्यटन, वातावरण व्यवस्थापन एवं गरिबी निवारणसम्बन्धी नीतिहरूको तर्जुमा पनि केन्द्रकै अधिकार क्षेत्रमा राखिएको छ।

प्रदेश तहका सरकारले संघीय कानूनभित्र रही प्रदेशको शान्तिसुरक्षा एवं प्रादेशिक योजना तर्जुमा, कार्यान्वयन, समन्वयलगायतका कार्य गर्ने, प्रदेश तहका राजमार्ग, ऊर्जा, खानेपानी, शिक्षा, स्वास्थ्य, भूमि व्यवस्थापन, कृषि, वन, उद्योग, वातावरण व्यवस्थापनलगायतका क्षेत्रका नीति तथा कार्यक्रम गर्नेलगायतका व्यवस्था गरेको छ।

२. संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचनाको प्रतिवेदनमा अनुसूचीका अधिकारहरूको विस्तृतीकरण गरिएको छ। https://www.opmcm.gov.np/federalism-admin/ मा उपलब्ध; असार २०, २०८० मा हेरिएको।

स्थानीय तहलाई सबै प्रकारका आर्थिक, सामाजिक, पूर्वाधार निर्माण, वातावरण व्यवस्थापनलगायतका अधिकारको व्यवस्था गरेको छ। संघ र प्रदेशका कानूनअन्तर्गत रहेर आफैं कानून बनाउन पाउने अधिकारका साथै अर्धन्यायिक अधिकारसमेत दिइएको छ । तोकिएका विषयहरूमा कर संकलन गर्न पाउने, आधारभूत शिक्षा, स्वास्थ्य, सरसफाइ, कृषि, खानेपानी, सिँचाइ, बस्ती विकास, स्थानीय वातावरण तथा प्रकोप व्यवस्थापनलगायतको जिम्मा दिइएको छ।

संघीयताको कार्य निक्षेपीकरण प्रतिवेदनका आधारमा प्रदेश र स्थानीय तहले प्रारम्भिक वर्षहरूमा धमाधम कानून बनाए तर कार्यान्वयन हुन सकेको छैन । कतिपय संघीय कानूनसँग बाझिएका छन् भने कतिपयमा अधिकारको दोहोरोपनाका कारण अलमल छ। उदाहरणका लागि बागमती प्रदेशले सूचनाको हकसम्बन्धी ऐन, २०७७ बनायो र केही अस्पष्टतामा सुधार गर्दै अर्को वर्ष संशोधन पनि गऱ्यो तर कार्यान्वयनमा आएको छैन।

४.२ **सरकारबीचको सम्बन्ध** : तीन तहका सरकारहरूको सम्बन्ध सहकारिता, सहअस्तित्त्व र समन्वयमा आधारित हुने व्यवस्था छ। संघ, प्रदेश र स्थानीय तहमा राजस्वको न्यायोचित वितरण एवं हस्तान्तरण गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग गठन गरिएको छ। केन्द्रबाट स्थानीय तहमा समानीकरण, सशर्त, परिपूरक र विशेषगरी चार थरी अनुदान दिने व्यवस्था छ। गरिबी र असमानता न्यूनीकरण गर्न केन्द्रबाट प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने व्यवस्था छ। संविधानको भाग २० मा तीनै तहको सम्बन्ध मजबुत बनाउन प्रधानमन्त्रीको अध्यक्षतामा अन्तर-प्रदेश परिषद्को व्यवस्था भए पनि यसको बैठक बस्न सकेको छैन। संघीय संरचनाहरूले गति लिन सकेका छैनन्। प्रदेश संरचनाको औचित्यमाथि नै प्रश्न उठाइएको छ। संघीयताका पक्षधरहरूले यसको तार्किक जवाफ दिने गरी काम गर्नुपर्ने देखिएको छ।

४.३ **वित्तीय संघीयता** : अधिकार क्षेत्रभित्र रहेर कानून निर्माण गरी लागू गर्न प्रदेश र स्थानीय तह स्वतन्त्र रहे पनि वित्तीय व्यवस्थापन र सबैथरी अनुदानका लागि संघकै नियन्त्रणमा छन्। वित्तीय हस्तान्तरणमा पनि संघकै प्रभुत्व छ।

हरेक वर्ष जेठ १५ गते संघीय सरकारले बजेट अनिवार्य पेश गर्नुपर्ने संवैधानिक प्रावधान छ भने प्रदेशमा असार १ र स्थानीय तहमा असार १० भित्र बजेट प्रस्तुत गर्नुपर्छ । बितेका ६ वर्षमा उल्लेख्य संख्याका स्थानीय सरकारहरूले समयमै बजेट प्रस्तुत गर्न सकेनन्। असार मसान्तभित्र बजेट पारित नहुँदा स्थानीय तह पनि सञ्चित कोषमा निर्भर हुन्छन् र कर उठाउन पाउँदैनन् । कतिपय तहमा राजनीतिक खिचातानी एवं नेतृत्व पक्ष अल्पमतमा रहँदा योजना र बजेट निर्माणका काम अलपत्र पर्ने गरेका छन्। बजेटको काम

समयमै गर्न नसक्दा स्थानीय सरकारहरू समानीकरणबाहेकका अन्य अनुदानको अंश प्राप्त गर्नबाट वञ्चित हुन सक्छन् किनभने यी अनुदान योजना, कार्यक्रम र कार्य प्रगतिमा निर्भर हुन्छन् ।

*४.३.१* ***अख्तियारले औंल्याएका अनियमितताका विषय*** *:* प्रदेश र स्थानीय तहमा अनियमितताका गतिविधि पनि बढ्न थालेका छन् । त्यसविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेका छन् र तिनको अनुसन्धानपछि त्यहाँ हुने गरेका अनियमितताका गतिविधि ६१ बुँदामा[३] औंल्याएर आयोगले ती निकायलाई सचेत गराउँदै सुझाव दिएको छ । सुझाव प्रतिवेदनमा अधिकार दुरुपयोग भएको, योजना कार्यान्वयन र व्यवस्थापन फितलो भएको, खरिद कार्य पारदर्शी नभएको, कर्मचारी व्यवस्थापनमा मापदण्डविना नै बढुवा र करार नियुक्ति गरिएका, सार्वजनिक सम्पत्ति दुरुपयोग भएका कुरा औंल्याइएको छ ।

- *अधिकार दुरुपयोगका सम्बन्धमा :* नगर वा गाउँ सभाबाट बजेट स्वीकृत नगराई खर्च गर्ने, रकमान्तर गर्ने, कानूनविपरीत हुने गरी जथाभावी आफूनिकटका व्यक्ति वा संस्थालाई आर्थिक सहायतावापत ठूलो रकम वितरण गर्ने गरेको, अधिकार क्षेत्रभन्दा बाहिर गएर पनि कर लगाएको, स्थानीय तहका पदाधिकारीले अधिकार क्षेत्रभन्दा बाहिर गएर काम गरेको, कर्मचारी संयन्त्रले गर्नुपर्ने काम पनि जनप्रतिनिधिले गर्ने गरेको ।
- *योजना कार्यान्वयन र व्यवस्थापन सम्बन्धमा :* फराकिलो परामर्शविना योजना तर्जुमा गरिएको, निहित स्वार्थको द्वन्द्व हुने गरी कार्यकर्तालाई नै लाभान्वित बनाउने खालका कार्यक्रम तर्जुमा भएको, एउटै कामलाई दोहोरो देखाइ बिल भर्पाइ गरिएको, उपभोक्ता समितिका नाममा दुरुपयोग हुने गरेको, तालिम तथा क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरूको संख्या ठूलो हुने तर प्रतिफल न्यून हुने गरेको, त्यस्ता कार्यक्रम कर्मचारी एवं सहभागीले भत्ता खाने माध्यम बनेको, एउटै मान्छे धेरै कार्यक्रममा सहभागी भएको देखिएको (उदाहरण : सिलाइबुनाइ, कम्प्युटर कार्यक्रम आदि) ।
- वातावरणीय अध्ययनविना सडकको ट्र्याक खोल्ने, प्रत्येक वर्ष बाढी, पहिरो र भूक्षय भई खोलिएका ट्र्याक अस्तव्यस्त हुने र अनि बर्सेनि सोही सडकमा बजेट निकासा भइरहेको ।

---

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका स्थानीय तहसँग सम्बन्धित सुझाव । https://ciaa.gov.np/singlePublications/107 मा उपलब्ध; असार १८, २०८० मा हेरिएको ।

- पुल, भवन जस्ता सार्वजनिक संरचना पूर्ण ड्रइङ डिजाइन नबनाई विनियोजित बजेटबाट आंशिक काम गर्ने र रकम कुम्ल्याउने काम भएको ।
- *सेवा तथा खरिद कार्य सम्बन्धमा :* खरिद कार्य कानूनसम्मत र पारदर्शी नभएको । खरिद कार्यमा मिलेमतो हुने गरेको ।
- *कर्मचारी व्यवस्थापन :* मापदण्डविपरीत कर्मचारी बढुवा र करार नियुक्ति गरिएको । नियुक्ति प्रक्रियालाई निरुत्साहित गरिएपछि स्वयंसेवकका रूपमा मानिस भर्ना गरी प्रोत्साहन रकमसमेत दिने गरिएकाले यस्ता कार्य अविलम्ब रोक्ने ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा दोहोरोपना देखिएको, मरेका व्यक्तिले भत्ता बुझेको, अर्काको नामको पनि किर्ते गरी भत्ता खाइदिएको ।
- औषधोपचारका नाममा निर्वाचित पदाधिकारी र कर्मचारीले रकम दुरुपयोग गर्ने गरेको ।
- सार्वजनिक जग्गा र स्थानीय सरकारले दिने सुविधा दुरुपयोग भएको । मुआब्जा वितरणमा सडक नभएको जग्गालाई पनि सडक छ भनेर रकम असुलिएको ।

यसैगरी महालेखा परीक्षकको कार्यालयले पनि स्थानीय तहहरूमा बेरुजु देखाएको पाइन्छ ।

४.४ **प्रदेश र स्थानीय तहलाई केन्द्रको अनुदान** : संविधानमा अनुसूचीकृत कार्य सम्पादनका लागि प्रदेश र स्थानीय तहको वित्तीय स्रोतका रूपमा आन्तरिक आय, अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त आय हुन् । प्रदेश र स्थानीय तहले कानूनबमोजिम तोकिएका कर तथा गैरकर राजस्व उठाउन सक्छन् । कर राजस्व भन्नाले तोकिएको प्रयोजनका लागि लगाइने अनिवार्य कर हो भने गैरकर राजस्व भन्नाले ती सरकारले प्रदान गर्ने नागरिक र प्रशासकीय सेवावापत (जस्तै- इजाजत दस्तुर, कसुरवापत असल्ने दस्तुर आदि) लिने शुल्क हो ।

स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा नेपाल सरकार र प्रदेश सरकारबाट पालिकाहरूले वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान तथा विशेष अनुदान प्राप्त गर्न सक्छन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या र जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकांक, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्थाका आधारमा राजस्व बाँडफाँट गर्दछ । यो आधारलाई प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्नुपर्ने छ ।

आ.व. २०७७/७८ लागि वित्त आयोगले गरेको सिफारिशको ढाँचा यस्तो छ :

| क्र.सं. | आधार (सूचक) | आन्तरिक ढाँचा (उपसूचकको भार % मा) | ढाँचा (भार % मा) |
|---|---|---|---|
| १. | जनसंख्या र जनसांख्यिक विवरण | | ६० |
| | क. कुल जनसंख्या | ७० | |
| | ख. आश्रित जनसंख्या | ३० | |
| २. | क्षेत्रफल (भूगोल) | | १५ |
| ३. | मानव विकास सूचकांक | | ५ |
| ४. | खर्चको आवश्यकता | | ५ |
| ५. | राजस्व संकलनमा गरेको प्रयास | | ३ |
| ६. | पूर्वाधार विकास | | १० |
| | क. सडकको घनत्व (सडकमा पहुँच), | ६० | |
| | ख. विद्युत् सुविधा (विद्युत्मा पहुँच), | १० | |
| | ग. सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच), | १० | |
| | घ.खानेपानीको सुविधा (खानेपानीमा पहुँच), | १० | |
| | ङ. सरसफाइ (शौचालयको उपलब्धता) | १० | |
| ७. | विशेष अवस्था | | २ |
| | क. अपांगता भएको जनसंख्या | २० | |
| | ख. आर्थिक सामाजिक असमानता। | ८० | |
| **जम्मा** | | | **१००** |

यसबाहेक योजना, कार्यक्रम र कार्य प्रगतिका आधारमा सशर्त, विशेष र समपूरक अनुदान दिइने व्यवस्था छ।

**४.५ केही अस्वाभाविक अभ्यास** : जनता र सरकारबीचको दूरी कम गर्ने संघीय प्रणाली भए पनि नेपालमा प्रारम्भिक वर्षमा केही अस्वाभाविक अभ्यास भएको देखिएका छन्। तिनलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- भोट नआएको ठाउँ वा क्षेत्रमा सत्तारुढले बजेट विनियोजन नगर्ने।
- संघका सांसदलाई क्षेत्र विकास कोषअन्तर्गत रकम छुट्याएजस्तो प्रदेश र स्थानीय तहमा पनि अभ्यास हुन थालेको।

- सबै संघीय तहमा बजेटको न्यायोचित वितरण नभएको। प्रभावशाली नेताका क्षेत्र वा उनीहरूका रुचि भएका ठाउँमा धेरै योजना र बजेट विनियोजन गरिएको।
- तीनै तहले सेवा प्रवाहका काम गरिरहँदा दोहोरो एवं बाभ्किने काम भएका। ७५३ स्थानीय सरकारका ६७४३ सेवा प्रवाह एकाइलाई सबै अवस्थामा परिचालन नगरिएको।
- एउटै भूगोलमा तीनै तहको उपस्थिति हुँदा समन्वयात्मक ढंगले काम हुन नसकेको।
- संघ र प्रदेशबाट स्थानीय तहमा जाने विशेष वा सशर्त अनुदान रकमको विनियोजन गर्दा सत्तारुढ पूर्वाग्रही बन्ने गरेका। भोट दिए/नदिएका आधारमा वितरण गर्ने गरेको।
- राजस्वको प्रक्षेपण र खर्च योजनामा धेरै निकायमा तालमेल नदेखिएको।
- नगर एवं गाउँसभाहरूमा प्रस्तुत हुने बजेटको गुणस्तर सुधार गर्नुपर्ने।
- अनुत्पादक क्षेत्रहरू भ्युटावर, स्वागत द्वार, पार्क, दलविशेषका पात्र वा शहीदका नाममा सालिक/स्मारक निर्माण गर्ने जस्ता काम हुँदै आएको।
- स्थानीय तहका जनप्रतिनिधिले सलामी लिने अभ्यास फराकिलो हुँदै गएको।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलका अनुसार "संघीयताको सफल कार्यान्वयनका लागि केन्द्रका नेताहरूको मनोवृत्ति परिवर्तन हुनुपर्छ। संघीय तहबीच समन्वय र सहयोगको संस्कार बसिसकेको छैन।"[४] अहिले त तीन तहबीच पदानुक्रम जस्तो गरी ठूलासानाका रूपमा व्यवहार भएको देखिन्छ।

४.६ **दिगो विकासका विषय** : सहस्राब्दी विकास लक्ष्यपछि दिगो विकास लक्ष्यका विभिन्न सूचकहरूमा राज्यले काम गरिरहेको छ। यी विकास लक्ष्यअनुरूप प्रदेश र स्थानीय तहमा नीतिगत प्रभाव र प्रगति के-कसो भइरहेको छ भन्ने हेक्का राख्नु वाञ्छनीय छ।

चरम गरिबी घटाउने, भोकमरी अन्त्य गर्ने एवं उन्नत पोषण प्राप्त गर्ने, राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर, गुणस्तरीय शिक्षा, लैंगिक समानता, स्वच्छ पानी र सरसफाइ, खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा, मर्यादित काम र आर्थिक वृद्धि, उद्योग प्रवर्धन र पूर्वाधार, असमानता घटाउने, शहर र समुदायको दिगोपना, जलवायुसम्बन्धी कार्य, शान्ति, न्याय र सुदृढ संस्थालगायतका १७ वटा दिगो विकासका लक्ष्य तोकिएका छन्। सन् २०३० सम्मका लागि केही परिमाणात्मक लक्ष्य तोकेरै राज्यले काम गरिरहेको छ।

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित 'दिगो विकास लक्ष्य : वर्तमान अवस्था र भावी मार्गचित्र' पुस्तकमा समावेश गरिएका केही दृष्टान्त हेरौं :

---

४. २०८० असार ११ गते *रेडियो नेपाल*को 'आजको सन्दर्भ' कार्यक्रममा व्यक्त विचार।

- महिला र किशोरीविरुद्धको भेदभाव र हिंसामा निरन्तर सुधार आए पनि यी क्षेत्रमा यस्तो अवस्था अझै पनि कायमै छ। १५ देखि ४९ वर्षका महिलामध्ये एकचौथाइभन्दा बढी (२६%) ले भौतिक वा यौनजन्य हिंसा अनुभव गरेका छन् । विभिन्न प्रकारका हिंसामध्ये घरेलु हिंसा मुख्य रूपमा रहेको छ भने त्यसपछि महिला बेचबिखन, भौतिक र यौन दुर्व्यवहार, सामाजिक दुर्व्यवहार र बोक्सी, छाउपडी, दाइजो, १८ वर्षभन्दा पहिल्यै विवाह गर्ने (जुन घातक पनि हुन्छ) जस्ता कुप्रथालगायतका हिंसा प्रमुख छन् ।
- बंगलादेश र भारतपछि नेपाल दक्षिण एसियामा बाल विवाह दर उच्च भएको तेस्रो देश हो । नेपालमा ३७ प्रतिशत महिलाले १८ वर्षअगाडि नै विवाह गर्छन् भने १५ वर्षअगाडि नै विवाह बन्धनमा बाँधिनेको हिस्सा १० प्रतिशत छ। यसका अतिरिक्त २६ प्रतिशत महिला भौतिक वा यौन हिंसाबाट सताइएको एक सर्वेक्षणबाट पाइएको छ।
- जन्मेदेखि ५९ महिनासम्मका बालबालिकामध्ये एकतिहाइ कुपोषणग्रस्त छन् । कम तौल र पुड्कोपना हुनेको संख्या अझै ठूलो छ।
- महिलाको औसत ज्याला पुरुषको तुलनामा अझै पनि ६२ प्रतिशत मात्र छ।
- आधारभूत खानेपानी सेवा अझै पुगेको छैन।
- नेपालको दुईतिहाइ जनसंख्याले शौचालय प्रयोग गरिरहेको छ भने शहरमा बसोवास गर्ने ३० प्रतिशत परिवार मात्र ढल प्रणालीमा जोडिएका छन् । तराई क्षेत्रमा रहेको सरसफाइसम्बन्धी अन्तर पूरै कम गर्ने कार्य अझ पनि चुनौतीपूर्ण नै छ।
- नेपालमा भौतिक पूर्वाधारको ठूलो अभाव छ । राजनीतिज्ञहरूले सडक निर्माणमा धेरै प्राथमिकता दिए पनि हालको सडक घनत्व ज्यादै कम छ। धेरैजसो सडकका तोकिएको मापदण्ड पनि पूरा भएको छैन।
- नेपालका घरमध्ये ३० प्रतिशतभन्दा कम घर मात्र सुरक्षित छन् । करिब ५ लाख मानिस गरिब बस्ती वा झुपडपट्टीमा बस्ने गरेका छन् ।
- समावेशीको दिशामा विश्वभर उल्लेखनीय कार्य गरेको अग्रगामी प्रजातान्त्रिक व्यवस्था भए पनि पारदर्शिता, जवाफदेहिता र कानूनको मर्यादित शासन जस्ता असल शासनका तत्त्वको अभ्यास गर्ने दिशामा नेपालले अझै लामो यात्रा तय गर्नुपर्ने छ।
- प्रेस स्वतन्त्रता तथा यसको उत्साहीपन र नागरिक सक्रियतावादको इतिहासले राज्यका अंगहरूको कमीकमजोरीलाई राम्ररी प्रति सन्तुलन गरेको छ र आउँदा वर्षहरूमा असल शासनका लागि व्यापक माग पनि सिर्जना गरेको छ।

४.६.१ ***दिगो विकास लक्ष्यहरूको स्थानीयकरण :*** नेपालमा स्थानीय तहहरूले वार्षिक बजेट निर्माण गर्दा पूर्वाधार विकासलाई विशेष प्राथमिकता दिने गरेका छन् । बजेटको

प्रमुख हिस्सा पूर्वाधार तथा पूँजीगत क्षेत्रमा विनियोजन हुने गर्छ (राष्ट्रिय योजना आयोग २०७७) । बजेट निर्माण गर्दा विषयगत शीर्षकहरू आर्थिक (स्थानीय आर्थिक विकास, पशु एवं कृषि विकास), सामाजिक (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, महिला बालबालिका तथा ज्येष्ठ नागरिक), पूर्वाधार (सडक, सिँचाइ, ऊर्जा, शहरी/ग्रामीण विकास) वन तथा वातावरण (संरक्षण विपद् व्यवस्थापन वन तथा वातावरण) मुख्य छन् । यसमा ध्यान दिएनदिएको पत्रकारले हेर्नुपर्छ ।

यस्ता दृष्टान्तले नेपालको विकास प्रयास झल्काउँछन् । समग्रमा मिडियाको भूमिका सकारात्मक देखिए पनि अविकास, सामाजिक पछौटेपन जस्ता समस्यामा मिडिया पहरेदार हुन सक्नुपर्छ । केन्द्रीकृत नेपालको मिडियामा राजनीतिक पत्रकारिता हाबी भएको, पक्षधरता मौलाउँदै गएको र कर्पोरेट प्रभाव बढ्दै गएको देखिन्छ । प्रदेश र स्थानीय क्षेत्रका मिडियाले यस्तो अभ्यास बदल्न सक्नुपर्छ ।

### ४.७ प्रदेश र स्थानीय तहका लागि प्रयोग हुने शब्दावली र अर्थ

| शब्द | संघीयता सन्दर्भमा अर्थ र विवरण |
|---|---|
| अधिकार | संवैधानिक तथा कानूनी निकायद्वारा कानून कार्यान्वयन गर्न र आफ्ना निर्णयलाई निर्दिष्ट तरिकाले पालना गराउन अभ्यास गरिने वैध अधिकार। उदाहरणका लागि नेपालका स्थानीय तहलाई स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, संकलन र व्यवस्थापनको अधिकार छ। |
| अधिकार निरूपण | सरकारको एक तहलाई क्षेत्राधिकारको कानूनी व्यवस्था भएका विषयमा सरकारको अर्को तहलाई कार्य गर्ने अधिकार हस्तान्तरण वा प्रत्यायोजन गर्न छुट दिने संवैधानिक प्रावधान । |
| गाउँपालिका | पुराना प्रशासनिक एकाइ गाउँ विकास समिति विस्तार गरेर बनाइएको नेपालको नयाँ स्थानीय प्रशासनिक एकाइ गाउँपालिका हो । हाल नेपालमा गाउँपालिकाको संख्या ४६० छ । |
| गाउँसभा | संविधानको धारा २२२ बमोजिम गाउँपालिकाको व्यवस्थापकीय कार्य गर्ने अंगलाई गाउँ सभा भनिन्छ । प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहन्छ । गाउँ सभामा निर्वाचित जनप्रतिनिधि सदस्य रहन्छन् । |
| गाउँ कार्यपालिका | गाउँपालिकाको सम्पूर्ण कार्य विभाजन र सम्पादन गर्ने कार्यकारिणी अंगलाई गाउँ कार्यपालिका भनिन्छ । कार्यपालिकामा जननिर्वाचित प्रतिनिधिका साथै गाउँसभाले निर्वाचित गरेका सदस्य हुन्छन् । |
| विधेयक | केन्द्रमा राष्ट्रिय सभा र प्रतिनिधि सभा, प्रदेशमा प्रदेश सभा र स्थानीय तहमा नगर सभा, गाउँ सभामा विधेयक प्रस्तुत गरिन्छ । कुनै पनि सभामा पेश भएको ऐनको मस्यौदा नै विधेयक हो । |

| | |
|---|---|
| नगरपालिका | गाउँपालिकाभन्दा अलि ठूलो क्षेत्र र जनसंख्या समेटेको स्थानीय तहलाई नगरपालिका भनिन्छ । नगरपालिका एक भौगोलिक तथा प्रशासनिक एकाइ हो । यो तीन प्रकारमा बाँडिएको छ- महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका । हाल नेपालमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका र २७६ नगरपालिका छन् । आयस्रोत, जनसंख्या, क्षेत्र, विकास, सुविधा आदिका आधारमा नगरपालिका विभाजन गरिन्छ । |
| नगर सभा | नगरपालिकाको व्यवस्थापकीय कार्य गर्ने अंग नगर सभा हो । संविधानको धारा २२३ मा यसबारे व्यवस्था गरिएको छ । नगर सभामा निर्वाचित जनप्रतिनिधि हुन्छन् । |
| नगर कार्यपालिका | नगरपालिकाको सम्पूर्ण कार्य विभाजन र सम्पादन गर्ने कार्यकारिणी अंगलाई नगर कार्यपालिका भनिन्छ । यसमा जननिर्वाचित प्रतिनिधिका साथै नगर सभाले निर्वाचित गरेका सदस्यहरू हुन्छन् । |
| वित्तीय संघीयता | संघीय प्रणालीअन्तर्गत कर उठाउने, खर्च गर्ने, नियमन गर्ने, ऋण लिने तथा विभिन्न तहका सरकारबीच अन्तरसरकारी हस्तान्तरणसम्बन्धी व्यवस्था र अभ्यास नै वित्तीय संघीयता हो । |
| समानीकरण अनुदान | समान बनाउने काम हो । संघीयताका सन्दर्भमा केन्द्रले प्रदेश र स्थानीय तहको आवश्यकता हेरी सहयोग हस्तान्तरण गरेको हुन्छ । संघीय एकाइहरूलाई न्यूनतम तथा समतामूलक रूपमा स्रोतसाधन उपलब्ध गराई राजस्वको पुनर्वितरण गर्ने काम समानीकरण हो । प्रादेशिक तथा स्थानीय सरकारहरूलाई खर्चको आवश्यकता र राजस्व संकलनको क्षमता र प्रयत्नका आधारमा समान आर्थिक अनुदान दिन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको शिफारिशमा केन्द्र सरकारले समानीकरण अनुदान प्रदान गर्छ । नेपालमा अनुदानसम्बन्धी व्यवस्था 'अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४' मा गरिएको छ । |
| विशेष अनुदान | प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाका लागि केन्द्र सरकारले दुवै तह र प्रदेशले स्थानीय तहलाई विशेष अनुदान दिन सक्छन् । त्यसका लागि निम्नानुसारका क्षेत्र तोकिएका छन्- (क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, (ख) अन्तरप्रदेश वा अन्तरस्थानीय तहको सन्तुलित विकास गर्ने, (ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकास गर्ने । |

| | |
|---|---|
| सशर्त अनुदान | निश्चित प्रयोजनका निम्ति र खर्च गर्ने सीमा तोकेर अंगीभूत एकाइहरूमा केन्द्रले प्रदेश र स्थानीय तह एवं प्रदेशले स्थानीय तहमा दिने रकम सशर्त अनुदान हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगले तोकेको आधारबमोजिम सशर्त अनुदान दिने व्यवस्था छ । |
| समपूरक अनुदान | कमी वा न्यूनतामा पछि थपिने अंश । नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान दिन सक्छ । योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति तथा योजनाको आवश्यकता र प्राथमिकताका आधारमा यो अनुदान प्रदान गरिन्छ । प्रदेशले स्थानीय तहलाई पनि समपूरक अनुदान दिन सक्छ । |
| संघीयता | संघीयता भन्नाले एक बृहत् प्रकारको राजनीतिक प्रणालीलाई जनाउँछ, जहाँ जसमा एकात्मक प्रणालीको जस्तो राजनीतिक तथा कानूनी अधिकारको एकल तथा केन्द्रीकृत स्रोतविपरीत दुई वा सोभन्दा बढी सरकारका तहहरू संविधानमार्फत स्थापित भएका हुन्छन् । नेपालमा तीन तहमा सरकार छन् । |
| सहकारिता | सामूहिक रूपले काम गर्ने प्रवृत्ति वा भावना सहकारिता हो । तीनै तहका सरकार मिलेर काम गर्ने भावनाको विकास गर्ने भन्ने हो । |
| सहअस्तित्त्व | एकआपसको विविधता स्वीकार गरी एकअर्काको पहिचानको सम्मान गर्दै सँगै बस्ने मान्यता । संघीय राज्यमा यसले विभिन्न समुदायको अलग-अलग पहिचानको मान्यतासहित स्वशासन र स्वायत्तता प्रदान गरिने संवैधानिक पद्धतिलाई बुझाउँछ । |
| समन्वय | तहगत रूपमा दुई वा अनेक कुराको पारस्परिक सम्बन्ध स्थापना गरी काम गर्ने । |
| दिगो विकास | भावी पिढीलाई असर नपर्ने गरी पृथ्वीका स्रोतसाधन नाश नगरी आर्थिक र सामाजिक विकास गर्नु हो । जनसंख्या, स्रोत र साधन, वातावरण र विकासबीच तालमेल मिलाउनु हो । |

## ५. जनसम्पर्क र सूचनाका स्रोत

जनसम्पर्कको प्रमुख उद्देश्य पारस्परिक रूपमा लाभदायक सम्बन्धहरू पहिचान गर्ने, निर्माण गर्ने र कायम राख्ने हुन्छ । पत्रकारितालाई जनसम्पर्कको विस्तारित स्वरूप पनि

मान्न सकिन्छ । तर, यसको अर्थ सम्बन्ध राख्ने संस्था, व्यक्ति वा पक्षसँग उसैका पक्षमा लागेर वकालत गर्ने भन्ने हैन । सार्वजनिक चासो र हितमा काम गर्ने पत्रकारिताको धर्म हो । त्यसैले 'प्रदेश र स्थानीय तहको रिपोर्टिङ' का लागि यस क्षेत्रका पात्र र समाचारीय विषयवस्तुका बारेमा ज्ञान हुन जरुरी छ । सार्वजनिक जिम्मेवारी सम्हाल्नेहरू (नेता, कर्मचारी, शिक्षक, सामाजिक अभियन्ता वा अगुवा) नै मुख्य पात्र हुन् भने समाचारीय मूल्य बोकेका घटना, पात्र, विषय, आयाम र तिनका गतिविधि समाचारका विषयवस्तु बन्न सक्छन् ।

प्रदेश र स्थानीय तहमा जनसम्पर्कका लागि राजनीतिक र प्रशासनिक संरचनाअनुसार सम्बन्धहरू विकास गर्दै लग्नुपर्छ । त्यहाँको व्यवस्थापिका (प्रदेश सभा, जिल्ला सभा, जिल्ला समन्वय समिति, नगर सभा, गाउँ सभा), कार्यपालिका (प्रदेश सरकार, नगर कार्यपालिका, गाउँ कार्यपालिका) का निर्वाचित जनप्रतिनिधि, प्रशासनिक संरचनाका कर्मचारी र तिनका सहयोगीसँग सम्बन्ध स्थापित गर्नुपर्छ ।

संघीय अभ्यास गरिए पनि केन्द्रसँग सोझो सम्बन्ध राख्ने जिल्ला संरचनाका सबै कार्यालय (प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत र अन्य), तिनका काम र ती कार्यालयका अधिकारी सूचनाका स्रोत हुन सक्छन् ।

न्याय निरूपण प्रणालीमा नेपालमा नवीन अभ्यासका रूपमा अर्धन्यायिक अधिकार दिइएको स्थानीय सरकारअन्तर्गतको न्यायिक समिति र तिनका काम सूचनाका राम्रो स्रोत बन्न सक्छन् ।

यसैगरी ती क्षेत्रमा क्रियाशील राजनीतिक दल र नेता, प्राज्ञिक क्षेत्रका व्यक्ति, नियमित रूपमा यस क्षेत्रमा क्रियाशील पत्रकारहरूसँग पनि सम्बन्ध स्थापित गर्नुपर्छ । यी क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्था, सामुदायिक समूह, निजी क्षेत्र, पेशागत संघ, अधिकारवादी र अभियन्तासँग पनि सम्पर्क स्थापित गर्नुपर्छ । यिनीहरू सूचना एवं विचारका स्रोत हुन सक्छन् ।

**५.१ औजारका रूपमा सूचनाको हक** : सूचना संकलन एवं सम्पर्क विस्तारका लागि सूचनाको हक उपयोगी औजार हो । कुनै पनि सार्वजनिक निकायसँग सम्बन्धित सूचना, दस्ताबेज वा अभिलेख प्राप्त गर्नुपरेमा सूचनाको हकसम्बन्धी ऐनअनुरूप सोही निकायको सूचना अधिकारीसमक्ष निवेदन दिन सकिन्छ । सूचना अधिकारीले माग गरिएको सूचना तत्कालै दिन सकिने अवस्था रहेमा तत्कालै, थप समय लाग्ने हो भने १५ दिनभित्र माग गरिएकै स्वरूपमा उपलब्ध गराउनुपर्छ । त्यस्तो सूचना दिन नसकिने हो भने कारणसहित

जानकारी दिनुपर्छ । सूचना अधिकारीले नदिएमा कार्यालय प्रमुखसमक्ष गुनासो गर्न पाइन्छ र कार्यालय प्रमुखले पनि सूचना नदिएमा राष्ट्रिय सूचना आयोग (वा प्रदेश सूचना आयोग) मा पुनरावेदन गर्न पाइन्छ ।

गहन एवं अनुसन्धानात्मक रिपोर्टिङका लागि आधिकारिक दस्ताबेज एवं अभिलेख प्राप्त सूचनाको हकको अभ्यास र प्रचलन निकै उपयोगी छ । विश्वविद्यालयले प्रकाशन गर्ने नतिजामा चित्त नबुझेमा सम्बन्धित विद्यार्थीले परीक्षण भएको आफ्नो उत्तरपुस्तिका हेर्न पाउनेसमेत व्यवस्था सूचनाको हकको अभ्यासबाट भइसकेको छ । टेन्डर प्रक्रिया, जागिरमा छनोटको आधार र प्रक्रिया वा अन्य सार्वजनिक चासोका विषयमा सम्बन्धित सार्वजनिक निकायमा सूचना माग्न सकिन्छ ।

**५.२ सम्पर्क स्थापना र सूचना स्रोतका सम्भावित संस्था** : कुनै पनि राजनीतिक एवं प्रशासनिक नेतृत्वका व्यक्तिहरूको सम्पर्क नम्बर र ठेगाना प्राप्त गर्न सजिलो भएको छ । जनप्रतिनिधिका विवरण धेरै पोर्टल र एप्समा पनि पाइन्छ । हरेक सरकारी कार्यालयका वेबसाइट बनाइएका छन्, जहाँ कार्यालय प्रमुखका विवरण र सम्पर्क नम्बर, कार्यालयले गर्ने र गरेका कामका विवरण वा अन्य उपयोगी दस्ताबेज पाउन सकिन्छ । सार्वजनिक निकायले सूचना अधिकारी वा प्रवक्ता नियुक्त गरेका हुन्छन् । तिनका सम्पर्क नम्बर पनि वेबसाइटमा प्रथम आवरणमै राखिएका हुन्छन् । सरकारी कार्यालय सामाजिक सञ्जालमा पनि सक्रिय छन् । उनीहरूलाई पछ्याउन र अन्तरक्रिया गर्न पनि सकिन्छ ।

***५.२.१ एप्स*** : 'Local Levels of Nepal' नामक मोबाइल एप्समा नेपालका सबै स्थानीय तह र वडास्तरसम्मका सूचना समावेश गरिएको छ । निर्वाचित प्रतिनिधिहरूका नाम र सम्पर्क नम्बर पनि समावेश गरिएको छ । सूचना प्रविधि विभागले विकास गरेको 'Local levels mobile app' एप्समा पनि स्थानीय तहका सूचना छन् । स्थानीय तहका सूचना समावेश गरिएको Sanghiya Nepal- Local Level अर्को उपयोगी एप्स हुन सक्छ ।

***५.२.२ नेपाल नगरपालिका संघ*** : संघको वेबसाइटमा[५] २०७४ र २०७९ सालमा निर्वाचित सबै नगरपालिकाका वडाध्यक्षसहितका पदाधिकारीका विवरण छन् । यहाँ नगरपालिकास्तरको चासो र विषयबारेमा स्रोतव्यक्ति र सामग्री प्राप्त गर्न सकिन्छ । २०७९ को चुनावमा पुनः विजयी भएका नगर प्रमुख र उपप्रमुखहरूको विवरणका साथै प्रादेशिक नगर अध्ययन केन्द्र र तिनका सम्पर्क व्यक्तिका विवरण पनि दिइएको छ । प्रदेशस्तरका नगरबीचका सूचना आदानप्रदान र अन्य विवरण यहाँ पाउन सकिन्छ । यही

५. https://muannepal.org.np/

संघले स्थापना गरेको शहरी संसाधन केन्द्रबाट धेरै सूचना प्राप्त गर्न सकिन्छ । शहरी विकास योजना, शहरी वित्त योजना, शहरी पूर्वाधार विकास योजनाका बारेमा उपयोगी सूचना लिन सकिन्छ ।

*५.२.३* ***गाउँपालिका राष्ट्रिय महासंघ नेपाल*** *:* स्थानीय तहका बारेमा जानकारी दिने यो अर्को उपयोगी संस्था हो । यसको वेबसाइटमा[६] मुलुकभरका गाउँपालिकाका नेतृत्वको विवरण पाइन्छ भने स्थानीय तहका लागि आवश्यक पर्ने कानूनहरूका नमुना खाका र अन्य उपयोगी जानकारी राखिएका छन् ।

*५.२.४* ***अन्य सूचना स्रोत*** *:* सूचना स्रोतका लागि प्रदेश सभा सचिवालयद्वारा प्रकाशित पुस्तक, सभाका स्मारिका, संसदीय समितिका वार्षिक प्रतिवेदन, संसदीय समितिका छानबिन प्रतिवेदन र निर्वाचन आयोगलगायतका अन्य संवैधानिक निकायका प्रतिवेदन पनि सूचनाका स्रोत हुन सक्छन् । संसदीय मामिला पत्रकार समाजका प्रकाशनहरू पनि उपयोगी हुन सक्छन् ।

सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनसँगै हरेक सार्वजनिक निकायले तीनतीन महिनामा स्वतः प्रकाशनका विवरण सार्वजनिक गर्छन् । ती विवरण पनि सूचना स्रोत बन्न सक्छन् । अर्कातर्फ कतिपय संस्थाले वार्षिक प्रतिवेदन सार्वजनिक गर्छन् । ती प्रतिवेदनमा कामका प्रगति र समीक्षा विवरण समेटिएका हुन सक्छन् । त्यस क्षेत्रबाट नियमित रूपमा प्रकाशित/प्रसारित हुने माध्यमका समाचार, विचार र तिनमा समावेश गरिएका पात्रहरूको नियमित अवलोकन र अध्ययन गर्नुपर्छ । समाचारको कोणलाई पनि ख्याल गर्नुपर्छ । त्यसभन्दा आफूले नवीन कोण विकास गर्न सकिन्छ भनी ध्यान दिनुपर्छ ।

यसैगरी पत्रकारहरूले जनप्रतिनिधि वा सामाजिक अगुवाहरूका सामाजिक सञ्जाल पनि हेरिरहनुपर्छ । सन्दर्भ विशेषमा उनीहरूका टिप्पणी एवं प्रतिक्रिया उपयोगी हुन सक्छन् । सामाजिक सञ्जालमा घृणाको अभिव्यक्ति (hate speech), भ्रामक सूचना एवं प्रदूषित सूचनाको मात्रा ज्यादा देखिन्छ । अर्कातर्फ मिथ्या ह्यान्डलसँग झुक्किन बेर लाग्दैन । यी सबै अवस्थामा सतर्क रहनुपर्छ ।

*५.२.५* ***गैरसरकारी संस्था*** *:* सन् १९९० को राजनीतिक परिवर्तनपछि गैरसरकारी संस्थाहरूले मूलतः सामाजिक र आर्थिक मुद्दामा काम गर्दै आएका छन् ।

---

६. https://narmin.org.np/

- गैरसरकारी संस्था महासंघ नेपाल[७]- समग्र गैरसरकारी संस्थाहरूको छाता संगठन।
- सामुदायिक वन उपभोक्ता महासंघ नेपाल[८]- नीति निर्माण, वन संरक्षण, महिला सशक्तीकरण, लघु उद्यममा काम गर्ने।
- आदिवासी जनजाति राष्ट्रिय महासंघ[९]- विभिन्न जातीय संगठनको छाता संगठन। महासंघले जलवायु परिवर्तन साझेदारी कार्यक्रम पनि सञ्चालन गरेको छ।[१०]
- खानेपानी तथा सरसफाइ महासंघ नेपाल[११]
- राष्ट्रिय अपांग महासंघ[१२](प्रदेश कार्यालयसमेत रहेको)।
- अनौपचारिक क्षेत्र सेवा केन्द्र[१३] (इन्सेक) (मानवअधिकारका क्षेत्रमा काम गर्ने)
- नेपाल परिवार नियोजन संघ[१४] (अधिकांश जिल्लामा शाखा भएको)
- नेपाल रेडक्रस सोसाइटी[१५] (सबै जिल्लामा शाखा)

**५.२.६ *ओपन डेटा नेपाल :*** ओपन डेटा नेपालको वेबसाइटमा[१६] Comma Separate Values (CSV) / Excel (xlsx) फर्म्याटका फाइल राखिएका छन्। यी तथ्यांकका फाइल डेटा भिजुअलाइजेसन र अन्य ग्राफिकल प्रस्तुतिमा उपयोगी हुन सक्छन्। यो वेबसाइटमा जनगणना, कृषि, शिक्षा, वित्त, स्वास्थ्य, व्यवस्थापिका, यात्रा र पर्यटन, भौगोलिक डेटा, ऊर्जा र जलस्रोत, सरकार र प्रशासनसँग सम्बन्धित विभिन्न डेटा सेट राखिएका छन्। संस्थागत रूपमा पनि डेटा सेटलाई छुट्याएर राखिएको छ।

**५.२.७ *अन्तर्राष्ट्रिय निकाय :*** विभिन्न दातृ निकाय नेपालका विभिन्न विषय र क्षेत्रमा काम गरिरहेका छन्। तिनीहरूमध्ये केही संस्था यस प्रकार छन्– राष्ट्रसंघीय निकायहरू, युरोपेली युनियन, अमेरिकी सहयोग नियोग (यूएस एड), बेलायती सहयोग नियोग (यूके एड), अस्ट्रेलियन सहयोग नियोग (अस एड), फ्रान्सेली सहयोग नियोग (एएफडी), जर्मन सहयोग नियोग (एफइजेड), स्विस सहयोग नियोग (स्वीस एड) ले विभिन्न क्षेत्रमा सहयोग गरिरहेका छन्। यसबाहेक अक्सफाम जीबी नेपाल, प्लान नेपाल, हेल्भेटास

---

७. https://www.ngofederation.org/
८. https://fecofun.org.np/
९. https://nefin.org.np/ne/
१०. https://nefinclimatechange.org/
११. https://www.fedwasun.org
१२. https://nfdn.org.np/ne/
१३. https://inseconline.org
१४. https://www.fpan.org
१५. https://nrcs.org
१६. https://opendatanepal.com/

नेपाल, एसएनभी, वाटर एड नेपाल, एक्सन एड, ओपन सोसाइटी फाउन्डेसन, विश्व वन्यजन्तु कोष, इन्टरनेसनल आइडिया, द एसिया फाउन्डेसन आदि ।

*५.२.८ **प्रोफाइल** :* जिल्लागत एवं स्थानीय तहका प्रोफाइल तयार छन् । तिनका स्रोत र सम्भावनाका क्षेत्र पहिचान गरिएका छन् । रिपोर्टिङ गर्ने क्षेत्र र ठाउँका बारेमा सम्बन्धित जिल्ला वा स्थानीय सरकारको प्रोफाइल हेरेर पनि धेरै जानकारी लिन सकिन्छ । जिल्ला समन्वय समितिका वेबसाइटमा जिल्लाका योजना र अन्य विवरण पाइन्छ ।

## ६. चुनौती र अवसर

स्थानीय पत्रकारिता र विषयवस्तुलाई महत्त्व नदिइएको सन्दर्भमा प्रदेश र स्थानीय तहलाई नै बीटका रूपमा अंगीकार गर्न चुनौती र अवसर दुवै छ ।

राजनीतिक धार क्रमशः बदलिँदै छ । क्षेत्रियता हाबी हुँदै गइरहेको छ । यस अर्थमा मोफसल पनि सबल हुँदै आउने सम्भावना छ । प्रदेश र स्थानीय तहकेन्द्रित मिडियाको संख्यात्मक उपस्थिति क्रमशः बढ्ने छ । तर, संस्थागत विकासका लागि सबल आर्थिक पक्ष र दक्ष जनशक्तिको अभाव भइरहने छ । मिडियाको चासो र चिन्तामा परिवर्तन आउन आवश्यक छ । नेताका भाषण र तथ्यहीन दाबीका समाचार न्यूनीकरण गर्दै भुइँमान्छेका कथालाई कसरी मूल प्रवाहमा ल्याउन सकिन्छ भन्ने चिन्तन गर्नुपर्छ ।

रौतहटका चमार समुदायका रामजी राम कसरी चिकित्सक बने भन्ने संघर्षको कथाले कसलाई आकर्षण गर्दैन र ? रिपोर्टिङको अवसर हेर्ने हो भने माथि उल्लेख गरिएका राजनीतिसँग जोडिएका संघीयताका विषयवस्तु, सामाजिक पक्षसँग जोडिएका समता, सशक्तीकरण, विभेद र वञ्चितीकरणका विषय एवं दिगो विकासका अन्य मुद्दा मिडियाको प्राथमिकतामा परेका छैनन् । यी विषयलाई राष्ट्रिय चासोको विषय बनाउन सकिन्छ । केवल खाँचो छ- नवीनता र सिर्जनशीलताको । न्यूज मिडियाका लागि विकास पत्रकारिताको जागरण ल्याउनुपर्छ भने डिजिटल दुनियाँमा नन न्यूज मिडिया (वृत्तचित्र, कथावाचन शैलीका कार्यक्रम वा रिल मात्र पनि) का सामग्री उत्पादन गर्न सकिने अवसर छ ।

## ७. आचरण

नेपालको पत्रकारिताको इतिहास हेर्ने हो भने पहिलो अखबार *गोरखापत्र*को प्रकाशनअघि (वि.सं. १९५८ वैशाख बदी ११ रोज २) तत्कालीन प्रधानमन्त्री देवशमशेरले सनद जारी गर्दै के छाप्ने र के नछाप्ने भनेर विषयवस्तु तोकेका थिए । सनदमा 'तारिफका कुरा नछाप्नू' लेखिएको छ । पत्रकारिताका प्राध्यापक पी. खरेल[१७] भन्नुहुन्छ, 'त्यसपछि *गोरखापत्र*ले नै

१७. असार २, २०८० मा 'Global Perspectives on Journalism in Nepal' पुस्तकको काठमाडौंमा आयोजित विमोचन समारोहमा व्यक्त मन्तव्यबाट ।

के गर्दै आएको छ ?' सनद एकातिर र व्यवहार अर्कातिर हुने गरी प्रारम्भदेखि सरकारकै तारिफ वा बखान गर्दै आएको आशय उहाँको थियो ।

राजनीति र शक्ति केन्द्रसँग सम्बन्धित समाचारप्रति अति लगावले पेशाको विश्वसनीयतामा आँच आउन सक्छ। पत्रकारिता उच्च नैतिक आचरण कायम गर्नुपर्ने पेशा हो। कुनै पनि दबाब र प्रभावविरुद्ध उत्रिएर अभिव्यक्ति स्वतन्त्रता र सम्पादकीय स्वतन्त्रतामा सम्झौता नगर्ने पेशा हो, तर यो पेशा राजनीतिक दबाब, आर्थिक प्रभाव वा अन्य प्रलोभनबाट मुक्त हुन सकेको छैन।

**७.१ केही दृष्टान्त**

- २०७८ चैत १६ मा चन्द्रागिरि केबलकारमा पाँच बालबालिकासहित ३७ यात्रु झन्डै डेढ घन्टा अड्किएको समाचार गोरखापत्र दैनिकले मात्र छाप्यो । सोही केबलकारमा २३ असार २०७९ मा राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित चार सयभन्दा बढी यात्रु डिब्बामै अड्किएको समाचार पनि *गोरखापत्र*ले मात्रै छाप्यो (भण्डारी २०७९) ।
- उदयपुरको त्रियुगा नगरपालिकाले गाईघाटलाई केन्द्र बनाएर पत्रकारिता गरिरहेका ३० जना पत्रकारलाई ल्यापटप बाँड्यो (*अनलाइनखबर* २०७६) ।
- सप्तरीको कञ्चनरूप नगरपालिकाले चारजना पत्रकारलाई किनिदिएका ल्यापटप फिर्ता गर्न महालेखा परीक्षकको कार्यालयले आदेश दियो (देव २०७८) ।
- मोफसलको नम्बर १ दैनिक पत्रिका दाबी गर्ने बुटवलको दै*निकपत्र*को अनलाइन संस्करणमा २०८० असार १२ गते 'डा. बालकृष्ण चापागाईंका सुपुत्र ई. सन्देश चापागाईंको विवाह समीक्षा' (आजाद २०८०) शीर्षकमा लामो सामग्री प्रकाशित छ। विवाह गतिविधिका १० वटा तस्वीरसहित प्रकाशित समीक्षामा लेखिएको छ, 'पत्रकारिता क्षेत्रमा यति ठूलो विवाह पहिलो हो जस्तो लाग्छ।' समाचार शीर्षकमा उल्लेख गरिएका व्यक्ति सोही मिडियाका प्रधान सम्पादक र छोरा निर्देशक हुन् ।
- अन्य मिडियामा पनि पत्रकारहरू छोराछोरीका पिता बनेका समाचार छापिने गरेका छन्[१८] (लामा सन् २०१९) ।

यस्ता दृष्टान्तबाट के बुझिन्छ भने चन्द्रागिरि हिल्सबाट नियमित विज्ञापन पाइरहेका मूलधारे भनिएका मिडियाले केबलकार बीचैमा अड्किएर यात्रु छट्पटिएको प्रसंग लुकाउन चाहे । पत्रकारलाई ल्यापटप बाँडेर निर्वाचित प्रतिनिधिले जनताको करको दुरुपयोग गर्दै पत्रकार र मिडियालाई आफ्नो अनुकूल बनाउने प्रयास गरे । आफ्नो सञ्चारमाध्यममा आफ्नै

---

१८. *हेल्लो पुनर्वास* र *पश्चिम समाचार* नामका अनलाइन पोर्टलले पत्रकार पिता बनेका समाचार प्रकाशन गरेका थिए। आलोचना भएपछि *पश्चिम समाचार* अनलाइनमा प्रकाशित छोरी जन्मेको समाचारको पोष्ट डिलिट गरिएको छ भने हेल्लो *पुनर्वास* अनलाइनको छोराको बाबु बनेको समाचार अझै भेटिन्छ।

छोराको विवाह समीक्षा, सम्पादक बाबु बनेको समाचार छपाउनेहरूको त के कुरा गर्नु ? यस्ता प्रसंग पेशा र माध्यमकै खिल्ली उडाउने दृष्टान्त हुन् । अनुगमन गर्दा यस्ता अनेक उदेकलाग्दा उदाहरण भेटिन्छन् ।

पत्रकारलाई प्रलोभनमा पार्न अनेक अवसर आउन सक्छन् । नगद वा जिन्सी उपहार, निःशुल्क भ्रमण तथा भोजभतेरका अवसर वा सोभ्कै विज्ञापन दिएर प्रभाव पार्ने प्रयास हुन सक्छन् । अहिले त पत्रकारहरू यिनै अफर खोज्दै समाचारमार्फत बार्गेनिङ गर्न थालेका प्रेस काउन्सिलमा परेका उजुरीबाट पनि देखिन्छ । पछिल्लो समय स्वार्थको आदानप्रदान हुने अभ्यास पनि देखिएको छ । यी सबै प्रकरणबाट शिक्षा लिँदै पत्रकार र सञ्चार गृहले पत्रकार आचारसंहिता पालना गर्दै उच्च नैतिक आचरण कायम गर्नु अपरिहार्य छ ।

## ८. अध्ययन सामग्री

### प्रदेश र स्थानीय तहसम्बन्धी केही कानून र प्रतिवेदन

- नेपालको संविधान, नेपाल सरकार र प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, बजेट निर्माण दिग्दर्शन, २०७३ ।
- राष्ट्रिय सभाले २०७९ जेठ २० गते खिमलाल देवकोटाको संयोजकत्वमा गठन गरेको 'संघीयता कार्यान्वयन अध्ययन तथा अनुगम संसदीय विशेष समिति' को प्रतिवेदन पनि सक्रिय संघीयताका लागि उपयोगी छ ।[१९]
- संघीयता कार्यान्वयन तथा प्रशासनिक पुनर्संरचना प्रतिवेदन उपयोगी सामग्री हो । यसमा संघीयताको तहगत अधिकारसूची (संविधानका अनुसूचीहरू ५, ६, ७, ८ र ९) को विस्तृतीकरण छ ।[२०]
- द एसिया फाउन्डेसनद्वारा प्रकाशित 'संघीय नेपालमा तहगत सरकारबीच अधिकार र कार्य जिम्मेवारीको बाँडफाँट' अध्ययन प्रतिवेदनमा तहगत अधिकारहरूको विस्तृतीकरणका साथै साभ्का अधिकारबाट के-के अलमल हुन सक्छ भन्ने पनि उल्लेख छ ।[२१]

---

१९. https://na.parliament.gov.np/uploads/attachments/mnzgjgx58wvu5pka.pdf मा उपलब्ध; असार १८, २०८० मा हेरिएको ।

२०. https://www.opmcm.gov.np/federalism-admin/ मा उपलब्ध; असार १९, २०८० मा हेरिएको ।

२१. https://asiafoundation.org/wp-content/uploads/2019/12/Nepal_Functional-Assignment-Assessment_SubNatlGov.pdf मा उपलब्ध; असार १६, २०८० मा हेरिएको ।

## लेखन र पत्रकारिताका विषयवस्तुसँग सम्बन्धित सामग्री

- मिडियाको लेखन सुधारका लागि शरच्चन्द्र वस्तीको 'हाम्रो भाषा' उपयोगी छ। यसैगरी 'नेपाली कसरी लेख्ने' भन्ने अर्को पुस्तक पनि छ।
- सञ्चार रजिस्ट्रारको कार्यालय बागमती प्रदेशले प्रकाशन गरेको डिजिटल पत्रकारिताका अनेक आयाममाथि संश्लेषण गरिएको 'अनलाइन पत्रकारिता हाते किताब' (सम्पादक : विनोद ढुंगेल) उपयोगी छ।
- सरकारी प्रकाशन एवं प्रसारण संस्थाहरूका शैली पुस्तिका (*रेडियो नेपाल, गोरखापत्र* र *राष्ट्रिय समाचार समिति*ले हालै शैली पुस्तिकाको नयाँ संस्करण तयार पारेका छन्) उपयोगी छन्।
- पत्रकारिताको व्यावहारिक आयाम र पत्रकारिताले समेट्नुपर्ने तेस्रो विश्वका मुद्दाका बारेमा चर्चा गरिएको कुन्द दीक्षितको 'डेटलाइन पृथ्वी' पुस्तक उपयोगी छ। २५ वर्षअघि दीक्षितले लेखेको अंग्रेजी पुस्तक 'डेटलाइन अर्थ्' को परिमार्जनसहित नेपाली संस्करण प्रकाशन गरिएको हो।

## सन्दर्भ–सामग्री

अनलाइनखबर । २०७६ । त्रियुगा नगरपालिकाले बाँड्यो ३० पत्रकारलाई ल्यापटप। *अनलाइनखबर,* २६ जेठ। https://www.onlinekhabar.com/2019/06/772212मा उपलब्ध; असार २२, २०८० मा हेरिएको।

आजाद, ऋषि। २०८०। डा. बालकृष्ण चापागाईंका सुपुत्र ई. सन्देश चापागाईंको विवाह समीक्षा । *दैनिकपत्र,* १२ असार । आर्काइभ लिङ्क https://web.archive.org/web/20230628111621/https%3A%2F%2Fwww.dainikpatra.com%2F2023%2F06%2F36952%2F मा उपलब्ध; असार २२, २०८० मा हेरिएको।

ढुङ्गेल, विनोद। २०७७। *वागमतीमा मिडिया*। हेटौंडा : सञ्चार रजिष्ट्रारको कार्यालय, वागमती प्रदेश।

दीक्षित, कुन्द। २०८०। *डेटलाइन पृथ्वी : प्रकृतिप्रति जिम्मेवार पत्रकारिता*। काठमाडौं : जगदम्बा प्रकाशन।

देव, सुधा। २०७८। नगरपालिकाले चार पत्रकारलाई वितरण गरेको ल्यापटप फिर्ता गर्न महालेखाको निर्देशन । *निशान्यूज,* ३० भदौ । https://www.nishannews.com/news/2021/09/35733.html मा उपलब्ध; २३ असार २०८० मा हेरिएको।

भण्डारी, मित्र । २०७९ । चन्द्रागिरि केबलकारमा फसेका यात्रुको उद्धार । *गोरखापत्र,* २३ असार । https://gorkhapatraonline.com/news/18070 मा उपलब्ध; असार २१, २०८० मा हेरिएको ।

राष्ट्रिय योजना आयोग । २०७७ । *दिगो विकास लक्ष्य : स्थानीयकरण स्रोत पुस्तिका* । काठमाडौं : राष्ट्रिय योजना आयोग ।

लामा, रञ्जित । सन् २०१९ । पत्रकार सुनिल आउजीलाई पुत्र लाभ । *हेल्लो पुनर्वास* । २५ फेब्रअरी । आर्काइभ लिङ्क https://web.archive.org/web/20230627133721/https://www.hellopunarwas.com/2019/02/25/putra-laav/ मा उपलब्ध; असार २२, २०८० मा हेरिएको ।

Nielsen, Rasmus Kleis, ed. 2015. Introduction : The Uncertain Future of Local Journalism. *Local Journalism : The Decline of Newspapers and the Rise of Digital Media.* Rasmus Kleis Nielsen, ed, pp. 1-30. London : I.B. Tauris & Co. Ltd.

### सन्दर्भ–सूची

अर्थ मन्त्रालय । २०८० । *आर्थिक सर्भेक्षण २०७९/२०८०* । काठमाडौं : नेपाल सरकार । https://www.mof.gov.np/site/publication-detail/3248 मा उपलब्ध; असार १८, २०८० मा हेरिएको ।

प्रेस काउन्सिल नेपाल । २०७६ । पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६) काठमाडौं : प्रेस काउन्सिल नेपाल । https://www.presscouncilnepal.gov.np/np/2019/09/24/2476/ मा उपलब्ध; असार १४, २०८० मा हेरिएको ।

प्रेस काउन्सिल नेपाल । २०७९ । *४७औं वार्षिक प्रतिवेदन* । काठमाडौं : प्रेस काउन्सिल नेपाल । https://www.presscouncilnepal.gov.np/np/2022/09/29/6778/ मा उपलब्ध; असार १४, २०८० मा हेरिएको ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय । २०८० । *गणतन्त्रका १५ वर्ष* । https://mocit.gov.np/detail/post/6160 मा उपलब्ध; असार २१, २०८० मा हेरिएको ।

# देशको स्तर देखाउने खबर

**कुबेर चालिसे**

भनिन्छ- कुनै पनि मुलुकको पत्रपत्रिकाको मुखपृष्ठ हेरेर त्यस मुलुकको आर्थिक सामाजिक विकासको स्तर बुझिन्छ । जुन मुलुकका पत्रिकाका मुखपृष्ठमा आर्थिक समाचारले प्राथमिकता पाउँछन्, ती मुलुक विकासको श्रेणीमा अब्बल बन्दै गएको पाइन्छ । त्यसविपरीत जहाँका पत्रिकाका मुखपृष्ठमा राजनीतिक समाचारले बढी प्राथमिकता पाउँछन्, ती गरिब मुलुककै श्रेणीमा रहेको पाइन्छ । यसरी हेर्दा नेपालको पत्रकारिताले पनि नेपालको आर्थिक-सामाजिक हैसियत देखाउँछ । केही वर्ष अगाडिसम्म पनि आर्थिक पत्रकारिता गर्नु भनेको उद्योगी, व्यापारीका सूचना छाप्नु मात्र हो भन्ने भ्रम रहेकोमा विस्तारै नेपाली समाजले पनि आर्थिक पत्रकारिता बुझ्न थालेको छ ।

## आर्थिक पत्रकारिताको पृष्ठभूमि

विश्वमा पत्रकारिताको लामो इतिहास भए पनि आर्थिक मामिलासम्बद्ध पत्रकारिताको विकास भने धेरै पछि भएको पाइन्छ । मानिसलाई दैनिक क्रियाकलापका सूचना दिन प्रकाशन गर्न थालिएका सूचनापाटी (बुलेटिन) बाट शुरू भएको पत्रकारिताको विकासक्रममा समाजमा आर्थिक क्रियाकलाप बढ्न थालेसँगै क्रमशः आर्थिक गतिविधिका सूचना पनि सम्प्रेषण हुन थालेको पाइन्छ । तर, सूचना आफैंमा समाचार होइन भन्ने अनुभव धेरै पछि मात्र भएको हो ।

वस्तु तथा सेवा उत्पादन तथा वितरण एवं त्यसले समाजमा पार्ने मूल्यको प्रभाव, स्रोतको उपलब्धता एवं दोहन तथा त्यसले सिर्जना गर्ने अवसर जस्तै रोजगारी एवं राज्यका आयजस्ता कार्य आर्थिक गतिविधिभित्र पर्छन् । आर्थिक गतिविधि बढ्दै जाँदा स्वाभाविक रूपमा वस्तु तथा सेवाका उत्पादक एवं राज्यलाई मात्र नभएर उपभोक्तालाई पनि चासो बढ्न थाल्यो । फलतः आर्थिक गतिविधिका सूचना तथा समाचारहरूको आदानप्रदान बढ्न थाल्यो ।

यसरी हेर्दा सत्रौं शताब्दीदेखि नै विश्वमा आर्थिक पत्रकारिता शुरू हुन थालिसकेको विभिन्न पुस्तकमा उल्लेख छ। आर्थिक पत्रकारिता विस्तारित भएको चाहिँ शेयर बजारमा चहलपहल बढेपछि मात्र हो । सन् १८८८ मा *फाइनान्सियल टाइम्स* र सन् १८८९ मा *वाल स्ट्रीट जर्नल* नामक विश्वका प्रख्यात पत्रिका खुले; जसले आर्थिक पत्रकारितालाई नै मूलधार बनाए। यी दुई विश्वमा सबैभन्दा विश्वसनीय पत्रिकाको श्रेणीमा पर्छन् । यिनलाई पछ्याउँदै अन्य मुलुकमा पनि आर्थिक गतिविधिलाई केन्द्रविन्दुमा राखेर पत्रपत्रिका प्रकाशन हुन थाले ।

नेपालमा वास्तविक रूपमा २०४६ सालको परिवर्तनपछि सञ्चारमाध्यमको संख्या वृद्धि भएको र त्यससँगै आर्थिक पत्रकारिताको पनि विकास भएको हो । हुनत गोरखापत्रको प्रकाशनदेखि नै सुनचाँदीको भाउ, खाद्यान्नको भाउजस्ता केही आर्थिक सूचनाका साथै छिटपुट समाचार पनि आउँथे। तर, २०४६ पछिको आर्थिक खुलापनसमेतले अर्थतन्त्रबारे जानकारी दिन आर्थिक पत्रकारितालाई प्रोत्साहित गरेको हो। आर्थिक उदारीकरण २०४२ सालबाटै शुरू भए पनि २०४६ सालपछि आर्थिक उदारीकरणले पाएको व्यापकताका कारण धेरै दैनिक पत्रपत्रिका पनि खुले र आर्थिक पत्रकारिताले पनि हुर्कन पायो । दैनिक पत्रिकाले आर्थिक समाचारका लागी छुट्टै पृष्ठ निकाल्न थालेका कारण ५० को दशकबाट नेपालमा आर्थिक पत्रकारिताले प्राथमिकता पाउन थालेका हुन् ।

## आर्थिक पत्रकारिताको अवस्था

हाल नेपालमा तीन राष्ट्रिय आर्थिक दैनिक पत्रिका सञ्चालनमा छन् भने दैनिक, साप्ताहिक, अर्धसाप्ताहिक, मासिक पत्रिकाले पनि एकभन्दा बढी आर्थिक पृष्ठ प्रकाशन गर्ने गरेका छन् । परम्परागतबाहेक आर्थिक समाचारलाई नै केन्द्रविन्दुमा राखेर दुई दर्जनभन्दा बढी अनलाइन सञ्चारमाध्यम सञ्चालित छन् । आर्थिक विषयलक्षित तथा आर्थिक गतिविधिभित्र पनि छुट्टाछुट्टै विधागत पत्रकारिता शुरू भएको छ।

सञ्चारमाध्यमको संख्यात्मक वृद्धि तथा गुणात्मक विकाससँगै आर्थिक पत्रकारको संख्या पनि बढ्दै गएको छ। अर्थतन्त्रमा जटिलता थपिँदै जाँदा आर्थिक पत्रकारले सिक्नुपर्ने नयाँ विषय पनि बढेका छन् ।

## आर्थिक पत्रकारिताका विषय

वित्त नीति (बजेट) तथा मौद्रिक नीति अर्थतन्त्रका दुई मुख्य समष्टिगत आर्थिक नीति हुन्। यिनै नीतिका आधारमा अर्थतन्त्र सञ्चालित हुन्छन्। अर्थ मन्त्रालयले बजेट बनाउँछ भने मुलुकको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले मौद्रिक नीति बनाउँछ र कार्यान्वयन गर्छ।

त्यसबाहेक आर्थिक पत्रकारले राष्ट्रिय तथ्यांक कार्यालय (साबिकको केन्द्रीय तथ्यांक विभाग)ले तयार गर्ने कुल गार्हस्थ उत्पादन, उपभोग, बचत र लगानीका साथै अन्य निकायद्वारा प्रकाशन हुने वैदेशिक व्यापार, शोधनान्तर स्थिति, विदेशी मुद्राको सञ्चिती, रोजगार स्थिति, मूल्यवृद्धि, विनिमय दर, ब्याजदर आदि समष्टिगत आर्थिक परिसूचकका अवधारणाबारे प्रस्ट हुन आवश्यक हुन्छ। त्यसैले सबैभन्दा पहिला यी र यस्ता नीतिगत तथा सैद्धान्तिक अवधारणा प्रस्टसँग बुझ्न आवश्यक छ। यसका साथै आर्थिक पत्रकारिताले समेट्नुपर्ने केही प्रमुख विषयको पनि यहाँ चर्चा गरिन्छ–

**नीतिगत विषयवस्तु** : आर्थिक पत्रकारले समाचारलाई सनसनीपूर्ण बनाउनुभन्दा पनि तथ्य एवं तथ्यांकका आधारमा पुष्टि गर्नुपर्छ। कुनै व्यक्ति वा संस्थाप्रति लक्षित समाचारले तिनको छविमा मात्र आँच आउँदैन, आर्थिक एवं व्यावसायिक क्षतिसमेत हुन सक्छ। समाचार तथ्यगत नभएको खण्डमा सञ्चारमाध्यमको विश्वसनीयता पनि संकटमा पर्छ। त्यसका लागि विश्वका विभिन्न मुलुकमा कडा कानून बनाइएका छन्। तर, नेपालमा भने आर्थिक पत्रकारले यस्ता विषयलाई हल्का रूपमा लिएको पाइन्छ। पछिल्ला समय नेपालमा पत्रकार तथा सञ्चारमाध्यमको निष्पक्षता एवं विश्वसनीयतामा आँच आउनुको कारण यो पनि हो। आर्थिक समाचारमा नीतिगतभन्दा मनोगत धारणा तथा तथ्यभन्दा कथा बढी लेखिने शैलीले यसलाई बढावा दिइरहेको छ।

आर्थिक पत्रकारले मुलुकको आर्थिक विकासको एजेण्डा, रोजगारी प्रवर्द्धन, लगानीमैत्री वातावरण, भ्रष्टाचार र व्यवसायीको जालो तथा कालोबजारी नियन्त्रणजस्ता विषयमा बढी केन्द्रित हुन आवश्यक छ। राजनीतिक दलका ऊर्जा नीति, कृषि नीति, निजी क्षेत्रप्रतिको दृष्टिकोण, पर्यटन नीति, विदेशी लगानी नीति, रोजगारी सिर्जना गर्ने नीति, उत्पादन तथा वितरण नीति, शिक्षा एवं स्वास्थ्य नीतिजस्ता नीतिगत कुरामा मुलुकको समृद्धिको कोणबाट सार्वजनिक बहस गर्ने गराउनु तथा नागरिकलाई सुसूचित गराउनु आर्थिक पत्रकारको दायित्व हो। नेपालले पछिल्लो दशकमा किन आर्थिक विकास गर्न सकेन, राजनीतिक स्थायित्वले किन आर्थिक क्रान्तिको जग हाल्न सकेन, कसरी नेपाली अर्थतन्त्रमा बिचौलिया हावी हुँदैछन् भन्ने जस्ता विषयमा नेपाली आर्थिक पत्रकारिताले उत्खनन गर्न धेरै बाँकी छ।

**मुलुकको बजेट** : आर्थिक पत्रकारले सबैभन्दा बढी बुझ्नुपर्ने विषय मुलुकको बजेट हो । करका दरमा हुने हेरफेरलगायतले सरकारी आयमा पार्ने असर एवं सरकारी खर्चको पारदर्शिता तथा जिम्मेवारीका लागि आर्थिक पत्रकारले खबरदारी गर्नुपर्छ ।

मानिस आफ्नो जीवन सहज बिताउन चाहन्छ, त्यसका लागि पैसा चाहिन्छ । जसरी एउटा मानिसले आफ्नो घरपरिवारको सहज जीवनयापनका लागि अर्थोपार्जन गर्दछ, त्यसैगरी मुलुकले पनि आफ्ना नागरिकलाई विभिन्न पेशा व्यवसाय गर्न उत्प्रेरित गर्दछ । जसरी एउटा व्यक्तिले आम्दानी तथा खर्चको हिसाब गरेर सन्तुलित तरिकाले जीवनयापन गर्दछ, त्यसैगरी मुलुकले पनि वार्षिक आम्दानी तथा खर्चको हिसाबसहित बजेट ल्याउँछ ।

बजेट भनेको आर्थिक मात्र नभएर संवैधानिक तथा राजनीतिक दस्ताबेज पनि हो । राजनीतिक दलका नीति तथा योजना अनि तिनलाई हासिल गर्ने आवश्यक कार्यक्रम, खर्च आदि समेटेर बजेट ल्याइन्छ । यसका लागि संविधान, आवधिक योजना, दीर्घकालीन विकास लक्ष्यजस्ता अन्तर्राष्ट्रिय योजना तथा प्रतिबद्धतालाई बजेटकै माध्यमबाट सरकारले प्रस्तुत गर्दछ । बजेटले महँगी तथा आर्थिक विकासको प्रक्षेपण पनि गर्दछ । सरकारी कर तथा अन्य राजस्व, गत वर्षको नगद मौज्दात, सरकारी लगानीको प्रतिफल आदि सरकारका आम्दानी हुन् । यसका साथै, स्वदेशी तथा विदेशी ऋण वा अनुदानलाई बजेटले आयमा राख्छ । सरकारले दिने कर्मचारीको सेवा-सुविधा, पारिश्रमिक, निर्माण कार्यमा गरिने खर्च, विदेशी तथा अन्तरिक ऋण एवं त्यसको साँवा-ब्याजलगायत खर्चलाई चालु, पूँजीगत तथा वित्तीय व्यवस्थापनका रूपमा वर्गीकरण गरेर बजेटमा राखिन्छ ।

बजेटले मुलुकमा भएका प्राकृतिक स्रोत-साधनको सदुपयोग, पूर्वाधार र कृषि क्षेत्रको विकास, आर्थिक तथा सामाजिक कल्याण अभिवृद्धि, रोजगारी सिर्जना, क्षेत्रीय तथा प्रादेशिक सन्तुलनका लागि सरकारले गर्ने विभिन्न शीर्षकका खर्चलाई आवश्यकता तथा प्राथमिकताका आधारमा प्रस्तुत गरेको हुन्छ ।

संसदीय प्रजातान्त्रिक देशहरूमा संसद्को अनुमतिबिना कर लगाउन र खर्च गर्न पाइँदैन । बजेट संसद्बाट अनुमोदन भएपछि मात्र खर्च गर्न पाइन्छ । सरकारी खर्च अर्थात् बजेट कार्यान्वयन भएको छ या छैन भनेर महालेखापरीक्षकले अनुगमन गर्छ । नेपालमा हरेक वर्ष चैत मसान्तमा महालेखापरीक्षकले बजेट कार्यान्वयनका सम्बन्धमा प्रतिवेदन निकाल्छ ।

२००८ साल माघ २१ मा संवैधानिक व्यवस्थाअनुसार तत्कालीन अर्थमन्त्री सुवर्णशमशेरले ५ करोड २५ लाख रुपैयाँको पहिलो बजेट पेश गरेका थिए । त्यसयता अहिलेको बजेटसम्ममा पनि कैयौं कुरा अझै परिवर्तन हुन सकेका छैन । आर्थिक वर्ष २०१३/१४ देखि प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनमा आएपछि सोही योजनाको लक्ष्य प्राप्तिका

लागि बजेट व्यवस्थापनको चलन शुरू भएको हो । हाल पन्ध्रौं आवधिक योजनासम्म आइपुग्दा पनि आवधिक योजना अधिकांश असफल छन् । यसबारे आर्थिक पत्रकारले बहस चलाउन जरुरी छ । पछिल्लो एक दशकमा त बजेटको आकार मात्र बढाउने तर खर्च र आम्दानी गर्ने दुवै पक्षमा हेलचेक्र्याइँ गर्ने अनौठो परम्परा चलिरहेको छ । त्यसैले आर्थिक वृद्धिदर बढ्न सकिरहेको छैन ।

पछिल्ला बजेटमा खुलेआम कर तथा राजस्वका दरमा खेलकूद गर्ने गरेको देखिन्छ । आर्थिक पत्रकारका लागि यो ठूलो चुनौती हो किनकि करका दरका बारेमा सूक्ष्मतम अध्ययन नगरी कसका लागि किन कर छुट दिएर कसले व्यक्तिगत लाभ लिए भनेर प्रमाणित गर्न गाह्रो हुन्छ । त्यसका लागि विशेषज्ञको सहयोगमा आर्थिक पत्रकार स्वयंले भिन्नभिन्न स्रोतमार्फत पुष्टि गर्नु पर्छ ।

बजेट कार्यान्वयनका निम्ति बजेट प्रस्तुतिसँग सरकारले नेपालको संविधानअनुसार संसद्समक्ष विनियोजन विधेयक, पेश्की खर्च विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत विधेयक र राजस्व तथा खर्चका दरसहितको आर्थिक विधेयक पेश गर्दछ । विगतमा असार मसान्तसम्म बजेट ल्याउने समयसीमा रहँदा बजेट अनुमोदन हुन समय लाग्ने भएकाले व्यय अनुमानको निश्चित अंश पेश्कीस्वरूप खर्च गर्न सकिने गरी पेश्की खर्च विधेयक संसद्बाट अनुमोदनका लागि प्रस्तुत गर्ने पनि चलन थियो । तर, हाल पेश्की खर्च विधेयक आवश्यक छैन ।

हाल संघीयतामा गएपछि नेपालको संविधानको धारा ११९ को उपधारा (३) बमोजिम नेपाल सरकारको अर्थमन्त्रीले राजस्व र व्ययको अनुमान हरेक वर्षको जेठ १५ गते संघीय संसद्मा पेश गर्नुपर्छ । संविधानको यस व्यवस्थालाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले पनि दफा २१(१) मा दोहोऱ्याएको छ । ऐनको दफा २१(२) अनुसार प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गतेभित्र प्रदेश सभामा र दफा २१(३) अनुसार स्थानीय सरकारले प्रत्येक वर्ष असार १० भित्र सम्बन्धित गाउँ वा नगर सभामा बजेट पेश गरिसक्नुपर्छ । यी तीनै तहका बजेट विश्लेषण गर्न पनि आर्थिक पत्रकार सक्षम हुनुपर्छ ।

संघ सरकारले प्रदेश तथा स्थानीय तहलाई बजेटमार्फत वित्तीय हस्तान्तरण गर्दछ । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई स्वायत्त बनाउने परिकल्पना गरेअनुसार सरकारले आर्थिक वर्ष २०७४/७५ देखि संघीय बजेटमार्फत सबै प्रदेश र स्थानीय तहलाई एकमुष्ट अनुदान (वित्तीय हस्तान्तरण) निकासा गर्छ । प्रदेश तथा स्थानीय तहलाई संघीय सरकारले बजेटमार्फत समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदान दिन्छ । यी नयाँ व्यवस्था तथा यिनको कार्यान्वयनबारे आर्थिक पत्रकारले चनाखो भएर कलम चलाउनुपर्छ ।

तीनै तहका सरकारको संविधान तथा अन्य प्रचलित कानूनबमोजिम वित्त व्यवस्थापन गर्न राजस्वको महत्त्वपूर्ण स्रोत (जस्तै- आयकर, मूल्य अभिवृद्धि कर, उत्पादनमा लाग्ने अन्तःशुल्क एवं वैदेशिक व्यापारमा लाग्ने भन्सार महसुल आदि) उठाउने अधिकार संघको हुन्छ भन्ने आर्थिक पत्रकारले जान्न आवश्यक छ। प्रदेशको एकल अधिकार कृषि आयमा लाग्ने कर हो भने प्रदेश र स्थानीय तहहरूको अधिकारमा सवारी साधन कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, विज्ञापन कर र मनोरञ्जन कर लगाइन्छ। स्थानीय तहले मात्र लगाउने कर सम्पत्ति कर, घर बहाल कर भूमिकर हुन् भने तीनै तहका सरकारले प्रदान गर्ने सेवामा शुल्क, दण्ड र जरिवानासमेत लिनसक्ने व्यवस्था छ।

**कृषि क्षेत्र** : नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान सबैभन्दा धेरै अर्थात् करिब एकचौथाइ छ। तर, सरकारले हरेक वर्ष कृषिमा बजेट खर्च गर्दा पनि किन नेपालमा कृषिको विकास हुन सकेन ? किन नेपाल कृषिजन्य वस्तुको आयातमा बढी निर्भर रहेको छ ? किन नेपालले आत्मनिर्भर अर्थतन्त्र बनाउने भन्दै गर्दा झन् परनिर्भर हुँदै गएको छ भन्नेबारेमा आर्थिक पत्रकारले उत्खनन गर्न थुप्रै बाँकी छ।

सडकमा गोलभेंडा फालेको, दूध घोप्ट्याएको जस्ता समाचार लेखेर मात्र आर्थिक पत्रकारको दायित्व पूरा हुँदैन, त्यसपछाडिका कारण तथा समस्या समाधानका उपायबारे पनि कलम चलाउनुपर्छ। एकदुई दिन यस्ता समाचार आए पनि नीतिनिर्माता तथा कृषि मन्त्रालयलाई प्रश्न सोध्ने तथा जिम्मेवार बनाउनेतर्फ यथेष्ट ध्यान पुगेको देखिन्न।

**जलविद्युत्को विकास** : पछिल्लो समयको जलविद्युत् विकासमा धेरै चर्चा हुने गरेको छ। खोलानालाबाट अपेक्षित लाभ दिन नसकेको तर उद्योग-व्यवसाय भने आयातीत महँगो इन्धनले चलाउनुपरेकाले नेपाली उत्पादन आयातीत वस्तुको दाँजोमा मूल्य तथा गुणस्तरमा प्रतिस्पर्धी हुन सकेको छैन। त्यसैले आर्थिक पत्रकारले जलविद्युत् विकासका समस्या, नीतिगत अड्चन, जलविद्युत् विकास तथा उत्पादन अनि वितरणका समस्या केलाएर राजनीतिक दल तथा सरकार एवं नीतिनिर्मातालाई सचेत बनाउन र नेपालको आर्थिक विकास अनि समृद्धिका लागि नीतिगत परिवर्तनमा भूमिका खेल्न सक्छन्।

**बेरोजगारी र लगानी** : नेपालको सबैभन्दा ठूलो समस्या बेरोजगारी हो। एकातिर नेपालमा भएका उद्योग व्यवसायलाई नै आवश्यक जनशक्ति उपलब्ध छैन भने अर्कातिर नेपाली युवा मलेसिया तथा अरब देशमा श्रम खर्चिन बाध्य छन्। उनीहरूले पठाएको रेमिट्यान्स अर्थात् विप्रेषणले नेपालको अर्थतन्त्र चलिरहेका कारण राजनीतिक दल, नीतिनिर्माता तथा सरकार पनि स्वदेशमै रोजगारी सिर्जना गर्ने दबाबमा छैनन्। विश्वमा पटक-पटक आउने आर्थिक मन्दीका कारण नेपालका श्रम गन्तव्यमा रोजगारी कटौती

हुनासाथ नेपालको वैदेशिक मुद्रा सञ्चितीमा ह्रास आउने तथ्य आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा पनि देखिए-भोगिएको हो । तर, पनि किन वैदेशिक रोजगारीमै सरकारले जोड दिइरहेको छ ? रोजगारी सिर्जनामा के-के बाधा छन् ? यस्ता पक्षमा आर्थिक पत्रकारले जरैसम्म खोतल्न आवश्यक छ ।

मुलुकमा रोजगारी बढाउन आन्तरिक तथा बाह्य लगानी बढाउनुपर्छ । सरकारले प्रदान गर्ने रोजगारी निश्चित संख्यामा मात्र हुन्छ तर सरकारको सही नीति भएमा लगानी बढ्दा असंख्य रोजगारी सिर्जना गर्न सकिन्छ । नेपालमा किन लगानी बढ्न सकेन भन्ने जस्ता विषयले आर्थिक पत्रकारितामा प्राथमिकता पाउनुपर्छ ।

नेपाल उद्योग वाणिज्य महासंघ तथा अन्तर्राष्ट्रिय श्रम संगठनले संयुक्तरूपमा प्रकाशन गरेको प्रतिवेदनअनुसार नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१.५५ प्रतिशत तथा रोजगारी सिर्जनामा ८५.६ प्रतिशत छ । प्रमुख राजनीतिक दलबीच निजी क्षेत्रप्रतिको धारणामा पनि एकमत छ । तर पनि नेपालमा लगानी र रोजगारी किन बढ्न सकेन भन्ने गहन विषय बनेको छ ।

**लाइसेन्सराज र नीतिगत अस्थिरता** : अर्थतन्त्रमा त्यति धेरै योगदान दिने निजी क्षेत्र पछिल्लो समयमा किन हरेक कम्पनीका लाइसेन्स लिन बिचौलियाको भर पर्नुपर्ने स्थिति आयो । कमजोरी सरकारको हो कि निजी क्षेत्रको हो ? पछिल्ला वर्षहरूमा किन सरकारले लाइसेन्सराजको पुनरावृत्ति गरेको हो ? यसले नागरिक, उद्योगी, व्यवसायी, राजनीतिक दल वा सरकार कसलाई फाइदा पुऱ्याएको छ ? त्यति मात्र होइन, लाइसेन्स दिएर सरकार, बिचौलिया तथा राजनीतिक दलले अतिरिक्त लाभ लिने परिस्थिति पछिल्ला वर्षहरूमा कसरी बढ्दै गएको छ, त्यसको पनि विश्लेषण आर्थिक पत्रकारले गर्नुपर्छ ।

आर्थिक पत्रकारिता कुनै एउटा स्वार्थ समूहको हितमा केन्द्रित नभई समग्र मुलुकको आर्थिक विकासमा आगाडि बढ्न आवश्यक छ । समग्र निजी क्षेत्रको विकास, प्रतिस्पर्धी बजार, लगानीको वातावरण बनाउन मद्दत गर्ने आर्थिक पत्रकारिताले मात्र समग्र मुलुकको हित गर्दछ । सरकार परिवर्तनसँगै आर्थिक नीति, एजेन्डा तथा प्राथमिकता पनि परिवर्तन हुन्छन् । एउटा लगानीकर्ताले कुनै पनि मुलुकको आर्थिक नीति हेरेर लगानी गरेको हुन्छ । तर, सरकारसँगै परिवर्तन हुने नीतिका बीच लगानीकर्ता कसरी लगानीको सुरक्षाप्रति सुनिश्चित हुन सक्छ ? यो आर्थिक पत्रकारले लगातार सोध्नुपर्ने प्रश्न हो ।

नेपालको इतिहासकै शक्तिशाली मानिएको करिब दुईतिहाइ बहुमतको सरकारले समेत किन लगानीकर्तामा उत्साह ल्याउन सकेन ? एउटै सरकारमा पनि अर्थमन्त्री परिवर्तन हुनासाथ कसरी आर्थिक नीति परिवर्तन भए ? अर्थमन्त्री डा. युवराज खतिवडाले लगाएको विद्युतीय

सवारी साधन तथा शेयर बजारको कर उही राजनीतिक दलका विष्णु पौडेल अर्थमन्त्री बन्नासाथ किन परिवर्तन गरियो ? यस्ता प्रश्नका उत्तरले नेपालमा लगानीकर्ताको विश्वास नभएको कारण देखाइदिन्छ । त्यसैले आर्थिक पत्रकारले राजनीतिक स्थायित्वभन्दा पनि नीतिगत स्थायित्वमा जोड दिएर समाचार लेख्नुपर्ने देखिन्छ । नेपालका राजनीतिक दलहरूमा आर्थिक नीतिमा स्थायित्वका सट्टा र नीतिगत विचलन रहेको विषयमा स्पष्ट रूपमा समाचार प्रवाह गर्न पत्रकारहरू सक्षम हुनुपर्छ ।

**सहकारी क्षेत्र** : अर्को धेरै विवादित तथा असंख्य नागरिकसँग जोडिएको विषय सहकारी हो । नेपालको संविधानको धारा ५१(घ) ले सार्वजनिक र निजीपछि सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बा मानेको छ । तर, नेपालीहरू सहकारीबाट ठगिएका ठगियै छन् । के नेपालको संविधानले नागरिक ठग्ने प्रकारका सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बा मानेको हो त ? यसमा आर्थिक पत्रकारका चोटिला समाचार आउन सकेका छैनन् ।

भारतलगायत अन्य मुलुकका सहकारीले धेरै विकास गरेको कारण नेपालमा पनि आर्थिकस्तर कमजोर भएका नागरिकलाई सहकारीले टेवा पुऱ्याउने विश्वास थियो । ससाना व्यापार व्यवसाय गर्न चाहनेलाई बिनाधितो ऋण दिने भनेर खुलेका सहकारीहरू उल्टो बाटो हिँड्दा आर्थिक पत्रकारले सचेत तथा सजग गराउन सकेनन् । फलस्वरूप आर्थिक स्थिति कमजोर भएकाहरूलाई ऋण दिनुको सट्टा सहकारीको लगानी घरजग्गा, शेयर र गाडीमा केन्द्रित भयो । सहकारीले आफ्नो सिद्धान्तअनुरूप काम गरेको भए मिटरब्याजीले ठग्न पाउँदैनथे । एकातिर सीमित सहकारी सञ्चालक रातारात धनी बन्ने अर्कातर्फ नागरिक मिटरब्याजीको जालमा फस्ने गर्दा पनि आर्थिक पत्रकारको कलम अपेक्षित सशक्त हुन सकेन ।

सहकारीका नाममा राजनीतिक दलले संगठन विस्तार गर्ने अनि सहकारीलाई नियमन गर्न नदिने भएका कारण पनि सीमित सहकारीका सञ्चालकले फाइदा उठाए । शहरी क्षेत्रका थुप्रै सहकारी चल्नै नसक्ने अवस्थामा पुगेका छन् र बचतकर्ताको निक्षेप संकटमा छ । तर, नागरिक ठगिँदा पनि सरकार मौन छ भने आर्थिक पत्रकारिता अल्मलिइरहेको छ । यस्तो अवस्थामा नागरिकले यी दुवैलाई पक्कै माफ गर्ने छैनन् । आर्थिक पत्रकारहरू पनि यसमा चुकेका छन् ।

आर्थिक सर्वेक्षण २०७९/८० का अनुसार, २०७८ फागुनसम्ममा नेपालमा ३० हजार ८ सय ७९ सहकारी संस्था छन् । तिनमा ७३ लाख ३७ हजार २ सय ५२ शेयर सदस्य आबद्ध छन् । यी सहकारीमा ४ खर्ब ७७ अर्ब रुपैयाँ बचत गरिएको छ भने यिनले ४ खर्ब २६ अर्ब कर्जा परिचालन गरेका छन् । यसरी मुलुकको एकतिहाइ जनसंख्या

आबद्ध भएको सहकारीका समाचार लेख्दा फलानो सहकारीले यति ठग्यो वा फरार भन्ने समाचार लेख्नु मात्र आर्थिक पत्रकारको दायित्व होइन । नागरिकका बचत फिर्ता गराउन पहल गर्नुको साटो अल्मलिएको आर्थिक पत्रकारिता कसका लागि गरिएको हो भन्ने विषयमा पनि प्रश्न उठ्न थालेका छन् । नागरिकको पैसा डुब्दा फिर्ता गराउन सरकारलाई केले रोकेको छ ? यो आर्थिक पत्रकारहरूले गर्ने प्रश्न मात्र होइन, समाचारको कोण पनि हो ।

**ग्रामीण अर्थतन्त्र** : नेपालमा ग्रामीण अर्थतन्त्रको ठूलो भूमिका छ । त्यसैले ग्रामीण क्षेत्रका आर्थिक गतिविधिलाई पत्रकारिताले विशेष प्राथमिकता दिनुपर्छ । हाल काठमाडौं वा शहर-बजारकेन्द्रित आर्थिक गतिविधिले धेरै प्राथमिकता पाएको छ । हुनत नेपालको अर्थतन्त्रमा बागमती प्रदेशको योगदान ३६.८ प्रतिशत रहेका कारण पनि बढी आर्थिक समाचार बागमती प्रदेशकै वरिपरि घुमेको देखिन्छ । तर, नेपाल संघीयतामा प्रवेश गर्नुको उद्देश्य नै सातै प्रदेशले आर्थिक समृद्धि तथा विकासमा प्रतिस्पर्धा गरून् भन्ने नै हो । त्यसैकारण आर्थिक पत्रकारले पनि वित्तीय संघीयतामा ध्यान केन्द्रित गरी प्रदेशको अर्थतन्त्र विस्तार गर्न के-कस्ता नीतिगत अवधारणाको आवश्यकता छ, तिनको कार्यान्वयनको अवस्था के छ भन्नेमा पनि ध्यान दिनुपर्छ ।

प्रदेश तथा स्थानीय सरकारको सूचना पाटी बन्नु वा आर्थिक पत्रकारिता गर्नु फरक हो भन्ने पनि आर्थिक पत्रकारले बुझेर आफ्नो ज्ञान तथा सीप एवं दक्षता बढाउनु, अनि तथ्यांकमा आधारित अनुसन्धान र विश्लेषणात्मक समाचारमा जोड दिन आवश्यक छ ।

**विप्रेषण र कुसूचना** : आर्थिक पत्रकारले सबैभन्दा बढी गलत समाचार सम्प्रेषण गरेको समाचार रेमिट्यान्स अर्थात् विप्रेषणबारेमा हो । कुल गार्हस्थ उत्पादनमा रेमिट्यान्सको योगदानबारेमा राजनीतिक दलका नेता तथा सरकारका मन्त्रीले प्रायः गलत तथ्य बोल्छन् । राजनीतिक नेताको भाषणलाई हुबहु समाचार बनाउँदा धेरै आर्थिक पत्रकारले भने नेपालको कुल गार्हस्थ उत्पादनमा रेमिट्यान्सको योगदान भनेर समाचार लेखेको पाइन्छ, जुन गलत हो ।

वास्तवमा कुल गार्हस्थ उत्पादनको करिब ३० प्रतिशत योगदान होइन कि कुल गार्हस्थ उत्पादनको करिब ३० प्रतिशत बराबरको योगदान भनेर लेख्न आवश्यक छ । रेमिट्यान्सको गणना कुल राष्ट्रिय आयमा मात्र हुन्छ न कि कुल गार्हस्थ उत्पादनमा । कुल गार्हस्थ उत्पादनमा रेमिट्यान्सको योगदान हुँदैन, १५ वटा क्षेत्रका नेपालमा उत्पादन हुने वस्तु तथा सेवाको तथ्यांकका आधारमा कुल गार्हस्थ उत्पादनको गणना हुन्छ ।

त्यसैले आर्थिक पत्रकारले राजनीतिक दल, नीतिनिर्माता, सरकार वा मन्त्रीको भाषणलाई

हुबहु लेख्ने होइन कि सही हो कि होइन, विश्लेषण गर्नुपर्छ । आर्थिक पत्रकारले अध्ययन, अनुसन्धान र खोजलाई बढी प्राथमिकता दिनुपर्छ ।

**विश्व अर्थतन्त्र** : आर्थिक पत्रकारले दक्षता तथा क्षमता बढाउन अद्यावधिक हुने, विश्वकै आर्थिक क्षेत्रमा भएका परिवर्तन र विकासलाई बुझ्ने, नयाँ विचार र सिद्धान्तबारे जानकार हुने कोसिस गर्न आवश्यक छ । यसका साथै, आर्थिक पत्रकारले नियमित तालिम र अभिमुखीकरणमा पनि भाग लिनुपर्छ ।

आर्थिक पत्रकारले पत्रकारिताको मात्र अध्ययन गरेर पुग्दैन, विविध आर्थिक पक्षबारे पनि जानकार हुनुपर्छ । आर्थिक पत्रकारिताभित्र पनि सार्वजनिक वित्त, मौद्रिक नीति, शेयर बजार, अन्तर्राष्ट्रिय व्यापारलगायत दीर्घकालीन विकास लक्ष्यजस्ता विभिन्न अन्तर्राष्ट्रिय लक्ष्य, अन्तर्राष्ट्रिय परिस्थितिले बढ्ने वा घट्ने पेट्रोलियम पदार्थको भाउ अनि त्यसले नेपालको महँगीमा पार्ने असरलगायतका विभिन्न विषयमा विश्लेषण गर्न सक्ने हुनुपर्छ । यसका लागि स्वदेशी तहको ज्ञान मात्र भएर पुग्दैन, विश्वमा चलिरहेको नयाँ विषय तथा ज्ञानका बारेमा पनि जानकार हुनुपर्छ ।

नेपालका श्रम गन्तव्यको अर्थतन्त्रका बारेमा जानकारी हुँदा ती मुलुकको रोजगारीको स्थितिका बारेमा थाहा पाउन सकिन्छ, जसले नेपालको वैदेशिक रोजगारीमा आउन सक्ने दबाब तथा यसले पार्न सक्ने रेमिट्यान्स आयमा कमी वा बढोत्तरीलाई आकलन गर्न सकिन्छ । रेमिट्यान्सको आय घट्दा नेपालमा वैदेशिक मुद्रा सञ्चितीमा चाप पर्ने चालु आर्थिक वर्षका शुरूका महिनाको राष्ट्र बैंकको तथ्यांकले पनि देखाउँछ । साथै, नेपालको वैदेशिक व्यापारको यथार्थ समाचार सम्प्रेषण गर्नका लागि पनि ती मुलुकका अर्थतन्त्रका बारेमा जानकार हुन आवश्यक छ ।

**व्यापार घाटा** : नेपालको विश्वका १३० मुलुकसँग व्यापार घाटा छ । सबैभन्दा बढी व्यापार घाटा भारतसँग छ । आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रैमासिक अवधिसम्म (नौ महिनामा) नेपालको व्यापार घाटा १० खर्ब ८३ अर्ब नाघेको छ । भन्सार विभागले सार्वजनिक गरेको चैत मसान्तसम्मको वैदेशिक व्यापारसम्बन्धी विवरणअनुसार २०७९ साउनदेखि चैतसम्ममा नेपालले १२ खर्ब एक अर्ब ५० करोड बराबरको आयात गर्दा जम्मा एक खर्ब १८ अर्ब २८ करोड बराबरको मात्र निर्यात गरेको छ । विभागको तथ्यांकअनुसार समग्र वैदेशिक व्यापारमा नेपालको आयातको हिस्सा ९१.०४ र निर्यातको हिस्सा ८.९६ प्रतिशत बराबर रहेको छ ।

२०७९ साउनदेखि चैत मसान्तसम्ममा भारतसँग मात्र नेपालले ६ खर्ब ७० अर्ब ७६ करोड बराबरको व्यापार घाटा व्यहोरेको छ । चीनसँग नौ महिनामा नेपालले एक खर्ब ६१

अर्ब ८१ करोड बराबरको व्यापार घाटा बेहोरेको छ। यसअघि धेरै व्यापार नदेखिएको संयुक्त अरब इमिरेट्स (यूएई) पनि नेपालले बढी वैदेशिक व्यापार गर्ने मुलुकका रूपमा देखिएको छ। नौ महिनामा नेपालले यूएईबाट २५ अर्ब ९१ करोड १२ लाख बराबरको वस्तु आयात गर्दा ४२ करोड ७० लाख बराबर मात्रै निर्यात गरेको छ। यसै अवधिमा नेपालले अमेरिकाबाट १४ अर्ब ४७ करोड ७५ लाख बराबरको वस्तु आयात गरेको छ भने १३ अर्ब ९० करोड ९५ लाख बराबरको निर्यात गरेको छ।

आर्थिक वर्ष २०७९/८० को नौ महिनामा नेपालले सबैभन्दा धेरै एक खर्ब १२ अर्ब ४० करोड बराबरको डिजेल र ४९ अर्ब ७४ करोड ७२ लाख बराबरको पेट्रोलका साथै ४४ अर्ब ८४ करोड बराबरको खाना पकाउने ग्यास आयात गरेको छ। यो तथ्यांकले नेपाल झन् आयातीत अर्थतन्त्र बन्दै गएको देखाउँछ। त्यसैले आत्मनिर्भर अर्थतन्त्र बनाउने भाषण गर्ने नेताहरू सरकारमा गएर झन् परनिर्भरतामुखी नीतिनियम किन बनाए भन्ने खोज गर्न आर्थिक पत्रकारले बाँकी नै छ।

सन् २०१० देखि नेपालको निर्यात बढाउन विदेशी नियोगहरूको सहयोगमा नेपाल एकीकृत व्यापार रणनीति (एनटीआईएस २०१०) ल्याइयो। तर, सो रणनीति ल्याएको एक दशकभन्दा बढी हुँदा पनि किन अलैंचीबाहेक अन्य वस्तु तथा सेवाको निर्यात बढ्न सकेन ? किन विदेशी सहयोग निकायका रणनीति असफल भए ? नेपालको निर्यात झन्झन् किन खस्कँदै गयो ? विदेशी नियोगले बनाइदिएका आर्थिक, व्यापारिक तथा कृषि रणनीतिले किन काम गरेनन् भन्नेबारे उत्खनन गर्नु आर्थिक पत्रकारको आजको आवश्यकता हो।

२०६१ सालमा नेपाल विश्व व्यापार संगठनको १४७ औं सदस्य बन्दा नेपालको निर्यात व्यापारमा फड्को मार्ने भनेर व्याख्या गर्ने विकास साझेदारहरू तथा उद्योग मन्त्रलायका सबैजसो कर्मचारी हाल सेवानिवृत्त भइसकेका छन् तर दुई दशकपछि पनि नेपालको वैदेशिक व्यापार विशेषतः निर्यात व्यापारले अझै २ खर्ब नाघ्न हम्मेहम्मे छ। त्यसैले विदेशी विकास साझेदारका सफल तथा असफल नीतिका बारेमा विश्लेषण गरेर आर्थिक पत्रकारले लेख्दा नेपाल सरकार मात्र नभएर विकास साझेदारहरूका पनि आँखा खुल्ने अपेक्षा गर्न सकिन्छ।

**खुला सिमाना र अर्थतन्त्र** : विश्वव्यापीकरणको युगमा कुनै मुलुकको अर्थतन्त्र अर्को मुलुकसँग अवश्य पनि गाँसिन्छ। त्यसमाथि नेपाल-भारत खुला सिमानाका कारण नेपालको आर्थिक-सामाजिक नीति कार्यान्वयनमा अनेक चुनौती खडा हुने बारम्बार देखिएको छ। खुला सिमाना तथा आयातीत अर्थतन्त्र भएका कारण नेपालको वित्त तथा मौद्रिक

नीतिभन्दा भारतको वित्त तथा मौद्रिक नीतिले प्रभाव पार्दछ । त्यसैले आर्थिक पत्रकारले विश्वका अन्य मुलुक खासगरी छिमेकीका आर्थिक नीति तथा व्यवस्थाबारे जानकारी राख्दा समाचार बढी प्रभावकारी तथा यथार्थपरक हुन्छ । अन्तर्राष्ट्रिय मान्यता, विश्व व्यापारलगायतका सन्धि-सम्झौता, मापदण्डजस्ता विषयमा पनि जानकारी राख्नु पर्छ ।

आर्थिक पत्रकारितामा तुलनात्मक अध्ययन तथा बहुपक्षीय अध्ययन आवश्यक छ । जस्तै- सरकारले लक्ष्यअनुसार राजस्व उठाउन नसकेका कारणका बारेमा समाचार लेख्दा आयात रोक्नु मात्रै सही निर्णय होइन भनेर लेख्नुभन्दा नेपालमा आफ्नै वस्तु तथा सेवाको उत्पादन बढाउन के-के नीतिनियम बाधक छन् भनेर पनि विश्लेषण गर्न सक्नुपर्छ । यसका साथै, आयात रोक्दा नेपाल-भारतबीचको खुला सिमानाका कारण बढ्ने राजस्व चुहावट, अवैध व्यापारका कारण सरकार मात्र नभएर उपभोक्तालाई पर्ने महँगीको भारलगायतको पनि विश्लेषण गर्नुपर्छ । यसो गर्न सकिए मात्र समाचार सत्य, निष्पक्ष, जानकारीमूलक र प्रभावकारी हुन्छ ।

**शेयर बजार** : विश्वमा शेयर बजारको विकाससँगै आर्थिक पत्रकारितामा विस्तार भए झैं नेपालमा पनि शेयर बजारसम्बन्धी समाचार सबैभन्दा बढी चासोको समाचार हो । सिद्धान्ततः शेयर बजारलाई अर्थतन्त्रको ऐनाका रूपमा व्याख्या गरिन्छ । तर, नेपालको शेयर बजार नेपाली अर्थतन्त्रको ऐन बन्न सकेको छैन । किन नेपाली शेयर बजारलाई पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले 'जुवाको खाल' भने ? के-के गर्दा हाम्रो बजार अर्थतन्त्रको ऐना बन्न सक्छ ? यस्ता विषयमा आर्थिक पत्रकारले बहस तथा विश्लेषण गर्न ढिला भइसकेको छ ।

हाल बजारमा करिब ५० लाख शेयर लगानीकर्ता छन् भनिन्छ भने नेपाल स्टक एक्सचेन्जका अनुसार नेपालको शेयर बजार पूँजीकरण नेपालको अर्थतन्त्रभन्दा ठूलो भइसकेको छ । त्यसैले आर्थिक पत्रकारलाई शेयर बजारको नियामक निकाय धितोपत्र बोर्डलाई स्वायत्त बनाउन बहस चलाउनेदेखि धितोपत्र बोर्डमाथि निगरानी गर्नेसम्मको जिम्मेवारी छ । नियामक निकाय कमजोर हुँदा शेयर लगानीकर्ताको लगानी डुब्ने स्थिति हुन्छ । त्यसैले एकातिर नियामक निकाय कानूनी, प्राविधिक एवं जनशक्तिका दृष्टिले पूर्णरूपमा स्वायत्त तथा बलियो हुनुपर्छ भने अर्कातर्फ नियामक निकायले गल्ती गरे वा नीतिगत भ्रष्टाचार गरे आर्थिक पत्रकारले नियमन गर्न सक्नुपर्छ । त्यसैले नै विश्वमा 'हु रेगुलेट्स् द रेगुलेटर' भन्ने प्रश्नको उत्तर 'सञ्चारमाध्यम' हुने गरेको हो ।

आर्थिक पत्रकारले शेयर बजारमा उतार-चढाव आउनु सामान्य हो भन्ने पनि बुझ्नु र बुझाउनु पर्छ । आर्थिक नीतिगत फेरबदल, राजनीतिक फेरबदल, शेयर बजारमा सूचीकृत

कम्पनीको नाफा तथा लगानीमा असर पर्ने समाचारजस्ता विभिन्न तत्त्वले बजार चलायमान बनाउँछ। तर, यसका कारण सिर्जित गलत हल्लाले साना तथा सोझासीधा लगानीकर्तालाई डुबाउन सक्ने हुनाले आर्थिक पत्रकारले समाचारमा यस्ता बहुपक्षीय विषयलाई ध्यानमा राखेर समाचार सम्प्रेषण गर्नुपर्छ। शेयर लगानीकर्तालाई वित्तीयरूपमा साक्षर बनाउन पनि आर्थिक पत्रकारले शेयरका विश्लेषणात्मक समाचारमा ध्यान दिनुपर्छ।

उद्योगी व्यवसायीलाई आफ्नो उद्योग व्यवसाय विस्तार गर्न पूँजी जुटाउनका लागि शेयर बजार सहयोगी हुन्छ। तर, नेपालमा भने उद्योगी व्यवसायीहरू आफ्ना उद्योग व्यवसाय स्थापनादेखि विस्तार गर्न पनि बैंक तथा वित्तीय संस्थामा भर पर्ने प्रचलन छ। यसैकारण नेपालको समग्र अर्थतन्त्र नै बैंक तथा वित्तीय संस्थाले नै धानेका छन् भन्दा फरक पर्दैन। यसले अर्थतन्त्रमा विकृति पनि ल्याएको छ।

नेपाल स्टक एक्सचेन्जमा (नेप्से) अर्थात् चलनचल्तीको भाषामा नेपाली शेयर बजारमा व्यापार, उत्पादनमूलक, होटेल, जलविद्युत्, बैंक, वीमाजस्ता कम्पनी गरी दुई सयभन्दा बढी कम्पनी सूचीकृत छन्। सबैभन्दा बढी बैंक तथा वित्तीय संस्थाको दबदबा रहेका कारण नेपाली शेयर बजार अर्थतन्त्रको ऐन बन्न नसकेको हो। शेयर बजारलाई प्रवर्द्धन गर्दा सरकारलाई राजस्व प्राप्ति पनि हुने तथा उद्योग व्यवसाय विस्तार गर्न पूँजीको पनि अभाव नहुने वास्तविकता आर्थिक पत्रकारहरूले स्पष्टताका साथ सम्प्रेषण गर्न आवश्यक छ। यसबाट निश्चित आय भएका साना लगानीकर्ताले शेयर बजारबाट लाभ लिन सक्छन्। शेयर बजार अर्थतन्त्रको ऐना बन्न नसकेका कारण नेपालको शेयर बजारबाट अपेक्षितरूपमा पूँजी निर्माण हुन सकेको छैन। त्यसैले नियामक निकाय धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्जको कानूनी तथा संरचनागत परिवर्तन तथा ठूला उत्पादनमुखी उद्योगहरू पनि शेयर बजारमा सूचीकृत भई कारोबार गर्ने वातावरण बनाउन आर्थिक पत्रकारको भूमिका आवश्यक छ।

**भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण** : भ्रष्टाचारले लोकतन्त्रलाई कमजोर बनाउने मात्र होइन, मुलुकलाई नै कंगाल बनाउँछ। भ्रष्टाचारजन्य क्रियाकलापका कारण सीमित व्यक्तिले असीमित स्रोतमा कब्जा गर्दा समाजमा द्वन्द्व सिर्जना हुन्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलका विभिन्न प्रतिवेदनअनुसार पनि विश्वमा सुशासन भएका मुलुक आर्थिक-सामाजिक विकासमा अब्बल छन्। त्यसैले आर्थिक पत्रकारले भ्रष्टाचारका विषय आर्थिक विषय नै हुन् भन्ने बुझ्न आवश्यक छ। विश्वका विभिन्न अध्ययनले भ्रष्टाचार तथा कुल गार्हस्थ उत्पादनको गहिरो सम्बन्ध देखाएका छन्। त्यसैले आर्थिक पत्रकारले ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदन र नेपालको आर्थिक वृद्धिदरबीचको सम्बन्धमा केन्द्रित भएर विश्लेषणात्मक समाचार लेख्न आवश्यक छ। वास्तवमा भ्रष्टाचारले आर्थिक वृद्धिदरमा

नकारात्मक असर पार्छ भने महँगी बढाउँछ र वैदेशिक लगानीलाई निरुत्साहित गर्दछ।

त्यसमाथि हालैका वर्षमा सम्पत्ति शुद्धीकरणका मुद्दा पनि थपिएका छन् । कर छली वा भ्रष्टाचारजन्य वा लागूऔषध व्यापार, मानव बेचबिखन तथा अवैध हातहतियारजस्ता गैरकानूनी क्रियाकलापको व्यापारबाट प्राप्त आम्दानीलाई कालो धन भनिन्छ । यस्ता स्रोतबाट कमाएको सम्पत्ति आतंकवादी क्रियाकलापमा प्रयोग भएका विभिन्न उदाहरण छन् । त्यसैले यस्ता अवैध कालो धनलाई सेतो बनाउने प्रपञ्च रोक्न विश्वभर सम्पत्ति शुद्धीकरणमा जोड दिइएको छ।

नेपालमा पनि सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ का अनुसार कर छली वा आतंककारी क्रियाकलाप वा अन्य गैरकानूनी क्रियाकलापबाट आर्जन गरिएको सम्पत्तिको स्रोत लुकाउने वा त्यस्तो सम्पत्ति आर्जन गर्ने व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउने उद्देश्यले त्यस्तो सम्पत्ति लुकाउन, रूपान्तरण गर्न वा स्थानान्तरण गर्न कसैलाई मद्दत गरेमा सम्पत्ति शुद्धीकरण गरेको मानिन्छ । अन्तर्राष्ट्रिय संस्था फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) ले सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार तथा आतंककारी क्रियाकलापमा लगानीविरुद्ध काम गरिरहेको छ । नेपाल एफएटीएफमा आबद्ध एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपीजी) को सदस्य हो । त्यसैले नेपाल पनि सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा लगानीका विरुद्ध गरिएका अन्तर्राष्ट्रिय सन्धिहरू पालना गर्न विभिन्न ऐन तथा संयन्त्र बनाई कडाइका साथ कार्यान्वयन गर्न बाध्य छ। तर, नेपालले यसमा आलटाल गरेका कारण अन्तर र्राष्ट्रिय बजारमा नेपाली नागरिकको आवागमन तथा नेपाली वस्तु व्यापारमा पनि नकारात्मक पर्न सक्छ । यस्ता गम्भीर विषयमा आर्थिक पत्रकारले सरकार, निजी क्षेत्र तथा नागरिक समाजलाई लगातार सुसूचित गर्न आवश्यक छ।

## आर्थिक पत्रकार, अर्थतन्त्रका चालक

आर्थिक पत्रकारले नेपालमा लगानीको वातावरण बनाउन राजनीतिक नेतृत्वलाई घच्घच्याउन, कर्मचारीतन्त्रलाई आर्थिक अनुशासनका विषयमा लगातार सचेत बनाउन, राज्यको सीमित साधनको दुरुपयोग हुन नदिन तथा नागरिकबाट उठाएको राजस्व नागरिककै जीवनस्तर सुधारका क्षेत्रमा खर्च हुने वातावरण बनाउन र निजी क्षेत्रलाई स्वच्छ, प्रतिस्पर्धी तथा जिम्मेवार बन्न प्रेरित पनि गर्नुपर्छ। यसका साथै, आर्थिक वृद्धि, समष्टिगत स्थायित्व र रोजगारी निर्माण, गरिबी र आर्थिक असमानता न्यूनीकरण, महँगी नियन्त्रणजस्ता विषयमा आर्थिक पत्रकार आफैं स्पष्ट नहुँदा पनि समाचारमा स्पष्टता आएको पाइन्न । त्यसैले अर्थतन्त्रमा सरकार, निजी क्षेत्र तथा नागरिक समाजको भूमिकाका बारेमा पनि आर्थिक पत्रकार आफैं पनि स्पष्ट हुनुपर्छ ।

राज्यले औद्योगिक विकास, आर्थिक स्वतन्त्रता र लगानी सुरक्षाको सुनिश्चिततासहितको लगानीमैत्री वातावरण निर्माण गर्न नीति, नियम तथा ऐन, कानून बनाइदिने हो । संविधानले हरेक नागरिकलाई आफूले चुनेको पेशा-व्यवसाय गर्ने स्वतन्त्रता दिएको छ । त्यसैले राज्यले राजनीतिक स्थायित्व कायम राख्ने तथा आर्थिक एजेन्डालाई प्राथमिकतामा राखेर नीति, नियम तथा ऐन नियम ल्याउन आवश्यक छ । अर्थतन्त्रको प्रमुख तथा महत्त्वपूर्ण चालक निजी क्षेत्रले तिनैका आधारमा आर्थिक विकासमा सहजतापूर्वक भूमिका खेल्न सक्छ ।

तर, हाल निजी क्षेत्रका नाममा बिचौलिया हाबी हुँदै छन् । आर्थिक पत्रकारले स्वच्छ तथा प्रतिस्पर्धात्मक निजी क्षेत्रको वकालत गर्ने हो । स्वच्छ तथा प्रतिस्पर्धात्मक निजी क्षेत्रले मात्र अर्थतन्त्र फराकिलो बनाउन, वस्तुको गुणस्तर बढाएर बजार भाउ नियन्त्रण गरी उपभोक्तालाई वस्तु तथा सेवाको सहज तथा सुलभ प्राप्तिको निश्चितता गर्न, रोजगारी सिर्जना गर्न अनि सरकारलाई राजस्व बढाउन मद्दत गर्दछ । तर, बजार एकाधिकार गर्ने, लाइसेन्स किनबेचमा मतियार बन्ने, आफ्नो उद्योग तथा व्यापारलाई मात्र हुने अरू उद्योग व्यापार डुबाउन नीतिगत भ्रष्टाचार गर्ने तथा निजी क्षेत्रका नाममा प्रतिस्पर्धा निषेध गर्ने जस्ता काम गर्दा सरकार तथा उपभोक्ता दुवै मारमा पर्छन् ।

त्यसैले अर्थतन्त्रका चालक तथा तिनको भूमिका एवं दायित्वका बारेमा आर्थिक पत्रकार स्पष्ट हुन आवश्यक हुन्छ । गुणस्तरीय वस्तु तथा सेवा उत्पादन, स्वस्थ प्रतिस्पर्धा सिर्जना, आवश्यक नीति तथा कानून निर्माण र प्रचार-प्रसार गराउन आर्थिक पत्रकारताले ध्यान नदिँदा वा नबुझ्दा निजीक्षेत्रमैत्रीका नाममा सरकार (कर, राजस्व चुहावट) तथा उपभोक्ता (महँगी बढ्ने) दुवै ठगिने हुन्छ । यसका लागि अरूका आचरण, आर्थिक अनुशासन र पारदर्शिताका विषयमा कलम चलाउने आर्थिक पत्रकारहरू आफू पनि पेशागत आचरण, अनुशासन र पारदर्शिताका विषयमा सजग रहनुपर्छ ।

कतिपय अवस्थामा सकारात्मक समाचारका नाममा नीतिगत भ्रष्टाचार, उपभोक्ता ठगीलगायत समाचार नै सम्प्रेषण नगर्ने पनि गरिएको पाइन्छ । तर, आर्थिक पत्रकारले एउटा व्यापारी वा उद्योगीको नभएर समग्र लगानी तथा उद्योगी, औद्योगिक वातावरण तथा सम्बन्ध, वस्तु तथा सेवाको गुणस्तर तथा उपभोक्ताको अधिकार अनि उद्योगी-व्यवसायीले पुऱ्याएको योगदानबारे समाचार लेख्नुपर्छ । यस्ता समाचार तथा विश्लेषणले समाजलाई सकारात्मक दिशातिर उत्प्रेरित गराउँछन् र समस्या पहिचान मात्र नभई समाधानको बाटो देखाउन पनि सक्छन् । हाल विश्वमा 'सोलुसन जर्नालिज्म' अर्थात् समाधान पत्रकारिताका बारेमा पनि नयाँ बहस शुरू भएको छ । वास्तवमा आर्थिक पत्रकारले समाधान पत्रकारिताको अभ्यास गर्दा नेपाली अर्थतन्त्रले बढी गतिशील हुने अवसर पनि पाउँछ ।

## आर्थिक पत्रकारिता र तथ्यांक

आर्थिक पत्रकारले तथ्यांकमा बढी खेल्ने हुनाले आफूले प्रयोग गरेको कुनै पनि तथ्यांकको विश्वसनीयतामा जोड दिनुपर्छ । तथ्यांक प्रयोग गर्दा तथ्यांकको स्रोत के हो र कसको तथ्यांकमा विश्वास गर्ने भन्नेमा आधारभूत रूपमा सचेत रहनुपर्छ ।

प्रविधिको विकासले तथ्यांकको प्रस्तुतीकरणमा पनि सहजता आएको छ । यदि आर्थिक पत्रकारले एक्सेल सिट चलाउन जानेको छ भने तथ्यांकको प्रस्तुतीकरण रोचक ढंगले गर्न सक्छ । त्यसो गरेमा समाचार रोचक हुने मात्र होइन, पाठक तथा श्रोतालाई बुझ्न पनि सहज हुन्छ । तथ्यांकलाई भाषामा लेख्नुको सट्टा भाषामा व्याख्या गर्ने तर तथ्यांकलाई ग्राफ वा चार्ट वा इन्फोग्राफिकका माध्यमबाट दिने हो भने आर्थिक समाचार थप रोचक र स्पष्ट हुन्छ । तथ्यांक प्रस्तुत तथा तुलना गर्दा समान वस्तु तथा सेवाको मात्रै तुलना गर्नुपर्छ ।

## समस्या, चुनौती तथा विकृति

आर्थिक गतिविधिका सूचना तथा समाचारको फरक विस्तारै बुझ्दै अगाडि बढिरहेको आर्थिक पत्रकारितामा पछिल्लो समय प्रशस्त चुनौती पनि बढेका छन् । तथ्य, तथ्यांक, त्यसको विश्लेषण तथा नागरिक एवं मुलुकको आर्थिक सामाजिक विकासको हित खुट्याएर समाचार लेख्नुभन्दा पनि हचुवामा वा कसैले दिएका अपरिपक्व सूचना तथा तथ्यांकका भरमा एवं तथ्यांकलाई तोडमरोड गरेर समाचार आउने क्रम पनि छ ।

नेपाली बजारको अस्थिर चरित्र, अर्थतन्त्रका चालक एवं संरचनागत समस्या तथा नेपालका संस्थामा रहेको आर्थिक अपारदर्शिता तथा गैरजिम्मेवारीपन, कानूनी शासनको अवज्ञा तथा राजनीतिक पहुँचको आडमा कानूनमा छिद्र खोजेर अत्यधिक फाइदा लिने बिचौलिया वर्गको बिगबिगी भएका कारण पनि नेपालको आर्थिक पत्रकारितामा चुनौती बढेको पाइन्छ ।

यसै क्रममा पछिल्ला समय विभिन्न पेशा-व्यवसायलाई अनावश्यक रूपमा ठूलो वा सानो देखाउने, कमाइका (आय) भ्रमपूर्ण मात्र नभएर विरोधाभासपूर्ण तथ्यांक तथा आँकडासहितका समाचार छाप्ने, उद्योग व्यवसायप्रति राज्यको बुझाइ, समाज तथा मुलुकप्रति उद्योग व्यवसायका जिम्मेवारी, चुनौती तथा त्यसको समाधानभन्दा पनि व्यक्ति वा संस्थालाई बढी देवत्वकरण वा दानवीकरण गर्ने एवं आर्थिक नीतिका विषयमा अल्पज्ञानजस्ता कारणले पनि आर्थिक पत्रकारितामा चुनौती थपिएका छन् । तर, समग्र पत्रकारिताका चुनौतीभन्दा फरक ढंगले आएका आर्थिक पत्रकारिताका चुनौतीको सामना गर्न सरकार, मिडिया हाउस तथा पत्रकार अझै सक्षम भइसकेका छैनन् ।

समाचार कक्षका नेतृत्वकर्ता सम्पादक वा प्रधान सम्पादक आफैं पनि अनभिज्ञ भएका कारण आर्थिक समाचारका विषयमा पन्छिने, संवाददाता आफैंले जानेर वा नजानेर गलत सूचना पासोमा पर्ने तथा आर्थिक लाभका विषय भएका कारण प्रकाशककै पनि चासो बढिरहेकाले पनि पछिल्लो समय आर्थिक पत्रकारिताका नाममा केही विकृति पनि भित्रिएका छन् । नेपाली पत्रकारितामा रहेको आँसु तथा दुःख बेच्ने पुरातन सोच एवं कला, राजनीतिक दलका नेतृत्वप्रति पत्रकारका अतिभक्तिका कारण नेतृत्वको अपारदर्शी जीवनशैलीले बढाएको बिचौलियाको भूमिका नेपालमा आर्थिक पत्रकारिताको विकासका अवरोधक हुन् ।

## निष्कर्ष

नेपालमा खासगरी बैंक तथा वित्तीय संस्था र वीमा कम्पनीको फैलावट, आर्थिक गतिविधिको वृद्धि र विकास, व्यवस्थापन तथा अर्थशास्त्र विषय अध्ययन गर्नेहरूको बढ्दो चाप, उद्यमशीलताप्रति बढ्दो चासोलगायत कारणले आर्थिक पत्रकारिताप्रति आकर्षण बढेको छ । पछिल्ला वर्षमा समाचारका पाठक तथा श्रोतामा पनि अर्थतन्त्रप्रति बढ्दो चासोका कारण आर्थिक पत्रकारिताभित्र पनि बैंकिङ, वीमा, शेयर बजार, व्यापार, सूचना प्रविधि, अटोमोबाइल्स, पर्यटन आदि धेरै विधा भएका छन् । आर्थिक पत्रकारले यी विधामा झन् बढी दक्षता हासिल गर्न विभिन्न तालिम तथा अध्ययन अनि अनुसन्धानमा पनि ध्यान दिनुपर्छ ।

आर्थिक पत्रकारिताको चर्चा हुनुअघि नेपालमा विकास पत्रकारिताको चर्चा गरिन्थ्यो । हाल विकाससम्बन्धी बहस पूर्वाधारदेखि सामाजिक, आर्थिक, पर्यावरण, मानव विकास आदिसम्म आइपुगेको छ । यी सबै आर्थिक पत्रकारिताभित्र समेटिएका छन् । परम्परागत र डिजिटल दुवै किसिमका आम सञ्चारका माध्यमले सामाजिक-आर्थिक विकासलाई आर्थिक पत्रकारिताभित्र समेटेका छन् ।

अर्थ तथा आर्थिक गतिविधि नै प्रधान बन्दै गएको विश्व परिवेशमा नेपालमा पनि आर्थिक गतिविधिप्रति मानिसको चासो बढ्दै गएका कारण नै आर्थिक पत्रकारिता मौलाएको हो । आर्थिक गतिविधिका समाचारलाई प्राथमिकता दिँदा समाजको चिन्तन, ध्यान तथा गतिविधि पनि अर्थोपार्जन तथा उद्यमशीलतामा केन्द्रित हुन्छ । उद्यमशील समाज नै कुनै पनि मुलुकको समृद्धिको वाहक हो । समाज विकासका लागि आर्थिक पत्रकारिताको भूमिका पनि बढेको छ । आर्थिक पत्रकारिताका कारण अहिले मुलुकमा आर्थिक चिन्तन, अध्ययन र विश्लेषण गर्ने क्रम शुरू भएको छ । मुलुकको आर्थिक अवस्थाको सबैभन्दा प्रभावकारी विश्लेषण गर्न आर्थिक पत्रकारिताले नै गर्ने हो । त्यसैले मुलुकको अर्थतन्त्रमा गर्न सकिने सुधारका लागि आर्थिक पत्रकारिताका माध्यमबाट अध्ययन र अनुसन्धान जरुरी छ ।

आर्थिक पत्रकारितालाई अझै विकास गर्न यससम्बन्धी अध्ययन र अभ्यास गरेका मानव स्रोतलाई सञ्चारमाध्यमले पनि निरन्तर प्रोत्साहनका साथै क्षमता विकासका अवसर दिनुपर्छ । समसामयिक विषयसमेटेर आर्थिक पत्रकारलाई विश्व बैंकलगायत विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदार, विदेशी नियोग एवं नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, वीमा समिति, अर्थ मन्त्रालय, आर्थिक पत्रकार समाज, पत्रकार महासंघलगायतका संघसंस्थाले पनि बेलाबेलामा तालिम तथा अभिमुखीकरण दिनुपर्छ। विश्वविद्यालयले पनि अर्थतन्त्रमा आइरहने विभिन्न संकटका कारण सैद्धान्तिक तथा प्रयोगात्मक आर्थिक पत्रकारिताको ज्ञान भएका दक्ष जनशक्ति उत्पादन गर्न जरुरी छ।

**आर्थिक पत्रकारका लागि सूचनाका स्रोत**

- नेपाल राष्ट्र बैंकको वेबसाइट
- नेपाल स्टक एक्सचेन्जको वेबसाइट
- धितोपत्र बोर्डको वेबसाइट
- वीमा समितिको वेबसाइट
- अर्थ मन्त्रालयको वेबसाइट
- उद्योग मन्त्रालयको वेबसाइट
- भन्सार विभागको वेबसाइट
- राष्ट्रिय योजना आयोगको वेबसाइट
- केन्द्रीय तथ्यांक कार्यालयको वेबसाइट
- महालेखा नियन्त्रक कार्यालयको वेबसाइट
- एसियाली विकास बैंकको वेबसाइट
- विश्व बैंकको वेबसाइट
- अन्तर्राष्ट्रिय मुद्रा कोषको वेबसाइट
- एफएटीएफको वेबसाइट

## सन्दर्भ–सूची

नेपालको संविधान

नेपालको पत्रकारिताको इतिहास

डा. गोविन्द नेपालको कार्यपत्र : आर्थिक पत्रकारिताको विकास

भन्सार विभागको वेबसाइट

नेपाल राष्ट्र बैंकको वेबसाइट

# पूँजी संकलनमाथि पत्रकारको नजर

**मुराहरि पराजुली**

## पृष्ठभूमि

अर्थतन्त्रलाई वास्तविक क्षेत्र र वित्तीय क्षेत्रमा विभाजन गर्ने हो भने पूँजी बजार वित्तीय क्षेत्रको अभिन्न अंग हुन जान्छ। वस्तु तथा सेवा उत्पादनका लागि आवश्यक स्रोत वित्त बजारले उपलब्ध गराउँछ। त्यसैगरी उत्पादित वस्तु तथा सेवाका आधारमा वित्तीय साधनहरूको निर्माण हुन्छ। यसैलै यी दुई क्षेत्र एकअर्काका परिपूरक हुन्। वित्तीय संस्था, वित्तीय उपकरण र वित्तीय मध्यस्थताको सामूहिक स्वरूपलाई समग्रमा वित्तीय प्रणालीका रूपमा बुझ्न सकिन्छ।

वित्त बजारले अर्थतन्त्रको एउटा क्षेत्रमा रहेको बचतलाई अभाव क्षेत्रतर्फ प्रवाह गर्छ। व्यक्ति, व्यावसायिक फर्म तथा सरकारका लागि आवश्यक हुने अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन वित्तीय आवश्यकताको पूर्ति यो बजारले गर्छ।

नेपालको वित्तीय प्रणालीमा बैंक तथा वित्तीय संस्था, पूँजी बजार, वीमा कम्पनी, गैरबैंकिङ वित्तीय संस्था र सहकारी सक्रिय छन्। यस पृष्ठभूमिमा, अन्य विधामा जस्तै पूँजी बजारको संरचना, संस्थागत व्यवस्था, वैधानिक प्रबन्ध, बजारका उपकरण तथा बजारमा सहभागीलाई खुट्याएर पत्रकारिता गर्नुपर्ने देखिन्छ। सोही प्रयोजनका लागि यो सामग्री तयार गरिएको छ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास

युरोपमा सत्रौं शताब्दीमा जोइन्ट स्टक कम्पनी स्थापना भएर ती कम्पनीले शेयर जारी गर्न थालेदेखि नै अखबार तथा पर्चाहरूमा यससम्बन्धी समाचार आउन थालेको हो । सन् १८४३ मा बेलायती अखबार *द इकोनोमिस्ट,* सन् १८८८ मा *फाइनान्सियल टाइम्स* र त्यसको एक वर्षपछि अमेरिकी अखबार *वाल स्ट्रिट* जर्नल प्रकाशनमा आएपछि अन्य आर्थिक कारोबारका अतिरिक्त शेयर बजारसम्बन्धी समाचार नियमित रूपमा आउन थालेको हो ।

नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि पत्रकारितामा आर्थिक विषयले महत्त्वका साथ स्थान पाउन थालेको हो । आर्थिक पत्रकारिताकै एक उपक्षेत्रका रूपमा पूँजी बजार मामिलाले नेपालमा अलग्गै बीटको रूप लिएको भने २०६० को दशकमा हो ।

## पूँजी बजार पत्रकारिताको परिचय

सामान्यतः सरकार तथा संगठित संस्थाहरूले आर्थिक गतिविधि सञ्चालनका लागि आवश्यक पूँजी संकलन गर्ने उद्देश्यले दीर्घकालीन वित्तीय साधनको कारोबार गर्ने बजारलाई पूँजी बजार भनिन्छ। यस्तो बजारमा संस्थागत तथा व्यक्तिगत लगानीकर्ताले पूँजीको आपूर्ति गर्छन् । खासगरी एक वर्षभन्दा लामो अवधिका वित्तीय साधन/औजार/उपकरणका रूपमा लिइने साधारण शेयर (इक्विटी) र ऋणपत्र (सरकारी तथा संस्थागत) को कारोबार पूँजी बजारमा हुन्छ। पूँजी बजारलाई धितोपत्र बजार पनि भन्ने गरिन्छ। यसलाई प्राथमिक र दोस्रो बजार भनेर विभाजन गर्न सकिन्छ।

पूँजी बजारका यिनै नियम, कानून, संस्थागत व्यवस्था, उपकरण, बजार सहभागीको सेरोफेरोमा रहेर गरिने पत्रकारितालाई पूँजी बजार (शेयर बजार) रिपोर्टिङ भन्न सकिन्छ।

## पत्रकारको योग्यता, सीप र मूल प्रवाहको चासो

शेयर बजार मामिला पत्रकारिताका लागि विशिष्ट शैक्षिक योग्यता वा औपचारिक शिक्षा आवश्यक नभए पनि बजार सञ्चालन प्रयोजनबारे सामान्य जानकारी सञ्चारकर्मीले राख्नुपर्छ । पत्रकारिताका अन्य विधाले माग गर्ने सीप पूँजी बजारको रिपोर्टिङले पनि गर्दछ। अर्थशास्त्र, वाणिज्यशास्त्र जस्ता विषय अध्ययन गरेको वा पूँजी बजारसम्बन्धी अन्य विशिष्ट शैक्षिक योग्यता वा औपचारिक शिक्षा तथा प्रशिक्षण प्राप्त गरेको भएमा अवश्य पनि त्यसले विषयवस्तुमाथिको पकड बढाउँछ। पूँजी बजार पत्रकारिताका लागि केही भाषिक सीप, शब्दावली र तिनका अर्थ बुझ्नुपर्ने हुन्छ।

शेयर बजारका उपभोक्तालाई केन्द्रमा राखी गरिने रिपोर्टिङ नै आम चासोको विषय बन्न सक्छ। बजार सम्बद्ध संस्था र तिनका पदाधिकारीले पेश गर्न खोजेको सूचनाभन्दा आम उपभोक्ताले सामना गर्नुपरेका अप्ठेरा, पूँजी बजारका विसंगति, अनियमितता तथा पूँजी बजारबाट सर्वसाधारणले प्राप्त गर्न सक्ने लाभका विषयलाई समाचार बनाइनुपर्छ।

## स्थलगत रिपोर्टिङ, सान्दर्भिकता र स्रोत

पूँजी बजार मामिला पत्रकारितामा स्थलगत रिपोर्टिङ आवश्यक हुन्छ। बजारको नियामक निकाय, बजार सञ्चालक, बजार सहभागी, मध्यस्थकर्ता तथा सूचीकृत कम्पनीहरूमा जाने र आवश्यक सूचना संकलन गर्ने कार्य सञ्चारकर्मीले गर्नुपर्छ।

पूँजी बजार मामिला पत्रकारका लागि आवश्यक विभिन्न तथ्यांक, विवरण तथा सूचनाहरू वित्त साहित्यमा, अनुसन्धानमूलक कृतिहरूमा, सरकारी योजना तथा कार्यक्रमहरूमा, सरकारको वार्षिक बजेटका साथै पूँजी बजारसम्बद्ध संस्थाका दस्ताबेजहरूमा पाइन्छ। पूँजी बजारसँग जोडिएका पात्रहरूको मौखिक अभिव्यक्ति तथा व्यवहार पनि सार्वजनिक चासोका विषय हुन सक्छन्। त्यस्ता सामग्री र पात्रलाई निरन्तर निगरानीमा राख्नुपर्छ। दस्ताबेजहरूमा पाइने सूचना र मानवीय व्यवहारमा देखिने विषयहरू समाचारलायक हुन् कि होइनन् भन्ने सञ्चारकर्मीले खुट्याउँछन्। यस्ता विषयमा सम्पादक तथा सहकर्मीहरूसँग छलफल गर्न सकिन्छ र कतिपय विषय अनुभवबाट पनि जानिन्छ।

बजारसम्बद्ध संस्थाहरूका प्रमुख कार्यकारी अधिकृतलगायतका उच्च पदाधिकारी, प्रवक्ता, सूचना अधिकारीबाट औपचारिक/अनौपचारिक रूपमा सूचना संकलन गर्न सकिन्छ। यसबाहेक त्यस्ता संस्थासम्बद्ध अन्य कर्मचारी र सेवाग्राहीका माध्यमबाट पनि औपचारिक तथा अनौपचारिक सूचना संकलन गर्न सकिन्छ। शेयर बजार मामिलामा पत्रकारिता गर्दा जनसम्पर्क विस्तार गर्ने विधि र शैली आम पत्रकारको भन्दा नितान्त अलग्गै किसिमको हुँदैन।

## पूँजी बजारसम्बन्धी कानूनी व्यवस्था

वित्तीय क्षेत्र विकास रणनीति, पञ्चवर्षीय योजना, संघीय सरकारको वार्षिक बजेटमा पूँजी बजारका प्रसंग आएका हुन्छन्। समग्रमा राष्ट्रले नै अंगीकार गरेको पूँजी बजारसम्बन्धी अलग्गै नीति भने हालसम्म बनेको छैन।

पूँजी बजार पत्रकारिताका लागि यस विषयसँग सम्बन्धित कानूनको ज्ञान हुन जरुरी छ। त्यस्ता केही ऐन, नियम तथा विनियमबारे सामान्य जानकारी यहाँ दिइएको छ।

धितोपत्रसम्बन्धी ऐन, २०६३ : धितोपत्र दर्ता तथा निष्कासन, धितोपत्र बोर्डको गठन, काम, कर्तव्य र अधिकार, धितोपत्र विनिमय बजार सञ्चालन, धितोपत्र व्यवसायीका काम, कर्तव्य र अधिकार, धितोपत्रको परिभाषा, धितोपत्र बजारमा हुन सक्ने अपराध, दण्ड-सजायलगायतका विषय यो ऐनमा समेटिएका छन् ।

**वस्तु विनिमय बजारसम्बन्धी ऐन**, २०७४ : कृषि, औद्योगिक, बहुमूल्य धातु, खनिजलगायतका वस्तु किनबेच गर्ने गरी खिचिएका करारहरूको कारोबार गर्ने/गराउने उद्देश्यले यो ऐन तर्जुमा भएको हो ।

**नेपाल धितोपत्र बोर्डसम्बन्धी नियमावली**, २०६४ : यस नियमावलीमा नियामक निकायका रूपमा नेपाल धितोपत्र बोर्डको गठन, काम, कर्तव्य र अधिकारको विस्तृत व्यवस्था गरिएको छ ।

**धितोपत्र बजार सञ्चालन नियमावली**, २०६४ : यस नियमावलीमा धितोपत्र विनिमय बजार (बोलीचालीको भाषामा स्टक एक्सचेन्ज) सञ्चालनका लागि इजाजत लिनुपर्ने, बजारको गठन, पूँजी, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, बजारका काम, कर्तव्य र अधिकारलगायतका विषय समेटिएका छन् ।

**धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली**, २०६४ : यस नियमावलीमा बोर्डबाट इजाजत लिएर मात्र धितोपत्र व्यवसायीका रूपमा कारोबार गर्न पाइने, तोकिएको व्यवसाय गर्न आवश्यक पूँजी, व्यवसायीका काम, कर्तव्य र अधिकारको उल्लेख छ । नियमावलीअनुसार दोस्रो बजारमा कारोबार गर्न सहयोग गर्ने धितोपत्र दलाल हो । धितोपत्रहरूको थोकमा किनबेच गर्ने-गराउने धितोपत्र व्यापारी हो । आवश्यकताअनुसार धितोपत्रहरूको माग तथा आपूर्ति गरी बजारलाई चलायमान बनाउन सघाउने बजार निर्माता हो ।

**धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली**, २०६४ : प्राथमिक बजारमा कम्पनीलाई धितोपत्र जारी गर्न सघाउ पुऱ्याउने तथा जारी भइसकेपछि धितोपत्रको अभिलेख तथा हस्तान्तरणलगायतका विषयमा दक्ष सेवा प्रदान गर्ने व्यवसायीका रूपमा पहिचान गरिएको मर्चेन्ट बैंकरको पूँजी, गठन तथा सञ्चालनसम्बन्धी व्यवस्था यस नियमावलीमा गरिएको छ ।

**सामूहिक लगानी कोष नियमावली**, २०६७ : धितोपत्र बजारमा पर्याप्त समय तथा स्रोत दिन नसक्ने सर्वसाधारणका लागि लगानीसम्बन्धी विशिष्टीकृत सेवा प्रदान गर्ने उद्देश्यले सामूहिक लगानी कोष (म्युचुअल फन्ड) अस्तित्त्वमा आएका हुन् । यिनै कोषहरूको

नियमन गर्ने गरी सामूहिक लगानी कोष नियमावली, २०६७ लागू भएको हो ।

**धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली**, **२०६७** : धितोपत्रहरूलाई अभौतिक (डिजिटल) रूपमा सुरक्षित गरी राख्ने त्यस्ता धितोपत्रहरूको स्वामित्व हस्तान्तरणलाई व्यवस्थित गर्ने सेवालाई नियमन गर्ने उद्देश्यले यो नियमावली जारी भएको हो ।

**क्रेडिट रेटिङ नियमावली**, **२०६८** : कुनै निकायले धितोपत्र (ऋणपत्र वा शेयर) जारी गरेर पूँजी संकलन गरिसकेपछि प्रतिफलसहित त्यस्तो पूँजी फिर्ता गर्न सक्ने/नसक्ने क्षमताको जाँच गरी सर्वसाधारणलाई जानकारी दिने कार्य क्रेडिट रेटिङ एजेन्सीले गर्छ । यो नियमावलीले त्यस्ता एजेन्सीका कामकारबाहीलाई व्यवस्थित गर्छ ।

**धितोपत्र दर्ता तथा निष्कासन नियमावली**, **२०७३** : निष्कासनकर्ताले धितोपत्र जारी गर्दा धितोपत्र बोर्डको अनुमति लिनुपर्छ । त्यस्ता निष्कासनकर्ता धितोपत्र बोर्डमा दर्ता भएको हुनुपर्छ । यसका अतिरिक्त निष्कासनकर्ताले पालना गर्नुपर्ने विभिन्न शर्त यस नियमावलीमा तोकिएको छ ।

**वस्तु विनिमय बजारसम्बन्धी नियमावली**, **२०७४** : वस्तु विनिमय बजारसम्बन्धी ऐनअन्तर्गत बनेको यस नियमावलीमा वस्तु विनिमय बजारमा कारोबार हुनसक्ने औजार, बजार गठन तथा सञ्चालनसम्बन्धी व्यवस्था छन् ।

**धितोपत्र सूचीकरण तथा कारोबार नियमावली**, **२०७५** : प्राथमिक बजारमा धितोपत्र जारी भई लगानीकर्तालाई बाँडफाँट गरिसकेपछि दोस्रो बजारमा कारोबारका लागि दर्ता गर्नुपर्ने हुन्छ । यसरी दोस्रो बजारमा दर्ता गर्ने कार्यलाई सूचीकरण भनिन्छ । दोस्रो बजारमा धितोपत्र सूचीकरण गरी कारोबार गर्ने व्यवस्था यस नियमावलीमा तोकिएको छ ।

**विशिष्टीकृत लगानी कोष नियमावली**, **२०७५** : सर्वसाधारणमाझ गएर ससाना पूँजी संकलन गर्ने पूँजी बजारको नियमित माध्यमबाहेक तुलनात्मक रूपमा स्रोत-सम्पन्न व्यक्ति तथा निकायबाट पूँजी संकलन गरी विभिन्न क्षेत्रमा परिचालन गर्न विशिष्टीकृत लगानी कोषको अवधारणा हो । यस्ता कोषहरूको स्वरूप तथा दायराको निर्क्योल यस नियमावलीमा गरिएको छ ।

**सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली**, २०६२ : सरकारले जारी गर्ने लामो तथा छोटो अवधिका ऋणपत्रको दोस्रो बजार कारोबारलाई व्यवस्थित गर्ने गरी यो विनियमावली जारी भएको हो ।

**धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली**, २०६८ : धितोपत्रहरूलाई कसरी अभौतिक रूपमा सुरक्षित राख्ने, कसले राख्ने, शुल्क कति लाग्ने, सेवाग्राही तथा सेवाप्रदायकको दायित्व तथा अधिकारलगायतका विषय यस विनियमावलीमा तोकिएको छ।

**धितोपत्र कारोबार राफसाफ तथा फछ्र्योट विनियमावली** २०६९ : दोस्रो बजारमा कारोबार भइसकेपछि नगद पाउनेले नगद र धितोपत्र पाउनेले धितोपत्र के-कसरी पाउने, कति दिनमा कसले उपलब्ध गराउने, कति शुल्क लाग्ने भन्ने जस्ता विषयको किटान यस विनियमावलीमा गरिएको छ।

**धितोपत्र सूचीकरण विनियमावली**, २०७५ : सरकार वा कम्पनीले जारी गरेका धितोपत्र दोस्रो बजार कारोबारका लागि स्टक एक्सचेन्जमा दर्ता गराउने कार्यलाई यस विनियमावलीमा निर्दिष्ट गरिएको छ। यसमा सूचीकरण गर्ने गराउनेको दायित्व तथा अधिकार, शुल्कलगायतका विषय समेटिएका छन्।

**धितोपत्र कारोबार विनियमावली**, २०७५ : स्टक एक्सचेन्जमा धितोपत्र सूचीकरण भइसकेपछि त्यस्ता धितोपत्रको किनबेच कसरी गर्ने, कहाँ गर्ने, कसले गर्ने, कुन समयमा गर्ने, प्रविधिको उपयोग, धितोपत्रको मूल्य उतार-चढाव, कारोबार शुल्क, अक्सन मार्केट, राफसाफ कोषलगायतका विषय यस विनियमावलीमा व्यवस्था गरिएको छ।

कानूनी व्यवस्थाहरूको आवश्यक विस्तृत जानकारीका लागि भने सम्बन्धित कानूनको अध्ययन गर्नुपर्छ। समाचार तयार गर्ने क्रममा बेलाबेलामा आवश्यक पर्न सक्ने भएकाले यी कानून चाहिएका बेलामा सहजै भेट्न सकिने गरी व्यवस्थित किसिमले राख्नुपर्छ।

पूँजी बजारमा प्रचलित विभिन्न नीति, ऐन, नियम पर्याप्त भए/नभएको विषयलाई पत्रकारले आलोचनात्मक ढंगले हेर्नुपर्छ। सार्वजनिक नीति तर्जुमाका अवाञ्छित नतिजा हुन्छन्। निश्चित व्यक्ति वा समूहलाई लाभ पुग्ने गरी नियतवश नीति तथा कानूनमा गरिने परिवर्तन (संशोधन) झन् खराब हुन्छ। अन्य विधामा जस्तै स्टक मार्केट रिपोर्टिङमा पनि शक्तिशाली व्यक्ति तथा संस्थाको प्रभावबाट मुक्त हुनुपर्ने चुनौती हुन्छ। क्षणिक व्यक्तिगत लाभहानि छाडेर बृहत् समाजको हितमा पत्रकारिता गर्ने उपाय नै शेयर मार्केट रिपोर्टिङमा लागू हुन्छ। तसर्थ पूँजी बजारसम्बन्धी कुनै नीति, ऐन वा नियम ल्याइयो वा संशोधन गरियो भने त्यसो गर्नुको उद्देश्य (नियत) के हो भनेर मिहीन ढंगले हेर्नुपर्छ।

## शेयर बजार सम्बद्ध संस्थाहरू

नेपालको पूँजी बजार सञ्चालनका लागि पनि निश्चित संस्थागत पूर्वाधार तयार भएको छ। माथि उल्लेख भएका ऐन, नियमानुसार पूँजी बजारसम्बद्ध संस्थाको गठन तथा सञ्चालन भएको हुन्छ।

**नेपाल धितोपत्र बोर्ड** : नेपाल धितोपत्र बोर्ड नेपाली पूँजी बजार नियमन गर्ने सर्वोच्च निकाय हो । धितोपत्र कारोबारलाई नियमन गर्ने, पूँजी बजारसम्बन्धी नीतिनियम तर्जुमा गर्ने, पूँजी बजारको अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गर्ने, पूँजी बजार सम्बन्धमा सरकारको सल्लाहकारका रूपमा काम गर्नेलगायतका उद्देश्य राखी २०५० जेठ २५ मा यसको गठन भएको हो ।

धितोपत्र लगानीकर्ताहरूको हित संरक्षण गर्ने, धितोपत्र बजारसम्बन्धी नियम, कानून तर्जुमा तथा बजार नियमन र विकास गर्ने बोर्डको मुख्य उद्देश्य हो ।

धितोपत्र निष्कासनका लागि स्वीकृति प्रदान गर्ने, धितोपत्र सम्बद्ध संस्था सञ्चालन गर्न इजाजत दिने, बजार सुपरिवेक्षण तथा अनुगमन गर्ने, नियमन व्यवस्थाको पालना नगर्ने संस्थालाई कारबाही गर्ने, बजार सम्बन्धमा अध्ययन, अनुसन्धान तथा चेतना अभिवृद्धि गर्ने, बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न सरकारलाई परामर्श दिने काम बोर्डले गर्दै आएको छ ।

**धितोपत्र विनिमय बजार** : हाल नेपाल सरकारको बहुमत स्वामित्वमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) धितोपत्र विनिमय बजारका रूपमा सञ्चालित छ । नेपाल सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी सञ्चय कोष, लक्ष्मी बैंक, प्रभु बैंक र अन्य यसका शेयर धनी हुन् । नेप्सेले २०५० पुस २९ देखि कारोबार सञ्चालन गर्दै आएको हो ।

यसअघि २०३३ सालमा सेक्युरिटी खरिद-बिक्री केन्द्र स्थापना गरिएको थियो । केन्द्रले बजार सञ्चालक, नियामक, मध्यस्थकर्ता र कहिलेकाहीं लगानीकर्ताको समेत काम गर्ने गरेको थियो । सोही केन्द्रलाई रूपान्तरण गरी स्टक एक्सचेन्ज बनाइएको हो ।

स्टक एक्सचेन्जले बजारमा जारी भएका धितोपत्र (शेयर, ऋणपत्र तथा म्युचुअल फन्डका एकाइ) को सूचीकरण गरी कारोबार गर्ने व्यवस्था मिलाउँदै आएको छ । यसले दोस्रो बजार कारोबारको अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण एवं सूचना प्रवाह गर्छ । नेप्सेले २०७५ सालदेखि पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली लागू गरेको छ ।

**केन्द्रीय निक्षेप तथा राफसाफ कम्पनी** : धितोपत्रहरूलाई केन्द्रीकृत रूपमा अभौतिक स्वरूपमा सुरक्षित गरी राख्ने र नामसारी तथा हस्तान्तरणको सेवा प्रदान गर्ने गरी नेप्सेको पूर्ण स्वामित्वमा सीडीएस एन्ड क्लियरिङ लिमिटेड २०६७ सालमा स्थापना भएको हो ।

कागजविहीन धितोपत्र कारोबारका लागि केन्द्रीय निक्षेप प्रणाली आवश्यक हुन्छ । धितोपत्रलाई विद्युतीय रूपमा अभिलेखबद्ध गरी राख्ने यो एक प्रकारको धितोपत्रको

केन्द्रीकृत बैंक हो । सम्बन्धित धनीहरूबाट आफ्नो जिम्मामा लिई धितोपत्र सुरक्षित राख्ने, स्वामित्व हस्तान्तरण गर्नेसम्बन्धी सेवा धितोपत्रको केन्द्रीय निक्षेप प्रणालीमार्फत हुने गर्दछ ।

सर्वसाधारणले नगद जम्मा गर्न बैंकमा बचत खाता खोलेजस्तै धितोपत्रहरू सुरक्षित राख्नका लागि निक्षेप सदस्य (डिपोजिटरी पार्टिसिप्यान्ट्स-डीपी) मा डिम्याट खाता खोल्नुपर्छ ।

**धितोपत्र दलाल** : दोस्रो बजारमा लगानीकर्ताका तर्फबाट धितोपत्र खरिद-बिक्री गरिदिने मध्यस्थता सेवा प्रवाहका लागि हाल ५० कम्पनीले यस्तो सेवा दिइरहेका छन । प्राइभेट तथा पब्लिक लिमिटेड कम्पनीका रूपमा स्थापित धितोपत्र दलालले हाल देशभर १०६ कारोबार केन्द्रबाट सेवा दिइरहेका छन् ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक** : धितोपत्र निष्कासनकर्तालाई प्राथमिक बजारमा धितोपत्र बिक्री गर्न सहयोग गर्ने कम्पनी मर्चेन्ट बैंकर हुन् । यिनीहरूले धितोपत्र निष्कासन कार्य प्रबन्धको जिम्मा लिने, धितोपत्र बिक्री नभए आफैंले खरिद गर्छु भनेर प्रत्याभूति गर्नेलगायतका कार्य गर्छन् । हाल यस्ता ३० वटा मर्चेन्ट बैंकर सञ्चालनमा छन् ।

**धितोपत्र व्यापारी** : धितोपत्र व्यापारीले धितोपत्रको खरिद तथा बिक्री दुवै मूल्य अंकित गरी त्यस्तो धितोपत्र आफ्नो नामबाट खरिद तथा बिक्री गर्नेलगायतका काम गर्छन् । धितोपत्र व्यापारीले ठूलो परिमाण (थोक) मा धितोपत्र खरिद वा बिक्री गरी बजारमा माग र आपूर्तिको अवस्थालाई सन्तुलनमा राख्छन् भन्ने मान्यता छ । हाल एउटा मात्र कम्पनीले यस्तो कामका लागि अनुमति पाएको छ ।

**ओभर द काउन्टर (ओटिसी) बजार** : स्टक एक्सचेन्जमा सूचीकरण हुन नसकेका वा सूचीकरण खारेज भएका धितोपत्रहरूको कारोबार ओभर द काउन्टर (ओटिसी) बजारमा हुन सक्छ । नेपालमा नेप्सेले नै यस्तो बजार सञ्चालन गर्ने गरेको छ । यो अनौपचारिक किसिमको बजार हो । यसमा कारोबार गर्दा धितोपत्र दलालको सहायता लिनु पर्दैन । धितोपत्रको कारोबार मूल्य खरिदकर्ता र बिक्रीकर्ताको आपसी सहमतिमा तय हुन्छ ।

**सामूहिक लगानी कोष** : सर्वसाधारण लगानीकर्ताबाट पूँजी संकलन गरी त्यस्ता पूँजीलाई विभिन्न धितोपत्रमा लगानी गरी प्राप्त प्रतिफल तिनै लगानीकर्तालाई फिर्ता गर्ने ढंगबाट सामूहिक लगानी कोष (म्युचुअल फन्ड) सञ्चालनमा आएका हुन्छन् । हालसम्म यस्ता १८ कोष सञ्चालनमा आएका छन् । यस्ता कोषले लगानीकर्ताको रकम संकलन गर्नका लागि संकलित रकम के-कस्तो धितोपत्र औजारहरूमा लगानी गर्ने, कुन क्षेत्रमा

लगानी गर्ने, लगानी गर्दाका जोखिम के-कस्ता हुन सक्छन् लगायतका विवरण समावेश गरी तयार गरेको खाकालाई योजना (स्किम) भनिन्छ।

**क्रेडिट रेटिङ एजेन्सी** : संगठित संस्थाको साखको गुणस्तर मूल्यांकन गर्ने तथा त्यस सम्बन्धमा राय दिनेसम्बन्धी कार्यलाई क्रेडिट रेटिङ भनिन्छ। संगठित संस्थाले जारी गर्ने प्राथमिक निष्कासन, थप निष्कासन (फर्दर पब्लिक इस्यु), हकप्रद, अग्राधिकार शेयर, ऋणपत्रको सार्वजनिक निष्कासनमा निष्कासनकर्ताले क्रेडिट रेटिङ गराउनुपर्छ। हालसम्म तीनवटा संस्थाले धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ गराउने अनुमति पाएका छन्।

## पूँजी बजारका उपकरण

पूँजी बजारमा आउने सबै किसिमका उपकरणलाई कारोबार हुने तरिका, कारोबार स्थल, राफसाफ तथा फछ्र्योट हुने तरिका, उपकरणधनीको अधिकार, प्रतिफललगायतका विशेषताका आधारमा ऋणपत्र, शेयर र डेरिभेटिभ्स गरी तीन वर्गमा विभाजन गर्न सकिन्छ। तिनको यहाँ अलग-अलग चर्चा गरिएको छ :

१. **शेयर** : कुनै व्यवसाय, उद्योगधन्दा, व्यापार आदि सञ्चालन गर्न आवश्यक पूँजी संकलन गर्ने उद्देश्यले कम्पनीहरूले जारी गर्ने साधन शेयर हो। शेयर खरिद गरेपछि व्यक्ति वा निकाय उक्त कम्पनीको अंशियार बन्छ। यसले खरिदकर्तालाई कम्पनीले प्रदान गर्ने लाभमा सहभागी हुने अधिकार दिन्छ।

शेयर मुख्यतया दुई किसिमका हुन्छन्। पहिलो साधारण शेयर हो जसले धारकलाई कम्पनीको साधारण सभामा सहभागी हुने, नीति नियम निर्माणमा आफ्नो मत जाहेर गर्ने, सञ्चालक चुन्ने, सञ्चालक बन्नका लागि उम्मेदवार हुने जस्ता अधिकार प्रदान गर्छ।

दोस्रो अग्राधिकार शेयर हो। यसलाई शेयर र ऋणपत्रको वर्णसंकर पनि मानिन्छ। यसले कम्पनीबाट वितरण हुने प्रतिफलमा साधारण शेयर धनीको भन्दा पहिलो अधिकार दिन्छ। कम्पनी विघटन हुने अवस्थामा पनि साधारण शेयर धनीभन्दा पहिलो प्राथमिकता अग्राधिकार शेयरवालालाई दिइन्छ। धेरैजसो अग्राधिकार शेयरमा निश्चित लाभांश रकम (लाभांश प्रतिशत) पहिल्यै निर्धारण गरिएको हुन्छ। सामान्यतया अग्राधिकार शेयरवालाले कम्पनीको साधारण सभामा भाग लिने, मत जाहेर गर्ने, सञ्चालक बन्ने अवसर पाउँदैनन्।

धितोपत्रमध्ये शेयरलाई तुलनात्मक रूपमा बढी जोखिम भएको वित्तीय साधन मानिन्छ। पब्लिक लिमिटेड कम्पनीको शेयरमा लगानीकर्ताको दायित्व लगानी गरिएको रकम बराबर मात्रै हुन्छ।

शेयर खरिद गरेको भन्दा बढी मूल्यमा बिक्री गर्न सकियो भने फाइदा हुन्छ। यसलाई पूँजीगत लाभ भनिन्छ। यस्तो लाभमा सरकारले कर लिने गरेको छ। कम्पनीले आर्जित नाफाबाट शेयर धनीलाई प्रतिफल (नगद लाभांश) वितरण गर्न सक्छ। यसरी लाभांश वितरण गर्नका लागि कम्पनीको शेयर धनी कोषमा पर्याप्त रकम हुनुपर्छ।

कम्पनीले साबिकका शेयर धनीले मात्र खरिद गर्न सक्ने गरी थप (हकप्रद) शेयर जारी गर्न सक्छ। यस्तो शेयर प्रायः बजार मूल्यभन्दा कममा खरिद गर्न सकिन्छ। कम्पनीले साविकका शेयर धनीलाई लाभांशका रूपमा सित्तैमा थप (बोनस) शेयर दिन सक्छ।

२. **ऋणपत्र** : तोकिएको दर र समयमा साँवा तथा ब्याज भुक्तानी गर्ने शर्तमा संगठित संस्था (कम्पनी) वा सरकारले जारी गरेको वित्तीय औजारलाई ऋणपत्र (डिबेन्चर वा बन्ड) भनिन्छ। डिबेन्चरवालाले आफूले गरेको लगानी रकममा तोकिएको दरमा वार्षिक वा अर्धवार्षिक रूपमा ब्याज प्राप्त गर्छन्।

केन्द्रीय, प्रदेश वा स्थानीय सरकारले जारी गरेको वित्तीय औजारलाई ऋणपत्र (बन्ड) भनिन्छ। हाल केन्द्र वा प्रदेश सरकारले ऋणपत्र जारी गर्नेसम्बन्धी स्पष्ट वैधानिक प्रावधान भए पनि स्थानीय सरकारका बारेमा वैधानिक स्पष्टता छैन। ऋणपत्र (डिबेन्चर) खरिदकर्तालाई कम्पनीको वार्षिक साधारणसभामा सहभागी हुने र मतदान गर्ने अधिकार हुँदैन।

नेपालमा सरकारका तर्फबाट नेपाल राष्ट्र बैंकले नागरिक बचतपत्र, विकास ऋणपत्र, वैदेशिक रोजगार बचतपत्रलगायतका नाममा मध्यकालीन तथा दीर्घकालीन अवधिका ऋणपत्र जारी गर्दै आएको छ। सरकारी ऋणपत्रमा लगानीकर्ताका लागि जोखिम र प्रतिफल दुवै न्यून हुन्छन्।

धितो जमानी भएको र नभएको, विमोच्य (निश्चित अवधिपछि साँवा फिर्ता हुने) र अविमोच्य (सावाँ फिर्ता नभई निरन्तर जारी हुने), परिवर्तनीय (शेयर वा अरू किसिमका धितोपत्रमा रूपान्तरण हुने) र अपरिवर्तनीय गरी संस्थागत ऋणपत्रलाई विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ।

३. **डेरिभेटिभ्स** : सम्पत्तिको मूल्यमा भविष्यमा हुन सक्ने उतार-चढावबाट पर्न सक्ने असर कम गर्न डेरिभेटिभ्स बजार अस्तित्त्वमा आएको हो। यो बजारमा भविष्यमा कुनै सम्पत्ति निश्चित मूल्यमा किनबेच गर्ने गरी गरिएका करारहरूको किनबेच हुन्छ। त्यस्तो करारको मूल्य किनबेच गरिने वास्तविक सम्पत्तिको मूल्यबाट खिच्ने (डिराइभ गर्ने) काम हुन्छ। एउटा सम्पत्ति (वास्तविक सम्पत्ति) को मूल्यबाट अर्को सम्पत्ति (करार) को मूल्य खिचिने (डिराइभ हुने) भएकाले यी औजारहरूको नाम डेरिभेटिभ रहेको हो।

डेरिभेटिभको कारोबार बुझ्ने भाषामा भन्नुपर्दा बैनाको किनबेच हो । हामीकहाँ कुनै कारोबार गर्न बैनालाई उपयोग गरिन्छ तर बैनाकै किनबेच गर्ने चलन छैन । संगठित रूपमा बैनाकै कारोबार हुने बजार डेरिभेटिभ्स मार्केट हो भन्न सकिन्छ । यस्ता बैनाहरूलाई फरवार्ड, फ्यूचर, अप्सन र स्वाप गरी चार वर्गमा वर्गीकरण गर्न सकिन्छ :

***(क) फरवार्ड*** *:* यो अनौपचारिक किसिमको बजारमा उपलब्ध हुन्छ । सामान्यतया यो बजारमा खरिदकर्ता र बिक्रीकर्ता आपसमा करारका शर्तहरूमा सहमत भई सम्झौतामा प्रवेश गर्दछन् र करारको अवधि समाप्त भएपछि आफ्नो लिनु-दिनु मिलाउँछन् । फरवार्ड बजारमा कारोबार गरिने करारहरू विशिष्टीकृत (स्ट्यान्डराइज्ड) हुँदैनन् । फरवार्ड बजारको मुख्य समस्या भनेको दुई पक्षबीच भएका करार सम्झौताको पूर्ण पालना हुन्छ कि हुँदैन भन्ने हो । यो बजारमा प्रत्याभूतिकर्ता हुँदैन र कुनै नियामकले नियमन पनि गर्दैन ।

***(ख) फ्युचर्स*** *:* फरवार्डको विकसित रूप फ्युचर्स हो । भविष्यमा कुनै सम्पत्ति निर्धारित मूल्यमा खरिद-बिक्री गर्ने गरी खिचिएको करार फ्युचर्स हो । यसमा कारोबार गरिने करारहरू विशिष्टीकृत (स्ट्यान्डर्डाइज्ड) हुन्छन् । अर्थात् सम्पत्तिको मूल्य, एकाइ, परिमाण, गुणस्तर, हस्तान्तरण गर्ने विधि, माध्यम, स्थानलगायतका विषय करारमा स्पष्ट उल्लेख हुन्छ । फ्यूचर्स मार्केटमा कारोबारबाट सिर्जित दायित्व राफसाफ हुन्छ भन्ने सुनिश्चित गर्ने र नियमन गर्ने निकाय हुन्छ ।

***(ग) अप्सन*** *:* फरवार्डको विकसित रूप फ्यूचर्स भएजस्तै फ्यूचर्सको परिमार्जित रूप अप्सन हो भन्न सकिन्छ । अप्सनमा सहभागीलाई करारबमोजिमको दायित्वबाट छुटकारा पाउने विकल्प (अप्सन) हुन्छ । अर्थात्, कुनै सम्पत्ति निश्चित मूल्यमा, निश्चित मितिमा खरिद वा बिक्री गर्छु भनेर करार गरिसकेपछि त्यस्तो सम्पत्ति खरिद वा बिक्री नगर्ने छुट सहभागीलाई हुन्छ । तर सहभागीले यसबापत निश्चित शुल्क भने तिर्नुपर्छ ।

***(घ) स्वाप*** *:* डेरिभेटिभ्समध्ये सर्वसाधारणमा यो कम प्रचलित उपकरण हो । आधारभूत रूपमा स्वापमा सम्पत्ति नै खरिद-बिक्री गर्ने नभई त्यस्ता सम्पत्तिबाट प्राप्त हुने प्रतिफल साटफेर गर्ने किसिमले करार गरिएको हुन्छ ।

डेरिभेटिभ्समा कारोबार गरिने करार तर्जुमा गर्ने आधार सम्पत्ति (Underlying Asset) विभिन्न किसिमका हुन्छन् । यस्तो सम्पत्ति वस्तु (कफी, कपास, चिनी, धान, गहुँजस्ता कृषि वस्तु; फलाम, कच्चा तेललगायतका खनिज वा औद्योगिक वस्तु; बहुमूल्य धातु (सुन, चाँदी आदि), वित्तीय उपकरण (शेयर, ऋणपत्र), विदेशी मुद्रा (डलर, पाउन्ड, युरो आदि) हुन सक्छन् ।

## स्थानीयदेखि अन्तर्राष्ट्रिय घटनासम्म

स्थानीय तथा प्रादेशिक सन्दर्भका सामग्रीलाई कसरी राष्ट्रिय महत्त्व र सन्दर्भ-सामग्रीका रूपमा विकास गर्ने ? पूँजी बजार मात्र नभएर अन्य मामिलाका विषयवस्तुको समाचार लेखनका सन्दर्भमा पनि यो प्रश्न उठ्ने गरेको छ । घटना वा विषय, त्यसबाट प्रभावित जनसंख्या तथा भौगोलिक क्षेत्रले नै समाचार प्रादेशिक वा राष्ट्रिय महत्त्वको हो कि होइन भन्ने निर्धारण गर्छ । तथ्य र प्रमाणका आधारमा संवाददाताले त्यसलाई पुष्टि गर्न सक्नुपर्छ, जबर्जस्ती धेरै शब्द खर्चिएर मात्र भने त्यो राष्ट्रिय महत्त्वको सामग्री बन्दैन ।

पत्रकारिताका अन्य बीटजस्तै पूँजी बजारका मामलामा पनि पत्रकारका मनमा प्रश्न उठ्छन्- कस्ता अन्तर्राष्ट्रिय घटनालाई राष्ट्रिय मिडियामा सान्दर्भिक बनाएर प्रस्तुत गर्ने होला ? यस्तो प्रश्न उठ्नु स्वाभाविक पनि छ किनकि नेपालको पूँजी बजार प्रत्यक्ष रूपमा विदेशी बजारसँग जोडिएको छैन तर पनि अन्तर्राष्ट्रिय घटनाहरूको सांकेतिक प्रभाव भने नेपाली बजारमा पर्छ । ती घटनाले नेपालको वैदेशिक व्यापार तथा समग्र आर्थिक सूचकहरूलाई परोक्ष प्रभाव पारेका हुन्छन् भने आम लगानीकर्ताको मनोबलमा पनि प्रभाव पारेका हुन्छन् । यस्ता घटनाबाट पर्न सक्ने प्रभावको अध्ययन तथा विश्लेषण सञ्चारकर्मीले गर्नुपर्छ ।

यसका लागि अन्तर्राष्ट्रिय सूचनाका स्रोतका बारेमा जानकारी हुन आवश्यक हुन्छ । पूँजी बजारसम्बद्ध विश्व संस्था, विभिन्न स्टक एक्सचेन्जहरू तथा मिडिया अन्तर्राष्ट्रिय नै सूचनाका स्रोत हुन् । जानकारीका लागि पूँजी बजारका नियामक निकायको अन्तर्राष्ट्रिय संस्था इन्टरनेसनल अर्गनाइजेसन अफ सेक्युरिटिज कमिसन्स हो भने स्टक एक्सचेन्जहरूको अन्तर्राष्ट्रिय संस्था वर्ल्ड फेडेरेसन अफ एक्सचेन्जेज हो ।

## तथ्यांक केलाउने काइदा

सामान्यतः पूँजी बजारको रिपोर्टिङभन्दा दोस्रो बजार कारोबार गतिविधिलाई बुझिन्छ । यसको दैनिक रिपोर्टिङ गर्दा समग्रमा बजार परिसूचक (नेप्से) को उतार-चढाव, अरू समूहगत परिसूचकको अवस्था के-कस्तो रह्यो भनेर हेरिन्छ । कुनै कम्पनीको शेयर मूल्य उच्च दरमा घट्यो वा बढ्यो भने पनि समाचार लेखिन्छ । बजार परिसूचक वा कम्पनीको शेयर मूल्य घट्नु वा बढ्नुको सम्भावित कारणबारेमा पनि समाचार लेखिन्छ ।

यसैगरी शेयर कारोबारको आकार (रकम), बारम्बरता (कतिपटक किनबेच भयो ?) भन्ने तथ्यांकलाई पनि समाचारको विषय बनाइनुपर्छ । यसबाट बजारले कुन दिशा लिँदैछ भन्ने संकेत मिल्छ । उदाहरणका लागि बजार (नेप्से परिसूचक) घटिरहेको छ तर थोरै (रकम र संख्या) कारोबार भइरहेको छ भने घट्ने प्रवृत्ति निरन्तर नरहन सक्छ ।

## विविध प्रसंग, केही प्रश्नोत्तर

यसबाहेक शेयर बजार रिपोर्टरसामु बारम्बार आउने केही प्रसंग छन्, जसलाई प्रश्नोत्तरका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**(क) नेप्से इन्डेक्स भनेको के हो ?**

स्टक एक्सचेन्जमा सूचीकृत धितोपत्रहरूको मूल्य स्थितिको जानकारी बजार परिसूचकले दिन्छ । यो एउटा औसत अंक हो । बजारमा सूचीकृत धितोपत्रको मूल्य बढेमा यो परिसूचक बढ्ने र मूल्य घटेमा घट्ने गर्दछ । धितोपत्रको बजार मूल्य मुख्यतः माग तथा आपूर्तिबाट निर्धारण हुन्छ । धितोपत्र खरिद गर्न चाहने लगानीकर्ताहरू बढी भए मूल्य बढ्छ र बिक्री गर्न चाहने लगानीकर्ताहरूको चाप बढी भए मूल्य घट्छ । नेपाल स्टक एक्सचेन्जले प्रत्येक कारोबार भएको दिन यस प्रकारको परिसूचक गणना गर्दछ । नेपाल स्टक एक्सचेन्जको समग्र परिसूचकलाई 'नेप्से' भनिन्छ ।

**(ख) बजार किन तलमाथि गर्छ ?**

धितोपत्रको माग तथा आपूर्तिलाई असर गर्ने कारण धेरै हुन्छन् । सम्बन्धित कम्पनीको नाफा-नोक्सान, कार्य सम्पादन र सञ्चालन नतिजा, लगानीकर्तालाई प्रदान गरिने प्रतिफल, कम्पनीको विकास र विस्तारको सम्भावना जस्ता पक्षले मूल्यमा प्रभाव पार्दछ । बैंकिङ क्षेत्रमा तरलताको अवस्था, मुलुकको समग्र आर्थिक तथा राजनीतिक वातावरण तथा लगानीकर्ताको मनोबलले पनि मूल्यलाई असर गरिरहेका हुन्छन् । यिनै कारणले शेयर बजार तलमाथि हुने गर्छ ।

**(ग) बुल मार्केट के हो ? बियर मार्केट के हो ?**

बजार लगातार बढेको तेजीको अवस्थालाई बुल मार्केट भन्छन् भने लगातार घटिरहेको मन्दीको अवस्थालाई बियर मार्केट भन्छन् । कति बढ्यो भने बुल मार्केट भन्ने र कति घट्यो भने बियर मार्केट भन्ने ? यो विषयमा भने विवाद छ । तर, अधिकांश जानकारले इन्डेक्स पछिल्लो न्यूनतम विन्दुबाट लगातार दुई महिनासम्म बढिरह्यो वा २० प्रतिशतले बढ्यो भने बुल मार्केट भन्ने र इन्डेक्स पछिल्लो उच्चतम विन्दुबाट लगातार दुई महिनासम्म घटिरह्यो वा २० प्रतिशतले घट्यो भने बियर मार्केट भन्ने गरेका छन् ।

**(घ) मूल्य संवेदनशील सूचना भनेको के हो ?**

नगद लाभांश, बोनस शेयर तथा हकप्रद शेयर निष्कासनको घोषणा, थप धितोपत्र निष्कासन, कम्पनीको व्यवस्थापन परिवर्तन, विस्तार योजना, आम्दानी, नाफा-नोक्सानलगायतका वित्तीय

कार्य सम्पादन, ठूलो परिमाणमा सम्पत्ति खरिद वा बिक्री, कम्पनीको व्यवसायमा प्रभाव पार्ने सम्झौता तथा यस्तै अन्य सूचना एवं जानकारीलाई मूल्य संवेदनशील सूचना मानिन्छ।

(ङ) **अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पुँजी भनेको के हो ?**

अधिकृत पुँजी भन्नाले कम्पनीले शेयर धनीबाट संकलन गर्न सक्ने रकमको अधिकतम सीमा भन्ने बुझिन्छ। यस्तो अधिकतम सीमा कम्पनीको प्रबन्ध-पत्रबाट निर्धारण हुन्छ। जारी पुँजी भन्नाले कम्पनीका शेयर धनीहरूले पूँजी जम्मा गर्न कबोल गरेको रकमलाई बुझिन्छ। चुक्ता पुँजी भन्नाले सम्बन्धित शेयर धनीले कबोल गरेको रकममध्येबाट चुक्ता भएको रकम बुझिन्छ।

(**च**) **धितोपत्रको अंकित मूल्य भनेको के हो ?**

सरकार वा संगठित संस्थाले जारी गर्ने धितोपत्रको प्रतिएकाइ मूल्यलाई अंकित मूल्य भनिन्छ। हाल नेपालमा ऋणपत्रमा रु. १०००।- वा रु. १००।-, शेयरमा रु. १००।- तथा म्युचुअल फन्डको एकांकमा रु. १०।- अंकित मूल्य राख्ने गरिएको छ।

(छ) **प्राथमिक बजारमा धितोपत्रको मूल्य कसरी निर्धारण हुन्छ ?**

सामान्यतः प्राथमिक बजारमा धितोपत्रहरू अंकित मूल्यमा खरिद-बिक्री हुन्छ। वित्तीय अवस्था बलियो भएका कम्पनीले अंकित मूल्यमा थप रकम जोडेर प्रिमियममा पनि बिक्री गर्न सक्छन्।

(**ज**) **दोस्रो बजारमा धितोपत्रको मूल्य कसरी निर्धारण हुन्छ ?**

स्टक एक्सचेन्जमा बजार माग र आपूर्तिले निर्धारण गरेको मूल्यमा धितोपत्रहरूको कारोबार हुन्छ। धितोपत्रको मूल्यमा एक दिनमा हुन सक्ने परिवर्तन, एक कारोबारदेखि अर्को कारोबारसम्म मूल्यमा हुन सक्ने परिवर्तनको सीमा स्टक एक्सचेन्जले तोकेको हुन्छ।

(**झ**) **इन्साइडर ट्रेडिङ भनेको के हो ?**

कम्पनीले सार्वजनिक गर्नुपर्ने जानकारी एवं सूचना सार्वजनिक नगरी उक्त जानकारी एवं सूचनाका आधारमा केही सीमित व्यक्तिले मात्र धितोपत्र कारोबार गर्ने कार्यलाई भित्री सूचनामा आधारित कारोबार (इन्साइडर ट्रेडिङ) भनिन्छ। यस्तो कार्यमा प्रायः कम्पनीसँग सम्बन्धित व्यक्ति र निजका आफन्त, साथीभाइ संलग्न हुन्छन्। यस्तो कारोबार अवैध हो।

(ञ) **धितोपत्रमा गरिने लगानी जोखिममुक्त हुन्छ ?**

सबैखाले धितोपत्रमा गरिने लगानी जोखिममुक्त हुँदैन। साधारण शेयरमा गरिने लगानीलाई

अन्य धितोपत्रमा गरिने लगानीभन्दा बढी जोखिमपूर्ण मानिन्छ। ऋणपत्रलाई शेयरभन्दा कम जोखिमपूर्ण मानिन्छ। सरकारी धितोपत्रलाई जोखिममुक्त मानिन्छ। तर, सरकारहरूले पनि ऋणपत्रको सावाँ-ब्याज तिर्न नसकेका उदाहरण भेटिने गरेकाले सरकारी धितोपत्रलाई पनि पूर्ण जोखिममुक्त भन्नचाहिँ सकिँदैन।

## चुनौती, अवसर र अनुशासन

अन्य विधामा विद्यमान चुनौतीका अतिरिक्त शेयर बजार मामलासम्बन्धी समाचार संकलन गर्ने पत्रकार 'निकटताको प्रभाव' मा पर्न सक्ने जोखिम हुन्छ। पत्रकारलाई पनि समाचार लेख्दालेख्दै बजारमा लगानी गरेर 'पैसा कमाउने लोभ' जाग्न सक्छ। 'म पत्रकार हुँ' भन्ने बिर्सिएर उसले आम लगानीकर्ताको जस्तै व्यवहार गर्न सक्छ।

यस्तो जोखिमतर्फ सतर्क रहेर शेयर बजार मामिलामा रिपोर्टिङ गर्दा पर्याप्त अवसर छन् किनकि नेपालमा पूँजी बजार फैलिँदो अवस्थामा छ। यसमा रुचि राखेर लामो समय रिपोर्टिङ गर्ने सञ्चारकर्मी कम भएकाले पनि अवसर बढी छ।

शेयर बजार मामिलालाई गम्भीरताका साथ लिने सञ्चारकर्मीले पत्रकारितामा सफल करियर बनाउन सक्छ। उसले बजारकै माध्यमबाट अर्थतन्त्र, राजनीति, समाज, लोभ र त्रास, आशा र निराशाजन्य मान्छेका मनोवृत्ति नजिकबाट बुझ्न सक्छ। यो बुझाइ पत्रकारको व्यक्तिगत जीवन व्यवस्थापनमा पनि सहयोगी हुन्छ।

कुनै पत्रकार शेयर बजार रिपोर्टिङबाटै विशिष्टीकरण गरेर नै पत्रकारिताको मूल प्रवाहमा स्थापित हुन सक्छ। स्टक एक्सचेन्जमा भइरहेको शेयर मूल्यको उतार-चढाव (फलानोको बढ्यो, फलानोको घट्यो) लाई समाचार बनाउने पत्रकारिताभन्दा माथि उठेर त्यसलाई फराकिलो तवरले देशको अर्थतन्त्र, राजनीतिक, सामाजिक मनोविज्ञान, राष्ट्रिय-अन्तर राष्ट्रिय कारण, ऐननियम, प्रविधिलगायतका विषयसँग जोडिएर समग्रतामा समाचार लेख्ने बानीको विकास गर्ने हो भने मूल प्रवाहमा स्थापित हुन सहज हुन्छ।

त्यसका लागि पूँजी बजार मामिलाबारे समाचार लेख्ने पत्रकारले दबाब, प्रभाव र लोभबाट भने जोगिनैपर्छ। त्यसरी जोगिनका लागि अन्य विधामा पालना गरिने पत्रकार आचारसंहिताका अतिरिक्त शेयर बजार रिपोर्टरले निम्नलिखित आचरणमा विशेष ध्यान दिनुपर्छ–

(क) स्वार्थ बाझिने गरी रिपोर्टिङ नगर्ने। रिपोर्टरले सम्पादकसमक्ष आफ्नो लगानी भएका कम्पनीको सूची पेश गर्ने। तिनीहरूका बारेमा समाचार नलेख्ने।

(ख) बजारको उतार-चढावमा तटस्थ रहने, निष्पक्ष रिपोर्टिङ गर्ने। कुनै पनि कम्पनीको शेयर मूल्य घटाउने वा बढाउने आशय/मनसायका साथ समाचार नलेख्ने।

(ग) सञ्चारकर्मी बजार विश्लेषक होइनन् । बजार विश्लेषकको भूमिकामा आफूलाई प्रस्तुत नगर्ने । बजार घट्छ/बढ्छ भन्ने विषयमा प्रवेश नगर्ने ।

## महत्त्वपूर्ण केही सामग्री

पूँजी बजार मामिलामा काम गर्ने पत्रकारले पूँजी बजारको नियमित अनुगमन, जनसम्पर्क र समाचार लेखनमा मात्र ध्यान दिएर पुग्दैन, आवश्यक ज्ञान तथा सूचनाका लागि विभिन्न पुस्तक, श्रव्य-दृश्य सामग्रीका साथै वेबसाइटमा ध्यान दिनुपर्छ । त्यस्ता सामग्री उल्लेख्य मात्रामा पाइन्छ । तीमध्ये केही सामग्रीको सूची तल दिइएको छ :

### पुस्तक

Graham, Benjamin. 1949. *The Intellligent Investor: The Definitive Book on Value Investing.* New York City: Harper & Brothers.

Lynch, Peter. 1989. *One Up on Wall Street: How to Use What You Already Know to Make Money in the Market.* New York City: Simon & Schuster.

Malkiel, Burton G. 1973. *A Random Walk down Wall Street.* New York City : W.W. Norton & Company Inc.

Taleb, Nassim Nicholas. 2001. *Fooled by Randomness: The Hidden Role of Chance in Life and in the Markets.* New York: Random House.

#### सिनेमा, वेब सिरिज, डकुमेन्ट्री

*Wall Street* (American drama film, 1987)

*Inside Job* (American documentary film, 2010)

*Margin Call* (American drama film, 2011)

*Too Big to Fail* (American biographical drama television film, 2011)

*The Wolf of Wall Street* (American biographical black comedy crime film, 2013)

*The Big Short* (American biographical crime comedy-drama, 2015)

*Scam 1992:* The Harshad Mehta Story (Indian Hindi-language biographical financial thriller streaming television series on SonyLIV, 2020)

*Madoff:* The Monster of Wall Street(American true crime documentary series, 2023)

### वेबसाइट

नेपाल धितोपत्र बोर्ड : www.sebon.gov.np

नेपाल स्टक एक्सचेन्ज लि. : www.nepalstock.com

सिडिएस एन्ड क्लियरिङ लि. : www.cdsc.com.np

शेयर बजारसम्बन्धी विविध सामग्री प्राप्त गर्न सकिने वेबसाइट : www.investopedia.com

स्टक एक्सचेन्जहरूको छाता संगठनको वेबसाइट : www.world-exchanges.org

पूँजी बजारका नियमक निकायहरूको विश्व संस्थाको वेभसाइट : www.iosco.org

# जनकल्याण र समृद्धिका लागि समाचार

**विकास थापा**

## ऊर्जा र जलस्रोतसम्बन्धी पत्रकारिताको पृष्ठभूमि

२०४७ सालमा बनेको संविधानले प्रेस स्वतन्त्रता प्रत्याभूत गरेपछि नेपालमा छापा पत्रकारिता ह्वात्तै बढ्यो । २०४९ साल फागुन ७ गतेदेखि निजी क्षेत्रको *कान्तिपुर* र *दि काठमाडौं पोस्ट्* प्रकाशनमा आएदेखि मुलुकमा व्यावसायिक पत्रकारिताले गति लिएको देखिन्छ।

शुरूवातीताका खासै रिपोर्टिङको विधा (बीट) व्यवस्थित भइसकेको थिएन, जलस्रोत वा ऊर्जा बीट भन्ने थिएन। २०५१ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारत भ्रमणका बेला टनकपुर सम्झौता गरेर आएपछि जलस्रोतबारे खोजीनीति भएको देखिन्छ । टनकपुरको विषयमा प्राविधिक र जलस्रोतसम्बन्धी भन्दा पनि राजनीतिक विषयवस्तुले बढी कभरेज पाउँथ्यो । महाकालीको उद्गम, महाकालीबाट नेपालले पाउने पानीको अधिकारलगायतका विषयमा खासै खोजमूलक रिपोर्टिङ भएको पाइँदैन। अहिलेको जस्तो जलस्रोत पत्रकारिता भइदिएको भए शायद महाकाली सन्धि पारित हुने थिएन।

२०५२ सालमा एमालेको सरकारले अरुण तेस्रो जलविद्युत् आयोजना चाहिँदैन भनेर विश्व बैंकलाई चिठी लेख्यो, फलतः बैंकले आयोजनाबाट हात झिक्यो । त्यसअघि

अरुण तेस्रो आयोजना के हो, त्यसको असर के हो, आवश्यक छ कि छैन भन्ने जस्ता विषयमा जानकारीमूलक तवरबाट समाचार आएनन् । ठूला जलविद्युत् आयोजना बनाउनु हुँदैन भन्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय लबिङ थियो । अरुण तेस्रोका विरोधमा केही बुद्धिजीवीले पत्रपत्रिकामा लेख्थे, पक्षमा खासै रिपोर्टिङ भएनन् । नेपाली कांग्रेसले पनि आयोजनाको प्रतिरक्षा गर्न सकेन किनभने कांग्रेसमा पनि जलस्रोत बुझेका मान्छे कमै थिए ।

यसरी महाकाली र अरुण तेस्रोको चर्चा हुँदा पनि नेपाली पत्रकारिता विज्ञकै भरमा पर्‍यो । अर्थात् उनीहरूले विरोध गरे विरोध हुन्थ्यो, समर्थन गरे समर्थन । केही पत्रपत्रिकाले सम्पादकीय लेखेर विरोध गर्थे । ती सम्पादकीय पनि पत्रकारका समाचारमा भन्दा ' विज्ञहरूको लेख' मा आधारित हुन्थे ।

त्यसपछि मेलम्ची खानेपानी आयोजना प्रकरण आयो । यसमा अरुण तेस्रो जस्तै दुई समूह भए । विशेष गरेर वाम बुद्धिजीवी बढी विरोध गर्थे । सही विश्लेषण पत्रकारितामा आएन । मेलम्चीअघि २०५४ सालमा सुदूर पश्चिम नेपालको पश्चिम सेती जलविद्युत् आयोजना निर्माणको काम अस्ट्रेलियन कम्पनी स्नोवी माउन्टेन इन्जिनीयरिङ कर्पोरेशन (स्मेक) लाई दिएको विषय उछालियो । सही के हो र गलत के हो पत्रकारिताले छुट्याउन सकेन । लगातार पश्चिम सेती वा जलस्रोतकै विषयमा लेख्ने उही पत्रकार थिएन । जसले पायो, उसैले लेख्थ्यो । कार्यक्रम हुन्थ्यो– समर्थन वा विरोधमा । त्यही समाचार बन्थ्यो । प्रभावित जिल्लामा सूचना केन्द्र नै स्थापना गरेर आयोजनाले स्थानीय कर्मचारीमार्फत जानकारी दिन थालेपछि सही सूचना प्रवाह हुन थाले पनि सरकारले लाइसेन्स नवीकरण गरिदिएपछि आयोजना स्मेकको हातबाट बाहिर गयो ।

वामदेव गौतम गृहमन्त्री हुँदा बबई सिँचाइमा बजेट हाल्दा धेरै ठूलो मुद्दा बन्यो किनभने भारतले विश्व बैंकलगायतका दातृ निकायलाई बबई, बागमती, सिक्टाजस्ता सिँचाइ आयोजनाहरूमा लगानी गर्नबाट रोकेको थियो । गौतमले गृहजिल्लाको आयोजनामा बजेट हाले, त्यो ऐतिहासिक थियो तर त्यसबारे खासै चर्चा भएन । बागमती सिँचाइमा पनि भारतले दाताहरूलाई भड्कायो तर नेपाली मिडियामा चर्चा भएन ।

*कान्तिपुर*मा २०५९ सालदेखि जलस्रोत तथा ऊर्जाका समाचार लगातार आउन थाल्यो । विश्व बैंकले अरुण तेस्रोमा नदिएको पैसा 'पावर डेभलपमेन्ट फन्ड– पीडीएफ' (ऊर्जा विकास कोष) मा दिने तयारी गर्‍यो तर लगानीअघि भारत र बंगलादेशको अनुमति लिनुपर्ने शर्त राख्यो । त्यो शर्तसम्बन्धी विश्लेषणात्मक समाचार *कान्तिपुर*मा आयो । भारतले कपिलवस्तुमा महलीसागर बाँध बनायो । त्यसको पनि समाचार नियमित आउन थाल्यो । जलविद्युत् आयोजनामा भएका भेरियसनसम्बन्धी विवाद (कालीगण्डकी ए),

मध्य-मर्स्याङ्दीमा ठेकेदारले गरेको चलखेललगायतका समाचार आउन थालेपछि अन्य पत्रिकाले पनि जलस्रोत तथा ऊर्जा बीटमा रिपोर्टर खटाउन थाले । यो विधा आज हरेकजसो पत्रिकामा छ। अनलाइन, टेलिभिजन र रेडियोहरूमा भने विधागत पत्रकारिता अझै व्यवस्थित हुन सकेको छैन।

## ऊर्जा र जलस्रोत पत्रकारिताको विकासक्रम

छिमेकी राष्ट्र भारतका पनि राष्ट्रिय दैनिकहरूमा ऊर्जा र जलस्रोतलाई छुट्टै विधा बनाएर रिपोर्टिङ हुने गरेको छ। भारतका चर्चित पत्रकार बीजी भर्गिजले जलस्रोत र ऊर्जासम्बन्धी रिपोर्टिङ गर्थे । पछि भर्गिज भारतको *हिन्दुस्तान टाइम्स* र *दि इन्डियन एक्सप्रेस*का सम्पादकसमेत भए। उनले नेपालको पानी मामिलामा पनि विशेष गरेर नेपाल र भारतको पानी (साझा नदी) का विषयमा कलम चलाएका थिए।

अमेरिकामा ऊर्जा पत्रकारितासम्बन्धी तालिम त्यहाँको 'युनाइटेड स्टेट्स इनर्जी एसोसिएसन' (यूएसईए) ले दिने गर्छ । ऊर्जा उत्पादकहरूको संगठन यूएसईएले अमेरिकामा मात्र नभई विभिन्न अल्पविकसित तथा विकासोन्मुख मुलुकमा अमेरिकी सरकारमार्फत ऊर्जा पत्रकारिताको तालिम दिन्छ । भुटानले पनि जलविद्युत् उत्पादनको प्रचुर सम्भावना रहेकाले त्यहाँको सरकारी अखबारमा ऊर्जासम्बन्धी छुट्टै पत्रकार राख्ने गरेको छ। शुरूमा भारतले अनुदान दिएर (कुल लागतको ६० प्रतिशत) दिएर सस्तोमा ऋण दिँदै जलविद्युत् आयोजना बनाएर भारतमा बिजुली लैजाने गरेको थियो। भारतले अति सस्तोमा भुटानको बिजुली लगेको चर्चा भुटानी अखबारसहित अनलाइनहरूमा आउन थालेपछि अहिले त्यो क्रम रोकिएको छ।

## ऊर्जा र जलस्रोत पत्रकारिताको परिचय

नेपालको सन्दर्भमा ऊर्जा र जलस्रोत आफैंमा आर्थिक र प्राविधिक विषय भए पनि यसलाई राजनीतिले बढी प्रभाव पारेको छ । मुलुकको केन्द्रीय राजनीति नै ऊर्जा र जलस्रोतवरिपरि घुमेको पाइन्छ । भारतबाट बिजुली आयात गरेर यहाँको लोडसेडिङ अन्त्य भएको छ। भारतले नेपालका जलविद्युत् आयोजनाहरू बनाउन सम्झौता गरेको छ। यिनै सम्झौताभित्र नेपालको राजनीति जहिल्यै तरंगित भइरहन्छ। त्यही भएर यसमा राजनीति हावी छ।

ऊर्जा हामी सबैलाई चाहिन्छ। पानी सबैलाई चाहिन्छ। पानीविना जीवन नै कल्पना गर्न सकिन्न अनि ऊर्जाविना आजको संसार नै चल्दैन। ऊर्जा उत्पादन, प्रसारण र वितरणका विभिन्न चरण र प्रक्रिया हुन्छन्। उत्पादनदेखि वितरणसम्मका सबै गतिविधि, त्यसभित्रका

अवसर, अनियमितता, राजनीति आदि सबै विषय अलग-अलग समाचारका विषयवस्तु हुन् । नेता वा मन्त्रीका आदेशमा खोला बेचिने, लाइसेन्स आफ्ना मान्छेलाई दिने, आकर्षक आयोजना बेचबिखन गर्ने, ठेक्कापट्टामा विभिन्न शर्त राखी आफूले भनेको वा चाहेको ठेकेदारलाई ठेक्का दिने, स्थानीय वासिन्दाले काम गर्न नदिने, स्थानीय तहले विभिन्न निर्णय गरी अड्काउने जस्ता थुप्रै सबाल आफैंमा समाचारका विषय हुन् ।

यस्ता विषय बाहिर सार्वजनिक हुँदा नीतिगत रूपमै सच्चिने अवस्था पनि हुन्छ । अनियमितताको पर्दाफास गरेपछि त्यसको छानबिन हुने, संसदीय समितिहरूले चासो दिने, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने अनि राजनीतिक शक्तिका आडमा त्यस्ता अनियमितता लुकाउने र अनुसन्धान हुन नदिने जस्ता कृत्य हुन्छन्, ती पनि समाचारकै विषय हुन् ।

नेता र मन्त्रीले बूढीगण्डकी (१२ सय मेगावाट) कसरी बेचेका थिए र कसरी फिर्ता भयो भन्नेबीचको अन्तरालमा आएका समाचार, लेखिएका सम्पादकीय, लेखहरूको योगदान पनि उत्तिकै छ । प्रसारण लाइनको ठेक्का दिँदा ऊर्जामन्त्रीले एजेन्टले भनेको ठेकेदारलाई दिन खोजेका प्रयास बाहिर आएपछि पाउनयोग्य ठेकेदारले त्यो ठेक्का पाउँछ ।

नेपालमा अहिले पनि जलस्रोतभन्दा ऊर्जाको समाचारले बढी प्राथमिकता पाएका छन् । पत्रकारहरूले जलस्रोतमा अझै पुग्दो चासो लिएको देखिन्न । नेपालको आर्थिक समृद्धिका लागि ऊर्जाको जति महत्त्व छ, त्योभन्दा बढी जलस्रोतको छ । उदाहरणका लागि बाह्रै महिना सिँचाइ उपलब्ध गराउने भनेर राज्यले सिँचाइ क्षेत्रमा खर्बौं रुपैयाँ लगानी गरेको छ तर आयोजनाहरूले खेतमा पानी पठाउन सकेका छैनन् ।

सिक्टा सिँचाइ बनाउँदा-बनाउँदै नहर भत्कियो । अख्तियारले मुद्दा चलायो । विशेष अदालतले फैसला गऱ्यो । कृषिमा आत्मनिर्भर हुन सिँचाइ पहिलो शर्त हो । पानी भएको ठाउँबाट नभएको ठाउँमा पथान्तरण (डाइभर्सन) गर्ने आयोजना नेपालमा शुरू भइसकेको छ । महाकाली सन्धिअनुसार नेपालले अझै पानी पाउन सकेको छैन । सीमावर्ती क्षेत्रमा भारतले एकतर्फी बाँध बनाएर नेपाली भूभाग डुबाउँदै आएको छ । यी र यस्ता विषयवस्तु ऊर्जा तथा जलस्रोत पत्रकारिताका मुद्दा हुन् ।

## ऊर्जा र जलस्रोत अरूभन्दा कति फरक ?

ऊर्जा र जलस्रोतमा प्राविधिक शब्दावली हुन्छन् । उदाहरणका लागि भारतबाट २५ हजार मेगावाट आवर बिजुली आयो भन्ने जानकारी नेपाल विद्युत् प्राधिकरणले दिन्छ । सामान्यतया पाठकले मेगावाट आवर बन्ने बुझ्दैनन् । त्यो मेगावाट आवरलाई एक

हजारले गुणन गरिदियो भने किलोवाट आवर अर्थात् युनिटमा परिणत हुन्छ। घरमा हामी सबैले बिजुलीको बिल तिरिरहेका हुन्छौं। सय, दुई सयदेखि पाँच, सात सय युनिटसम्मको बिल घरमा आउँछ। त्यसलाई दिइएको रेटले गुणन गर्दा कति पैसा तिर्नुपर्दो रहेछ भन्ने थाहा हुन्छ। २५ हजार मेगावाट आवरलाई एक हजारले गुणन गरिदियो भने त्यो युनिट बन्छ। अनि समाचार लेख्दा 'भारतबाट २ करोड ५० लाख युनिट बिजुली आयात' भन्ने हुन्छ। यसो गर्दा भाषा सरल भई सबैले बुझ्न सक्छन्।

यी र यस्ता थुप्रै प्राविधिक शब्द छन्, जसलाई अर्थ खुल्ने गरी समाचार लेख्नुपर्छ। यसका लागि पहिल्यै अध्ययन गर्नुपर्छ। त्यही विषयको अध्ययन छैन भने सम्बन्धित विज्ञसित कुराकानी गरी चासो लिनुपर्छ। जतिसुकै जटिल र प्राविधिक विषयवस्तु भए पनि त्यसलाई मिहिन पारेर बुझ्ने भाषामा लेख्न सक्यो भने त्यो पठनीय दुवै हुन्छ।

जलस्रोत र ऊर्जा भनेको आर्थिक विषय पनि भएकाले यसमा रकमको मामिला अवश्य आउँछ। कति खर्बमा आयोजना बन्ने, कति लागतमा बन्ने, स्रोत कहाँबाट जुटाउने, आन्तरिक हो कि बाह्य हो, त्यो आयोजनाले कति प्रतिफल दिन्छ जस्ता विभिन्न पक्ष हुन्छन्। ती प्रत्येक पक्षमा समाचार, विश्लेषण र सम्पादकीय लेख्न सकिन्छ। यसका लागि पत्रकारले आर्थिक विषय पनि बुझेको हुनुपर्छ।

## ऊर्जा र जलस्रोत पत्रकारिताको उद्देश्य

नेपालले आर्थिक समृद्धि हासिल गर्नका लागि ऊर्जा र जलस्रोतको सही उपयोग गर्न सक्नुपर्छ। जलविद्युत्को प्रचुर सम्भावना भएकाले जलविद्युत् आयोजना र प्रसारण लाइनहरू धमाधम बन्ने हो भने वर्षको खर्बौं रुपैयाँको पेट्रोल आयातमा उल्लेखनीय कटौती गर्न सकिन्छ। बिजुली बस चलायो भने डिजेल आयात गर्नु पर्दैन। ग्यासको साटो विद्युतीय चुलो (इन्डक्सन) बाट खाना पकायो भने अर्बौं रुपैयाँको ग्यास आयात गर्नु पर्दैन, बरु नेपालले बिजुली निर्यात गरेर आम्दानी गर्न सक्छ।

त्यसैगरी किसानका खेत र बारीमा चाहिँदो सिँचाइ पुऱ्याउन सके उत्पादन र उत्पादकत्व बढ्छ, तरकारी तथा खाद्यान्न आयात गर्नु पर्दैन, निर्यातै गर्न सकिन्छ। यसरी जनता र मुलुकको आर्थिक विकासका लागि यी दुई क्षेत्र असाध्यै महत्त्वपूर्ण छन्। यही जनकल्याणका लागि गरिने पत्रकारिता नै ऊर्जा वा जलस्रोत पत्रकारिता हो। जहाँ सरकार चुकेको हुन्छ, आँखा देखेको हुँदैन, त्यहाँ पत्रकारितामार्फत उजागर गर्न सकिन्छ।

समाचारमा आएका विषयवस्तुले नीतिनिर्माता, नेता, मन्त्रीहरूका कान ठाडा हुन्छन्। भारतले अवरोध गरेकै कारण सिक्टा सिँचाइमा विदेशी लगानी आएन। के विदेशी लगानी

आउँदैन भन्दैमा काम नगरी बस्ने त ? जस्ता प्रश्न उठाएर त्यसको उपादेयता छर्लंग गराएपछि सरकार आफैंले लगानी गर्‍यो। तत्कालीन प्रधानमन्त्री र अर्थमन्त्रीले माथिल्लो तामाकोशी (४५६ मेगावाट) विदेशी कम्पनीलाई बेचिसकेका थिए। त्यो स्वदेशी लगानीमा बनाउनुपर्छ भन्ने आवाजका साथ समाचार लेखिरहँदा अन्ततः स्वदेशी लगानीमै बन्यो, अहिले बिजुली उत्पादन भइरहेको छ। माथिल्लो तामाकोशीले कुल गार्हस्थ उत्पादनमा एक प्रतिशत योगदान गरेको छ।

यसरी पत्रकारिताका माध्यमबाट मुलुकको आर्थिक समृद्धि हासिल गर्न सकिन्छ। सधैंभरि सबै नेता र मन्त्रीहरू खराब हुँदैनन। असल नेता वा मन्त्री भएका बखत यस्ता समाचारले उनीहरूलाई मार्गनिर्देश गर्छ, काम गर्न प्रेरित गर्छ। गर्न सक्ने हुती नभएका, नियत खराब भएकाहरूलाई नङ्ग्याएर चुनावै हार्ने स्थिति पनि पत्रकारिताले बनाइदिन्छ।

## ऊर्जा र जलस्रोत पत्रकारका योग्यता

यो विधामा पत्रकार हुनका लागि इन्जिनियर नै हुनुपर्छ भन्ने छैन। एक मात्र योग्यता हो– दृढ आत्मविश्वास र लगाव। पत्रकारिता आफैंमा नयाँ-नयाँ कुरा थाहा पाइरहने विधा हो। ३०-३५ वर्ष पत्रकारिता गरेको सम्पादक वा पत्रकार पनि अद्यावधिक (अपडेट) भएन भने उसले केही लेख्न सक्दैन। नेपालमा कानूनी रूपमा त पत्रकार हुनका लागि विद्यालय शिक्षा पूरा गरेको भए पनि हुन्छ र सम्पादक हुनका लागि स्नातक तह उत्तीर्ण भए पुग्छ। भलै स्नातक उत्तीर्ण नभएका व्यक्तिहरू पनि राष्ट्रिय दैनिकका प्रधान सम्पादक भएका छन्। आन्तरिक खुबी मुख्य कुरा हो, विद्यावारिधि नै गरेको व्यक्तिले पनि लेख्न सक्छ भन्ने छैन। सर्वप्रथम अभिव्यक्ति शैली र कला चाहिन्छ। आफूले बुझेका कुरा आम पाठकलाई पनि बुझाएर लेख्न सक्नु पत्रकारको खुबी हो। पत्रकारले बुझेर मात्र हुँदैन, उसले लेखेका कुरा नपढेका मान्छेले समेत बुझ्न सक्ने हुनुपर्छ।

विषयवस्तुको गहिराइमा पुग्ने, यससम्बन्धी किताब अध्ययन गर्ने, नबुझेका कुरा बुझेको व्यक्ति वा विज्ञहरूसँग सोध्ने, उनीहरूले लेखेका लेखहरू पढ्ने, सरकारी वा कुनै निकायका पदमा भएका व्यक्तिहरूसँग निरन्तर संवादमा रहिरहने गरेमा ज्ञानको दायरा फराकिलो हुँदै जान्छ। उदाहरणका लागि देशभरि एकैचोटि बिजुली बत्ती झ्याप्प गयो र यसबारेमा समाचार बनाउनुपर्ने भयो भने के कारणले यस्तो भयो भन्ने थाहा पाउनु पर्‍यो। प्रणाली सञ्चालन गरेर बसेको व्यक्तिलाई सोध्यो भने कारण भनिदिन्छ।

अब त्यो कारणभित्रको कारण खोज्ने काम पत्रकारको हो। नेपालमा उत्पादित बिजुली एसियामै सर्वाधिक महँगो छ। योभित्रको कारण खोज्दै गयो भने नेपालको पूरै विद्युत् प्रणाली मात्र होइन, आर्थिक, राजनीतिक, समाजिक, वैदेशिक, वातावरण, सांस्कृतिक सबै

पक्ष बुझिन्छ। यति धेरै विषयमा यो ऊर्जाको मामिला जेलिएको छ। गतिला ऊर्जामन्त्री, गतिला अर्थमन्त्री र गतिला प्रधानमन्त्री नभएकै कारण मुलुकको यो अवस्था भएको हो भनेर जसरी आम रूपमा बुझिन्छ, त्यसैगरी आर्थिक, सामाजिक, राजनीतिक, वातावरण, वैदेशिक सबै पक्ष यसभित्र पर्छन्। त्यही बुझ्ने, खोतल्ने, पढ्ने र लेख्ने नै जाँगर पत्रकारमा हुनुपर्छ।

जुनसुकै विषय वा विधामा पनि बोध र अभिव्यक्ति महत्त्वपूर्ण हुन्छ। बोध गर्न र गराउन सक्नुलाई नै खुबी भनिन्छ। पहिला बोध गर्नुपर्छ अनि बोध गराउनुपर्छ। बोध गर्ने र गराउनेबीचका सबै प्रक्रिया वास्तवमा पत्रकारिता हो। यसमा पनि भाषा सरल हुनुपर्छ, शब्दजाललाई सरलीकृत तुल्याउनुपर्छ र अर्थ खुलाउनुपर्छ।

## केही विशिष्ट/प्राविधिक शब्दावली

एक मेगावाट : एक हजार किलोवाट

एक किलोवाट : एक हजार वाट

वाट : समयको एकाइमा ऊर्जा स्थानान्तरण दरको मापन

भोल्ट : विद्युतीय क्षमताको इकाइ

एक गिगावाट : १० लाख किलोघन्टा

पावर हाउस : विद्युत् गृह

ट्रान्समिसन लाइन : विद्युत् प्रसारण लाइन

भोल्टेज : विद्युतीय क्षमता

सब-स्टेशन : उपविश्रामस्थल (उच्च भोल्टेजलाई निम्न भोल्टेजमा रूपान्तरण गर्ने स्थल)

इनर्जी : ऊर्जा (समयसँग सम्बद्ध)

पावर : विद्युत् शक्ति (क्षमतासँग सम्बद्ध)

फिडर : सब-स्टेशनसम्म बिजुली ओसार्ने प्रदायक

बेसिन : जलाधार

क्युमेक : घनमिटर प्रतिसेकेन्ड

क्युसेक : घन फुट प्रतिसेकेन्ड

क्याचमेन्ट एरिया : पानी जम्मा हुने क्षेत्र

ट्रान्सफरमर : विद्युतीय प्रणालीमा प्रयोग गरिने उपकरण, उच्च भोल्टेज घटाउने यन्त्र

| | | |
|---|---|---|
| एम्पियर | : | विद्युत् धाराको इकाइ |
| एन माइनस वान | : | एउटा लाइन नहुँदा अर्को लाइनबाट निरन्तर आपूर्ति गरिने अवस्था |
| टनेल | : | शुरूङ |
| पेनस्टक पाइप | : | जलद्वार |

## स्थलगत रिपोर्टिङ

भनाइ छ– पत्रकारका आफ्नै आँखाले देखेपछि अरू प्रमाण चाहिँदैन। ऊर्जा तथा जलस्रोत विधामा स्थलगत रिपोर्टिङको विशेष महत्त्व छ। चिनी गुलियो छ भनेर हजारपटक पढाउनु र त्यो चिनी आफैंले स्वाद लिनुमा भिन्नता हुन्छ। ऊर्जा भनेको जलविद्युत् मात्र होइन, धेरै तरिकाबाट ऊर्जा उत्पादन गर्न सकिन्छ। हामीकहाँ जलविद्युत्को मात्रा धेरै भएकाले ऊर्जा भन्नेबित्तिकै जलविद्युत् नै हो कि क्या हो भन्ने गरिन्छ। तर उत्पादन गर्ने कच्चा पदार्थ र विधि फरक-फरक भए पनि जुनसुकै तरिकाले ऊर्जा उत्पादन भए पनि त्यसले गर्ने काम भने एउटै हो।

जलविद्युत्को कुरा गर्दा ऊर्जा कसरी उत्पादन हुन्छ भन्ने थाहा पाउनुपर्छ। जलविद्युत्को सन्दर्भमा पानीको तीव्र वेगलाई माथिबाट तलतिर झार्दा घट्ट (टर्बाइन) घुम्छ। त्यसरी घुमेको घट्टले जेनेरेटर घुमाउँछ र मेकानिकल ऊर्जा उत्पादन हुन्छ। अब यसका लागि सर्वप्रथम पानी घट्टसम्म ल्याउने प्रक्रिया थाहा हुनुपर्छ। पानी थुनेर पोखरी बनाइन्छ भने त्यो जलाशययुक्त आयोजना (स्टोरेज) हो। चाहिएका बेला त्यो पानी खोलेर बिजुली उत्पादन गर्न सकिन्छ, जस्तो- कुलेखानी। पानीलाई पोखरीमा तीन-चार घन्टा वा त्योभन्दा बढी समय जम्मा पारेर चाहिएका बेला बिजुली उत्पादन गर्नेलाई अर्धजलाशययुक्त (पिकिङ रन अफ रिभर) भनिन्छ, जस्तो- कालीगण्डकी ए, मध्य मर्स्याङ्दी आदि। बगिरहेको पानीलाई नहर वा पाइपमार्फत सीधै टर्बाइनमा झारिन्छ भने त्यो नदी प्रवाही (रन अफ रिभर) आयोजना हुन्छ। स्थलगत अध्ययन गर्‍यो भने आयोजनाको प्रकृति छर्लंग हुन्छ।

***जलविद्युत्का अवयव :*** विद्युत् गृह, टर्बाइन, पेनस्टक पाइप, भर्टिकल साफ्ट आदि। कुनै जलविद्युत् गृहको समाचार बनाउन गयो भने विद्युत्का इन्जिनियरहरूले एक-एक गरेर सबै बुझ्ने गरी व्याख्या गरिदिन्छन्।

## कसरी बनाउने मूल प्रवाहका समाचार ?

ऊर्जा र जलस्रोतले नछुने वा प्रभाव नपार्ने ठाउँ कुनै छैन। ऊर्जा र जलस्रोत भनेको नेपालको सन्दर्भमा राजनीति, कूटनीति, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक,

वातावरण, सुरक्षा, स्थानीय सबै क्षेत्र समेटिएको क्षेत्र हो । भ्रष्टाचार यसैमा हुन्छ, कमिसन यसैमा आउँछ । मन्त्री वा प्रधानमन्त्रीले जलस्रोतमा भ्रष्टाचार गरेका खबर आफैंमा आम चासोको विषय हो ।

प्रधानमन्त्री भएर खोला बेचेपछि त्यो आम चासोको विषय बन्छ । ऊर्जाका प्रवर्द्धकहरूले जलविद्युत् आयोजना निर्माण गर्दा स्थानीय वासिन्दामाथि अत्याचार गरेका हुन्छन् । जग्गा अधिग्रहण गरेर मुआब्जा दिएका हुँदैनन् । खोलाको पानी सबै बिजुली उत्पादन गर्न शुरूङमा हाल्छन् र खोलामा कुल बहाबको न्यूनतम १० प्रतिशत पानी छाड्दैनन् ।

सरकारी निकायबाटै सरकारी आयोजनाहरूले दुःख पाइरहेका हुन्छन् । मन्त्रिपरिषद्ले रूख काट्ने निर्णय गर्छ, जिल्ला वन अधिकृत (डीएफओ) ले दिँदैन । आयोजनाले थिचोमिचो गऱ्यो भनेर अदालतमा मुद्दा परिरहेका हुन्छन् । अदालतका आदेश आफैंमा समाचार बन्छन् । कुनै विदेशी सहायता लिने कि नलिने भनेर देशै विभाजित हुन्छ, जस्तो- एमसीसी । यी विषय मूल प्रवाहका सामग्री बनिरहेका हुन्छन् । बुझ्ने गरी लेख्ने हो भने सबैले रुचाउँछन् ।

## समाचारलाई थप सान्दर्भिक बनाउने उपाय

कुनै सन्दर्भ (न्यूज पेग) बिना समाचार बन्दैन । घटनाले सन्दर्भ बनाउँछ । त्यस्ता सन्दर्भ पुराना, स्थानीय वा प्रादेशिक मात्र नभएर सात समुद्रपारिका पनि हुन सक्छन् । तिनलाई हाम्रा पाठक, श्रोता वा दर्शकको रुचिको विषय बनाएर प्रस्तुत गर्नका लागि तिनको सान्दर्भिकतालाई हाम्रो सन्दर्भसँग जोड्नुपर्छ ।

**पुराना सन्दर्भ, नयाँ समाचार** : पुराना घटनालाई सान्दर्भिक बनाउन पृष्ठभूमि (ब्याकग्राउन्ड) उल्लेख गर्नुपर्ने हुन्छ । पृष्ठभूमिविना घटनामा भएको विकास वा पछिल्लो अद्यावधिक विषय समाचार पढ्ने मान्छेलाई थाहा हुँदैन ।

उदाहरणसहित चर्चा गरौं– भारत भ्रमणका बेला नेपाल र भारतका प्रधानमन्त्रीबीच तीन महिनाभित्र पञ्चेश्वरको डीपीआर बनाउने घोषणा गरियो । आजभन्दा २८ वर्षअघि भएको महाकाली सन्धिको एउटा प्रमुख अवयव पञ्चेश्वर हो । एकैचोटि पञ्चेश्वरको डीपीआर बनाउने र दुई प्रधानमन्त्रीले सहमति गरे भनेर मात्र लेख्दा त्यसबखतका मानिसबाहेक अरूले बुझ्दैनन् । त्यो बुझाउन पहिला महाकाली सन्धिबारे लेख्नुपर्छ । यसका लागि टनकपुर सम्झौतामा जानुपर्छ । त्यसका लागि भारतले अनुमति नै नलिई नेपालको भूमि प्रयोग गरेर एफलक्स बन्ड (बाँध) बनाएको विषयमा जानुपर्छ । यी सबै पृष्ठभूमि थाहा पाएर लेखेपछि विषयवस्तु थप सान्दर्भिक हुन जान्छ । सान्दर्भिक विषयवस्तुमा सबैको

रुचि, चासो र जिज्ञासा हुन्छ। त्यो एउटा समाचार पढेपछि ३४ वर्षको इतिहास दुई मिनेटमै थाहा हुन्छ।

अर्को उदाहरण हेरौं- भारतले नौमुरे जलविद्युत् आयोजना बनाइदिने घोषणा गऱ्यो। नेपालमा यति धेरै जलविद्युत् आयोजना छन् तर भारतले किन नौमुरे नै रोज्यो ? यसबाट नेपालको भालुवाङमा बाँध बनाएर कपिलवस्तुमा ३४ हजार हेक्टर खेतमा सिँचाइ पुऱ्याउन सकिने अध्ययनले देखाएको छ। त्यो पानी सिँचाइमा लग्यो भने हिउँदमा भारतमा पानी पुग्दैन तर उसले बहुउद्देश्यीय (सिँचाइ र बिजुली) नबनाईकन विद्युत्को मात्र आयोजना बनाइदियो भने उसको भूभागमा जाने पानी सुरक्षित भयो। यो पृष्ठभूमि उल्लेख गरिदियो भने सान्दर्भिक हुन्छ, सबैले बुझ्छन्।

**स्थानीय वा प्रादेशिक सन्दर्भ** : स्थानीय वा प्रादेशिक सन्दर्भका सामग्रीलाई पनि राष्ट्रिय महत्त्व र सन्दर्भ-सामग्रीका रूपमा समाचारमा पेश गर्न सकिन्छ । जलस्रोत र ऊर्जा काठमाडौं उपत्यकाबाहिरै हुने हो। अपवादका रूपमा सुन्दरीजल र फर्पिङमा विद्युत् गृह छन्। काठमाडौं उपत्यकामा केही ठाउँमा सिँचाइ आयोजना पनि छन् तर अरू सबै उपत्यकाबाहिर छन्।

लागत, आयोजनाबाट हुने लाभ, हानि, पीडा, भ्रष्टाचार सबै आयोजनामै हुन्छन्, त्यसैले ती सधैं चर्चाका विषय बन्छन्। उदाहरणका लागि दार्चुलाको विकट चमेलिया खोलामा नेपाल सरकार, विद्युत् प्राधिकरणले एउटा जलविद्युत् आयोजना बनाउँदा देश नै हल्लिएको सन्दर्भ हेरौं। सन्दर्भ थियो– आयोजना असाध्यै महँगो भयो, भ्रष्टाचार भयो।

त्यस्तै कालीगण्डकीको पानी तिनाउ लैजानका लागि अर्थमन्त्री विष्णु पौडेलले बजेटमा राख्दा सिंगो गण्डकी प्रदेश आन्दोलित भयो। बाँकेका सीमावर्ती ठाउँमा भारतले बाँध (लक्ष्मणपुर) बनाउँदा संसद् नै हल्लियो। त्यसैले यो क्षेत्रका सरोकारवाला निकाय केन्द्रदेखि स्थानीय तहसम्म फैलिएका छन, कारण- सबैको रुचि अनि जिज्ञासा।

**अन्तर्राष्ट्रिय घटनाको कभरेज** : ऊर्जा र जलस्रोतसम्बन्धी पत्रकारिता गर्दा अन्तर्राष्ट्रिय घटनाहरूलाई पनि राष्ट्रिय मिडियामा सान्दर्भिक बनाएर प्रस्तुत गर्न सकिन्छ।

सन् १९८६ अप्रिल २६ मा तत्कालीन सोभियत संघको चेर्नोबिल आणविक भट्टी विस्फोटन भयो। त्यसमा ५० जनाको मृत्यु भयो। थोरै मात्र ऊर्जा उत्पादनको परीक्षण गर्न लाग्दा विस्फोट भएको थियो, त्यसको दुष्प्रभाव ठूलो भयो। यसबाट संसारभर आणविक ऊर्जा उत्पादन निरुत्साहित जस्तै भयो। यसको रियाक्टर वातावरणमा मिसियो भने ठूलो जनधनको विनाश गर्छ।

भारतका अन्तर-राज्य जलविवाद, भारत र पाकिस्तानबीच भएको इन्डस सन्धि, भारत र बंगलादेशबीच पानी बाँडफाँटको फरक्का बाँध, चीनले ब्रह्मपुत्रमा बनाउन लागेको ठूलो जलविद्युत् आयोजना, जसले ब्रह्मपुत्रको पानी भारतमा नजाने र उत्तरी चीनमा पथान्तरण (डाइभर्सन) गर्ने, अमेरिका र क्यानडाबीच भएको पानी र बिजुली बाँडफाँटको सन्धि, लाओस र थाइल्यान्डबीच भएको विद्युत् व्यापार सम्झौता यस्तै विषय हुन् ।

त्यसैगरी नर्वेको नर्डिक पुलले युरोपभरि आपूर्ति गर्ने विद्युत् व्यापार, विश्वमा घट्दै गइरहेको स्वच्छ पानी, जलवायु परिवर्तनले विश्वमा र नेपालमा निम्त्याएका र निम्त्याउने संकट (खडेरी, पृथ्वीको तापक्रम बढ्ने, समुद्रमा पानीको सतह बढ्ने, अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि, डढेलो आदि), भारत र बंगलादेशबीच विद्युत् व्यापार, पाकिस्तानको ऊर्जा संकट (लोडसेडिङ) लगायतका विषयले विश्वको ध्यान आकृष्ट गर्ने गर्छन् ।

त्यस्ता घटनालाई नेपालको सन्दर्भसँग जोडेर पेश गर्दा पाठक, श्रोता वा दर्शकले सूचना मात्र पाउँदैनन्, उनीहरूका ज्ञान र चेतनाको दायरा नै फराकिलो हुन्छ ।

## सूचनाका अन्तर्राष्ट्रिय स्रोत

आजको जमानामा इन्टरनेट नै समाचार तथा सूचनाका सहज स्रोत हुन् । यद्यपि नेपालमा पनि *दि इकोनोमिस्ट, टाइम्स, टाइम्स अफ इन्डिया* आदि विदेशी पत्रपत्रिका आउने गर्छन् । उनीहरूले राष्ट्रिय, क्षेत्रीय र वैश्विक रूपमै विभिन्न मुद्दा उठाइरहेका छन् । इन्टरनेटमा ईमेल ठेगाना पनि राखिएको हुन्छ, ईमेल वा चाट वा ह्वाट्सएप गर्न सकिन्छ । कहिलेकाहीं नेपालस्थित विदेशी दूतावास र विदेशस्थित नेपाली दूतावासबाट पनि सूचना लिनुपर्ने हुन्छ वा पाउन सकिन्छ ।

ईमेल गरेर सोधी पठाएको अवस्थामा कतिपय विदेशीले त्यसको जवाफ दिने गर्छन् । उदाहरणका लागि जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को आर्थिक सहयोगमा नेपालमा तनहुँ हाइड्रो निर्माण भइरहेको छ । त्यहाँ जापानी मेसिन राख्नुपर्ने शर्त छ । त्यो राख्दा असाध्यै महँगो भयो, विवाद उठ्यो र आयोजना नै नबन्ने स्थिति बन्यो । त्योसम्बन्धी समाचार बनाउँदा यहाँको जाइका कार्यालयले जवाफ दिन सकेन, भन्यो- केन्द्रलाई सोध्नुपर्छ । अनि केन्द्र (जापान) को ईमेल लिएर सोधपुछ गर्दा जवाफ आयो ।

## जनसम्पर्क र सूचनाका स्रोत

समाचारको स्रोत नै पत्रकारिताको मेरुदण्ड हो । असाध्यै राम्रो (भाषा, व्याकरण, साहित्य सबै मिलाएर) लेख्ने पत्रकारलाई पनि सूचना भएन भने समाचार लेख्न सक्दैन । यो कुरा ऊर्जा र जलस्रोत रिपोर्टिङमा मात्र होइन, सबै विधामा लागू हुन्छ ।

त्यसैले ऊर्जा र जलस्रोतसम्बन्धी पत्रकारिता गर्दा यी आयोजनाले प्रभाव पार्ने व्यक्तिहरूसँग सम्पर्क बढाउनुपर्छ । उनीहरूका समस्या बुझ्ने, समाधानका उपाय देखाउने, समस्या सम्बन्धित निकायमा पुऱ्याउने गर्नाले जनसम्पर्क विस्तार हुन्छ । सिँचाइमा किसान, विद्युत्मा स्थानीय वासिन्दा आयोजनाबाट पीडित वा लाभान्वित भइरहेका हुन्छन् ।

ऊर्जा र जलस्रोतसम्बद्ध सरकारी, गैरसरकारी र निजी गरी तीनवटा क्षेत्र छन् । कहिलेकाहीं विदेशी पनि हुन सक्छ । मन्त्री, सचिव, नेपाल विद्युत् प्राधिरकणका कार्यकारी निर्देशक, त्यहाँको प्रवक्ता, विभागीय प्रमुख, सिँचाइ विभागको महानिर्देशक, उपमहानिर्देशकहरू, शाखा अधिकृतहरू, इन्जिनियरहरू । हिजोआज सूचना पनि एकद्वार प्रणालीबाट जाने भनिएको छ । प्रवक्ताको व्यवस्था पनि गरिएको छ तर प्रवक्तालाई सबै कुरा थाहा हुँदैन । पत्रकारले समाचार स्रोतको विश्वास जित्न सक्नुपर्छ ता कि समाचार प्रकाशित भइसकेपछि पनि स्रोतलाई कुनै असर नपरोस् । पत्रकारलाई सूचना दिएर कसैले पनि आफ्नो जागिर धरापमा पार्न चाहँदैन । फेरि उनीहरूले पद तथा गोपनीयताको शपथ नै लिएका हुन्छन् । जो व्यक्ति मुलुकलाई माया गर्छ, उसको त्यो क्षेत्रका विकृति विसंगति उजागर होस् भन्ने चाहन्छन् । पत्रकारले त्यस्ता व्यक्ति पत्ता लगाउन र तिनको मन जित्न सक्नुपर्छ । मन जित्नका लागि तथ्य (फ्याक्ट) मात्र लेख्ने गर्नुपर्छ । लेख्दै जाँदा विश्वास आर्जन गर्न सकिन्छ ।

ऊर्जा र जलस्रोतसम्बन्धी पत्रकारिता गर्दा स्थानीय, प्रादेशिकदेखि संघीय तहसम्मका सरकारी तथा गैरसरकारी संस्थाहरूबाट समाचार प्राप्त गर्न सकिन्छ । स्थानीय पालिका वा आयोजनास्थलमा पर्ने सम्बन्धित वडा कार्यालय त्यस्ता स्रोत हुन् । जलविद्युत् आयोजनाको लाइसेन्स वा सिँचाइ आयोजना कार्यान्वयन गर्ने प्रक्रिया पालिकाबाटै शुरू हुन्छ । उसको अनुमति (चिठी) नभईकन विद्युत् विकास विभागले लाइसेन्स प्रक्रिया अघि बढाउँदैन । आयोजना कार्यान्वयनमा आइसकेपछि वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) वा प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) प्रतिवेदनले वातावरणमा पार्ने असरबारे उल्लेख गरेको हुन्छ । त्यसको पालना गरे/नगरेको स्थानीय तहलाई थाहा हुन्छ ।

कुनै पनि आयोजना बन्दा लाभान्वित र पीडित दुवै हुन्छन् । कुनै स्थानीय वासिन्दा लाभान्वित हुन्छन् भने कोही पीडित । डुबान हुन्छ, बस्ती उठाउनुपर्ने हुन्छ, उनीहरू पीडित हुन्छन् । बाटोघाटो पुग्छ, विकास निर्माण (विद्यालय, स्वास्थ्य चौकी आदि) हुन्छ, उनीहरू लाभान्वित हुन्छन् । पीडितका आवाज उठाउनु पत्रकारिताको धर्म हो । लाभान्वितको पनि आवाज उठाउनुपर्छ, उनीहरूका कुरा सुनेर अन्यत्रका वासिन्दाले पनि त्यहाँको आयोजना निर्माणमा सहयोग गर्छन् । क्षतिपूर्ति पाएको थाहा दिँदा एक वा अर्को आयोजना प्रभावित वासिन्दाका लागि सन्दर्भ-सामग्री मिल्छ ।

संविधानले संघ, प्रदेश र स्थानीय तहका काम र अधिकार वर्गीकरण गरेको छ। यसका लागि प्राकृतिक स्रोत-साधनको बाँडफाँट, क्षेत्राधिकारमा कुन सरकारको कति भन्ने उल्लेख छ। प्रदेश सरकारका पनि छुट्टै मन्त्रालय छन् । उनीहरूले पनि बजेट विनियोजन र आयोजना कार्यान्वयन गरिरहेका छन् । जलस्रोत तथा ऊर्जासम्बद्ध प्रदेश मन्त्रालय, आर्थिक मन्त्रालय र तिनका मातहतका कार्यालयहरू सूचना स्रोत हुन सक्छन् ।

केन्द्रमा योजना आयोग, अर्थ मन्त्रालय, ऊर्जा तथा सिँचाइ मन्त्रालय, जल तथा ऊर्जा आयोग, सिँचाइ विभाग, विद्युत् विकास विभाग, नेपाल विद्युत् प्राधिकरण, वन तथा वातावरण मन्त्रालय, उद्योग मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा, गृह, भूमिसुधारलगायतका मन्त्रालय र २२ वटा विभाग घुम्नुपर्छ– एउटा जलविद्युत् आयोजना बनाउन। जल तथा मौसम विज्ञान विभागका साथै वन विभाग (रूख काट्न), वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभाग (निकुञ्जमा अनुमति लिन), मालपोत विभाग (जग्गाको हदबन्दी हटाउन) धाउनुपर्ने विधिविधान पत्रकारका लागि सूचनाका स्रोत हुन सक्ने निकाय वा संस्था हुन् ।

ऊर्जा र जलस्रोत पत्रकारिता गर्दा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघसंस्थाहरू पनि समाचारका स्रोत हुन सक्छन् ।  राष्ट्रसंघ र यसअन्तर्गतका संस्थाहरू (युनेस्को आदि), युरोपेली युनियन, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, जाईका (जापान), कोईका (कोरिया) आदि यस्ता केही नाम हुन् ।

व्यापक संघसंस्था तथा व्यक्तिहरूसँग सम्पर्क गरेर पत्रकारिता गर्दा तिनले पत्रकार तथा सञ्चारमाध्यमलाई प्रभावित पार्ने खतरा रहिरहन्छ । तिनीहरूको प्रभावबाट मुक्त रहेर पत्रकारिता गर्नु पत्रकारहरूको सबैभन्दा चुनौतीपूर्ण पक्ष हो । नेपालको सन्दर्भमा शक्तिशाली व्यक्ति वा संस्थाको प्रभावबाट पत्रकार मुक्त हुन सके पनि सञ्चारमाध्यमका सञ्चालक वा लगानीकर्ता मुक्त हुन सक्दैन भन्ने देखिने गरेको छ।

यो क्षेत्रमा तुलनात्मक रूपमा धेरै रकमको कारोबार हुने भएकाले भ्रष्टाचारको मात्रा पनि धेरै छ। प्राविधिक विषयवस्तु भएकाले भ्रष्टाचार गर्ने अनेक तरिका हुन्छन् । नाप्दा एक इन्च तलमाथि पर्दा करोडौं रुपैयाँ तलमाथि हुन्छ। यस्ता व्यक्तिसँग टाढा रह्यो भने सूचना नै पाइँदैन भने धेरै नजिक भयो भने पत्रकारिता नै जोखिममा पर्न सक्छ। त्यसकारण टाढा वा नजिकको नभएर व्यावसायिक सम्बन्ध राखेमा मात्रा समाचार लेख्न सकिन्छ। तथ्य (फ्याक्ट) मात्र लेख्दा उनीहरूले 'माइन्ड' गर्ने सम्भावना कम हुन्छ।

## कानूनको ज्ञान र निगरानीका विषय

पत्रकारिता आफैंमा खबरसँगै खबरदारी पनि हो । यसका लागि पत्रकारलाई कानून र कानूनी प्रक्रियाको जानकारी हुन जरुरी हुन्छ। ऊर्जा तथा जलस्रोत पत्रकारले जान्नैपर्ने

केही मुख्य कानून हुन्- भूमिसुधार ऐन, २०२१; मालपोत ऐन, २०३४; जग्गा प्राप्ति ऐन, २०३४; नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१; जलस्रोत ऐन, २०४९; विद्युत् ऐन, २०४९ र नियमावली, २०५०; जलस्रोत नियमावली, २०५०; मूल्य अभिवृद्धि कर ऐन, २०५२; विद्युत् चुहावट नियन्त्रण ऐन, २०५८; सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४; औद्योगिक व्यवसाय ऐन, २०७६; वन ऐन, २०७६; वातावरण संरक्षण ऐन, २०७६; आयकर ऐन, २०७९ आदि।

नेपालको सन्दर्भमा पत्रकारले सामान्यतया निम्न नीतिगत तथा कानूनी विषय अध्ययन गर्न आवश्यक देखिन्छ :

**नीति तथा कार्यक्रम** : सरकारको वार्षिक नीति तथा कार्यक्रममा कुन क्षेत्रका कुन व्यापारीलाई पोस्ने भन्ने चलखेल पहिल्यैदेखि हुने गर्छ। कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको औचित्य स्थापित भएको हुनुपर्छ।

**बजेट** : एक सय किलोवाटसम्मका विद्युतीय गाडीले कर छुट पाउने, ११० किलोवाटदेखि १५० किलोवाटलाई भारी शुल्क लाग्ने आदि।

**विदेशी लगानी** : विदेशी लगानी भित्र्याउँदा विदेशी लगानी आकर्षित गर्ने नाममा भित्रभित्रै 'डिल' गरिएको हुन्छ। अमेरिकी डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) गर्ने, कर छुट दिने, भ्याट नलाग्ने तर त्यसरी सुविधा पाएबापत नीतिनिर्माता वा निर्णयकर्ताको व्यक्तिगत आर्थिक हित हुने।

**मन्त्रिपरिषद्का निर्णय** : मन्त्रिपरिषद्का नीतिगत निर्णयउपर अनुसन्धान गर्न नपाइने वा मुद्दा नलाग्ने कानूनी व्यवस्था छ। अझ विद्युत् ऐनको दफा ३५ मा नेपाल सरकारले 'करार गरी जलविद्युत् आयोजना दिन सकिने' व्यवस्था छ। त्यसैको फाइदा उठाउँदै विदेशीलाई आयोजना दिने अनि करोडौंको डिल हुने गरेको छ। स्वदेशी वा नेपाली लगानीकर्ताले जलविद्युत् आयोजना लिँदा कुनै सुविधा पाउँदैन।

**मन्त्रीस्तरका निर्णय** : उदाहरणका लागि आफ्नो निर्वाचन क्षेत्रमा 'जनताका लागि सित्तैमा विद्युतीय चुलो' बाँड्ने।

**मन्त्रालयको निर्णय** : सचिवस्तरीय निर्णय हुने र धेरै हल्लाखल्ला नहुने भएकाले तत्काल वा दीर्घकालमा प्रभाव पर्न सक्ने महत्त्वपूर्ण निर्णय हुन सक्छन्।

**विद्युत् प्राधिकरण सञ्चालक समितिका निर्णय** : नेपाल विद्युत् प्राधिकरणको क्षेत्राधिकारभित्र पर्ने र उपभोक्तालाई तत्काल असर पर्ने निर्णय।

**नीतिगत पाठ्यसामग्री** : ऊर्जा तथा जलस्रोत पत्रकारले पढ्नैपर्ने केही नीति तथा महत्त्वपूर्ण प्रतिवेदन पनि छन् । यिनको अध्ययनबाट समाचारीय जानकारी प्राप्त हुने मात्र नभएर ज्ञानको दायरा पनि फराकिलो हुन्छ । जस्तै– आवधिक योजना, सरकारका नीति तथा कार्यक्रम, बजेट, आर्थिक ऐन, नेपाल विद्युत् प्राधिकरण वार्षिक प्रतिवेदन, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको वार्षिक प्रतिवेदन, सिँचाइ विभागको प्रतिवेदन, महालेखापरीक्षकको प्रतिवेदन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन, महालेखापरीक्षकको कार्यमूलक लेखापरीक्षण प्रतिवेदन, विद्युत् विकास विभागको प्रतिवेदन, विद्युत् नियमन आयोगको प्रतिवेदन आदि ।

## समाचारमा तथ्यांकको सरलीकरण

वास्तवमा ऊर्जा र जलस्रोतको समाचार आफैंमा तथ्यांकको खेल हो । विनातथ्यांक यसमा समाचार बनाउन कठिन हुने गर्छ वा अझ भनौं विश्वसनीय नै हुँदैन । केही उदाहरण हेरौं–

**चुहावट र जडित क्षमता** : हाल देशभर विद्युत् चुहावट १५ प्रतिशत छ । यो भनेको कुल जडित क्षमता २७०० मेगावाटमा १५ प्रतिशत चुहावट हुनु हो । यसलाई व्याख्या गर्दा ४०५ मेगावाट बिजुली खेर गइरहेको छ भन्न सकिन्छ । अब यसलाई थप व्याख्या गर्दा यस्तो हुन्छ– देशभर विद्युत् चुहावट झन्डै माथिल्लो तामाकोसी (४५६ मेगावाट) आयोजनाको उत्पादनसरह छ । एक मेगावाटको आयोजना बनाउन २० करोड रुपैयाँ पर्छ भन्ने आधार तयार गरिएको छ । यस हिसाबमा करिब ८१ अर्ब रुपैयाँ खर्च लाग्ने आयोजना बराबर देशभर विद्युत् चुहावट छ ।

**विद्युतीकरण** : हाल देशभरि ९५ प्रतिशत विद्युतीकरण भएको अवस्था छ । झन्डै तीन करोड नेपालीमा २ करोड ८५ लाख नेपालीले बिजुली सेवा प्राप्त गरेका छन् ।

**लागत** : आयोजना बनाउँदा लाग्ने कुल अनुमानित खर्च लागत हो । लागतलाई विभिन्न तथ्यांकसँग भिडाएर व्याख्या वा उदाहरण दिन सकिन्छ । चमेलिया जलविद्युत् आयोजनाको प्रतिमेगावाट लागत ५६ करोड रुपैयाँ पुग्यो । जबकि नेपालका निजी क्षेत्रले बनाउँदा प्रतिमेगावाट २० करोड रुपैयाँमा बन्ने गरेको छ । यसमा आर्थिक अनियमितताका कुरा, भेरियसन, चुहावट सबै पक्ष समेटिन सक्छन् ।

## चुनौती र अवसर

मिडिया हाउसले अध्ययन अनुसन्धानमा पर्याप्त लगानी गर्दैनन् । खोजमूलक समाचारका लागि खर्च लाग्छ, समय लाग्छ । दिनहुँ समाचार लेख्ने बाध्यता हुन्छ । समयमा तलब नपाएकै कारण मनोबल गिरेको हुन्छ ।

**समाचार स्रोत** : देशभक्तिको भावना अधिकांश कर्मचारीमा हराउँदै गएको छ। विकृति र विसंगति रोकौं भन्ने इच्छा छैन। शपथ नै गोपनीयताको खान्छन्। अवसरवादी छन्। आफूलाई फाइदा हुने मात्र सूचना दिन चाहन्छन्। थाहा भएको सूचना दिनबाट पन्छिन्छन्, यो आम समस्या हो। ऊर्जा र जलस्रोतमा पनि यही लागू हुन्छ। प्रवक्तालाई तेर्साउँछन् तर ऊ पनि थाहा छैन भनेर पन्छिन्छ।

**प्रविधि र भाषा** : प्राविधिक विषयवस्तु भएकाले एकदुईपटकको प्रयासमा यो क्षेत्रमा जमेर लेख्न सकिंदैन, निरन्तर लागिपरिरहनुपर्ने हुन्छ। इन्जिनीयरिङ, आर्थिक, सामाजिक, पर्यावरणीय, वैदेशिक सबै क्षेत्र जलस्रोत वा जलविद्युत्मा समेटिएको हुनाले यी क्षेत्रबारे पनि जानकारी लिनुपर्छ, जसका लागि लामो समय लाग्छ। पत्रकारहरूले धैर्य गर्नुपर्ने हुन्छ। सन्दर्भ-सामग्री अधिकांश अंग्रेजीमै उपलब्ध हुने भएकाले अंग्रेजी कमजोर भएका सञ्चारकर्मीलाई सहज नहुन सक्छ। भाषा, लेखनशैली, धैर्य र मेहनत गर्‍यो भने ऊर्जा वा जलस्रोत पत्रकारितामा जमेर लेख्न सकिन्छ।

**नाम र दाम** : पत्रकारितामा सबैभन्दा ठूलो कमाइ नाम हो। आम जनता, ठूलो क्षेत्रको प्रतिनिधित्व गरेर लेख्ने हुँदा पत्रकार लोकप्रिय भइन्छ। अन्य अवसरको कुरा गर्दा विदेश भ्रमणको अवसर अक्सर आइरहन्छ। पछि यो क्षेत्रमा विशिष्टीकृत हुँदै जाँदा विभिन्न शोध तथा अनुसन्धानमूलक कार्यमा अवसर पाइन्छ। स्कुल, कलेज वा बैंक तथा अन्य सरकारी एवं गैरसरकारी निकायमा विषय ज्ञाताका हिसाबले प्रस्तुतीकरण गर्न बोलाउँछन्। अध्ययन अनुसन्धान गरेरै जीविकोपार्जन गर्न सकिन्छ।

**बहुपक्षीय ज्ञाता** : नेपालको सन्दर्भमा जलस्रोत नै आर्थिक समृद्धिको मुहान हो। नेपालको जलस्रोतमा राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रको विशेष आँखा पर्ने गरेको छ। समाचारकै माध्यमबाट नीतिनिर्माताका आँखा खुलाउन सकिन्छ। एउटै समाचारले मूल प्रवाहको मिडियामा स्थापित हुन सकिन्छ किनभने यसमा राष्ट्रियता पनि छ र नागरिकका आर्थिक-सामाजिक उन्नयनका उपाय पनि छन्। अर्थात्, यसैका माध्यमबाट जनता धनी बन्न सक्ने अवसर छ। भ्रष्टाचार यसैमा छ। राजनीति र कूटनीति पनि यसैमा छ। यो विधाको पत्रकारिता गर्दा एउटा पत्रकार बहुपक्षीय विषयको ज्ञाता बन्न सक्छ।

**अध्ययन र अद्यावधिक** : यो विधाको पत्रकारितामा तथ्यांक, रकम कलम धेरै भएकाले हिसाब गर्ने, आर्थिक विश्लेषण गर्न, मेहनत गर्ने, जिज्ञासु बनिरहने, प्रश्न गरिरहने बानी हुनुपर्छ। तथ्यांकमा आफूलाई पनि अद्यावधिक राख्नुपर्ने हुन्छ। कुनै ऐन, कानून तर्जुमा हुँदा, संसद्मा छलफल हुँदा प्रारम्भदेखि नै अध्ययन गर्ने, त्यसमा सामेल हुने गर्नाले

विषयवस्तुको गाम्भीर्य अझ बढी बोध हुन्छ। तिनबारे यो क्षेत्रबाट सेवा निवृत्त मन्त्री वा कर्मचारीले बढी जानकारी र दिशानिर्देश दिन सक्छन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेख, समाचार र प्रतिवेदन नै यो विधाको पत्रकारिताका लागि खुराक हुन्। नेपालमा सेवा निवृत्त भइसकेपछि बुद्धत्व प्रदर्शन गर्ने चलन छ, किताब लेख्ने हुटहुटी चल्छ। तिनको अध्ययनबाट पनि लाभ उठाउन सकिन्छ।

अध्ययनका लागि केही सामग्री यी हुन सक्छन् :


दुङ्गेल, द्वारिकानाथ। २०७९। *चक्रव्युहमा नेपालको जलस्रोत*। काठमाडौं : सिमल बुक्स पब्लिकेसन।

थापा, विकास। सन् २०११। *नेपालमा जलविद्युत्*। काठमाडौं : फिनिक्स बुक्स।

Dhungel, Dwarikanath and Santa Bahadur Pun, Ed. 2009. *The Nepal-India Water Relationship:* Challenges. Springer

Dhungel, Kamalraj. 2010. *Energy Issues in Nepal: A Micro Level Analysis.* VDM Verlag Dr. Müller.

Gyawali, Dipak. 2001. *Water in Nepal.* Kathmandu: Himal Books and Panos South Asia with Nepal Water Conservation Foundation.

Upadhyay, Surya Nath. 2013. *International Water Course Law and a Perspective on Nepal-India Cooperation.* Kathmandu: Ekta Books Distributors Pvt. Ltd.


यस बीटमा काम गर्ने पत्रकारले सुन्नु/हेर्नुपर्ने केही महत्त्वपूर्ण सिनेमा वा अन्य श्रव्य-दृश्य सामग्री पनि छन्। जस्तै- चीनको थ्री गर्जेज ड्याम कसरी बन्यो भन्ने डकुमेन्ट्री छ भने चीनले ब्रह्मपुत्र नदीमा बनाउन लागेको विशाल संरचनाबारे पनि युट्युबमा वृत्तचित्र पाइन्छ। यसका साथै भारतमा पानीको संकटसम्बन्धी युट्युब च्यानलहरूका प्रस्तुति पनि हेर्नलायक छन्।

## इन्टरनेटबाट समाचार वा सूचनाको खोजी

हिजोआज ५० प्रतिशतभन्दा बढी समाचारका स्रोत इन्टरनेटमा निर्भर छन्। प्रायः सरकारी कार्यालय वा मन्त्रालय वा निकायले आफ्नो वेबसाइट बनाएका हुन्छन्। तिनमा वार्षिक प्रतिवेदनदेखि प्रेस विज्ञप्तिसम्म र संस्थाको इतिहासदेखि हाल गरिरहेका काम (योजना तथा आयोजना) बारे जानकारी राखिएका हुन्छन्। नेपाली भाषा (युनिकोड) मा समेत

जानकारी खोज्न सकिन्छ । सम्बन्धित विषय वा क्षेत्रबारे खोजी गर्दा थोरै समयमै धेरै उपलब्ध हुन्छ ।

ऊर्जा र जलस्रोतसम्बन्धी पत्रकारिता गर्ने पत्रकारले सूचना, सीप र ज्ञान बढाउनका लागि ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण वेबसाइट (यूआरएल अर्थात् वेब ठेगाना) :

https://www.opmcm.gov.np/ (Office of the Prime Minister and Council of Ministers)

http://erc.gov.np/ (Electricity Regulatory Commission)

http://www.wecs.gov.np/ (Water and Energy Commission Secretariat)

http://www.doed.gov.np/ (Department of Electicity Development)

https://dwri.gov.np/ (Department of Water Resources and Irrigation)

http://www.dhm.gov.np/ (Department of Hydrology and Meterology)

https://www.nea.org.np/ (Nepal Electricity Authority)

https://gwrdb.gov.np/ (Groundwater Resources Development Board)

https://www.aepc.gov.np/ (Alternative Energy Promotion Centre)

https://wrrdc.gov.np/ (Water Resource Research and Development Centre)

https://www.vucl.org/ (Vidyut Utpadan Company Ltd.)

https://www.rpgcl.com/ (Rastriya Prasran Grid Company Limited)

https://www.hidcl.org.np/ (Hydroelectricity Investment and Development Company Limited)

http://energyefficiency.gov.np/ (Nepal Energy Efficiency Programme)

http://www.pmp.gov.np/ (Panchewore Multipurpose Project)

https://skhdmp.gov.np/en (Saptakoshi High Dam Multipurpose Project and Sunkoshi Storage cum Diversion Project)

http://www.bhp.gov.np/ (Budhiganga Hydropower Project)

# आत्मनिर्भरताका लागि पत्रकारिता

**डा. बद्रीप्रकाश ओझा**

सामान्यतया कृषि कर्म भन्नाले खेतीबारी र पशुपालनसँग सम्बन्धित सबै क्रियाकलापलाई जनाउँछ। त्यसैले कृषि कर्मसँग सम्बन्धित कुनै पनि किसिमका सञ्चारलाई कृषि सञ्चार मानिन्छ, चाहे कृषि र गैरकृषि क्षेत्रबीच हुने सञ्चार नै किन नहोस् । कृषि एक विज्ञान भएकाले प्राकृतिक स्रोतसाधन तथा विज्ञानसँग सम्बन्धित सञ्चार प्रक्रिया पनि कृषि सञ्चारकै अंग बन्छ।

इनसाइक्लोपेडिया ब्रिटानिकाका अनुसार विश्वमा सबैभन्दा पहिले १२ हजार वर्षअघि दक्षिण-पश्चिम एसियामा कृषि कर्म शुरू भएको थियो । तर, हालको कुन देशमा शुरू भएको हो भन्ने यकिन हुन सकेको छैन। त्यतिबेला मानिसले पहिलोपटक जंगली जौ र जंगली बाख्रा जम्मा गरेर खेती गरेको वा पालेको इतिहास पाइन्छ। यसैगरी दक्षिण-पूर्वी एसियामै आठ हजार वर्ष पहिले कोदो र धान जंगलबाटै जम्मा गरेर गरिएको खेतीको इतिहास पनि विश्व पुरातात्विक रेकर्डले जनाएको छ।

संयुक्त राज्य अमेरिका, मेक्सिको र पेरूको कुनै भागमा १२ हजार वर्ष पहिले आदिवासीले जंगलबाट फर्सी ल्याएर खेती गरेको इतिहास छ भने चीनमा करिब आठ हजार वर्षअघि जंगली कुकुर घरमा पाल्न थालिएको पाइन्छ । चिनियाँहरूले नै सात हजार वर्षअघि जंगली खानेकुरा जम्मा गरेर खेती शुरू गरेका थिए। मानिसहरू परिवारमा बस्ने परिपाटी

पनि दक्षिण-पूर्वी एसिया र मध्य-पूर्वबाटै शुरू भएको हो भन्ने विश्व पुरातात्विक तथ्यांकले देखाएको छ।

## कृषि सञ्चारको उद्गम र विकास

विश्वमा सबैभन्दा पहिले कहाँबाट कृषि सञ्चारको शुरूवात भयो भन्ने यकिन नभए पनि हालको अमेरिकामै पहिलोपटक यसको अध्यापन शुरू भएको थियो। कृषि सञ्चारका बढी कलेज अमेरिकामै छन्। विश्वका पुराना कृषि पत्रिका तथा जर्नलहरूमा स्विडिस कृषि जर्नल *एटीएल लान्टब्रुकेट्स अफेयर्सडिनिङ* (सन् १८८४) तथा *अमेरिकन एग्रिकल्चरिस्ट* (सन् १८७७) लाई मानिन्छ। त्यस्तै कृषि रेडियोमा क्यानाडाको *फार्म रेडियो इन्टरनेशनल* (सन् १९७९) लाई मानिन्छ। यो रेडियो एकजना पत्रकारले चलाएका थिए।

संस्थागत रूपमा हेर्दा विश्वमा सबैभन्दा पुरानो कृषि संस्था विश्व खाद्य तथा कृषि संगठन (एफएओ) लाई मानिन्छ। यसको शुरूवाती चरणमा अमेरिकी कृषिकर्मी डेभिड लुबिनले सन् १९०५ मा इटालीको रोममा कृषिसम्बन्धी अन्तर्राष्ट्रिय संस्था गठन गरेका थिए। यसैलाई पछि एफएओका रूपमा स्वीकार गरियो। संयुक्त राष्ट्रसंघको स्थापना भएपछि यसले एफओएलाई आफ्नो अंग मानेको हो।

नेपालमा कृषि सञ्चारको पढाइ स्वतन्त्र विषयका रूपमा अझै पनि शुरू भएको छैन। सबैभन्दा पहिले सन् १९५७ मा काठमाडौंमा कृषिका प्राविधिक कर्मचारी उत्पादन गर्न तत्कालीन प्रमाणपत्र तह बराबरको तालिम शुरू गरिएको थियो। पछि सन् १९६८ मा उक्त तालिम संस्थालाई त्रिभुवन विश्वविद्यालयले आंगिक क्याम्पसको मान्यता दिई स्नातक तहको पढाइ शुरू गरेपछि अमेरिकी सहयोगमा सन् १९७४ मा चितवनको रामपुरमा पहिलोपटक कृषि अध्ययन संस्थानका रूपमा विकास गरियो। यसैमा कृषि प्रसार सेवाअन्तर्गत एकदुई शीर्षकमा कृषि सूचनाबारे अध्यापन शुरू गरियो। यसैलाई नेपालको कृषि सञ्चार अध्यापनको प्रारम्भिक अभ्यास मान्नुपर्छ।

हाल आएर सरकारले कृषि तथा वन विज्ञान विश्वविद्यालय अलग्गै खोलेपछि रामपुर क्याम्पस अलग भएको छ। रामपुर क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयले अलग रूपमा सारेपछि रामपुर क्याम्पसले चितवनकै पर्सामा आफ्नै क्याम्पस भवन निर्माण गरी कृषि अध्ययनभित्रै कृषि सञ्चारलाई एक अलग विषयका रूपमा अध्यापन शुरू गरेको छ। तर, कृषि प्रसार सेवाकै प्राध्यापकहरूले पढाउने हुनाले कृषि सञ्चारले समग्र सञ्चारको मूल मर्म भने समात्न सकेको छैन।

त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आम सञ्चार केन्द्रीय विभागले स्नातकोत्तर तथा

एमफिलमा केही विद्यार्थीलाई कृषि पत्रकारितामा थेसिस गराएका छिटपुट उदाहरण छन् । तैपनि कृषि सञ्चारलाई मूल विषयका रूपमा प्राध्यापन गराउन सकेको देखिँदैन ।

यसैगरी अनुसन्धानका विषयमा छलफल गर्ने हो भने पंक्तिकारले गरेको अनुसन्धान (अमेरिकाको न्युयोर्कस्थित कोलम्बिया विश्वविद्यालय र भारतको वाराणसीस्थित काशी हिन्दु विश्वविद्यालयको संयुक्त अनुसन्धान परियोजनामा नेपाल सरकारले कृषि क्षेत्रमा उपलब्ध गराएको प्रसार सेवाको विश्लेषणात्मक अनुसन्धान) लाई नै नेपालको कृषि सञ्चार क्षेत्रको पहिलो अनुसन्धान मान्न सकिन्छ । यसैगरी अमेरिकाकै मिचिगन विश्वविद्यालयको पोस्ट डक्टरल रिसर्च ग्रान्टमा नेपालकै इलामको चुलाचुली गाउँपालिकामा शुरू गरेको रैथाने कन्दमूल तरकारी बाली क्यासवा प्रशोधनसम्बन्धी पंक्तिकारकै अनुसन्धानलाई देशको दोस्रो कृषि सञ्चार अनुसन्धानका रूपमा लिन सकिन्छ । कृषिमा प्रशस्त अनुसन्धान भए पनि कृषि सञ्चारमा भने अनुसन्धान कम हुने गरेको देखिन्छ ।

नेपालमा सरकारी तवरबाट कृषि सञ्चारमा गरिएको योगदान नियाल्दा १९०८ सालमा श्री ३ महाराज जंगबहादुर राणाले बेलायतबाट ल्याएको गिद्दे प्रेसपछि मात्र प्रिन्टिङ प्रेस सेवा शुरू भएको हो । उक्त प्रेसमा शुरूमा सरकारी कागजपत्र तथा धार्मिक पुस्तक मात्र प्रकाशन गरिन्थ्यो । १९४० सालमा स्थापना गरिएको घरेलु इलम प्रचार अड्डाको मुखपत्र *घरेलु इलम*लाई कृषि सञ्चारको सबैभन्दा पुरानो सामग्री मान्नुपर्छ । त्यसपछि १९५८ सालमा *गोरखापत्र*को प्रकाशन शुरू भएपछि कृषिका समाचार प्रकाशित हुँदै आएको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान, २०१५ ले प्रेस स्वतन्त्रतालाई प्राथमिकतामा राखेपछि तत्कालीन सरकारले नेपालमा पहिलोपटक समाचार एजेन्सीहरू स्थापनाका लागि नियमित बजेट व्यवस्था गरेको थियो, तर राजा महेन्द्रको २०१७ सालको 'कू' पछि *राष्ट्रिय समाचार समिति* गठन गरियो । राजनीतिक रूपमा उक्त एजेन्सी स्वतन्त्र नभए पनि कृषिसम्बन्धी समाचार भने लेखिन्थे ।

पञ्चायतको शुरूवातसँगै २०१८ सालदेखि श्री ५ को सरकारले वन तथा कृषि मन्त्रालयमार्फत *कृषि* द्वैमासिक प्रकाशन शुरू गरेको थियो । प्रमाणित रूपमा नेपालमा कृषि सञ्चारको यो पहिलो प्रयास थियो । शुरूमा कृषि विभागले २०१८ सालमा ग्राम सेवा कार्यक्रमअन्तर्गत रेडियो कृषि कार्यक्रमको प्रसारण थालेको थियो । २०२२ सालमा सो विभागले छुट्टै कृषि सूचना शाखा स्थापना गरेपछि सोही कार्यालयले कृषि सञ्चारका क्षेत्रमा नियमित काम गर्दै आएको छ । पछि गएर यसै संस्थालाई नेपाल सरकारले कृषि सूचना तथा सञ्चार केन्द्र नामकरण गरेकोमा हाल आएर कृषि सूचना तथा प्रशिक्षण केन्द्र नामकरण गरिएको छ । यस संस्थामार्फत २०२३ देखि *रेडियो नेपाल*बाट नियमित रूपमा कृषि कार्यक्रम प्रसारण

भइरहेको छ। नेपालमा टेलिभिजनको विकास हुँदै गएपछि कृषि सूचना तथा सञ्चार केन्द्र हुँदै हालको कृषि सूचना तथा प्रशिक्षण केन्द्रले २०४६ सालदेखि *नेपाल टेलिभिजन*बाट पनि नियमित रूपमा कृषि कार्यक्रम प्रसारण गर्दै आएको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रेस स्वतन्त्रतालाई आधारभूत स्वतन्त्रताको मान्यता दिएपछि लागू गरिएको छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ जारी भएयता नेपालमा कानूनी रूपमै स्वतन्त्र पत्रकारिताको शुरूआत भयो। त्यसको अर्को वर्ष जारी गरिएको राष्ट्रिय प्रसारण ऐन, २०४९ ले निजी क्षेत्रमा समेत रेडियो तथा टेलिभिजन प्रसारण गर्न अनुमति दिने व्यवस्था गरेपछि कृषिलाई नगन्य मात्रामा भए पनि समाचारमा स्थान दिन थालियो।

त्यसैगरी सरकारी क्षेत्रबाट २०५८ सालमा कृषि क्षेत्रको समग्र विकासका लागि प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा आधारित रही विभिन्न दातृ निकाय तथा सरकारको सहयोगमा नेपालमा कृषि अनुसन्धान तथा विकाससम्बन्धी आयोजना प्रस्तावहरू माग गरी उपयुक्त प्रस्तावलाई पूरक अनुदान दिने व्यवस्था गरियो। यस प्रयोजनका लागि नेपालमा पहिलोपटक कृषि क्षेत्रमा सार्वजनिक सम्पर्क (पीआर) परामर्श सेवाको अवधारणा अघि सारिए पनि निजी क्षेत्रलाई उक्त सेवा प्रदान गर्ने मौका दिइएन। यो कार्य पनि तत्कालीन कृषि सूचना तथा सञ्चार केन्द्रलाई नै सुम्पिइयो।

कृषि अनुसन्धान तथा विकास कोषले कृषि विषयमा स्नातकोत्तर र विद्यावारिधि गर्ने विद्यार्थीलाई विभिन्न विषयमा अनुसन्धान गर्न थेसिस अनुदान उपलब्ध गराए पनि कृषि सञ्चारमा कसैको चासो देखिएन। यसका साथै नेपाल कृषि सेवामा सञ्चार समूहको व्यवस्था नभएकाले कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा कृषि पत्रकारका रूपमा नियुक्त गरिएका कर्मचारी माथिल्लो पदमा पुग्ने व्यवस्था आजपर्यन्त गरिएको छैन। नेपालमा कृषि सञ्चारले स्थान नपाउनुमा यो पनि एउटा मुख्य कारण हो।

कृषि अनुसन्धान तथा विकास कोषले अघि सारेको पीआर परामर्श सेवाको अवधारणालाई २०६६ सालमा स्थापना गरिएको व्यावसायिक कृषि तथा व्यापार आयोजनाले मूर्त रूप दियो। विश्व बैंकको अनुदान तथा ऋण सहयोगमा सञ्चालित उक्त आयोजनाले सार्वजनिक सचेतना सेवाको माग गरी ठेक्कामार्फत निजी क्षेत्रबाट विज्ञ सेवा खरिद गरेको थियो। सार्वजनिक सचेतना सेवालाई आयोजनाको अनुदानबारे सर्वसाधारणलाई जानकारी दिने, आयोजनाले लगानी गरेका निजी फार्म तथा सहकारी संस्थाको अर्थतन्त्रमा भएका सुधारबारे सकारात्मक सूचना प्रवाह गर्नुका लागि श्रव्यदृश्य सामग्री उत्पादनलगायतको जिम्मेवारी दिइएको थियो।

उक्त आयोजनामार्फत नेपालको इतिहासमा कृषि क्षेत्रमा पहिलोपटक पीआर परामर्श सेवाको शुरूवात भयो । परामर्शदाताका रूपमा कृषि क्षेत्रमा कार्यरत पत्रकारहरू नै देखा पर्न थाले । खासगरी अर्थ तथा कृषिलाई मुख्य बीट बनाएर पत्रकारिता गर्नेहरूले आफूलाई पीआर प्रोफेसनलका रूपमा उभ्याएपछि कृषि पत्रकारिताको स्तर खस्कियो । पत्रकारहरूले आयोजनाबाट आर्थिक लाभ लिने परिपाटी बढेपछि अर्थ मन्त्रालयले कृषि क्षेत्रमा प्रचार-प्रसारका लागि छुट्याइने रकम कटौती गऱ्यो । आजपर्यन्त कृषिलाई मुख्य बीट बनाएर पत्रकारिता गर्ने स्थापित मिडियाका पत्रकार यस्ता आयोजनाबाट लाभ लिन पल्केकाले कृषि पत्रकारिता फस्टाउन नसकेको कृषि मन्त्रालयका उच्च अधिकारीहरूले समेत महसुस गरेको पाइन्छ ।

कृषि पत्रकारहरूकै दबदबाका कारण भर्खरै शुरू भएको कृषि पीआर सेवा लर्खराउँदो अवस्थामा पुगेको छ । दातृ निकायको सहयोगमा सञ्चालित आयोजनाहरूले विस्तारै सचेतनाका लागि छुट्याइएको बजेट कटौती गर्न थाले । यसको ज्वलन्त उदाहरण हो- कृषिमै सञ्चालित नेपाल लाइभस्टक सेक्टर इनोभेसन प्रोजेक्ट । यस परियोजनाले सार्वजनिक सचेतना सेवाका लागि पाँच करोड रुपैयाँ छुट्याए पनि उक्त रकम हत्याउन तत्कालीन सरकारले सञ्चालनमा ल्याएको *हेलो सरकार* टेलिभिजन कार्यक्रमका सञ्चालक तथा कृषि पत्रकारहरूले गठन गरेका संघ-संगठनले प्रयास गरेपछि आयोजनाले ठेक्का नै सार्वजनिक नगरी बजेट फ्रिज गरिदियो । फलतः नेपालको कृषि सञ्चार विकासका लागि तय गरिएको पाँच लाख अमेरिकी डलरको कोष विश्व बैंकमै फिर्ता भयो । यसको मुख्य कारण हो- कृषि क्षेत्रमा कार्यरत पत्रकारको क्षमता अभिवृद्धिको कमी । देशमा कृषि सञ्चार अध्यापन हुने व्यवस्था नभएकाले अन्य बीटमा काम गर्नेहरूलाई कृषिको समेत समाचार लेखन तथा सम्पादनको जिम्मा दिइन्छ । फलस्वरूप उनीहरूले कृषि बीटको मर्म बुझ्नै पाउँदैनन् ।

२०७० सालपछि नेपालमा विषयगत रूपमा साप्ताहिक कृषि पत्रिका शुरू भयो । त्यसपछि मासिक पत्रिका तथा कृषि टेलिभिजन पनि शुरू गरियो भने कृषिलाई मुख्य विषय बनाएर अनलाइन पोर्टल तथा टेलिभिजनहरू पनि शुरू गरिएका छन् । छिटपुट रूपमा व्यावसायिक ढंगले चले पनि अधिकांश कृषि मिडिया माग्ने भाँडाका रूपमा मात्र सञ्चालित छन् । सम्पादकहरू स्वयं नै कृषि कार्यालयमा धाएर विज्ञापन माग्ने र नदिए धम्क्याउने गरेको कृषिका कर्मचारीहरूको गुनासो सुनिन्छ ।

यदाकदा खोज पत्रकारिता केन्द्रले पनि कृषि बीटमा खोजमूलक रिपोर्टिङका लागि लेखनवृत्ति प्रदान गर्छ तर त्यसरी लेखिएका समाचार मुख्य रूपमा सरकारी प्रतिवेदनमा आधारित हुन्छन् । यस्ता आलेखमा खोजमूलक सामग्रीभन्दा सन्दर्भ-सामग्रीको पुनरावलोकन मात्र पाइन्छ ।

अन्तर्राष्ट्रिय रूपमा हेर्दा पनि अन्तर्राष्ट्रिय कृषि पत्रकार महासंघ[१] अस्तित्त्वमा छ तर नेपालमा त्यसको खासै प्रभाव देखिँदैन । समय-समयमा नेपालमा पनि कृषि पत्रकार संघहरू नखुलेका होइनन् तर प्रभावकारी भूमिकामा देखिएका छैनन् ।

नेपालमा कम्पनी रजिस्ट्रारको कार्यालयमा नाफारहित कम्पनीका रूपमा केही कृषि पत्रकार संघसंस्था तथा महासंघ नै पनि दर्ता भएका छन् । महासंघले देशका विभिन्न भागमा शाखा विस्तार गर्दै आएको छ । त्यस्तै अन्य संस्था पनि सोही कार्यालयमा तत्तत् प्रवृत्तिमा दर्ता भएका छन् । तर, कम्पनी कानूनअन्तर्गत दर्ता भएका संस्थाहरूले कम्पनीमा शेयरदार मात्र राख्न सक्ने कि सदस्यता नै वितरण गर्न सक्ने भन्ने कम्पनी कानून तथा नियमावलीमा प्रस्ट व्यवस्था छैन । त्यसैले यी संस्थाहरूले कृषि पत्रकारको क्षमता अभिवृद्धिमा खासै काम गर्ने क्षमता राख्दैनन् ।

## कृषि पत्रकारका लेखन क्षेत्र

मूलतः कृषि पत्रकारिता क्षेत्रमा निम्न विषयले आवश्यकताको सापेक्षतामा असाध्यै कम मात्र स्थान पाएका छन् । यी विषयमा कृषि पत्रकारको कलम चल्न आवश्यक देखिन्छ ।

**कृषि मूल्य शृंखला** : कृषि पत्रकारहरूले बुझ्नुपर्ने एउटा विषय हो, कृषि मूल्य शृंखला । सामान्यतया उत्पादनदेखि उपभोग्य वस्तु तयार होउञ्जेल विभिन्न चरणमा हुने क्रियाकलापलाई मूल्य शृंखला भनिन्छ । यसले कृषि वस्तुको मूल्य पनि वृद्धि गर्छ । यस तथ्यलाई नबुझी कृषिमा कलम चलाउन सकिँदैन ।

**बजार अध्ययन** : हाम्रा कृषक बजारमा के सामानले मूल्य पाउँछ भन्ने अध्ययन गर्न सक्ने अवस्थामा अझै पुगेका छैनन् । यो उत्पादनमा मेरो यति लगानी परेको छ, त्यसैले म यसलाई यति रुपैयाँमा मात्र दिन सक्छु भन्ने कुरा किसानले भन्न सक्दैनन् । यसैकारण उनीहरू बजारका पात्रहरूले जति मूल्य दिन्छन्, आफ्ना उत्पादन त्यतिमै बेच्न बाध्य हुने गरेका छन् । यसका साथै लागत मूल्य कम पार्नेबारे किसानका तहबाट खासै चासो राखेको देखिँदैन । यस विषयलाई कृषि पत्रकारिताले उठाउनुपर्छ । फलानाले खेती गरेर यति कमायो भन्ने समाचार आउँछ, तर उसले कति लगानीमा कति नाफा कमायो भन्ने समाचारमा आउँदैन । यो क्षेत्र पनि समेटिनुपर्छ ।

**लगानी चक्र र वार्षिक बजेट** : सामान्यतया जेठ १५ गते संघीय सरकारले बजेट सार्वजनिक गर्ने र साउन १ देखि कार्यान्वयन गर्ने व्यवस्था छ । किसानको खेती लगाउने

१. https://www.ifaj.org; accessed June 4, 2023.

समय र आर्थिक प्रशासनको तौरतरिका मिलेको छैन । उदाहरणका लागि आर्थिक वर्ष २०७८/७९ मा अघिल्लो सरकारले सम्भाव्यताका आधारमा गाउँ तथा नगरपालिकालाई आत्मनिर्भर कृषि कार्यक्रमका लागि १० अर्ब रुपैयाँ बजेट छुट्र्यायो । बजेट पुसमा पालिकाको पहुँचमा पुग्यो, पालिकाले कागजी प्रक्रिया पूरा गर्न दुई महिना लगायो । यसबीचमै बजेट अर्को सरकारले फिर्ता लियो । कतिपय पालिकाले आर्थिक दायित्व स्थापित भएको भन्दै रकम माग गरे र सरकारले वैशाखमा फिर्ता दियो । तर, त्यतिबेलासम्म उखु, आलु, चैते धानलगायतका बालीको सिजन गुज्रिइसकेको थियो । बजेट भएर पनि खर्च गर्न सकिएन । यसअघि नै गहुँको सिजन गुज्रिएको थियो भने उच्च पहाड तथा तल्लो हिमाली क्षेत्रमा फलफूल तथा आलु खेती लगाउने सिजन पनि सकिइसकेको थियो । यस्ता विषयमा कृषि पत्रकारको आँखा पुग्दैन । कारण हो- पत्रकारलाई कृषिसम्बन्धी जानकारीको कमी ।

खासगरी कृषि क्षेत्रका लागि छुट्याइएको बजेट फ्रिज हुने व्यवस्थाको अन्त्य हुनुपर्छ । यसो भएको खण्डमा कृषि मन्त्रालयका तोकिएका निकायले समयमै मल खरिद गर्न सक्छन् । विदेशबाट मल ल्याउनका लागि दुई सय पाँच दिन लाग्ने कृषि सामग्री कम्पनीका प्रबन्धक बताउँछन् । सरकारले बजेट फ्रिज नगरे कम्पनीले आवश्यकताअनुसार मल खरिद गर्न सक्छ र किसानले खेती मौसममा मल पाउँछ । यो विषयलाई कृषि पत्रकारिताले महत्त्वका साथ उठाउनुपर्छ ।

**लगानीको कमी र कमजोर वीमा** : अन्तर्राष्ट्रिय अभ्यासअनुसार कृषि क्षेत्रमा कुल गार्हस्थ उत्पादनको २० प्रतिशतसम्म कृषिमा लगानी गरिन्छ । भारतकै पनि तथ्यांक हेर्ने हो भने कृषिमा करिब कुल बजेटको १७ प्रतिशत लगानी हुने गरेको छ ।[२] अमेरिकामा त्योभन्दा बढी छ । भारतले वार्षिक रूपमा सय अर्ब अमेरिकी डलर बराबरको कृषि उपज निर्यात गर्छ । उसले विदेशबाट करिब ६० अर्ब डलर बराबरको उपज आयात गर्दछ । अमेरिकामा जतिबेला किसानले खेती लगाउँछन्, कृषि प्राविधिकले किसानको फार्ममा गएर यसमा यति उपज तयार हुन्छ भनेर किटान गर्दछन् । उनीसँगै गएको वीमा कम्पनीको कर्मचारीले प्राविधिकले भनेअनुसारको वीमा गर्छ । वीमा कम्पनीले त्यस जमिनमा ५० मेट्रिक टनको वीमा गरिदियो तर कथंकदाचित तोकिएको जति उत्पादन तयार नभए बाँकी उपजको मूल्य वीमा कम्पनीले भरिदिन्छ ।

२. https://pib.gov.in/PressReleasePage.aspx?PRID=1895533#:~:text=Union%20Agriculture%20Minister%20Shri%20Tomar%20said%20that%20the,is%20about%20Rs%201.25%20lakh%20crore%20this%20time; accessed June 9, 2023.

हाम्रो देशमा कृषि वीमाको अवस्था नाजुक छ। पशुपालन क्षेत्रलाई हटाउने हो भने कृषिमा वीमाको अवस्था एक प्रतिशत पनि छैन (घिमिरे)[३] । कृषि र पशुपालनलाई जोड्दा तीन प्रतिशत वीमाको व्यापार कृषिमा छ। च्याउ खेतीमा संलग्न किसानहरूको अनुभव यस मामिलामा रोचक पाइन्छ। उनीहरूको अनुभवमा च्याउमा पहिलो २१ दिनमै रोग लाग्छ। वीमा कम्पनीलाई बोलाउने हो भने ऊ दुई महिनामा आउँछ। त्यतिबेलासम्ममा कृषक उत्पादन बिग्रिसकेको हुन्छ।

लामो समयसम्म कृषि अर्थशास्त्रीका रूपमा सेवा गरेर हाल त्रिभुवन विश्वविद्यालयमा विद्यावारिधिका शोधार्थीलाई निर्देशन गर्दै आएका डा. देवेन्द्र शेरचनका अनुसार नेपालमा कृषिमा भएको लगानी शुन्य प्रायः छ। उनका अनुसार कृषिलाई लगातार १५ वर्षभन्दा बढी समयसम्म कुल बजेटको २० प्रतिशत बजेट दिएमा सुधार देखिने छ। यस मामिलामा उनी चीनको उदाहरण दिन्छन् । डा. शेरचनका अनुसार, चीनमा माओ-त्से-तुङको शासनकालमा भोकमरी थियो । माओले कृषि वैज्ञानिकहरूलाई बोलाएर सोधे- के गरे तिमीहरू उत्पादन बढाउन सक्छौ ? उनीहरूको जवाफ थियो- बजेट । माओले बजेट बढाए। १० वर्षमा धानको उत्पादन दोब्बर भयो । अहिले चीन विश्वमा सबैभन्दा बढी धान उत्पादन गर्ने मुलुकमा पर्छ ।[४] त्यहाँको सरदर उत्पादन प्रतिहेक्टर सात टन छ । भारतको २.९ छ भने नेपालको चार टन प्रतिहेक्टर। हुँदाहुँदा चीनले त गत वर्ष फलफूल जस्तै रूखमा फल्ने धानसमेत तयार पारेको छ।

अब, नेपालको कृषि बजेटको उदाहरण हेरौं। आर्थिक वर्ष २०७९/८० का लागि कृषि क्षेत्रका लागि ५९ अर्ब रुपैयाँ विनियोजन गरिएको छ। त्यसमध्ये ३० अर्ब रासायनिक मलका लागि छुट्याइएको छ भने विभिन्न परियोजनाका लागि करिब १० अर्ब छुट्याइएको छ। बाँकी १९ अर्बले हामीले कति कृषि उत्पादन तयार गर्न सक्छौं ? कृषि पत्रकारिताले नउठाएको विषय यो पनि हो। त्यही प्रति हेक्टर २.९ टन धान उत्पादन गर्ने भारतले पनि किसानलाई बाली लगाउन जनही ६ हजार रुपैयाँ दिन्छ। भारतमा ८० करोड किसान रहेको मानिन्छ। यसरी हेर्दा खेती लगाउन मात्र भारतले किसानलाई वर्षमा ४८ खर्ब भारु दिन्छ। नेपालमा खोइ त्यस्तो व्यवस्था ? यस्तो विषयलाई व्यवस्थित र प्रभावकारी रूपमा उठाउन कृषि पत्रकारिता चुकेको छ।

---

३. Ghimire, Rabindra. Agriculture Insurance Products in Nepal. Available at https://www.academia.edu/5587568/Agriculture_Insurance_Products_in_Nepal; accessed July 4, 2023.

४. https://www.irri.org/where-we-work/countries/china; accessed July 4, 2023.

**कमजोर प्रसार सेवा** : नेपालमा विधिवत् रूपमा १९७४ देखि कृषिमा स्नातक तहको अध्यापन शुरू गरिए पनि सरकारको प्रसार सेवा अझै दरिलो बन्न सकेको छैन । प्रसार सेवामा आंशिक रूपमा कृषि पत्रकारिता पढाइ पनि हुन्छ, तर प्राध्यापक तथा विद्यार्थीले यसलाई खासै चासो दिँदैनन् । त्रिभुवन विश्वविद्यालय, साबिकको रामपुर क्याम्पसले कृषि सञ्चार एक ऐच्छिक विषय राखे पनि कृषि प्रसारकै गुरुहरूले पढाउने हुनाले यो प्रभाव-शून्य छ । सामान्य रूपमा अनुसन्धान क्षेत्रले गरेको अनुसन्धानलाई सर्वसाधारण किसानसम्म पुऱ्याउने कार्य प्रसार सेवाले गर्ने हो । कृषि मन्त्रालयको महत्त्वपूर्ण अंग प्रसार नै हो तर प्रसार सेवा दरिलो नहुँदा कृषकको क्षमता तथा सीप विकास हुन सकेको छैन ।

समाजका सबै विषयका विज्ञहरू फिल्डमा जान्छन्, जस्तै- पशु चिकित्सकले कुकुरलाई सुई आफैंले हान्छ, डाक्टरले बिरामी आफैं जाँच्छ, इन्जिनियरले आफैं नक्सा कोर्छ तर कृषि विज्ञले नीतिको तहमा मात्र काम गर्छ, ऊ किसानको आलीमा आक्कलझुक्कल मात्र पुग्छ । किसानको खेतमा पुग्ने प्राविधिक सहायक हो, उसको ज्ञानको दायरा सीमित हुन्छ ।

नीतिगत तहमा रहेको कृषिविज्ञ टिप्पणी सदर गर्नमा व्यस्त हुन्छ । एउटा रोग-कीरा विज्ञलाई प्रशासनको ढाँचामा टिप्पणी उठाउने र सदर गर्ने काम दिएपछि बाली कसरी सप्रिएला ? कृषि पत्रकारिताले उठाउनुपर्ने विषय यो पनि हो ।

**सरकारी दृष्टि** : कृषि क्षेत्रको अर्को समस्या हो- सरकारी दृष्टिकोण । सरकारले कृषि क्षेत्रलाई बजेट त कम दिन्छ नै, प्राविधिक जनशक्तिलाई इज्जत पनि दिँदैन । एक दिन एउटा सार्वजनिक कार्यक्रममा अर्थ मन्त्रालयका उपसचिवले कृषि मन्त्रालयका सचिवलाई नै थर्काउन भ्याए, बिचरा सचिव चुँसम्म बोलेनन् । आखिर अर्थ मन्त्रालयले पैसा उब्जाउने त होइन, केवल व्यवस्थापन गर्ने हो । पैसा उब्जाउने त कृषि मन्त्रालयले नै हो । कृषि क्षेत्रको यो हालतको विषयलाई पनि कृषि पत्रकारिताले उठाउनुपर्छ ।

**अनुसन्धानमा बेवास्ता** : हरेक वर्ष राष्ट्रिय कृषि अनुसन्धान परिषद्ले बजेट कम भएको गुनासो गर्छ तर उसको गुनासोलाई कसैले वास्ता गर्दैन । कृषि मन्त्रालयले नै परिषद्लाई सौता देख्छ । वैज्ञानिकको संख्या घटेर ४० प्रतिशतमा सीमित भए पनि सरकारले पदपूर्ति गर्दैन । वैज्ञानिक कमीका कारण कृषि क्षेत्र पछि परेको समाचार सामान्य रूपमा मिडियामा आउँदैन । बरु अध्ययनका लागि विदेश गएको वैज्ञानिक स्वदेश फर्किएन भन्ने समाचारचाहिँ आउँछ । यस समाचारले कृषिमा के योगदान गर्ला र ? हामीलाई कृषिमा सुशासन नचाहिएको होइन, यो विषय उठ्नैपर्छ तर सुशासनसँगै उत्पादन चाहिएको छ । अध्ययनका लागि विदेश गएको वैज्ञानिक किन नेपाल फर्किएन भन्नेतर्फ खोजमूलक लेख तयार पारौं न ! कतै सरकारको आँखा खुलि पो हाल्ला कि ?

**आधारभूत ज्ञानको कमी** : नेपालमा बीट पत्रकारिता गर्नेमध्ये कानून, संसदीय मामिला, अर्थ, राजनीति आदि विषयमा कलम चलाउनेहरू या त तालिम लिएका हुन्छन् अथवा विश्वविद्यालयमा तत्तत् विषयमा केही न केही पढेका हुन्छन् । अझ कानूनलाई बीट बनाएर काम गरिरहेका पत्रकारहरू त कानूनकै विद्यार्थी भएर पत्रकारिताको तालिम लिएका हुन्छन् । तर, कृषिमा कलम चलाउनेलाई आजसम्म खासै कुनै संस्थाले व्यवस्थित रूपमा तालिम दिएको छैन । यदाकदा कृषि सूचना तथा प्रशिक्षण केन्द्रले तालिम दिए पनि प्रशिक्षकहरू भने अन्य विधाका राखिन्छ ।

कृषि विज्ञान हो । बिरुवाको श्वासप्रश्वास प्रणाली, जलवायु परिवर्तन, विषादी, जीवाणु, प्राकृतिक प्रकोप, कृषि अर्थतन्त्र, योजना, माटो सुधार, बजार, अर्थतन्त्र, क्षमता अभिवृद्धि, नश्ल सुधार, हाडानातामा हुने जायजन्म, आहारा व्यवस्थापन, पशु अधिकार, रोग व्यवस्थापन, माछा, पशुपछी यावत् विषयका आधारभूत ज्ञान यसमा आवश्यक पर्छ । कृषि पत्रकारिताले यस्ता विषय उठान गर्न सकेको छैन ।

## मिडियाको स्वरूप परिवर्तन

मिडियाको प्रभाव मूल्यांकनका क्रममा पाँच जिल्लाका १५ गाउँ पालिकामा एउटा सर्वेक्षण गरियो । सर्वेक्षणमा सहभागीमध्ये सबै किसान वा सहकारी र समूहका पदाधिकारी थिए । सर्वेक्षणमा एक सय ५० जना सहभागी भए । उनीहरूलाई कुनै फाराम वा यस्ता कुनै पनि औपचारिक कागजी प्रक्रियामा फसाउने विचार नगरी जम्मा एउटा मात्रै प्रश्न सोधियो- तपाईंहरूमध्ये ककसले यो विज्ञापन सुन्नुभयो ? एउटा पनि जवाफ आएन ।

एउटा सरकारी कार्यालयले ती जिल्लाका नौवटा एफएम रेडियोमा लगातार डेढ महिना कृषि अनुदानसम्बन्धी सूचना प्रवाह गरेपछि त्यसको प्रभाव मूल्यांकन गरिएको थियो । सर्वेक्षण लेखक स्वयंले गरेको हो । सर्वेक्षण रोल्पा, प्युठान, गोर्खा, कास्की र लमजुङमा गरिएको थियो ।

अझ भनौं, आजपर्यन्त एमएम रेडियोलाई ग्रामीण क्षेत्रको सञ्चारको सबैभन्दा प्रभावकारी साधन पनि मानिन्छ । सिद्धान्तले त्यसै भन्छ । सर्वेक्षकलाई त्यतिबेला धक्का लाग्यो, जतिबेला रोल्पाको सुनिल स्मृति गाउँपालिका, जहाँबाट नेपालमा माओवादी नेतृत्वमा आन्तरिक सशस्त्र द्वन्द्व शुरू भएको थियो, का ४० सहभागीमध्ये एकजनाले पनि त्यहाँका लोकप्रिय एफएम 'सुन्दैनौं' भने । दोहोऱ्याएर सोध्दा उही जवाफ आयो ।

यस्तो छ, स्वतन्त्र रेडियो भन्ने पहिचानको दाबी गर्दै आएका एफएम रेडियोहरूको अवस्था । तर, अहिले पनि लोकप्रिय भएको दाबी गर्दै ती रेडियोका सञ्चालकले सदरमुकाम वरपर

चन्दा, विज्ञापन, सहयोग वा अनेक नाममा रकम उठाउँदा हुन्। उनीहरूलाई के थाहा, सोही पालिकाका किसानले तिनका एफएम सुन्दैनन् भन्ने कुरा।

नेपालमा आम सञ्चारमाध्यमले आफ्नो पहुँचबारे ज्यादै कम सर्वेक्षण गर्ने प्रचलन छ। त्यसमा पनि कृषि क्षेत्रमा काम गर्ने मिडियाले त झन् के गर्लान् ? उनीहरूले पनि आफ्ना पाठक, श्रोता वा दर्शकले कस्तो खुराक चाहेका छन् भन्ने थाहा पाएर सोअनुसारको सामग्री पस्किनुपर्ने होला नि ? यहाँ त 'मसँग जे छ त्यही खाऊ' भन्न खोजेजस्तो देखिएको छ।

ती मानिसलाई फेरि सोधियो- केमा विज्ञापन दिए तपाईंकहाँ आइपुग्छ ? उनीहरूले एकै स्वरमा भने- *टिकटक*। दुईचारजनाले *फेसबुक* रील्स पनि भने। उनीहरूले फुर्सदको अधिकांश समय *टिकटक*मा बिताउँदा रहेछन्।

यसो गर्नुका पछाडि उनीहरूका केही कारण थिए। जस्तै- रेडियोमा वाचक एकोहोरो आफू मात्र बोल्ने, बोल्न छाडे विज्ञापन दिने, कुनै चाखलाग्दो विषय आए बीचमै विज्ञापन दिने, विज्ञापनको समयबाट फिर्ता हुन लामो समयसम्म कुर्नुपर्ने आदि। त्यसकारण मानिसहरू एफएमबाट विमुख भएका रहेछन्। अन्य चार जिल्लामा पनि यस्तै प्रवृत्ति देखा पऱ्यो। एकजनाले पनि एफएम सुनेको बताएनन्।

अध्ययनको निष्कर्ष निस्कियो- अब *टिकटक*मा विज्ञापन दिऔं अथवा *टिकटक*का 'भाइरल कलाकार' लाई विज्ञापनको *टिकटक* बनाएर राख्न लगाऔं, मागेको शुल्क तिरौं। तर, कसैले यो कुरा मानेनन्। स्थापित मान्यतामाथि धावा बोलिएको आभाष भयो। यस्तो सानो सर्वेक्षणले स्थापित मान्यतामाथि धक्का दिन नमिल्ने तर्क गरियो। अर्को तर्क पनि आयो- सरकारले टिकटकलाई मान्यता दिएको छैन हुन पनि हो। ग्राहकले खोजेअनुसारको सेवा दिनुपर्ने शर्त रहेकाले हाकिमले भनेअनुसारको कुरा मान्न बाध्य भइयो। सर्वेक्षणमाथि बञ्चरो बज्रियो। हाम्रो सोच यस्तो छ। कृषि मिडिया पनि हाम्रै सोचको उपज न हो।

अर्को सर्वेक्षणको कुरो गरौं, जुन अघिल्लो वर्ष गरिएको हो। एउटै कार्यक्रम टीभीमा आउँदा कसैले नहेर्ने तर *युट्युब*मा चाहिँ हेर्ने कारण के रहेछ भनेर सर्वेक्षण गरियो। त्यसको पछाडि एउटै सरल कारण रहेछ- विज्ञापन स्किप गर्ने सुविधा, जुन टीभीमा पाइँदैन तर *युट्युब*मा त्यो सुविधा उपलब्ध छ।

अचेलभरि टीभीकै कार्यक्रम पनि *युट्युब*मा हाल्न थालेपछि भने मानिस विस्तारै यसबाट अलि टाढा भाग्न थालेका छन्। यस अध्ययनका आधारमा यदि टेलिभिजनहरूले पनि हरेक तीन-तीन मिनेटमा विज्ञापन दिने तर हरेक पाँच सेकेन्डमा स्किप गर्ने सुविधा दिने भए टीभीका उपभोक्ता पनि अन्यत्र भाग्दैनन् कि भन्ने सम्भावना देखिन्छ। त्यसो गर्ने हो

भने उनीहरूले घन्टामा ३० पटक विज्ञापन दिन पाउँछन्, कमाइ अहिलेभन्दा घट्दैन तर लोकप्रियता बढ्छ। यो कुरा उनीहरूले कहिले बुझ्लान् ? कुरो बुझाउन निकै कठिन भए पनि एक दिन नबुझी सुखै छैन।

*युट्युब* च्यानल सेट-अप गर्दा राखिने शर्तमध्ये अमेरिकामा टेलिभिजनमा प्रसारण भएका सामग्री *युट्युब*मा राख्न नपाउने शर्त छ। *युट्युब* अमेरिकामा दर्ता भएकाले यो शर्त लागू गरिएको हो। यसै शर्तलाई मान्ने हो भने नेपालमा टेलिभिजनमा प्रसारण भएका सामग्री *युट्युब*मा राख्ने होइन। कारण- दुवै प्रसारण माध्यम हुन्। सामान्यतया एउटा मिडियामा प्रकाशित वा प्रसारित सामग्री अर्को मिडियामा राखिनु हुन्न। राख्नै परे उपयुक्त क्रेडिट दिनुपर्छ तर यहाँ त एकैपटक टेलिभिजन र *युट्युब*मा सामग्री राखिने मात्रै समानान्तर रूपमा प्रत्यक्ष प्रसारण नै गरिन्छ। यसलाई मिडियाका सम्पादकहरूले न नियमन गर्न सकेका छन्, न त नियामक निकायले नै।

*'युट्युबे'* उपनाम पाएकामध्ये कतिपयलाई मिडियाको सामान्य आचारसंहिता पनि थाहा छैन। त्यसैले कपोलकल्पित र निजी मामिलालाई पनि सनसनीदार बनाएर पेश गर्छन् र 'टीआरपी' (टेलिभिजन/टार्गेट रेटिङ पोइन्ट) बढाउँछन्। यही प्रवृत्तिका कारणले सामाजिक सञ्जालहरू जिम्मेवारीविनाका साँढेका रूपमा आलोचित पनि भएका छन्।

सबैभन्दा कठिन कर्मचारीलाई कुरा बुझाउनमा छ। उनीहरू सधैं कानूनको मात्र कुरा गर्छन् तर ती कानून लागू गर्ने कुरालाई गौण महत्त्व दिन्छन्। तिनै कर्मचारी निवृत्त भएपछि गैरसरकारी सेवा क्षेत्रमा जागिर खान पुग्छन् र सुशासन तथा विधिको शासनको राग अलाप्न थाल्छन्। त्यसले गर्दा एकातिर गैरसरकारी सेवाप्रदायक क्षेत्र पनि सरकारीजस्तै सुस्त हुन पुग्छ भने सरकारी सेवाको क्षेत्र सदैव सेवामुखी नभएर प्रक्रियामुखी मात्र रहिरहन पुग्छ।

आम सञ्चार कमजोर भएका बेला सरकारी झुट दशकौंसम्म कसैलाई थाहा हुँदैनथ्यो। तर, अहिले प्रविधिले वैयक्तिक गोपनीयतासमेत कमजोर पारिदिएको छ। सामाजिक सञ्जाललाई पुराना कानूनका सीमाले रोक्न सकेका छैनन्। यसबारे कृषि पत्रकारिता मात्र होइन, समग्र आम सञ्चार क्षेत्रले नै विचार गर्नुपर्छ।

अमेरिकामा गरिएको एउटा अध्ययनले पनि यस विषयमा सरल जवाफ उपलब्ध गराएको छ (बालकृष्ण र देशमुख सन् २०१७)।[५] कृषिमा सामाजिक सञ्जाल किन प्रयोग गरिन्छ ? अध्ययनको निष्कर्ष छ- सामाजिक प्रभाव। सामाजिक सञ्जालले कृषि उत्पादकलाई उपभोक्तासँग छिटो सम्पर्क गर्ने सुविधा प्रदान गरेको छ। सामाजिक तथा भौगोलिक दूरीलाई

---

५. Balkrishna, Bite Balchandra and Anand A. Deshmukh . 2017 . A Study on Role of Social Media in Agriculture Marketing and Its Scope. *Global Journal of Management and Business Research: E Marketing, 17 (1). Available at https://globaljournals.org/GJMBR_Volume17/5-A-Study-on-Role-of-Social-Media.pdf; accessed June 9, 2023.*

इन्टरनेटको सञ्जालले जोडिदिएको छ। अहिलेको अवस्थामा कृषि विषय हो भने इन्टरनेट माध्यम हो। हाल सामाजिक सञ्जालले उत्पादक र व्यापारीबीच सेतुको काम गरेको छ। यस पक्षमा नेपालका कृषि पत्रकारहरूले पनि जानकारी राख्नुपर्छ।

## प्रविधि तथा पोषण

नेपालमा कृषियन्त्रको प्रयोग बढेकै छ। तर, किसानको आवश्यकताभन्दा बढी व्यापारीको रुचिमा ल्याइएका यन्त्र किसानलाई भिडाइन्छ। कृषि अनुदान पाएका काठमाडौंको काँठ क्षेत्रका एक किसानकहाँ पुग्दा उनले अनुदानकै लोभमा नचाहिँदा यन्त्र खरिद गरेको स्वीकारे। ती किसानले यन्त्रहरू प्रयोगविहीन अवस्थामा थोत्र्याएर राखेको भेटियो।

मुलुक संघीय प्रणलीमा जानुअघिको राज्य संरचनामा कृषि मन्त्रालयअन्तर्गत तरकारी विकास निर्देशनालय थियो। त्यस कार्यालयले प्रोटेक्टेड हर्टिकल्चर अथवा घरभित्र खेती गर्ने प्रविधि भित्र्यायो। यसमा फलामका खम्बा हालेर प्लास्टिकका घरहरू बनाइन्थ्यो, जसलाई शुरूमा 'हाइटेक' प्रविधि भनियो। पछि थाहा भयो, त्यो प्रविधि हचुवाका भरमा ल्याइएको थियो।

यो प्रविधिमा खेती गर्ने नुवाकोटको म्यागङ देउरालीका एक किसान भेटिए। उनले २२ रोपनी जग्गामा बाँसका खाँबा गाडेर र प्लास्टिकका छाना लगाएर घर बनाए। गोलभेंडा बेस्सरी फल्यो। अर्को वर्ष तरकारी विकास निर्देशनालयबाट सोही हाइटेक प्रविधि लिए। गोलभेंडाको बोट बेस्सरी बढ्यो तर फल कम लाग्यो। कारण थियो- तापक्रम। उनको फार्म २१०० मिटरको उचाइमा छ। त्यस्तो ठाउँमा पनि टनेलभित्र ३५ डिग्री तापक्रम पुगेकाले टमाटरमा दाना लागेन।[६] अब ती टनेल पुराना भएपछि प्लास्टिकको व्यवस्थापन कसरी गर्ने ? यो समस्याले म्यागङका किसान सोमबहादुर तामाङलाई पिरोलेको छ। यस्ता किसिमका नानाभाँती विषय छन्, जुन कृषि पत्रकारलाई जानकारी हुनुपर्छ।

अब पोषणका कुरा गरौं। विश्व बैंकले मे ८, २०२३ मा सार्वजनिक गरेको एक तथ्यांकअनुसार यसै वर्षको जनवरीदेखि अप्रिलभित्रमा विश्वका गरिब मुलुकमा मुद्रास्फीती दर ६५ प्रतिशतले तलमाथि हुँदा पोषण तहमा पाँच प्रतिशतले कमी आएको छ।[७]

---

६. सामान्यतया बोटमा दाना फल्ने कुनै पनि तरकारी तथा फलफूलमा दाना लाग्न ३० डिग्री सेल्सियसभन्दा बढी तापक्रम उपयुक्त मानिँदैन। त्यो प्रोटेक्टेड हर्टिकल्चर प्रविधिको प्लास्टिक टनेल घरभित्र तापक्रम बढी भएकाले दाना नलागेको हो।

७. https://www.worldbank.org/en/topic/health/publication/nutrition-country-profiles; accessed July 4, 2023.

मुद्रास्फीतिकै कारण खाद्यान्न व्यापारमा ८ देखि ११ प्रतिशतले कमी आएको छ। यसबाट विश्वका ५८ देशका २६ करोड मानिस खाद्य सुरक्षाको खतरामा परेका छन्।

विश्व खाद्य तथा कृषि संगठन (एफएओ) का अनुसार लैंगिक विभेदका कारण प्रविधिमा पहुँच कम हुँदा उत्पादनमा २४ प्रतिशत र ज्यालामा १९ प्रतिशत कमी आउँछ।[८] यसबाट मात्र पनि विश्वमा साढे चार करोड मानिस खाद्य संकटमा फस्छन्। दक्षिण एसियाको तथ्यांक हेर्ने हो भने अफगान संकटपछि उक्त मुलुकका हरेक १० मध्ये नौजनामा कुनै न कुनै किसिमका खाद्य संकट देखिएको छ। दुई करोड अफगानी बिहान खाए बेलुका के खाने भन्ने त्रासमा छन् भने ६० लाख कुपोषणको मारमा पिसिएका छन्।

विश्व खाद्य कार्यक्रमका अनुसार, श्रीलंकाका करिब ७० प्रतिशत मानिस खाद्य संकटको त्रासमा छन् भने ३२ प्रतिशत मानिस खाद्य संकटमा फसेका छन्।[९]

अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोगका अनुसार, बंगलादेशमा मानिसको क्रयशक्ति घट्दो अवस्थामा छ।[१०] विश्व खाद्य कार्यक्रमका अनुसार, सन् २०२३ को पहिलो चौमासिकमा नेपालमा खाद्यान्न भाउ स्थिर रहे पनि तरकारीको भाउ निकै गिर्‍यो।[११] पाकिस्तानमा भने प्याज, केरा तथा गहुँको भाउ ११ महिनासम्म लगातार बढ्दा सर्वसाधारणको क्रयशक्तिमा ३८ प्रतिशतले गिरावट आएको छ। खाद्य संकट बढ्ने आशंकामा भारतले २०२२ को मध्यदेखि गहुँ, गहुँको पिठो, मैदा, सुजी आदि निर्यात रोक लगाएको छ भने उसिना र बासमती चामलबाहेक अन्य चामल निर्यातमा कर बढाएको छ। यसको प्रत्यक्ष प्रभाव नेपालमा पनि पर्छ। यी पनि कृषि पत्रकारको कलम चल्नुपर्ने विषय हुन्।

कृषिमा अनुवंश विस्तारमा प्रविधिको ठूलो विवाद छ। विश्वको जनसंख्या गत नोभेम्बरमा आठ अर्ब नाघेको छ। यो क्रम हेर्दा सन् २०५० भित्रमा विश्वको जनसंख्या ९.७ अर्ब पुग्ने अनुमान छ। अहिलेको हिसाबमा खाद्यान्न उत्पादन हुँदा पनि त्यतिबेला विश्वको जनसंख्यामध्ये ६० प्रतिशत खाद्य संकटको मारमा धकेलिने चेतावनी एफएओले दिएको छ।[१२]

---

८. https://www.fao.org/publications/home/fao-flagship-publications/the-state-of-food-security-and-nutrition-in-the-world/2022/en; accessed June 9, 2023.

९. https://www.wfp.org/countries/sri-lanka; accessed July 4, 2023.

१०. https://www.usaid.gov/energy/sure/bangladesh/final-report-2019-2021; accessed June 9, 2023.

११. https://www.wfp.org/publications/global-report-food-crises-2023; accessed June 9, 2023.

१२. https://www.fao.org/fileadmin/templates/wsfs/docs/expert_paper/How_to_Feed_the_World_in_2050.pdf; accessed July 4, 2023.

यस्तो अवस्थामा पेट भर्नकै लागि प्राणी तथा वनस्पतिको अनुवंशमा परिवर्तन आवश्यक छ। कतिपय अधिकारवादी यसको विपक्षमा छन्।

एउटा स्वीकार्नैपर्ने तथ्य छ नेपालमा। त्यो हो- मासु ख्वाइमा आएको परिवर्तन। गाउँघरमा सर्वसाधारणले मासु खाने भनेको दसैं, माघे संक्रान्ति, चैते दसैं, देवाली पूजा, साउने संक्रान्ति आदि चाडपर्वमा मात्र हो तर ब्रोइलर कुखुराको विकासपछि देशका जुनसुकै ठाउँमा पनि मासु खान पाइन्छ। त्यस्तै धानको भात पनि यसरी नै पाइन थालेको छ। यसका सकारात्मक र नकारात्मक दुवै पक्ष होलान् तर नेपालीको स्वास्थ्यमा सुधार आएको छ। औसत आयु बढेको छ। गाई नपाल्ने शहरीयाले दूध तथा यसका परिकार खान पाएका छन्।

अनुवंशकै कुरा गर्दा करिब एक दशकअघि नेपालमा बोयर बाख्रा भित्र्याइयो। ती बाख्रा ल्याउँदा कृषि पत्रकारले खुब चढाएर समाचार लेखे।[१३] राम्रै भयो, किसानलाई हौसला नै मिल्यो। तर, कुनै पनि मिडियामा यसको दीर्घकालीन प्रभावबारे सामग्री आएनन्। बोको कति दामको हो, वीमाले किसानलाई कति तिर्छ, बोको कुन दरमा बढ्छ, यसको आर्थिक पक्ष के हो, यसका बाबुआमा को हुन्, हाडनाताको अवस्था के हो, यावत् कुरा कहिल्यै खुलाइएन। मानिसले हौसिएर लगानी गरे। रातारात देशभर बोयरैबोयर भए।

अहिले किसान दुःखमा छन्। बोयरबाट कमाइ भएन, लुटिए मात्र मानिस। जग्गा व्यापार जस्तै। हुँदाहुँदा पूर्वप्रधानमन्त्री टंकप्रसाद आचार्यका कान्छा छोरा वीरभद्र आचार्यले पनि नवलपुर जिल्लाको गैंडाकोट, सिख्रौलीमा १० वर्ष बाख्रापालन गर्दा घाटा खाएपछि काठमाडौंमै बसेको दुःख पिताजीको तीसौं पुण्यतिथिका दिन २०८० वैशाख ११ (अप्रिल २४, २०२३) मा *फेसबुक*मा 'बुबालाई पत्र' मार्फत लेखेका थिए।[१४]

शुरूमै यस्ता विषय आम सञ्चारमा आएका भए कतिपय किसान जोगिन्थे। यी किसान सबैभन्दा बढी वीमाबाट ठगिए। भ्याट बिल नै काटेर ल्याएको बोकाको वीमा गर्दा बिलका आधारमा नभई वीमा एजेन्टका तजबिजीका आधारमा वीमा गरियो। दुई-तीन लाखमा खरिद गरेको बोकाको वीमा उसको मूल्य ६० हजार तोकेर गरियो। वीमाका लागि सरकारले तिरेको ८० प्रतिशत प्रिमियम प्रभावकारी हुन सकेन। वीमाका लागि छुट्ट्याएको रकम नदिएको भन्दै कम्पनीहरू विरोधमा निस्केका छन्। सरकारले कम्पनीहरूको भुक्तानी दिन आनाकानी गर्दै आएको छ। नियामक निकाय त चुपचाप रहे नै, आम सञ्चार क्षेत्रले पनि चुँसम्म गरेन।

---

१३. खड्का भरत। २०७५। एउटै बोकाको मूल्य चार लाख रुपैयाँ। अन्नपूर्ण पोष्ट, फागुन २६. https://annapurnapost.com/story/122487/ मा उपलब्ध; असार १९, २०८० मा हेरिएको।

१४. https://www.facebook.com/birbhadra.acharya मा उपलब्ध; जेठ २६, २०८० मा हेरिएको।

यस्तै समस्या कालिजपालनमा पनि भयो । शुरूमा राजनीतिक संरक्षणवालाले कालिजका अन्डा युरोपबाट ल्याएर कालिज पाल्न शुरू गरे । यसबारे पशु सेवा विभागमा खासै चर्चा भएन । नार्कमा पनि कालिज विज्ञको व्यवस्था भएन । सीधै कालिजका अन्डा आए । कुखुराकै ह्याचरीबाट चल्ला निकाले । भटाभट बेचे । शुरूमा एउटा चल्लाको दाम पाँच हजार रुपैयाँ लिन पनि संकोच मानेनन् । एकदुई वर्षमा कालिज यसरी फैलिए कि देशभर जताततै कालिज फार्म भए । यसबीचमा रोग लागेर कुनै-कुनै त फार्म नै रित्तिए । शुरूको लटका कालिजपालक धनीमानी भएकाले मन्त्रालयमा पहुँच बनाएर वीमा रकमको व्यवस्था गरे । त्यो पनि प्रति गोटा तीन हजार रुपैयाँका दरले । यी सबै खेल कहिल्यै मिडियामा आएनन् ।

कालिजअघि नै नेपालमा टर्कीपालन पनि छँदै थियो । कालिजको वीमा व्यवस्था गर्न बनेको कार्यविधिले टर्कीलाई समेटेन । कारण थियो- मन्त्रालयमा टर्कीपालकहरूको पहुँच भएन । यो कुरो पनि मिडियाले कहिल्यै देखेन । अन्त्यमा टर्कीपालकहरू व्यवसायबाटै पलायन भए ।

## बीउबिजन

बीउबिजन राम्रो भए मात्र पनि मल, पानी पुग्दा खाद्यवस्तु उत्पादन २५ प्रतिशतसम्म वृद्धि हुन्छ । त्यसैले किसानहरू हरेक वर्ष नयाँ बीउ लिन खोज्छन् । सामान्यतया स्थानीय प्रजातिका खाद्यवस्तुको बीउ हरेक तीन वर्षमा फेर्न आवश्यक पर्छ, नत्र उत्पादकत्व घट्छ । हाइब्रिड जातको खाद्यान्नको बीउ त हरेक वर्ष किन्नैपर्छ । हाइब्रिड बीउबाट फलेको अनाजलाई बीउका रूपमा प्रयोग गर्न मिल्दैन । पशुपन्छीमा त ब्याडका बोका, राँगा, साँढेको अवस्था झन् जटिल छ । यस क्षेत्रमा यदि हाडनातामा सन्तान जन्मिए उत्पादन ह्वात्तै घट्छ । किसानले आफूले पालेका पशुहरू हाट बजारबाट खरिद गर्ने हुनाले यी कसका सन्तान हुन् भन्ने खुल्दैन । सरकारले पनि यसको व्यवस्थापन गर्न सकेको छैन । यस्ता विषय कृषि मिडियामा छाए कृषि क्षेत्रमा सुधार आउँछ ।

अहिले फलफूलमा बीउबिजनको चर्चा निकै छ । स्थानीयभन्दा आयात गरिएका बिरुवाबाट बढी उत्पादन हुने विश्वास गरिन्छ, यो सत्य पनि हो । युरोपमा एक युरोमा पाइने बिरुवा नेपालमा हजार रुपैयाँसम्ममा बिक्री गरिन्छ । यस्तो ज्यादतीबारे न नियामक निकाय बोल्छन्, नत्र प्रेस नै । यो ठगीमा मन्त्री नै भइसकेका संलग्न भएको आरोप लागेको छ ।

पाँचथरका किसान भूपेन्द्र नेम्बाङले काठमाडौं कीर्तिपुरस्थित फलफूल विकास केन्द्रमा कागतीका बिरुवा माग गरे । सरकारी फार्ममा बिरुवा नभएकाले उतै इलामका एक नर्सरी व्यवसायीसँग सम्पर्क गर्न भनियो । उक्त नर्सरी सरकारले मान्यता दिएको स्रोत केन्द्र भएकाले ती किसानले ढुक्कसँग खेती लगाए । बजारमा कागतीको दाम देखेका उनी आफ्नो कागतीले कहिले फल देला भनेर पर्खाइमा थिए । जब सुन कागती भनिएको

बोटमा बिमिरो जस्तो फल लाग्यो, उनी छाँगाबाट खसेजस्तो भए । दौडिएर नर्सरीमा पुगे । नर्सरीवालाले वास्ता गरेन । मिडियादेखि सारा सरकारी निकाय धाए । कागती पनि अमिलो, भोगटे पनि अमिलो के भयो त भन्ने हावादारी र असंवेदनशील जवाफ पाए । कृषि ज्ञान केन्द्र, इलाममा निवेदन दिएर फार्म जाँच गर्न लगाए । बिरुवा खरिद गर्दाको बिल देखाए । बागवानीको सिफारिश पत्र देखाएपछि ज्ञान केन्द्रले नर्सरीले किसान ठगेको प्रमाणित गरिदियो । नेम्बाङ १२ लाख रुपैयाँको बिगो दाबीसहित जिल्ला अदालत इलामको ढोका ढक्ढक्याउन बाध्य भए ।[१५] बीउबिजनमा यसरी किसान ठगिने प्रवृत्तिबारे नियामक निकायदेखि प्रेससम्म चनाखो हुन जरुरी छ ।

कृषि एक गहन विषय हो । यस क्षेत्रमा उत्पादन तयार हुन समय लाग्छ । उत्पादित वस्तुको प्रकृति हेरी निश्चित समयभित्र उपभोग गरिसक्नुपर्छ । यस विषयमा प्रेस सधैं चनाखो हुन जरुरी छ । किसानले सडकमा दूध पोख्न, बारीमै काउली, बन्दाकोबी आदि जोत्न बाध्य भएको समाचारको पछाडि उत्पादित वस्तुको प्रकृति हेरी निश्चित समयभित्र उपभोग गरिसक्नुपर्ने पक्ष जोडिएको हुन्छ । यसमा किसानको दुःखको कथा मात्र नभएर सरोकारवाला सरकारी निकायसम्मको भूमिका जोडेर समाचार सामग्री तयार गर्ने हो भने थप प्रभावकारी हुन सक्ने देखिन्छ ।

## सिँचाइ तथा माटो सुधार

सिँचाइबिना कृषि उत्पादनको कल्पना पनि गर्न सकिँदैन । बीउ, मल, माटो, सिँचाइ सबै कुरा भएर पनि खेती सप्रिन्छ भन्ने छैन । पेटभरि खान नपाएका बच्चालाई चकलेटले पेट भर्न खोज्दा उसको स्वास्थ्यमा असर परेजस्तै माटो नै सुधार नगरी माटोमा रसायन हाल्ने प्रविधिले माटोको गुणस्तर खस्केको छ । कतिपय ठाउँको माटो मृत भइसकेको छ । कतिपय ठाउँको माटो बिरामी छ, अमिलो भइसकेको छ । माटोमा प्रशस्त प्रांगारिक पदार्थ हुन आवश्यक छ । सामान्यतया माटोमा तीनदेखि पाँच प्रतिशत जैविक तत्त्व हुनुपर्छ । जैविक तत्त्व कमीका कारण माटोको आयु घट्छ । देशभरिको कृषिजन्य माटोमा एक इन्च अथवा भनौं एक प्रतिशत जैविक तत्त्व थप गर्न अहिलेको मूल्यमा ६० अर्ब रुपैयाँ लगानी गर्नुपर्ने विज्ञहरूको आकलन छ ।

एकातिर माटो बिग्रँदै गएको छ भने अर्कातिर पातपतिंगर सडेर दुर्गन्ध फैलिएको छ । शहर-बजारमा उत्पादन हुने फोहोरबाट मात्रै मल बनाए पनि राजधानीलगायतका शहरवरपरका गाउँ-बस्तीलाई मल अभाव हुँदैन । युरिया मलको मामिलामा नेतादेखि किसानसम्म उद्वेलित छन् । आफ्नै पेटमा भएको युरियाको स्रोत मानव मूत्रको मात्र व्यवस्थापन गर्न सक्ने हो

---

१५. खेती डेस्क । २०७९ । बीउविजनमा हुने ठगीले किसान मारमा । *खेतीनेपाल,* असोज ३१ । https://khetinepal.com/news/XjfsLm-2022-10-17-085239 मा उपलब्ध; असार १९, २०८० मा हेरिएको ।

भने नेपालमा एक दाना पनि युरिया मल खरिद गर्नुपर्दैन । आर्थिक वर्ष २०७९/८० मा छुट्याइएको ३० मध्ये १० अर्ब रुपैयाँ खर्चेर युरिनल मात्र राम्रो बनाइदिने हो भने देशलाई अहिल्यै २० अर्ब रुपैयाँको व्ययभार कम हुन्छ ।

यस्ता विषयमा कहिल्यै छलफल हुँदैन, लेखिँदैन । कृषि पत्रकारिताले यस्ता विषय उठाइदिने हो भने कृषि क्षेत्रप्रति मानिसको आकर्षण बढ्छ । कृषिमा मानिस संलग्न भए नागरिकमा बढ्दै गएको बेसाहा खाएर पेट भर्ने बानीमा सुधार आउँछ भने मुलुकको खाद्यान्नमा रहेको परनिर्भरता कम भई राष्ट्रिय अर्थतन्त्रमा समेत ठूलो योगदान पुग्छ । यसका साथै नागरिक तहमा पोषण अवस्थामा सुधार हुन गई स्वास्थ्यसम्बन्धी सूचकहरूमा पनि सुधार आउँछ । तर, कृषि क्षेत्रका समाचारप्रति आकर्षण बढाउने नाममा तथ्यहीन विषय सञ्चारमाध्यममा आउलान् र समाजमा गलत सन्देश प्रवाह भई नकारात्मक प्रभाव पर्ला भन्नेतर्फ भने सदैव सतर्क रहनुपर्छ ।

## सन्दर्भ–सूची


https://extension.msstate.edu/publications/information-sheets/agriculture-and-social-media#:~:text=Agriculture%20and%20social%20media%20fit%20together.%20Social%20media,providing%20invaluable%20networking%20opportunities%20for%20continuous%20two-way%20communication; accessed May 23, 2023.

Boyd, Danah M. and Nicole B. Ellison. 2007. Social Network Sites: Definition, history, and scholarship. *Journal of Computer-Mediated Communication,* 13(1): 210-230.

Purushothaman, C, M. Kavasker, Y.A. Reddy and K. Kanagasabapathi. 2003. *Role of Mass Media in Agriculture, Conference Paper.* Available at https://www.researchgate.net/publication/319535196_ROLE_OF_MASS_MEDIA_IN_AGRICULTURE#fullTextFileContent; accessed July 4, 2023.

Babu, Suresh Chandra, Claire Glendenning, Kwado Asenso-Okyere and Senthil Kumar Govindarajan. 2012. *Farmers' Information Needs and Search Behaviors Case Study in Tamil Nadu, India.* IFPRI.

Gakuru, Mucemi, Kristen Winters and Francois Stepman. 2009. *Inventory of Innovative Farmer Advisory Services Using Information Communication Technologies.* Available at https://www.w3.org/2008/10/MW4D_WS/papers/fara.pdf; accessed July 4, 2023.

Department of Cottage and Small Industries. http://dcsi.gov.np/en

Balkrishna, Bite Balchandra and Anand A. Deshmukh. 2017. A Study on Role of Social Media in Agriculture Marketing and Its Scope. *International Journal of Management, IT and Engineering,* 7 (4). Available at https://www.academia.edu/35916919/A_Study_on_Role_of_Social_Media_in_Agriculture_Marketing_and_its_Scope; accessed June 9, 2023.

https://www.worldbank.org/en/topic/agriculture/brief/food-security-update; accessed July 4, 2023.

# सर्वप्रिय वस्तुबारे पत्रकारिता

**एकराज पाठक**

पत्रकारिता जीवन र जगत्‌लाई समेटेर तयार पारिने सूचनाको सम्प्रेषण हो । त्यसैले मानिसका जीवन र जगत्‌सँग सम्बन्धित मानवीय चासोका विषयवस्तुलाई समाचारले समेटेको हुन्छ या समेट्नुपर्छ भनिएको हो । यही ध्येयका साथ विभिन्न विधामा केन्द्रित रहेर समाचारदाताले अध्ययन गर्ने र त्यसमा दक्षता हासिल गरेर समाचार संकलन गर्ने गर्छन् ।

लेखन या समाचार सम्प्रेषणका दृष्टिले पत्रकारितामा विभिन्न विषयसँग सम्बन्धित रिपोर्टिङ गरिन्छ । यहाँ स्वास्थ्य रिपोर्टिङका विषयमा चर्चा गरिएको छ । यस विषयले स्वास्थ्य क्षेत्रका के-कति दायरा समेट्छ भन्नेसमेत यस आलेखमा उल्लेख गरिएको छ ।

## परिचय र विकासक्रम

मानव स्वास्थ्यका मामिलामा केन्द्रित भएर गरिने रिपोर्टिङलाई स्वास्थ्य रिपोर्टिङ भन्ने गरिएको छ । यस रिपोर्टिङको उद्देश्य मानिसको स्वास्थ्यसम्बन्धी सूचना सम्प्रेषण गरी उनीहरूलाई जानकार बनाउनु हो । त्यस्तै नागरिक स्वास्थ्यको विषयलाई सहज, पहुँचयोग्य र सर्वसुलभ बनाउनका लागि यस क्षेत्रका नीतिनिर्माता, सरकार र सरोकारवालालाई सूचित गरी सजग बनाउनु पनि यसको उद्देश्य हो ।

नेपालमा यस विषयको पत्रकारिताको इतिहास धेरै पुरानो भेटिँदैन । नेपाल अधिराज्यको

संविधान, २०४७ ले प्रेस स्वतन्त्रता सुनिश्चितता गरेपछि दैनिक पत्रिका प्रकाशनको लहर चल्यो । त्यसपछि विभिन्न विधामा समाचार लेख्ने प्रचलन पनि आयो । तर पनि त्यति नै बेला स्वास्थ्य विषयलाई बीटका रूपमा दिएर लेख्न लगाएको पाइँदैन । पत्रकारिताको अभ्यास बढ्दै जाँदा २०६० को दशकको शुरूतिरदेखि स्वास्थ्यलाई अलग्गै बीट बनाएर पत्रकार खटाउने गरिएको पाइन्छ ।

त्यस समयमा अखबारका बाह्य पृष्ठमा राजनीतिक समाचारले प्राथमिकता पाएको देखिन्थ्यो । दाताको चासो नेपालमा एड्सको संक्रमण नियन्त्रणमा बढी नै थियो । औलोलगायतका रोगको नियन्त्रणका लागि ग्लोबल फन्डको चर्चा सुनिन्थ्यो । क्रमशः यी विषयका समाचार अखबारमा बढ्दै जान थाले । झाडापखालाले वर्षमा हजारौंको ज्यान जाने त्यस समय देशका विभिन्न ठाउँमा 'अज्ञात' रोगबाट पनि कैयौंको ज्यान जाने गर्दथ्यो । विकट जिल्लामा चिकित्सक त के, अन्य स्वास्थ्यकर्मीको उपस्थिति पनि पातलो थियो । यस्ता समाचारले मिडियामा स्थान पाउँथे । तर, मिडिया हाउसहरूले स्वास्थ्य मामिलालाई बीटकै रूपमा विकास गरेर अलग्गै रिपोर्टरको व्यवस्था भने गरेका थिएनन् ।

स्वास्थ्य समाचार एकै समयमा अखबारको निश्चित पृष्ठमा पढ्न पाइँदैनथ्यो । रेडियो र टीभीमा पनि यस विषयका समाचार आउने दिन तोकिएको हुँदैनथ्यो । विस्तारै यो विषय अलग्गै बीटका रूपमा विकास भयो । अहिले त विभिन्न मिडिया हाउसमा यस विषयका समाचारदाताको व्यवस्था छ । स्वास्थ्य विषयका अलग्गै प्रकाशन र अनलाइन पनि छन् । स्वास्थ्य-खबर अब एकै स्थानमा पाइने अवस्था बनेको छ ।

## स्वास्थ्य समाचारदाताको योग्यता

हरेक रोग र संक्रमणका पीडितका मनका कुरा बुझेर सूचना दिनुपर्ने दायित्व भएकाले स्वास्थ्य रिपोर्टिङ बढी नै संवेदनशील छ । मानिसको जीवनमा सबैभन्दा धेरै फरक पार्ने र सबैभन्दा धेरै चासो रहने विषय हो- स्वास्थ्य । यस्तो संवेदनशील क्षेत्रका समाचार सम्प्रेषणमा संलग्न पत्रकारहरूमा आम पत्रकारमा हुनुपर्ने योग्यताका अलवा यस्ता केही विशिष्ट योग्यता पनि हुन जरुरी छ :

**स्वास्थ्यका मापदण्डहरूको जानकारी** : स्वास्थ्य क्षेत्रमा विभिन्न रोग, औषधि एवं उपचार विधिका आआफ्नै मापदण्ड हुन्छन् । जस्तै– बिरामी रहेको शय्याको तस्वीर सार्वजनिक गर्नु हुँदैन । कोरोना महामारीको शुरूआतका समयमा बिरामीले उपचार गराइरहेको अस्पतालको शैय्या पनि सार्वजनिक गरिँदैनथ्यो र संक्रमितहरूका नाम पनि सार्वजनिक गर्दैनथ्यो । सरकारले नियमित प्रेस ब्रिफिङबाट पनि संख्या मात्र सार्वजनिक गर्दथ्यो ।

आफूलाई सबै ठाउँमा जान छुट छ भन्ठानेर कुनै पनि रिपोर्टर या क्यामेरापर्सन अस्पतालको अपरेसन थिएटरभित्र जाने चाहना राख्नु वाञ्छित हुँदैन । पत्रकारलाई बिरामीको गोपनीयता कायम राख्नुपर्नेदेखि विभिन्न रोग, उपचार र यसका विधिसम्बन्धी धेरै मापदण्डको ज्ञान हुन जरुरी छ ।

**संवैधैनिक व्यवस्था र स्वास्थ्य नीतिको ज्ञान** : देशमा स्वास्थ्य क्षेत्रको कानूनी व्यवस्था र अवस्था के छ भन्ने कुरा अद्यावधिक गरिराख्नुपर्छ । जस्तै- नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक मौलिक हककै रूपमा व्यवस्था गरिएको छ । त्यसअनुसार, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिनेलगायत व्यवस्था छ । संविधानको धारा ३८ मा रहेको महिलाका हकमा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने कुरालाई मौलिक हकमा नै व्यवस्था गरिएको छ ।

यी संवैधानिक प्रावधानमा टेकेर सरकारले सरकारी अस्पतालमा केही स्वास्थ्य सुविधा निःशुल्क दिने व्यवस्था गरेको छ भने उपचारमा पनि थोरै शुल्क मात्र लाग्ने नियम बनाएको छ । जस्तै– महिलालाई प्रजनन अधिकार दिएको भनिएको छ । त्यो भनेको आफूले के-कति सन्तान जन्माउने या नजन्माउने भन्ने महिलामा नै अधिकार निहित रहन्छ भन्ने हो । त्यस्तै प्रसूतिजन्य स्वास्थ्य सेवामा प्राथमिकता दिइएको छ । निःशुल्क प्रसूति जाँच, निःशुल्क सुत्केरी सेवा तथा प्रोत्साहन भत्ता या सुत्केरी बिदा जस्ता विषयमा सरकारको सहयोग रहन्छ । महिलाको प्रजननसम्बन्धी यही संवैधानिक अधिकारबाट निर्देशित भएर सरकारले यस्तो नीति बनाएको हो । त्यसैले संविधानमा दिइएका अधिकार हरूलाई सम्बोधन गर्ने गरी सरकारले नीति नियम निर्माण गरेको छ/छैन भनेर पनि पत्रकारले बुझ्नुपर्छ ।

सरकारले समय-समयमा स्वास्थ्यसम्बन्धी कार्यविधि, नियम, निर्देशिका बनाएको हुन्छ, ती विषयलाई जानकारीमा राख्नुपर्छ । जस्तो- स्वास्थ्य मन्त्रालयले समय-समयमा चिकित्सकको परामर्श शुल्क अर्थात् बिरामी जाँचमा जाँदा चिकित्सकले लिने शुल्क तोकेको हुन्छ, त्यो कत्तिको व्यावहारिक छ भनेर बुझ्नुपर्छ । कुन आधारमा के-कति रुपैयाँसम्म तोकिएको हुन्छ ?

२०८० जेठमा नेपाल चिकित्सक संघ र एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपालले कम्तीमा ४२० रुपैयाँदेखि बढीमा ९४० रुपैयाँसम्म चिकित्सक परामर्श शुल्क तोकेका छन् । चिकित्सकको विशेषज्ञता र सेवाअवधिका आधारमा यी शुल्क तोकिएको हो । यसअघि यसरी शुल्क तोक्ने काम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने गरेकामा

यसपटक मन्त्रालयका तर्फबाट शुल्क पुनरावलोकन तथा निर्धारण नहुञ्जेल बहिरङ्ग सेवा शुल्क (ओपीडी) चिकित्सक संघले वैज्ञानिक तथा सरोकारवाला निकायको परामर्शका आधारमा तोक्न सकिने अख्तियारीलाई मुख्य आधार मानेर नेपाल राष्ट्र बैंकको मुद्रास्फीति दर तथा शुल्क परामर्श समितिको सिफारिशका आधारमा शुल्क बढाइएको थियो ।

सरकारले नागरिकका लागि हाल ९८ प्रकारका औषधि निःशुल्क वितरण गर्ने गरेको छ । ती कति प्रकारका छन् ? कहाँ पाइन्छन् ? यो जानकारी रिपोर्टरलाई भयो भने मात्र जनतालाई थाहा हुन्छ । तर ती औषधि एकाध महिना मात्र निःशुल्क उपलब्ध हुन्छन् नत्र सकियो भन्ने जवाफ जनताले पाउँछन् । ती औषधि कुन-कुन हुन् भन्ने बारेमा जानकारी राख्न सकेमा जनताले औषधि नपाउँदा समाचार सम्प्रेषण गर्न सकिन्छ । ती औषधि सरकारी अस्पताल, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा हेल्थपोस्ट्हरूमा पाइन्छ ।[१]

**औषधि र यससम्बन्धी नीतिको ज्ञान** : नेपालमा कति थरी औषधि बन्छन् भन्ने विषयको जानकारी राख्नु राम्रो हुन्छ । चिकित्सकले जसरी सबै औषधिका बारेमा समाचारदाताले जानेर साध्य त हुँदैन । तर, नेपालमा बन्ने औषधि कति प्रकारका छन् ? नेपाली बजारलाई आवश्यकताअनुसार कति प्रतिशत यहाँ बन्छन् ? अरू कति थरी र वर्षमा कति मूल्य बराबरको औषधि आयात गरिन्छ भन्नेबारेमा जानकारी राख्नुपर्छ । यस विषयमा औषधि व्यवस्था विभाग तथा औषधि निर्माण व्यवसायी संघमा जानकारी पाइन्छ । सामान्यतः कुन रोगको के औषधि भन्ने विषयमा पनि जानकारी राख्न सके राम्रै हुन्छ ।

कहिलेकाहीं किराना पसलमै औषधि राख्ने गरिएका समाचार आउँछन् । कतै-कतै रुघाको औषधि भनेर बेचिएका औषधिले गरेको असरबारे समाचार पनि बाहिर आएको सुनिन्छ । त्यस्तो भेटियो भने यस्ता समाचारले त्यस्ता पसले र नागरिकलाई सुसूचित र सचेत गराउने काम गर्छ । केही रोग लाग्दा मानिसले आफैं पसलमा गई औषधि किनेर खाने गर्नाले पनि धेरै रोग जटिल बन्दै गएको समाचार बेलाबेलामा आउने गरेको छ । यस्ता कार्यलाई निरुत्साहित गर्न पनि स्वास्थ्य समाचारदाताको यो ज्ञानले निकै सहयोग पुऱ्याउन सक्छ ।

---

१. स्वास्थ्य मन्त्रालयले जारी गरेको यो प्रोटोकलमा ती औषधिको नाम र कहाँ कहाँ पाइन्छन् भनेर नाम दिएको छ- Ministry of Health and Population. 2078 B.S. Standard Treatment Protocol (STP) for Basic Health Services (BHS) Package. Kathmandu : Ministry of health and Population, Department of Health Services, Curative Service Division. Available at https://dohs.gov.np/wp-content/uploads/2022/02/STANDARD-TREATMENT-PROTOCOL-STP-FOR-BASIC-HEALTH-SERVICES-BHS-PACKAGE-2078.pdf?fbclid=IwAR1JmGg_KaXQrCIJ8EbhXSnFVdIpkFrfBxcnICr0sT_QSl7eaxFs-vQbw7kQ; accessed on June 22, 2023.

**चिकित्सकीय पेशा, व्यवसाय र आचारसंहिता** : पत्रकारलाई पत्रकार आचारसंहिताको जानकारी भएर मात्र पुग्दैन, अरू विभिन्न पेशा तथा व्यवसायको आचारसंहिताको जानकारी हुनुपर्छ । ती पेशा-व्यवसायका व्यक्तिले आचारसंहिता पालना गरे/नगरेको मामिला समाचारका विषय हुन् ।

चिकित्सकीय आचारसंहिता के हो ? त्यो आचारसंहिता चिकित्सकले पालना गरेका छन् कि छैनन् ? जसरी वकिलले हामी जस्तोसुकै मुद्दा पनि जिताइदिन्छौं, मकहाँ आउनुस् भनेर विज्ञापन गर्न पाउँदैन, त्यसैगरी चिकित्सकले पनि जस्तोसुकै रोग पनि निको पारिदिन्छु भनेर प्रचार गर्न पाउँदैन । यस्तै कुरा अरू स्वास्थ्यकर्मी र अस्पतालहरूका हकमा पनि लागू हुन्छ । नेपाल पत्रकार महासंघसँगको समन्वयमा प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता बनाएजस्तै नेपाल मेडिकल काउन्सिल र नेपाल चिकित्सक संघ आफैंले पनि चिकित्सकीय आचारसंहिता बनाउँछन् । मेडिकल काउन्सिलमा चिकित्सक र यस पेशासँग सम्बन्धित विषयमा बन्ने आचारसंहिताको पत्रकारले अध्ययन गर्नुपर्छ । ती संस्थाले समय-समयमा यस्ता आचारसंहिता परिमार्जन एवं संशोधन पनि गर्ने भएकाले यस विषयमा पत्रकार जानकार हुन आवश्यक छ ।

**प्रचारबाट बच्ने** : बजारमा प्रचारको प्रतिस्पर्धा छ । त्यसैले प्रचारका हरेक खराब प्रयास र नियतबाट पत्रकारले बच्नुपर्छ । देशमा निजी क्षेत्रले व्यवसायकै रूपमा सञ्चालन गरेका अस्पतालको संख्या बढ्दो छ । उनीहरूबीच प्रतिस्पर्धा छ । एम्बुलेन्स चालकहरूले कमिसनका लागि आफ्नो सम्पर्कका अस्पतालमा बिरामी पुऱ्याउने गरेका समाचार त सुनेकै हौं । कुनै अमूक अस्पतालमा पहिलोपटक फलानो रोगको शल्यक्रिया भयो, सफल भयो आदि समाचार आउँछन् । ती समाचारभित्र प्रचारात्मक नियत भेटिन सक्छ । त्यस्तो रोगको उपचार या शल्यक्रिया पहिले पनि अन्यत्र कतै भएको हुन सक्छ, समाचार दिनुअघि त्यो विचार गर्नुपर्छ ।

कहिलेकाहीं गलत दाबी गरेर पनि समाचारको सत्यतामाथि चुनौती दिने प्रयास हुने गर्छ । मैले नै २०६१ सालमा काठमाडौंको ओम अस्पतालमा पहिलोपटक टेस्टट्युब बेबी जन्मिएको समाचार लेखें । तर, काठमाडौंको एक निःसन्तान उपचार केन्द्रले यो समाचारमा आपत्ति जनायो । उसले पहिल्यै आईभीएफबाट बच्चा जन्माइसकेको दाबी गऱ्यो । मैले त्यो बच्चाको परिचय मागें तर दिन सकेन । ओम अस्पतालले भने आधिकारिक प्रमाणसहित यो समाचार सार्वजनिक गरेको थियो ।

नेपालमा मातृ मृत्यु दर तथा शिशु मृत्यु दर कति छ ? कारण के हो ? नेपालमा एचआईभी संक्रमण दर कति छ ? क्षयरोगबाट वर्षमा कतिले ज्यान गुमाउँछन् ? सर्ने रोगको अवस्था

के छ, नसर्ने रोगको अवस्था के छ ? पछिल्लो समय सर्नेभन्दा नसर्ने रोग किन घातक बन्दैछन् ? यी सबै विषयमा स्वास्थ्य समाचार लेख्ने पत्रकारले जान्न आवश्यक छ। चिकित्सकले प्रयोग गर्ने शब्द समाचारमा राख्यो भने सर्वसाधारणले बुझ्दैनन्। त्यसलाई सरलीकृत गरेर लेख्नुपर्छ। चिकित्सिकसँग कुरा गर्दा उसले भनेको प्राविधिक कुरा ठीकसँग बुझ्ने र साधारण भाषामा समाचारमार्फत बुझाउन सक्ने क्षमता पत्रकारमा हुन जरुरी छ।

**मेडिकल कम्युनिकेशनको अवस्था** : मेडिकल सञ्चारमा धेरै कुरा पर्छन्। जस्तै-देशमा मेडिकल इन्फरमेसनको अवस्था के छ भन्ने कुरा सबैभन्दा पहिला पर्छ। त्यो भनेको पहिला पत्रकारले र त्यसपछि आम नागरिकले मेडिकल विषयका सूचना के-कस्तो रूपमा प्राप्त गरिरहेका छन् भन्ने पक्षको ज्ञान हो। सरकार वा अस्पतालले दिने सेवाबारे नागरिकले सूचना पाएका छन् कि छैनन् भन्ने विषयको ज्ञान पहिला मिडियालाई हुन जरुरी छ। अस्पतालका वेबसाइट छन् कि छैनन् ? भए तिनमा आफ्ना सेवाबारेको अपडेट छ कि छैन ? बिरामी लगिसेकपछि त्यहाँ बेड छैन, आईसीयू छैन भन्छन् कि ? त्यो सूचना वेबसाइटमा छ कि ? ब्लड बैंकमा रगत भए/नभएको सूचना अपडेट छ कि छैन ? यस्ता पक्षमा पत्रकार जानकार हुनुपर्छ।

चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी र बिरामीबीचको मेडिकल कम्युनिकेशनको अवस्था कस्तो छ ? उनीहरूबीचको संवाद सहज र सौहार्द छ कि छैन ? मेडिकल कम्युनिकेशनबारे उनीहरूले पढेको र बिरामीसँग गरेको व्यवहारमा तालमेल छ कि छैन ? चिकित्सकले स्वास्थ्य जाँचका क्रममा बिरामीलाई कति समय दिन्छन् ? के त्यो पर्याप्त छ ? के बिरामीले चिकित्सकसँग दोहोरो कुराकानी गर्न र आफ्ना कुरा राख्न पर्याप्त समय पाएका छन् ? अन्यत्रको चलन के छ, यहाँ त्यस्तो छ कि छैन ? चिकित्सकका भनाइ बिरामीले बुझेका छन् कि छैनन् ? उनीहरूले आफ्नो रोगका बारेमा चिकित्सिकबाट के बुझेका छन् ? प्रेस्क्रिप्सनमा लेखिएका औषधि आफैंले बुझेका छन् कि औषधि पसलेले मात्र बुझ्छन् ? आफूलाई के रोग लाग्यो र के औषधि खाँदै छु भन्नेबारेमा बिरामीलाई थाहा छ कि छैन ? यी सबै विषय मेडिकल कम्युनिकेशनअन्तर्गत पर्छ।

त्यसैले यी सबै विषयमा एक स्वास्थ्य मामिलाका रिपोर्टर अद्यावधिक हुनुपर्छ। जस्तो– नेपालको संविधानले मौलिक हकमा सूचनाको हकअन्तर्गत हरेक नागरिकले सार्वजनिक महत्त्वका कुनै पनि विषय र आफ्नाबारेमा पनि सूचना पाउनुपर्ने व्यवस्था गरेको छ। त्यसैले हरेक नागरिकले आफूलाई लागेको रोगका बारेमा र आफूले कुन रोगको के औषधि खाइरहेको छु भन्नेबारेमा जानकारी राख्न पाउनुपर्छ। तर, कुनै व्यक्तिलाई कुनै घातक रोग लागेको थाहा पाएपछि पनि बिरामी हतोत्साहित हुने र रोग निको नहुने डरले चिकित्सकले पनि कतिपय अवस्थामा त्यस रोगका बारेमा बिरामीलाई सीधै नभनेर निजका

आफन्तलाई मात्र भनेका पनि हुन सक्छन् । यसलाई बिरामीको सूचनाको हकभन्दा पनि बढी चिकित्सकीय आचारसंहिताअन्तर्गत पनि राख्न सकिन्छ ।

**सूचनासँगै शिक्षा** : तेस्रो विश्वको पत्रकारिताको काम सूचना दिने मात्र होइन, शिक्षा दिने पनि हो । किनभने ती देशका नागरिक पूर्ण साक्षर नहुन पनि सक्छन् । स्वास्थ्य क्षेत्रका पत्रकारका लागि स्वास्थ्य शिक्षा दिने गरी समाचार लेख्ने योग्यता हुन जरुरी छ ।

**विषयविज्ञको पहिचान र उद्धरण** : समाचारका लागि स्रोत चाहिन्छ । समाचारको विश्वसनीयताका लागि यो अनिवार्य शर्त पनि हो । के समाचारमा कसलाई उधृत गर्ने ? बर्ड फ्लुको समाचारमा कसको भनाइ लिने, प्रसूति रोगमा कसलाई सोध्ने ? समाचारदाताले नै विज्ञको पहिचान गर्न सक्नुपर्छ । समय-समयमा आउने भाइरल संक्रमणका बारेमा जानकारी दिने भाइरोलोजिस्टका बारेमा पनि जानकारी राख्नुपर्छ । विशेषज्ञ थाहा पाएर उनीहरूलाई उचित स्थान र सन्दर्भमा उधृत गर्नु स्वास्थ्य पत्रकारका काम हुन् ।

चिकित्सकहरू विभिन्न रोगका विशेषज्ञ भएर काम गरिरहेका हुन्छन् । उनीहरूसँग आफ्ना विषयको विशेषज्ञता बढी हुन्छ । त्यसैले त्यस रोगका विषयमा उसैलाई सोध्दा बढी सूचना आउँछ र समाचारको पुष्टि हुनुका साथै बढी विश्वसनीय पनि हुन्छ । जस्तो– नेपालमा शिशु मृत्यु किन जटिल छ भन्नेबारेमा बाल स्वास्थ्य विशेषज्ञलाई नै थाहा हुन्छ । क्यान्सर समस्या किन बढ्दै छ भन्ने जानकारी क्यान्सर रोगविशेषज्ञलाई नै हुन्छ ।

**खानपानमा ठीक र बेठीक** : अहिले समाचारमा एक प्रकारको विकृति वा फेसनजस्तो देखिन्छ- यो खान हुने र यो नहुने भन्ने विषयमा । स्वास्थ्य जर्नलमा प्रकाशित भन्दै खानेकुरा सिफारिश गरिएको देखिन्छ । कतिपय ठाउँमा बियर पिउँदा पत्थरी नहुने समाचार देखिन्छ भने कतै वाइनले हृदयाघात नहुने भन्ने समाचार देखिन्छ । त्यस्तै यति या उति मात्रा ह्विस्की पिउँदा राम्रो हुने भन्ने जस्ता समाचार पनि आउँछन् । सुत्ने बेलामा चिसो पानी पिउने कि तातो ? मासु खान हुने कि नहुने ? शाकाहारी हुँदा के-कस्ता फाइदा छन् ? के-कस्ता संक्रमण या रोग लाग्दा के-कस्ता घरायसी उपचार छन् भन्ने समाचार आइरहने गर्छन् । जडिबुटी तथा आयुर्वेदिक औषधिले खासै असर नगर्ने भएकाले जति खाए पनि हुने तर एलोप्याथिक औषधिले बढी असर गर्ने भन्ने खालका समाचार पनि प्रशस्तै आउने गरेका छन् ।

हुन त ती आवश्यक सूचना हुन् तर तिनको स्रोतको आधिकारिकता नागरिकले कसरी खुट्याउने ? 'एक अनुसन्धान' ले देखाएको भन्ने स्रोत हुन्छ तर त्यो अनुसन्धानको आधिकारिकता आफैंमा भरपर्दो हुँदैन भने समाचारमा चिकित्सकको भनाइ पनि हुँदैन । वाइनले हृदयाघात कम गर्ने भन्ने समाचारमा मुटुरोगसम्बन्धी विशेषज्ञ वा चिकित्सकलाई उद्धरण गर्नुपर्छ कि पर्दैन ? त्यसैले यस्ता समाचार तयार गर्दा अनुसन्धानको

आधिकारिकता चाहिन्छ र विज्ञको उद्धरण पनि हुनुपर्छ । त्यही समाचारलाई सुझावका रूपमा अनुसरण गरे भने बित्यास पर्न सक्छ ।

**स्थलगत रिपोर्टिङ** : स्वास्थ्य मात्र होइन, हरेक क्षेत्रको समाचार तयार गर्दा स्थलगत रिपोर्टिङ आवश्यक पर्छ । स्थलगत रूपमा व्यक्ति वा अवस्था देख्दा पलाउने भावना र विश्वास सबैभन्दा प्रभावकारी हुन्छ । आफैंले देखेपछि लेख्दा समाचारका अनेक कोण जन्मिन सक्छन् ।

**फलो-अप कम** : कुनै रोग या संक्रमण या नीति नियमसँग सम्बन्धित समाचारको फलो-अप हुन आवश्यक मात्र हैन, अनिवार्य नै छ । स्वास्थ्यसम्बन्धी समाचार सम्प्रेषण गर्दा 'त्यसपछि के भयो होला' भन्ने चासो राख्ने मानिस धेरै हुन्छन् । त्यसैले स्वास्थ्य सूचनाहरूलाई उठान गरेर छाड्नु भनेको रोगका कीटाणु झन् सक्रिय बनाउनुसरह हो । ती जिज्ञासा मेटाउनका लागि पनि उठान गरेका विषयलाई निष्कर्षसम्म पुऱ्याउन जरुरी छ । यसैले स्वास्थ्य रिपोर्टिङमा फलो-अपको महत्त्व बढी छ । जस्तै– शुरूशुरूमा नेपालमा पनि कोरोनाको अपडेट गर्दा कति संक्रमित भए भनेर मात्र दिने गरिएको थियो । पछि सकारात्मक समाचारका लागि त्यो अपडेटसँगै 'आज कति निको भए' भन्ने पनि दिन थालियो । कतै हैजा या दादुराको प्रकोप बढ्यो भनेर समाचार दिएपछि त्यसको फलो-अप गरेर त्यसपछिको अवस्था के छ ? निको भयो कि भएन ? भनेर पनि दिनुपर्छ । नत्र त हैजा लागेको लाग्यै छ भनेर बुझ्ने र आत्तिने अवस्था हुन्छ ।

## स्वास्थ्य क्षेत्रको रिपोर्टिङका चुनौती

स्वास्थ्य पत्रकारिता महत्त्वपूर्ण र संवेदनशील हुनुका साथै नागरिकले बढी खोजी गर्ने क्षेत्र पनि हो । त्यसो हुनु यस विधामा काम गर्ने पत्रकारका लागि अवसर हो । नागरिकका लागि आवश्यक विषयका आधिकारिक र सत्यतथ्य समाचार सम्प्रेषण गर्न सकिएमा यसका पाठक र श्रोता अरू विषयमा भन्दा धेरै हुन्छन् । कुनै रोगको लक्षण, यसको निदान र उपचारका बारेमा जानकारी दिन सकियो भने त्यस्तो सूचना जीवनोपयोगी हुन जान्छ । यही आधारमा स्वास्थ्य क्षेत्रका समाचार सम्प्रेषण गरेर र यसै विषयमा केन्द्रित रहेर पनि मिडिया सञ्चालन गर्न सकिनेसम्मको अवस्था बनेको छ । पेशागत अवसरसँगै स्वास्थ्य क्षेत्रका समाचार संकलन, लेखन तथा सम्प्रेषण असाध्यै चुनौतीपूर्ण विषय पनि हो । यहाँ त्यस्ता केही चुनौतीको चर्चा गरिन्छ :

**प्राविधिक र जटिल विषय** : स्वास्थ्य उपचार प्रक्रिया बुझ्न गाह्रो छ । त्यस्तै कुनै पनि नयाँ रोगका बारेमा बुझ्न पनि गाह्रो छ । शब्दावली कठिन छन् । ती अंग्रेजीमा हुन्छन् ।

तिनै शब्दसहित चिकित्सक या स्वास्थ्यकर्मीले प्रयोग गरेका भाषामा समाचार रिपोर्ट बनाउँदा सर्वसाधारणले बुझ्न सक्दैनन् । सबैले बुझ्ने गरेर समाचार सम्प्रेषण नगर्नुको अर्थ पनि भएन ।

उदाहरणका लागि एनेस्थेसिया दिएको बिरामीको होसै नखुली निधन भयो भनेर लेख्दा मानिसले के बुझ्लान् ? एनेस्थेसिया बिरामीको शल्यक्रिया गर्दा लट्याउने औषधि भनेर लेखिदिनुपर्छ । टेस्टट्यूब बेबी जन्माउने प्रविधिबारे बुझाइ ट्युबमै बच्चा जन्माउने भन्ने हुन सक्छ । तर, बच्चा गर्भाशयमै राख्ने हो र आमाले नै जन्माउने हो भन्नेबारेमा स्पष्ट गरिदिनुपर्छ । यी र यस्ता जटिल प्रक्रिया र प्रविधिको जानकारी हुनुपर्ने चुनौती संसारभरकै स्वास्थ्य रिपोर्टरसँग छ ।

यसबाहेक कुन रोगको विशेषज्ञलाई अंग्रेजीमा के भनिन्छ भन्ने पत्रकारले थाहा पाउनैपर्छ । जस्तै- न्युरोलोजिस्ट (नशा रोग विशेषज्ञ), अप्थाल्मोलोजिस्ट (आँखा रोग विशेषज्ञ), पाल्मोनोलोजिस्ट (छाती रोग विशेषज्ञ), कार्डियोलोजिस्ट (मुटु रोग विशेषज्ञ), नेफ्रोलोजिस्ट (मिर्गौला रोग विशेषज्ञ), गाइनेकोलोजिस्ट (स्त्री तथा प्रसूति रोग), युरोलोजिस्ट (मूत्र रोग विशेषज्ञ), अर्थोपेडिक (हड्डी रोग), पेडियाट्रिक (बाल रोग) आदि ।

**समय अभाव** : प्राविधिक विषय भएकाले अध्ययन गर्न समय चाहिन्छ तर मिडिया हाउसमा एकजना मात्र स्वास्थ्य रिपोर्टर छ भने उसले पर्याप्त समय नपाउन सक्छ । रोग या संक्रमणको समाचार आइसक्छ तर जनशक्ति र समय अभावका कारण समाचार सम्प्रेषण गर्न ढिलाइ हुन्छ । ठूला मिडिया हाउसमा यस क्षेत्रका समाचार संकलन गर्ने समाचारदाताको यो साझा समस्या हो ।

**विषयगत ज्ञानको कमी** : अरू विषयमा समाचार कर्म गर्दा समाचारदाताको शैक्षिक योग्यताले पनि सहयोग पुग्न सक्छ । जस्तो- अर्थशास्त्र पढेकाले बिजनेस रिपोर्टरको काम गर्न सजिलो हुन्छ भने कानून पढेकालाई अदालतको । विज्ञान या प्रविधि पढेका पत्रकारलाई ती विषयमा सहयोग पुग्न सक्छ । तर, स्वास्थ्य विषय पढेको जनशक्ति पत्रकारितामा कमै भेटिन्छ । एमबीबीएस पढेका मात्र हैन, जनस्वास्थ्य पढेका व्यक्तिहरू पनि पत्रकारितामा आएको देखिँदैन ।

समाचारदाताले मात्र बुझेर पनि हुँदैन, यस विषयमा सम्पादकले पनि जानकारी राख्नुपर्छ । पहिले-पहिले स्वास्थ्य तथा जनसंख्यासम्बन्धी तथ्यांकसहितका समाचार लैजाँदा सम्पादकहरू ‘यो समाचार ल्याएको कि अंक ?’ भनेर प्रश्न गर्थे । जस्तो- जनसंख्या वृद्धि दर, कुनै पनि रोगबाट मृत्यु, जन्मदर आदिका विषयमा अंकसहितका

समाचार सम्प्रेषण गर्नुपर्दा सम्पादकहरूको यो प्रतिक्रिया आउने गरेको अनुभव पुराना पुस्ताका पत्रकारबाट सुनिन्छ ।

**स्रोतसम्म पुग्न गाह्रो** : स्वास्थ्यसम्बन्धी सूचना संवेदनशील हुन्छन् । कतिपय जानकारी रोगका बारेमा हुन्छ भने कतिपय उपचारका बारेमा । त्यस्तै यससम्बन्धी नीति, नियम तथा निर्देशिकाका बारेमा पनि समाचार हुने गर्छ । यस्ता विषयमा नागरिकको चासो बढी नै हुन्छ । कुनै व्यक्तिको निधन भएको समाचार छ भने आधिकारिक स्रोतले पुष्टि नगरी लेख्नु हुँदैन । अनि मृत्युबारे समाचारमा कुन स्रोतलाई उधृत गर्ने भन्ने पनि गम्भीर पक्ष हुन्छ ।

त्यसैले यस्ता समाचार धेरैजसो चिकित्सकसँग गएर ठोकिन्छ । तर, नेपालमा चिकित्सकहरू सहज उपलब्ध हुन चाहँदैनन् । यी समाचारमा उनीहरूलाई स्रोतका रूपमा उधृत गर्नु भनेको रिपोर्टरका लागि गाह्रो काम हो । त्यसैले यो बीटमा रिपोर्टिङ गर्दा स्रोतसँग सम्पर्क गर्न र स्रोतलाई सम्पर्कमा राखिराख्न समस्या हुने गरेको छ ।

**समयानुकुल तालिम र कोर्स अभाव** : विश्वमा बेलाबेलामा नयाँ-नयाँ रोग जन्मिइरहन्छन् । दुनियाँमा एकाएक कोरोना भाइरस निस्कियो, अनेक भेरिएन्ट आए । इबोला भाइरस अर्को डरलाग्दो बनेर आइलाग्यो । कुनै बेला एड्स त्यस्तै थियो । यस्ता संक्रमण कुनै घातक हुन्छन् भने कुनै त्यति खतरनाक हुँदैनन् । तिनको उपचार पत्ता लागुञ्जेल भयानक परिणाम निस्किइसकेको हुन्छ । जस्तो- नेपालमा ५/६ वर्षदेखि डेंगी ज्वरो देखा पर्दै आएको छ । यसबारे समाचार पनि आइरहेका छन् । गर्मीमा भाइरल ज्वरो आउँथ्यो र पछि हट्थ्यो । तर, २०७९ सालमा यो अकस्मात शक्तिशाली अर्थात् घातक भएर आयो । यसले केहीको ज्यान पनि लियो भने धेरैले सामाजिक सञ्जालमा कोरोनाभन्दा पनि बढी पीडादायी अनुभव पोखे ।

तर कसरी यस्तो भयो त ? यो त्यही पुरानै डेंगी हो या नयाँ आयो ? कि त्यसैमा नयाँ भेरिएन्ट पो जन्मियो कि ? यस्ता विषयमा अनुसन्धान गर्ने र प्रेसलाई पनि जानकारी दिने गर्नुपर्ने हो । तर, त्यसको व्यवस्थित अभ्यास देखिँदैन । यस्तै नयाँ रोग तथा संक्रमण निस्किन्छन् तर तीबारेमा पत्रकारलाई तालिम दिने या लेख्नेबारेमा पर्याप्त सूचना दिने काम हुँदैन । यस विषयमा चिकित्सक, स्वास्थ्य अधिकारी तथा पत्रकारका बीचमा समन्वय गर्ने र समय-समयमा यस्तै नयाँ विषयमा तालिम आदि दिने कामको खाँचो सधैं खट्किइरहेको छ ।

**बढी संवेदनशील** : एलोप्याथी मात्र होइन, आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, युनानी, योग, अकुपञ्चर आदि धेरै उपचार पद्धति छन् । मानिसहरू जुन पद्धतिबाट रोग

निको हुन्छ, त्यतै आशावादी भएर दौडिरहेका हुन्छन् । ती उपचार विधिका बारेमा स्वास्थ्य क्षेत्रकै मानिसका धारणा परस्पर विरोधी रहेको पाइन्छ । यस अवस्थामा गहन अध्ययन गरेर सत्य समाचार पस्कन स्वास्थ्य पत्रकारका लागि साँच्चै चुनौतीपूर्ण छ ।

## स्वास्थ्य पत्रकारका आचारसंहिता

स्वास्थ्य पत्रकारिताका विषयमा चर्चा हुँदा भन्ने गरिन्छ- कुनै एक चिकित्सकले आफ्नो पेशासम्बन्धी आचारसंहिता उल्लंघन गर्‍यो भने एकादुई बिरामीको ज्यान जान सक्छ, तर स्वास्थ्य समाचार लेख्ने समाचारदाताले आफ्नो व्यावसायिक आचारसंहिता उल्लंघन गर्‍यो भने कैयन् चिकित्सककै ज्यान जान सक्छ ।

नेपालको पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) ले 'जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जना' गर्न नहुने व्यवस्थाअन्तर्गत यस्तो व्यवस्था गरेको छ, 'पत्रकार तथा सञ्चारमाध्यमले व्यक्तिको स्वास्थ्य, महामारीलगायत जनस्वास्थ्यसँग सरोकार भएका विषयसम्बन्धी सामग्री पाठक, श्रोता वा दर्शकमा उत्तेजना वा निराशा उत्पन्न हुने गरी अतिरञ्जित तवरमा सम्प्रेषण गर्नु हुँदैन ।' स्वास्थ्य मामिलामा पत्रकारिता गर्नेहरूले पत्रकारिताका आम आचारसंहिताका अलवा स्वास्थ्य पत्रकारिताकै केही विशिष्ट आचरणको अनुपालना गर्न जरुरी छ । त्यस्ता केही आचारसंहिताको चर्चा यहाँ गरिएको छ :

**बिरामीको परिचय खुलाउने वा नखुलाउने विषय** : बिरामीको परिचय खोल्ने विषय उसको वैयक्तिक मामिला हो । त्यस्तै कतिपय रोग यस्ता हुन्छन्, बिरामीले नै खोल्न मान्दैनन् । परिचय खोलिदिँदा त्यसले बिरामीको जीवनमा प्रभाव पनि पर्न सक्छ । कतिपय घातक रोगबारे चिकित्सकले बिरामीलाई विस्तृत जानकारी दिएका हुँदैनन् । उसलाई मनोवैज्ञानिक रूपमा कमजोर बनाउन सक्ने त्यस्ता निजी जानकारी बिरामीका आफन्त या नजिकका मान्छेलाई मात्र दिइएको हुन्छ ।

उदाहरणका लागि कोरोना महामारीका बेलामा अमेरिकाका टेलिभिजनहरूले बिरामीका परिचय खुलाएनन् । त्यहाँको सेन्टर्स् फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) ले मापदण्ड बनाएको थियो । बेड नपाएर अस्पतालपरिसर र छिँडीमा बिरामी थिए तर टीभीले दिएनन् । नेपाली मिडियाले भने त्यस्ता समाचार प्रकाशन/प्रसारण गरिरहे । बाँकेको नरैनापुरका अस्पताल र स्वास्थ्य केन्द्रहरूमा छिँडीमै संक्रमित थिए, टीभीले देखाए । यसलाई नागरिकको गोपनीयताको हकको हनन मान्न सकिन्छ ।

कसैलाई एड्स र क्यान्सरजस्ता घातक स्वास्थ्य समस्या देखियो भने चिकित्सकले

बिरामीलाई भन्दैनन्, आफन्तजनलाई जानकारी गराउँछन् । निको नै नहुने हो भने पनि शुरूमै चिकित्सकले बिरामीलाई भन्दैनन् । स्मरणीय छ– अभिनेत्री मनीषा कोइरालालाई क्यान्सर लागेको कुरा भारतीय मिडियाले दिँदा त्यहाँ समाचारको स्रोत सही नभएको भनी प्रश्न उठेको थियो । क्यान्सरजस्तो घातक रोग लागेको, त्यो पनि मनीषा कोइरालाजस्तो सेलिब्रिटीलाई -यो स्वाभाविक रूपमा सार्वजनिक चासोको विषय थियो । तर, समाचारमा कसलाई स्रोतका रूपमा उधृत गरियो भन्ने समाचारको आधिकारिकताका लागि मात्र नभएर विश्वसनीयताका लागि पनि महत्त्वपूर्ण हुन्छ । यसतर्फ सनसनी खोज सामग्री पेश गर्न रुचाउने भारतीय मिडियाले ध्यान दिनै चाहेनन्, फलतः आलोचित भए ।

**मृत्युबारे समाचारमा सावधानी** : स्रोतका भनाइ उधृत गर्नुले स्वास्थ्य पत्रकारितामा महत्त्व राख्छ । पत्रकारलाई समाचार थाहा भए पनि स्रोत नभई लेख्न मिल्दैन । गिरिजाप्रसाद कोइरालाको निधन भइसकेको कुरा धेरै पत्रकारलाई थाहा थियो, तर त्यसलाई न अस्पतालले पुष्टि गरेको थियो, न त उनका निजी चिकित्सकले । परिवारका सदस्य पनि बोलेका थिएनन् । यस अवस्थामा पत्रकारले थाहा पाएर पनि समाचार लेख्न सक्ने अवस्था हुँदैन ।

मृत्युबारे समाचारमा कसलाई उधृत गर्ने भन्ने स्वीकृत मान्यता, आचारसंहिता या नियम छैन । तर, मृत्यु सबैभन्दा धेरै मानवीय चासो र गम्भीर विषय हो । यस्तो विषयमा सकेसम्म कम्तीमा उसका चिकित्सक, निजी सचिव या प्रवक्ता या परिवारका सदस्यमध्ये एकलाई उधृत गर्दा समाचार विश्वसनीय हुन्छ ।

**प्रचार नगर्ने सूचना दिने** : अस्पतालले ससाना उपलब्धि पनि प्रचार गर्न खोज्छ । यसबाट समाचारदाता बच्न सक्नुपर्छ । अस्पताल वा चिकित्सकको विज्ञापन गर्न पाइँदैन । त्यसैले प्रचारको कुनै न कुनै बाटो उनीहरूले खोज्न सक्छन् । यो चिकित्सकहरूका हकमा पनि लागू हुन सक्छ । सरकार तथा सरकारी निकाय पनि आफ्नो काम देखाउन प्रचारमुखी बन्न सक्छन्, त्यसबाट बच्नुपर्छ ।

**महामारी र सूचना** : कोरोना लाग्यो कि मानिस बाँच्दैन भन्ने जस्ता समाचार विगतमा देखा परे । अमेरिका र युरोपजस्ता देशहरूमा त रोग नियन्त्रण गर्न नसकेर त्यो हालत छ भने हाम्रो हालत के होला भन्ने जस्ता त्रास समाचारबाटै फैलियो ।

कोरोना संक्रमितप्रति अपहेलनाको व्यवहार गरियो । संक्रमितका घरमै मानिस नजाने, त्यो घर भएर बाटो पर्‍यो भने सकेसम्म नहिँड्ने वा अर्कातिर फर्किएर हिँड्ने अवस्था आयो । यसबाट बच्न मानिसले सकेसम्म संक्रमणका समाचार पनि लुकाए, देखाएनन् ।

फलतः संक्रमितलाई थप समस्या भएको मात्र होइन, थप व्यक्तिमा पनि संक्रमण फैलिन थाल्यो ।

अनलाइन वा सामाजिक सञ्जालमा जानी-नजानी फलाना देशमा उपचारका क्रममा यति चिकित्सक मरे भनेर समाचार दिइयो । यसले हाम्रो देशका चिकित्सकलाई पनि निराश तुल्याउन सक्छ भन्ने सोचिएन । यस खालका सूचना लुकाउनुपर्छ भन्ने होइन, तर त्रास फैलाउने सूचना प्रवाह गर्नु पनि हुँदैन ।

**भाषामा सावधानी** : स्वास्थ्य संवेदनशील विषय भएकाले शब्द चयनमा विचार पुऱ्याउनुपर्छ । केही समयअघि समाजबाट कुष्ठरोगी अपहेलित हुने क्रम रोकिएन भन्ने शीर्षकको समाचार छापियो । पहिला-पहिला एचआईभी/एड्सका संक्रमितलाई पनि 'एड्स रोगी' भनेर लेख्ने गरिन्थ्यो जबकि यो रोग नभएर संक्रमण हो । महामारीका बेला कोरोना संक्रमितलाई पनि 'कोरोना रोगी' भनियो । आत्मबलले बाँच्नुपर्ने बिरामी या संक्रमितलाई यस्ता भाषा प्रयोगले झनै निराश बनाउँछ । जुनसुकै रोगका सन्दर्भमा पनि आत्मबल बढाउने र बाँच्न थप प्रेरित गर्ने भाषाको प्रयोग गर्नुपर्छ ।

चिकित्सकको लापरबाहीले बिरामीको मृत्यु भनेर सीधै समाचार लेख्नु हुँदैन । त्यसले त्यो उपचार गर्ने चिकित्सकको मानहानि हुन्छ । आफन्तको निधन भएपछि कतिपय मानिसले अस्पतालसँग बार्गेनिङ गरेर पैसा लिनका लागि पनि यसो गरेका हुन सक्छन् । यसमा बिचौलिया प्रयोग भएको पनि हुन सक्छ । लापरबाही त चिकित्सकबाट पनि होला, तर पनि शुरूमै उनीहरूका कुरै नसुनी मृतकका आफन्तले आन्दोलन र धर्ना शुरू गरे भनेर समाचार दिनु हुँदैन ।

## स्वास्थ्य रिपोर्टिङको वर्तमान अवस्था

मानिसको सबैभन्दा प्रिय वस्तु भनेको आफ्नो शरीर हो, स्वास्थ्य हो । यसमा धेरैको चासो हुन्छ । त्यसैले यो सबैभन्दा महत्त्वपूर्ण समाचार हो । सन् २०२० मा कोरोना भाइरसका समाचार संसारमै सर्वाधिक गुगल गरिएको विषय थियो ।[२] निःसन्तानले सन्तान प्राप्त गर्ने तरिका खोजेका होलान्, प्राणघातक रोग लागेकाहरूले यसबाट कसरी छुटकारा पाउने भन्ने उपाय खोजेका होलान् । यस्ता अनगिन्ती विषय हुन सक्छन्, जसको खोजीमा सहयोगी सिद्ध हुन सक्नुपर्छ- स्वास्थ्य रिपोर्टिङ ।

---

२. https://trends.google.com/trends/yis/2020/GLOBAL/

स्वास्थ्य पत्रकारितासँग स्वाभाविक रूपमा स्वास्थ्य सेवाग्राही, सरकार, स्वास्थ्य संस्था, नीतिनिर्माता, औषधि उत्पादक, बिक्रेतादेखि कानून र सुरक्षा निकायसम्मको सम्बन्ध हुन्छ। यति धेरै फराकिलो क्षेत्र ओगटेको स्वास्थ्य मामिला रिपोर्टिङको अवस्था कस्तो छ त ? यहाँ बुँदागत रूपमा केही पक्षको चर्चा गरिएको छ :

**घटनाप्रधान समाचार** : अहिले नेपालमा गरिएको स्वास्थ्य रिपोर्टिङ धेरैजसो घटनाप्रधान छन् । स्वास्थ्यको दायरामा रहेर भन्दा पनि समाचारदाताले जे घटना हुन्छ, त्यसैलाई समाचारका रूपमा सम्प्रेषण गर्ने गरेका छन् । हरेक वर्ष तराईका जिल्लाहरूमा झाडापखालाले मानिसको ज्यान जाने गरेको छ भने त्यसको पूर्वतयारी के छ त भनेर बर्खाअघि नै समाचार दिन सकिन्थ्यो र त्यसलाई सरकारले अनुसरण गर्दा धेरैको ज्यान जोगिन पनि सक्थ्यो । अघिल्लो वर्ष गर्मीयाममा हामीलाई डेंगीले सताएकाले अब गर्मीअगावै सरकारसँग पूर्वतयारीको अवस्था के छ भनेर पनि समाचार दिन सकिन्छ। तर, त्यस्ता समाचार कमै आउँछन् र घटना भइसकेपछि मात्र समाचार आउने गरेको पाइन्छ।

**डाक्टर र अस्पतालमा मात्र केन्द्रित** : सरकारी स्वास्थ्य सेवाको रिपोर्टिङ गर्दा स्वास्थ्यकर्मी वा चिकित्सकको अभावसम्बन्धी समाचार बढी आउने गरेका छन् । यो समाचार गाउँ वा दुर्गम क्षेत्रको धेरै देखिन्छ। अस्पतालमा दरबन्दी भएर पनि चिकित्सक एवं स्वास्थ्यकर्मीहरू नभएका समाचार पनि निकै देखिन्छन् । कतैकतै दरबन्दीअनुसारका स्वास्थ्य जनशक्ति नभएका कारण समस्या परेका समाचार आउँछन् ।

**खोजी र विशेषज्ञताको अभाव** : स्वास्थ्यबारे खोजी समाचार धेरै कम छन् । नीति र कानूनअनुसार नागरिकले स्वास्थ्य सुविधा नपाएको अवस्था व्यापक छ तर समाचारमा त्यति आउँदैन । जस्तै- सरकारले निःशुल्क भनेर छुट्याएका कतिपय औषधि स्वास्थ्य केन्द्रदेखि जिल्ला अस्पतालसम्म प्राप्त हुन्छन्, तर ती औषधि शुरूमै सकिन्छ । एकदुई महिनापछि जाँदा पाइँदैन । त्यसो भए कहाँ गए त ? यी समाचार खासै आउँदैनन् । अनि अहिले पनि अज्ञात रोगले व्यक्तिको ज्यान गएको समाचार आउँछ, तर यो अनुसन्धानको युगमा पनि कुनै रोग कहिलेसम्म अज्ञात रहन सक्छ, यस्तो प्रश्न स्वास्थ्य पत्रकारका मनमा पनि उठ्नुपर्ने होइन र ?

**उपलब्धिको प्रचार धेरै** : निजी अस्पतालले आफ्नो प्रचार धेरै चाहन्छ, उसको व्यावसायिक प्रवर्द्धनका लागि त्यो स्वाभाविक हो । स्वास्थ्य रिपोर्टरले भने त्यो अस्पतालले गरेको प्रचारको उपलब्धि साँच्चिकै उपलब्धि हो कि प्रचार मात्र गरेको हो भन्ने बुझेर मात्र समाचार सम्प्रेषण गर्नुपर्छ।

**नियमित स्तम्भ र समाचारको कमी** : सबैभन्दा बढी खोजी गरिने विषय मानिसको आफ्नो स्वास्थ्य हो। हरेक रोगी, संक्रमित एवं पीडितले आफूले त्यसबाट छुटकारा पाउने उपायको सूचना खोजेकै हुन्छ, तर कहाँ र कहिले खोज्ने ? पाठक र श्रोतामा अन्योल छ। त्यसैले अखबार होस् या अन्य सञ्चारमाध्यमले नियमित रूपमा स्तम्भ राखिदिने हो भने पाठक या श्रोतालाई सहयोग पुग्नेछ। कुन दिन, कुन मिडियामा के विषयका समाचार या लेख आउँछन् भन्ने विषय थाहा भएमा उनीहरूले त्यसलाई पर्खेर बस्नेछन् । यस्तो अभ्यासमा अनलाइन सञ्चारमाध्यम थप प्रभावकारी हुन सक्छन् ।

**आचारसंहिताको कमजोर कार्यान्वयन** : चिकित्सक, स्वास्थ्य संस्था सञ्चालक, पत्रकार, मिडिया सञ्चालक सबैले आचारसंहिता पालनामा कमजोरी गरेको पाइन्छ । अरू व्यवसायजस्तो स्वास्थ्य संस्था या चिकित्सकले विज्ञापन गर्न पाउँदैनन्। रोग निको पार्छौं भनेर चिकित्सकले र मुद्दा जिताइदिन्छौं भनेर वकिलले विज्ञापन गर्नु आचारसंहिताविपरीत हो, तर पनि यहाँ कतिपय स्वास्थ्य संस्थाले त्यसो गर्ने गरेका छन्। अस्पतालका विज्ञापनहरू आम सञ्चारमाध्यममै आएका छन्, तर त्यस विषयमा न मेडिकल काउन्सिल न त पत्रकारले नै प्रश्न उठाएका छन् ।

**स्वास्थ्य प्रशासन र प्रक्रियामा कम** : स्वास्थ्य रिपोर्टिङ रोग, चिकित्सक, अस्पताल र बिरामीका बारेमा बढी केन्द्रित भएको देखिन्छ। स्वास्थ्यसम्बन्धी नीति, कानून, प्रशासन या प्रक्रियामा रिपोर्टर छिर्न सकेका छैनन् । यससम्बन्धी ज्ञान अभावका कारण यस्तो भएको सहज अनुमान गर्न सकिन्छ। यो अवस्थामा परिवर्तन ल्याउन जरुरी छ।

सञ्चारमाध्यममा प्राथमिकता कम : राजनीतिक समाचारको तुलनामा प्रायः सञ्चारमाध्यममा अरू विषय कम प्राथमिकतामा पर्ने गरेका छन्। स्वास्थ्य समाचारले त झन् कम प्राथमिकता पाएको देखिन्छ। जसरी स्वास्थ्यमा मानिसको चासो बढी छ, त्यसरी नै सञ्चारमाध्यमको प्राथमिकतामा पनि स्वास्थ्य क्षेत्र पर्न जरुरी छ।

**यौनका बढी, स्वास्थ्यका कम** : स्वास्थ्यसम्बन्धी जानकारीका नाममा मिडियाले यौनसम्बन्धी समाचार धेरै पस्कने गरेको देखिन्छ । यौन स्वास्थ्यका बारेमा भन्दा पनि स्वास्थ्यका समाचार कम देखिन्छन् । प्रजनन स्वास्थ्यका विषयमा पनि समाचार कम आएका हुन्छन् । यो जटिल विषय हो । यसमा जानकारी राख्ने मानिस कम हुने गर्छन् । त्यसैले पनि यो सूचना धेरै नागरिकले खोजेका हुन्छन् तर कम आउने गरेको पाइन्छ।

**खाद्य प्रविधि कि स्वास्थ्य** : प्रायः स्वास्थ्य रिपोर्टरका बीचमा पनि खाद्य प्रविधि र स्वास्थ्यका बारेमा विवादास्पद धारणा आउने गरेको पाइन्छ। खाद्य प्रविधिमा चिकित्सकसँग सोधेर र आधिकारिक सूचना कमै दिइएको हुन्छ। पत्रकार आफैंले यो खानाले यस्तो राम्रो गर्छ

र यसले नराम्रो गर्छ आदि लेखिएको हुन्छ। जस्तो- मदिराजन्य पेय पदार्थका विषयमा पनि विदेशी हेल्थ जर्नलले प्रकाशन गरेको भनेर कतै वाइनले हृदयघात कम गर्ने भनिएका समाचार हुन्छन् त कतै बियर पिउँदा मिर्गौलाको पत्थरी आफैं खस्ने भनिएको हुन्छ। कतैकतै यती या वाइन पेग ह्विस्की लिँदा स्वास्थ्यमा फाइदा हुन्छ भनिएको पाइन्छ। तर, चिकित्सकहरू भन्छन्– रक्सी कुनै पनि रोगको औषधि होइन। नागरिकले के पत्याउने ? त्यसैले यस्ता समाचार स्वास्थ्यका समाचार हुन् कि खानासम्बन्धी अर्थात् खाद्य प्रविधिका समाचार हुन् भन्ने द्विविधा देखिन्छ।

**फलो–अप कम** : कुनै रोग, संक्रमण या नीति नियमसँग सम्बन्धित समाचारको फलो-अप थोरै छ। यस्तो समाचारको सम्प्रेषण गर्दा त्यसपछि के भयो होला भन्ने चासो राख्ने मानिस धेरै हुन्छन्। त्यसैले स्वास्थ्यका सूचनाहरूलाई उठान गरेर छाड्दा मानिसमा त्यसप्रतिको कूतुहल झन् बढ्छ। ती जिज्ञासा मेटाउनका लागि पनि उठान गरेका विषयलाई निष्कर्षसम्म पुर्‍याउन जरुरी छ।

## जनसम्पर्क तथा सूचना स्रोत

स्वास्थ्यसम्बन्धी समाचार लेख्ने समाचारदाताले निम्न व्यक्ति, कार्यालय तथा सामग्रीलाई आफ्नो विषयको जनसम्पर्क र सूचना स्रोत बनाउन सक्छन् :

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयल प्रवक्ता एवं सूचना अधिकारी
- केन्द्रीय, प्रादेशिक तथा जिल्ला अस्पतालका चिकित्सक, प्रवक्ता एवं सूचना अधिकारी
- जिल्ला जनस्वास्थ्य कार्यालयहरू
- स्वास्थ्य अनुसन्धान परिषद्
- नेपाल चिकित्सक संघ, मेडिकल काउन्सिल, स्वास्थ्य अनुसन्धान परिषद्
- विभिन्न उपचार पद्धतिका विशेषज्ञहरू
- मेडिकल कलेज तथा मेडिकल शिक्षासँग सम्बन्धित व्यक्ति तथा संस्थाहरू
- खोप, खोप परीक्षण र यसको उपलब्धताको अवस्थासँग सम्बन्धित अधिकारीहरू
- इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा
- राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र

- राष्ट्रिय योजना आयोगका स्वास्थ्यसम्बन्धी सदस्य
- विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ), संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) का साथै स्वास्थ्य क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू
- नेपाल चिकित्सक संघ, औषधि उत्पादक संघ, नर्सिङ संघ, स्वास्थ्यकर्मी संघ, औषधि व्यवसायी संघ आदि

यसका अलवा विभिन्न स्वास्थ्य संस्थामा धाउने सेवाग्राही सूचनाका लागि सबैभन्दा प्रभावकारी स्रोत हुन सक्छन् । उनीहरूका पीडा, समस्या, खुसी आदि समाचारका विषय हुन सक्छन् । खासगरी दुर्घटना तथा प्रकोपका कारण उत्पन्न स्वास्थ्यसम्बन्धी विपद्बारे जानकारीका लागि प्रहरी स्रोत प्रभावकारी हुन्छ ।

## अध्ययन सामग्री

स्वास्थ्य मामिलामा काम गर्ने समाचारदाताका लागि निम्न सामग्रीको अध्ययन सहयोगी हुन सक्छ :

- राष्ट्रिय योजना आयोगको स्वास्थ्यसम्बन्धी दीर्घकालीन आवधिक योजना तथा नीतिहरू,
- स्वास्थ्यसम्बन्धी संवैधानिक व्यवस्था, नीति, ऐन तथा नियमावलीहरू,
- सरकारका स्वास्थ्यसम्बन्धी नीति, कानून तथा निर्देशिकाहरू,
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रकाशन, निर्देशिका तथा प्रेस वक्तव्यहरू,
- स्वास्थ्य अनुसन्धान परिषद्ले समय-समयमा गर्ने विभिन्न विषयका अनुसन्धानका निष्कर्ष एवं यसका प्रकाशनहरू,
- नेपाल चिकित्सक संघ, मेडिकल काउन्सिल, स्वास्थ्य अनुसन्धान परिषद्, मेडिकल कलेज तथा मेडिकल शिक्षामा संलग्न संघसंस्थालगायतका व्यावसायिक संस्थाका अनुसन्धानमूलक प्रकाशनहरू,
- नेपाल परिवार नियोजन संघलगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न गैरसरकारी संस्थाका प्रकाशनहरू,
- नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण (वर्तमान तथा आवधिक सर्वेक्षणहरूको तुलनात्मक अध्ययन), हेल्थ फ्यासिलिटी सर्वे आदि सर्वेक्षण प्रतिवेदन,

- राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका सूचना, प्रकाशन तथा निर्देशिकाहरू,
- राष्ट्रिय योजना आयोगका स्वास्थ्यसम्बन्धी दीर्घकालीन आवधिक योजना तथा नीतिहरू,
- विभिन्न सञ्चारमाध्यममा प्रकाशित/प्रसारित विभिन्न विषयका विशेषज्ञ चिकित्सकका अन्तर्वार्ता,
- विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ), संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) लगायतका संयुक्त राष्ट्रसंघीय निकायका प्रकाशन तथा अनुसन्धानात्मक लेखहरू,
- अमेरिकाको सेन्टर्स् फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सनका प्रकाशन तथा निर्देशिकाहरू,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिकित्सक संघ तथा संस्थाहरूका प्रकाशनका साथै विभिन्न जर्नलहरू,
- स्वास्थ्य क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रकाशनहरू,

यी विभिन्न सामग्रीका लागि ती कार्यालय, तिनका अधिकारी तथा कर्मचारीका वेबसाइट, सामाजिक सञ्जालजस्ता इन्टरनेटमा आधारित स्रोत अहिलेका सन्दर्भमा प्रभावकारी स्रोत हुन्छन् ।

## स्वास्थ्य र उपचार क्षेत्रका केही शब्दावली

स्वास्थ्य तथा उपचार क्षेत्रका सबै शब्दावलीको ज्ञान त पत्रकारलाई हुँदैन । त्यस्तो प्राविधिक विषयमा पूर्ण जानकारी पत्रकारले राख्न सक्दैन र राख्न आवश्यक पनि छैन । तर, यस क्षेत्रका आधारभूत शब्दावली भने जान्नैपर्छ । पहिले आफैंले बुझेमा मात्र नागरिकलाई स्पष्ट सूचना दिन सकिन्छ । उपचारमा प्रयोग हुने प्राविधिक शब्दावली, रोगका नाम, विशेषज्ञता क्षेत्रका नामजस्ता अनेक पक्षको जानकारी हुनु पत्रकारका सबल पक्ष हुन् ।

समग्र स्वास्थ्य क्षेत्रको अध्ययन एक समाचारदाताका लागि सम्भव छैन । स्वास्थ्य नीति, उपचार पद्धति, प्राविधिक प्रक्रिया एवं शब्दावलीको ज्ञान जटिल विषयसमेत हो, तर पनि यहाँ केही आधारभूत शब्दावली राखिएका छन्, जसको जानकारी यस क्षेत्रमा काम गर्ने समाचारदाताका लागि सहयोगी हुन सक्छ ः

**अक्सिजन** : रङ्गहीन, गन्धहीन ग्यास जसको जीवन बचाउन आवश्यक औषधिका रूपमा प्रयोग गरिन्छ।

**आईभीएफ** : एक चिकित्सा प्रक्रिया जसमा अन्डा शुक्राणुद्वारा परीक्षण ट्यूब वा शरीर बाहिर अन्य ठाउँमा निषेचित हुन्छ।

**इन्डोस्कोपी** : एक चिकित्सा प्रक्रिया जसमा विशेषज्ञले उपकरण प्रयोग गरेर बिरामीको आमाशयको भित्री भागको अवलोकन गर्छन्।

**इमर्जेन्सी वार्ड** : आकस्मिक उपचार कक्ष, जहाँ तत्कालै उपचार गर्नुपर्ने बिरामी पुऱ्याइन्छ।

**ईसीजी** : समयसँगै मुटु र यसको धड्कनमा हुने परिवर्तन देखाउने रेखा ग्राफ।

**एक्स–रे** : एक्स-रेलाई रेडियोग्राफ भनेर पनि चिनिन्छ। मेसिनका माध्यमबाट शरीरका भित्री अंग्रहरूको अवस्था हेर्ने विधि। क्षकिरण।

**एचआइभी** : (ह्युमन इम्युनोडिफिसियन्सी भाइरस) शरीरको प्रतिरक्षा प्रणालीमा आक्रमण गर्ने भाइरस।

**एचआइभी एड्स** : एचआईभीको उपचार नभएपछि निम्तिने समस्या एड्स (अक्वायर्ड इम्युनोडिफिसियन्सी सिन्ड्रोम)।

**एचडीयू** (**हाई डिपेन्डेन्सी युनिट**) : हाइ डिपेन्डेन्सी युनिट अर्थात् उच्च निर्भरता एकाइ। गम्भीर प्रकृतिका बिरामीको उपचार र अनुगमन तथा हेरचाह गर्ने विशेषज्ञ वार्ड/एकाइ।

**एन्जाइटी, डिप्रेसन** : चिन्ताका कारण मानिसमा उत्पन्न हुने मानसिक समस्या।

**एनेस्थेसिया** : बहोस बनाउने वा लट्याउने औषधिको प्रयोग।

**एमआरआई** : (म्याग्नेटिक रिसोनेन्स इमेजिङ) प्रविधिको प्रयोगबाट रोग पत्ता लगाउन गरिने एक प्रकारको परीक्षण विधि।

**ओपन–हार्ट सर्जरी** : हृदयमा देखिएको समस्या उपचारका लागि छाती खोलेर सीधा मुटुमा गरिने एक प्रकारको शल्यक्रिया।

**क्रिटिकल केयर युनिट** (**सीसीयू**) : हृदय रोग तथा लगातार निगरानी र उपचार आवश्यक पर्ने अन्य रोग भएका गम्भीर बिरामीको हेरचाह गर्ने विशेष वार्ड।

**क्लिनिकल ट्रायल** : स्वास्थ्यसम्बन्धी औषधी वा उपचार विधिको प्रभावमा केन्द्रित परीक्षण।

**गर्भावस्था** : शरीरभित्र अथवा पाठेघरमा भ्रूण वा बच्चाको विकास हुँदै गरेको अवस्था ।

**गर्भपतन** : गर्भाधानपछिको भ्रूणलाई पाठेघरबाट हटाउने कार्य ।

**टेस्ट ट्युब बेबी** : वैज्ञानिक प्रक्रियाद्वारा इन-भिट्रो निषेचन गराई अथवा पुरुष र महिलाबीचको यौन सम्बन्धविना नै अन्डा र शुक्राणु कोशिकाहरूबाट जन्मिएको बच्चा ।

**टेलिमेडिसिन** : दूर सञ्चार प्रविधि प्रयोग गरी चिकित्सकले भौतिक दूरीका बाबजुद सबै प्रकारका चिकित्सा, निदान र उपचारसम्बन्धी परामर्श सेवाहरू उपलब्ध गराउने सेवा ।

**डायलाइसिस** : मिर्गौलाले राम्ररी काम गर्न छाड्दा रगतबाट फोहोर पदार्थ र अतिरिक्त तरल पदार्थ हटाउने प्रक्रिया ।

**डीएनए** : कोशिकाभित्रका अणु जसले जीवको विकास र कार्यका लागि जिम्मेवार आनुवांशिक जानकारी समावेश गर्दछ ।

**डेन्टल** : दन्त चिकित्सा वा मुख चिकित्सा, जुन दाँत, गिजा र मुखको स्वास्थ्यमा केन्द्रित हुन्छ ।

**नवजात शिशु** : २८ दिनभन्दा कम उमेरको बच्चा ।

**प्रजनन स्वास्थ्य** : विश्व स्वास्थ्य संगठनका अनुसार प्रजनन स्वास्थ्य भनेको प्रजनन प्रणाली र यसका कार्य र प्रक्रियासँग सम्बन्धित सबै पक्षमा पूर्ण शारीरिक, मानसिक र सामाजिक कल्याणको अवस्था । प्रजनन प्रणाली र यसका कार्य प्रक्रियासँग सम्बन्धित पूर्ण शारीरिक र मानसिक स्वास्थ्यको अवस्था ।

**प्रसूति** : बालक जन्माउने प्रक्रिया, शिशु जन्माउँदा महिलाका शरीरमा हुने प्रक्रिया ।

**प्रसूति कक्ष** : बच्चा जन्माउनका लागि अस्पतालमा व्यवस्था गरिएको विशेष कक्ष ।

**पक्षाघात** : शरीरका केही वा सम्पूर्ण भाग कमजोर देखिने समस्या अर्थात् शरीरको पूरा वा आंशिक भाग चलाउने क्षमता गुमाउनु ।

**पीआईसीयू (पेडियाट्रिक आईसीयू)** : बाल चिकित्सा सघन कक्ष जहाँ बालबालिकाको हृदयको दर, श्वासप्रश्वास र रक्तचापको विशेष रूपमा हेरचाह गरिन्छ ।

**पीपीई** : कार्यस्थलमा गम्भीर चोटपटक वा संक्रमणबाट बच्न प्रयोग गरिने सुरक्षा सामग्री वा विशेष लुगा वा उपकरण । पर्सनल प्रोटेक्टिभ इक्विपमेन्ट ।

**पेशमेकर** : मुटुको धड्कन र लयको निगरानी गर्न शरीरमा प्रत्यारोपण गरिएको एक उपकरण ।

**फ्लु** : नाक, घाँटी र कहिलेकाहीं फोक्सोलाई पनि संक्रमित गर्ने इन्फ्लुएन्जा भाइरसले गर्दा हुने श्वासप्रश्वाससम्बन्धी रोग ।

**फूड पोइजन** : खानामा रहेको एक प्रकारको खाद्य विषाक्तता निम्त्याउने कीटाणु । यो खानामा परेपछि यसले शरीरमा छाड्ने विषाक्त पदार्थले मानिसलाई बिरामी पार्छ ।

**ब्याक्टेरिया** : एकल कोशिका सूक्ष्मजीवहरूको समूह । जीवाणु ।

**बहिरङ्ग सेवा (ओपीडी)** : बिरामीले चिकित्सकसँग प्रारम्भिक रूपमा लिने परामर्श र परीक्षणको चिकित्सकीय सेवा ।

**बायोप्सी** : रोगको उपस्थिति र कारण पत्ता लगाउन जीवित शरीरबाट केही तन्तु झिकेर गरिने परीक्षण । यो विशेषगरी क्यान्सर सेल भए/नभएको पत्ता लगाउन गर्ने गरिन्छ ।

**बाल मृत्यु** : पाँच वर्षमुनिका बालबालिकाको मृत्यु ।

**बाल मृत्यु दर** : पाँच वर्षमुनिका बालबालिकाको मृत्युको दर ।

**बुस्टर डोज** : पहिलो मात्राको भन्दा अझ बढी प्रभावकारिता बढाउन प्रयोग गरिने थप मात्राको खोप ।

**भाइरस** : भाइरस एक संक्रामक सूक्ष्म जीव वा निर्जीव वस्तु हो, जुन न्युक्लिक एसिडको एक भाग प्रोटिनले घेरिएको हुन्छ ।

**भेन्टिलेटर** : फोक्सोभित्र र बाहिर हावा फालेर श्वासप्रश्वासमा सहयोग गर्ने स्वास्थ्य उपकरण ।

**मंकीपक्स** : मंकीपक्स भाइरसका कारण हुने एक संक्रामक रोग ।

**मस्तिष्कघात** : रक्तसञ्चार प्रक्रिया अवरुद्ध हुँदा मस्तिष्कमा उत्पन्न हुने आघात या चोट । मस्तिष्कमा रहेको रक्तनली फुट्दा देखा पर्ने समस्या ।

**मातृ मृत्यु/मातृ मृत्यु दर** : गर्भावस्था वा प्रसवको जटिलताका कारण हुने आमाको मृत्युको संख्या र त्यस्तो मृत्युको दर ।

**ल्याब टेस्ट** : कुनै पनि रोग निदानका लागि प्रयोगशालामा गरिने परीक्षण ।

**शिशु मृत्यु, शिशु मृत्यु दर** : शिशु मृत्यु भनेको शिशु जन्मेको एक वर्षभित्रै हुने मृत्यु हो । शिशु मृत्यु दर कुनै एक वर्षमा जीवित जन्मेका प्रतिहजार शिशुमध्ये एक वर्ष नपुग्दै मर्ने शिशुको संख्या हो ।

**शैय्या** : अस्पताल भर्ना भएका बिरामीलाई स्वास्थ्योपचार गर्नका लागि दिइएको बेड ।

**स्तनपान** : शिशुलाई आमाको दूध खुवाउने कार्य ।

**स्तनपान कक्ष** : आमाले बच्चालाई स्तनपान गराउन सहज हुने गरी व्यवस्था गरिएको कक्ष ।

**सघन उपचार कक्ष (आईसीयू)** : गम्भीर प्रकृतिका बिरामीलाई विशेष निगरानीका साथ अलग्लै राखेर गरिने उपचार कक्ष ।

**संक्रमण** : शरीरमा कीटाणुहरूको आक्रमण र वृद्धि ।

**सिटी स्क्यान** : (कम्प्युटेड टोमोग्राफी स्क्यान) जसले रोगको निदान गर्न, उपचार योजना बनाउन वा उपचारले कत्तिको काम गरिरहेको छ भनी पत्ता लगाउन सजिलो बनाउँछ ।

**स्क्रिनिङ** : एक प्रकारको चिकित्सा परीक्षण । चिकित्सकले कुनै रोगको लक्षण देखिनुअघि रोग र स्वास्थ्य अवस्थाहरूको परीक्षण गर्न प्रयोग गर्छन् ।

**सर्जरी** : स्वास्थ्योपचारका लागि शरीरका कुनै भाग चिरफार गर्ने, हटाउने, टाल्ने वा शल्यक्रिया गर्ने प्रक्रिया ।

**हृदयाघात** : मुटुमा रक्त सञ्चार अवरुद्ध हुँदा देखिने मुटुसम्बन्धी समस्या ।

# संकटको सहारा सूचना र सञ्चार

**दीपक सापकोटा**

## विपद्को परिचय

कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैरप्राकृतिक संकट नै विपद् हो । सामान्यतः विपद् भनेको तीन अवस्थाको एकीकृत परिणाम हो- (१) प्रकोप सम्मुखता, (२) विद्यमान संकटासन्नता र (३) जोखिमका सम्भाव्य नकारात्मक परिणामहरूको सामना गर्न आवश्यक क्षमताको अपर्याप्तता । तसर्थ, प्राकृतिक प्रकोपलाई नै विपद् हो भनेर बुझ्नु सही हुँदैन ।

कुनै बस्ती नभएको स्थानमा पहिरो जान्छ भने त्यो प्रकोप भयो । तर कुनै बस्तीछेउमा पहिरो गएमा त्यसले विपद् निम्त्याउन सक्छ । मानिसको मृत्यु हुनु तथा चोटपटक वा रोगव्याधि लाग्नु, शारीरिक, मानसिक तथा सामाजिक अवस्थामा नकारात्मक प्रभाव पर्नु, धनमालको क्षति वा नोक्सानी हुनु, सेवा अवरुद्ध हुनु, सामाजिक तथा आर्थिक गतिरोध उत्पन्न हुनु एवं वातावरणीय ह्रास आउनु आदि विपद्का परिणाम हुन् ।

विपद्लाई आधारभूत रूपमा दुई समूहमा विभाजन गरेर बुझ्न सकिन्छ- प्राकृतिक विपद् र मानव-सिर्जित विपद् । प्राकृतिक विपद् भन्नाले प्राकृतिक कारणहरूले उत्पन्न हुने विपद्

भनेर बुझ्न सकिन्छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले बाढी, पहिरो/भू-स्खलन, भूकम्प, असिना, हिमपहिरो, हिमताल विस्फोट, अतिवृष्टि, अनावृष्टि, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, हिमपात, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न घटनालाई प्राकृतिक विपद्का रूपमा सूचीकृत गरेको छ।

गैरप्राकृतिक विपद्को समूहमा महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुंगीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकीरण चुहावट, ग्यास विस्फोट, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य पर्छन्।

## संक्षिप्त विकासक्रम

छापामाध्यमको विकाससँगै विपद् जोखिमका कारण हुने जनधनको क्षतिलगायतका विषय समाचारको हिस्सा बन्दै आएको पाइन्छ। ब्राजिलका मिसेल नेसिफ आन्तुनिस, सुजना दा सिल्भा पेरिरा, जोजे लुइस जिजेरी र अडाउटु एमरिस ओलिभाएराले पोर्चुगलको राजधानी लिस्वनबाट प्रकाशन हुने दैनिक पत्रिका *डियारो डि नोटिसियस*मा सन् १८६५ देखि सन् २०१५ सम्मको १५० वर्षभित्र प्रकाशित १० वटा ठूला विपद्का घटनाबारे अध्ययन गरेका छन् (आन्तुनिस, मिसेल नेसिफ र अरू सन् २०२२)। छापामाध्यममा अग्रणी देशहरूको इतिहास हेर्ने हो भने तिनमा विपद्का घटना समावेश भएको पाइन्छ।

यद्यपि, समयक्रममा प्रकोप र विपद्सम्बन्धी धारणा र ज्ञानमा भने परिमार्जन हुँदै आएको छ। सन् १९५० को दशकसम्म विपद्का घटनालाई दैवी प्रकोपका रूपमा लिइन्थ्यो। क्रमशः प्राकृतिक प्रकोपको प्रत्यक्ष सामना गर्न बलिया संरचना बनाउनुपर्छ भन्ने धारणा हुँदै मानवीय व्यवहारमा परिवर्तनको अवधारणा आयो। सन् १९९० पश्चात् भने विपद् जोखिमलाई प्राकृतिक प्रकोप, विकास तथा वातावरणसम्बन्धका रूपमा समग्रतात्मक अवधारणाबाट हेर्न थालिएको छ।

१९९० सालको भूकम्पको समाचारलाई *गोरखापत्र*ले प्रकाशन गरेको पाइन्छ। तत्कालीन मेजर जनरल ब्रह्मशमशेरको पुस्तक (जंगबहादुर राणा १९९१) मा भूकम्प जाँदाको अवस्था, जनधनको क्षति, उद्धार एवं राहतका प्रयासका साथै पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई पत्रकारले झैं रिपोर्टिङ शैलीमा अभिलेख गरिएको पाइन्छ। पुस्तकमा *विश्वमित्र* नामक पत्रिकाले लेखेको समाचारको पनि जिकिर गरिएको छ।

प्रजातन्त्रको पुनर्स्थापनापछि आम सञ्चार क्षेत्रमा भएको विकाससँगै २०४७ सालयता विपद्सम्बन्धी विषयहरू पनि पत्रकारिताका हिस्सा बनेका छन् । जलवायुजन्य विपद्का घटनाहरूको बढोत्तरीका साथै शहरीकरण तथा विकास निर्माणसँगै देखा पर्दै गएका प्रभावका कारण जनधनको क्षति बढ्दै गएको छ। सँगसँगै सबै खालका सञ्चारमाध्यमको 'स्पेश' मा पनि विपद् जोखिमसँग सम्बन्धित विषयवस्तुको पनि बढोत्तरी हुँदै गएको पाइन्छ।

अहिले आएर पत्रकारितामा विपद् जोखिमलाई अलग्गै विधाका रूपमा लिन थालिएको छ। खासगरी २०७२ वैशाखको भूकम्पले गरेको विनाश, त्यसपश्चात् राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना र पुनर्निर्माणका काम, २०७४ मा जारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र त्यही ऐनअनुसार स्थापित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठन जस्ता घटनाक्रमले विपद् जोखिमलाई नेपालको पत्रकारिता क्षेत्रमा अग्रभागमा ल्याउन मद्दत गरेका छन्।

## विपद् पत्रकारिता

विगतमा भएका, हाल भइरहेका र भविष्यमा हुन सक्ने विपद्जन्य घटनाहरूको संकलन तथा प्रस्तुति प्रक्रियालाई विपद् पत्रकारिता भन्न सकिन्छ। विपद् सञ्चारसम्बन्धी विभिन्न निर्देशिका तथा सन्दर्भ-सामग्रीहरूले विपद् मामिलासम्बन्धी पत्रकारिता गर्दा विगतका ठूला विपत्तिबारे जानकार हुनुपर्ने र त्यस्ता विपद्का शिक्षाहरूलाई पहिचान गर्नुपर्नेमा जोड दिएका छन्।

विपद् न्यूनीकरणका लागि संयुक्त राष्ट्रसंघद्वारा प्रकाशित पुस्तिका (लियोनी, ऱ्याडफोर्ड, सुलमन र अरू सन् २०११) मा पत्रकारहरूले विपद्का घटना र तिनका प्रभावको व्याख्या मात्र गरेर नहुने, बरु विपद्का कारणका बारेमा समाचार लेख्नुपर्ने सुझाइएको छ। पुस्तकले विपद् जोखिम व्यवस्थापनका नीति तथा अभ्यासहरूले संकटासन्नताको आयाम, सामनाको क्षमता, समुदायको सम्मुखता, प्रकोपहरू एवं वातावरणीय चरित्रहरूको पनि ख्याल गर्नुपर्ने सेन्डाइ फ्रेमवर्कको पहिलो प्राथमिकतालाई जोड दिएको छ।

विपद् मामिला पत्रकारिताले राजनीतिक निर्णयहरूलाई प्रभावित बनाउन, मानिसहरूको रबैयामा परिवर्तन ल्याउन र मानिसको अमूल्य जीवन जोगाउन सक्छ। त्यसकारण यो मानवीय कार्य पनि हो। यो पत्रकारिताले चेतावनी तथा सन्देशहरू प्रवाह गर्न, जीवन बचाउने सूचनाहरूको स्रोतका रूपमा मात्र होइन, समाधानका उपाय खोज्न पनि केन्द्रीय भूमिका खेल्छ।

त्यसो भए विपद् पत्रकारिता र अरू पत्रकारितामा के फरक छ त ? खासै छैन । अन्य पत्रकारिता जस्तै यसमा पनि 'पाँच डब्लु र एच' को नियम पालना गर्नुपर्छ । के भएको हो, हाल के हुँदै छ ? विपद् घटना कहाँ भएको छ ? विपद् अवस्था कहिले उत्पन्न भएको हो ? को-को यसबाट प्रभावित भएका छन् ? यस्तो अवस्था किन र कसरी आयो ? विपद्सँग जुध्न मानिसले के गरिरहेका छन् ? यससँग सम्बन्धित निकाय कुन-कुन हुन् र ती के गर्दैछन् ? यी प्रश्नहरूका जवाफ नै विपद् पत्रकारितामा खोजिने हो ।

समाचार भरपर्दा स्रोत एवं तथ्यमा आधारित र सन्तुलित हुनुपर्छ । विपद्सम्बन्धी सञ्चार सामग्री अलि विस्तारमा हुनुपर्ने भएकाले वर्णनात्मक लेखन यसका लागि उपयुक्त हुन्छ । विपद् पत्रकारिता विपद्का घटना हुनुअघि नै शुरू हुन्छ । विपद् पत्रकारिताका विभिन्न चरण छन्- विपद्अघि, विपद्काल र विपद्पश्चात् पुनर्स्थापना र पुनर्निर्माणमा । सबै चरणमा रिपोर्टिङ आवश्यक हुन्छ । र, सबैभन्दा महत्त्वपूर्ण कुरा, विपद् मामिला भनेको विपद् प्रतिकार्य मात्र होइन ।

## विपद् पत्रकारिताको महत्त्व

विपद् पत्रकारिताको मुख्य उद्देश्य मानिसको ज्यान र भौतिक सम्पत्ति जोगाउन सहयोग गर्नु हो । पत्रकारिताका माध्यमबाट समयमै सूचना दिन सकियो भने त्यसले मानिसको सम्पत्ति र जीवन पनि जोगाउन सक्छ । सही र सामयिक सूचना विपद्सँग जुध्ने महत्त्वपूर्ण औजार हो । सही सूचनाले विपद् प्रभावितलाई आवश्यक परेको राहतको जानकारी मात्र दिँदैन, ती कुरा पुऱ्याउने निकाय तथा व्यक्तिलाई पनि उपयुक्त आवश्यकताका बारेमा थाहा हुन्छ ।

विपद्का समयमा सही सूचना तथा सञ्चार हुन सकेन भने जनधनको थप क्षति हुने र समस्या अझ बढ्ने जोखिम हुन सक्छ । विपद्सम्बन्धी सूचनाले अस्तव्यस्त हुन पुगेको जीवनलाई सहजतातर्फ लैजान त सहयोग गर्छ नै; विपद्पश्चात्को पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई पनि प्रभावकारी बनाउन मद्दत गर्छ । विपद् पत्रकारिता विपद् जोखिम न्यूनीकरणको महत्त्वपूर्ण अवयव हो, जसले मानिसहरूको विपद् जोखिमप्रतिको दृष्टिकोण निर्माण हुन र विपद् पूर्वतयारी र प्रतिकार्यसम्बन्धी उनीहरूका क्रियाकलापलाई प्रभावित गर्न भूमिका खेल्छ ।

विपद्सम्बन्धी सबै खालका सरकार तथा सरकारी निकाय, यससम्बन्धी सरोकार राख्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था तथा नागरिक समाजका विभिन्न तप्काबीच सम्बन्ध कायम गर्न पनि विपद् पत्रकारिता आवश्यक पर्छ । यसले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समुदायका साथै नागरिकको सहभागिता तथा जिम्मेवारीलाई पनि प्रोत्साहित गर्दछ ।

## योग्यता र सीप

सबैजसो पत्रकारिताका लागि आवश्यक पर्ने योग्यता र सीप विपद् पत्रकारिता गर्नका लागि पनि आवश्यक पर्छ । यद्यपि, विपद् असामान्य परिस्थिति हो र यससँग सम्बन्धित पत्रकारिता गर्नका लागि पत्रकारमा केही विशेष गुण आवश्यक पर्छ ।

अस्तव्यस्त एवं तनावपूर्ण अवस्था तथा कोलाहलमा पनि काम गर्न सक्ने शारीरिक तथा मानसिक तन्दुरुस्ती र इच्छाशक्ति यसका लागि महत्त्वपूर्ण शर्त हुन् । खासगरी विपद्का घटना भएका बेला विपद् प्रभावित क्षेत्रमा पुग्नुपर्ने तथा प्रभावितसँग कुराकानी गर्नुपर्ने हुनाले त्यस्ता क्षेत्रमा यात्रा गर्न सक्ने खुबी तथा प्रभावितहरूका कुरा सक्रियतापूर्वक सुन्न सक्ने धैर्य अनिवार्य हुन्छ ।

विपद्सम्बन्धी आधारभूत ज्ञान एवं विज्ञानप्रतिको रुचिले यस मामिलाको रिपोर्टिङ गर्न सहज गराउँछ । विपद् मामिला विश्वव्यापीदेखि स्थानीयसम्मका, मानवअधिकारदेखि सांस्कृतिकसम्मका मामिला भएकाले ती सबैको गाम्भीर्य र संवेदनशीलताबारे सचेत हुनुपर्छ । विपद्ले महिला, बालबालिका, अपांगता भएका नागरिक, विपन्न, विकट क्षेत्रका नागरिक ज्यादा प्रभावित हुने भएकाले उनीहरूका मुद्दा तथा चासोका बारेमा विशेष ख्याल गर्न सक्नुपर्छ ।

यसका साथै उच्च मनोबल, मानवीय कर्म गर्ने अठोट, धैर्य र अध्ययनशीलता पनि विपद् मामिला पत्रकारमा आवश्यक पर्छ । विपद् जोखिमसम्बन्धी अध्ययन सामग्री, नवीन बहस तथा शब्दावली अंग्रेजीमा बढी हुने भएकाले यससम्बन्धी अंग्रेजी भाषाको ज्ञान हुँदा विश्वव्यापी बहसमा अद्यावधिक हुन तथा रिपोर्टिङ गर्न सहज हुन्छ ।

## विशिष्ट शब्दावली

विपद् जोखिमसम्बन्धी अध्ययन सामग्रीको अध्ययन गर्दा स्वाभाविक रूपमा यससम्बन्धी विशिष्ट शब्दावलीबारे जानकारी हुनैपर्छ । नेपाल सरकारले तयार गरेको एक प्रकाशनका आधारमा त्यस्ता केही शब्दावली संकलन गरी यहाँ प्रस्तुत गरिएको छ (नेपाल सरकार २०७२) :

**अनुकूलन (Adaptation)** : वास्तविक वा अपेक्षित जलवायु अदलबदल वा त्यसको प्रत्यक्ष प्रभावका कारण प्राकृतिक वा मानव प्रणालीमा हुने समायोजन । यस्तो अदलबदल या समायोजनले हानि-नोक्सानी कम गर्न र प्राप्त अवसरलाई आफ्नो हितमा प्रयोग गर्न मद्दत पुऱ्याउँछ ।

**अल्पीकरण (Mitigation)** : प्रकोप तथा तद्जन्य विपद्का प्रतिकूल असरलाई कम गर्ने वा सीमित तुल्याउने कार्यविधि ।

**उत्थानशीलता (Resilience)** : प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित क्षमता जसले प्रकोपका असरहरूलाई समयमै प्रभावकारी ढंगले प्रतिरोध, शमन वा समायोजन गर्नुका साथै पूर्ववस्थामा फर्कन समर्थ गराउँछ । यसअन्तर्गत आधार भूत संरचना वा सेवा प्रणालीको संरक्षण एवं पुनर्स्थापनालगायत पर्छन् ।

**जलवायु परिवर्तन (Climate Change)** : जलवायुको अवस्थामा दशकौं वा सोभन्दा लामो अवधिसम्म कायम हुने वा भइरहने त्यस्ता परिवर्तन जसलाई तथ्यांक विश्लेषणका माध्यमबाट औसत मानमा हुने परिवर्तनको परिमाणद्वारा पहिचान गर्न सकिन्छ । आन्तरिक प्राकृतिक प्रक्रिया वा बाह्य कारकतत्त्व वा मानवजन्य क्रियाकलापले वायुमण्डलको बनोट तथा भू-उपयोगमा ल्याउने ठोस परिवर्तनका कारण जलवायु परिवर्तन हुन सक्छ ।

**जोखिम (Risk)** : कुनै पनि प्रकोप घटनाको सम्भाव्यता र त्यसका नकारात्मक परिणामहरूको समग्र अवस्था ।

**जोखिम हस्तान्तरण (Risk Transfer)** : कुनै खास जोखिमका वित्तीय परिणाम वा असरहरूलाई औपचारिक वा अनौपचारिक ढंगले एक पक्षबाट अरू पक्षमा स्थानान्तरण गर्ने प्रक्रिया । यसअन्तर्गत परिवार, समुदाय, व्यवसाय वा राज्यका निकायले अर्को पक्षलाई निरन्तर वा क्षतिपूर्तिका रूपमा दिइएको सामाजिक तथा वित्तीय लाभको सट्टामा विपद् घटनापश्चात् दोस्रो पक्षबाट यथोचित सहायता प्राप्त गर्न सक्छन् ।

**पूर्व-चेतावनी प्रणाली (Early Warning System)** : सम्भावित हानि-नेक्सानी एवं क्षति कम गर्न जोखिम क्षेत्रमा रहेका व्यक्ति, समुदाय एवम् संघसंस्थालाई पूर्वतयारीमा रहन र समयमै उपयुक्त ढंगले कार्य गर्न आवश्यक पर्ने सूचना/पूर्वचेतावनी दिने प्रणाली ।

**पूर्वानुमान (Forecast)** : कुनै निश्चित क्षेत्रमा निकट भविष्यमा प्राकृतिक प्रकोपका घटना हुन सक्छ वा त्यस्ता घटना हुन सक्ने अवस्था छ भनी व्यक्त गरिएको निश्चयात्मक कथन वा तथ्यांकमा आधारित अनुमान ।

**प्रकोप (Hazard)** : त्यस्ता डरलाग्दा परिघटना, तत्त्व, मानव क्रियाकलाप वा परि स्थिति जसले जनधनको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्यसम्बन्धी असर, जीविकोपार्जन तथा सेवाहरूमा हानि र व्यवधान, सामाजिक तथा आर्थिक गतिरोध वा वातावरणीय ह्राससमेत निम्त्याउँछ ।

**प्रतिकार्य (Response)** : विपद् घटना भइरहेका बेला र तत्काल घटनापश्चात् मानिसको जीवन रक्षा गर्न मानव स्वास्थ्यमा पर्न सक्ने असर न्यून गर्न र आम नागरिकलाई सुरक्षाको प्रत्याभूति दिनुका साथै प्रभावित व्यक्ति वा समुदायका लागि आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने अवस्था सुनिश्चित गर्ने आपत्कालीन सेवा र सार्वजनिक सहायताका व्यवस्थाहरू ।

**प्रबलीकरण (Retrofitting)** : विद्यमान संरचनालाई प्रकोपका घातक असरहरू प्रतिरोध गर्न सक्ने वा तीप्रति उत्थानशील रहन सक्ने ध्येयले अवलम्बन गरिने सबलीकरण वा गुणस्तरोन्नति गर्ने पद्धति ।

**प्राकृतिक प्रकोप (Natural Hazards)** : प्राकृतिक प्रक्रिया वा घटना जसका कारण जीउधनको नोक्सानी हुनुका साथै जीविकोपार्जनका उपाय तथा सेवामा क्षति पुग्छ, चोटपटक लाग्ने तथा स्वास्थ्यसम्बन्धी अन्य असर देखा पर्छ एवं सामाजिक तथा आर्थिक गतिरोध उत्पन्न हुन्छ ।

**पूर्वतयारी (Preparedness)** : सम्भावित सन्निकट वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असरहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, पेशागत/व्यावसायिक प्रतिकार्य तथा पुनर्लाभ संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता ।

**विपद् जोखिम (Disaster Risk)** : कुनै खास समुदाय अथवा समाजमा भविष्यमा हुन सक्ने जनधन, जीविकोपार्जन, स्वास्थ्यलगायत अन्य सेवामा विपद्बाट हुन सक्ने सम्भाव्य क्षति ।

**विपद् जोखिम व्यवस्थापन (Disaster Risk Management)** : प्रकोपका प्रतिकूल असर एवं विपद् सम्भावना कम गर्ने ध्येयका साथ तय गरिएका रणनीति, नीति तथा सामना-क्षमता अभिवृद्धिका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रशासनिक निर्देशन, सांगठनिक संरचना एवं व्यावहारिक सीप तथा क्षमता प्रयोग गर्ने व्यवस्थित प्रक्रिया ।

**विपद् जोखिम न्यूनीकरण (Disaster Risk Reduction)** : प्रकोप सम्मुखता र जनधनको संकटासन्नता न्यूनीकरण, भूमि तथा वातावरणको बुद्धिमत्तापूर्ण व्यवस्थापन, प्रतिकूल अवस्थाका लागि सुदृढ पूर्वतयारीलगायतका व्यवस्थित प्रयत्नद्वारा विपद् जोखिम न्यून गर्ने अवधारणा एवं अभ्यास ।

**हरितगृह ग्यासहरू (Greenhouse gases)** : पृथ्वीको वायुमण्डलमा रहेका ती प्राकृतिक

एवम् मानवनिर्मित ग्यासहरू जसले पृथ्वी सतह, स्वयं वायुमण्डल वा बादलद्वारा उत्सर्जित तापीय अवरक्त विकिरण सोस्ने र उत्सर्जन गर्ने गर्छन् ।

**संकटासन्नता (Vulnerability)** : कुनै समुदाय, कार्य प्रणाली वा जायजेथामाथि प्रकोपका असरहरू प्रत्यक्ष पर्न सक्ने अवस्था वा परिवेश ।

**सम्मुखता (Exposure)** : प्रकोप प्रभाव क्षेत्रमा अवस्थित भएका कारण सम्भाव्य क्षति व्यहोर्ने अवस्थामा रहेका मानिस, धनमाल, संयन्त्र या अन्य तत्त्व ।

## स्थलगत रिपोर्टिङ

विपद् पत्रकारिताका क्रममा कुनै रिपोर्टलाई पूर्णता प्रदान गर्नका लागि घटनास्थलमा पुगेर आफ्नै आँखाले मानवीय संकट देख्नु तथा प्रभावितहरूसँग कुरा गर्नु अनिवार्य हुन्छ । यो कार्य विपद् पत्रकारिताका सबै चरणमा आवश्यक पर्छ । इन्टरन्यूजद्वारा प्रकाशित पाकिस्तानमा मानवीय रिपोर्टिङसम्बन्धी हाते किताबले फिल्डमा जानुअघि तयारी तथा रिपोर्टिङलाई पूर्ण बनाउन आफैंसँग सोध्नुपर्ने १० वटा आधारभूत प्रश्नहरू सूचीकृत गरेको छ (इन्टरन्यूज सन् २०१०) ।

त्यसअनुसार पत्रकारले घटनास्थलमा सकेसम्म छिटो पुग्ने कोसिस गर्नुपर्छ । सकेसम्म धेरैजनासँग कुरा गर्नुपर्छ, अरूका कुरा सुन्नुपर्छ । कुराकानी तथा अन्य विवरणको व्यवस्थित टिपोट गर्नुपर्छ । प्रभावितसँग कुराकानी गर्दा उनीहरू आवेगमा आउन सक्छन्, समूहमा बोल्न डराउन सक्छन् । त्यस अवस्थामा एकान्तमा बसेर कुराकानी गर्नु राम्रो हुन्छ । पत्रकारको सोध्ने शैली तथा चालढालले प्रभावितलाई असर पार्न सक्ने भएकाले उनीहरूको आत्मसम्मानमा चोट पुग्न नदिन सचेत रहनुपर्छ । प्रभावितप्रति समानुभूति देखाउनुपर्छ । सान्त्वना दिनुपर्छ, ज्यादा भावुक हुनबाट बच्नुपर्छ । अनावश्यक आश्वासन दिनु हुँदैन । 'तपाईंलाई कस्तो लागेको छ ?' जस्ता प्रश्न कदापि सोध्नु हुँदैन ।

विपद्ले महिला, केटाकेटी, अपांगता भएकाहरूलाई अलग्गै खालको प्रभाव वा थप समस्या परेको हुन सक्छ, त्यसैले उनीहरूका विचार बुझ्न जरुरी हुन्छ । केटाकेटीसँग कुराकानी गर्नुअघि उनीहरूका अभिभावकको स्वीकृति लिनुपर्छ । कतिपय समुदायका महिला परपुरुषसँग कुराकानी गर्न अप्ठ्यारो मान्छन् । यस्तो अवस्थामा परिवारका अन्य सदस्यको सहयोग लिन सकिन्छ । कुराकानी अन्त्य गर्दा प्रभावितलाई सान्त्वना मिलेको होस् भन्नेमा कोसिस गर्दा उत्तम हुन्छ । अवस्थाअनुसार पीडितसँग हात मिलाउन वा अन्य अभिवादन साटासाट गर्न सकिन्छ वा चाँडै उद्धार तथा राहत मिलोस् भनेर कामना गर्न सकिन्छ । विपद्घटनालगत्तै उद्धारकै चरणमा स्थलगत रिपोर्टिङ गर्दा उद्धारमा अवरोध

नपुगोस् भन्नेमा सचेत हुन जरुरी छ । २०७९ माघ १ मा पोखरामा यति एयरलाइन्सको हवाईजहाज दुर्घटना हुँदा विपद्स्थलमा भएको भीडभाडले उद्धारमा समस्या परेको गुनासो उद्धारकर्ताबाट आएको सन्दर्भ स्मरणीय छ ।

स्थलगत रिपोर्टिङका क्रममा पत्रकार स्वयंको सुरक्षा पनि महत्त्वपूर्ण हुन्छ । फिल्डमा जानुअघि नै जोखिम आकलन गरेर मात्र विपद्ग्रस्त क्षेत्रमा प्रस्थान गर्नुपर्छ । सकेसम्म दुई वा सोभन्दा बढी पत्रकार मिल्नु र नियमित तथा आपत्कालीन औषधि, खानेकुरा, पानी, छाता वा बर्सादी, सुरक्षा सामग्रीसहित जानु राम्रो हुन्छ । त्यसैगरी, यात्राका क्रममा होस् वा रिपोर्टिङका क्रममा होस्, थप जोखिमको निरन्तर आकलन गरिरहनुपर्छ र सम्पादक एवं परिवारका सदस्यहरूसँग नियमित सम्पर्कमा रहनुपर्छ ।

विपद्ग्रस्त स्थान कुनै पनि बेला द्वन्द्वग्रस्त क्षेत्रमा परिणत हुन सक्ने भएकाले उद्धारमा संलग्न सुरक्षाकर्मी तथा स्वयंसेवकले पहिचान गर्न सकून् भनेर पत्रकारले 'प्रेस' लेखिएको ज्याकेट लगाउनु राम्रो हुन्छ । सम्भव भए जीपीएस, स्याटेलाइट फोनलगायतका अत्यावश्यक सामान साथमा हुनुपर्छ । हिँड्न तथा दौडन सजिलो हुने खालका कपडा र जुत्ता लगाउनु उपयुक्त हुन्छ । अमेरिकाको न्युयोर्कमा कार्यालय रहेको अन्तर्राष्ट्रिय संस्था कमिटी टु प्रोटेक्ट जर्नलिस्टले फिल्ड जानुअघि बीमा गरेर मात्र जान पत्रकारलाई सुझाव दिएको छ भने फ्रान्सको राजधानी पेरिसमा मुख्यालय रहेको प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय संस्था रिपोर्टर्स विदाउट बोर्डर्सले पत्रकारहरूको सुरक्षासम्बन्धी स्रोत पुस्तिका नै तयार गरेको पाइन्छ (रिपोर्टर्स विदाउट बोर्डर्स् सन् २०१५) ।

## सान्दर्भिकता र आम चासोका लागि

विपद् जोखिमसम्बन्धी रिपोर्टहरूलाई थप सान्दर्भिक बनाउन विपद्को पृष्ठभूमि एवं विपद्का कारण र प्रभाव समावेश गर्न सकिन्छ । यसअघि सोही स्थानमा अथवा उस्तै खालका विपद्का घटना भएको भए सोको सन्दर्भ र त्यसबाट प्राप्त सिकाइ पनि यस उद्देश्यका लागि सहायकसिद्ध हुन्छन् ।

विपद्सँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, रणनीति, कार्ययोजना, कार्यढाँचा, प्राथमिकता आदि समावेश गर्दा प्राज्ञिक पाठक, श्रोता तथा दर्शकको ध्यान खिच्न मद्दत पुग्छ । विपद् व्यवस्थापनका लागि भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासले पनि समाचारलाई थप रुचिकर बनाउँछन् । त्यसैगरी, जलवायु परिवर्तनलगायतले मानव जातिको अस्तित्त्वमाथि नै चुनौती निम्त्याएको तथ्यगत रिपोर्ट पनि ध्यान तान्न योग्य हुन सक्छ ।

विपद् व्यवस्थानका मुद्दाहरूसँग सम्बन्धित समाचार तथा रिपोर्टहरू प्रभावितका लागि मात्र नभएर अन्य सरोकारवालाका लागि पनि सान्दर्भिक हुन्छन् । उदाहरणका लागि पुनर्स्थापना तथा पुनर्निर्माणको आगामी बाटो के हुन सक्छ भन्ने विषय । प्रभावितका आवश्यकता तथा अपेक्षा समेटिएको रिपोर्टले सरकार, सरोकारवाला निकाय वा अन्य निकायलाई पृष्ठपोषण प्रदान गर्छ । विपद् मामिला रिपोर्टिङलाई पनि फोटा, इन्फोग्राफिक्स, रेखाचित्र, तालिका तथा ग्राफ राखेर आकर्षक बनाउन सकिन्छ । श्रव्य-दृश्यमा एनिमेटेड सामग्रीले थप रुचिकर बनाउन सहयोग गर्छ ।

विपद् मामिलासम्बन्धी विषय मूलतः रूखो हुन्छ । मानिसको मृत्यु तथा घाइते भएको, धनसम्पत्तिको नाश भएको तथा मानिसहरूको उठिबास भएका घटनाका समाचारलाई आम चासो र पठनीय बनाउन मेहनत गर्नैपर्छ । मानवीय रुचिमा ध्यान दिइएका स्थलगत रिपोर्टिङ, विपद् न्यूनीकरण तथा व्यवस्थापनका सफलताका कथाले धेरै मानिसको ध्यान तान्छ ।

रङ, आवाज, भावना तथा क्रियाकलाप आदिको मसिनो विवरणले पनि रिपोर्टलाई रोचक बनाउँछ । यस्ता रिपोर्टमा स्थानीय समुदायको सामना क्षमता, उत्थानशीलता र असल अभ्यासले अन्यत्रका समुदायलाई आकर्षित गर्न सक्छ । कुनै एक स्थानमा हुन सक्ने वा भएका विपद्ले अन्य क्षेत्रका समुदायलाई कसरी असर पार्न सक्छ भन्नेबारे उल्लेख गर्दा पनि त्यसले ध्यान तान्न सक्छ । तराईमा सुक्खा पर्दा त्यसले कसरी अन्न उत्पादनमा कमी ल्याउँछ र अन्ततः काठमाडौंलगायतका ठूला शहरमा खाद्यान्नको मूल्यवृद्धिमा प्रभाव पर्छ भन्ने कुरा यसको उदाहरण हुन सक्छ ।

## समाचार तथा सूचनाका स्रोत

विपद् समाचारका लागि यससम्बन्धी सरकारी पदाधिकारी, विज्ञ, यस क्षेत्रका अगुवा एवं स्थानीय समुदाय नै सूचनाका स्रोत हुन् ।

सरकारी स्रोत व्यक्तिका हकमा नेपालमा संघीयदेखि स्थानीय तहसम्मका पदाधिकारी एवं संघीय सरकारका प्रतिनिधि आधिकारिक हुन् । प्रधानमन्त्री अध्यक्ष रहने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, गृहमन्त्री अध्यक्ष रहने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण पनि आधिकारिक सूचनाका स्रोत हुन् । त्यसैगरी, सबै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेशको आन्तरिक मामिलासम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति रहन्छ ।

यसअलवा, ७७ जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति छन् । सबै पालिका प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति रहन्छन् । यी सबै औपचारिक रूपमा सूचनाका स्रोतव्यक्ति हुन् । सबै तहमा 'विपद् फोकल पर्सन' पनि रहन्छन् ।

नेपालमा विपद्सम्बन्धी मामिला संघीय तहमा गृह मन्त्रालय र प्रदेश तहमा आन्तरिक मामिला मन्त्रालयले हेर्छन् । यसका साथै नेपाली सेना, नेपाल प्रहरी एवं सशस्त्र प्रहरी बल पनि विपद् मामिलासँग जोडिएका हुन्छन् । यी सबै निकायमा विपद्सम्बन्धी एकाइ छन् ।

यसका साथै, वातावरण र जलवायु परिवर्तनका विषयमा भएका कामको नेतृत्व गर्नका लागि प्रधानमन्त्री अध्यक्ष र गृहमन्त्री उपाध्यक्ष रहने 'वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्' को व्यवस्था छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखको अध्यक्षतामा विपद् क्षेत्रमा काम गर्ने संस्थाहरूको साझा मञ्चका रूपमा विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय मञ्च (एनपीडीआरआर) २०६५ देखि क्रियाशील छ। रेडक्रस, राष्ट्र संघीय निकायहरूलगायतका संघीय, प्रादेशिक तथा स्थानीय तहमा दर्जनौं गैरसरकारी संस्था पनि यस क्षेत्रमा क्रियाशील छन् ।

## जनसम्पर्क विस्तार

विपद्का घटना हुनुअघि नै विज्ञ एवं तिनको विज्ञताको जानकारी राख्ने र सम्पर्कमा बस्ने गरेमा विपद्का घटना हुँदा रिपोर्टिङ गर्न सहज हुन्छ । पूर्वसूचना प्रणाली, शहरी जोखिम, जलवायु परिवर्तन, वातावरणीय विनाश तथा विकाससम्बन्धी विज्ञहरू, राष्ट्रिय तथा उपलब्ध भए क्षेत्रीय मौसम विज्ञान विभागका अधिकारीहरू, विपद्सम्बन्धी फोकल पर्सनहरूको सम्पर्क सूची बनाइराख्नु राम्रो हुन्छ । विपद् हेर्ने निकायहरूसँग नियमित भेटघाट तथा ती निकायले आयोजना गरेका कार्यक्रममा सहभागी हुने, तिनका प्रकाशन संकलन गर्ने, ईमेलबाट प्राप्त हुने बुलेटिनको ग्राहक बन्ने उपाय उत्तम हुन्छ ।

अन्तर्राष्ट्रिय सूचनाका स्रोतका लागि इन्टरनेट भरपर्दो माध्यम हो । स्थापित अन्तर्राष्ट्रिय समाचार एजेन्सी तथा सञ्चारमाध्यम अन्य देशमा भएका विपद्का घटनाका स्रोत हुन् । त्यसैगरी, विपद् मामिलासम्बन्धी संयुक्त राष्ट्रसंघीय निकाय यूएनडीआरआर, यूएनडीपी, रेडक्रस, रेडक्रेसेन्ट, विश्व बैंक, विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका वेबसाइट तथा प्रकाशनबाट सूचना तथा तथ्यांक प्राप्त गर्न सकिन्छ ।

देशभित्र हुने विपद्का घटनासँग मिल्दाजुल्दा अन्तर्राष्ट्रिय घटनालाई राष्ट्रिय मिडियामा सान्दर्भिक बनाएर प्रस्तुत गर्दा उपयुक्त हुन्छ । जलवायु परिवर्तनका घटनाले नेपाललाई नै आक्रान्त पारेकाले यससम्बन्धी गतिविधि सामग्री पनि रुचिकर हुन सक्छन्, जस्तै– राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप), एसिया प्यासिफिक मन्त्रीस्तरीय सम्मेलन आदि । यी सबैका अलवा अन्य देशमा भएका असल अभ्यास, रैथाने ज्ञान, नयाँ आविष्कार तथा नवप्रवर्तनहरू पनि यस मामिलाका सान्दर्भिक सामग्री हुन सक्छन् ।

## विधि व्यवस्था र विषय

नेपालको संविधानमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विषयमा विभिन्न भाग, धारा र अनुसूचीमा उल्लेख गरिएको छ । संविधानको भाग ४ धारा ५१'छ' मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने उल्लेख छ ।

संविधानको अनुसूची ७ ले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ । अनुसूची ८ मा विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत छ । त्यसैगरी अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा समेत विपद् व्यवस्थापनलाई समेटेको छ ।

संविधानको यही भावनाअनुसार २०७४ कात्तिक ५ गते तत्कालीन अन्तरिम व्यवस्थापिका-संसद्द्वारा जारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन कार्यान्वयनमा छ । सबै प्रदेशले प्रदेशस्तरको विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न ऐन जारी गरेका छन् । बागमती प्रदेश सभाले २०७५ असोज ४ गते प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ जारी गरेको छ । स्थानीय तहहरूले पनि आफ्नो आवश्यताअनुसार ऐन जारी गर्न सक्छन् । कतिपय स्थानीय तहले यस्ता ऐन जारी गरिसकेको देखिन्छ ।

## नीतिगत निगरानीका विषय

नेपाल जलवायुजन्यलगायतका विपद् जोखिमको अग्रस्थानमा छ । जलवायु परिवर्तनले त्यस्तो जोखिमलाई झन् बढाइरहेको छ । त्यसकारण, जोखिमको स्तरअनुसार जोखिम व्यवस्थापनका लागि स्पष्ट नीतिगत व्यवस्था, बलियो संस्थागत संरचना, पर्याप्त बजेट आदिबारे पैरवी गर्नुपर्ने देखिन्छ । केही वर्षअघि गठित हाल गृह मन्त्रालयमातहत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अधिकार तथा

साधनस्रोतले सम्पन्न बनाएर द्रूत गतिमा काम गर्ने अर्धस्वायत्त निकायका रूपमा विकास गर्नका लागि पनि सञ्चारमाध्यमको भूमिका हुन्छ।

यसका लागि जलवायु परिवर्तनको विषय पनि हेर्ने गरी ऐन संशोधन गर्नुपर्ने हुन्छ। यस्तै खालको संरचना राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकिएको समयमा लगभग सबैजसो काम गरेको थियो । अधिकारसम्पन्न प्राधिकरण बनाउँदा त्यस्तो निकायलाई आपत् कालीन खरिद गर्ने तथा आवश्यकताअनुसार दक्ष जनशक्ति भर्ना गर्न सक्ने अधिकार पनि दिनका लागि वकालत गर्न सकिन्छ।

पत्रकारहरूले विपद् जोखिम कम गर्न भवनसंहिताको पूर्ण पालना गर्न खासगरी स्थानीय तहलाई प्रोत्साहित गर्न सक्छन् । भविष्यमा हुनसक्ने कुनै पनि विपद्बाट निजी आवासलगायत विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालयहरूमा क्षति नपुगोस् भनेर प्रबलीकरणलगायतका कार्यक्रम अगाडि बढाउन पैरवी गर्नुपर्ने देखिन्छ। मानिसको जीवन र सम्पत्ति जोगाउन क्षति न्यूनीकरणका उपायहरूमा बजेटको उल्लेख्य हिस्सा लगानी गर्न सबै तहका सरकारलाई सकारात्मक दबाब दिनुपर्ने देखिएको छ।

संविधानले विपद् व्यवस्थापनलाई मूलतः स्थानीय तहको जिम्मेवारी मानेको छ। साथै तीनै तहको साझा सूचीमा पनि छ। एकातिर ठूला विपद्का घटना स्थानीय तह आफैंले सम्हाल्न नसक्ने अवस्था छ भने अर्कातिर सबै तह त्यस काममा लाग्नुपर्ने अवस्था पनि छ। कति क्षति हुँदा स्थानीय तहले, कति प्रदेशले र कति संघीय सरकारले हेर्ने भनेर सम्भव भएसम्म ऐनमा नै प्रस्टरूपमा उल्लेख गर्नुपर्ने देखिन्छ। यसका अलवा वीमासम्बन्धी नीति लागू गराउन, विपद्मा 'इन्सिडेन्ट कमान्ड प्रणाली', पूर्वचेतावनी प्रणालीको व्यवस्थित कार्यान्वयन जस्ता नीतिगत विषयमा कलम चलाउनुपर्ने आवश्यकता पनि छ।

## महत्त्वपूर्ण नीति तथा प्रतिवेदन

राष्ट्रिय स्तरमा यसअघि उल्लेख गरिएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार तयार विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१७-सन् २०३०, राष्ट्रिय भवनसंहिता-१०५ केही महत्त्वपूर्ण नीति हुन् । हरेक वर्ष गृह मन्त्रालयले तयार गर्ने नेपाल विपद् प्रतिवदेन सरकारको आधिकारिक दस्तावेज हो।

अन्तर्राष्ट्रिय स्तरमा सन् २०१५ मार्चमा संयुक्त राष्ट्रसंघका नेपाललगायत १८७ सदस्य राष्ट्रहरूद्वारा तेस्रो विश्व विपद् न्यूनीकरण सम्मेलनमा पारित विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० अर्को महत्त्वपूर्ण दस्तावेज हो । यसले विपद्

जोखिम तथा क्षति न्यूनीकरणका लागि ४ प्राथमिकता प्राप्त क्षेत्रहरू तथा ७ विश्वव्यापी लक्ष्यहरू निर्धारण गरेको छ ।

त्यसैगरी दिगो विकास लक्ष्य २०१५-२०३०, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, आवास र दिगो शहरी विकासका लागि संयुक्त राष्ट्र सम्मेलन (Habitat III) केही महत्त्वपूर्ण छन् । यसका अलवा राष्ट्रसंघीय निकाय खासगरी यूएनडीआरआर तथा यूएनडीपीका प्रतिवेदन, हरेक वर्ष हुने राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप) का घोषणापत्र तथा निर्णयहरू, आईएफआरसीले हरेक दुई वर्षमा प्रकाशन गर्ने विश्व विपद् प्रतिवेदन (World Disaster Report), विश्व बैंकलगायतले समय-समयमा निकाल्ने प्रतिवेदनहरू, हरेक वर्ष प्रकाशित हुने विश्वव्यापी जलवायु जोखिम सूचकांक (Global Climate Risk Index) उल्लेखनीय छन् ।

## सम्भावित उपलब्धि वा प्राप्त हुने अवसर

नेपालमा विपद् मामिलाको बीट रिपोर्टिङ धेरैजसो वन तथा वातावरण बीटसँग जोडिएर हुने गरेको छ । तसर्थ, जलवायु परिवर्तनलगायत वन तथा वातावरणसँग सम्बन्धित विषयवस्तुमा पुरस्कार तथा फेलोसिपका अवसर छन् । वन तथा वातावरण मन्त्रालयले उत्कृष्ट वातावरण पुरस्कार प्रदान गर्दै आएको छ । विश्व वन्यजन्तु कोष (डब्लूडब्लूएफ) नेपालले संरक्षण पुरस्कार दिने गरेको छ, जसमा जलवायु परिवर्तनका नकारात्मक असरलगायतका विषयमा कलम चलाएका पत्रकार पनि पुरस्कृत भएका छन् । नेपाल वातावरण पत्रकार समूहले पनि हरेक वर्ष वातावरण पत्रकार पुरस्कार वितरण गर्दै आएको छ ।

यूएनडीपी, प्राक्टिकल एक्सन नेपाल, द थर्ड पोललगायतले पनि रिपोर्टिङका लागि फेलोसिप प्रदान गर्छन् । विपद्सम्बन्धी उत्कृष्ट रिपोर्टिङ गर्न सक्दा पत्रकारितासँग सम्बन्धित सरकारी तथा गैरसरकारी पुरस्कारका लागि पत्रकारहरू स्वाभाविक हकदार हुन सक्छन् ।

क्षेत्रीय स्तरमा सिंगापुरस्थित इन्स्टिच्युट अफ पोलिसी स्टडिजले हरेक वर्ष प्रदान गर्ने एसिया जर्नलिज्म फेलोसिपमा विपद्, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी रिपोर्टिङ गर्ने नेपालका पत्रकारहरूले पनि मौका पाएका छन् । सरकारी तथा गैरसरकारी निकायहरूले हरेक वर्ष हुने जलवायु सम्मेलनमा केही पत्रकारलाई सहभागी हुन सहयोग पनि गर्दै आएका छन् ।

विपद् मामिलासम्बन्धी पत्रकारितामा नै विशिष्टीकरण गरेर पत्रकारिताको मूल प्रवाहमा स्थापित हुन सक्ने भविष्य पनि देखिएको छ । नेपालका सञ्चारमाध्यमले यसलाई अलगै

बीटका रूपमा लिन थालिसकेका छन् । ठूला अन्तर्राष्ट्रिय समाचार एजेन्सी वा सञ्चार गृहले यसलाई अलग्गै बीटका रूपमा विकास गरिसकेका छन् । उदाहरणका लागि, *बीबीसी*मा ग्लोबल इन्भाइरोमेन्ट संवाददाताका रूपमा नेपाली पत्रकार पनि कार्यरत छन् । सबैजसो जलवायुजन्य विपद्का अतिरिक्त बढ्दो शहरीकरण एवं आद्यौगीकरणले निम्त्याइरहेको मानवसिर्जित विपद्का जोखिमहरूका कारण आगामी दिनमा यससम्बन्धी बीट रिपोर्टिङ झन्झन् महत्त्वपूर्ण हुँदै जाने देखिन्छ ।

## समस्या र चुनौती

विपद् जोखिम तुलनात्मक रूपमा कठिन तथा ठूलो क्षेत्र भएको मामिला हो । करिब चार दर्जन प्रकोप सूचीकृत छन् । जलवायु परिवर्तनले थप समस्या निम्त्याउन थालेको र यससम्बन्धी रिपोर्टिङका लागि साधनस्रोत पनि धेरै लाग्ने भएकाले सञ्चारमाध्यमहरूका प्राथमिकतामा पर्ने क्षेत्र होइन । यो विषय राज्यका निकायहरू मात्र होइन, समुदायको स्तरमा पनि विपद् समयमा कोलाहलपूर्ण चासो रहने र अन्य समयमा प्राथमिकतामा नपर्ने प्रवृत्ति छ ।

यससम्बन्धी रिपोर्टिङ आफैंमा कठिन कार्य हो । पीडामा रहेका नागरिकका बारेमा समाचार लेख्नुपर्ने अवस्था आउँछ । आँखैअगाडि मानिसहरू तड्पिइरहेका र छट्पटाइरहेका हुन सक्छन् । विपद्का घटना प्रायः अप्रत्यासित हुने भएकाले बीट पत्रकार सदैव सतर्क बस्नुपर्ने हुन्छ । कतिपय अवस्थामा विपद्मा परेकालाई उद्धार गर्ने कि रिपोर्टिङ गर्ने भन्ने द्विविधा हुन्छ । विपद्मा पत्रकारले कर्तव्य निर्वाह गर्दा उद्धारलगायतमा समस्या परेको गुनासो सुन्नुपर्ने हुन सक्छ । यस मामिलामा अन्य विधाको तुलनामा अवसर कम छन् । विषयविज्ञ सीमित छन् । तनावपूर्ण र छोटो 'डेडलाइन' मा काम गर्नुपर्ने दबाब हुन्छ ।

## प्रभाव र दबाबबाट मुक्ति

विपद् मामिला पत्रकारिताका क्रममा पनि सूचनाका स्रोतका रूपमा रहेका शक्तिशाली व्यक्ति तथा संस्थाहरूको प्रभावबाट मुक्त रहनु अनिवार्य हुन्छ । विपद्का घटनाअगाडि पर्याप्त पूर्वतयारी नभएका तथा पूर्वतयारीका लागि आवश्यक बजेट व्यवस्था नभएका कारण जोखिम ज्यादा भएको हुन सक्छ । विपद् भएमा विपद्अघि स्थानीय तह, प्रदेश वा संघीय निकायले पूर्वतयारी तथा पूर्वयोजना गरेका थिएनन् भन्ने समाचार नआओस् भन्ने ती तहका अधिकारीहरूको अपेक्षा हुन्छ । त्यसनिम्ति उनीहरूले प्रलोभन वा धम्कीको सहारा लिन सक्छन् ।

विपद्का घटना भएपश्चात् त्यस्ता कमजोरी लुकाउने प्रयास हुन सक्छ । निजी घरहरूको क्षति भएमा सम्बन्धित अधिकारीहरूले निजी आवासको नक्सा पास गर्दा भएको

कमजोरीको जिम्मेवारी नलिने, एकअर्कालाई दोष देखाउने गर्न सक्छन् । सार्वजनिक संरचना निर्माण गर्ने ठेकेदारले गुणस्तर कायम नगर्दा भएका क्षतिबारे नलेख्न दबाब दिने, लेखेमा धम्की दिने हुन सक्छ ।

टर्कीमा २०७९ माघको अन्तिममा गएको भूकम्पबाट धेरै भवन ढलेपछि ती भवनसंहिता पालना नगरिएको आशंकामा निर्माणसँग सम्बन्धित दर्जनौंलाई गिरफ्तार गरिएको र सयौंविरुद्ध वारेन्ट जारी गरिएको समाचार आए । नेपालमा पनि त्यस्तो भएमा कमजोर संरचना बनाएको वा भवनसंहिता पालना नभएको सम्बन्धी समाचार नलेख्न दबाब पर्न सक्छन् ।

## विशेष आचरण र आचारसंहिता

नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले जारी गरेको आचारसंहिताको पालना गर्नु पत्रकारको दायित्व हो ।

विपद् समयमा मानिसहरूको ज्यान गएको, घाइते भएको अथवा भौतिक क्षति भएको हुन सक्छ । त्यस्तो अवस्थामा प्रभावित समुदायहरूसँग कुरा गर्दा उनीहरूको आत्मसम्मान र मर्यादाको ख्याल गर्नु अनिवार्य हुन्छ ।

उदाहरणका लागि २०७२ वैशाख १२ को भूकम्पलगत्तै रिपोर्टिङ गर्न आएका केही भारतीय टेलिभिजन पत्रकारहरूले देखाएको असंवेदनशील रबैयाको आलोचना भएको थियो । उक्त रबैयाविरुद्ध #GoHomeIndianMedia भनेर सामाजिक सञ्जालमा अभियान मात्र चलेन, भारतमै पनि भारतीय मिडियाको आलोचना भयो (डे सन् २०१५) ।

रिपोर्टिङ गर्दा मानिसको जीवनलाई सबैभन्दा ज्यादा प्राथमिकता दिनुपर्छ भने पीडित तथा प्रभावितका बारेमा तथ्यपरक र निष्पक्ष समाचार प्रकाशन तथा प्रसारणमा विशेष ध्यान दिनुपर्छ । पाठक तथा दर्शकलाई विचलित गराउन सक्ने वीभत्स देखिने तस्वीर तथा भिडियो प्रकाशन तथा प्रसारण गर्नु हुँदैन । समाचारले पीडित वा तिनका परिवारलाई थप पीडा दिने अवस्था बन्नु हुँदैन ।

विपद्सम्बन्धी रिपोर्टिङ गर्दा तथ्य राख्नुपर्छ तर त्यसो गर्दा सनसनी फैलाउने कोसिस गर्नु हुँदैन । 'अहिलेसम्मको ठूलो भूकम्प' अथवा 'यो दशककै भयावह बाढी' जस्ता विशेषण प्रयोग गर्दा त्यसले भय र त्रास सिर्जना गर्न सक्छ । मृत्यु, घाइते अथवा बेपत्ताका नाम लेख्दा पटक-पटक निश्चित गर्नुपर्छ । तस्वीर तथा भिडियो लिनुअघि परिवारको अनुमति लिनु अझ राम्रो हुन्छ ।

त्यस्तै, केही वा थोरै घटनालाई आधार बनाएर सामान्यीकरण गर्दा समाचारको पूर्ण सत्यता स्थापित गर्न कठिन हुन्छ। नकारात्मक वा ठूलो जनसमूहलाई असर गर्न सक्ने समाचार हो भने अझ धेरै मानिससँग कुराकानी गर्नुपर्ने हुन सक्छ। तथ्यांक तथा अध्ययनका निष्कर्षहरू उधृत गर्दा विश्वसनीय स्रोतलाई मात्र गर्नुपर्छ। सूचना साँचो र वैज्ञानिक ज्ञानमा आधारित हुनुपर्छ। यसबाट स्वयं पत्रकार र मिडियाको विश्वसनीयता बढ्छ।

## केही सन्दर्भ स्रोत

विपद्सम्बन्धी अनगिन्ती सन्दर्भ स्रोत उपलब्ध छन्। विभिन्न भाषामा पुस्तक, पत्रपत्रिका, जर्नल, प्राज्ञिक तथा व्यावसायिक अनुसन्धान तथा अध्ययन प्रतिवेदन, लामा तथा छोटा चलचित्र, वृत्तचित्रका साथै विभिन्न वेबसाइटमा पनि यससम्बन्धी जानकारी पाइन्छ। तीमध्ये केही सामग्रीलाई यहाँ सूचीबद्ध गरिएको छ :

**पुस्तक**


- *डेटलाइन पृथ्वी : प्रकृतिप्रति जिम्मेवार पत्रकारिता।*

  दीक्षित, कुन्द। २०८०। काठमाडौं : जगदम्बा प्रकाशन।

- *पुनर्निर्माणका अनुभव र सिकाइ*

  राष्ट्रिय पुनर्निर्माण प्राधिकरण। २०७८। काठमाडौं : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण।

- *Building Back Better After the 2015 Nepal Earthquake: Laying the Foundation for Resilience* Chandra Bahadur Shrestha. 2022. Singapore : Springer.

- *Know Risks United Nations.* 2015. UNISDR (United Nations International Strategy for Disaster Reduction Secretariat).

- *Natural Hazards, UnNatural Disasters:* The Economics of Effective Prevention World Bank, United Nations. 2010. World Bank.


**जर्नल**


- *विकास*। राष्ट्रिय योजना आयोगको प्रकाशन।

- *Geographical Journal of Nepal,* an annual publication of the Central Department of Geography, Tribhuvan University.

- *International Journal of Disaster Risk Reduction (IJDRR)*, an on-line plenary academic journal published by Elsevier Ltd.
- *International Journal of Disaster Risk Management (IJDRM)*, a double-blind peer-reviewed (twice a year), open-access journal published by Scientific-Professional Society for Disaster Risk Management, Belgrade, Serbia.
- *International Journal of Disaster Risk Science (IJDRS)*, a fully sponsored, peer-reviewed open access journal published by Springer.
- *Progress in Disaster Science*, a Gold Open Access journal focusing on integrating research and policy in disaster research published by Elsevier Ltd.

**अध्ययन प्रतिवेदन**

- *Nepal Disaster Reports, World Disaster Reports, Reducing Disaster Risk: A Challenge for Development* UNDP. 2004.UNDP.
- *Natural Disaster Data Book 2021*

  ADRC. 2022. Asian Disaster Reduction Center.
- *Disaster Risk Reduction and Management in Nepal: Delineation of Roles and Responsibilities*

  Dinanath Bhandari, Sanchita Neupane, Peter Hayes, Bimal Regmi and Phil Marker. 2020. Oxford, U.K. : Oxford Policy Management Limited. Available at https://www.opml.co.uk/files/Publications/a1594-strengthening-the-disaster-risk-response-in-nepal/delineation-of-responsibility-for-disaster-management-full-report-english.pdf?noredirect=1; accessed June 8, 2023.
- *Disaster Management System in Nepal-Policy Issues and Solution*s

  Tuladhar, Ganga Lal Tuladhar. 2012. The Journal of Risk Analysis and Crisis Response, 2(3), p. 166-172. DOI: 10.2991/jrarc.2012.2.3.2;, Available at https://www.dpnet.org.np/uploads/files/Disaster%20Management%20System%20in%20Nepal%20-%20Policy%20Issues%20and%20Solutions%202021-08-08%2007-45-02.pdf; accessed June 8, 2023.

**चलचित्र**

- बसाइँ (लीलबहादुर क्षेत्री 'बसाइँ' उपन्यासमा आधारित नेपाली चलचित्र),
- हिन्दी भाषाका- कड्वी हावा (सन् २०१७), जल (सन् २०१४), भोपाल एक्स्प्रेस (सन् १९९९), शेरदिल (सन् २०२२), कार्बन : द स्टोरी अफ टुमरो (सन् २०१७),
- अंग्रेजी भाषाका - The day after tomorrow (2004), Don't Look Up (2021), Snowpiercer (2014), The Day the Earth Stood Still (2008), 2040 (2019).

**वृत्तचित्र**

- Before the flood (2016); An Inconvenient Truth (2006); A Life on Our Planet (2020); Chasing Ice (2012); I Am Greta (2020); Re-mothering the Land (2021); Anthropocene: The Human Epoch (2018); How to Let Go of the World and Love All the Things Climate Can't Change (2016); Eating Our Way to Extinction (2021).

**वेबसाइट**

moha.gov.np; www.bipad.gov.np; bipadportal.gov.np; drrportal.gov.np; www.dhm.gov.np; www.seismonepal.gov.np; www.dpnet.org.np; www.undrr.org; www.un.org/climatechange.index; www.preventionweb.net; www.reliefweb.int; www.gfdrr.org/gfdrr; www.undp.org; www.worldbank.org/en/home; www.adrc.or.jp.

## सन्दर्भ–सामग्री


जङ्गबहादुर राणा, ब्रह्मशमशेर । १९९१ । *नेपालको महाभूकम्प (१९९० साल)* । काठमाडौं : सहयोगी प्रेस ।

नेपाल सरकार । २०७२ । *विपद् जोखिम न्यूनीकरणसम्बन्धी शब्दावली* । काठमाडौं : गृह मन्त्रालय ।

प्रेस काउन्सिल नेपाल । २०७६ । *पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६)* । काठमाडौं : प्रेस काउन्सिल नेपाल । *https://www.presscouncilnepal.gov.np/np/2019/09/24/2476/* मा उपलब्ध; जेठ २५, २०८० मा हेरिएको ।

Antunes, Michele Nacif, Susana da Silva Pereira, José Luis Zêzere and Adauto Emmerich Oliveira. Disaster Journalism in Print Media: Analysis of the Top 10 Hydrogeomorphological Disaster Events in Portugal, 1865–2015. *International Journal of Disaster Risk Science* 13, 521–535 (2022). https://doi.org/10.1007/s13753-022-00425-2

De, Shobha. 2015. #GoHomeIndianMedia - What Went Wrong in Nepal. ndtv. Available at https://www.ndtv.com/opinion/gohomeindianmedia-what-went-wrong-in-nepal-760375; accessed June 8, 2023.

Internews. 2010. *Humanitarian Reporting Journalists Handbook Pakistan.* Available at https://internews.org/wp-content/uploads/legacy/resources/HumanitarianReporting_JournalistsHandbook_Pakistan_.pdf; accessed 8 June, 2023.

Leoni, Brigitte, Tim Radford, Mark Schulman, et al. 2011. *Disaster Through a Different Lens : Behind Every Effect, There is a Cause.* United Nations. Available at https://www.unisdr.org/files/20108_mediabook.pdf; accessed June 8, 2023.

Reporters Without Borders. 2015. *Safety Guide for Journalists : A Handbook for Reporters in High-Risk Environments.* Paris : Reporters Without Borders. Available at https://rsf.org/sites/default/files/guide_journaliste_rsf_2015_en_0.pdf; accessed June 8, 2023.

Sariyuce, Isil. 2023. Turkey arrests nearly 200 people over alleged poor building construction following quake tragedy. Available at https://edition.cnn.com/2023/02/26/europe/turkey-earthquake-arrests-intl/index.html; accessed on June 8, 2023.

United Nations. *Sendai Framework for Disaster Risk Reduction 2015–2030.* United Nations Office for Disaster Risk Reduction. Available at https://www.undrr.org/publication/sendai-framework-disaster-risk-reduction-2015-2030#; accessed June 8, 2023.

# न्यायिक शक्ति-सम्बन्ध नै मूल आधार

**कपिल काफ्ले**

विश्वमा पत्रकारिता युद्ध र व्यापारका समाचारका साथ उदाएका कारण मानवअधिकार यसको पहिलो रोजाइको विषय बनेको थिएन। युद्धले मानवअधिकारलाई क्षति पुऱ्याउँछ भन्ने सत्य बुझ्न पनि विश्वले दोस्रो विश्वयुद्ध पर्खिनुपऱ्यो। त्यसैले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएकै समयदेखि मानवअधिकार पत्रकारिता शुरू भयो भन्नु उपयुक्त हुन्छ।

समाजले जुन विषयलाई महत्त्व दिन्छ, त्यसलाई नै समाचार बनाउने पत्रकारिताको धर्मअनुसार सञ्चारमाध्यममा यसले महत्त्व पाउन थालेको बुझ्न गाह्रो छैन। संयुक्त राष्ट्रसंघले मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ नै पछ्याउँदै सन् १९६६ मा एकसाथ दुई महासन्धि पारित गऱ्यो- एउटा- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि र अर्को- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि। स्वभावतः राष्ट्रसंघका गतिविधि समाचारका विषय हुने नै भए। आम व्यक्तिका लागि चासो हुने मानवका अधिकार र कर्तव्यका विषयमा बुझ्न र बुझाउन पनि यो आवश्यक भयो। यही आवश्यकता पूर्तिका लागि मानवअधिकार विधा हेर्ने गरी प्रकाशन-प्रसारण गृहहरूले पत्रकार खटाएको देखिन्छ।

इब्राहिम सिगा श (२०१२) का अनुसार, पछिल्लो समयमा मानवअधिकार पत्रकारिताले दुई पक्षमा ध्यान दिएको छ, पहिलो- मानवअधिकार उल्लंघन र दोस्रो- वाक्

स्वतन्त्रता । मानवअधिकारका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रावधान र अभ्यासलाई आधार मानेर गर्ने पत्रकारितामा मानवअधिकारको विश्वव्यापी घोषणापत्र आधार स्तम्भका रूपमा रहेको छ ।

मानवअधिकारमा आधारित पत्रकारिताको अवधारणाको लक्ष्य मानव-मानवबीचको असमानता, विभेद र अन्यायपूर्ण शक्ति सम्बन्धका विषयमा कलम चलाउनु हो । भौतिक तथा मानवीय विकासका हरेक पक्षमा न्यायिक शक्ति सम्बन्धको आधारभूत भूमिका हुने सिद्धान्तमा आधारित रहेर गरिने पत्रकारिता नै मानवअधिकार पत्रकारिता हो । 'पत्रकारितासँग मानवअधिकार क्षेत्रको सम्बन्ध निकट र कार्यात्मक' (खनाल, योगी र घिमिरे सन् २००२ : ४९) हुँदा नै मानवअधिकारको संरक्षण तथा संवर्द्धन हुन सक्छ ।

## मानवअधिकारको विकासक्रम

मानवअधिकारका आधार स्तम्भ अथवा स्रोतका रूपमा धार्मिक ग्रन्थ र मानव संस्कारलाई लिइन्छ । विभिन्न सन्दर्भमा व्यक्त भएका धार्मिक तथा सामाजिक नियमकै आधारमा मानवअधिकारका आधुनिक प्रावधान तयार भएका हुन् । यसको ऐतिहासिक औपचारिक विकासका कुरा गर्दा म्याग्नाकार्टाको स्मरण गर्नुपर्छ ।

**मानवअधिकारको शुरूवात, म्याग्नाकार्टा (सन् १२१५)** : राजा र शासक वर्गबाट जारी हुने कानूनभन्दा माथि केही शाश्वत प्राकृतिक कानून छन्, जसको संरक्षण पाउने अधिकार सबै मानवले राख्छन् र त्यसबाटै सबै शासकको मूल्यांकन हुन्छ भन्ने तर्कको आरम्भ म्याग्नाकार्टाबाट भएको थियो । सन् १२१५ सम्म बेलायतका सबै कानून अलिखित थिए । 'बेलायती इतिहासको सबैभन्दा प्रभावशाली कानूनी दस्तावेज' (जोनसन)[१] मानिने म्याग्नाकार्टा नै बेलायतको इतिहासमा पहिलो लिखित कानूनी दस्तावेज थियो । त्यसमा निम्न कुरालाई जोड दिइएको थियो :

- ऐन बनाउने अधिकार संसद्लाई मात्र हुनुपर्ने ।
- संसद् अधिवेशन नियमित रूपमा बोलाउनुपर्ने ।
- संसद्को स्वीकृतिबेगर राजाले कुनै पनि कर लगाउन नपाउने ।
- कानूनको सर्वोच्चता हुनुपर्ने ।

---

१. म्याग्ना कार्टाबारे थप जानकारीका लागि हेर्नुहोस् - https://www.parliament.uk/about/living-heritage/evolutionofparliament/originsofparliament/birthofparliament/overview/magnacarta/#:~:text=Magna%20Carta%20was%20issued%20in,as%20a%20power%20in%20itself; असार १८, २०८० मा हेरिएको ।

- स्वतन्त्र न्याय व्यवस्था हुनुपर्ने ।
- कुनै पनि व्यक्तिलाई कानूनबमोजिम बाहेक थुनामा राख्न नपाइने ।

**अधिकार–पत्र** (**सन् १६२८**) : सत्रौं शताब्दीको प्रारम्भमा निरंकुश शासकको विरुद्धमा बेलायती जनताले चलाएको आन्दोलनको परिणामस्वरूप न्यायाधीशको पहलमा यो अधिकार-पत्र जारी गरिएको थियो ।

यसले मूलतः निम्न कुरामा जोड दिएको थियो :

- मनोमानी किसिमले बन्दी बनाउन नपाइने ।
- शान्तिको समयमा सैनिक कानूनको प्रयोग अवैधानिक हुने ।
- नागरिकको व्यक्तिगत घरमा सैनिक प्रयोग गैरकानूनी हुने ।

**बन्दी प्रत्यक्षीकरण ऐन** (**सन् १६४० र १६४९**) : बेलायती संसद्ले मानवअधिकार मामिलामा थप प्रयास गऱ्यो । राजा जनतालाई अधिकार दिन चाहँदैनथे भने संसद् सधैं मौलिक अधिकारका पक्षमा थियो ।

यसैकारण बन्दी प्रत्यक्षीकरण ऐन, १६४० र १६४९ जारी गरियो । यसले कानूनविपरीत थुनामा राख्न नपाइने र राजाले स्वेच्छिक जमानत तोक्न नपाइने कुरामा जोड दिएको थियो ।

**अधिकार विधेयक (Bill of Rights)** (**सन् १६८९**) : बेलायतमा भएको गौरवमय क्रान्तिको परिणामस्वरूप जारी भएको बिल अफ राइट्स १६८९ लाई दोस्रो म्याग्नाकार्टा पनि भनिन्छ ।

यसले खासगरी निम्न पाँच विषयमा जोड दिएको थियो– कानूनको समानता, संसदीय कानूनको सर्वोच्चता, संसद्को स्वीकृतिविना कर उठाउन नपाइने, क्रूर र निर्दयतापूर्वक यातना दिन नहुने र व्यक्तिलाई सम्पत्तिसम्बन्धी स्वतन्त्रता हुने ।

**रुजबेल्ट घोषणा** : अमेरिकी ३२ औं राष्ट्रपति (सन् १९३३-१९५४) फ्र्याङ्क्लिन डेलानो रुजबेल्टले सन् १९४१ मा गरेको घोषणा पनि मानवअधिकारको पृष्ठभूमिका रूपमा रहेको छ ।

यस घोषणापत्रमा मूलतः यी चार पक्षमा जोड दिइएको थियो– वाक् स्वतन्त्रता, आस्थाको स्वतन्त्रता, डरबाट मुक्ति र अभावबाट मुक्ति । यी प्रावधानलाई सन् १९४५ मा संयुक्त राष्ट्रसंघको बडापत्रमा समावेश गरिएको थियो ।

## मानवअधिकारको विश्वव्यापी घोषणापत्र

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ पत्रकारले पढ्नैपर्ने सामग्री हो । यसैको जगमा मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय संयन्त्र बनेका छन् । दोस्रो विश्वयुद्धमा पाँच करोडभन्दा बढी व्यक्तिले ज्यान गुमाएपछि अप्राकृतिक रूपमा कसैको ज्यान जाने अवस्था नआओस् भन्ने अभिप्रायले संयुक्त राष्ट्रसंघको पहलमा १९४८ डिसेम्बर १० का दिन घोषणा गरिएको ऐतिहासिक दस्तावेज मानवअधिकारको विश्वव्यापी घोषणापत्रका नामले प्रसिद्ध छ ।

यसको प्रस्तावनामा भनिएको छ :

> मानव परिवारका सबै सदस्यमा अन्तरनिहित प्रतिष्ठा तथा अविच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकाले,
>
> मानवअधिकारप्रति अवहेलना र अनादरको परिणामस्वरूप मानव जातिको अन्तस्करणलाई नै आहत गर्ने बर्बतापूर्ण काम भएका र मानव जातिले आस्था राख्न पाउने, वाक् स्वतन्त्रताको उपयोग गर्ने तथा भय र अभावबाट मुक्तिको उपभोग गर्न पाउने आकांक्षा आम व्यक्तिमा रहेकाले,
>
> अत्याचार र दमनविरुद्ध अन्तिम उपायका रूपमा विद्रोह गर्न मानिसलाई बाध्य नगराउन कानूनी शासनद्वारा मानवअधिकार संरक्षण गर्न अत्यावश्यक भएकाले,
>
> राष्ट्रहरूबीच मैत्रीपूर्ण सम्बन्ध प्रवर्द्धन गर्न अत्यावश्यक भएकाले,
>
> संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रका जनताले बडापत्रमा मौलिक मानवअधिकारहरूमा व्यक्तिका प्रतिष्ठा तथा मूल्यमा र महिला तथा पुरुषका समान अधिकारमा आफ्नो विश्वास प्रकट गरेको र सामाजिक प्रगति र राम्रो जीवनस्तर प्रवर्द्धन गर्न उनीहरू दृढ भएकाले,
>
> सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसंघसँगको सहयोगमा मानवअधिकार र मौलिक स्वतन्त्रताको पालना तथा प्रवर्द्धन गर्न प्रतिज्ञा गरेकाले र
>
> यस प्रतिज्ञाको पूर्ण प्राप्तिका लागि यी अधिकार र स्वतन्त्रताको साझा बोध सर्वोत्तम महत्त्वका विषय भएकाले, महासभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई सबै जनता र सबै राष्ट्रले हासिल गर्ने एक साझा मापदण्डका रूपमा घोषणा गर्दछ ।

सो घोषणापत्रका विभिन्न धारामा मानवका विभिन्न अधिकारलाई सूचीबद्ध गरिएको छ । तिनलाई यहाँ हेर्न सकिन्छ :

धारा १ : प्रत्येक व्यक्ति स्वतन्त्र छ। सबै व्यक्तिसँग समान व्यवहार गरिने छ।

धारा २ : वर्ण, लिंग, जात र भाषाका आधारमा कसैलाई पनि भेदभाव गरिने छैन।

धारा ३ : प्रत्येक व्यक्तिको बाँच्न पाउने अधिकार हुन्छ।

धारा ४ : कसैलाई पनि बाँधा वा दास बनाउन पाइने छैन।

धारा ५ : कसैलाई पनि यातना दिइने छैन। कसैसँग पनि अमानवीय व्यवहार गरिने छैन।

धारा ६ : कानूनको नजर र प्रयोगमा सबै व्यक्ति समान हुनेछन्।

धारा ७ : कानून सबैका लागि बराबर हुनेछ। व्यवहारमा कानूनको समान रूपमा प्रयोग गरिने छ।

धारा ८ : हरेक व्यक्तिलाई राष्ट्रिय अदालतसम्म पुग्ने अधिकार हुनेछ।

धारा ९ : कसैलाई पनि मनोमानी ढंगबाट देश निकाला गरिने छैन। कसैलाई पनि स्वेच्छाचारी रूपमा गिरफ्तार गरिने छैन वा नजरबन्दमा राखिने छैन।

धारा १० : सबैलाई स्वच्छ र निष्पक्ष न्यायको अधिकार हुनेछ।

धारा ११ : अदालतबाट अभियोग प्रमाणित नहुञ्जेल कुनै पनि व्यक्तिलाई निर्दोष ठान्नुपर्छ।

धारा १२ : कुनै पनि व्यक्तिका घरपरिवार र पत्र व्यवहारमा मनोमानी ढंगबाट आघात पुऱ्याइने छैन।

धारा १३ : प्रत्येक व्यक्तिलाई देशको सीमाभित्र निर्बाध घुमफिर गर्न पाउने अधिकार छ।

धारा १४ : प्रत्येक व्यक्तिलाई अर्को देशमा राजनीतिक शरण माग्ने अधिकार छ।

धारा १५ : प्रत्येक व्यक्तिलाई राष्ट्रको नागरिकताको अधिकार छ।

धारा १६ : हरेक व्यक्तिलाई विवाह गर्ने र परिवार बसाउने हक छ।

धारा १७ : हरेक व्यक्तिलाई एक्लै वा अरूसँग मिलेर सम्पत्ति आर्जन गर्ने अधिकार छ।

धारा १८ : हरेक व्यक्तिलाई आफूले रोजेको धर्म पालना गर्न पाउने अधिकार छ।

धारा १९ : प्रत्येक व्यक्तिलाई विचारको स्वतन्त्रता र विचार प्रकाशनको अधिकार छ।

धारा २० : हरेक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले सभा-सम्मेलनको आयोजना गर्ने वा त्यस्तो सभामा सहभागी हुने अधिकार छ।

धारा २१ : हरेक व्यक्तिलाई स्वतन्त्र र निष्पक्ष आवधिक निर्वाचनमार्फत देशको शासनमा भाग लिने अधिकार छ।

धारा २२ : सबैलाई सामाजिक सुरक्षाको अधिकार छ।

धारा २३ : हरेक व्यक्तिलाई उपयुक्त ज्याला र राम्रो वातावरणमा काम गर्न पाउने तथा ट्रेड युनियन खोल्ने अधिकार छ।

धारा २४ : हरेक व्यक्तिलाई कामपछि आराम गर्ने र बिदा लिने अधिकार छ।

धारा २५ : आफ्नो र परिवारका लागि स्तरीय मानवोचित जीवनयापनका लागि आधारभूत स्वास्थ्य सुविधालगायत मानवीय आवश्यकता प्रत्येक व्यक्तिलाई उपलब्ध हुनुपर्छ।

धारा २६ : हरेक व्यक्तिलाई शिक्षाको अधिकार छ।

धारा २७ : हरेक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार छ।

धारा २८ : मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित व्यक्तिका अधिकार उपलब्ध गराउन अन्तर्राष्ट्रिय व्यवस्था गरिएको छ।

धारा २९ : हरेक व्यक्तिले अरूका अधिकारको सम्मान गर्नुपर्छ। सामाजिक जीवनमा बाँधिएका आफ्ना कर्तव्यप्रति प्रतिबद्ध भए मात्र स्वतन्त्र र पूर्ण व्यक्तित्वको विकास सम्भव छ।

धारा ३० : कुनै पनि व्यक्ति र राष्ट्रलाई मानवअधिकारको विश्वव्यापी घोषणाको गलत व्याख्या गर्ने अधिकार छैन।

## मानवअधिकारसम्बन्धी ठूला महासन्धि

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र**, १९६६ (**आईसीसीपिआर**) : मानवअधिकारको विश्वव्यापी घोषणापत्र आएको १८ वर्षपछि दुईवटा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र आए। त्यसमध्ये एक हो- आईसीसीपिआर। यस प्रतिज्ञा-पत्रमा प्रत्याभूत गरिएका मुख्य अधिकार देहायबमोजिम छन् :

- आत्मनिर्णयको अधिकार।
- भेदभावविरुद्धको अधिकार।
- नर-नारीको समान अधिकारको सुनिश्चितता।
- संकटकालमा मानवअधिकार।

- बन्देज, सीमांकन र नियन्त्रणविरुद्धको अधिकार।
- जीवनको अधिकार।
- यातना तथा अमानवीय वा अपमानजनक व्यवहारबाट उन्मुक्ति।
- दासत्व र जबर्जस्ती श्रमबाट मुक्ति।
- स्वतन्त्रता तथा सुरक्षाको अधिकार।
- बाँधा बन्नुपर्ने अवस्था वा दासत्वबाट मुक्ति।
- आवागमन/स्थानान्तरणको अधिकार वा आवास छान्ने अधिकार।
- निष्पक्ष पुर्पक्षको अधिकार।
- गोपनीयताको अधिकार।
- धर्म, आस्था तथा सोचको स्वतन्त्रता।
- अभिव्यक्ति र वैचारिक स्वतन्त्रता।
- सार्वजनिक कार्यक्रम वा सभा गर्न पाउने वा त्यस्ता कार्यक्रममा भाग लिन पाउने स्वतन्त्रता।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र**, १९६६ (**आईसीईएससीआर**) : यस प्रतिज्ञा-पत्रले व्यक्तिलाई प्रदान गरेका र राज्यलाई तोकेका महत्त्वपूर्ण दायित्व यस प्रकार छन् :

- परिवार स्थापनाका लागि सुरक्षा तथा सहायता दिनुपर्ने।
- सुत्केरीको विशेष स्याहारको व्यवस्था गर्नुपर्ने।
- पितृत्व र अन्य अवस्थाका कारणबाट कुनै भेदभावविना सम्पूर्ण बालबालिका तथा युवाका पक्षमा विशेष उपाय अवलम्बन गर्नुपर्ने।
- प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवासको प्रत्याभूति गराउनुपर्ने।
- प्रत्येक व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्यको उच्च स्तरको उपभोग गर्ने अधिकारको पूर्ण प्राप्तिका लागि वातावरण सिर्जना गर्नुपर्ने।
- सबैका लागि प्राथमिक शिक्षा अनिवार्य तथा निःशुल्क बनाइनुपर्ने।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच बनाइनुपर्ने।
- सबै तहमा पाठशाला प्रणाली विकास गरी छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने।

**महिलाविरुद्ध हुने सबै भेदभाव उन्मूलनसम्बन्धी महासन्धि**, १९७९ (**सिड**) : यस महासन्धिले व्यवस्था गरेका मुख्य अधिकार यस प्रकार छन् :

- महिलालाई पुरुषसरह मतदान अधिकार।
- निर्वाचनका लागि योग्य हुने समान अधिकार।
- सार्वजनिक पद धारण गर्न पाउने समान अधिकार।
- नीति निर्माणमा संलग्न हुन पाउने समान अधिकार।
- गैरसरकारी संस्था र राजनीतिक संगठनमा सहभागी हुन पाउने समान अधिकार।
- पुरुषसरह राष्ट्रियता प्राप्त गर्न, व्यवस्था परिवर्तन गर्न वा विचार धारण गर्न पाउने अधिकार।
- विदेशी नागरिकसँग विवाह भएको कारणबाट वा श्रीमान्ले राष्ट्रियता परिवर्तन गरेको कारणबाट श्रीमतीको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार।
- श्रीमान्को राष्ट्रियता जे-जस्तो भए पनि श्रीमतीलाई आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार।
- सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुषसरह महिलालाई पनि समान अधिकार।
- सबै प्रकारका व्यावसायिक प्रशिक्षणको समान अधिकार।
- समान भौतिक सुविधा र शिक्षा पाउने अधिकार।
- पढाइ छाड्ने छात्राहरूको सक्रिय रूपमा शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार।
- खेलकूद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार।
- परिवार नियोजनसम्बन्धी सूचना सल्लाहलगायत परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी पाउने अधिकार।
- रोजगारीमा समान अवसरको अधिकार।
- रोजगारी स्वतन्त्र रूपमा चयन गर्न पाउने अधिकार।
- सेवाका शर्त र सुरक्षासम्बन्धी समान अधिकार।

**सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ (आईसीईआरडी)** : यस महासन्धिले व्यवस्था गरेका प्रमुख अधिकारहरू :

- नागरिक-नागरिकबीच राज्यले गर्ने विभेदकारी व्यवहारविरुद्धको अधिकार ।
- राष्ट्रियता र नागरिकतामा भेदभावविरुद्धको अधिकार ।
- भेदभावमा परेका व्यक्तिको राज्यद्वारा संरक्षणको अधिकार ।
- व्यक्ति, समूह वा संस्थाविरुद्ध कुनै पनि प्रकारको विभेदविरुद्धको अधिकार ।
- पछाडि पारिएका जातीय समुदायको सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक उत्थानका लागि विशेष व्यवस्था गरी पाउने अधिकार ।
- न्यायको अधिकार ।
- काम गर्ने तथा स्वेच्छाले व्यवसाय रोज्ने अधिकार ।

**यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि,** १९८४ (**क्याट**) : यस महासन्धिले यातना तथा अमानवीय व्यवहारविरुद्ध निम्न अधिकार प्रत्याभूत गरेको छ :

- देश निकाला तथा सुपुर्दगीविरुद्धको अधिकार ।
- यातनाविरुद्ध संरक्षण पाउने अधिकार ।
- संकटकालमा समेत यातनाविरुद्धको अधिकार ।
- आफ्नो राज्यप्रतिनिधिको जानकारीमा रही पुर्पक्षमा रहन पाउने अधिकार ।
- उजुरीकर्ता र साक्षीहरूलाई हुन सक्ने दुर्व्यवहार वा डर, त्रासबाट संरक्षण पाउने अधिकार ।
- यातनाविरुद्ध उजुरीको अधिकार ।
- यातनाबाट क्षति पुगेमा क्षतिपूर्तिको अधिकार ।
- यातना दिएर लिइएको बयानलाई प्रमाणका रूपमा लिने कार्यविरुद्धको अधिकार ।

**सबै आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,** १९९० (**आईसीआरएमडब्लू**) : यस महासन्धिमा भएका मुख्य व्यवस्था :

- विदेशी प्रतिष्ठानमा काम गर्ने, स्वरोजगारमा रहेका, विशेष रोजगारका आप्रवासी कामदारको अधिकार ।
- प्रवासी कामदारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, नागरिक र राजनीतिक अधिकार ।
- महिला तथा बालअधिकारको सुनिश्चितता ।
- सबै आप्रवासी कामदारलाई लिंग, जातजाति, वर्ण, भाषा, धर्म, राजनीतिक धारणा, राष्ट्रियता, उमेर, आर्थिक हैसियत, सम्पत्ति, वैवाहिक स्थिति, जन्म वा अरू स्थितिका आधारमा भेदभाव गर्न नपाउने ।
- प्रवेश, बसाइ र रोजगारी सम्बन्धमा लागू हुने शर्तहरूका सम्बन्धमा प्रस्थानपूर्व जानकारी पाउने अधिकार ।
- रोजगारीमा रहेको व्यक्तिले राज्यभित्र घुमफिरको स्वतन्त्रता, बसोवास छान्न पाउने स्वतन्त्रता ।
- काम गरेको मुलुकमा ट्रेड युनियन र संघहरू गठन गर्न पाउने स्वतन्त्रता ।

**बालअधिकार महासन्धि**, १९८९ (**सीआरसी**) : महासन्धिले प्रत्याभूत गरेका बाल अधिकारहरू निम्न रहेका छन् :

- प्रत्येक बालबालिकाको बाँच्न पाउने अधिकार ।
- स्वास्थ्यको अधिकार ।
- राष्ट्रियताको अधिकार ।
- राष्ट्रियता, नाम, परिवारलगायतको परिचय यथावत् राख्न पाउने अधिकार ।
- आमा-बाबुसँग बस्न पाउने अधिकार ।
- पारिवारिक पुनर्मिलनको अधिकार ।
- बालबालिकाले विचार प्रकट गर्न पाउने र विचारले उचित मान्यता पाउने अधिकार ।
- अभिव्यक्ति स्वतन्त्रताको अधिकार, विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार ।
- संगठनसम्बन्धी अधिकार ।
- उचित जानकारी प्राप्तिको अधिकार ।
- दुर्व्यवहार र हिंसाविरुद्धको अधिकार ।
- राज्यले बालबालिकालाई यौन दुर्व्यवहार वा शोषणविरुद्ध सुरक्षा दिनुपर्ने ।

- बालबालिकाले आराम लिने, खेल्ने साथै सांस्कृतिक तथा सिर्जनशील क्रियाकलापमा विनाभेदभाव समान अवसर पाउने अधिकार।
- अपांगता भएका बालबालिकाले राज्यबाट विशेष संरक्षण र सुरक्षा पाउने अधिकार।
- बालबालिकालाई सशस्त्र सेनामा भर्ना गर्न र लडाइँमा प्रत्यक्ष भाग लिन नलगाउने र सशस्त्र मुठभेड चलेको ठाउँमा रहेका बालबालिकालाई विशेष संरक्षण।
- बालबालिकालाई आर्थिक शोषण र मजदुरीबाट सुरक्षा। शिक्षा र स्वास्थ्यबाट वञ्चित गराउने कार्यबाट सुरक्षा।

**अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि**, २००६ : यस महासन्धिका आठ निर्देशक सिद्धान्त रहेका छन् :

- आत्मसम्मान र आत्मनिर्भरता।
- अविभेद।
- सामाजिक सहभागिता र समावेशीकरण।
- मानवीय विविधता र मानवताको अंगका रूपमा स्वीकारी सम्मान गर्ने।
- अवसरमा समानता।
- पहुँच।
- लैंगिक समानता।
- उदीयमान क्षमताको सम्मान र पहिचान जोगाउने।

## नेपालको संविधानमा मानवअधिकार

मानवअधिकार कानून र संवैधानिक अधिकारले यदाकदा पाठकलाई अलमल्याएको देखिन्छ। यी दुईबीच आपसमा भिन्नता र समानता के छ भनेर बुझ्ने हो भने भ्रम रहँदैन। वस्तुतः मानवअधिकारसम्बन्धी महासन्धि, अभिसन्धि, प्रतिज्ञा-पत्र, अभिलेख आदिले मानव भएका कारण विश्व-मानवले पाउने अधिकारको सुनिश्चितता गरेका हुन्छन् भने संविधानले आफ्नो देशका नागरिकले पाउने हक र जिम्मेवारीको व्याख्या गरेको हुन्छ। पहिलो अन्तर्राष्ट्रिय कानून हो भने पछिल्लो राष्ट्रिय कानून।

राज्यले महासन्धिलाई स्वीकार वा अनुमोदन गरेपछि त्यसमा उल्लिखित प्रावधान राष्ट्रिय कानूनभन्दा बलिया हुन्छन्। उदाहरणका लागि, बालअधिकार महासन्धिले १८ वर्ष पूरा

नभएका व्यक्तिलाई बालक मानेका कारण नेपालको ऐनले १६ वर्षको सीमा तोकेको अवस्थामा पनि पहिलो प्रावधान नै स्वीकार्य भयो। नेपालले पक्ष राष्ट्र बनेर महासन्धिमा स्वीकृति जनाएपछि राष्ट्रिय कानूनमा अन्यथा भनिएको भए पनि अन्यथा उल्लेख भएको हदसम्म अमान्य हुन्छ, अन्तर्राष्ट्रिय कानून नै स्वीकार्य हुन्छ।

त्यसैले संविधान, ऐन, नियमावली आदि निर्माण गर्दा अन्तर्राष्ट्रिय कानूनसँग बाझिने गरी निर्माण गरिन्न, बरु त्यसलाई सघाउने गरी राष्ट्रिय कानून बनाइन्छ। नेपालको संविधान, २०७२ पनि स्वभावतः मानवअधिकारको अन्तर्राष्ट्रिय मान्नता स्वीकार गर्ने प्रयासका साथ तयार पारिएको देखिन्छ। खासगरी धारा १६ देखि धारा ४५ सम्म दिइएका मौलिक हकले नागरिकको मानवअधिकारकै रक्षा गरेका छन्।

## मानवअधिकारसम्बन्धी प्रमुख राष्ट्रिय निकाय

नेपालका सन्दर्भमा मानवअधिकार पत्रकारले आफ्नो समाचारका क्षेत्र र स्रोतका लागि देहायका निकायमा नियमित दृष्टि दिन आवश्यक छ। यी संस्थाका गतिविधि, प्रकाशित प्रतिवेदन, कार्यक्रम, अभिव्यक्ति र व्यवहार समाचारका सूचना हुन सक्छन्–

**राष्ट्रिय मानवअधिकार आयोग** : यो आयोग मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने मूल जिम्मेवारीसहित गठन भएको संवैधानिक निकाय हो।

नेपाल अधिराज्यको संविधान, २०४७ (कानून किताब व्यवस्था समिति २०४९) कार्यान्वयनमा रहेको अवस्थामा राष्ट्रिय मानवअधिकार ऐन, २०५३ बमोजिम २०५७ सालमा पहिलोपटक पदाधिकारी नियुक्त भएपछि कानूनी आयोगका रूपमा यसको जग बसेको थियो।

दोस्रो जनआन्दोलनपछि बनेको नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक बनाइदियो (हिमाली ५१-५४)। अन्तरिम संविधानको भाग १५ मा यसको व्यवस्था थियो।

संविधान सभाद्वारा जारी नेपालको संविधानले भने मानवअधिकार आयोगलगायत अन्य विभिन्न सामूहिक अधिकारमा आधारित आयोगहरूलाई संवैधानिक आयोगका रूपमा स्थापित गर्‍यो (तिमिल्सिना र श्रेष्ठ २०७२ : १९५-२१६)। तर, तिनका सम्बन्धमा गरिएका व्यवस्थाहरू हेर्दा ती सबैलाई समान हैसियत भने नदिएको जस्तो देखिन्छ। भाग २५ मा राष्ट्रिय मानवअधिकार आयोगको व्यवस्था गरिएको छ। सो भागको धारा २४८

तथा राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ को दफा ४ मा आयोगका काम, कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गरिएको छ ।

विश्वव्यापी मानवअधिकारसम्बन्धी मान्यताका आधारमा मौलिक विषयवस्तुको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धतासहितको आयोगले न्यायपालिकाको परिपूरकका रूपमा पनि भूमिका निर्वाह गर्दछ । आयोगले आफ्ना गतिविधि र सुझाव समेटेर तयार पारेको वार्षिक प्रतिवेदन राष्ट्रपतिलाई पेश गर्दछ र त्यसलाई प्रधानमन्त्रीमार्फत संघीय संसद्मा छलफलका लागि प्रस्तुत गरिन्छ ।

नेपालको संविधानको धारा २४८ मा आयोगको गठन र धारा २४९ मा आयोगका काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । धारा २४९(१) मा उल्लेख भएअनुसार 'मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित' गर्ने कर्तव्य पूरा गर्नका लागि राष्ट्रिय मानवअधिकार आयोगले गर्नुपर्ने विभिन्न आठवटा काम धारा २४९(२) मा उल्लिखित छन् ।

**संवैधानिक अन्य आयोग** : राष्ट्रिय मानवअधिकार आयोगलाई अलग्गै भागमा उल्लेख गरिएजस्तै भाग २७ मा नागरिकका अधिकारसम्बन्धी विभिन्न आयोगको व्यवस्था गरिएको छ । तीमध्ये धारा २५२ मा राष्ट्रिय महिला आयोग, धारा २५५ मा राष्ट्रिय दलित आयोग, धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको छ । यी तीनवटै आयोगका गठन, काम, कर्तव्य र अधिकार, पदाधिकारीहरूका योग्यताका साथै प्रदेशमा कार्यालय स्थापना गर्न सक्नेसम्मका व्यवस्था संविधानमै उल्लेख गरिएको छ ।

राष्ट्रिय महिला आयोगको गठन २०५८ सालमा भएको हो । शुरूमा सरकारको निर्णयबाट मात्र स्थापना भएको यो आयोग राष्ट्रिय महिला आयोग ऐन, २०६३ ले प्रदान गरेको कार्यादेशअनुरूप कार्यरत रहँदै आएको छ । जातीय विभेदविरुद्धको अन्तर्राष्ट्रिय दिवस (मार्च २१) को सन्दर्भ पारेर २०५८ साल चैत ६ मा सरकारको तर्फबाट गठित राष्ट्रिय दलित आयोगलाई २०६६ साल पुस २२ मा संसद्ले अनुमोदन गरेको हो ।

संविधानको धारा २६१ देखि २६४ सम्म क्रमशः आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था छ । यी आयोगको भने छबर्से कार्यकालका लागि अध्यक्ष र चारजनासम्म सदस्य रहन सक्ने व्यवस्था मात्र संविधानमा उल्लेख गरेर तिनको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरूका साथै आयोगकै काम, कर्तव्य र अधिकारसम्बन्धी पनि संघीय कानूनबमोजिम हुने व्यवस्था गरिएको छ ।

## मानवअधिकार र प्रेस

सन् १७८९ मा फ्रान्सेली राज्यक्रान्तिले जारी गरेको मानिस र नागरिक अधिकारको

घोषणापत्रमा प्रकाशनको अधिकारलाई पनि समावेश गरिएको थियो । त्यसपछिका दिनमा प्रेस आफ्नो भूमिकाकै कारण पहिलो पंक्तिको मानवअधिकार संस्थासमेत कहलिन पुगेको छ । सन् १७८७ मा बेलायती सांसद इडमन्ड बर्कले संसद्मा पत्रकारहरू बस्ने ठाउँतर्फ संकेत गर्दै भनेका थिए, 'दीर्घा जहाँ पत्रकारहरू बस्छन्, त्यो त राज्यको चौथो अंग बन्न पुगिसकेको छ' (कुमार सन् २०२२) । त्यसपछि प्रेसले पाएको राज्यको चौथो अंगको सम्मान आजपर्यन्त कायम छ । मानिसका आवश्यकता हक र अधिकार स्थापनानिम्ति प्रेस त्यसपछिका दिनमा लड्दै आएकाले नै यसलाई राज्यका तीन अंगकै समकक्षमा राख्न खोजिएको हो' (प्याकुरेल र अर्याल सन् २००२ : ८) ।

'मानवअधिकार' शब्दसँग नेपाली प्रेस विक्रम संवत् तीसको दशकदेखि परिचित रहेको राजेन्द्र दाहाल उल्लेख गर्छन् । उनका अनुसार, २०३६ सालको विद्यार्थी आन्दोलन र २०३७ सालको जनमत संग्रहको पृष्ठभूमि अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको आडमा निर्माण भएको थियो (दाहाल २०६४) । पञ्चायती सत्ताबाट भइरहेको मानवअधिकार हननको दुहाइ २०४६ सालको जनआन्दोलनको एउटा प्रमुख प्रचार सामग्री रहेको उनको विश्लेषण छ ।

त्यसपछि नै मानवअधिकार रक्षाका निम्ति संविधानमै राज्यले प्रतिबद्धता व्यक्त गर्ने र राष्ट्रिय मानवअधिकार आयोग बनाउनेसम्मको काम भयो । यद्यपि नेपालमा दोस्रो जनआन्दोलन भइसक्दा पनि 'मानवअधिकारको विषय नेपाली सञ्चारमाध्यममा मौन र अस्पष्टतायुक्त क्षेत्र' (भट्टराई सन् २००८ : ४) का रूपमा सर्वेक्षणबाटै देखिइरहेको अवस्था थियो ।

मानवअधिकार पत्रकारिताको क्षेत्र व्यापक छ तर पनि प्रेसमा नागरिक तथा राजनीतिक अधिकारलाई पहिलो प्राथमिकता दिइएको देखिन्छ । त्यसपछि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातनाविरुद्धको अधिकार, महिला अधिकार, बाल अधिकार, जातीय विभेदविरुद्धको अधिकार, अपांगता भएका व्यक्तिको अधिकार, व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार, आप्रवासी कामदार र तिनका परिवारको अधिकारका विषय पनि प्राथमिकतामा परेका छन् ।

राजनीतिक तथा नागरिक अधिकारले समग्र मानवअधिकारको अवस्था, कैदीबन्दीको अधिकार, न्याय-प्रशासन आदि क्षेत्र समेट्छ । स्वास्थ्य अधिकार, वातावरण अधिकार, उपभोक्ता अधिकार, प्राकृतिक प्रकोप (बाढी, पहिरो) बाट विस्थापितहरूको अधिकार आदि मानवअधिकारका क्षेत्र हुन् । यसैगरी, ज्येष्ठ नागरिक, महिला, बालबालिका, जातीय विभेद र सीमान्तकृत समुदाय, अपांगता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार, मानव बेचबिखनको अवस्था आदि विषय मानवअधिकार पत्रकारले सदा ध्यान दिने क्षेत्रभित्र पर्छन् ।

## मानवअधिकार र मानवीय कानून

मानवीय कानूनलाई पनि मानवअधिकार पत्रकारले ध्यान दिनुपर्छ तर कतिपय व्यक्तिले यी दुईलाई पर्यायवाचीका रूपमा लिएको देखिन्छ, जुन गलत बुझाइ हो। यी दुईबीचको भिन्नता तल तालिकामा दिइएको छ :

| मानवीय कानून | मानवअधिकार कानून |
|---|---|
| सशस्त्र द्वन्द्वको अवस्थामा मात्र लागू हुन्छ। | सधैं लागू हुन्छ। |
| प्रायः द्वन्द्वरत सशस्त्र समूह वा व्यक्ति जिम्मेवार हुन्छन्। | प्रायः सरकार वा राज्य जिम्मेवार हुन्छ। |
| शत्रुको कब्जामा परेका युद्धपीडितको सुरक्षा गर्दछ र युद्ध गर्ने तौरतरिकामा सीमा लगाउँछ। | आफ्नै राज्यबाट व्यक्तिलाई सुरक्षा प्रदान गरिन्छ, व्यक्तिको विकासमा ध्यान दिइन्छ। |
| राज्यबीच वा राज्य र सशस्त्र समूहबीचको सम्बन्धलाई नियमित गर्दछ। | राज्य र त्यसका नागरिकबीचको सम्बन्धलाई नियमित गर्दछ। |
| मानवीय कानूनलाई सरकारले संकटकालको अवस्थामा पनि कटौती गर्न सक्तैन। | मानवअधिकारका केही प्रावधानलाई राज्यले संकटकालका बेला कटौती गर्दछ। |
| यो विश्वव्यापी रूपमा एकै प्रकारको हुन्छ। | मुलुकको क्षमता, स्वरूप र सहमतिको सीमाका प्रावधानका कारण पूणतः विश्वव्यापी हुँदैन। |
| सम्बन्धित देशको कानूनअनुसार कारबाही प्रक्रिया चलाइएको छैन भने मानवीय कानून उल्लंघन भएको अवस्थामा यसलाई युद्धअपराधका रूपमा लिई अन्तर्राष्ट्रिय फौजदारी अदालतले कारबाही अघि बढाउँछ। | सम्बन्धित देशको कानूनअनुसार कारबाही प्रक्रिया चलाइएको छैन भने संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्लगायत अन्य मानवअधिकार समितिमा उजुरी दिन सकिन्छ। |
| यो कानून रेडक्रसको अन्तर्राष्ट्रिय समितिद्वारा प्रवर्द्धन गरिएको हो। | यो संयुक्त राष्ट्रसंघ र गैरसरकारी संस्थाद्वारा प्रवर्द्धन गरिएको कानून हो। |

(आचार्य २०६४ : २२-२३)

## मानवअधिकार पत्रकारिताका विशेषता

मानवअधिकार पत्रकारिताका विशेषतालाई बुँदागत रूपमा हेरौं :

- मानवले जन्मजात रूपमा स्वतः प्राप्त गर्ने अधिकार हनन भयो वा हुन लाग्यो भने समाचारको विषय बन्छ । मानवअधिकार हननको सन्दर्भ आम पाठकको रुचिको विषय बन्दै आएको देखिन्छ ।
- मानवअधिकारका विश्वव्यापी मान्यतालाई कुनै पनि राष्ट्रको सरकारले उल्लंघन गऱ्यो भने मिडिया आकर्षित हुन्छ ।
- मानव सुरक्षित रूपमा जन्मन पाउनेदेखि मृत्युपर्यन्त सम्पूर्ण अधिकारका सन्दर्भमा आम सरोकार रहने गर्छ, त्यसबारे पत्रकारले कलम चलाउनुपर्छ ।
- मानवअधिकार पत्रकारिताले व्यक्तिलाई उसको जन्म, जाति, लिंग, क्षेत्र, धर्म, शारीरिक वा मानसिक अवस्था आदिका आधारमा विभेद गर्नु हुन्न भन्ने मान्यता राख्छ ।
- मानवअधिकार पत्रकारिताको एक सशक्त  विधा हो, यसको प्रभाव र विस्तार व्यापक हुन्छ ।
- वैचारिक स्वतन्त्रताको अधिकार आफैंमा एउटा मानवअधिकारको पाटो हो । अभिव्यक्ति  स्वतन्त्रताको अधिकार नभई पत्रकारिता गर्न सकिन्न । यसरी पत्रकारिता मानवअधिकारको पैरवीको विषय बन्न पुग्छ ।
- स्वच्छ पत्रकारिताको अभावमा मानवअधिकारको संरक्षण र संवर्द्धन प्रायः असम्भव छ ।
- राज्यले लागू गर्छु भनी सुनिश्चित गरेका मानवअधिकारका प्रावधान लागू गराउन स्वच्छ पत्रकारिताले ठूलो भूमिका निर्वाह गर्दछ ।
- पत्रकारिताको स्वतन्त्र र व्यावसायिक अभ्यास हुनका लागि मानवअधिकारप्रति सचेत समाजको आवश्यक छ ।
- मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ ले भनेजस्तै आम नागरिकलाई सूचना प्राप्तिको अधिकार दिलाउन पत्रकारिता आवश्यक छ ।

## मानवअधिकार पत्रकारिता र अन्य पत्रकारिता

| मानवअधिकार पत्रकारिता | अन्य पत्रकारितामा फरक |
|---|---|
| मानवअधिकारका विषयमा केन्द्रित भई पत्रकारिता गरिन्छ, औपचारिक घटनामा मात्र सीमित नरही पत्रकारले खोजी, पैरवी र पहल गरी समाचार बनाउने गर्छन् किनभने मानवअधिकार हनन गर्ने पक्षले यस विषयलाई लुकाउन खोजिरहेको हुन्छ। | आम पत्रकारिताले मानवअधिकार पत्रकारले जस्तो खोजी, पैरवी र पहल गरी समाचार बनाउन नपर्ने पनि हुन सक्छ। |
| मानवअधिकार निजी विषय हुँदैन, अन्तर्राष्ट्रिय चासोको विषय हुन्छ। | मानवअधिकारबाहेकका विषयमा प्रायः निजी चासो हुन्छ, अन्तर्राष्ट्रिय सरोकार नहुन सक्छ। |
| मानवअधिकारका आधारभूत अवधारणा विश्वव्यापी हुन्छ, प्रायः विशेष अवस्थामा बाहेक खास देश र व्यक्तिका लागि भिन्न प्रावधान हुँदैन। | शिक्षा, स्वास्थ्य, रोजगारी, अपराध आदि विषय मुलुक र समाजले बनाएका नीतिअनुसार फरक हुन्छन्। |
| पत्रकारले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, यससम्बन्धी अन्तर्राष्ट्रिय कानून, महासन्धि, राष्ट्रसंघीय घोषणापत्र, यसको कार्यान्वयनका लागि बनेका राष्ट्रिय तथा स्थानीय संयन्त्रका बारेमा जानकार रहनुपर्छ। | पत्रकारले आफूले काम गरेको विधाका बारेमा जानकारी हासिल गर्नुपर्छ। |
| पत्रकारले खास मन्त्रालय, खास ऐन र खास प्रशासन केन्द्रमा मात्र सरोकार राखेर पुग्दैन, जहाँ मानव हुन्छ त्यहाँ उसको अधिकारको हनन हुने सम्भावना पनि हुन्छ भन्ने उच्च स्तरको सचेतना आवश्यक छ। | अन्य विषयमा समाचार संकलन गर्ने व्यक्तिले प्रायः सीमित कार्यालयमा केन्द्रित भए पुग्छ। |
| नेपालमा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, यी आयोगका स्थानीय निकाय, फोकल पर्सन आदिलाई यस विधाका पत्रकारले पहिलो निगरानीमा राख्नुपर्छ । मानवअधिकार हननका घटनामा यी संस्थाको भूमिका देखिए वा नदेखिए पनि समाचार बन्छ। | अन्य विषयमा कलम चलाउने पत्रकारले आफ्नै विधाका व्यक्तिसँग सम्पर्क गरे पुग्छ। |

## मानवअधिकार पत्रकारिताको उद्देश्य

मानवअधिकार पत्रकारिताको उद्देश्य यस प्रकार छ :

- मानवअधिकार मामिलाका समाचार, विचार र टिप्पणी सार्वजनिक गर्नु ।
- मानवअधिकार हनन भई पीडित बनेकाहरूको न्यायका लागि पहल गर्नु ।
- विश्वका हरेक नागरिकलाई विभेद र गैरन्यायिक यातनाबाट मुक्ति दिलाउने अभ्यास ।
- मानवलाई उसको जन्मसिद्ध अधिकार दिलाउने प्रयास ।
- समाजमा शान्ति, सुख र समृद्धि कायम गराउन भूमिका खेल्नु ।
- सरकार र शक्तिमा रहेका निकाय र व्यक्तिलाई मानवअधिकारको सम्मानका लागि सजग गराउने काम ।
- आम नागरिकलाई उनीहरूका अधिकार प्रयोगमा अभिप्रेरित गर्नु ।
- आम नागरिकलाई मानवअधिकारसम्बन्धी सूचना र शिक्षा प्रदान गर्नु ।
- समाजलाई अधिकार र कर्तव्यप्रति सजग गराई सन्तुलित विकासको वातावरण तयार पार्नु ।
- भौतिक विकास मात्र नभएर मानवीय विकासका लागि मानवअधिकारको सम्मान आवश्यक छ भन्ने सन्तुलित अवधारणाको प्रवर्द्धन गर्नु ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानको पालना गर्ने सभ्य नागरिक र समाजको विकास गर्नु ।
- शक्ति पृथकीकरणको अभ्यासमा हुन सक्ने असन्तुलन र त्यसका कारण भएका मानवअधिकार उल्लंघनमा 'वाचडग' को भूमिका निर्वाह गर्नु ।

## मानवअधिकार पत्रकारको योग्यता

मानवअधिकारका विषयमा कलम चलाउने पत्रकारका योग्यता तथा क्षमता देहायबमोजिम छन् :

**शैक्षिक योग्यता र अनुभव** : मानवअधिकारका विषय राष्ट्रिय-अन्तर्राष्ट्रिय कानूनी प्रावधानसँग सम्बन्धित भएकाले सिकारु पत्रकारका लागि यो विधा बढी चुनौतीपूर्ण हुन सक्छ । त्यसैले कम्तीमा स्नातक उत्तीर्ण गरी घटीमा दुई वर्ष पत्रकारिता गरेको व्यक्ति मानवअधिकार पत्रकार हुन योग्य हुन सक्छ ।

**समाचारका गुणको पहिचान** : यथार्थ (Accuracy), सन्तुलन (Balance), विश्वसनीय (Credibility), बोधगम्य (Easy to understand), निष्पक्षता (Impartiality), संक्षिप्तता (Conciseness), जिम्मेवारीपूर्ण (Responsible) आदि समाचारमा हुनुपर्ने आधारभूत गुण पहिचान गरी त्यसलाई व्यवहारमा उतार्ने क्षमता मानवअधिकार पत्रकारमा हुनुपर्छ । मानवअधिकार संवेदनशील पक्ष भएकाले समाचारका गुणको पालनामा आम रूपमा भन्दा पनि थप सतर्कता आवश्यक हुन्छ ।

**समाचार स्रोतको व्यवस्थापन** : सामान्यतः सभा, गोष्ठी, सम्मेलन, भाषण, प्रेस-विज्ञप्ति आदि समाचारका स्रोत हुन्छन् । मानवअधिकारका विषयमा वक्ताहरूले बोल्छन्, कार्यपत्र प्रस्तुत गर्छन्, टिप्पणी हुन्छ र निष्कर्ष बताइन्छ- ती समाचारका सूचना वा कच्चा सामग्री हुन सक्छन् । महत्त्वका आधारमा बुँदा टिप्नुपर्छ र समाचार बनाउनुपर्छ । तर कुन कुरा महत्त्वपूर्ण हो, कुन समाचार बनाउन योग्य छैन भन्ने थाहा पाउने क्षमता नभएको व्यक्ति मानवअधिकार पत्रकार बन्न सक्तैन ।

**अन्तर्वार्ता सञ्चालन** : पत्रकारले समाचारका लागि अन्तर्वार्ता लिइरहेको हुन्छ । मूलतः विषयकेन्द्रित, व्यक्ति केन्द्रित र समाचारकेन्द्रित अन्तर्वार्तामा पत्रकार संलग्न भइरहन्छ । कसैको भनाइ लिनका लागि गरिने प्रश्नोत्तर पनि अन्तर्वार्ता नै हो ।

आम पत्रकारमा हुने अन्तर्वार्ताको सीपका अतिरिक्त मानवअधिकार विधाका पत्रकारमा राष्ट्रिय-अन्तर्राष्ट्रिय कानूनी प्रावधानको गहिराइसम्म बुझ्ने क्षमता हुनुपर्छ । कुनै महत्त्वपूर्ण व्यक्ति वा निकै सामान्य व्यक्ति (VIP/VOP-Very Important Person or Very Ordinary Person) ले के भन्छन् भन्ने कुरामा पाठकको रुचि रहन्छ । कुनै सामयिक वा रोचक विषयमा केन्द्रित रहेर यस्ता व्यक्तिसँग अन्तर्वार्ता गर्न सकिन्छ । यी अन्तर्वार्ता नै समाचारका स्रोत हुन्छन् ।

**समाचार घ्राणशक्ति** : आम पत्रकारमा भन्दा मानवअधिकार विधाका पत्रकारमा समाचार घ्राणशक्ति अधिक हुनुपर्छ । सबै भाषण, पत्रकार सम्मेलन, प्रेस-विज्ञप्ति, प्रतिवेदन समाचारका विषय नहुन सक्छन् ।

पत्रकार सम्मेलनमा ठीक समयमा पुग्ने, सान्दर्भिक प्रश्न सोध्ने र जबाफ प्राप्त गर्ने सीप संवाददातामा हुनुपर्छ । तर, उपयुक्त प्रश्न सोधिएन भने समाचार बन्न सक्ने जवाफ पाइन्न । आधिकारिक पक्ष वा सरोकारवाला व्यक्ति वा समूहबाट सधैं पत्रकार सम्मेलन गरेर मात्र कुनै विषयमा प्रकाश पारिन्छ भन्ने छैन । उनीहरूले सो विषय प्रेस-विज्ञप्तिमार्फत प्रस्ट पार्न पनि सक्छन् ।

प्रेस-विज्ञप्ति एक पत्र मात्र हो, यसमा एकपक्षीय व्याख्या हुन सक्छ, त्यसलाई मात्र आधार बनाउँदा समाचारमा सन्तुलन कायम नहुन सक्छ। त्यसैले प्रेस-विज्ञप्तिलाई आधार बनाएर थप शोधखोज गरी गहकिला समाचार तयार पार्नुपर्छ।

**एकल सम्प्रेषण** : आम पत्रकारले जे लेख्छन् वा प्रसारण गर्छन्, त्यति मात्र गर्ने मानवअधिकार पत्रकार ढिला-चाँडो निराश हुन्छ। एकल सम्प्रेषण (Exclusive and scoop) समाचार दिन सक्दा मात्र ऊ अरूभन्दा विशेष पत्रकार कहलिन्छ, सोहीअनुसारको सम्मान र अवसर पाउँछ।

यसका लागि पत्रकारमा विशेष योग्यता हुन आवश्यक छ। गोप्य स्रोत बनाउने र उसको मन जितेर कलम चलाउने चतुर पत्रकारले मात्र एकल सम्प्रेषण गर्न सक्छ। संवाददाताले विश्वास दिलाएपछि कुनै कार्यालय, संगठन वा प्रतिष्ठानका सदस्यले आफ्नो नाम नआउने गरी समाचार बनाउन सकिने विषय बताउँछ।

यस्तो समाचारलाई थप विश्वसनीय बनाउन संवाददाताले अन्य स्रोतबाट पनि पुष्टि गराउने प्रयास गर्छ, अरू व्यक्तिसँग सम्पर्क राख्छ र उनीहरूका भनाइ समावेश गर्छ। कोही नामै दिएर सोही जानकारी पुष्टि गर्ने व्यक्ति पाइन्छ कि ? पत्रकारले त्यस्तो पनि प्रयास गर्छ र समाचार बनाउँछ। तर, गोप्यता कायम राख्ने सर्तमा समाचार लिएर छाप्ने बेलामा धोका दिने काम भने कहिल्यै गर्नु हुँदैन, यो पत्रकारिताको आचारसंहिताको उल्लंघन हो।

**अनुगमन (Follow up)** : एकपटक समाचार प्रकाशित गरेपछि पनि त्यसमा नयाँपन अझै बाँकी हुन सक्छ। समाचारमा थप विकास भएको हुन सक्छ। त्यसलाई आधार बनाएर पुनः समाचार लेख्न सकिन्छ। यस्ता समाचारलाई अनुगमन समाचार भनिन्छ। मानवअधिकार पत्रकारका लागि पनि अनुगमन गर्ने सीप अनिवार्य छ।

**पैरवी सीप** : समाचार अनुगमन पैरवी पत्रकारिताको एक अभिन्न पक्ष हो। मानवअधिकार पत्रकारिताको उद्देश्य मानवअधिकारबाट वञ्चित बनेका वा बनाइएका व्यक्तिका पक्षमा कलम चलाउनु हो। कुनै पनि व्यक्तिलाई राज्य वा शक्तिमा रहेका निकायले एकैपटक समाचार प्रकाशित-प्रसारित हुँदैमा अधिकार नदिलाउन सक्छ। यसका लागि विभिन्न कोणबाट बारम्बार अनुगमन समाचार लेखिरहनुपर्छ।

**नीति निर्माणमा नजर** : मानवअधिकार पत्रकारले सधैं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्ना विधामा कुनै नयाँ कानून वा नीति बने कि भन्ने कुरामा चनाखो हुनुपर्छ। राष्ट्रसंघीय गतिविधि, महासन्धि वा अभिसन्धिहरूका घोषणा, संसद् विधेयक र मन्त्रिपरिषद्का निर्णय मात्र होइन, प्रदेश र स्थानीय सरकारका निर्णयहरूमा पनि चनाखो हुनुपर्छ।

कुनै मन्त्रालयले विधेयक ल्याउने तयारी गऱ्यो वा मस्यौदा तयार पाऱ्यो भने त्यो समाचार हुन्छ, संसद्मा मस्यौदा पेश भयो समाचार बन्छ, पारित भयो भने समाचार लेखिन्छ । त्यस्तै, सरकारी निर्णय ठूला-ठूला समाचार बन्छन् । मानवअधिकार पत्रकारले विधेयक, त्यसको मस्यौदा र पारित ऐन केलाएर मानवअधिकार हनन हुने प्रावधान छन् कि भनेर चनाखो हुनुपर्छ ।

## मानवअधिकार भाषिक सीप र शब्दावली

मानवअधिकार पत्रकारिता गर्दा प्रयोग हुने विशिष्ट भाषिक सीपका विषयमा ध्यान दिन आवश्यक छ । मानवअधिकार पत्रकार संघ (हुर्जा) ले पत्रकारले मानवअधिकार-मैत्री शब्दावली प्रयोग गर्न सुझाव दिँदै उल्लेख गरेको सूची यस प्रकार छ (घिमिरे र पौडेल २०६९) :

| चलनचल्तीका शब्द | मानवअधिकारमैत्री शब्द |
|---|---|
| बहिरो | सुस्तश्रवण भएको व्यक्ति |
| अन्धो | दृष्टिविहीन |
| टुहुरो | अनाथ, आमाबाबु गुमाएको |
| बूढाबूढी | ज्येष्ठ नागरिक |
| अपांग | अपांगता भएको व्यक्ति |
| विधवा | एकल महिला |
| श्रीमान्/श्रीमती/सुश्री | सबैलाई 'श्री' लेख्ने वा प्रयोग नै नगर्ने |
| बलात्कारी/डाँका पक्राउ | बलात्कार/डकैती आरोपमा पक्राउ |
| लँगडो, डुँडे, कुँजो | कुनै पनि शब्द प्रयोग नगर्ने |
| आइमाई/स्वास्नीमान्छे | नारी/महिला |
| वेश्या/नगरवधू | यौनकर्मी/यौन व्यवसायी |
| केटाकेटी | बालबालिका |
| केटो | किशोर/युवक |
| केटी | किशोरी/युवती |
| मधिसे | मधेसी, तराईवासी/तराई मूलका व्यक्ति |
| हत्यारा/ज्यानमारा/अपराधी | अदालतले प्रमाणित नगर्दासम्म 'अभियुक्त' |
| एड्सपीडित | एचआईभी संक्रमित |
| खाते | सडकमा काम गर्ने/सडक डुलुवा |
| दुर्व्यसनी, अम्मली | लागूपदार्थ प्रयोगकर्ता |

मानवअधिकारसँग सम्बन्धित विशिष्ट/प्राविधिक शब्दावली र तिनका अर्थ बुझेर मात्र पनि हुन्न, ठीक किसिमले तिनको प्रयोग गर्न पनि जान्नुपर्छ। प्राविधिक शब्दावलीलाई सहजीकरण गरेर आम पाठक/श्रोताका लागि ग्राह्य बनाउन नसकेसम्म त्यसको मूल प्रवाहीकरण हुन्न, आम चासोको विषय बन्दैन। मानवअधिकार पत्रकारिता गर्दा विषयवस्तुलाई थप सान्दर्भिक बनाउनु यस विधाका पत्रकारका लागि चुनौती देखिन्छ। त्यस्ता चुनौतीको सहज सामनाका लागि यहाँ त्यस्ता केही शब्दावलीको व्याख्यासमेत प्रस्तुत गरिएको छ :

**अदालतको अवहेलना (Contempt of court)** : कानूनबमोजिम अदालतबाट न्याय सम्पादन गर्ने वा न्याय माग गर्ने वा त्यसमा कानूनबमोजिम सहयोग वा सहायता गर्ने कार्य वा प्रक्रियामा वाधा-अवरोध वा अनुचित प्रभाव पार्ने वा अदालत वा न्यायाधीशको सम्मान, मर्यादा वा प्रतिष्ठामा आघात पुऱ्याउने जुनसुकै कार्य वा आचरणलाई अदालतको अवहेलना हुने कार्य वा आचरण भन्न सकिन्छ। यस्तो आचरण गरेमा न्याय प्रशासन ऐन, २०७३ को दफा १७ अनुसार कारबाही हुन्छ। यसमा अदालतले कसुरदारलाई अधिकतम एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश दिन सक्छ।

**अनुरोध/पुनरावेदन (Appeal)** : अति जरुरी अनुरोध वा पुनरावेदन। तल्लो अदालत वा निकायको निर्णय चित्त नबुझेर सम्बन्धित व्यक्ति वा संस्थाले माथिल्लो अदालत वा निकायमा पुनर्विचारका लागि दिने लिखित अनुरोध।

**आक्रमण (Aggression)** : राष्ट्रसंघको साधारण सभाले आक्रमणलाई एउटा राज्यले अर्को राज्यको सार्वभौमिकता, क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध सशस्त्र शक्तिको प्रयोग अर्थात् संयुक्त राष्ट्रसंघको बडापत्रसँग मेल नखाने अन्य कुनै तरिकाद्वारा गरिएको शक्ति प्रयोग भनी परिभाषित गरेको छ।

**कब्जा/अपहरण (Abduction)** : कसैलाई धोकापूर्ण वा गैरकानूनी रूपमा भगाउने काम, बलपूर्वक वा जबर्जस्ती गरिने हरण। आपराधिक मनसायले वा कष्टपूर्ण तवरले कसैलाई बलपूर्वक वा जबर्जस्ती लैजाने काम।

**ज्यादती (Abuse)** : कुनै व्यक्तिँग जबर्जस्ती गरिएको व्यवहार। ज्यादतीले कुनै व्यक्ति वा उसको सम्पत्तिलाई हानि पुऱ्याउँछ। दुर्व्यवहार यसको पर्यायवाची नाम हो। ज्यादतीले अधिकार र शक्ति दुरुपयोग भन्ने पनि जनाउँछ। व्यक्तिलाई शारीरिक वा मानसिक हिसाबले पनि दुर्व्यवहार भएको हुन सक्छ।

**धर्मयुद्ध (Crusade)** : धर्म रक्षाका लागि गरिने युद्ध ।

प्रशासनिक हिरासत **(Administrative detention) :** प्रशासनिक निकायद्वारा कुनै व्यक्तिलाई विनाअभियोग वा कुनै स्वतन्त्र न्यायिक निकायको सुनुवाइविना नै बन्दी बनाउने वा हिरासतमा राखिने तरिका ।

**विद्युतीय धराप (Ambush)** : एम्बुस भनेको फलामे पाइप र बिजुलीका तार जोडेर बनाइएको एक प्रकारको विस्फोटक धराप हो । शत्रु पक्षका मानिस वा सवारी साधन सो विस्फोटक धरापको वरपर पुगेपछि केही टाढा लुकेर बसेको व्यक्तिले तारको सहायताले ब्याट्रीमा सट गराउँछन् ।

**युद्ध समाप्ति (Armistice)** : युद्धको औपचारिक अन्त्य । युद्धरत पक्षहरू शान्ति प्रक्रियामा जाने निश्चितप्रायः भइसकेपछि यो अवस्था सिर्जना हुन्छ ।

**गिरफ्तारी** (**Arrest**) : कुनै अपराध कर्तव्यका बारेमा अनुसन्धान गर्न सरकारी अधिकारीले कुनै व्यक्तिलाई हिरासतमा लिने कार्य ।

**राजनीतिक हत्या** (**Assassination**) : कुनै खास व्यक्ति वा व्यक्तिहरूका समूहलाई सार्वजनिक ख्यातिका कारण राजनीतिक उद्देश्यबाट प्रेरित भएर मारिने कार्य ।

**शरण (Asylum)** : आफ्नो देशमा राजनीतिक, जातीय वा धार्मिक कारणले दमन, गिरफ्तारी वा मृत्युको सामना गर्नुपर्ने अवस्थाका विदेशीलाई दिइने आश्रय ।

**धरौटी (Bail)** : थुनुवाले अदालतको आदेशअनुसार पुर्पक्षमा जमानतवापत जम्मा गर्ने धन । कुनै गिरफ्तार व्यक्तिलाई रिहा गर्न जम्मा गरिएको धन, जसले अभियुक्त अदालतले तोकेको मितिमा अदालतमा उपस्थित हुने निश्चित गर्दछ ।

**आधारभूत अधिकार (Basic Right**) : नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले बाँच्न पाउने अधिकार, यातना वा अमानवीय व्यवहारविरुद्धको अधिकार, दासताबाट मुक्तिको अधिकार, एउटै कसुरमा एकै व्यक्तिलाई एकपटकभन्दा बढी सजाय नदिइने अधिकार, कानूनको नजरमा व्यक्तिका रूपमा मान्यता पाउने अधिकार, विचार, अभिव्यक्ति र धार्मिक स्वतन्त्रताको अधिकार आदिलाई आधार भूत अधिकार भनेको छ । यस्ता अधिकारलाई कुनै पनि मुलुकले आफ्नो विशेष अवस्था देखाएर निलम्बन गर्न सक्तैन ।

**अधिकार विधेयक (Bill of Rights)** : अधिकार विधेयक सन् १६८९ डिसेम्बर १६ मा बेलायती संसद्ले पारित गरेको ऐन हो ।

**जैविक युद्ध (Biological Warfare)** : कुनै पनि विशालु पदार्थ, ब्याक्टेरिया वा भाइरसलाई हतियारका रूपमा प्रयोग गरी गरिने युद्ध ।

**नाकाबन्दी (Blockade)** : कुनै स्थानबाट वा त्यस स्थानसम्म मानिसलाई जान-आउन, अन्य सामग्री निकासी वा पैठारी गर्न, यातायात आवागमन गर्न रोक लगाउने काम ।

**बमवर्षा (Bombing/Bombardment)** : विस्फोटक उपकरण प्रयोग गरी मार्ने वा हतियार वा सम्पत्ति मास्ने वा विनाश गर्ने उद्देश्यले गरिएको सघन आक्रमण ।

**बाँधा श्रम (Bondage Labour)** : कुनै पनि व्यक्तिको इच्छाविरुद्ध जबर्जस्ती रूपमा कुनै न कुनै बहानामा बाध्य पारी काम गर्न लगाउने कार्य ।

**घुसखोरी (Bribery)** : आर्थिक अनियमितताबाट सिर्जना हुने सामाजिक अपराध, यसले कुनै व्यक्तिको स्वतन्त्रतामाथि असर पार्ने काम गर्दछ ।

**बफर राज्य (Buffer State)** : दुई शत्रु राष्ट्र वा कूटनीतिक सम्बन्ध राम्रो नभएका राष्ट्रका बीचमा भएको सानो वा युद्ध क्षमता कम भएको तर तटस्थ विदेश नीति भएको देश ।

**मृत्युदण्ड (Capital Punishment)** : अधिकारप्राप्त अदालतद्वारा कानूनका आधारमा मृत्युदण्डको सजाय सुनाइएको मानिसको राज्यद्वारा ज्यान लिने कार्य । युरोपेली संगठन, दक्षिण अमेरिकी राष्ट्रहरू, नेपाललगायत विश्वका धेरै राष्ट्रले मृत्युदण्डलाई वैधानिक रूपमै खारेज गरेका छन् तर अमेरिका, चीन, भारत तथा अधिकांशतः मुस्लिम देशमा यो खारेज भएको छैन ।

**जात प्रथा (Caste System)** : परम्परागत ढंगले जन्मजात रूपमा प्राप्त हुने सामाजिक स्तरीकरण ।

**युद्धविराम (Ceasefire)** : युद्ध वा सशस्त्र द्वन्द्वको अस्थायी विराम । युद्धरत दुवै पक्ष निश्चित समयावधिका लागि युद्धका गतिविधि रोक्न सहमत भएका हुन्छन् ।

**पूर्व-प्रतिबन्ध (Censorship)** : प्रकाशन र मनोरञ्जनमा राज्यद्वारा गरिने नियन्त्रणलाई पूर्व-प्रतिबन्ध भनिन्छ ।

**बडापत्र (Charter)** : कुनै अन्तर्राष्ट्रिय वा क्षेत्रीय सन्धि-सम्झौता, आलेख वा प्रतिज्ञा-पत्र । उदाहरणका लागि संयुक्त राष्ट्रसंघको बडापत्र, मानिस र जनताका अधिकारसम्बन्धी अफ्रिकी बडापत्र ।

**बालबालिका (Child)** : बालअधिकार महासन्धि, १९८९ को धारा १ अनुसार कुनै प्रचलित कानूनमा अन्यथा भएबाहेक सामान्यतः १८ वर्षमुनिका मानिस ।

**बाल दुर्व्यवहार (Child Abuse)** : भौतिक वा मनोवैज्ञानिक रूपले बालबालिकाप्रति ठूला व्यक्तिले गर्ने दुर्व्यवहार ।

**बालश्रम (Child Labour)** : १८ वर्ष उमेर नपुगेका वा प्रचलित कानूनले तोकेभन्दा कम उमेर समूहका बालबालिकाले गर्ने मजदुरी । कुनै-कुनै बालश्रम भने कानूनद्वारा स्वीकृत हुन्छ । जस्तै- घरायसी काममा सामान्य स्वेच्छिक सहयोग गर्ने, आफूभन्दा साना बालबालिकालाई सकेको सहयोग गर्ने ।

**बालसैन्य (Child Soldier)** : सैन्य प्रयोजनका लागि बालबालिका प्रयोग । युद्धको अर्थ र त्यसबाट हुन सक्ने खतरा नबुझेका बालबालिकालाई सैनिक प्रयोजनका लागि उपयोग गर्नु बालघात वा धार्मिक अन्धविश्वासका हिसाबले गरिने बाल बलिसरह हो ।

**नागरिक (Citizen)** : निर्वाचन आदिमा मत खसाल्न पाउनेजस्ता हक वा अधिकार प्राप्त व्यक्ति । सुरक्षा फौजको सदस्य नभएका सर्वसाधारण ।

**नागरिक तथा राजनीतिक अधिकार (Civil and political Rights)** : राजनीतिक उद्देश्यका लागि सरकारले स्वेच्छाचारी ढंगबाट नागरिक हक उल्लंघन गर्नु हुन्न भन्ने तथ्य आत्मसात गर्दै राज्यद्वारा सुनिश्चित नागरिक अधिकार ।

**नागरिक समाज (Civil Society)** : मौलिक रूपमा नागरिक समाज भन्ने शब्दावली समाज र राज्य दुवैका निम्ति प्रयोग हुन्छ । तर, हिजोआज नागरिक समाज भन्नाले राज्यका निकायबाट अलग र राज्यसँगको सम्बन्धमा आफ्नै अस्तित्त्व भएका समकालीन समाज प्रणालीका संगठन र संस्थाहरूलाई बुझाउँछ ।

**गृहयुद्ध (Civil War)** : राज्यसत्ताका निम्ति संगठित समूहबीच हुने सशस्त्र लडाइँ ।

**जोरजुलुम (Coercion)** : कानूनले अधिकार नै नदिएको अवस्थामा कुनै व्यक्ति वा समूहले हिंसाका माध्यमबाट अर्को पक्षलाई गैरकानूनी, अनुचित वा अन्य कुनै काम गर्न बाध्य पार्ने आपराधिक कार्य ।

**साझा धारा ३ (Common Article 3)** : रेडक्रसको अन्तर्राष्ट्रिय समितिको सक्रियतामा सम्पन्न जेनेभा महासन्धि पनि भनिने यो प्रावधान आन्तरिक सशस्त्र संघर्षमा फसेका मुलुकमा लागू हुन्छ । यसले आन्तरिक सशस्त्र संघर्षरत पक्षलाई आचारसंहिताले बाँध्ने प्रयास गरेको छ ।

**क्षतिपूर्ति (Compensation)** : कसैको नोक्सानीको पूर्ति । कुनै गैरकानूनी कार्यको असर यथासम्भव समाप्त गर्न तथा त्यस्तो कार्य नहुँदा कायम हुन सक्ने सम्भावित स्थितिलाई पुनः स्थापित गर्न क्षतिपूर्ति आवश्यक हुन सक्छ ।

**द्वन्द्व (Conflict)** : हिंसा विस्तारका लागि प्रयोग गर्न सकिने लाभदायक विषय प्राप्तिका लागि दुई वा दुईभन्दा बढी पक्षले उद्देश्यमूलक ढंगबाट एकअर्काविरुद्ध गरिएको निषेधात्मक वा दण्डात्मक कार्य ।

**शारीरिक दण्ड (Corporal Punishment)** : कोर्रा लगाउने, पिट्ने, डाम्ने, तातो फलामले सेक्ने, अंगभंग गर्ने आदि तवरले दिइने दण्ड ।

**मानवताविरुद्धको अपराध (Crime against Humanity)** : हत्या, संहार, दासता, निष्कासन तथा युद्ध समयमा वा युद्धअघि गैरसैनिक जनसमुदायविरुद्धको कुनै पनि अमानवीय कार्य वा कुनै अपराध वा सजाय सम्बन्धमा राजनीतिक, जातीय वा धार्मिक आधारमा कारबाही गरिनु ।

**सांस्कृतिक अधिकार (Cultural rights)** : प्रत्येक व्यक्ति वा समुदायले आआफ्ना परम्परा, रीतिस्थिति, चालचलनअनुसार विभिन्न संस्कार गर्ने वा त्यस्ता संस्कारमा सहभागी हुने अधिकार ।

**रङ्गभेद (Apartheid)** : बेलायती वा युरोपेली मुलुकका गोरा शासकले अफ्रिकी मुलुकका बहुसंख्यक काला जातिलाई थातथलोबाट हटाउने, मतदानलगायतका अधिकारबाट वञ्चित गर्ने काम गरेकै समयमा पहिलोपटक यस शब्दको प्रयोग गरिएको थियो ।

**बेपत्ता (Disappearance)** : हतियारधारी वा शक्तिशाली व्यक्ति वा समूहले नियन्त्रणमा लिएको तर औपचारिक रूपमा निज आफूसँग भएको भनी जानकारी नदिएको व्यक्ति । सरकारी र विद्रोही पक्षले नाजायज शक्ति प्रयोग गरी व्यक्तिलाई गुपचुप रूपमा मार्ने तर सार्वजनिक रूपमा जानकारीमा नल्याउने गरेको पाइन्छ ।

**स्वीकार प्रक्रिया (Admissibility)** : पहुँच, प्रवेशावस्था, सुनुवाइ, पुर्पक्ष वा अन्य प्रक्रियामा प्रमाणका लागि स्वीकृति दिन सकिने अवस्था वा योग्यता । कुनै उजुरी वा

मुद्दालाई मानवअधिकारसम्बन्धी कुनै अन्तर्राष्ट्रिय संयन्त्रमा पेश गर्न आवश्यक शर्त पूरा भएका छन् कि छैनन् भनी परीक्षण गर्ने कार्य ।

**स्वेच्छाचारी गिरफ्तारी (Arbitrary Arrest)** : सरकारी अधिकारी वा सरकारी हैसियतमा कार्यरत कुनै व्यक्तिले आफ्नो पहल वा समर्थनमा कानूनी प्रक्रियाविपरीत कसैलाई थुनामा राख्ने कार्य ।

**सशस्त्र आक्रमण (Armed Attack)** : एउटा संगठित समूह वा राज्यद्वारा कुनै अर्को संगठित समूह वा राज्यलाई कमजोर, तहसनहस वा नष्ट पार्ने उद्देश्यबाट गरिएको हिंसात्मक आक्रमण ।

**सशस्त्र शक्ति (Armed Force)** : सामान्यतः सरकारले पृष्ठपोषण गरेका प्रतिरक्षा दस्ता, युद्ध शक्ति वा त्यस्ता संस्था भन्ने बुझिन्छ । सशस्त्र शक्ति मुख्यतया दुई प्रकारका हुन्छन्- नियमित सेना र नागरिक सेना ।

**हिरासत (Detention)** : कुनै अभियोग लागेका आधारमा सजाय नपाईकनै व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित रहनुपर्ने अवस्था ।

**क्षमादान वा आममाफी (Amnesty)** : विधायिकी निकायद्वारा कसैमाथिको दण्ड सजाय मात्र होइन, अपराधसमेत खारेज गरिने कार्य ।

## जनसम्पर्क र सूचना स्रोत

वास्तवमा व्यक्तिगत स्तरमा सम्पर्क विस्तार नै जनसम्पर्क विस्तारको आधार हो । कानूनी अधिकार प्रयोग गरी अर्थात् सूचनाको हक प्रयोग गरेर जानकारी प्राप्त गर्छु भनेर मात्र व्यवहार चल्दैन । त्यसको महत्त्व आफ्नो ठाउँमा ठूलो छ तर दैनिक जानकारीका लागि व्यक्तिगत सम्पर्क नै आधारभूत हुन आउँछ ।

व्यक्तिगत सम्पर्क विस्तार एक कला हो । परिस्थिति र परिवेशअनुसार कला देखाउन जान्नुपर्छ । तर, यसको खास सूत्र भने हुन्न, त्यसले काम पनि गर्दैन, तर पनि सर्वप्रथम समाचार स्रोत बनाउन सम्बद्ध व्यक्ति वा संस्थाले आयोजना गर्ने कार्यक्रममा सरिक हुने, जिम्मेवार व्यक्ति भेट्ने, त्यस संस्थाको आवधिक प्रतिवेदन अध्ययन गरेर राम्रा कामको सराहना र सुधार गर्नुपर्ने विषयमा सभ्य किसिमले सुझाव दिने गर्नुपर्छ ।

उनीहरूका बारेमा आफूले वा अरूले प्रकाशित गरेका समाचारलाई लिएर सन्तुलित रूपमा आफ्ना धारणा राख्दा पनि संस्थाका सरोकारवाला व्यक्तिहरू तपाईंसँग आकर्षित हुन सक्छन् । उनीहरूका फोन नम्बर लिने, समयसमयमा फोन गर्ने र उनीहरूसँग सम्बद्ध विषयमा चासो देखाउने गर्दा एक प्रकारको व्यावसायिक तथा मानवीय सम्बन्ध स्थापना

हुन्छ। यही सम्बन्धका कारण तपाईंलाई उसले फोन गरेरै समाचार दिने समय पनि आउँछ। यसका लागि तपाईंमा देहायका गुण हुन भने अनिवार्य छ :

**इमानदारी** : पेशागत इमानदारी पहिलो गुण हो । पत्रकारले निहित स्वार्थका लागि समाचारको आवरणमा सम्पर्क बढाउन खोजेको हो भने जनसम्पर्क टिकाउ नहुन सक्छ। एक-दुइटा प्रवर्द्धनात्मक समाचार लेखिदिने, त्यसपछि कसैलाई जागिर लगाइदिन अनुरोध गर्ने, विज्ञापनका लागि दबाब दिने, सहयोग नगरे नकारात्मक समाचार लेखिदिन्छु वा प्रसारण गर्छु भनेर धम्की दिने कार्यले इमानदारी चकनाचुर हुन्छ। जनसम्पर्क सूत्रका रूपमा तयार पारेको व्यक्ति टाढिन्छ।

**जिम्मेवारी** : समाचार प्रकाशित-प्रसारित भएपछि जे-जस्तो प्रभाव वा असर पर्छ, त्यसको जिम्मेवारी तपाईंले लिनुपर्छ । 'सूचना पाएँ, लेखिदिएँ, मलाई परिणामको के मतलब' भन्ने व्यवहारले जिम्मेवार पत्रकार बनाउँदैन । राज्यले कुनै व्यक्तिको मानवअधिकार हनन गरेको समाचार बनाएका कारण ऊ अझ जोखिममा पर्ने सम्भावना छ भने उसको सुरक्षा-चिन्ता पनि तपाईंमा हुनुपर्छ, सुरक्षित रहन तपाईंले सघाउनुपर्छ। यौन हिंसामा परेकी महिलाका बारेमा समाचार लेखिदिँदा उनी अझ दबाब र जोखिममा पर्छिन् भने उनलाई जिम्मेवार र सक्षम संस्थाको संरक्षणमा पुऱ्याएपछि मात्र कलम चलाउनुपर्छ । यसो गर्दा एकसाथ तपाईंले एकै मुद्दामा अनेक समाचार सन्दर्भ पाउनुहुन्छ, अनुगमन समाचार पनि बढेर जान्छन् ।

**तार्किक प्रस्तुति** : कहिलेकाहीं समाचार दिने व्यक्तिका विपक्षमा पनि समाचार लेख्नुपर्ने हुन्छ। तपाईंसँग बलियो तर्क र प्रमाण छ भने ऊ फेरि पनि तपाईंको प्रशंसक नै रहन्छ। केही क्षण उसलाई रिस उठे पनि अन्ततोगत्वा 'सम्झौता नगर्ने पत्रकार' भन्दै ऊ तपाईंको प्रशंसक बन्न सक्छ, पुनः समाचार दिन सक्छ।

**तटस्थता** : तटस्थता चुनौतीको विषय हो। मिडिया समाचार बेचेर आर्थिक लाभ कमाउने व्यवसाय हो। व्यापारका लागि सञ्चार संस्थाहरूले सम्झौता गरेका, तटस्थता गुमाएका, व्यापार दिने र विज्ञापनमा सघाउने पक्षको विरोधमा कलम नचलाउने गरेका उदाहरण यत्रतत्र पाइन्छन्। मानवअधिकार विधाका पत्रकारले पेशागत इमानदारीमा सम्झौता गऱ्यो भने कतै कसैको मानवअधिकार हनन भइरहेको हुन सक्छ। त्यसैले समाचारमा तपाईंको संस्था तटस्थ हुँदैन भने तपाईंले तटस्थ गराउन आफ्नो स्तरबाट पहल गर्दै कम्तीमा आफू भने स्वच्छ र तटस्थ रहनैपर्छ।

**दक्षता** : तपाईं स्वच्छ र इमानदार छविको पत्रकार भएर मात्र पुग्दैन, क्षमतावान् पनि हुनुपर्छ। शक्ति केन्द्रहरू समाचार लुकाउन चाहन्छन्। त्यसलाई बाहिर ल्याउन नदिन मोर्चा

कसेर बसेका हुन्छन् । एकातिर समाचार बाहिर ल्याउन नै तपाईंले ठूलो चातुर्य देखाउनुपर्छ भने अर्कातिर त्यसको प्रस्तुतिमा पनि चलाखी आवश्यक हुन्छ ।

मानवअधिकार रिपोर्टिङमा जनसम्पर्क बढाउन यस विधासँग सरोकार राख्ने संस्था र व्यक्तिको पहिचान आवश्यक हुन्छ । नेपालको सन्दर्भमा देहायका संस्था र व्यक्तिसँग सम्पर्क बढाएर खोजेका समाचार प्राप्त गर्न सकिन्छ :

- राष्ट्रिय मानवअधिकार, महिला आयोगलगायतका संवैधानिक आयोगहरू ।
- मानवअधिकार पत्रकार संघ (हुर्जा)
- गैरसरकारी संस्था महासंघ नेपाल
- मानवअधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था
- संयुक्त राष्ट्रसंघीय निकायहरू
- मानवअधिकार, महिला अधिकार, बालअधिकार, अभिव्यक्ति स्वतन्त्रताजस्ता विधामा विद्यावारिधि गरेका व्यक्ति, प्राध्यापक, शिक्षक, अभियन्ता ।
- मानवअधिकारका लागि वकालत गर्दै आएका अधिवक्ता ।
- मानवअधिकारसम्बन्धी संस्थामा रहेर काम गरेका पूर्व पदाधिकारी ।
- मानवअधिकारसम्बन्धी विभिन्न आवधिक प्रकाशन तथा प्रतिवेदन ।
- मानवअधिकारका विषयमा लेखिएका पुस्तक र पत्रपत्रिका, अनलाइन न्यूज पोर्टल ।
- माथिका संस्था, प्रकाशन तथा व्यक्तिसँग सम्बन्धित वेबसाइट, सामाजिक सञ्जाल आदि ।

## ध्यानाकर्षणका केही बुँदा

- मानवअधिकार हनन भएका कारण पीडितले उजुरी नदिए पनि मिडियामा प्रकाशित-प्रसारित समाचारकै आधारमा मानवअधिकार रक्षक निकायहरूले कारबाही चलाएका छन् । 'सुओ मोटो' भनिने यस अभ्यासले एक रिपोर्टर कति जिम्मेवार हुनुपर्दो रहेछ भन्ने प्रस्ट पार्छ (आचार्य २०६४ : ५९) ।

- रिपोर्टरका हातमा त्यस्तो सञ्चारमाध्यम छ, जसको सकारात्मक प्रयत्नले सरकार र मानवअधिकार रक्षक संयन्त्र आफ्ना नागरिकले पाउनुपर्ने अधिकारप्रति उत्तरदायी हुन्छन् ।

- मानवअधिकार हननका विषय घटनाप्रधान समाचारभन्दा बढी प्रक्रियाप्रधान हुन्छन् । प्रेस-विज्ञप्ति आदि बनेर 'मलाई छाप' भन्दै त्यस्ता समाचार आउँदैनन् । पत्रकारकै तर्फबाट पहल, खोजी, अनुसन्धान र विश्लेषणपछि बल्ल समाचार बन्छ (प्याकुरेल र अर्याल सन् २००२ : ११७) ।

- मानवअधिकारका लागि पैरवी पत्रकारिता गर्न सकिन्छ । यस्तो पत्रकारिता पीडितले न्याय नपाएसम्म विभिन्न कोणबाट समाचार, फिचर, टिप्पणी, सम्पादकीय आदि लेखेर गरिन्छ ।

- बाँच्न पाउने अधिकारसम्म हनन भएका पीडित पक्षलाई सघाउने, पीडकलाई उम्कन नदिने, दण्डहीनता अन्त्य गरी मानवअधिकार संरक्षण र संवर्द्धनका लागि राज्य तथा सरोकारवाला निकायलाई बाध्य पार्ने शक्ति सञ्चारकर्मीमा छ, त्यसको सदुपयोग गरौं (घिमिरे र पौडेल सन् २०१२ : ४५) ।

- स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक आदि विभिन्न प्रकारका द्वन्द्वलाई सतहमा ल्याएर समाधानको बाटो पहिल्याइदिने काममा नेपालका स्वतन्त्र रेडियोहरूको सशक्त योगदान दोस्रो जनआन्दोलनताका नै देखिएको हो (ढुङ्गेल २०६४ : ११४) । यस प्रकारको योगदान मानवअधिकार सचेत पत्रकारबाटै सम्भव छ ।

- मानवअधिकार पत्रकारिता गर्ने पत्रकारले अरू किसिमका लाभ हासिल नगरे पनि दुईथरी लाभ अवश्य पाउँछन्- आत्मसन्तुष्टि र प्रसिद्धि । पीडितलाई मानवअधिकार दिलाउनुको सन्तुष्टि जीवनभर काम गरे पनि सबैले पाउँदैनन् । मानवअधिकार अन्तर्राष्ट्रिय चासोको विषय भएकाले समाचारसँगै 'बाइलाइन' पनि अन्तर्राष्ट्रिय हुन सक्छ ।

## सन्दर्भ–सामग्री

आचार्य, भानुभक्त । २०६४ । *मानवअधिकार पत्रकारिता : सिद्धान्त र व्यवहार* । काठमाडौँ : पैरवी बुक हाउस ।

कानून किताब व्यवस्था समिति । २०४७ । *नेपाल अधिराज्यको संविधान, २०४७* । काठमाडौं : कानून किताब व्यवस्था समिति, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, श्री ५ को सरकार ।

खनाल, चिरञ्जीवी, भगीरथ योगी र प्रदीप घिमिरे । सन् २००२ । मानअधिकार : समाचार सम्प्रेषण विधि । *समाचार सम्प्रेषणमा मानवअधिकार* । शोभाकर बुढाथोकी र प्रदीप घिमिरे, सं. । काठमाडौं : मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र ।

घिमिरे, गणेशप्रसाद र किशोरकुमार पौडेल । २०६९ । *मानवअधिकार र पत्रकारितासम्बन्धी हाते पुस्तक* । काठमाडौं : मानवअधिकार पत्रकार संघ (हुर्जा) ।

ढुङ्गेल, विनोद । २०६४ । *शाही शासनमा स्वतन्त्र रेडियो : दमन र प्रतिरोधको कथा* । काठमाडौं : मार्टिन चौतारी ।

तिमिल्सिना, ताराप्रसाद र मनीषकुमार श्रेष्ठ, सं. । २०७२ । *नेपालको संविधान* - २०७२ *(एक संक्षिप्त टिप्पणी)* । काठमाडौं : स्वदेश प्रकाशन प्रा.लि. ।

तिमिल्सिना, देविका, सं. । २०६१ । *सशस्त्र द्वन्द्वका समयमा बालअधिकारको रक्षा र सुरक्षा निकायको भूमिका* । काठमाडौं : मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल ।

दाहाल, राजेन्द्र । २०६४ । सफल संयोजन । *मानवअधिकार पत्रकारिता : सिद्धान्त र व्यवहार,* भानुभक्त आचार्य । काठमाडौं : पैरवी बुक हाउस ।

प्याकुरेल, सुशील र कुन्दन अर्याल ।  सन् २००२ । *मानवअधिकार र प्रेस* । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट र अनौपचारिक क्षेत्र सेवा केन्द्र ।

भट्टराई, रवीन्द्र, अनु. । सन् २००८ । *मानवअधिकार समाचार लेखन हाते किताब* । काठमाडौं : नेपाल पत्रकार महासंघ र अन्तर्राष्ट्रिय पत्रकार महासंघ ।

हिमाली प्रकाशन । *नेपालको अन्तरिम संविधान, २०६३ (दोस्रो संशोधन, २०६४ सहित)* । काठमाडौं : हिमाली प्रकाशन ।

Johnson, Ben. The History of the Magna Carta. *Historic UK*. Available at https://www.historic-uk.com/HistoryUK/HistoryofEngland/The-Origins-of-the-Magna-Carta/; accessed July 7, 2023.

Kumar, Laxmi Mohan. 2022. *On National Press Day: Know Who Termed Media as Fourth Estate & How India Eulogised It Over Years.* Available at https://thelogicalindian.com/trending/media-as-the-fourth-estate-indias-press-freedom-over-years-38687; accessed July 10, 2023.

Shaw, Ibrahim Seaga. 2011. *Human Rights Journalism: A Critical Conceptual Framework of a Complementary Strand of Peace Journalism.* Available at https://core.ac.uk/download/pdf/41240029.pdf; accessed July 4, 2023.

# न्यायिक समाजका लागि सशक्त आवाज

**नितु पण्डित**

पत्रकारिताका विशिष्टीकृत विधामध्ये महिला तथा बालबालिका एक सशक्त विधा हो। यसबारे छलफल गर्दा पत्रकारिताका कुरा मात्र नगरेर महिला विकासको पाटो केलाउनु जरुरी हुन्छ।

महिला विकासको अवधारणा सन् १९५० देखि ६० को दशकमा कल्याणकारी सोचमा आधारित थियो। महिलालाई छोरी, श्रीमती वा बुहारीका भूमिकामा महत्त्व दिएर कार्यक्रम अघि बढाइएका थिए। यसले महिलाका अवस्थामा खासै परिवर्तन ल्याउन सकेन।

सन् १९७० को दशकमा महिलालाई आर्थिक-सामाजिक परिवर्तनमा समावेश गर्ने उद्देश्यले 'विकासमा महिला' को अवधारणा आयो। यो महिलालाई कसरी विकासका विभिन्न आयाममा बढीभन्दा बढी समावेश गर्न सकिन्छ भन्नेमा केन्द्रित थियो। त्यसो गर्दा उनीहरूमाथि भएका असमानता अन्त्य हुन्छ भन्ने रणनीति त्यसमा थियो। यसले महिलाका तत्कालीन अवस्थामा त केही सुधार आयो तर अवस्थितिमा तात्विक भिन्नता आएन।

सन् १९८० को दशकमा विकासलाई नै महिलामुखी बनाउने अवधारणा आयो। यसले विकासका हरेक आयामले महिलाका कार्यबोझ कम गर्छ/गर्दैन विश्लेषण गर्न थाल्यो।

सन् १९९० को दशकमा आइपुग्दा महिलाका विषय मात्र उठान गरेर पुग्दैन, महिला-पुरुष सम्बन्धका बारेमा पनि बहस हुन जरुरी छ भन्ने अवधारणा विकास भयो ।

अन्तर्राष्ट्रिय रूपमा हेर्दा महिला विकाससम्बन्धी सन्धि-सम्झौताहरूलाई मुख्य रूपमा बुझ्न जरुरी छ । सन् १९१० मा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको घोषणा गरियो । १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गऱ्यो । यसले मानवको नैसर्गिक अधिकार लैंगिक भेदभावविना उपभोग गर्न पाउने घोषणा गऱ्यो । त्यसपछि महिला विकासमा धेरै परिवर्तन आउन थाल्यो ।

सन् १९७५ पछिको एक दशकको अवधिलाई संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय महिला विकास दशकका रूपमा मनाउन आह्वान गऱ्यो । त्यसपछि हरेक पाँच वर्षमा विश्व महिला सम्मेलन आयोजना भयो । महिला र विकासमा नयाँ परिभाषा थपिँदै गए । यहीबीचमा महिलाविरुद्धका सबैखाले भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ आयो ।

सन् १९९५ मा चीनको बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनले महिला अधिकार र समानताका लागि १२ वटा क्षेत्र पहिचान गरी कार्ययोजना पारित गऱ्यो । एक सय ८९ देशका सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिले पहिचान गरेका क्षेत्रमध्ये महिला र मिडिया पनि एक हो । आवाजविहीनहरूको आवाज मानिने मिडियाले महिलाका आवाजलाई कसरी नीति निर्माण तहसम्म पुऱ्याउने र नागरिकका लागि स्थापना भएका हक-अधिकारलाई महिलासम्म पुऱ्याउन कसरी काम गर्ने भन्ने विषय महिला अधिकारका मूल मुद्दा बन्न पुगे । मिडियाले प्रस्तुत गर्ने विषयवस्तुले उनीहरूको कस्तो छवि निर्माण गर्छ भन्ने गम्भीर छलफलको मुद्दा बन्न थाल्यो ।

बेइजिङ कार्ययोजनालाई आधार मानेर राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले जारी गरेको 'जेन्डर सेन्सेटिभ इन्डिकेटर' मा मिडियाले विना कुनै भेदभाव अथवा परम्परागत छवि मात्र प्रस्तुत नहुने गरी महिला र पुरुषका विषय प्रस्ट्याउन समुद्रमा पानी बग्दा देखिने सेतो धर्सोसँग मिडियालाई तुलना गरिएको छ । मिडियाले महिला-पुरुष, किशोर-किशोरी मात्र होइन कि उनीहरूका क्षमता प्रभावित पार्ने सामाजिक अवस्था, विभेद जस्ता विषय नजरअन्दाज गरी प्रस्तुत गरिँदा न्याय हुन नसक्ने कुरालाई अंगीकार गरेको छ ।

## महिला र पत्रकारिताको विकासक्रम

हरेक तह र तप्कामा सहभागिता र समानताका लागि अवसरको खोजी गरिरहँदा महिलाका विषय मिडियाको पनि मुख्य चासोको विषय हो भन्ने मान्यता स्थापना हुँदै आएको छ ।

एक्काइसौं शताब्दीसम्म आइपुग्दा महिला विकासका तीन चरण पार भएका छन् । महिलालाई मताधिकारको माग गर्दै संयुक्त राज्य अमेरिकाबाट शुरू भएको महिला अधिकारको पहिलो चरणको आन्दोलन संसारभर फैलियो । दोस्रो चरणमा सामाजिक अभियान भए । यी महिलाको स्वतन्त्रता अवरोधका रूपमा रहेका सामाजिक तथा सांस्कृतिक व्यवहार हटाउनमा केन्द्रित थिए । यसमा विज्ञापन र मिडियामा प्रस्तुत हुने महिलाको छवि, असमान ज्याला र अवसरका बारेमा वकालत भयो ।

तेस्रो चरणमा आइपुग्दा लैंगिक भूमिकाका विषयमा बहसहरू केन्द्रित रहेका छन् । सन् १९९० देखि नै गम्भीर रूपमा महिला र मिडियाका विषयमा बहस हुन थालेका हुन् । चौथो विश्व महिला सम्मेलनपछि भने नीतिहरू बन्ने र मिडियाले महिलाका विषयवस्तु उठानका साथै पत्रकारितामा महिला सहभागिताका विषयलाई पनि मूल मुद्दाका रूपमा अगाडि आएका छन् ।

नेपालमा पनि सरकारी तवरमा महिला तथा बालबालिका मन्त्रालय स्थापना भयो । राष्ट्रिय महिला आयोग बन्यो । मिडियासँग काम गर्न गैरसरकारी तवरमा पनि पहल भए । मिडियामा महिला सहभागिता र यससम्बन्धी विषयवस्तुको मूल प्रवाहीकरणका काम भए र भइरहेका छन् ।

समग्रमा, मिडिया र महिला सम्बन्ध तथा मिडियामा महिलाका विषयवस्तु महिला अधिकारको आन्दोलनसँग जोडिएका छन् । अहिले रेडियो, टेलिभिजन तथा न्यु मिडियाका रूपमा उदाएका विभिन्न प्लेटफर्म समाजका अभिन्न अंग बनिसकेका छन् । यिनले सामाजिक सिकाइका साथै व्यवहार र चालचलनमा पनि फरक ल्याउन थालेका छन् । अन्तर्राष्ट्रिय जगत्मा उन्नाइसौं शताब्दीमा पत्रपत्रिका, सन् १९०० को शुरूताका रेडियो र १९४० को दशकमा टेलिभिजन र १९९० को दशकमा नयाँ मिडियाको थालनीले मिडियामा धेरै परिवर्तन आएको छ । यससँगै लैंगिक दृष्टिकोणमा पनि केही परिवर्तन देखा परेका छन् ।

## नेपालमा लैंगिक हिंसाको अवस्था

राष्ट्रसंघीय जनसंख्या कोषले सन् २०१२ मा ९ सय जना महिलामा गरेको एक अध्ययनबाट प्राप्त तथ्यांकले एक्काइसौं शताब्दीको नेपालमा हुने लैंगिक हिंसाको अवस्थाको यस्तो चित्रण गरेको छ :

- २७ प्रतिशतले शारीरिक हिंसा भोगेका थिए ।
- १५ प्रतिशतले जीवनका कुनै न कुनै कालखण्डमा यौन हिंसा भोग्नुपरेको थियो ।

- ४८ प्रतिशतले जीवनका कुनै न कुनै कालखण्डमा शारीरिक हिंसा भोग्नुपरेको थियो ।

यसपछिका आँकडाले त्यो अवस्था खासै नफेरिएको संकेत दिएका छन् । नेपाल प्रहरीको तथ्यांकअनुसार, आर्थिक वर्ष २०७४/७५ देखि २०७६/७७ मा प्रहरीमा दर्ता भएका अपराधका घटनामध्ये ४० प्रतिशत लैंगिकसँग सम्बन्धित थिए । यस्तो अपराध भोग्नेमा केटा (०.७ प्रतिशत), केटी (१२.१ प्रतिशत), महिला (८२.३ प्रतिशत) र पुरुष (४.८ प्रतिशत) थिए । यस्तो अपराध गर्नेमध्ये १३ प्रतिशत महिला थिए भने ८३.४ प्रतिशत पुरुष थिए ।

नेपालमा प्रहरीकहाँ दर्ता गरिएका लैंगिक हिंसामध्येमा बलात्कार र यौन हिंसा, जबर्जस्ती करणी उद्योग, बहुविवाह, बाल विवाह, बोक्सी आरोप (र त्यसपछि उनीहरूलाई उत्तेजित भीडले गर्ने अमानवीय व्यवहार), अवैध गर्भपात, छुवाछुत, अप्राकृतिक मैथुन, बाल यौन हिंसा, घरायसी हिंसा र दाइजोसँग सम्बन्धित हिंसा मुख्य छन् । लैंगिक हिंसामध्ये घरायसी हिंसाको हिस्सा मात्रै ७७ प्रतिशत छ ।

त्यस्तै नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणले पनि लैंगिक विषयको तथ्यांक दिन्छ । सन् २०१६ को सर्वेक्षणले लैंगिक सम्बन्ध र त्यसबारे आम मानिसका धारणाबारे आँकडा प्रस्तुत गरेको छ । केही उदाहरण तल दिइएको छ ः

- पत्नीले खाना डढाएमा, पतिसँग मुखमुखै लागेमा, पतिलाई नभनीकन घरबाहिर निस्किएमा, केटाकेटीलाई बेवास्ता गरेमा अथवा पतिसँग यौन सम्बन्ध राख्न अस्वीकार गरेमा, पतिले पत्नी कुट्नुलाई ३० प्रतिशत महिला र २३ प्रतिशत पुरुषले ठीक मान्छन् भन्ने तथ्यांक दिएको छ ।

- विवाहित महिलालाई सबैभन्दा बढी (८४ प्रतिशत) शारीरिक हिंसा गर्नेमा हालका पति पर्छन् ।

- विवाहित महिलालाई सबैभन्दा बढी (८० प्रतिशत) यौन हिंसा गर्नेमा हालका पति पर्छन् ।

- पति-पत्नीबीच हुने सबैभन्दा बढी प्रचलित हिंसा शारीरिक हिंसा (२३ प्रतिशत) हो । हाल पनि वैवाहिक सम्बन्धमा रहेका महिला (२६ प्रतिशत) ले भन्दा सम्बन्ध-विच्छेद भएका/विधवा महिलाले आफ्ना जोडीबाट हिंसा भोग्नुपर्ने सम्भावना झन्डै दुई गुणा (४८ प्रतिशत) हुन्छ ।

## लैंगिक संवेदनशील रिपोर्टिङ

मिडियाले महिला, पुरुष वा लैंगिक अल्पसंख्यक समुदायका बारेमा व्यक्त धारणासहित सार्वजनिक मनोवृत्तिलाई आकार दिनमा मुख्य भूमिका निर्वाह गरिरहेको हुन्छ। लैंगिक संवेदनशील रिपोर्टिङले समाजमा रहेका सबै लिंगका मानिसबारे सही चित्र प्रस्तुत गर्न तथा उनीहरूका भूमिकालाई सीमित र अन्यायपूर्ण बनाउने 'स्टेरियोटाइप' प्रस्तुतिलाई बेवास्ता गर्छ।

**फ्री प्रेस अनलिमिटेड** : मिडियाले समाजलाई सही रूपमा प्रतिबिम्बित गर्न र पूर्ण तथा कभरेजमा विविधताका लागि लैंगिक विषय महत्त्वपूर्ण छ। यसले समाजका सबै लिंगका आँखाबाट देखेको संसार प्रतिबिम्बित गर्छ। पत्रकारहरूले समस्याग्रस्त लैंगिक दृष्टिकोणबाट निर्देशित हुँदा महिलाका परम्परागत छविलाई बढावा दिनुभन्दा महिला र पुरुष तथा अन्य लिंगलाई समान रूपमा चित्रण गरेर सामाजमा परिवर्तन ल्याउन मद्दत गर्न सक्छन्।[१]

**जर्नालिस्ट इन्साइट्स** : मिडियाले महिला र पुरुषका बारेमा धारणासहित सार्वजनिक मनोवृत्तिलाई आकार दिन प्रमुख भूमिका खेल्छ । लैंगिक संवेदनशील पत्रकारिता भनेको लैंगिक चस्मालाई पहिलेजस्तै लगाउनु हो। समाचार प्रकाशन वा प्रसारण गर्दा वा कार्यक्रम निर्माण गर्दा पुरुष, महिला वा अन्यलाई समान अवसर सुनिश्चित गर्नु हो । लैंगिक समानता वास्तवमा एक मौलिक अधिकार हो । यो धेरै देशको संविधानमा निहित छ। यसलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा पनि उल्लेख गरिएको छ।

समाचारले समाजलाई पछाडि छाड्ने मानसिकता परिवर्तन गर्ने क्षमता राख्छ किनभने यसले मानव जीवनमा ठूलो प्रभाव त्यति बेला पार्न सक्छ। त्यसका लागि समाचार कक्षमा पत्रकारिता र लैंगिकताका विषयमा जानकार व्यावसायिक पत्रकार हुनुपर्छ।

मिडियाको विकासक्रममा स्वामित्व, स्वतन्त्रता, बहुलता जस्ता विषय विस्तारै प्रवेश भएको पाइन्छ। नेपालमा पनि मिडियाको विकास राजनीतिक र सामाजिक विकाससँगै अघि बढिरहेको देखिन्छ। मिडियाका विषयवस्तु र जनशक्तिमा बहुलताका विषयलाई मिडिया सञ्चालन मोडलले प्रभाव पारिरहेको हुन्छ।

---

१. https://kq.freepressunlimited.org/themes/gender-equality/gender-in-media-content/gender-sensitive-reporting/; accessed July 5, 2023.

मिडियाको विकास र महिला सशक्तीकरण एकअर्कामा अन्तरसम्बन्धित छन् । महिला विकासको दोस्रो र तेस्रो चरणमा मिडिया बढी संलग्न थिए । मिडियामा प्रविधिको विकास र सोसल मिडियाको प्रयोगसँगै लैंगिक विषयका सूचनामा पहुँच सहज भएको थियो । यद्यपि समाजमा विद्यमान विभेद र असमानताका साथै मानिसका सोचाइमा रहेका लैंगिक-विभेदी छवि हटाउन मिडियाको अझै पनि महत्त्वपूर्ण भूमिका छ । मिडिया पनि यही समाजका उपज भएकाले मिडियाकर्मीमा जानेर वा नजानेर हुने आग्रह र लैंगिक बुझाइको कमीले मिडिया अझै पनि अपेक्षित रूपमा संवेदनशील हुन सकेको छैन ।

लिंगका आधारमा हुने विभेद र गलत अभ्यास हटाउन विषयवस्तु छनोट गरी त्यस्ता विषय उजागर गर्दै समाज विकासमा टेवा पुऱ्याउन पत्रकारले पत्रकारितामार्फत गर्ने काम नै लैंगिक संवेदनशील पत्रकारिता हो । यसले समाजमा भएका विभेद अन्त्य गर्न त्यस्ता विषयवस्तुका शिक्षा, चेतना, विभेदपूर्ण नीति र सामाजिक विकासका कारणले आवाजविहीन बन्न पुगेका महिला र बालबालिकाका विषयलाई मिडियामा ल्याउन, उनीहरूका आवाज बुलन्द बनाउन र विकासका सबै चरणमा उनीहरूको पहुँच बढाउन मद्दत पुऱ्याउँछ ।

केही वर्षअघिसम्म सामाजिक विधाअन्तर्गत राखिने महिलाका विषयले स्वतन्त्र अस्तित्त्व पाएको छ । यो विषय महिला मात्रको होइन, यसभित्रका विविधतालाई सँगै अघि बढाउनुपर्छ भन्ने अवधारणाको विकाससँगै यसलाई लैंगिक विषयका रूपमा हेरिन थालिएको छ । नेपालमा पनि लैंगिक विषय एक छुट्टै विधाका रूपमा स्थापित भएको छ । लैंगिक विभेद, असमानता तथा स्रोतमा पहुँच पुऱ्याउन मिडियाले विषयवस्तु उठान गरिरहेको छ ।

## महिला पत्रकारिताको उद्देश्य

लैंगिक विभेद अन्त्य गरी समतामूलक समाज अर्थात् न्यायिक समाज निर्माण गर्नु यस विधाको मुख्य उद्देश्य हो । यस विधाले पत्रकारितामार्फत लैंगिक विषयहरूको उठान गरेर हिंसा र विभेद हटाउनुका साथै भौतिक संरचना तथा सेवा उपयोगमा महिलाको पहुँच बढाउन मद्दत गर्छ । उनीहरूका आवश्यकता पहिचान गरी त्यसलाई सम्बोधन गर्न नीति निर्मातालाई झक्झकाउनु नै यसको उद्देश्य हो । मिडियामा प्रयोग हुने भाषा तथा शब्दावलीले निर्माण गर्ने परम्परागत र विभेदपूर्ण लैंगिक छवि हटाएर समय र समाजसुहाउँदो बनाउनु यसको अर्को उद्देश्य हो ।

मिडियामार्फत लैंगिक समता र महिला सशक्तीकरणमा योगदान पुऱ्याउने उद्देश्यले युनेस्कोले लैंगिक संवेदनशील मिडिया इन्डिकेटर जारी गरेको छ।[२] युनेस्कोले मिडिया हाउसभित्र लैंगिक समानता र मिडियाका विषयवस्तुले निर्माण गर्ने लैंगिक छविलाई दुई भागमा वर्गीकरण गरेको छ- मिडियामा महिला सहभागिता र विषयवस्तुका रूपमा महिलाले पाउने स्थान तथा प्रस्तुति।

## युनेस्कोले निर्धारण गरेका सूचक

- समाचार र समसामयिक मामिलाका मिडिया कभरेजमा समाजका संरचना, अनुभव, काम, विचार र चासोलाई प्रस्तुत गर्दा महिला र पुरुषको सन्तुलित उपस्थिति।
- परम्परागत छवि हटाउँदै बहुआयामिक प्रतिनिधित्वको प्रवर्द्धनमार्फत महिला र पुरुषको निष्पक्ष चित्रण।
- लैंगिक समानता र समताका विषयलाई मिडिया मान्यताको महत्त्वपूर्ण र अभिन्न अंगका रूपमा समाजको निगरानीकर्ताको भूमिकामा प्रस्तुत गर्नु।
- विभिन्न प्रकारका सम्पदकीय सामग्री जस्तै- रिपोर्टिङ सम्पादकीय, टिप्पणी, फिचर हरूमा लैंगिक चेतनाका साथ लेखिएको छ भन्ने प्रमाण। यस्ता चेतना राजनीति, अर्थ वाणिज्य, कृषि अथवा अन्य विधामा पनि आवश्यक छ।
- लैंगिक हिंसा मानवअधिकारको अन्तर्राष्ट्रिय अधिकार उल्लंघन हो भन्ने बुझाइ

यी सूचकलाई विभिन्न उपसूचकमार्फत थप प्रस्ट पारिएको छ। मिडियाका विषयवस्तु लैंगिक दृष्टिकोणले संवेदनशील छन् वा छैनन् भन्ने बुझ्न यी सूचकलाई आधार मान्न सकिन्छ।

लैंगिक संवेदनशील पत्रकारिताले तथ्यमा आधारित रहेर सन्तुलित रूपमा सही सूचना दिने मात्र हैन, अन्यायविरुद्ध आवाजसमेत उठाउँछ। समाजका कुप्रथा र कुरीति तथा गलत अभ्यास हटाउन आवाज बुलन्द गर्ने यस विधाले कुसंस्कार र गलत अभ्यासका रूपमा रहेका शदीयौं पुराना आनीबानी परिवर्तन गर्नेदेखि समाज विकासलाई सही दिशा दिने कार्य पनि गर्दछ।

---

२. Grizzle, Alton, ed. 2012. *Gender Sensitive Indicators for Media : Framework of Indicators to Gauge Gender Sensitivity in Media Operations and Content.* Paris : UNESCO. Available at https://unesdoc.unesco.org/ark:/48223/pf0000217831; accessed July 8, 2023.

युनेस्कोले नै महिला तथा बालबालिकामाथि हुने हिंसाका विषयमा कसरी रिपोर्टिङ गर्ने भन्नेबारेमा पनि एकहाते किताब प्रकाशनमा ल्याएको छ। त्यसले यस मामिलामा रिपोर्टिङ गर्ने विभिन्न १० वटा मुख्य क्षेत्र र ती क्षेत्रलाई सम्बोधन र सम्प्रेषण गर्ने १५ उपाय सुझाएको छ।[३]

लैंगिक संवेदनशील पत्रकारिता किन आवश्यक छ ? 'जर्नालिस्ट इन्साइट' को भनाइ यस्तो छ[४] :

> आधुनिक समाजमा मौलिक भूमिका खेले पनि मिडियामा देखिएका महिला संख्याले समाज र दैनिक जीवनमा उनीहरूको सहभागितालाई प्रतिबिम्बित गर्दैन । विश्वभरका हजारौं अखबारका विश्लेषणले देखाउँछन् कि ८० प्रतिशत समाचारयोग्य विषयले पुरुषका बारेमा सरोकार राख्छन्, जम्मा २० प्रतिशत विषय मात्र महिलाका हुन्छन् । त्यसैले पत्रकारले महिलासँग सम्बन्धित विषयलाई पर्याप्त स्थान दिइरहेका छैनन् । जब महिलाले आफ्नो भनाइ राख्छन्, उनीहरू प्रायः पीडित वा कमजोर भूमिकामा हुन्छन् । विज्ञका रूपमा महिला बिरलै अखबारमा अटाएका छन् ।

फ्री प्रेस अनलिमिटेडले सञ्चारमाध्यमले कसरी लैंगिक संवेदनशील रूपमा रिपोर्ट गर्न सक्छन् भन्ने विषयमा यी चार बुँदामा व्याख्या गरेको छ[५] :

- स्रोत र कथाहरूको चयन
- लैंगिक स्टिरियोटाइपको अन्त्य
- लैंगिक संवेदनशील भाषा प्रयोग
- लैंगिक समानता र अधिकारसम्बन्धी विषयहरूको कभरेज ।

कतिपय देशमा लैंगिक संवेदनशील रिपोर्टिङका लागि सरकारी तवरबाटै पनि रचनात्मक प्रयास भएको पाइन्छ। युरोपेली राष्ट्र स्लोभेनियाको विदेश मन्त्रालय र विकास नियोगले

---

३. Impe, Anne-Marie. 2019. *Reporting on Violence Against Women and Girls: A handbook for Journalists.* Paris : UNESCO. Available at https://unesdoc.unesco.org/ark:/48223/pf0000371524; accessed July 9, 2023.

४. Available at https://conseilsdejournalistes.com/en/egalite-genre/01-quest-ce-que-le-journalisme-sensible-au-genre/; accessed July 8, 2023.

५. Available at https://kq.freepressunlimited.org/themes/gender-equality/gender-in-media-content/gender-sensitive-reporting/#sources; accessed July 5, 2023.

संयुक्त रूपमा लैंगिक संवेदनशील रिपोर्टिङका लागि मार्गदर्शन नै तयार गरेको छ।[६]

लैंगिक संवेदनशील पत्रकारिताका क्षेत्रमा अन्तर्राष्ट्रिय पत्रकार महासंघले पनि काम गरिरहेको छ। लैंगिक दुर्व्यवहार पनि मिडियामा ठूलो समस्याका रूपमा रहेको अवस्था आत्मसात गर्दै अन्तर्राष्ट्रिय पत्रकार महासंघले सन् २०२० मा यससम्बन्धी एक नीति नै पारित गरेको छ।[७]

तुलनात्मक रूपमा महिलाको अवस्था राम्रो रहेको मानिने युरोपमा समेत समान कामका लागि असमान ज्याला समस्या कायम रहेको अवस्था छ। यसलाई आत्मसात गर्दै त्यसमा परिवर्तन ल्याउने उद्देश्यले युरोपेली ट्रेड युनियन परिसंघले 'समानताका लागि सौदाबाजी' शीर्षकमा व्यवस्थित प्रकाशन नै ल्याएको छ।[८]

## आचरण र सीप पक्ष

लैंगिक विषयमा कलम चलाउने पत्रकारको लैंगिक विषयमा पनि दख्खल हुनुपर्छ। महिलाहरू शदीयौंदेखि शोषण र दमनमा रहेका कारण पितृसत्तात्मक समाजलाई चुनौती दिँदै परिवारका सदस्यहरूकै विरुद्धमा समेत आवाज उठाउनुपर्ने भएकाले यस विधाका पत्रकार थप संवेदनशील हुनुपर्छ। उनीहरू मानव अधिकार र महिला अधिकारका विषयमा स्पष्ट हुनुपर्छ।

मिडियाले नै महिलालाई थप पीडित बनाउने सम्भावना पनि प्रशस्त भएको हुँदा त्यसलाई नियन्त्रण गर्न सरकारी तवरबाट पनि प्रयास भएका छन्। नेपालको आम सञ्चार नीतिले मिडियाका विषयवस्तु र पेशागत रूपमा महिला सहभागितालाई जोड दिएको छ।

प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६)[९] ले महिलाका विषयमा स्पष्ट व्यवस्था गरेको छ।

---

६. Ramšak, Anita. *Guidelines for Gender Sensitive Reporting.* Available at http://www.ekvilib.org/wp-content/uploads/2017/06/en_GUIDELINES_FOR_GENDER_SENSITIVE_REPORTING.pdf; accessed July 6, 2023.

७. Available at https://www.ifj.org/fileadmin/user_upload/4.3_IFJ_policy_on_sexual_harassment_final_track_changes_-_E.pdf; accessed July 5, 2023.

८. Pillinger, Dr. Jane. 2014. *Bargaining for Equality.* Brussels : European Trade Union Confederation. Available at https://www.ifj.org/what/gender-equality?resource=607; accessed July 8, 2023.

९. https://www.presscouncilnepal.gov.np/np/wp-content/uploads/2019/09/code-of-conduct-2076.pdf मा उपलब्ध; १८ साउन, २०८० मा हेरिएको।

दफा ४(४) मा सामाजिक दायित्वअन्तर्गत पत्रकार तथा सञ्चारमाध्यमले बालबालिका, महिला, ज्येष्ठ नागरिक, अशक्त, असहाय, अपांगता भएका व्यक्ति तथा पछाडि पारिएका उत्पीडित वर्ग, समुदाय, क्षेत्र, भाषाभाषी र अल्पसंख्यक, लोपोन्मुख समुदायको उत्थान र विकासमा विशेष सहयोग पुऱ्याउने गरी सूचना सम्प्रेषण गर्नुपर्ने उल्लेख छ।

त्यसैगरी दफा ५(१) मा पत्रकार तथा सञ्चारमाध्यमले जातीय, लैंगिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक, मानसिक र स्वास्थ्य अवस्थाजस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरी समाचार सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्न नहुने उल्लेख छ। यसैगरी दफा ५(४)(२) मा पत्रकार तथा सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवताविरोधी अपराधबाट प्रभावित व्यक्ति वा पीडित व्यक्तिलाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्न नहुने उल्लेख छ।

आचारसंहिताको दफा ५(१३) मा पनि महिला र बालबालिकाका बारेमा व्यवस्था गरिएको छ । सो दफाको उपदफा (१३)(१) मा पत्रकार तथा सञ्चारमाध्यमले महिलाका बारेमा समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरूका मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन नहुने उल्लेख छ भने दफा (१३)(२) मा बालबालिकासम्बन्धी सामग्री सम्प्रेषण गर्दा बाल संवेदनशीलता प्रतिकूल हुने गरी कार्य गर्न नहुने उल्लेख छ।

काउन्सिलले आचारसंहिताअन्तर्गत नै महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६[१०] जारी गरेको छ। त्यसअनुसार पत्रकार तथा सञ्चारमाध्यमले महिलासम्बन्धी समाचार संप्रेषण गर्दा पालना गर्नुपर्ने विभिन्न सात विषयका कर्तव्य तोकेको छ। ती विषय हुन्- महिलाको सर्वांगीण हित र विकास, महिलाको पेशागत हित र विकास, सारभूत समानताको प्रवर्द्धन, मर्यादित र सकारात्मक समाचार सम्प्रेषण, उत्तरदायित्व र जवाफदेहिता, महिला अधिकार प्रवर्द्धन र लिंगका आधारमा गरिने भेदभावको अन्त्य।

यसका साथै सो निर्देशिकाले महिलासम्बन्धी समाचार सम्प्रेषण गर्दा गर्न नहुने ११ वटा कामको सूची पनि दिएको छ। ती हुन् :

---

१०. https://www.presscouncilnepal.gov.np/np/wp-content/uploads/2020/11/mahila-uttardayi-sanchar-nirdeshika.pdf मा उपलब्ध; १८ साउन, २०८० मा हेरिएको।

- महिलाको सर्वांगीण विकासलाई अवरोध गर्ने रुढिग्रस्त र परम्परागत भूमिकामा आधारित पूर्वाग्राही समाचार सम्प्रेषण गर्नु हुँदैन।
- हिंसाबाट पीडित महिलाको आत्मसम्मानमा ठेस पुऱ्याउने, आश्रित, असहाय, हेय र कमजोर वर्गका रूपमा चित्रण गरी उनीहरूको मनोबल कमजोर तुल्याउने किसिमले समाचार सम्प्रेषण गर्नु हुँदैन।
- कानूनबमोजिम गोप्य राख्नुपर्ने वा व्यक्तिको निजी विषय र गोपनीयताका सबाललाई पेशागत विषयसँग जोडी समाचार सम्प्रेषण गर्नु हुँदैन।
- महिलासम्बन्धी समाचार सम्प्रेषण गर्दा महिला/पुरुष असमान लिंग हुन् र महिला पुरुषसरह समाजका सम्पूर्ण क्षेत्रमा सहभागी हुन सक्दैनन् भन्ने पूर्वाग्राही धारणाबाट प्रभावित हुनु हुँदैन।
- महिलालाई कवेल करुणाको पात्र, कमजोर, असहाय, अबला वा आश्रित व्यक्तिका रूपमा चित्रण गरी समाचार सम्प्रेषण गर्नु हुँदैन।
- कुनै महिला र पुरुषबीच स्वतन्त्र सहमति र समझदारीमा भएका अन्तरङ्ग सम्बन्ध वा निजी व्यवहारलाई समाचार सम्प्रेषणको विषय बनाउनु हुँदैन।
- कुनै घटनालाई अतिरञ्जित गरी, नभएका तथ्य र घटनालाई भएको जस्तो बनाई महिलाप्रति भ्रम सिर्जना हुने वा गर्ने गरी समाचार सम्प्रेषण गर्नु हुँदैन।
- सार्वजनिक नैतिकतामा प्रश्न उठाइएका महिलाका विषयमा कपोलकल्पित र अतिरञ्जित ढंगले समाचार बनाई सम्प्रेषण गर्नु हुँदैन।
- समाचार सम्प्रेषणका माध्यमबाट महिलाका कानूनी अधिकार, व्यक्तिगत स्वतन्त्रता तथा गोपनीयतामा आघात पुऱ्याउनु हुँदैन।
- आम पत्रकार र सञ्चारमाध्यमले महिलाको अपमान, अवहेलना र घरेलु एवं अन्तर र्राष्ट्रिय कानूनद्वारा सुरक्षित/संरक्षित महिला अधिकारविपरीत हुने गरी समाचार सम्प्रेषण गर्नु हुँदैन।
- आम पत्रकार र सञ्चारमाध्यमले महिलासहित पुरुष, तेस्रो लिंगमाथि भेदभाव, असमानता, अपहेलना, दुर्व्यवहार आदि आधारमा सामाजिक विभेद हुने गरी समाचार सम्प्रेषण गर्नु हुँदैन।

नेपालको कानूनले यौन हिंसाका पीडितलाई नाम र ठेगाना नखुलाई कोडिङ गरेर प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेको छ । पीडितलाई थप पीडा हुने गरी पीडक आरोपित र घटनालाई बढाइचढाइ गरेर प्रस्तुत गर्नु हुँदैन । यसले पीडितको मनोबल गिराउन सक्छ । अपवादका रूपमा रहेका घटनालाई समग्रतामा प्रस्तुत गर्दा पनि राम्रा काम गरिरहेका महिलामा नकारात्मक असर पार्न सक्छ । जस्तै : वैदेशिक रोजगारीमा बिदेसिने नेपाली युवाको संख्या बढेसँगै पछिल्ला वर्षमा नेपालमा रहेका एकाध महिलाले आफ्ना पतिलाई धोका दिएर सम्पत्ति हिनामिना गरेको घटनालाई केही मिडियाले समग्रतामा प्रस्तुत गर्ने गरेका छन् ।

अर्को विषय महिलाको सार्वजनिक जीवन पनि छ । पछिल्ला वर्षमा राजनीति, न्याय, निजामती, स्वास्थ्यलगायतका क्षेत्रमा महिला उपस्थिति बलियो रूपमा बढ्दै छ । राष्ट्र प्रमुखदेखि प्रधानन्यायाधीश, सभामुख महिला भइसकेका छन् । तर, हाम्रो मिडियाले महिला विज्ञताको नजरअन्दाज गर्ने गरेका उदाहरण छन्, त्यसो गरिनु गलत हो ।

## बालबालिकाको रिपोर्टिङ

बालबालिका र युवाका बारेमा गरिएका मिडिया रिपोर्टिङले उनीहरूलाई जोखिममा पार्नु हुँदैन । युनिसेफले पत्रकारहरूलाई बालबालिकाको अधिकारसँग सम्झौता नगरी सार्वजनिक हितमा सेवा गर्न सक्षम बनाउने तरिकाले बालबालिकाका मुद्दामा रिपोर्ट गर्न मद्दतका लागि सिद्धान्त र दिशानिर्देश तय गरेको छ ।[११]

### बालबालिकासम्बन्धी समाचार सम्प्रेषणका सिद्धान्त र मार्गदर्शन

- हरेक परिस्थितिमा प्रत्येक बालबालिकाको मर्यादा र अधिकारको सम्मान गर्नुहोस् ।
- बालबालिकाको अन्तर्वार्ता (र रिपोर्टिङ) गर्दा प्रत्येकको गोपनीयता र गोप्यतामा विशेष ध्यान दिनुहोस् । उनीहरूका विचार सुन्ने, उनीहरूलाई असर गर्ने निर्णयमा भाग लिने र हानि र प्रतिशोधबाट जोगाउन मद्दत गर्ने गर्नुहोस् ।
- बालबालिकाका मुद्दाको वकालत र बालअधिकारको प्रवर्द्धनसहित अन्य कुनै पनि विचारमा प्रत्येक बालबालिकाको सर्वोत्तम हितको रक्षा गर्नुहोस् ।

---

११. Available at https://www.unicef.org/eca/media/ethical-guidelines; accessed July 5, 2023.

- बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्ने प्रयास गर्दा उमेर र परिपक्वताका आधारमा उनीहरूका विचारलाई ध्यानमा राख्ने अधिकारलाई उचित ध्यान दिनुहोस् ।
- बालबालिकाको अवस्थाबारे नजिकका व्यक्तिसँग परामर्श गर्नुहोस् र कुनै पनि रिपोर्टको राजनीतिक, सामाजिक र सांस्कृतिक असरका बारेमा राम्रोसँग मूल्यांकन गर्न सक्षम हुनुहोस् ।
- बालबालिका र तिनका भाइबहिनी वा साथीलाई जोखिममा पार्न सक्ने कथा वा छवि प्रकाशन नगर्नुहोस् ।

**बालबालिकाको अन्तर्वार्ताका लागि ६ वटा दिशानिर्देश**

- बालबालिकालाई कुनै पनि किसिमका हानि हुने काम नगर्नुहोस् । त्यस्ता प्रश्न, मनोवृत्ति वा टिप्पणीबाट जोगिनुहोस्, जसले बालबालिकालाई खतरामा पार्ने वा अपमानित बनाउने वा दर्दनाक घटनाका पीडालाई पुनः सक्रिय बनाउन सक्छन् ।
- बालबालिकाका लिंग, जाति, उमेर, धर्म, स्थिति, शैक्षिक पृष्ठभूमि वा शारीरिक क्षमताका आधारमा अन्तर्वार्ताका लागि छनोट गर्दा भेदभाव नगर्नुहोस् ।
- बालबालिकाको आफ्नै इतिहासको भाग नभएको कथा सुनाउन वा काम गर्न नलगाउनुहोस् ।
- पत्रकारसँग कुरा गर्दैछन् भन्ने कुरा बालबालिका र उनका अभिभावकलाई सुनिश्चित गर्नुहोस् ।
- अन्तर्वार्ताको उद्देश्य र यसको प्रयोगको व्याख्याबारे अभिभावकलाई जानकारी दिनुहोस् ।
- सबै अन्तर्वार्ता, भिडियो टेपिङ र सम्भव भएसम्म डकुमेन्ट्री फोटोका लागि बच्चा र तिनका अभिभावकबाट अनुमति लिनुहोस् । सम्भव र उपयुक्त भएसम्म यस्तो अनुमति लिखित रूपमा हुनुपर्छ । बच्चा र अभिभावकलाई कुनै पनि तरिकाले जबर्जस्ती नगरिएको हुनुपर्छ । उनीहरू स्थानीय र विश्वव्यापी कथाका अंश हुन् भन्ने कुरा उनीहरूले बुझ्छन् भन्ने सुनिश्चित गर्ने परिस्थितिमा अनुमति प्राप्त लिनुहोस् । यो सामान्यतः दुई अवस्थामा मात्र सुनिश्चित हुन्छ- अनुमति बाल भाषामा लिइएको छ वा उनीहरूले विश्वास गरेका बयस्क व्यक्तिसँग परामर्श गरी निर्णय लिइएको छ ।

यस्तै बालबालिकाको अन्तर्वार्ता कहाँ र कसरी लिने भन्ने विषयमा विशेष ध्यान दिनुपर्छ। अन्तर्वार्ता लिने व्यक्ति र फोटो पत्रकारको संख्या सीमित गर्नुपर्छ। बालबालिका सहज छन् र दबाबविना आफ्ना कथा सुनाउन सक्षम छन् भनी निश्चित गर्ने प्रयास गर्नुपर्छ। चलचित्र, भिडियो र रेडियो अन्तर्वार्ताहरूमा, भिजुअल वा अडियो पृष्ठभूमिको छनोटले बालबालिका र उसको वा उसको जीवन र कथाका बारेमा के संकेत गर्न सक्छ भनेर विचार गर्नुपर्छ। बालबालिकालाई आफ्नो घर, समुदाय वा सामान्य ठेगाना देखाएर खतरा वा प्रतिकूल असर नपर्ने कुरा सुनिश्चित गर्नुपर्छ।

**बालबालिकाका विषयमा रिपोर्टिङका लागि सातवटा दिशानिर्देश**

- कुनै पनि बालबालिकालाई अतिरिक्त शारीरिक वा मनोवैज्ञानिक हानि वा उनीहरूको स्थानीय समुदायद्वारा आजीवन दुर्व्यवहार, भेदभाव वा अस्वीकारसहित नकारात्मक प्रतिशोधहरूमा बालबालिकालाई पर्दाफास गर्ने वर्गीकरण वा विवरणबाट टाढा रहनुहोस्।

- बालबालिकालाई कथा वा छविका लागि सधैं सही सन्दर्भ प्रदान गर्नुहोस्।

- यौन दुर्व्यवहार वा शोषणको सिकार भएको, शारीरिक वा यौन दुर्व्यवहारमा सुधार गृहमा रहेका बालबालिका, एचआईभी पोजिटिभ वा एड्ससँग जुध्दै बाँचिरहेका बालबालिका कुनै पनि कसुरमा अभियोग लगाइएका वा दोषी ठहरिएका बालबालिकाका नाम परिवर्तन गर्नुहोस्। यौन हिंसाका पीडितलाई अनिवार्य रूपमा कोड प्रदान गर्नुहोस् र कुनै पनि बालबालिकाको भिजुअल पहिचान अस्पष्ट गर्नुहोस्।

- वर्तमान वा पूर्व बाल लडाकु, शरणार्थी वा आन्तरिक रूपमा विस्थापित व्यक्ति तथा जोखिम वा हानि वा प्रतिशोधको सम्भावित जोखिमको निश्चित परिस्थितिमा नाम परिवर्तन गर्नुहोस्।

- कतिपय अवस्थामा बालबालिकाको पहिचान (उनीहरूका नाम वा चिन्न सकिने छवि) प्रयोग गर्नु बालबालिकाको सर्वोत्तम हितमा हुन्छ। यद्यपि, जब बालबालिकाको पहिचान प्रयोग गरिन्छ, तिनीहरू अझै पनि हानिविरुद्ध सुरक्षित हुनुपर्छ।

- जतिसुकै समाचारयोग्य भए पनि सम्बन्धित बालबालिका जोखिममा पर्ने कथालाई एक व्यक्तिको सट्टा समग्रतामा प्रस्तुत गर्नुहोस्।

## भाषिक संवेदनशीलता

मिडियाका केही विषयवस्तु उठानको आशय सही भए पनि शब्द छनोटका कारण त्यसले गलत असर पार्न सक्छ । यस्ता विषयमा पत्रकार संवेदनशील हुन आवश्यक छ । हाम्रो समाजमा प्रयोग हुने उखान विभेदकारी छन् । जस्तो– बूढी मरी भन्दा काल पल्क्यो भन्ने पीर, ढिलै भयो छोरै भयो । यस्ता थुप्रै उखान छन्, जसले लैंगिक विभेदलाई बढावा दिइरहेका छन् । शब्द मात्र होइनन्, कार्टून र तस्वीरहरूले पनि विभेदका खाडल कायम राख्न मलजल गरिरहेका हुन्छन् ।

कोरोना महामारी उचाइमा पुगेका बेला पहिलो लकडाउनको समयमा सञ्चारिका समूहले १० वटा राष्टिय मिडियाका अनलाइन समाचार विश्लेषण गर्दा लैंगिक विषयको कभरेज निकै कमजोर पाइएको थियो । उपचारमा खटिने डाक्टर र नर्स महिला भए पनि धेरैजसो समाचारमा लिइने कोट पुरुषका मात्र थिए । महिलालाई हिंसापीडितका रूपमा मात्र प्रस्तुत गरिएको थियो ।

## विषयको मूल प्रवाहीकरण

लैंगिक रिपोर्टिङका लागि समाजमा धेरै विषयवस्तु भए पनि मिडिया र पत्रकारले तिनलाई पहिचान गर्न सकिरहेका छैनन् । अझै पनि आपराधिक घटनालाई मात्र मिडियाले ल्याउने र त्यसको फलोअप गर्ने गरिरहेका छन् । यो सकारात्मक भए पनि समाजमा जरा गाडेर रहेका विभेदपूर्ण सोचाइ र हानिकारक अभ्यास पहिचान गरी उजागार गर्न सकिएको छैन । छोरीलाई पैत्रिक सम्पत्तिमा समान अधिकार दिइनुपर्छ भन्ने माग गर्दा समाज भाँडिन्छ भन्ने नेपाली मिडियाले नागरिकतामा छोरीको अधिकारलाई स्थापित गर्नका लागि चाहिँदो आवाज बुलन्द गर्न सकेको छैन । यस्ता विषयलाई महिलाको मात्र विषयवस्तु मानिने गरिएको छ ।

महिलामाथि हुने घरेलु हिंसा, यौन दुर्व्यवहारका घटना, महिलाका कार्यबोझ, दोहोरो भूमिकालगायतका विषय ओझेलमै छन् । आश्रित र पारिश्रमिकविनाका कामदारका रूपमा रहने महिलाका सामाजिक र राष्ट्रिय योगदान जस्ता विषयले प्राथमिकता पाउनुपर्छ ।

## जनसम्पर्क र सूचनाका स्रोत

महिला र बालबालिका विषय बुझ्न समाज, घर, घरेलु सम्बन्ध, घरभित्र हुने कामलाई नजिकबाट बुझ्नुपर्छ । समाजमा चल्ने व्यवहार, दैनिक कामकारबाही र अभ्यासहरूलाई आलोचनात्मक ढंगले बुझ्न सक्ने हुनुपर्छ ।

अन्तर्राष्ट्रिय रूपमा नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धता यस विधामा काम गर्ने पत्रकारका सूचनाका स्रोत हुन् । संविधान, कानून, नीति, निर्देशिका, नेपाल प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, तिनले जारी गर्ने दस्तावेज, राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, यस क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी संघसंस्था, विभिन्न तहका अदालत, अस्पताल, नेपाल सरकारले प्रस्तुत गर्ने बजेट, स्वास्थ्य सर्वेक्षण, जनगणना सबै सूचनाका स्रोत हुन् । बेलाबेलामा हुने अध्ययन पनि समाचारका स्रोत हुन सक्छन् । लैंगिक विषय 'क्रस कटिङ' विषय भएकाले सबै क्षेत्रमा यस विधाका पत्रकारले चासो राख्न जरुरी छ ।

सूचनाको स्रोतमा पहुँच पुऱ्याउन कठिनाइ नभए पनि बालबालिका, विभिन्न हिंसाका पीडितसँगको सम्पर्क भने संवेदनशील हुन्छ । यौन हिंसाका पीडितसँगको जनसम्पर्क अझ चुनौतीपूर्ण हुन्छ । पीडितसँग नबहकिई उसलाई न्याय हुने तथ्यमा आधारित भएर परिणाममुखी समाचार प्रस्तुत गर्नु चुनौतीपूर्ण विषय हो । यसमा पत्रकार चलाख र संवेदनशील हुनुपर्छ ।

विश्वविद्यालय र त्यहाँका अनुसन्धानकर्ता पनि पत्रकारका स्रोत र स्रोतव्यक्ति हुन सक्छन् । प्रदेश मन्त्रालय, पालिका, राष्ट्रसंघीय निकाय, यस क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संघसंस्थाका साथै नेपालमा काम गरिरहेका गैरसरकारी संस्थाको सूची धेरै लामो हुन सक्छ ।

समाचार विनाअनुसन्धान तयार पार्दा फितलो हुन जान्छ । त्यस्ता समाचार सम्पादकको टोकरीमा पर्छन् । फिल्डमा जानुअघि स्टोरीको प्लानिङ चरणमै मेहनत गर्नुपर्ने हुन्छ । त्यसका लागि प्रविधि सहयोगी हुन सक्छ । पछिल्लो समयमा प्रायः संघसंस्था र निकायले वेबसाइट बनाएका र त्यसमा तथ्यतथ्यांक पनि राख्न थालेका छन् । त्यसैले पहिले डेस्क रिसर्च गरेर स्टोरी प्लानिङको चरणमै कुनै पनि विषय फाइनल गर्नुपर्ने हुन्छ । यसले दिने सन्देश पनि स्पष्ट हुन्छ । त्यसो गर्दा विषयवस्तु गहन रूपमा प्रस्तुत गर्न सकिन्छ । यस्तै संघीय सरकारले बनाउने आवधिक योजना र त्यसले दिएका परिणामलाई पनि लैंगिक दृष्टिकोणबाट हेरिनुपर्छ । सर्वोच्च अदालतका फैसला पनि समाचारका स्रोत हुन् ।

## नीतिगत निगरानीका विषय

नयाँ संविधान बनेपछि नीतिगत निगरानी गर्नुपर्ने विषय केलाउँदा नयाँ कानून र नियमावलीहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ । प्रदेश र स्थानीय तहका सरकारले बनाउने

कानूनमा निगरानी बढाउनुपर्ने छ । बालबालिका र महिला क्षेत्रका मुख्य कानूनहरूको सूची यस प्रकार छ :

- नेपालको संविधान
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- मुलुकी देवानी कार्यविधि नियमावली, २०७५
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
- नेपाल नागरिकता ऐन, २०६३
- घरेलु हिंसा कसुर सजाय ऐन तथा नियमावली
- यौन हिंसाविरुद्ध केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश
- आमाको दूध प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१
- केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४
- खोप ऐन, २०७२
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३
- तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन ऐन, २०७९
- प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४
- बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- राजनीतिक दलसम्बन्धी ऐन, २०७३
- राष्ट्रिय महिला आयोग ऐन, २०७४
- राष्ट्रिय समावेशी आयोग ऐन, २०७४
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५
- शिक्षा ऐन, २०२८

## चुनौती र अवसर

केही वर्ष अघिसम्म विषय नै नमानिएको क्षेत्रमा कलम चलाएर नाम र दाम दुवै कमाउने वातावरण बन्दै गएको छ। थोरै भए पनि राष्ट्रिय मिडियामा मुख्य विषयका रूपमा प्रस्तुत पनि भइरहेका छन्। त्यसैले यस क्षेत्रमा अवसर प्रशस्तै देखिन्छ, तर काम गर्दाका चुनौती भने नभएका होइनन्।

घर र समाजका चलचलनलाई त्यही समाजमा हुर्केका पत्रकारले समाचारका विषयवस्तुका रूपमा पहिचान गर्न सकिरहेका छैनन्, यो नै ठूलो चुनौती हो। पत्रकार एक्लैले समाचार बनाउने वा त्यसलाई मिडियामा कस्तो स्थान दिने भन्ने निर्णय गर्ने क्षमता राख्दैनन्। पत्रकारिता एउटा 'टिम वर्क' भएको र विभिन्न तहमा काम हुने हुँदा डिजाइनिङमा भएका समस्याको भागीदार पनि पाठक, दर्शक, श्रोताका नजरमा पत्रकार स्वयं हुनुपर्ने बाध्यता छ। अर्कातिर व्यक्तिका घर, घरेलु सम्बन्ध र समाजमा भएका आनीबानी र चालचलनका विरुद्धमा आवाज उठाउनुपर्ने भएकाले पत्रकार नै त्यसको तारोमा पर्न सक्ने चुनौती पनि छ। यस्तै न्यायका पक्षमा वकालत गरिरहँदा पत्रकार पीडितको बहकाउमा आउने सम्भावना हुन्छ। तर, अनेक समस्या र चुनौती हुँदाहुँदै पनि पत्रकारिता यो समाजको विसंगत पक्ष उजागर गर्नका लागि आवश्यक एक सशक्त विधा भएकोमा दुईमत छैन।

## सन्दर्भ–सूची


अधिकारी, डा. निर्मलमणि । सन् २०१४ । *आधारभूत पत्रकारिता तालिम पुस्तिका* । युनेस्को, काठमाडौं कार्यालय/सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रमको सहयोगमा मिडिया एडभोकेसी ग्रुप https://un.org.np/sites/default/files/doc_publication/Basic%20Journalism%20Training%20Manual.pdf मा उपलब्ध; १५ असार, २०८० मा हेरिएको।

प्रोजेक्ट रिसर्च एन्ड इन्जिनीयरिङ एसोसियट्स । *महिला विकास कार्यक्रमको मूल्यांकन अध्ययन अन्तिम प्रतिवेदन*। काठमाडौं : राष्ट्रिय योजना आयोगको सचिवालय, एस.एन.पी.एम.सी. । https://npc.gov.np/images/category/Women-development.pdf मा उपलब्ध; १८ असार, २०८० मा हेरिएको।

भर्टेक्स कन्सल्ट प्रा.लि. । २०७४ । *महिला विकास कार्यक्रममा दलित जनजाति महिलाहरूको सहभागिताको अध्ययन*। काठमाडौं : महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय। https://mowcsc.gov.np/downloadfiles/6IUvxcHIx5GJ0pXeom7cmXsPPfclCw266PRhSq6h-1625552155.pdf मा उपलब्ध; १९ असार, २०८० मा हेरिएको।

# ज्ञान प्रणाली
# चिनेर मात्र पत्रकारिता

कुमार यात्रु

## परम्परागत आदिवासी ज्ञान

विधागत पत्रकारिताको एउटा विधा नै बनिसकेको परम्परागत आदिवासी ज्ञान (Traditional Indigenous Knowlodge – TIK) लाई प्राज्ञिक क्षेत्रमा परम्परागत ज्ञान (Traditional Knowlodge – TK), स्थानीय ज्ञान (Local Knowlodge – LK), रैथाने ज्ञान आदि नामले पनि सम्बोधन गरिन्छ । तथापि नेपालजस्तै बहुजातीय, बहुसांस्कृतिक, बहुभााषिक तथा बहुधार्मिक मुलुकमा 'परम्परागत आदिवासी ज्ञान' भन्ने शब्दावली प्रचलित छ ।

परम्परागत आदिवासी ज्ञानको परिभाषा सहज छैन । आदिवासी विज्ञान र शिक्षाका विद्वान् डा. ग्रेगोरी काखेतीको भनाइमा 'परम्परागत आदिवासी ज्ञान आदिवासीहरूको व्यापक र एकीकृत प्रणाली' हो । उनले यसलाई 'सूचना वा तथ्यहरूको संग्रह मात्र नभएर संसारलाई बुझ्ने संस्कृति, आध्यात्मिकता र समुदायसँग जोडिएको मामला' भनेका छन् ।

विश्व बौद्धिक सम्पत्ति संगठनले परम्परागत आदिवासी ज्ञानलाई परम्परामा आधारित साहित्यिक कृति, कला वा वैज्ञानिक कार्यहरूको प्रदर्शन, प्रस्तुति, उपलब्धि, नवीन कार्य, वैज्ञानिक खोज, आविष्कार, डिजाइन, चिन्ह, नाम, संकेत, प्रकाशमा नआएका सूचना,

उद्योग, विज्ञान, साहित्यिक वा कलाका क्षेत्रमा भएका परम्परामा आधारित र बौद्धिक गतिविधिमा भएका उद्योग, विज्ञान, साहित्यिक कृति वा कलाका क्षेत्रमा भएका नवीन कार्यहरू भनेको छ।

जैविक विविधता महासन्धिले परम्परागत आदिवासी ज्ञानलाई शताब्दीदेखि अनुभव गर्दै आएका र स्थानीय संस्कृति र वातावरणमा अनुकूल भइसकेका, संसारका आदिवासी तथा स्थानीय समुदायहरूका ज्ञान, नवीन कार्य, कृति, रीतिरिवाज, चलनचल्ती, रहनसहनका रूपमा परिभाषित गरेको छ।

परम्परागत आदिवासी ज्ञान एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने ज्ञान हो। यस्तो ज्ञानका रूपमा कथा, गीत, लोकलय, उखान, सांस्कृतिक मूल्य, विश्वास, जात्रा, सामुदायिक कानून, भाषा प्रचलित भएका हुन सक्छन् । परम्परागत आदिवासी ज्ञान मुख्यतया कृषि उत्पादन प्रणाली, पशुपालन, स्वास्थ्य, वनस्पति तथा बागवानी तथा वन क्षेत्र संरक्षण आदिमा प्रयोग भइरहेको हुन्छ। यस्ता ज्ञान व्यावहारिक प्रकृतिका हुन्छन् ।

यिनै विषयमा आम सञ्चारमाध्यममा प्रस्तुत गर्ने पत्रकारिताका सीप, ज्ञान तथा विधालाई परम्परागत आदिवासी मामिलासम्बन्धी पत्रकारिता भन्न सकिन्छ।

## उद्देश्य : मौलिकता र स्वावलम्बन

परम्परागत आदिवासी ज्ञान क्षेत्र बृहत्तर छ। नेपालको शिक्षा प्रणाली, सोच्ने शैली र अभ्यासहरू पश्चिमा ज्ञान प्रणालीमा मात्र केन्द्रित हुने परिपाटीका कारण हाम्रा मौलिक परम्परा लोप हुन थालेका हुन् । यसको संरक्षण र संवर्द्धन गरेर हाम्रा जीविका तथा जीवनशैलीमा आधारित मौलिक ज्ञान प्रणालीको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ।

परम्परागत आदिवासी ज्ञान क्षेत्रमा भइरहेको अभ्यासको अभिलेखीकरण र विश्लेषण गरी सार्वजनिक बहसमा ल्याउन आवश्यक छ। यसले देशको अमूर्त सम्पदाको चिनारी दिलाउँछ भने सकारात्मक पक्ष उजागर गर्दछ।

विभिन्न अनुसन्धानले परम्परागत आदिवासी ज्ञानको प्रयोगबाट नै आज विश्वमा देखा परेका विभिन्न चुनौतीको सम्बोधन गर्न सफल भएको निष्कर्ष निकालेका छन्। उदाहरणका लागि कोरोना महामारीका क्रममा परम्परागत औषधि उपचार विधि (आम्ची, आयुर्वेद तथा जडिबुटी प्रयोग) लोकप्रिय बन्यो।

यसैगरी विश्वव्यापी जलवायु परिवर्तनको संकट सामना गर्न परम्परागत आदिवासी ज्ञानका आधारमा चुनौती सामना गर्न सकिने विश्वका वैज्ञानिक सहमत भएका छन्। यसैकारण

परम्परागत आदिवासी ज्ञानका आधारमा वन-जंगल संरक्षणका विधि प्रयोग गरिनुपर्ने र नीति बन्नुपर्ने आवाज उठेका छन् ।

नेपालसमेतको प्रतिबद्धताअनुसार सन् २०३० सम्म पूरा गर्ने गरी शुरू भएको दिगो विकास लक्ष्यका कतिपय सूचक पूरा गर्न आदिवासी ज्ञान जरुरी परेको छ । कृषि प्रणालीमै पनि परम्परागत कृषि प्रणाली आधुनिक कृषिभन्दा उत्तम भएको बहस सतहमै आएको छ । हाम्रा बालीनाली हेरचाह गर्ने प्रविधि र पुर्खाका अभ्यास उन्नत खालका थिए । बीउबिजन जोगाउनेमा हामी निर्भर थियौं । पुर्खाहरूले धान, आलु, काँक्रा तथा सिमीका बीउ सञ्चय गर्ने विधि बनाएका थिए । ती विधि अहिले लोप हुँदै गएका छन् र हाम्रो कृषि उत्पादन प्रणालीसँग जोडिएको बीउमा हामी परनिर्भर बन्दै गएका छौं ।

हाम्रा खाद्य शैली फरक छ । विभिन्न प्रकारका बहुराष्ट्रिय कम्पनीले उत्पादन गरेका खाद्य परिकारले हाम्रो स्वास्थ्य-चुनौती थपिएको छ । नेपालका हरेक जातजातिका आआफ्नै विशिष्ट खाद्य परिकार र प्रणाली छन् । यी परिकार पनि हेलाँमा परेका छन् । यी ज्ञानमा पत्रकारका आँखा परेकै छैनन् ।

आफूसँग भएका बहुमूल्य वस्तुबाट परिचित नभएर आयातीत संस्कृति र ज्ञानलाई प्रोत्साहित गरिरहेको यस्तो समयमा परम्परागत आदिवासी ज्ञानसम्बन्धी पत्रकारिताका आधारभूत दुई उद्देश्य हुन सक्छन्- एक, मौलिक अन्तरवस्तुलाई पहिचान गर्ने; दुई, स्वावलम्बनका लागि योगदान दिने उद्देश्य पूरा गर्न प्रेरित गर्ने ।

## पत्रकारितामा आदिवासी ज्ञानको महत्त्व

परम्परागत आदिवासी ज्ञान संरक्षण गर्ने र पुस्ता हस्तान्तरण गर्ने सशक्त माध्यममध्ये आम सञ्चारमाध्यम एक हो । यो ज्ञान प्रणालीको अभिलेखीकरण नभएकाले आम सञ्चारमाध्यमले त्यसमा योगदान गर्न सक्छ । अभिलेखीकरण गर्ने प्रयास विभिन्न मुलुकमा भएको भए तापनि नेपालमा यस्तो प्रयास नगन्य मात्रामा भएको छ ।

नेपालमा र खासगरी आदिवासी समाजमा लेख्य परम्परा विगतमा थिएन । यसकारण आदिवासी समाज मौखिक प्रणाली र दृश्यमा विश्वास गर्छन् । उनीहरूले पिता पुर्खाले अभ्यास गरेका काम र क्रियाकलाप हेरेर, सुनेर मात्र त्यसको अनुशरण गरेका हुन् ।

यस्तो ज्ञान प्रणाली सधैं स्मरणमा रहन सक्दैन । त्यसमाथि पनि विश्वव्यापीकरणका कारण मानिसको ध्यान अन्यत्रै मोडिन सक्छ । यस्तो अवस्थामा यो अमूल्य ज्ञान लोप हुन सक्छ । कति त अतीतका गर्भमा बिलाइसकेका पनि छन् । अमूल्य निधिको संरक्षणका खातिर पनि मिडियाले आफ्नो अन्तरवस्तु बनाउन सक्छ, बनाउनुपर्छ ।

आदिवासी ज्ञान संरक्षणका लागि विज्ञान र प्रविधिको आविष्कारसँगै धेरै विकल्प प्रयोग गर्न सकिने अवसर छ । यसका लागि हामी सञ्चारका विभिन्न माध्यमको प्रयोग गर्न सक्छौं । छापामाध्यम मात्र नभएर अडियो रेकर्ड गरेर आवाज, धुन, प्रक्रिया रेकर्ड गर्न सक्छौं भने भिडियोमा अनेक प्रकारका समाचार सामग्री बनाएर सुरक्षित गर्न सक्छौं । इन्टरनेट प्रयोग गरेर यस्ता सामग्री वितरण वा धेरै दर्शक, पाठकसमक्ष पुऱ्याउन सक्छौं । यस्ता विभिन्न माध्यममार्फत समाचार, फिचर, कथा तथा यससम्बन्धी आलोचना वा समालोचना गरेर सामग्री उत्पादन गर्न सक्छौं ।

पछिल्लो समयमा आदिवासी ज्ञानको चोरी निकै फस्टाएको छ । उदाहरणका लागि औषधिका कुरा गरौं । हाम्रा पाका व्यक्तिहरूलाई केही औषधिजन्य जडिबुटीका नाम थाहा छ । उनीहरू निश्चित औषधिजन्य जडिबुटी तथा बोटबिरुवासँग परिचित छन्, जुन देशका लागि फाइदाजनक छ । तर, यस्तो ज्ञानको अभिलेखीकरण अभावले ती ज्ञान कि हेपाइमा परेका छन्, कि त यस्तो ज्ञानको चोरी भएर अरू नै देशका नागरिकले आफ्नो बौद्धिक सम्पत्तिको दाबी गरिरहेका छन् ।

यस्ता औषधीय महत्त्वमा जडिबुटीमाथि औषधि कम्पनीहरूले आफ्नो प्याटेन्ट राइट दाबी कायम गरेर लाखौं डलर कमाउँछन् । तर, हाम्रा ज्ञानधारकहरू यसबाट वञ्चित हुन्छन् । यसकारण पनि यो हाम्रो ज्ञान र सम्पत्ति दाबी गर्नका लागि मिडियाले भूमिका निर्वाह गर्नुपर्छ ।

आदिवासी ज्ञान उनीहरूको भाषामा हुन्छ । सबैभन्दा पहिले भाषा संरक्षण गर्न आवश्यक छ । भाषा संरक्षण नभए यस्ता ज्ञानको पनि संरक्षण हुँदैन । मिडियाले भाषा संरक्षणमा विशेष ध्यान पुऱ्याउन सक्छन् । यसबाट पनि परम्परागत ज्ञान संरक्षित हुन सक्छ ।

## प्राविधिक शब्द र अर्थ

परम्परागत आदिवासी ज्ञानसम्बन्धी अध्ययन, अनुसन्धान तथा समाचारजन्य सामग्री उत्पादन शुरू गर्नुअगाडि यससँग सम्बन्धित प्राविधिक शब्द र अर्थको आधारभूत जानकारी लिन आवश्यक हुन्छ । वास्तवमा परम्परागत आदिवासी ज्ञान यिनै शब्दहरूको संयोजन हो ।

**प्रथा (Custom)** : सामान्यतः प्रथा भन्नाले सामूहिक स्वभाव हो । नेपाली बृहत् शब्दकोशअनुसार प्रथा भनेको 'पितापुर्खाका पालादेखि वर्तमानसम्म चल्दै आएको र जीवनलाई प्रभावित पार्दै आएको रीतिरिवाज' हो । सामान्य अर्थमा प्रथा परम्परागत परिपाटी भए पनि समाजशास्त्रीय मतअनुसार प्रथा समाजबाट स्वीकार गरिएको कानून हो ।

प्रथा एक सामाजिक व्यवहार हो । प्रथा प्रचलनमा रहेकै कारण संस्कृति, सभ्यता र पहिचान बाँचेको हुन्छ । प्रथा मानव समाजको प्राचीनतम अलिखित कानूनी संहिता हो । प्रथाकै कारण हाम्रा मूल्य, मान्यता तथा संस्कृति संरक्षण भएका हुन् । प्रथा एक लोकतान्त्रिक व्यवहार पनि हो । लोकतान्त्रिक यसकारण कि प्रथाको निर्माण तथा संरक्षण समूहगत हुन्छ । मान्य व्यक्तिका अगाडि शिर निहुर्‍याएर ढोग गर्नु नेपाली प्रथा हो । जन्मदेखि मृत्युसम्मका संस्कारहरू प्रथाबाट निर्मित हुन् । तिनको पालना गर्नु मानिसको सामाजिक कर्तव्य हो ।

समग्रतामा हाम्रा चालचलन, व्यवहार, स्वभाव प्रथाकै निरन्तरता हुन् । यसभित्र हरेक क्रियाकलापको आफ्ना अर्थ हुन्छ र त्यसमा ज्ञान सन्निहित हुन्छ ।

**परम्परा (Tradition)** : परम्परा पनि प्रथा जस्तै प्राचीन रीतिथिति हो । तर, प्रथा व्यक्तिको व्यवहार हो भने परम्परा समूहको व्यवहार हो । प्रथाले सामाजिक वैधता प्राप्त गरेपछि परम्परा बन्छ । जो अविच्छिन्न क्रम वा सिलसिलाबद्ध रूपमा पुस्ता हस्तान्तरणका माध्यमले परम्परा चलायमान हुन्छ । परम्परा व्यक्तिको मात्र नभएर समुदाय, समाज, टोल वा गाउँको फरक-फरक हुन्छ । कतै-कतै राज्य पनि परम्पराका आधारमा चलेको हुन्छ । बेलायतको राज्य प्रणालीमा परम्पराले विशेष महत्त्व राख्छ ।

संसदीय व्यवस्था भएका मुलुकमा तिनै परम्परालाई निरन्तरता दिइएको हुन्छ । उदाहरणका लागि संसद् बैठकमा सभामुखको प्रवेश हुँदा राष्ट्रिय धुन बजाउनु र उठेर सम्मान गर्नु संसदीय परम्परा हो ।

यस्तै हाम्रा दिनचर्यामा परम्पराले विभिन्न क्रियाकलापलाई निर्देश गरेको हुन्छ । जन्मदेखि मृत्युसम्मका संस्कार सबै परम्परा हुन् । ती परम्परा जाति, भाषा, धर्म वा संस्कृतिविशेषमा फरक हुन्छ । ती सबै परम्पराका फरक अर्थ हुन्छन् र यसभित्र ज्ञान प्रणाली लुकेको हुन्छ ।

**आदिवासी (Indigenous)** : नेपाली सन्दर्भमा जातीय समुदायलाई बुझाउने गरिए तापनि आदिवासी शब्द जातीय विषयभन्दा पनि प्राचीन मानव सभ्यतालाई बुझाउने शब्द हो । स्वाभाविक रूपमा आदिवासी शब्दले निश्चित भूमि, भूभाग र भूक्षेत्रभित्र मानव सभ्यता निर्माण गरी त्यसलाई निरन्तरता दिएका पुराना वासिन्दा भन्ने बुझिन्छ । आदिवासीहरू प्रकृति, प्राकृतिक स्रोतमा निर्भर प्राणी हुन् । अन्य समुदायका मानिस आउनुअगाडि नै यो समुदाय आफ्ना थातथलोमा बस्थे र त्यहाँ उनीहरूको बसोवासको निरन्तरता रहेको हुन्छ । उनीहरूका आफ्नै भाषा, संस्कृति, लिखित वा अलिखित इतिहास, प्रथा, परम्परा रहेछन् भने ती आदिवासी हुन् भन्ने बुझाइ छ ।

नेपाल सरकारले यिनै परिभाषाका आधारमा ६० आदिवासीलाई आदिवासी जनजातिको परिभाषा गर्दै विशेष संरक्षण नीति अख्तियार गरेको छ। नेपालको संविधानले आदिवासीलाई लक्षित गरी उनीहरूका सामाजिक, सांस्कृतिक र आर्थिक विकासका लागि विशेष, संरक्षित र स्वायत्त क्षेत्रको परिकल्पना गरेको छ । उनीहरूका प्रथा, परम्परागत ज्ञान र संस्कृति संरक्षण गर्नुपर्ने संविधानको मार्ग निर्देशन रहेको छ ।

**प्रथाजनित संस्था (Customary Institution)** : प्रथाजनित संस्था समाज निर्माणपछिको जेठो सामाजिक, सांस्कृतिक र स्वशासित संस्था हो । यसको स्थापना अज्ञात कालबाट शुरू भएको मानिन्छ । यस्ता संस्थाले समुदायको रीतिथिति, मान्यता तथा सामाजिक सुव्यवस्था कायम गर्दै आएका छन् ।

प्रथाजनित संस्थाको गठन विधि, सञ्चालन र कार्य क्षेत्रहरूको व्यवस्थापन, नियमन त्यही संस्था आफैंले गर्न सक्छ। प्रथाजनित संस्थाले सामूहिक अधिकारको अभ्यास गर्ने हुँदा यसले समुदायको हितका लागि समुदायबाटै निर्धारण गरिने मापदण्डका आधारमा कार्य गर्दछ । प्रथाजनित संस्थाको निश्चित अधिकार क्षेत्र वा सीमा निर्धारण गरिएको हुँदैन । समुदायलाई प्रत्यक्ष र परोक्ष प्रभावित बनाउने कुनै पनि कार्य तेस्रो पक्षबाट भएमा परामर्श तथा सहभागिताका लागि प्रतिनिधित्व गर्छन् । समग्रतामा प्रथाजनित संस्थाले आत्मनिर्णयको अधिकारसहित स्वायत्त र स्वशासनको अभ्यास गर्छन्, जसका लागि उनीहरू सार्वभौम र अधिकारसम्पन्न हुन्छन् ।

नेपालका आदिवासी जनजातिका आआफ्नै प्रथाजनित संस्था छन् । जस्तो– थारूहरूको बरघर (भलमन्सा, महतँवा), थकालीको घम्प (मुखिया प्रणाली), माझीको मझेसेवा, धिमालको माझिवराङ, तामाङको चोहो प्रणाली, मगरको भेजा प्रणाली आदि । अन्य जातिका प्रथाजनित संस्था भए पनि लोपोन्मुख अवस्थामा पुगेका छन् । कानूनअध्येताहरूले प्रथाजनित संस्था र प्रथाजनित कानूनहरूलाई विद्यमान संविधान र कानूनको स्रोतका रूपमा व्याख्या गरेका भए पनि ती प्रथा-परम्पराको संरक्षण हुन नसके कानूनको एक प्रभावकारी स्रोत पनि बिलाउने छ ।

**स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (Free, Prior Informed Consent - FPIC)** : छोटकरीमा एफपिक भनिने स्वतन्त्र जानकारीसहितको मञ्जुरी एक प्रकारको कार्यऔजार हो । एफपिक आदिवासीसँग सम्बन्धित कुनै पनि क्रियाकलाप गर्नुअघि उनीहरूसँग परामर्श र सहमति लिने प्रक्रियाअन्तर्गत पर्छ । परम्परागत रूपमा भोगचलन र व्यवस्थापन गर्दै आएका जल, जमिन र जंगलजस्ता प्राकृतिक स्रोत-साधनमाथिको आदिवासी जनजातिका अधिकार सुनिश्चित गर्ने मानवअधिकारमा आधारित पद्धतिका रूपमा यस्तो मञ्जुरीको अवधारणा विकास भएको हो ।

आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रिप) र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नम्बर १६९ ले परामर्श तथा सहभागिताको अधिकारभित्र यो विषयलाई समेटेको छ। जैविक विविधतासम्बन्धी महासन्धि पनि आदिवासीहरूको ज्ञानको प्रयोग आदिवासी जनजातिको पूर्व स्वीकृतिपश्चात् मात्र गर्न पाइने व्यवस्था गरेको छ। यो महासन्धिअन्तर्गत नै नागोया अभिसन्धि पनि आएको छ। नागोया अभिसन्धिले परम्परागत आदिवासी ज्ञानको प्रयोग गर्दा समुदायको मञ्जुरी आवश्यक पर्नेलगायतका प्रावधान राखेको छ। यससम्बन्धी नागोया अभिसन्धिले स्पष्ट व्यवस्था गरेको छ।

नेपाल सरकारमातहतको निकाय आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले एफपिकसम्बन्धी कार्यविधि पनि तयार गरेको छ। नेपालमा भने एफपिकको कार्यान्वयन सबल रूपमा हुन सकेको छैन । विश्व बैंकको वित्तीय सहयोगमा निर्माण हुने विद्युत् आयोजनाहरू (जस्तै : माथिल्लो अरुण) मा यसको प्रयोग भएको देखिन्छ।

## कानूनी मान्यताको प्रश्न

परम्परागत आदिवासी ज्ञानलाई नेपालको संविधान, घरेलु कानून र अन्तर्राष्ट्रिय कानूनहरूले सम्बोधन गरेका छन्। तिनको संक्षिप्त चर्चा गरौं :

**नेपालको संविधान** : नेपालको संविधानले परम्परागत आदिवासी ज्ञानलाई संक्षिप्त रूपमा सम्बोधन गरेको छ। २०७२ सालमा जारी संविधानको मौलिक हकको धारा ३२ मा भाषा तथा संस्कृतिका हकमा 'प्रत्येक व्यक्ति र समुदायलाई भाषा प्रयोग गर्ने हकका साथै आफ्नो समुदायका सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने उल्लेख छ। सोही धारामा नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्ना भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने' पनि उल्लेख छ।

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत संविधानको धारा ५१(ञ) को (८) मा '...आदिवासी जनजाति र स्थानीय समुदायका परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवको संरक्षण र संवर्द्धन गर्ने' उल्लेख छ।

**ज्ञानलाई सम्बोधन गर्ने नेपाल कानून** : परम्परागत ज्ञानलाई सम्बोधन गर्ने गरी नेपाल कानूनहरू बनेका छन्। शुरूमा परम्परागत ज्ञानलाई बौद्धिक सम्पत्तिको अधिकारका रूपमा प्रस्तुत गरेको थियो । १९९३ सालमा तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेरले नेपाल पेटेन्ट डिजाइन र ट्रेडमार्क कानून १९९३ लागू गरेका थिए। यो कानूनलाई २०२२ सालमा पेटेन्ट तथा ट्रेडमार्क ऐन ल्याएर पुरानो ऐनलाई प्रतिस्थापन गरिएको थियो।

आदिवासी ज्ञान पनि बौद्धिक सम्पत्ति (Intellectual property) हो । बौद्धिक सम्पत्ति आफैंमा सम्पूर्ण आदिवासी ज्ञान मात्र नभएर संगीत, साहित्यिक कृति, वास्तुकला, चित्रकला, अन्य कला, खोजी, प्रतीक, नाम, चलचित्र, डिजायन आदि सबै सिर्जना जस्ता विषयवस्तुसँग सम्बन्धित हुन्छ ।

पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन २०२२ तथा प्रतिलिपि अधिकार ऐन २०५९ ले बौद्धिक सम्पत्तिको नियमन गरेको छ । नेपाल सरकारले २०७३ फागुनमा बौद्धिक सम्पत्ति नीति २०७३ बनाएर बौद्धिक सम्पत्तिको क्षेत्रलाई फराकिलो मात्र बनाएको हैन, जैविक विविधता महासन्धिले तोकेका क्षेत्रलाई समेत समेट्न खोजेको छ ।

नेपाल सरकारको बौद्धिक सम्पत्ति नीतिमा सातवटा क्षेत्र समेटिएका छन् । त्यसअनुसार (१) भौगोलिक संकेत, (२) वनस्पति प्रजाति संरक्षण, (३) व्यापारिक गोपनीयता, (४) एकीकृत सर्किटको लेआउट डिजायन, (५) परम्परागत तथा मौलिक ज्ञान, (६) परम्परागत सांस्कृतिक अभिव्यक्ति तथा अमूर्त सांस्कृतिक सम्पदा र (७) जैविक विविधता र आनुवंशिक स्रोत रहेका छन् । यसअघि प्रतिलिपि, ट्रेडमार्क, डिजायन र पेटेन्ट गरी चार क्षेत्र मात्र थिए ।  यो नीतिलाई कार्यान्वयन गर्न दुई वर्षभित्र नयाँ कानून बनाउने भनिए पनि अहिलेसम्म (वि.सं. २०८०) नेपाल प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली २०६१ बाट काम चलाइएको छ । यी ऐनले नीतिले बोलेको परम्परागत तथा मौलिक ज्ञान, परम्परागत सांस्कृतिक अभिव्यक्ति तथा अमूर्त सांस्कृतिक सम्पदा, जैविक विविधता र आनुवंशिक स्रोतसम्बन्धी कुनै कानूनी व्यवस्था गरेको छैन । नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय स्थापना गरिएको यो कार्यालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको निकाय हो ।

पछिल्लो समयमा परम्परागत ज्ञानको संरक्षण तथा प्रवर्द्धन गर्न विभिन्न सरकारी क्षेत्र र निकायहरूलाई जिम्मेवारी दिनका लागि विभिन्न कानून तथा नीतिहरू तर्जुमा गरिएका छन् । ती कानूनको संक्षिप्त सूची यस प्रकार छ ः

**प्रमुख कानून**

- आदिवासी जनजाति आयोग ऐन, २०७४
- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- थारू आयोग ऐन, २०७४
- गुठी संस्थान ऐन, २०३३

- पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२
- आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५
- खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१
- खाद्य ऐन, २०२३
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५
- नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८

**नेपाल सरकारका नीतिहरू**

- भू-उपयोग नीति, २०७२
- कृषि विकास रणनीति, सन् २०१५
- जलस्रोत रणनीति, २००२
- वन नीति, २०७१
- राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजना, २०१४
- व्यवसाय र मानवअधिकारसम्बन्धी कार्ययोजना, २०७८ (मस्यौदा)

## अन्तर्राष्ट्रिय कानूनमा परम्परागत ज्ञान

परम्परागत आदिवासी ज्ञानलाई विभिन्न अन्तर्राष्ट्रिय कानूनहरूले विशेष रूपमा सम्बोधन गरेका छन् । संयुक्त राष्ट्रसंघीय प्रणालीअन्तर्गत आबद्ध हुने पहिलो संगठन अन्तर्राष्ट्रिय श्रम संगठनले १९८९ मा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नम्बर १६९ पारित गरेको छ। यस महासन्धिलाई नेपालको व्यवस्थापिका-संसद्ले २२ अगस्ट २००७ (२०५४ भदौ ४ गते) अनुमोदन गरेको थियो । महासन्धिले आदिवासीका सामाजिक तथा सांस्कृतिक पहिचान, परम्परा तथा प्रथा र प्रथाजनित संस्थाहरूप्रतिको सम्मान राख्दै तिनका सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूको पूर्ण कार्यान्वयनको प्रवर्द्धन गर्ने भनेको छ ।

सन् २००७ मा जारी भएको आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रिप) अर्को अन्तर्राष्ट्रिय कानून हो । यो घोषणापत्र संयुक्त राष्ट्र संघको ६१औं महासभाले १३ सेप्टेम्बर २००७ मा पारित गरेको हो । यो घोषणापत्रअनुसार आदिवासीलाई आफ्नो सांस्कृतिक परम्परा, प्रचलन मान्ने तथा तिनलाई पुनः जीवन्त तुल्याउने अधिकार दिइएको छ । यसमा पुरातात्विक स्थल, कलाकृति, शैली, उत्सव,

प्रविधि तथा प्रस्तुति कला र साहित्यजस्ता उनीहरूका संस्कृतिको भूत, वर्तमान तथा भावी स्वरूपलाई कायम राख्ने संरक्षण तथा विकास गर्ने अधिकार प्रदान गरिएको छ। यसरी नै आदिवासी जनजातिलाई उनीहरूका आफ्ना इतिहास, भाषा, मौखिक परम्परा, दर्शन, लेखन प्रणाली तथा साहित्यलाई पुनः जीवित गर्ने अधिकार छ। उनीहरूले आफ्ना परम्परागत औषधितथा औषधिजन्य वनस्पति, जनावर तथा खनिजहरूको संरक्षण गर्ने विषय पनि यस घोषणापत्रले सम्बोधन गरेको छ।

घोषणापत्रको धारा ३१ मा स्पष्ट रूपमा 'परम्परागत ज्ञान' उल्लेख छ। यो व्यवस्थाअनुसार मानव तथा आनुवंशिक संसाधन, बीउबिजन, औषधि, जीवजन्तु एवं वनस्पति जगत्का विशेषतासम्बन्धी ज्ञान, लोकपरम्परा, साहित्य, शैली खेलकूद एवं परम्परागत खेल तथा दृश्य एवं प्रस्तुति कलालगायतलाई परम्परागत ज्ञानको परिभाषाभित्र समेटिएको छ।

परम्परागत आदिवासी ज्ञानलाई सम्बोधन गर्ने अन्तर्राष्ट्रिय महासन्धिहरूमा जैविक विविधता महासन्धि (Convention on Biological Diversity – CBD) सबैभन्दा सुस्पष्ट मार्गचित्र भएको महासन्धि हो। नेपाल सन् १९९४ फेब्रुअरी २९ मा यो महासन्धिको पक्ष राष्ट्र भएको हो।

जैविक विविधता महासन्धिका तीनवटा उद्देश्यमा जैविक विविधताको संरक्षण, यसका सम्पूर्ण अंगहरूको दिगो उपयोग र आनुवंशिक स्रोतहरूमा पहुँच तथा तिनका उपयोगबाट प्राप्त हुने लाभको निष्पक्षता र समन्यायिक बाँडफाँट पनि रहेका छन्। यो महासन्धि ब्राजिलको रियो दे जेनेरियोमा भएको पृथ्वी सम्मेलनमा सन् १९९२ को जुन महिनामा स्वीकृत भई २९ डिसेम्बर १९९३ देखि कार्यान्वयनमा आएको हो।

जैविक विविधता महासन्धि (CBD) को प्रस्तावनाले जैविक स्रोतहरूमा परम्परागत ज्ञान, नवीन कार्य तथा विधिमा जैविक विविधता संरक्षणको महत्त्व र आदिवासी तथा स्थानीय समुदायको जैविक स्रोतहरूमा घनिष्ट सम्बन्ध रहेकाले परम्परागत निर्भरता रहिआएको उल्लेख छ।

जैविक विविधता महासन्धिको उद्देश्यअनुरूप खाद्य र कृषिका लागि वानस्पतिक आनवंशिकं स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resources for Food and Agriculture - ITPGRFA) पनि रहेको छ। यो सन्धि सन् २००१ को नोभेम्बरमा खाद्य तथा कृषि संगठनले जारी गरेको हो।

जैविक विविधता महासन्धिका पक्ष राष्ट्रहरूको छैटौं सम्मेलनले सन् २००२ अप्रिलमा आनुवंशिक स्रोतमाथि पहुँच र स्रोतको प्रयोगबाट प्राप्त लाभ निष्पक्ष र न्यायपूर्ण

तरिकाले बाँडफाँट हुनुपर्नेबारेको बोन निर्देशिकाहरू (Bonn Guidelines) स्वीकृत गरेको थियो । सम्मेलन जमर्नीको बोनमा गरिएको हुँदा यसलाई बोन निर्देशिका भनिएको हो । निर्देशिकाको जैविक विविधतासम्बन्धी महासन्धिअन्तर्गत आनुवंशिक स्रोतमा पहुँच तथा तिनको उपयोगबाट हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँटसम्बन्धी नागोया अभिसन्धि पनि पारित गरिएको छ। पक्ष राष्ट्रहरूको दशौं सम्मेलनले २९ अक्टोबर २०१० मा यो अभिसन्धि पारित गरेको हो । सम्मेलन जापानको नागोयामा भएको हुँदा यस अभिसन्धिलाई नागोया अभिसन्धि भनेर चिनिन्छ ।

यस अभिसन्धिले महासन्धिको धारा १५ मा व्यवस्था भएको आनुवंशिक स्रोतहरूमा पहुँच र धारा ८(ञ) मा व्यवस्था भएको परम्परागत ज्ञानको प्रभावकारी कार्यान्वयनका लागि आनुवंशिक स्रोतहरूमा पहुँच तथा लाभको बाँडफाँट सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनी संयन्त्रको विस्तार र तर्जुमा गरेको छ ।

नागोया अभिसन्धि अनुमोदनपछि नेपाल सरकारले कानून निर्माण गर्ने प्रयास गरेको छ । वन तथा वातावरण मन्त्रालयले मस्यौदा गरेको यो कानूनको विधेयक अहिले सार्वजनिक छलफलको विषय बनेको छ। तर, आन्तरिक राजनीतिक खिचातानीका कारण यो विधेयक संघीय संसद्मा पेश हुन सकेको छैन ।

## कस्ता परम्परा ज्ञानवर्द्धक र लाभदायक ?

के सबै प्रकारका प्रथा, परम्परा ज्ञानवर्द्धक र लाभदायक हुन्छन् ? हुँदैनन् । केही परम्परा तथा प्रथा समाजका लागि हानिकारक भएको हुँदा कानूनतः प्रतिबन्धित छन् भने केही प्रथालाई समाजले अस्वीकार गरिदिएका छन् । केही ज्ञानहरू बहस र विवादको घेरामा छन् ।

हानिकारक प्रथाका रूपमा बाल विवाह, बहुविवाह, बोक्सी, दाइजोलगायतका प्रथाहरू कानूनतः प्रतिबन्धित छन् । कुनै बेला कायम रहेको कमैया प्रथा पनि अब प्रतिबन्धित छ ।

हिमाली क्षेत्रमा माहिला छोरालाई बौद्ध भिक्षु र माहिली छोरीलाई भिक्षुणी बनाउनुपर्ने कुनै बेलाको प्रथा तथा परम्परा थियो । अझै पनि नेपालका केही हिमाली क्षेत्रमा बहुपति प्रथा कायम छ । केही जातिका संस्कारमा महिलालाई तानेर जबर्जस्ती बिहे गर्ने परम्परा पनि छ । यी सबै हानिकारक परम्परा हुन्, यिनलाई कुप्रथा भनिन्छ ।

परम्परा र प्रथाका आधारमा ज्ञान निर्माण हुने हो भने हानिकारक मानिएका प्रथा र परम्परा प्रतिबन्धित हुनु नै ठीक हो । हाम्रा प्रथा र परम्परा तबसम्म ज्ञानका रूपमा रहन्छन्, जबसम्म ती प्रथा र परम्परा मानवअधिकारको विरुद्धमा हुँदैनन् ।

नेपाल पक्ष रहेको आईएलओ महासन्धि नम्बर १६९ को धारा ८(२) अनुसार कुनै पनि प्रथा र परम्परा अन्तर्राष्ट्रिय मान्यताप्राप्त मानवअधिकारसँग मेल खाने भएमा मात्र त्यसलाई ज्ञानका रूपमा स्वीकार गरिन्छ । आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको धारा ३४ ले पनि अन्तर्राष्ट्रिय मानवअधिकारसँग मेल नखाने प्रथा र परम्परालाई अस्वीकार गरेको छ ।

## पत्रकारिताका अरू विधाभन्दा फरक

परम्परागत आदिवासी ज्ञान अन्य क्षेत्रको पत्रकारिताभन्दा फरक हुन्छ किनभने परम्परागत आदिवासी ज्ञानसम्बन्धी समाचार सामग्री तयार गर्दा यो ज्ञान प्रणाली पहिचान गर्ने क्षमता सञ्चारकर्मीमा हुनुपर्छ । यो सैद्धान्तिक रूपमा नै पश्चिमा ज्ञान प्रणालीभन्दा फरक भएकाले आदिवासी ज्ञानको बुझाइमा गहिराइ र समुदायप्रति संवेदनशीलताको आवश्यकता पर्छ ।

परम्परागत ज्ञानसम्बन्धी समाचार सामान्यतः औपचारिक समाचारभन्दा पनि खोजमूलक, फिचर लेखनको विषय हो । यसलाई विकास तथा पहलवादी (Proactive) कोणबाट प्रस्तुत गर्नु उपयुक्त हुन्छ । विषय वा सन्दर्भ हेरेर यो समाचारलाई पनि रोचक र जनअभिरुचिका समाचार बनाउन सकिन्छ, तर अप्रत्यासित घटनाप्रधान बनाउन भने चुनौतीपूर्ण हुन्छ ।

यो विषयमा लेख्न वा रिपोर्टिङ गर्न स्थलगत भ्रमण गरेकै हुनुपर्छ । सुनेका भरमा वा कसैले टेलिफोनमा जानकारी दिएका आधारमा यो विधाको समाचार बनाउन सकिँदैन । वास्तवमा यो अनुसन्धानमा आधारित समाचारको विषय हो ।

परम्परागत आदिवासी ज्ञानसम्बन्धी समाचार खोज र अनुसन्धान गर्दा पूर्वाग्रहबाट मुक्त हुन जरुरी छ । मूलतः पश्चिमा ज्ञान प्रणालीका कारण यो परम्परागत ज्ञान प्रणालीलाई अन्धविश्वास, कुप्रथा तथा अविश्वसनीय ठान्ने गरिन्छ । यसैले यस विषयमा समाचार संकलन गर्नुपहिले आदिवासी ज्ञान प्रणालीबारे सकारात्मक धारणा राखेमा मात्र यसको जरो भेट्न सकिन्छ ।

## समाचार बनाउने कोणहरू

परम्परागत आदिवासी ज्ञानलाई समाचारजन्य सामग्री बनाउनका लागि उपयोगी कोणहरू हुन्छन् । प्रथा र परम्परा समाज र मानवका लागि उपयोगी भएमा मात्र त्यसलाई ज्ञानका रूपमा मान्न सकिन्छ ।

हालसम्मको अभ्यासका क्रममा यस्ता धेरै प्रकारका प्रथा र परम्परा ज्ञानका रूपमा स्थापित छन् । थप अध्ययन र अनुसन्धान गरी सकारात्मक ज्ञानलाई प्रचार गर्न आवश्यक पनि छ ।

परम्परागत आदिवासी ज्ञानलाई समाचारजन्य विषयका रूपमा प्रस्तुत गर्न सबैभन्दा पहिला कोणकेन्द्रित (Angling) गर्नका लागि परम्परगत आदिवासी ज्ञान मूल विषय (Theme) भए पनि यसका साथमा विषय (Subject), मुद्दा (Issues), कथाकोण (Angle) लाई सँगै अगाडि बढाउनुपर्छ ।

उदाहरणका लागि कृषिका विषयमा प्रवेश गर्ने हो भने यसका मुद्दामा छिर्नुपर्छ । हाम्रा परम्परागत कृषि प्रणाली कस्ता छन् ? पहिले कस्तो थियो ? अनि मात्र अहिलेको पश्चिमा ज्ञानमा आधारित आधुनिक कृषि प्रणालीसँग दाँज्न सकिन्छ ।

आदिवासीका आफ्नै कृषि पद्धतिको पहिचान गरेर उनीहरूको अभ्यास भइरहेको मिश्रित खेती प्रणाली, बाली परिवर्तन, खोरिया खेती, बुङ आलु फलाउने प्रविधि, माटो मलिलो बनाउने तरिका, प्रांगारिक मल बनाउने प्रविधि, बाली संरक्षण गर्ने प्रविधि, जमिनलाई खनजोत गर्ने प्रणाली, बीउ जोगाउने प्रणाली, बाली संरक्षण गर्ने प्रणाली आदिबारे सकारात्मक वा नकारात्मक विश्लेषण गरेर तुलनात्मक समाचार बनाउन सकिन्छ ।

खाद्य सम्प्रभुत्ता अहिलेको अर्को चर्चित विषय हो । खाद्य उत्पादन तथा यसको उपभोगसम्बन्धी परम्परागत ज्ञानको अभ्यास पहिल्यैदेखि हुँदै आएको हो । खान हुने र नहुने खाद्यको पहिचान यही ज्ञान प्रणालीले पहिचान गरेको हो । यसको कथा बनाउन सक्छौं । हाम्रा आफ्नै खाद्य प्रणाली छन् । वन तथा प्राकृतिक स्रोतबाट प्राप्त खाद्य पदार्थ यही ज्ञानले चिन्ने गरेको हो । गिट्ठा, भ्याकुरदेखि तरुल, फलफूल, सागपात खाने, हुर्काउने, संकलन गर्ने प्रणाली आदिवासी ज्ञानमा हुन्छ । खाद्य सञ्चित गर्ने प्रविधिहरू गुन्द्रुक, सिन्की, सुकुटी, किनामा बनाउनेलगायतका ज्ञानलाई खाद्य सम्प्रभुतासँग जोड्न सकिन्छ । फरक जातजातिका फरक-फरक खाद्य परिकारबारेका समाचारलाई पनि पठनीय बनाउन सकिन्छ ।

स्वास्थ्य उपचार प्रणालीमा त परम्परागत ज्ञान अब्बल छ । स्वास्थ्योपचारमा परम्परागत प्रविधि आधुनिक औषधि विज्ञानको जन्मभन्दा अगाडिदेखि नै अभ्यासमा छ । जडिबुटी प्रयोग परम्परागत ज्ञानमा सबैभन्दा लोकप्रिय छ । हिमाली आदिवासी सोवारिग्पा (आम्ची) प्रणालीमा विश्वास गर्छन् । उनीहरूले पहिचान गरेका जडिबुटी चोरी माध्यमबाट बिदेसिइरहेको छ । यसैगरी आयुर्वेद उपचार प्रणाली, युनानी स्वास्थ्य उपचार प्रणाली पनि लोकप्रिय छन् ।

नेपालका आदिवासीमा गुरुवा (थारू), बोन्बो (तामाङ) धामी-झाँक्री, लामा, बिजुवा, फेदाङ्वा, साम्वा, येवा, येमा (लिम्बु), रिदुमी मुन्दुमी (वान्तवा राई), पान्दे (चेपाङ) आम्दी मत्वु (लेप्चा) हरूले स्वास्थ्योपचारमा विशेष योगदान दिन्छन् । उनीहरूको उपचार प्रणाली ज्ञानको सबैभन्दा महत्त्वपूर्ण पाटो हो । खोजी गरेमा अरू पनि ज्ञान प्रणाली अवश्य भेटिनेछ ।

परम्परागत सीप नेपालको आफ्नै प्रणाली हो । यसबाट स्वरोजगार सम्भव भएको छ । यस्ता ज्ञानधारकहरू आफ्ना लागि आफैं उत्पादन र प्रयोग गर्न सक्छन् । मानिसले लगाउने कपडा यस्तै ज्ञान प्रणालीका आधारमा उत्पादन हुन्छ । अल्लोबाट बन्ने कपडा, कपासको खाँडी, भेडाको ऊनबाट बन्ने राडी, पाखी बुन्ने परम्परागत सीपका उपज हुन् । माटोका भाँडाकुँडा बनाउने, ढुंगा कुद्ने, जाँतो ढिकी, माछा मार्ने सीप, पौभा, थाङ्काको सीप, बाँस र बेतबाट बन्ने सामान निर्माण गर्ने सीप, ठेकीलगायत काठका सामान, हस्तकला आदि बनाउने सीपलगायतका अनेकौं ज्ञान प्रणाली परम्परागत सीपमा प्रचलित छन् । यी सबै सीप प्रोत्साहित भएमा गाउँघरमै रोजगारी सिर्जना हुने अवस्था छ ।

यसैगरी अर्थतन्त्रमा पनि ऐंचोपैंचो, पर्म प्रथा, ग्वार प्रथाहरू पनि छन् । यी सबै परम्परागत अर्थतन्त्र, स्वरोजगारसँग सम्बन्धित सीप तथा ज्ञान हुन् । यी प्रणालीलाई लिपिबद्ध गरेर समाचारको विषय बनाउन सकिन्छ ।

प्राकृतिक स्रोतको संरक्षण वन, वातावरण तथा जलवायु परिवर्तनका चुनौती सामना गर्ने जुक्ति आदिवासी ज्ञानमा हुन्छ । आदिवासीहरू प्रकृति र प्राकृतिक स्रोतसँग निकट मानव संसाधन हुन् । उनीहरूका परम्परा र प्रथाका कारण हाम्रा प्राकृतिक स्रोत र साधनको जगेर्ना भएको विभिन्न अध्ययनले पुष्टि गरेका छन् । प्रकृति र प्राकृतिक वातावरणमा बस्ने खेल्ने जीवनशैलीका कारण हाम्रा वन सम्पदा, जल सम्पदा, भूमि संरक्षण भएका छन् । प्राकृतिक स्रोतसँग सम्बन्धित आदिवासी जनजातिका हजारौं पर्व, जात्रा, सांस्कृतिक अनुष्ठान छन् । प्राकृतिक स्रोत संरक्षणका लागि प्रथाजनित संस्थाका प्रथाजन्य कानून छन् । खर्क प्रणाली, पानीको स्रोत जगेर्ना गर्नेलगायतका परम्परा र प्रथा प्राकृतिक स्रोत संरक्षण गर्ने विधि हुन् । यस्ता विषयबारे पत्रकारका तिखारिएका कलम पक्कै पनि उपयोगी हुन सक्छन् ।

**समाचारका विषय किन बनाउने ?**

- परम्परागत आदिवासी ज्ञानलाई देशको अमूल्य सम्पदा तथा स्रोतका रूपमा परिचित गराउन,
- आनुवंशिक स्रोत पहिचान गरी परम्परागत प्रयोग विधिलाई सार्वजनिक गर्न,
- जैविक विविधताको अवस्था, आनुवंशिक स्रोतका प्रकार र तिनीहरूका स्थान र स्वामित्वबारे जानकारी दिलाउन,
- आदिवासी तथा स्थानीय जनतालाई परम्परागत ज्ञानमा आधारित स्रोतमा पहुँच दिलाउन र ती स्रोतमाथिको नियन्त्रण र स्वामित्व स्थापित गराउन,
- परम्परागत ज्ञानलाई जैविक चोरीबाट रोकेर देशको सम्पत्तिका रूपमा संरक्षण गर्न,
- सामुदायिक ज्ञानको स्थापना र सामुदायिक स्वामित्वमाथिको अधिकार स्थापना गर्न,

- लोपोन्मुख परम्परागत ज्ञानको अभिलेखीकरणमा सहयोग पुऱ्याउन,
- दिगो प्रयोगका लागि कार्यक्रम र नीति तयार पार्न सहयोग गर्न,
- दिगो प्रयोग र उपयुक्त संरक्षणका लागि समुदायको क्षमता अभिवृद्धि गर्न,
- परम्परागत ज्ञानका धारकहरूलाई कानूनी सुरक्षा प्रदान गर्न,
- जैविक खोजीको प्रयोग गर्दा निष्पक्ष र न्यायोचित लाभको बाँडफाँट सुनिश्चित गर्न,
- परम्परागत ज्ञान भावी पुस्तालाई हस्तान्तरण गर्न,
- स्थानीय प्रयोगकर्तालाई परम्परागत ज्ञानमाथिको बौद्धिक सम्पत्तिको अधिकार उपलब्ध गराउन ।

## रिपोर्टिङ कसरी गर्ने ?

परम्परागत आदिवासी ज्ञानलाई समाचारजन्य विषयका रूपमा प्रस्तुत गर्नका लागि गरिने रिपोर्टिङलाई हल्का वा अव्यवस्थित कामका रूपमा लिइयो भने त्यसको प्रभावकारिता कमजोर हुने मात्र होइन, सूचना नै अपूरो हुन सक्छ । कतिपय अवस्थामा त सूचना संकलन कार्य नै विफल हुन पनि सक्छन् । त्यसैले रिपोर्टिङ कार्यलाई चार चरणमा व्यवस्थित गर्नुपर्छ– (१) पूर्वतयारी, (२) ज्ञानधारकको सहमति, (३) समाचार संकलन र (४) समाचार लेखन तथा सम्पादन ।

### १. पूर्वतयारीको चरण

पूर्वतयारीको चरणमा नै पत्रकारका मगजमा समाचार सामग्रीका खाका तयार भइसक्छन् । त्यसैले यो महत्त्वपूर्ण चरण हो । यस चरणलाई पनि विभिन्न उपचरणमा विभाजन गरेर काम व्यवस्थित गर्नुपर्छ । यसमा विषयको पहिचान र चेकलिस्टको तयारीका काम पर्छन् ।

***विषय पहिचान :*** परम्परागत आदिवासी ज्ञानसम्बन्धी समाचार संकलन गर्नुअघि समाचारजन्य विषयसँग सम्बन्धित समाचार स्रोतको पहिचान गर्नुपर्छ । सबैभन्दा पहिले समुदायको र समुदायभित्र पनि प्रचलित परम्परागत ज्ञानको सूची तयार गर्नुपर्छ ।

यस्ता सूचीहरूमा त्यस जाति वा समुदायले मनाउने गरेको जात्रा, पर्व, प्रथाजनित मान्यता तथा सांस्कृतिक चालचलन, आध्यात्मिक विश्वास, मूर्त तथा अमूर्त सम्पदा आदिको प्रारम्भिक अध्ययन गर्नुपर्छ । यसबाट परम्परागत ज्ञानको पूर्वानुमान गर्न सकिन्छ ।

उनीहरूका सांस्कृतिक क्रियाकलापभित्र पर्ने कृषिसम्बन्धी रिपोर्टिङ गर्ने हो भने कृषिजन्य तरिका (जस्तै- प्रमुख खाद्यबाली, खाद्य सञ्चय गर्ने तरिका, खाद्य आनीबानीलगायतका विषय) मध्ये एक विषयमा केन्द्रित हुन सकिन्छ ।

त्यस भेगमा पाइने वनको किसिम, फलफूलका बोटबिरुवा, समुदायमा प्रयोग हुने मुख्य जनावर, पानीका धारा वा स्रोत, नजिकका देवस्थल, मन्दिर वा गुम्बा, देवीथानलगायतको सर्वेक्षण गरी प्रारम्भिक स्रोत पहिचान गर्न सकिन्छ ।

***चेकलिस्ट*** : अध्ययन गर्न लागिएको समुदायका बारेमा चेकलिस्ट बनाउँदा यस्ता प्रश्नलाई केन्द्रमा राख्नुपर्छ :

- अध्ययन गर्न लागिएको समुदाय कुन हो ? सरोकारवाला को हो ?
- समुदायका अगुवा र प्रथाजनित संस्था क्रियाशील छन् कि छैनन् ? छ भने त्यसको नेतृत्वमा को होला ?
- सो समुदायप्रति जानकार विज्ञहरू को हुन सक्छन् ?
- बौद्धिक सम्पत्तिको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनका ज्ञाता वा कानूनविद् को हुन सक्लान् ?
- प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ को होलान् ?
- समाजशास्त्रीको सहयोग आवश्यक परेमा त्यस्तो व्यक्ति को हुन सक्ला ?

### २. ज्ञानधारकको पहिचान गरी सहमति लिने

परम्परागत आदिवासी ज्ञानसम्बन्धी समाचारजन्य सामग्रीको प्रमुख स्रोत त्यस्ता विषयका ज्ञानधारकहरू हुन् । यस्ता ज्ञानधारक व्यक्ति एकल वा समूहका हुन सक्छन् । कतै-कतै यस्ता ज्ञानधारकहरू प्रथाजनित संस्थाको अधीनमा पनि हुन सक्छन् । यो चरणमा ‘ एफपिक’ लिनुपर्ने कानूनी व्यवस्था छ। एफपिक लिँदा सामान्यतः प्रथाजनित संस्थामार्फत लिनुपर्ने हुन्छ।

यस सन्दर्भमा ध्यान दिनुपर्ने कुरा के छ भने ज्ञानधारकहरू समुदाय हेरेर फरक हुन सक्छन्। उनीहरूका उमेर, लिंग, पेशा, स्थानअनुसार फरक हुन सक्छ। सामान्यतः परम्परागत ज्ञान गाउँका बूढापाका, धामी, झाँक्री, जडिबुटी प्रयोग गर्ने आदिलाई बढी जानकारी हुन सक्छ। त्यसैले परम्परागत ज्ञानका समाचार संकलन प्रक्रियामा त्यस्ता व्यक्तिहरू पहिचान गर्न आवश्यक हुन्छ।

### ३. समाचार संकलनको चरण

परम्परागत ज्ञानसम्बन्धी समाचार संकलनका लागि निम्नअनुसारका चरण प्रयोग गर्नुपर्छ :

- उचित स्थान वा समुदायको पहिचान गर्ने (जस्तै– बस्ती, गाउँ, वडा वा जिल्ला) जहाँ परम्परागत ज्ञान जीवित छ वा लोपोन्मुख छ,

- त्यस क्षेत्र वा समुदायको परम्परागत ज्ञान पहिचान गर्ने,
- सूचना वा जानकारी दिन सक्ने परम्परागत ज्ञानका मुख्य स्रोत पहिचान गर्ने,
- परम्परागत ज्ञान प्रयोगकर्ता, समुदायका प्रतिनिधि भेटेर परम्परागत ज्ञानको प्रारम्भिक विषयमा छलफल गर्ने । छलफलका क्रममा तिनीहरूलाई अभिलेखीकरण गर्नुपर्ने आवश्यकता, उद्देश्य र महत्त्वबारे पूर्ण जानकारी दिई जागरुक बनाउने,
- समुदायका प्रतिनिधिहरूको अनुमति लिएर अथवा एफपिक लिनुपर्ने भए यो प्रक्रिया पूरा गरेर मात्र समाचार संकलन, भ्याइस/भिजुअल बाइट संकलन, छायांकन वा फोटो खिच्ने कार्य गर्ने,
- अनुमति लिने प्रक्रियामा सूचनादाताहरूको गोपनीयता संरक्षण गर्ने । यस्ता सूचनाको दुरुपयोग हुन नदिने प्रतिज्ञा गर्नुपर्छ ।
- परम्परागत ज्ञानबारे उच्च जानकारी भएका सूचनादाताहरू (जस्तै- धामी, झाँक्री, लामा, बूढापाका, जडीबुटी प्रयोगकर्ता, स्थानीय परम्पराका अभ्यासकर्ता, आम्ची स्वास्थ्यकर्ता र किसान) यो प्रक्रियामा आवश्यक हुने भएकाले आवश्यकताअनुसार उनीहरूको सहभागिता वा भेटघाटको वातावरण मिलाउने,
- समाचार सामग्रीलाई पूर्णता दिनका लागि विज्ञको आवश्यकता पर्न सक्छ । विज्ञ उपलब्ध नभए जानकार व्यक्ति वा अनुभवप्राप्त व्यक्तिको छनोट गर्न सकिन्छ । यसका लागि सम्भावित विज्ञको सूची तयार गर्ने,
- समुदायका प्रतिनिधिहरूमा प्रथाजनित संस्थाका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता सदस्य, महिला, दलित, आदिवासी समूह, बूढापाका, परम्परागत स्वास्थ्यकर्ता आदिको आवश्यकता हुन सक्छ,
- परम्परागत ज्ञानको रिपोर्टिङपछि विद्यमान कानून र सरकारी नीतिका आधारमा समीक्षा गर्नुपर्छ । परम्परागत ज्ञानको सुरक्षा गर्ने राष्ट्रिय कानून छैन भने चलनचल्तीमा भएका प्रथाजनित कानून प्रयोग गर्न सकिन्छ ।

### ४. समाचार सामग्री लेखन तथा सम्पादन

संकलित तथ्यका आधारमा सामग्रीलाई अन्तिम रूप दिने चरणमा समाचार सामग्री लेखक मात्र नभएर पाण्डुलिपि सम्पादक वा सम्पादकको पनि भूमिका आइपर्छ । त्यसैले ती सबैले यस चरणमा निम्नलिखित बुँदामा ध्यान दिनुपर्छ :

- समुदाय र परम्परागत ज्ञान अभिलेख गर्ने स्थानको नक्सा, संकलन मिति, संकलन गर्ने समूह र संलग्न हुने संस्थाहरूका नाम र जानकारीको तथ्यपरकताको जाँच ।
- जैविक स्रोतसम्बन्धी सामग्री भएमा तिनका नाम, स्थानीय भाषाको नाम, प्रकार,

उपलब्धता (जस्तै– उचाइ, जमिनको प्रकार), विशेषता, प्रयोग हुने भाग, गुण, संकलन र प्रशोधन विधि, मात्रा आदिको स्पष्टता,

- परम्परागत ज्ञान, सीप, दक्षता र ज्ञान (कसले के गर्छ), परम्परागत ज्ञानप्रदायक र आबद्ध परम्परागत ज्ञानको नाम ।
- परम्परागत ज्ञानको सूचना दिने मुख्य व्यक्तिहरूसँग व्यक्तिगत अन्तरवार्ता वा छलफल गरी लिएको सूचनाको प्रशोधन ।
- ज्ञानको अभिलेखीकरण गर्ने काम यसअघि भएको थियो कि थिएन भन्ने जानकारी ।
- यस प्रकारका ज्ञानको पुस्ता हस्तान्तरणका लागि प्रथाजन्य परम्परा हुन सक्छन् । यसको पनि जानकारी समावेश गर्न सकिन्छ ।

## पत्रकार तथा सञ्चारमाध्यमका आचरण

आदिवासी परम्परागत ज्ञानसम्बन्धी समाचार संकलन, सम्पादन तथा सम्प्रेषणमा संलग्न पत्रकार तथा सञ्चारमाध्यमले यस मामिलामा केही विशेष आचरणका पक्षमा ध्यान दिनुपर्छ । पत्रकारिता गर्दा पालना गर्नुपर्ने आम आचरणका अतिरिक्त उनीहरूले गर्नुपर्ने र गर्न नहुने केही आचरणलाई यहाँ सूत्रबद्ध गरिएको छ :

**के गर्नुपर्छ ?**

- स्थानीयले बुझ्ने वा बोल्ने भाषामा संवाद गर्ने प्रयास गर्नुहोस् । संवादमा कठिनाइ भए दोभाषे प्रयोग गर्न सकिन्छ ।
- जटिल शब्दको प्रयोग यथासम्भव कम गर्नुपर्छ ।
- आदिवासीका विशेष संस्कृति तथा परम्परा, रीतिरिवाजको सम्मान गर्न जान्नुहोस् ।
- आदिवासी अभिवादनका शब्द जान्नुहोस् ।
- आदिवासीको सामूहिक निर्णय प्रक्रियाप्रति धैर्य गर्नुहोस् ।
- आदिवासीहरूका परम्परागत पेशा, व्यवसायबारे जानकार हुनुहोस् ।
- प्राकृतिक स्रोतसम्बन्धी आदिवासीका सम्पूर्ण दृष्टिकोण र धारणाप्रति सम्मान व्यक्त गर्नुहोस् ।
- आदिवासीका खानपान र जीवनशैलीप्रति सकारात्मक बन्नुहोस् ।
- आदिवासीलाई मनोरञ्जनात्मक र रोमाञ्चकारी बनाउने कुरामा सावधान हुनुहोस् ।
- आदिवासीलाई अपराधीकरण गर्ने कार्यको विपक्षमा उभिनुहोस् ।
- आदिवासीका सामूहिक मानवअधिकारका पक्षमा उभिनुहोस् ।
- स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिक) लिनुहोस् ।

**के गर्नु हुँदैन ?**

- पत्रकार आचारसंहिताको मर्म तथा भावनाविपरीत जाति, भाषा, नश्ल, वर्ण वा उत्पत्तिका आधारमा भेदभाव वा घृणा उत्पन्न हुने सूचना सम्प्रेषण नगर्नुहोस् ।
- समाजमा पछाडि पारिएका समुदाय, आदिवासी, सीमान्तकृत, अल्पसंख्यक र लोपोन्मुख जाति वा भाषाको उत्थान र योगदान हुने गरी सूचना सम्प्रेषण गर्ने पत्रकारको सामाजिक दायित्व नबिर्सनुहोस् ।
- रूप, रङ, शारीरिक बनोट वा कुनै अंगका आधारमा विशेषण भिराउने वा विश्लेषण गर्ने कार्य नगर्नुहोस् ।
- जातीय अपमान हुने शब्दको प्रयोग नगर्नुहोस् ।
- आदिवासीले बोल्ने शैली वा लबजलाई नखिज्याउनुहोस् ।
- उखान-टुक्कामार्फत जातीय अपमान हुने भए त्यसको प्रयोग नगर्नुहोस् ।
- थानीय वा आदिवासीलाई पीडा नथप्नुहोस् ।

## सन्दर्भ-सूची


अन्तर्राष्ट्रिय श्रम संगठन । सन् २००९ । *अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नम्बर १६९* । अन्तर्राष्ट्रिय श्रम संगठन ।

अन्तर्राष्ट्रिय श्रम संगठन । सन् २००९क । *अभ्यासमा आदिवासी जनजाति अधिकार, अन्तर्राष्ट्रिय श्रम संगठन, महासन्धि नम्बर १६९ को निर्देशिका* । अन्तर्राष्ट्रिय श्रम संगठन ।

आईसीआरएन । २०७९ । *आदिवासी जनजाति मामिलामा सञ्चारकर्मीलाई काम लाग्ने कुरा* । काठमाडौं : इन्डिजिनियस कम्युनिटी रेडियो नेटवर्क (आईसीआरएन) ।

इसिमोड । सन् २०१६ । *आनुवंशिक स्रोतमा पहुँच र आबद्ध परम्परागत ज्ञान तथा लाभको समुचित बाँडफाँटसम्बन्धी प्रशिक्षक प्रशिक्षण* । काठमाडौं : अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ।

संयुक्त राष्ट्रसंघ । २०५९ । *आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रिप)* । संयुक्त राष्ट्रसंघ ।

नेपाल सरकार । २०५९ । *प्रतिलिपि अधिकार ऐन* । काठमाडौं : कानून किताब व्यवस्था समिति ।

नेपाल सरकार । २०७१ । *कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन) २०७१* । काठमाडौं : कृषि तथा पशुपक्षी विकास मन्त्रालय ।

नेपाल सरकार । २०७२ । *नेपालको संविधान* । काठमाडौं : कानून किताब व्यवस्था समिति ।

नेपाल सरकार । २०७३ । *राष्ट्रिय बौद्धिक सम्पत्ति नीति* । काठमाडौं : उद्योग मन्त्रालय ।

नेपाल सरकार । २०७५ । *आनुवंशिक स्रोतमा पहुँच, उपयोग र लाभको बाँडफाँटका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,* २०७५ (अप्रकाशित सामग्री) । काठमाडौं : वन तथा वातावरण मन्त्रलाय ।

यात्रु, कुमार । २०७९ । *परम्परागत आदिवासी ज्ञान* । काठमाडौं : इन्डिजिनियस मिडिया फाउन्डेशन ।

थापा, रामबहादुर र अरूहरू । २०७९ । *आदिवासी जनजाति अध्ययन* । काठमाडौं : आदिवासी जनजाति आयोग ।

राई, अरुण र टुङ्ग भद्रा राई । सन् २०१९ । *स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरीबारे जान्नैपर्ने कुरा* । काठमाडौं : आदिवासी जनजाति महासंघ ।

राई, शान्तिकुमारी, दिनेशकुमार राई, शंकर लिम्बू, भीम राई र टहल थामी, सं. । सन् २०१५ । *परम्परागत संस्था एक अध्ययन : नेवार, थकाली, माझी, धिमाल, थारू, ह्योल्मो, ज्यापु र मगर* । काठमाडौं : नेपालका आदिवासीहरूको मानवअधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) ।

सुनुवार, देवकुमार र जगतमान लामा दोङ, संयोजक । २०७९ । २२ *मातृभाषामा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (यूएनड्रिप) ।* काठमाडौं : इन्डिजिनियस मिडिया फाउन्डेशन ।

सुनुवार, देवकुमार र जगतमान लामा दोङ, संयोजक । २०७९ । २२ *मातृभाषामा आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नम्बर १६९* । काठमाडौं : इन्डिजिनियस मिडिया फाउन्डेशन ।

Cajete, Gregory A. 1999. *Igniting the Sparkle: An Indigenous Science Education Model.* Skyland, NC: Kivaki Press.

# विज्ञान–समाज संवादको माध्यम

**छत्र कार्की**

छापाखाना (प्रिन्टिङ प्रेस) को आविष्कारले मानिसको ज्ञानलाई फराकिलो बनाउनुका साथै छिटो फैलाउन मद्दत गर्‍यो । अमेरिकी लेखक तथा अनुसन्धाता डेभ रोसका अनुसार जर्मन नागरिक जोहानेस गुटेनवर्गले सन् १४३६ मा प्रिन्टिङ प्रेस आविष्कार गरे, जुन यान्त्रिक रूपमा गतिशील थियो ।

प्रिन्टिङ प्रेसको विकाससँगै युरोप, अमेरिका, भारतलगायत विश्वका विभिन्न मुलुकमा विज्ञान-प्रविधिमा कलम चलाउने पत्रकारको सक्रियता बढ्यो । शुरूआतमा विज्ञान पत्रकार हरूले मौसम तथा प्राकृतिक इतिहाससम्बन्धी विषयवस्तुमा केन्द्रित भएर समाचार तथा रिपोर्ट तयार पार्दथे । केही समयपछि उनीहरूले भौतिकशास्त्र, रसायनशास्त्र, जीवशास्त्र, खगोलशास्त्र, गणित जस्ता विषयमा पनि समाचार तथा लेख लेख्न थाले ।

भारतका विज्ञान सञ्चारक (साइन्स कम्युनिकेटर) मनोजकुमार पटाइरियाको 'इन्टरनेसनल जर्नल अफ डेलिबेरेटिभ मेकानिज्म इन साइन्स- २०१६' जर्नलमा प्रकाशित 'साइन्स कम्युनिकेशन इन इन्डिया : एन एसेस्मेन्ट' लेखअनुसार सन् १८१८ मा भारतको श्रीरामपुर स्थित बंगालबाट प्रकाशित *दिग्दर्शन* मासिक पत्रिकामा विज्ञान, प्रविधि, वनस्पतिलगायत विभिन्न वैज्ञानिक अनुसन्धानबारे लेख छापिन्थ्यो, जुन विश्वकै पहिलो विज्ञान-पत्रिका हो । यो पत्रिका हिन्दी, बंगाली र अंग्रेजी गरी तीन भाषामा छापिन्थ्यो । अंग्रेजी र

बंगालीमा दख्खल राख्ने बेलायती पत्रकार तथा इतिहासविद् जोन क्लार्क मार्सम्यान यस पत्रिकाका सम्पादक थिए ।

सन् १८४५ मा संयुक्त राज्य अमेरिकामा *साइन्टिफिक अमेरिकन* नामक पत्रिका प्रकाशन शुरू भयो, जुन शुरूमा चार पृष्ठको साप्ताहिक थियो । अहिले पनि यो पत्रिका छापा र अनलाइन दुवै संस्करणमा प्रकाशन हुन्छ । अल्बर्ट आइन्सटाइन, निकोला टेस्लालगायत धेरै चर्चित वैज्ञानिकले यसमा लेख्ने गर्दथे । यो संयुक्त राज्य अमेरिकाबाट निरन्तर प्रकाशन हुँदै आएको सबैभन्दा पुरानो पत्रिका हो ।

विश्वमा विज्ञान-प्रविधि पत्रकारिता शुरू भएको साढे तीन दशक बितिसक्दा पनि 'विज्ञान संवाददाता' राख्ने गरिएको देखिँदैन । त्यतिखेर एउटै संवाददाताले विज्ञानका अतिरिक्त अन्य विषयवस्तुमा पनि रिपोर्टिङ गरेर समाचार तथा लेखहरू लेख्नु पर्दथ्यो ।

युनिभर्सिटी अफ क्यालिफोर्नियाकी अवकाशप्राप्त विज्ञान इतिहासविद् बारबरा जे. बेकरका अनुसार सन् १८७१ मा बेलायतबाट प्रकाशित हुने *द टाइम्स* दैनिक समाचारपत्रमा विलियम क्रुक्सको 'ए गेल इन द बे अफ बिस्के' शीर्षकको विज्ञानसम्बन्धी लेख छापिएको थियो, जसमा 'विज्ञान संवाददाता' भनेर बाइलाइन थियो । त्यसपछि *द टाइम्स* समाचारपत्रमा पिटर चाल्मर्स मिचेलले सन् १९१८ देखि सन् १९४५ सम्म 'विज्ञान संवाददाता' भए । सन् १९२८ मा *द म्यान्चेस्टर गार्डियन* (सन् १९५९ मा यस दैनिक समाचारपत्रको नाम परिवर्तन भयो र अहिले यसलाई द गार्डियन भनी चिन्ने गरिन्छ) ले लन्डनका जेम्स क्राउथरलाई विधिवत् रूपमा 'विज्ञान संवाददाता' मा नियुक्तिपत्र दिएको थियो ।

विज्ञान-प्रविधिप्रति अगाध रुचि भएका क्राउथरले 'विज्ञान संवाददाता' नियुक्त भएपछि खुसी प्रकट गर्दै भनेका थिए, 'विज्ञान पत्रकारिताजस्तो अन्य केही छैन । म यस क्षेत्रमा केही नवीन योगदान दिन चाहन्छु ।' सन् १९८३ मा मृत्यु भएका क्राउथर विज्ञान पत्रकारिताका संस्थापकमध्ये एक मानिन्छन् ।

त्यसैगरी, अमेरिकी पत्रकार इम्मा रेह स्टिभेन्सनले मेक्सिकोलगायत विभिन्न क्षेत्रमा पुगेर पुरातात्विक महत्त्वका ठाउँका बारेमा साइन्स सर्भिसका लागि रिपोर्टिङ गरेकी थिइन् । केही समयपछि साइन्स सर्भिसलाई सोसाइटी फर साइन्स एन्ड द पब्लिक नामकरण गरियो । अहिले उक्त संस्था 'साइन्स फर सोसाइटी' नामक गैरनाफामूलक संस्थाका रूपमा चिनिन्छ । यसले *साइन्स न्यूज* म्यागेजिन प्रकाशन गर्नुका साथै अनलाइन संस्करणमा विज्ञान समाचार उपलब्ध गराउँछ ।

सन् २००० पछि विश्वभर विज्ञान-प्रविधि पत्रकारिता फस्टाउँदै गएको छ । विज्ञान-प्रविधि र नवप्रवर्तनको विकासविना मुलुकको विकास नहुने र त्यस्ता विषयवस्तु विज्ञान

पत्रकारका लागि महत्त्वपूर्ण हुने भएकाले पछिल्लो समयमा अमेरिका र युरोप मात्र होइन, एसिया र अफ्रिकी मुलुकहरूमा पनि विज्ञान पत्रकारिताप्रति चासो बढेको छ।

## नेपालमा विज्ञान–प्रविधि पत्रकारिता

नेपालमा विज्ञान-प्रविधि पत्रकारिताको इतिहास त्यति लामो छैन । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) का प्राज्ञ डा. दिनेशराज भुजूको २०५६ साउन १३ मा *कान्तिपुर दैनिक*मा प्रकाशित 'विज्ञान सञ्चारमा नेपाली अनुभव' शीर्षकको लेखमा सन् १९३५ मा सूर्यभक्त जोशीको सम्पादकत्वमा प्रकाशन शुरू भएको *उद्योग* पत्रिकाले विज्ञान-प्रविधिसम्बन्धी सामग्रीलाई महत्त्व दिएको उल्लेख छ। सोही वर्ष *उद्योग*मा विज्ञान-प्रविधिसम्बन्धी लेख-रचनाको सँगालो प्रकाशन भएको देखिन्छ। यसमा विभिन्न लेखकका विज्ञान र प्रविधिमा आधारित लेखहरू छापिएका थिए। तर, यो पत्रिका नियमितभन्दा पनि 'बेलाबखतमा सँगालोका रूपमा छापिने गर्थ्यो', उक्त लेखमा भनिएको छ।

२००७ सालमा प्रजातन्त्र घोषणा भएकै भोलिपल्ट फागुन ८ मा सिद्धिचरण श्रेष्ठको सम्पादकत्वमा *आवाज* दैनिक र २०११ सालमा *समाज* दैनिक पत्रिकाको प्रकाशन शुरू भयो। त्यसपछि प्रकाशित अन्य दैनिक, साप्ताहिक, अर्धसाप्ताहिक, मासिक आदि पत्रिकामा यदाकदा थोरै मात्रामा भए पनि विज्ञानसम्बन्धी लेखहरू प्रकाशन भएको पाइन्छ।

सन् १९५४ मा बेलायतबाट प्रकाशन हुने डेली मेलका पत्रकारहरू र पर्वतारोहीको टोलीले यती हिम मानवको खोजी गर्ने क्रममा सगरमाथा तथा हिमालय क्षेत्रको यात्रा गरेका थिए, जसको नाम 'डेली मेल हिमालयन एक्सपिडिसन- १९५४' राखिएको थियो। उक्त टोलीले १० लाख पाउन्ड खर्च गरेर महिनौंसम्म हिमालय क्षेत्रको यात्रा गरे पनि यती भने फेला पार्न सकेन। त्यसपछि *डेली मेल*का पत्रकारहरूले हिमाली क्षेत्रमा पाइने विभिन्न नयाँ जीवसम्बन्धी रिपोर्ट तयार पारे। यो नै विदेशी मिडियामा छापिएको नेपालको पहिलो विज्ञान समाचार हुन सक्ने *डेली मेल*को दाबी छ। लेखक तथा पर्वतारोही ग्राहम होयल्यान्डको 'यती-एन एबोमिनेबल हिस्ट्री' नामक किताबमा *डेली मेल*का पत्रकारहरू र पर्वतारोहीले हिमाली क्षेत्रमा गरेको यती खोज अभियानबारे उल्लेख गरिएको छ।

नेपाली पत्रकारिताको इतिहासमा विज्ञान-प्रविधिमा केन्द्रित भएको पत्रिका प्रकाशन हुन निकै समय लाग्यो। राजधानी काठमाडौं बाहिरबाट प्रकाशित भएको *विज्ञान-प्रविधि* द्वैमासिकलाई अहिलेसम्म नेपालको पहिलो विज्ञान पत्रिका मानिन्छ, जसको प्रबन्ध सम्पादक हेमबहादुर विष्ट थिए। विष्टका अनुसार यो पत्रिका २०४२ सालमा जनकपुरबाट प्रकाशन भएको थियो र तीन वर्षसम्म चलेपछि आर्थिक अभावका कारण बन्द भयो। *विज्ञान-प्रविधि* प्रकाशन गर्नुअघि विष्टले *राष्ट्रिय समाचार समिति*मा २०३४ सालमा केही

महिना विज्ञान-प्रविधि संवाददाताका रूपमा काम गरिसकेका थिए भने त्यसपछि उनले पाँच वर्षजति *गोरखापत्र दैनिक*मा पनि संवाददाताका रूपमा काम गरेका थिए ।

विज्ञान-प्रविधिसम्बन्धी रिपोर्टिङ तथा 'विज्ञान-प्रविधि' पत्रिका प्रकाशन गर्दाको समयलाई विष्ट यसरी स्मरण गर्छन् :

> '२०३१ सालमा एसएलसी उत्तीर्ण गरेपछि आईएस्सी (इन्टरमिडियट अफ साइन्स) मा फिजिक्स समूहमा भर्ना भएँ । तर, आईएस्सी चौथो सेमेस्टरको परीक्षा नदिईकन मेडिसिन (हेल्थ असिस्टेन्ट) पढ्न काठमाडौं आएँ । पछि मेडिसिन पनि छाडेर रत्न राज्य क्याम्पसमा पत्रकारिता पढ्न थालें । पढ्दापढ्दै २०३४ सालमा *राष्ट्रिय समाचार समिति (रासस)* मा विज्ञान संवाददाताका रूपमा रिपोर्टिङ शुरू गरें । त्यहाँ कसैले पनि विज्ञान-प्रविधि रिपोर्टिङ गर्दैनथ्यो ।
>
> त्यसबेलाका राससका चिफ रिपोर्टर भैरव रिसालले खुसीसाथ 'विज्ञान-प्रविधि बीटमा रिपोर्टिङ गर्नुहोस्' भनेपछि मैले काम शुरू गरेको थिएँ । तर, मैले राससमा ६ महिनाजति मात्र रिपोर्टर भएर काम गरें । त्यसबेला स्वास्थ्य, भौतिकशास्त्र, खगोल, जीव विज्ञान, भू-गर्भ विज्ञान आदि विषयमा वैज्ञानिक अनुसन्धानमा आधारित धेरै रिपोर्टिङ गरें ।
>
> एसएलसीपछि विज्ञानको पढाइले पनि मलाई *विज्ञान-प्रविधि* पत्रिका शुरू गर्ने हुटहुटी जाग्यो । *गोरखापत्र*मा पत्रकारका रूपमा चार वर्ष काम गरेर छाडेपछि म दुई-तीन वर्ष खाली थिएँ । मैले *गोरखापत्र*मा २०३४ सालमा काम शुरू गर्दा भारतदत्त कोइराला सम्पादक थिए । उनले 'ल *गोरखापत्र*लाई तपाईंजस्तो मान्छे चाहिएको छ' भन्दै तुरुन्तै संवाददाताको नियुक्ति दिएका थिए ।
>
> *रासस* र *गोरखापत्र* दैनिकमा विज्ञान पत्रकारिता गरेको अनुभव, आईएस्सी पढाइ र वैज्ञानिक चेतनाका कारणले मैले विज्ञान-प्रविधि पत्रिका प्रकाशन गर्ने सोच बनाएँ । नेपाली समाजमा रहेको कुरीति र अन्धविश्वास चिर्न तार्किक र वैज्ञानिक चेतना जगाउन विज्ञान पत्रकारिताभन्दा उपयुक्त अर्को माध्यम हुन सक्दैन भन्ने लागेर मैले जनकपुरबाट पत्रिका शुरू गरें । जनकपुरमा मेरो घर थियो, मैले पढेको पनि त्यहीं । त्यहाँ कलेजका विज्ञान प्राध्यापकहरूलाई सम्पादक मण्डलमा राखेर पत्रिका निकाल्न थाल्यौं । म प्रबन्ध सम्पादक भएँ । रसायनशास्त्रका दिनेशचन्द्र यादव, वनस्पतिशास्त्रका गोविन्द केसी, भौतिकशास्त्रका रामस्वार्थ राय, वसन्त गौतम, शैलेन्द्र पोखरेल आदि प्राध्यापकहरू टिममा थिए । वैज्ञानिकहरूले प्राविधिक शब्दावली प्रयोग गरेर लेखेका लेखहरूलाई सबैले बुझ्ने सरल भाषामा रूपान्तरण गर्थें ।
>
> त्यसबेला जनकपुरमै लेटर प्रेसबाट पत्रिका छापिन्थ्यो । फोटोको ब्लक बनाउन चाहिँ

भारतको पटना जानुपर्थ्यो । उक्त पत्रिकाको नियमित अंक ४८ पृष्ठको हुन्थ्यो भने विशेषांकचाहिँ ६०-८० पृष्ठसम्म पनि पुग्थ्यो। काठमाडौंबाट कम्प्युटर र वातावरणसम्बन्धी दुईवटा विशेषांक निकालेका थियौं । पत्रिका निकाल्न कतैबाट पनि संस्थागत सहयोग लिएका थिएनौं । पत्रिका निकाल्न आवश्यक पर्ने रकम म आफैं व्यवस्था गर्थें । एक हजार प्रतिबाट शुरू भएको यो पत्रिका ४ हजार प्रतिसम्म बिक्री हुन्थ्यो । नेपालको पूर्वदेखि पश्चिमसम्म वितरण हुने यो पत्रिका त्यसबेला लोकप्रिय पत्रिकामध्ये पर्दथ्यो । पसलेले पत्रिका बिक्रीबाट प्राप्त सबै रकम दिँदैनथे। पत्रिका पनि घाटामै चलेको थियो। आखिरमा मैले पनि समय दिन नसकेपछि र सधैंभरि घाटामा पत्रिका चलाउनुपर्ने बाध्यता भएकाले चार वर्षपछि २०४५ सालमा *विज्ञान-प्रविधि* पत्रिका बन्द भयो ।

## विज्ञान लेखन प्रवर्द्धनमा नास्ट

तत्कालीन राजा वीरेन्द्रको शासनकालमा मुलुकमा विज्ञान तथा प्रविधि प्रवर्द्धन गर्न स्वतन्त्र निकायका रूपमा सन् १९८२ मा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान अर्थात् रोयल नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी (रोनास्ट) स्थापना भयो। तत्कालीन रोनास्ट (अहिलेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान अर्थात् नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी - नास्ट) ले स्थापनाको तीन वर्षपछि विज्ञान सञ्चार विकासका लागि विभिन्न गतिविधि शुरू गरेको देखिन्छ। विज्ञान-प्रविधिलाई आम जनतासम्म कसरी पुऱ्याउने र विज्ञान लेखन लोकप्रिय बनाउने भन्ने उद्देश्यमा शुरूआती दिनमा नास्ट केन्द्रित हुन खोजेको पाइन्छ।

२०४२ सालदेखि नास्टले *रेडियो नेपाल*मा साप्ताहिक 'विज्ञान र प्रविधि कार्यक्रम' शुरू गरेको थियो । सन् १९८० को दशक र सन् १९९० को मध्यसम्म 'विज्ञान र प्रविधि कार्यक्रम' स्कुल र कलेजका विद्यार्थी तथा अध्यापकबीच लोकप्रिय थियो।

त्यसैगरी, नास्टले २०४२ सालदेखि *विज्ञान लेखमाला* प्रकाशन गरी 'पपुलर साइन्स' लाई जनमानसमा पुऱ्याउने जमर्को थालेको पाइन्छ, जसको उद्देश्य विज्ञान-प्रविधिका अन्वेषणलाई लेखनका माध्यमबाट सर्वसाधारणसम्म पुऱ्याउनु रहेको थियो । यो लेखमालाका लेख त्यसबेला विभिन्न दैनिक तथा साप्ताहिक पत्रिकाले साभार गरेर छाप्ने गर्दथे । नास्टले अहिले पनि *विज्ञान लेखमाला* प्रकाशन गरिरहे पनि नियमित भने हुन सकेको छैन।

२०६० सालदेखि नास्टले नेपाली टेलिभिजनबाट 'विज्ञान र प्रविधि' कार्यक्रम प्रसारण गर्दै आएको छ। कार्यक्रम प्रस्तोता लिपिका बज्राचार्यका अनुसार विज्ञान-प्रविधि क्षेत्रमा भएका अनुसन्धान, खोज र रोचक जानकारी दर्शकसमक्ष सम्प्रेषण गर्दै आएको छ।

२०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि निजी क्षेत्र (व्यक्तिगत र सामूहिक) बाट विज्ञान-प्रविधिसँग सम्बन्धित केही पत्रिका बजारमा आएका र केही अंक प्रकाशन भएपछि बन्द भएको पाइन्छ।

अढाइ दशकअघि प्रकाशन शुरू भएको *आवृत्ति* म्यागेजिन तीन अंक छापिएपछि बन्द भयो। उक्त पत्रिकाको सम्पादनमण्डलमा भरत पोखरेल, कृष्णज्वाला देवकोटा, अच्युतम भट्टराई (ज्ञानमित्र) लगायत पत्रकार थिए। आर्थिक स्रोत तथा दीर्घकालीन योजना अभावमा उक्त पत्रिका पनि बन्द भएको थियो।

विज्ञानका विद्यार्थी तथा प्राध्यापकहरूको संयुक्त प्रयासमा २०६७ चैतमा *रेभोसाइन्स* म्यागेजिनको प्रकाशन शुरू भयो। यो म्यागेजिन आठ वर्षसम्म नियमित प्रकाशन भएर छापा संस्करण बन्द भयो भने *रेभोसाइन्स अनलाइन* नियमित रहेको सम्पादक लक्ष्मण डंगोलको भनाइ छ।

एक दशकअघि शुरू भएको विज्ञानप्रधान पत्रिका *साइन्स एन्ड फ्युचर*ले पनि निरन्तरता पाएन। *साइन्स इन्फोटेक, लिभिङ विथ आईसीटी*लगायत केही म्यागेजिन भने बेलाबखत प्रकाशन हुँदै छन्। इन्टरनेट तथा डिजिटल प्रविधिको विकासका कारण विश्वव्यापी रूपमा छापा मिडियामा देखिएको संकटसँगै पछिल्लो समय विज्ञान-प्रविधिप्रधान म्यागेजिन पनि अनलाइनमा सीमित भएका छन्। विज्ञान-प्रविधि पत्रकारितालाई प्रवर्द्धन गर्ने क्रममा *साइन्स युनिभर्स, द न्यु होराइजन, म्यान एन्ड बायोस्फेयर* आदि प्रकाशनले पुऱ्याएको योगदान बिर्सन मिल्दैन। तथापि, नियमित स्रोतसाधन अभावले यस्ता प्रकाशनलाई निरन्तरता दिन मुस्किल छ।

नेपालको विज्ञान पत्रकारिताको इतिहास खोतल्दा अग्रज पत्रकारका रूपमा गोकुल पोखरेलको नाम आउँछ। *गोरखापत्र, दि राइजिङ नेपाल,* नेपाल प्रेस इन्स्टिच्युट, नास्ट आदि संस्थामा कार्यरत रहँदा पोखरेल विज्ञान पत्रकारिताको विकासमा क्रियाशील रहेको देखिन्छ। उनले एनआरएन साइन्स फाउन्डेसनसँगको सहकार्यमा विज्ञान लेखन, पत्रकारको दक्षता अभिवृद्धि तथा चेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राखेको भेटिन्छ।

अर्कातर्फ, केही लेखकले विभिन्न मिडियामा विज्ञानका विषयवस्तुलाई जनताले बुझ्ने भाषामा लेख्दै आएको पाइन्छ। विज्ञान लेखनलाई निरन्तरता दिएर लोकप्रिय बनाउने श्रेय नास्टका पूर्वउपकुलपति प्रा.डा. दयानन्द बज्राचार्य, छविलाल गजुरेल, डा. तीर्थबहादुर श्रेष्ठहरूलाई जान्छ। पछिल्लो समयमा डा. निरञ्जन पराजुली, डा. उत्तमबाबु श्रेष्ठ, कमल मादेनलगायतले विभिन्न अखबारमा जानकारीमूलक र उपयोगी विज्ञान लेख लेख्दै आएका छन्।

## विज्ञान–प्रविधि पत्रकारिता र उद्देश्य

विज्ञान र प्रविधिका क्षेत्रमा गरिएका विभिन्न खोज, अनुसन्धान र नवीन तथ्यमा आधारित रहेर गरिने पत्रकारितालाई विज्ञान-प्रविधि पत्रकारिता भनिन्छ । विज्ञान पत्रकारिताका माध्यमबाट सजिलो भाषामा सबैले बुझ्ने गरी विज्ञानलाई जनतासामु पुऱ्याउने काम गरिन्छ । विज्ञानसँग सम्बन्धित विषयमा समाचार, फिचर र गहन लेख लेख्ने व्यक्ति विज्ञान पत्रकार हो । वास्तवमा, विज्ञान पत्रकारिताले वैज्ञानिक, पत्रकार र जनताबीच अन्तर्क्रियाको काम गराउँछ ।

'त्यतिबेला मात्र वैज्ञानिक विषयवस्तु समाजका लागि मूल्यवान् हुन्छन्, जब तिनलाई सही तरिकाले मिडियाबाट आम जनतासम्म पुऱ्याइन्छ', अमेरिकी लेखक एनी रोले भनेकी छन् । उनको यो भनाइबाट पनि विज्ञान पत्रकारिताको सान्दर्भिकता र महत्त्व स्पष्ट हुन्छ । त्यसैले विज्ञान पत्रकारितालाई विज्ञान र समाजबीच सार्थक संवाद गराउने सशक्त माध्यमका रूपमा समेत लिने गरिन्छ ।

वैज्ञानिकहरूले कुनै विषयमा अनुसन्धान गरेपछि त्यसको परिणामलाई ख्यातिप्राप्त जर्नलहरूमा लेखका रूपमा प्रकाशन गर्छन् । वैज्ञानिकहरूले लेखेका जर्नल आर्टिकल धेरै विस्तृत, विशिष्ट र जटिल शब्दजालले भरिने हुनाले गैरवैज्ञानिक तथा सामान्य मानिसलाई बुझ्न गाह्रो हुन्छ । विज्ञान पत्रकारिताको उद्देश्य क्लिस्ट र दुर्बोध्य वैज्ञानिक खोज र अनुसन्धानलाई सामान्य मानिसले बुझ्न सक्ने गरी सञ्चार गर्नु हो ।

विज्ञान पत्रकारले वैज्ञानिक अनुसन्धान र यससँग सम्बन्धित समाचार तथा फिचर सर्वसाधारणले बुझ्न सक्ने सजिलो भाषामा लेख्ने गर्दछन् । उनीहरूले कुनै विषयका समाचारलाई विज्ञानको कोणबाट प्रस्तुत गर्ने गर्दछन् । विज्ञान र प्रविधिका बारेमा जनताले सूचना पाउने माध्यम आम सञ्चार नै हो । विज्ञान पत्रकारले अखबार, म्यागेजिन, टेलिभिजन, अनलाइन, रेडियो आदि सञ्चारमाध्यममार्फत आफ्ना समाचार तथा लेखहरू सम्प्रेषण गर्ने गर्छन् ।

## विज्ञान पत्रकार, सञ्चारक र लेखक

विज्ञान पत्रकार, विज्ञान सञ्चारक (साइन्स कम्युनिकेटर) र विज्ञान लेखकको भूमिका फरक हुने भएकाले त्यसबारे स्पष्ट हुन जरुरी छ । विज्ञान पत्रकारले विभिन्न आम सञ्चारमाध्यममा विज्ञानसम्बन्धी रिपोर्टिङ गरी समाचार तयार पार्ने काम गर्छ भने विज्ञान सञ्चारकले चाहिँ विश्वविद्यालय, वैज्ञानिक अनुसन्धान केन्द्र, अन्तर्राष्ट्रिय निकाय, विभिन्न संस्थामा गरिएका जटिल वैज्ञानिक तथ्यलाई सरल भाषामा लेखी प्रेस-विज्ञप्तिमार्फत

बाहिर ल्याउँछन् । विज्ञान लेखकहरूले किताब, म्यागेजिन, ब्लग, वेबसाइटहरूका लागि विभिन्न माध्यमका लागि विज्ञानसम्बन्धी लेख तयार पार्छन् । विज्ञान लेखकले विज्ञान पत्रकारजस्तो निश्चित मिडियाका लागि भनेर फिल्ड रिपोर्टिङ भने गर्नु पर्दैन ।

विज्ञान पत्रकारितामा परम्परागत पत्रकारिताभन्दा फरक ढंगले रिपोर्टिङ गरिन्छ । सामान्यतः परम्परागत पत्रकारितामा रिपोर्टिङलाई सन्तुलित बनाउन सकेसम्म सबै पक्षका विचार समेट्ने गरिन्छ । तर, विज्ञान पत्रकारितामा भने वैज्ञानिक रूपमा प्रामाणिक तथ्यका आधारमा रिपोर्टिङ गरिन्छ र विरोधाभाषी पक्षले पेश गरेको दस्ताबेजमा भएका कमीकमजोरी औंल्याइन्छ ।

## विज्ञान-प्रविधि पत्रकारको भूमिका

विज्ञान-प्रविधि पत्रकारितामा भौतिकशास्त्र, गणित, प्रविधि तथा नवप्रवर्तन, जीव विज्ञान र जैविक प्रविधि, रसायनशास्त्र, ऊर्जा र नवीकरणीय प्रविधि, स्वास्थ्य, वातावरण तथा जलवायु परिवर्तन, कृषि, न्युरोसाइन्स, इन्जिनीयरिङ, विज्ञान नीति तथा विज्ञान कूटनीतिलगायत विभिन्न विषयगत विधा हुन्छन् । विज्ञान पत्रकारले आफूलाई रुचि लागेका वैज्ञानिक विषयमा विशिष्टीकृत रिपोर्टिङ गरेर त्यसमै दक्षता हासिल गर्न सक्छन् ।

विज्ञान-प्रविधि पत्रकारका भूमिकालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- प्रविधि तथा नवप्रवर्तन, वैज्ञानिक खोज, सफलता, वैज्ञानिक समुदायभित्रको विरोधाभाष आदिबारे रिपोर्टिङ गर्ने ।
- वैज्ञानिक, अनुसन्धाता र अन्य विज्ञानका विभिन्न क्षेत्रका विज्ञसँग अन्तर्वार्ता लिने ।
- वास्तविकता र विश्वसनीयता सुनिश्चित गर्न सूचनाको तथ्य जाँच गर्ने ।
- जटिल वैज्ञानिक अवधारणालाई सर्वसाधारणका लागि लेखमार्फत सरल भाषामा प्रस्तुत गर्ने ।
- विज्ञानसँग सम्बन्धित नीति तथा नियामक मुद्दा उठान गर्ने ।
- पछिल्ला वैज्ञानिक अनुसन्धान तथा विकासबारे आफूलाई चुस्त र दुरुस्त राख्ने ।
- समाजलाई विज्ञानसँग जोड्न सेतुको भूमिका निर्वाह गर्ने ।
- जनमत र सरकारी नीतिलाई छद्म विज्ञानको प्रभावबाट रोक्न भूमिका खेल्ने ।

## मूल धारका मिडियामा विज्ञान समाचार न्यून

मूल धारको पत्रकारिता अभ्यास गर्दै आएका नेपालका अखबार, रेडियो, टेलिभिजन तथा

अनलाइनमा अझै पनि विज्ञान समाचार न्यून छन् । ती मिडियाले छुट्टै विज्ञान संवाददाता नियुक्त गरेको देखिँदैन । अन्य विधामा रिपोर्टिङ गर्दै आएका पत्रकारले विज्ञानप्रति आफ्नो विषयगत रुचिका कारण यदाकदा रिपोर्टिङ गर्ने गरेको पाइन्छ ।

*बीबीसी नेपाली सेवा*ले भने विज्ञान संवाददाता नियुक्ति प्रक्रिया शुरू गरे पनि यसलाई निरन्तरता दिन सकेको पाइँदैन । *बीबीसी नेपाली सेवा*का तत्कालीन प्रमुख रवीन्द्र मिश्रका पालामा सन् २०१३ मा नेपालमै पहिलोपटक विज्ञान संवाददाता नियुक्त गरिएको थियो र त्यो अवसर पाएका रमेश भुसालले करिब दुई वर्षजति त्यहाँ काम गरेका थिए । त्यसपछि लक्ष्मण डंगोलले सन् २०१५ देखि दुई वर्ष *बीबीसी* नेपाली सेवामा विज्ञान संवाददाताको भूमिका निर्वाह गरेका थिए । त्यसपछि सो सेवाले कसैलाई पनि विज्ञान संवाददाता नियुक्त गरेको छैन ।

## विज्ञान–प्रविधि पत्रकारका योग्यता र सीप

विश्वमा विज्ञान-प्रविधि पत्रकारिताको प्रारम्भिक कालखण्डमा वैज्ञानिकहरू नै पत्रकारितामा लागेको पाइन्छ । बेलायतका चर्चित जीव वैज्ञानिक थोमस हेनरी हक्सले (सन् १८२५-१८९३), आइरिस भौतिकशास्त्री जोन टिन्डल (सन् १८२०-१८९३) लगायत विभिन्न वैज्ञानिक पत्रकारितामा क्रियाशील भएका थिए । विज्ञान-प्रविधि पत्रकारिताको सन्दर्भ चल्दा हामीकहाँ एउटा प्रश्न बारम्बार उठ्ने गर्छ- के विज्ञान पत्रकार बन्न औपचारिक रूपमा विज्ञान नै पढेको हुनुपर्छ ?

यसबारे विज्ञान-प्रविधि पत्रकारिता प्रवर्द्धनमा उल्लेखनीय भूमिका खेल्दै आएको संयुक्त राज्य अमेरिकास्थित संस्था 'द ओपन नोटबुक' की सहसंस्थापक तथा प्रधान सम्पादक एवं विज्ञान पत्रकार सिरी कार्पेन्टरले २०२३ जनवरी २७ मा नेपाल फोरम अफ साइन्स जर्नालिस्ट्स् (एनएफएसजे) ले आयोजना गरेको मेन्टरसिप कार्यक्रममा यसो भनेकी थिइन् ः

> विज्ञान पत्रकारितामा आउनका लागि भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान, भूगर्भशास्त्र, खगोलशास्त्र आदि नेचुरल साइन्स पढेकै हुनुपर्छ भन्ने अनिवार्य छैन । जुन विषय पढेको हो, पत्रकारितामा त्यही बीटमा रिपोर्टिङ गऱ्यो भने सजिलोचाहिँ पक्कै हुन्छ । तर, पत्रकारिताका आधारभूत सीप, लगनशीलता र दृढ इच्छा भएमा विज्ञानबाहेक अन्य विषयमा डिग्री लिएका पत्रकारले पनि अब्बल रिपोर्ट तयार पारेका छन् ।

*न्युयोर्क टाइम्स, डिस्कभरी, साइन्स न्यूज, साइन्टिफिक अमेरिकन*लगायत विभिन्न मिडियामा विज्ञान पत्रकारिता गरिसकेकी उनले मनोविज्ञानमा पीएचडी गरेकी छन् । तसर्थ,

विज्ञान-प्रविधि पत्रकारिताका लागि पत्रकारले विज्ञान पढेको भएमा सुनमा सुगन्ध हुने तर अन्य विषय पढेको भए पनि सीप र दक्षता विकास गरेर यस क्षेत्रमा काम गर्न सकिने उनको अनुभव छ। सन् २०१४ मा छत्र कार्कीको अध्यक्षतामा स्थापित नेपाल फोरम अफ साइन्स जर्नालिस्ट्स् (एनएफएसजे) ले स्थापनाकालदेखि नै विज्ञान पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम गर्दै आएको छ।

सन् २०१७ मा विश्वभरका विज्ञान पत्रकारहरूको छाता संगठन वर्ल्ड फेडेरेसन अफ साइन्स जर्नालिस्ट्स् (डब्लूएफएसजे), क्यानाडाको सदस्यता लिएको एनएफएसजेले अमेरिकास्थित 'द ओपन नोटबुक' सँगको सहकार्यमा सन् २०२३ जनवरीदेखि जुनसम्म विज्ञान पत्रकारहरूको दक्षता विकासका लागि छमहिने साइन्स जर्नालिज्म मेन्टरसिप प्रोग्राम सम्पन्न गरिसकेको छ। भविष्यमा मेन्टरसिप प्रोग्रामलाई निरन्तरता दिइने एनएफएसजेका अध्यक्ष राजन पोखरेल बताउँछन्।

आधारभूत सीप र ज्ञानबिना विज्ञान-प्रविधि पत्रकार भएर काम गर्न भने कठिन हुन्छ। *नेचर इन्डिया*की सम्पादक तथा विज्ञान पत्रकार शुभ्र प्रियादर्शिनी कुशल विज्ञान पत्रकार बन्नका लागि निम्न सीप जरुरी ठान्छिन् :

- कुनै विषयवस्तुबारे खोज र अनुसन्धान गर्न सक्ने क्षमता,
- आम जनता र वैज्ञानिक दुवैसँग सञ्चार गर्न सक्ने खुबी,
- पूर्व वैज्ञानिक अध्ययनहरूको समीक्षा,
- विश्लेषणात्मक सीप,
- विज्ञान र प्रविधिमा रुचि,
- उद्देश्यमूलक र तटस्थ रहन सक्ने क्षमता,
- पत्रकारिताका आधारभूत मान्यता र विज्ञान लेखनबारे बुझाइ।

विज्ञान-प्रविधि पत्रकारिताका लागि स्थलगत रिपोर्टिङ महत्त्वपूर्ण पक्ष हो। वैज्ञानिकहरूले प्रयोगशालामा गरेको काम र त्यसबाट आउने नतिजाबारे प्रत्यक्ष अवलोकन गर्न जरुरी हुन्छ। त्यसैगरी, कतिपय वातावरण र जलवायु परिवर्तनसम्बन्धी रिपोर्टिङका लागि पत्रकारले समुदायस्तरमै पुग्नुपर्ने हुन्छ। एउटा विज्ञान पत्रकारले फिल्डमा पुगेर मात्र मल्टिमिडिया स्टोरी (कन्टेन्ट, भिडियो, अडियो) तयार पार्न सक्छ।

## विज्ञान-प्रविधि पत्रकारिताका लागि सूचनाको स्रोत

पत्रकारितामा जनसम्पर्क र सूचनाको स्रोतको ठूलो भूमिका हुन्छ। विज्ञान-प्रविधि पत्रकारले विषयगत रूपमा सूचनाको स्रोत को-को हुन सक्छन् भनी निर्क्योल गर्न सक्नुपर्छ। स्थानीय

तहको कुरा गर्दा विद्यालय वा कलेजमा अध्यापन गराउने विज्ञान-प्रविधिसँग सम्बन्धित विषयका शिक्षक र प्राध्यापक, नगरपालिका र गाउँपालिकाका पदाधिकारीबाट विज्ञान-प्रविधिसम्बन्धी सूचना लिन सकिन्छ। प्रदेशमा रहेर विभिन्न शैक्षिक संस्था तथा विभिन्न सरकारी निकायमा रहेर अनुसन्धान गरिरहेका वैज्ञानिक, प्रादेशिक वैज्ञानिक अनुसन्धान केन्द्रका अधिकारी, विज्ञान, वातावरण र वनमा काम गरिरहेका गैरसरकारी संस्थासँग नियमित सम्पर्कमा रहनुपर्छ।

केन्द्रको कुरा गर्दा अहिले विज्ञान-प्रविधिसम्बन्धी तालुकदार निकाय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय हो । उक्त मन्त्रालयमा शिक्षा र विज्ञान तथा प्रविधि मन्त्रालय हेर्नका लागि सरकारले छुट्टाछुट्टै सचिवहरूलाई जिम्मेवारी दिएको छ। त्यस्तै, विज्ञान तथा प्रविधिसम्बन्धी छुट्टै निकायका रूपमा नास्टले वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तन क्षेत्रमा काम गरिरहेको छ । रिसर्च सेन्टर फर अप्लाइड साइन्स एन्ड टेक्नोलोजी (रिकास्ट), नेपाल एग्रिकल्चर रिसर्च सेन्टर (नार्क), नेसनल इनोभेसन सेन्टरलगायतका संस्था पनि सूचनाको भरपर्दो स्रोत हुन सक्छन् ।

विज्ञान-प्रविधिसम्बन्धी समाचार तयार पार्दा निम्न कुरामा ध्यान दिनु उपयुक्त हुन्छ :

- विज्ञान जर्नल र वेबसाइट सब्स्क्राइभ गर्ने,
- प्रश्न सोधिरहने,
- सबै कुरामा वैज्ञानिक विश्लेषण खोज्ने,
- सार्वजनिक नीतिको वैज्ञानिक आयामबारे जवाफ खोज्ने,
- वैज्ञानिक समाज तथा संस्थाहरूसँग सहकार्य गर्ने,
- विभिन्न क्षेत्रका विज्ञहरूको सम्पर्क नम्बरसहित सूची तयार पार्ने,
- विभिन्न सम्मेलन, सेमिनार र अन्य वैज्ञानिक कार्यक्रममा सहभागिता जनाउने ।

यसका साथै, विज्ञान-प्रविधिमा केन्द्रित अन्तर्राष्ट्रिय मिडिया तथा जर्नलहरूको अध्ययनले पत्रकारमा निखार ल्याउन मद्दत गर्छ। त्यस्ता केही प्रमुख मिडिया हुन्- *नेचर, न्यु साइन्टिस्ट, नेसनल जिओग्राफिक, साइन्टिफिक अमेरिकन, बीबीसी न्यूज साइन्स एन्ड इन्भारोमेन्ट, द थर्ड पोल, साइडेभ डट नेट, रेस्ट अफ वर्ल्ड, मङ्गाबे, साइन्स न्यूज ।*

## अन्तर्राष्ट्रिय फोरममा नेपाली पत्रकारलाई अवसर

नास्टको विज्ञान फिचर सम्पादकका रूपमा विज्ञानलाई लोकप्रिय बनाउन भूमिका निर्वाह गरेका पत्रकार प्रकाश खनालले विभिन्न अन्तर्राष्ट्रिय मिडियामा वैज्ञानिक लेख प्रकाशन गरेको देखिन्छ । दुई दशकअघि खनाल 'वर्ल्ड फेडेरेसन अफ साइन्स जर्नालिस्ट्स्'

(डब्लूएफएसजे) को सचिवसमेत भएका थिए। उनी लामो समयदेखि बेलायतमा पत्रकार र जनसम्पर्क कन्सल्ट्यान्टका रूपमा कार्यरत छन्।

त्यसयता विभिन्न समयमा विज्ञान पत्रकारले अन्तर्राष्ट्रिय सम्मेलनमा आफ्नो उपस्थिति जनाएर अनुभव आदान-प्रदान तथा सिकाइ हासिल गर्दै आएका छन्। सन् २०१५ जुन ८ देखि १२ सम्म दक्षिण कोरियाको सोलमा भएको नवौं वर्ल्ड कन्फेरेन्स अफ साइन्स जर्नालिस्ट्सूमा छत्र कार्कीले वक्ताका रूपमा नेपालको भूकम्पबारे आफ्नो रिपोर्टिङ अनुभव सुनाएका थिए भने उनले सन् २०२३ मार्च २७ देखि ३१ सम्म दक्षिण अमेरिकाको कोलम्बियामा भएको बाह्रौं वर्ल्ड कन्फेरेन्स अफ साइन्स जर्नालिस्ट्सूमा मेन्टल हेल्थ र डिजिटल टेक्नोलोजीबारे वक्ताका रूपमा प्रस्तुति दिएका थिए।

त्यसैगरी, सन् २०१७ मा अमेरिकाको सानफ्रान्सिस्कोमा भएको वर्ल्ड कन्फेरेन्स अफ साइन्स जर्नालिस्ट्सूमा *थर्ड पोल*का नेपाल सम्पादक तथा वातावरण पत्रकार रमेश भुसालले वक्ताका रूपमा विज्ञान तथा वातावरण पत्रकारिताबारे आफ्नो अनुभव सुनाएका थिए। पिताम्बर सिग्देल, राजन पोखरेल, मनीष गौतमलगायत पत्रकारले विभिन्न समयमा यस्ता कन्फेरेन्समा सहभागिता जनाइसकेका छन्। नेपाल फोरम अफ साइन्स जर्नालिस्ट्सूका सदस्य दीर्घराज उपाध्यायले सन् २०१९ मा हंगेरीमा भएको वर्ल्ड साइन्स फोरममा सहभागिता जनाइसकेका छन्।

नेपाली पत्रकार अन्तर्राष्ट्रिय फोरममा सहभागी हुँदा अन्य मुलुकका पत्रकारसँग अनुभव साटासाट हुनुका साथै आफ्नो लेखन क्षमता, बुझाइ र सिकाइमा समेत सकारात्मक प्रभाव पर्छ। पछिल्लो समय नेपालका विज्ञान-प्रविधि पत्रकारले विभिन्न अन्तर्राष्ट्रिय मिडियामा रिपोर्टिङ गर्ने अवसर पाएका छन्। *द थर्ड पोल, साइन्टिफिक अमेरिकन, नेचर, मङ्गाबे, गाभी, अन्ड्राक, द साइन्टिस्ट, न्युयोर्क डेली न्यूज* आदिमा दर्जनजति नेपाली विज्ञान पत्रकारहरूका रिपोर्ट प्रकाशन भएको देखिन्छ, जुन पत्रकारका लागि ठूलो अवसर हो।

## विज्ञान-प्रविधि पत्रकारिताका चुनौती

पछिल्लो समयमा नेपालमा विज्ञान पत्रकारिताले बामे सर्न थाले पनि विभिन्न चुनौती यथावत् छन्। कुनै पनि मिडिया हाउसले छुट्टै विज्ञान रिपोर्टर नियुक्त गरेको देखिँदैन। यसले गर्दा विज्ञानका समाचार, लेख जुन मात्रामा अखबार, रेडियो, टेलिभिजन, अनलाइनमा आउनुपर्ने हो, त्यसअनुसार आएको पाइँदैन। विज्ञान बीटलाई छुट्टै मान्यता दिइएको छैन।

वैज्ञानिक अनुसन्धानका विषयवस्तु जटिल हुने भएकाले सजिलै बुझ्न सकिँदैन। तसर्थ, अधिकांश पत्रकारलाई विज्ञानका विषयवस्तु असहज लाग्नु स्वाभाविक हो। विज्ञानका

प्राविधिक शब्दावली सजिलोसँग बुझ्न नसकिने भएकाले अधिकांश पत्रकार यो क्षेत्रमा आउन चाहँदैनन् । वैज्ञानिक शब्दावलीको उचित ज्ञानविना पत्रकारले रिपोर्टिङ गर्दा कतिपय अवस्थामा अनर्थ हुन सक्छ। त्यही भएर गुणस्तरीय विज्ञान रिपोर्टिङ जनमानसमा ल्याउन चुनौतीपूर्ण छ।

हामीकहाँ विज्ञान पत्रकारिता मात्र होइन, समग्र विज्ञान नै सरकारको प्राथमिकतामा छैन। सरकारले विज्ञान-प्रविधि र अनुसन्धान क्षेत्रमा अति न्यून बजेट छुट्याउँदै आएको छ। विभिन्न सरकारी तथा गैरसरकारी निकाय र विज्ञान पत्रकारबीच समन्वयात्मक ढंगले काम हुन सकेको छैन। पत्रकारको दक्षता अभिवृद्धि र गुणस्तरीय कामका लागि अल्पकालीन तथा दीर्घकालीन योजना ल्याएको देखिँदैन।

नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी (नास्ट), बीपी प्लानेटोरियमलगायत केही निकायले बेलाबेलामा विज्ञान पत्रकारिता तथा लेखनसम्बन्धी तालिम सञ्चालन गर्दै आए पनि त्यो पर्याप्त छैन। हामीकहाँ विज्ञान पत्रकारितामै दक्षता हासिल गरेका प्रशिक्षकको खाँचो छ। तालिम सैद्धान्तिक विषयवस्तुमा बढी केन्द्रित हुने हुँदा त्यसले गुणस्तरीय विज्ञान लेखनलाई अपेक्षित टेवा दिन सकेको छैन। अहिलेसम्म विज्ञान पत्रकारिताका सिद्धान्त र विधि समेटिएको 'ह्यान्डबुक' उपलब्ध छैन।

अधिकांश मिडियामा राजनीति, अपराधजस्ता समाचारले अन्य समाचारलाई 'डोमिनेन्ट' गरेको देखिन्छ। यस्तो अवस्थामा विज्ञान रिपोर्टिङ ओझेलमा पर्नु अन्यथा होइन। यस्तो अवस्थामा विज्ञान रिपोर्टिङ सबैले बुझ्ने भाषामा सम्प्रेषण गरेर लोकप्रिय बनाउन चुनौतीपूर्ण छ। विज्ञान पत्रकारको वृत्ति विकासका लागि तालिम, सेमिनार र फेलोसिपका अवसर पर्याप्त नहुँदा उनीहरूलाई यही क्षेत्रमा टिकाइराख्न पक्कै सजिलो छैन।

हामीकहाँ रहेको चुनौती भनेको वैज्ञानिक समुदाय र विज्ञान पत्रकारबीच अझै ठूलो 'ग्याप' छ। वैज्ञानिक समुदायले आफूले गरेका अनुसन्धानबारे पत्रकारलाई पटकपटक जानकारी गराएको देखिँदैन। त्यसैगरी, पत्रकारले पनि के-के अनुसन्धान हुँदै छ भनी फ्लोअप गर्ने गरेको पाइँदैन। त्यसो त पत्रकारहरू ब्रेकिङ न्यूजको पछि दौडनुपर्ने बाध्यताले पनि यस्तो अवस्था आएको देखिन्छ।

## आगामी बाटो

वैज्ञानिक अनुसन्धान तथा गतिविधिलाई आम मानिसले बुझ्ने भाषामा समाचार बनाउन कुशल विज्ञान पत्रकारको जरुरी पर्छ। वैज्ञानिक समुदायले जतिसुकै उत्कृष्ट अनुसन्धान र खोज गरे पनि त्यसको सन्देश जनतामा पुग्न सकेन भने कुनै औचित्य रहँदैन। त्यही भएर

पनि विज्ञान पत्रकारिताको महत्त्व र औचित्यलाई वैज्ञानिक समुदाय, सरकारलगायत सबैले आत्मसात गरेका छन्, गर्नुपर्छ। विज्ञान पत्रकारको वृत्ति विकासमा ध्यान दिइनैपर्छ। दक्षता बढाउन तालिमका साथै उनीहरूका कामलाई हौसला बढाउन पुरस्कार, फेलोसिपलगायतको व्यवस्था गरिनुपर्छ। सरकारले विज्ञान पत्रकारलाई तालिम दिनका लागि कुनै संस्था स्थापना गर्नुपर्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत विज्ञान तथा प्रविधि महाशाखाले गुणस्तरीय विज्ञान पत्रकारिताका लागि उचित योजना तुर्जमा गरी परिणाममुखी काममा ध्यान दिन जरुरी छ।

नेपालमा पत्रकारिताको पठनपाठन शुरू भएको निकै वर्ष भइसकेको छ। पत्रकारिताको पढाइभित्र विज्ञान पत्रकारितालाई पनि समेटिनुपर्छ। विज्ञान पत्रकारिताको गुणस्तर विकासका लागि केही विज्ञान पत्रकारलाई तालिमका लागि विदेश पठाएर उनीहरू फर्किएपछि स्वदेशमै त्यस्ता तालिम चलाउन सकिन्छ।

अखबार, रेडियो, टेलिभिजिन, अनलाइन आदि मिडियामा विज्ञान समाचार तथा फिचरको कभरेज बढाउन उत्प्रेरित गरिनुपर्छ। बेलाबखतमा ती मिडियाका सम्पादक, डेस्क एडिटर आदिसँग संवाद गर्न सकिन्छ। यसैगरी, विज्ञानका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संवादलाई निरन्तरता दिन सकिएमा पक्कै पनि आम जनतामा विज्ञान र विज्ञान पत्रकारिताको बुझाइमा परिपक्वता आउन सक्छ। विज्ञान पत्रकारितालाई प्रभावकारी बनाउन साझेदारी र सहकार्य महत्त्वपूर्ण पाटो हो। वैज्ञानिक समुदाय र पत्रकारबीचको समन्वय र सहकार्यलाई योजनाबद्ध रूपमा अगाडि बढाइनुपर्छ। यसो गरिएमा तथ्यपरक र गुणस्तरीय विज्ञान-प्रविधि पत्रकारिताको उचित वातावरण तयार हुन्छ।

**विज्ञान-प्रविधि पत्रकारका लागि उपयोगी सन्दर्भ-सामग्रीका लिङ्क**

-https://www.theopennotebook.com/
–https://www.nature.com/
–https://undark.org/
–https://ksjfactcheck.org/
–https://earthjournalism.net/resources
-https://www.thelancet.com/
–https://www.sciencenews.org/
–https://www.sciencedirect.com/
–https://www.thethirdpole.net/en/
–https://news.mongabay.com/
–https://www.downtoearth.org.in/

# खेलकूदका समग्र पक्षमाथि निगरानी

**रोशन राउत**

सामान्य अर्थमा खेलकूदका विभिन्न पक्ष समेटेर गरिने पत्रकारिता नै खेलकूद पत्रकारिता हो । तर, यतिमा मात्र खेलकूद पत्रकारितालाई सीमित गरियो भने त्यो अपूर्ण हुन्छ । खेलकूद पत्रकारिताले खेलकूदको समग्रतालाई समेटेको हुन्छ। खेलाडीका भावना, खेलमा हुने प्रतिस्पर्धा, खेल र खेलाडीका मानवीय पक्ष, खेलकूदका सकारात्मक र नकारात्मक पक्ष अनि खेलाडीका सफलता र असफलता खेलाडीका जीवनलाई रोचक ढंगले प्रस्तुत गर्नु पनि खेल पत्रकारिताभित्र पर्छन् । पछिल्लो समयमा खेल राजनीति पनि यसैको एउटा महत्त्वपूर्ण पक्ष हो ।

खेलकूदका गतिविधिलाई जनस्तरसम्म पुऱ्याएर खेल पत्रकारिताले यस क्षेत्रको विकासमा सहयोग पुऱ्याउन सक्छ। कुनै पनि देशमा खेलकूद क्षेत्रको अपेक्षित विकास नभई खेलकूद पत्रकारिताले पनि मौलाउने अवसर पाउँदैन । तसर्थ खेलकूद र खेलकूद पत्रकारिता परि पूरक हुन् । खेलकूद प्रसारणमा पैसा, शक्ति र प्रभाव हुने अवधारणाका आधारमा खेलकूद पत्रकारिताले पछिल्लो समय निकै महत्त्व पाउने गरेको छ। प्रायः सञ्चारमाध्यम खेलकूद समाचारविना चल्न नसक्ने यथार्थ प्रस्ट भइसकेको छ। विश्वभर खेलकूदलाई मात्र आफ्नो विषयवस्तु बनाउने पत्रिका, म्यागजिन, रेडियो र टेलिभिजन संख्या पनि कम छैन । अझ पछिल्लो समयमा इन्टरनेटले खेलकूद पत्रकारितामा दिएको योगदानको जति प्रशंसा गरे

पनि  कम हुन्छ । फ्रान्सको *ला इक्युपे,* इटालीको *ला गजेटो डेलो स्पोर्ट्स्,* स्पेनको *मार्का,* बेलायतको *स्पोर्टिङ लाइफ* वा भारतको *स्पोर्ट्स् स्टार* सबैले खेलकूदप्रेमीका मनमा गहिरो प्रभाव छाडेका छन् ।

खेलाडी, क्लब, प्रशिक्षक र खेल पदाधिकारीसँग सम्बन्धित सामग्रीलाई रोचक ढंगले प्रस्तुत गर्नु नै खेल पत्रकारको मुख्य कर्म हो । खेलकूद भनेको मनोरञ्जनको साधन मात्र नभएर पछिल्लो समय गतिलो व्यवसायमा पनि रूपान्तरण भएको छ । चीनको 'पिङ पङ डिप्लोमेसी' होस् वा उत्तर र दक्षिण कोरियाबीचको 'बास्केटबल डिप्लोमेसी', विश्व राजनीतिमा पनि खेलकूदले गहिरो प्रभाव पार्दै आएको छ । सामाजिक एवं राजनीतिक विकासमा पनि खेलकूद पत्रकारिताले रचनात्मक भूमिका निर्वाह गरेको छ । बेसबल खेल्ने अवसरबाट चुकेका ज्याकी रोबिन्सले खेलकूद पत्रकारिताकै पहलमा सन् १९४० को दशकमा खेल्ने मौका पाएका थिए । यसलाई खेलकूद पत्रकारले राजनीतिक विकासमा दिएको योगदान मानिन्छ । विश्व खेलकूदमा नराम्रो रोगका रूपमा विकास भएको डोपिङको समाचार सामग्री तयार पार्न होस् वा खेलकूद क्षेत्रको भौतिक संरचना विकासमा योगदान पुऱ्याउन होस्, खेलकूद पत्रकारिताको भूमिकालाई बेवास्ता गर्न मिल्दैन ।

सक्षम पत्रकार मात्र खेलकूद लेखक वा पत्रकार बन्छन् भन्ने उदाहरण यो क्षेत्रमा लागू नहुन पनि सक्छ । अमेरिकाको 'स्पोर्टस् बुक अफ दि इयर' विजेताको सूचीबाट पनि यो तथ्य प्रस्ट हुन्छ । डङ्कन ह्यामिल्टन, गेरी इमेल्च र टोम वाउर केही उदाहरणीय नाम हुन् । उनीहरू अन्य विधाबाट खेलकूद पत्रकारितामा फड्को मारेर पुरस्कृत नै भए ।

## विश्व खेलकूदको इतिहास

प्राचीन समयमा मनोरञ्जन, सिकार र युद्ध तयारीका लागि मानिसले विभिन्न खेल खेल्ने गरेको प्राप्त ऐतिहासिक प्रमाणहरूले देखाउँछ । त्यसैले प्राचीन समयमा बढी शारीरिक परिश्रम गर्नुपर्ने खेलहरू नै खेल्ने र खेलाउने गरिन्थ्यो । मानव जीवनसँग खेलकूदको सम्बन्ध पत्ता लगाउन खोजकर्ताहरूले हजारौं वर्षअगाडिको इतिहास पनि खोतलिसकेका छन् । तैपनि विश्व खेलकूदको इतिहासका विषयमा स्पष्ट र पर्याप्त जानकारी प्राप्त हुन सकेको छैन ।

विश्व खेलकूदको अहिलेसम्मको आधिकारिक लिखित इतिहास करिब तीन हजार वर्ष पुरानो छ, जुन प्राचीन ग्रीससँग जोडिएको छ । ग्रीसमा ईशापूर्व ७७६ मा प्राचीन ओलम्पिक खेलकूद आयोजना गरिएको थियो । ग्रीसको ओलम्पिया नगरमा आयोजना गरिएकाले नै यो प्रतियोगिताको नाम ओलम्पिक रहन गएको हो ।

ओलम्पिक प्रत्येक चार वर्षमा आयोजना गरिन्थ्यो । प्राचीन समयमा ओलम्पिक शुरू हुनुअघि धुमधामसँग धार्मिक समारोह आयोजना गरिन्थ्यो । ओलम्पिकमा सहभागी हुनुअघि खेलाडीलाई मन्दिरमा पूजा गरी शपथ लिन लगाइन्थ्यो । त्यसपछि ओलम्पस पर्वतमा सूर्यको किरणबाट मसाल प्रज्ज्वलन गरी खेल शुरू गरिन्थ्यो । प्राचीन ओलम्पिक नै पछि गएर आधुनिक ओलम्पिकमा परिणत भएको हो । त्यसैले अहिले पनि ओलम्पिक चार/चार वर्षमा हुन्छ भने खेलकूद शुरू हुनुअघि ओलम्पिक ज्योति प्रज्ज्वलन गर्ने परम्परा छ ।

प्राचीन ओलम्पिकमा लामो समयसम्म एउटा खेल मात्र समावेश गरिएको थियो । त्यो खेल थियो– पुरुषतर्फको दौड । त्यसपछि ईशापूर्व ७२४ मा कुस्ती, बक्सिङ, घोडा दौड, पेन्टाथलनजस्ता खेल थपिए । एक हजार वर्षभन्दा लामो समयसम्म निरन्तर चलेपछि प्राचीन ओलम्पिक बन्द गरिएको थियो ।

सन् १८९६ देखि मात्र आधुनिक ओलम्पिक शुरू भएको थियो । आधुनिक ओलम्पिक फ्रान्सका प्रख्यात शिक्षाविद् र इतिहासकार ब्यारन पियर डि कुबर्टिनको पहलमा शुरू भएको हो । त्यसैले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) का संस्थापकसमेत रहेका उनलाई आधुनिक ओलम्पिक खेलकूदका पिता मानिन्छ । आधुनिक ओलम्पिकको पहिलो संस्करण ग्रीसको एथेन्समा शुरू भएपछि नै विश्व खेलकूदले मौलाउने अवसर पाएको हो ।

हाल विश्वभर दुईवटा ओलम्पिक खेलकूद आयोजना हुन्छन्- ग्रीष्मकालीन र शीतकालीन । तर, मुख्य ओलम्पिक भनेर ग्रीष्मकालीन ओलम्पिक खेलकूदलाई नै चिनिन्छ, जसका हालसम्म ३२ वटा संस्करण आयोजना भइसकेका छन् ।

## नेपालमा खेलकूद

नेपालमा भने ब्रिटिश सरकारसँग सम्बन्ध स्थापित भएपछि मात्र खेलकूद संस्कृतिको विकास भएको पाइन्छ । प्रारम्भिक चरणमा विभिन्न खेल राजपरिवारका सदस्यहरूको सेरोफेरोमा मात्र घुमेको र लामो समयपछि मात्र केही खेल सर्वसाधारणले खेल्न पाएका थिए ।

राजा त्रिभुवनलाई शारीरिक सुगठन, फुटबल र हकीमा अभिरुचि थियो । बंगालबाट शारीरिक सुगठनको तालिम लिएका (शहीद) धर्मभक्त माथेमा राजदरबारभित्रै राजा त्रिभुवनलाई शारीरिक सुगठन सिकाउँथे । धर्मभक्तको त्यतिबेलाको मुख्य उद्देश्य शारीरिक सुगठन (खेलकूद) का माध्यमबाट राजासँग सम्बन्ध स्थापित गर्नु र प्रजातन्त्र स्थापनाका

लागि परिस्थिति तयार पार्नु भए पनि कालान्तरमा उनको त्यो अभियान नेपालको सत्ता परिवर्तनमा मात्र सीमित रहेन, खेलकूद र खेलकूद संस्कृतिको विकासमा पनि एउटा कोसेढुंगा बन्न पुग्यो ।

काठमाडौं उपत्यकाका जनता बिहान-बेलुका टुँडिखेलमा जम्मा भएर डन्डीबियो, कबड्डी, फुटबलका साथै शारीरिक कसरतका खेल खेल्थे । खेलकूदमा आम रूपमा जनअभिरुचि जागृत भइसकेको थिएन । उपत्यकामा मात्रै होइन, तराई, भित्री मधेस र पहाडमा पनि आफ्नै तरिकाले विदेश घुमेर आउने नेपालीले भलिबल, फुटबल, डन्डीबियो र बाघचाल खेल्थे । तर, त्यो समयमा एकातिर भौतिक पूर्वाधार अभाव थियो भने अर्कातिर आर्थिक समस्या । ती खेल कसरी खेल्ने भन्ने स्पष्ट ज्ञान पनि जनतामा थिएन । जीविकोपार्जनका लागि काम गर्नुपर्छ, खेलेर समय बर्बाद गर्नु हुँदैन भन्ने आम धारणा थियो । फलतः खेलकूदमा खासै चासो लिइँदैनथ्यो ।

जनतालाई खेलकूदमा सरिक गराइयो भने चेतनशील र संगठित भएर विद्रोह गर्छन् भन्ने धारणाले राणाशासनकालमा खेलकूद दरबारभित्रै सीमित थियो । तर, त्यही समयमा भारतमा भने चतुर बेलायतीहरूले जनतालाई भुल्याउन क्रिकेटलाई जनमानसमा लोकप्रिय बनाइदिएका थिए ।

जनरल नरशमशेर राणाको निवासमा राजा त्रिभुवनसमेतको उपस्थितिमा २००८ सालमा नेपाली खेलकूदको भविष्यका विषयमा भएको अन्तरक्रिया, ओलम्पिकमा पर्यवेक्षकका रूपमा नेपालको सहभागिता, राष्ट्रिय तथा स्वास्थ्य खेलकूद परिषद्को गठन, पहिलो एसियाडमा सहभागिता र ओलम्पिकमा नेपालको सहभागिता आदि नेपाली खेलकूदका कोसेढुंगा हुन् ।

राजा महेन्द्र २०१३ सालमा नेपाल ब्याडमिन्टन संघका अध्यक्ष बनेको इतिहासले खेलकूदतर्फ राजदरबारको रुचि प्रस्ट पार्छ । एथलेटिक्स, बक्सिङ, फूटबल, ब्याडमिन्टन र टेबलटेनिस खेलका पाँच राष्ट्रिय संघलाई समेटेर सन् १९६३ मा ओलम्पिक कमिटी गठन हुँदा तत्कालीन अधिराजकुमार बसुन्धराले अध्यक्षता गरेका थिए । उनीपछि कुमार खड्गविक्रम शाह र शरदचन्द्र शाह अध्यक्ष बनेका थिए । युवा परिचालन गर्ने बलियो माध्यम भएकाले पञ्चायत व्यवस्थाभर दरबारले खेलकूदमा पकड जमाइराख्यो ।

२०६३ सालमा लोकतन्त्र स्थापना हुनुअघिसम्म त्यो पकड पूर्णतः खुस्किसकेको थिएन । राष्ट्रिय खेलकूद परिषद् (राखेप) को संरक्षकत्व दरबारमै थियो । धीरेन्द्र शाह, तत्कालीन युवराजद्वय दीपेन्द्र र पारसले राखेपको संरक्षकको भूमिका निर्वाह गरेका थिए । खड्गविक्रम शाह २०२४ सालदेखि २०३४ सालसम्म राखेपको सदस्य-सचिव थिए भने शरदचन्द्र

शाहले त्यसपछिको ११ वर्ष नेपाली खेलकूदको बागडोर सम्हालेका थिए ।

सन् १८९६ देखि प्रत्येक चार वर्षमा आधुनिक ओलम्पिक खेलकूद आयोजना हुँदै आए पनि (सन् १९४० मा दोस्रो विश्वयुद्धका कारण नभएको बाहेक) प्रजातन्त्र आएपछि मात्र सन् १९५१ मा भारतको दिल्लीमा आयोजना भएको एसियाली खेलकूदको पहिलो संस्करणमा नेपालले पहिलोपटक सहभागिता जनायो । त्यसअघि २००४ सालमै नेपाल क्रिकेट संघ, नेपाल एथलेटिक्स संघ, नेपाल ब्याडमिन्टन संघ र नेपाल टेबुलटेनिस संघ गठन भए । २००८ सालमा अखिल नेपाल फुटबल संघ, २०११ सालमा नेपाल हकी संघ, २०१३ सालमा अखिल नेपाल टेनिस संघलगायतका खेलकूद संघ गठन भए । प्रजातन्त्र आएर निर्वाचनसमेत भइसकेपछि खेलप्रेमीको विशेष आग्रहमा खेलकूदको संस्थागत विकास गर्ने अभिप्रायले २०१५ सालमा राष्ट्रिय स्वास्थ्य तथा खेलकूद परिषद् गठन भयो । सो संस्थाकै माध्यमबाट २०१६ कात्तिक १५ गते काठमाडौंको टुँडिखेलमा प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला र श्री ५ महेन्द्र– ११ टोलीबीच ऐतिहासिक प्रदर्शन फुटबल खेलिएको थियो ।

सोही वर्ष नेपालले पहिलोपटक अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) द्वारा सन् १९६० मा आयोजना गरिएको रोम ओलम्पिकमा एकजना पर्यवेक्षक पठाएको थियो । त्यसपछि नै ओलम्पिकमा नेपालको ढोका खुलेको हो । २०१७ सालमा 'राष्ट्रिय स्वास्थ्य तथा खेलकूद परिषद्' बाट 'स्वास्थ्य' शब्द हटाएर 'राष्ट्रिय खेलकूद परिषद्' नामकरण गरिएको थियो ।

नेपालले सन् १९६४ मा भएको टोकियो ओलम्पिकमा पहिलोपटक एथलेटिक्स र बक्सिङमा भाग लिएको थियो । २०२४ सालमा खेलकूद परिषद्को सदस्य-सचिवमा कुमार खड्गविक्रम शाह मनोनीत भएपछि नेपालको खेलकूदलाई नयाँ मोड र नयाँ कार्यदिशा दिने काम शुरू भएको हो । २०३३ सालमा नेपाल बक्सिङ संघ र भलिबल संघ गठन भई खेलकूद संघहरूको संख्या ७ बाट ९ पुगेको थियो । सन् १९७० मा थाइल्यान्डमा भएको एसियाली खेलकूदमा नेपालले एथलेटिक्स, टेबुलटेनिस, ब्याडमिन्टन र लनटेनिसमा १५ सदस्यीय खेल टोली पठायो । सन् १९७२ मा जर्मनीको म्युनिखमा आयोजित ओलम्पिकमा जीतबहादुर केसी र भक्तबहादुर सापकोटालाई सहभागी गराइएको थियो ।

नेपाली खेलकूदको इतिहासमा सन् १९७३ ले विशेष महत्त्व राख्छ । त्यस वर्ष फिलिपिन्सको मनिलामा आयोजित एसियाली एथलेटिक्स च्याम्पियनसिपमा जीतबहादुर केसीले कास्य पदक जिते । यो नेपाली खेल इतिहासकै पहिलो अन्तर्राष्ट्रिय पदक थियो । त्यसपछि सन् १९७४ को तेहरान एसियन गेम्समा २७ जनाको टोली पठायो भने सन् १९७६ को मोन्ट्रियल

ओलम्पिकमा म्याराथन धावक वैकुण्ठ मानन्धरलाई सहभागी गराइयो । विश्वका चर्चित सयजना धावक सहभागी ओलम्पिकमा मानन्धरले पचासौं स्थान ओगटेका थिए ।

नेपालको खेलकूद विकासमा २०३४ देखि २०४५ सालसम्मको समयलाई स्वर्णयुग मानिन्छ । त्यो अवधिमा नेपाली राष्ट्रिय खेल संघको संख्या बढेर २५ पुग्यो । खेलकूदको संगठनात्मक र प्रशासनिक सुधार गर्दै जिल्ला र अञ्चललाई विशेष ध्यान दिइएको थियो । विभिन्न खेलका नियमित प्रशिक्षण र प्रतियोगिता हुन्थे । खेलकूदलाई जिल्लास्तरसम्म पुऱ्याइएको थियो । सोही अवधिमा पहिलो, दोस्रो र तेस्रो बृहत् राष्ट्रिय खेलकूद प्रतियोगिता गरिएको थियो । अन्तरनगर खेलकूद प्रतियोगिताको पनि त्यही समयमा आयोजना भएको थियो ।

यही अवधिमा नेपालकै अवधारणा र पहलमा दक्षिण एसियाली खेलकूद प्रतियोगिता (साफ) शुरू भएको थियो । पहिलो संस्करण सन् १९८३ मा नेपालले नै आयोजना गरेको थियो । सोही अवधिमा विश्वकप छनोट प्रतियोगिता, एसियन जुनियर भारोत्तोलन च्याम्पियनसिपलगायत अन्य थुप्रै अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना पनि नेपालमै गरिएको थियो । यसै अवधिमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष हुवाँ एन्टोनियो सामारान्च नेपाल आएका थिए भने नेपालले विभिन्न अन्तर्राष्ट्रिय खेलकूद संस्थाको सदस्यता पाएको थियो ।

सोही अवधिमा विभिन्न खेलका निर्णायक र अभिनिर्णायक (जुरी) हरूले अन्तर्राष्ट्रिय मान्यता पाएका थिए भने स्वदेशमा स्थानीय क्लबहरूको विकासमा ध्यान दिइएको थियो । विधान लामाले सन् १९८८ को सोल ओलम्पिकमा तेक्वान्दो खेलमा कास्य पदक जितेर ओलम्पिक खेलकूद इतिहासमा नेपालको नाम लेखाएका थिए ।

यसबाहेक नेपालले बक्सिङ, भारोत्तोलन, फुटबल, एथलेटिक्स, मार्सल आर्टस्हरूमा विभिन्न अन्तर्राष्ट्रिय पदक जितेको थियो । तात्कालीन सोभियत संघ, भारत, बेलायत, जर्मनी, अमेरिका, दक्षिण कोरिया, जापान र चीन सरकारबाट खेलकूद विकासका लागि विभिन्न सहयोग पनि प्राप्त भएका थिए ।

२०४६ सालको जनआन्दोलनपछि जिल्ला, अञ्चल कार्यालय र समितिहरू खारेज भए । २०४८ सालमा संशोधित खेलकूद विकास ऐन आयो । पहिले परिषद्का सदस्यहरू सीमित रहेकोमा संशोधित ऐनले शिक्षा तथा खेलकूदमन्त्रीको अध्यक्षतामा १९ सदस्यीय खेलकूद परिषद्को व्यवस्था गऱ्यो ।

यसैबीच नेपालले देशभित्रै आयोजित आठौं दक्षिण एसियाली खेलकूदमा ३१ स्वर्ण, १०

रजत, २४ कास्य पदक जितेर इतिहास कायम गऱ्यो । जबकि सन् १९५१ देखि सन् १९९८ सम्मको करिब पाँच दशकको इतिहासमा एसियाली खेलकूदमा कुल १५ वटा पदक मात्र प्राप्त भएका थिए । सन् १९९८ मा थाइल्यान्डमा भएको एसियाली खेलकूदमा नेपालकी तेक्वान्दो खेलाडी सविता राजभण्डारीले कास्य पदक जितिन् । त्यस अवधिमा नेपालले एसियन र साफ च्याम्पियनसिपमा पनि थुप्रै पदक जित्यो भने विभिन्न मुलुकबाट पनि खेलकूद क्षेत्रको विकासमा सहयोग बढ्यो ।

नेपालको खेलकूद विकासको चर्चा गर्दा राष्ट्रिय खेलकूद परिषद्को स्थापनाबारे पनि चर्चा गर्नु सान्दर्भिक हुन्छ । नेपालमा खेलकूद विकासको संस्थागत थालनी २०१५ सालबाट भएको हो । २०१५ सालमा तत्कालीन शिक्षामन्त्री पर्शुनारायण चौधरीको अध्यक्षतामा होराप्रसाद जोशी सदस्य-सचिव रहेको 'राष्ट्रिय स्वास्थ्य तथा खेलकूद परिषद्' २०१७ सालमा 'राष्ट्रिय खेलकूद परिषद्' भएपछि २०२१ सालमा राष्ट्रिय खेलकूद परिषद् ऐन बन्यो ।

बृहत् राष्ट्रिय खेलकूद प्रतियोगिता आयोजना हुनुअघि नै विभिन्न संघले आफ्ना खेलका राष्ट्रिय प्रतियोगिता आयोजना गरिसकेका थिए । २०२८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि विद्यालयहरूमा शारीरिक शिक्षा अनिवार्य भयो र खेलकूदको नयाँ लहर शुरू भयो ।

यसैगरी २०३१ सालपछि जिल्लास्तरमा वीरेन्द्र सिल्ड प्रतियोगिताको अवधारणा अगाडि बढाइयो । २०३८ सालदेखि प्रत्येक दुई वर्षमा राष्ट्रिय खेलकूद प्रतियोगिता आयोजना गर्न थालियो । तर विडम्बना, हालसम्म ९ वटा संस्करण मात्र आयोजना हुन सकेका छन् । जबकि यो अवधिमा राष्ट्रिय खेलकूदका २१ वटा संस्करण आयोजना भइसक्नुपर्ने थियो ।

## विश्वमा खेलकूद पत्रकारिता

खेलकूद पत्रकारिताको विकास युरोप र अमेरिकाबाट भएको हो । अमेरिकामा बेसबल, बेलायतमा क्रिकेट र रग्वीको विकासले खेलकूद पत्रकारिताको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । सन् १९०८ मा लन्डनमा भएको ओलम्पिकले खेलकूद पत्रकारिताको विकासमा निकै योगदान गऱ्यो ।

त्यतिबेला *दि डेली मेल*ले सर जोन आर्थर कानान डायललाई म्याराथन प्रतियोगिताको समाचार संकलन गर्न पठाएको थियो । उनले २६ माइल ३ सय ८५ यार्ड म्याराथन खेलाडीसँगै दौडिएर समाचार संकलन गरेको विषयले विश्व खेल जगत्मा व्यापक चर्चा

पाएको थियो । सो म्याराथन निकै नाटकीय भएको थियो । पहिलो स्थानमा रहेका इटालीका डोरान्डो पेत्री फिनिसिङ लाइनमा पुग्दा बेहोस भएका कारण स्वर्ण जित्नबाट वञ्चित भएका थिए । त्यसपछि डायलको समाचारको प्रभावका कारण तत्कालीन बेलायती महारानीबाट पेत्रीले विशेष पदक पाएका थिए । त्यसलाई खेलकूद पत्रकारको प्रभावको महत्त्वपूर्ण उदाहरण मानिन्छ ।

पहिलो विश्वयुद्ध (सन् १९१४ देखि १९१८) को समाप्तिपछि खेलकूद पत्रकारिताको विकासले गति लियो । सन् १९२० ताका धेरै खेलकूद समर्थकको मन अमेरिकी बेसबलले जित्यो । बेसबललाई त्यो समयमा राष्ट्रलाई जोड्ने महत्त्वपूर्ण कडीको संज्ञासमेत दिइएको थियो । अमेरिकामा पहिलो पत्रिका सन् १६८० देखि निस्कन थालेको थियो । म्यागजिन सन् १७४१ मा प्रकाशित हुन थाले पनि खेलकूद पत्रिकाको जन्म भने सन् १९५४ मा मात्र भयो ।

युरोपमा पनि पहिलो विश्वयुद्धको अन्त्यसँगै खेलकूदसम्बन्धी पत्रिकाले अगाडि बढ्ने अवसर पायो । सन् १९२० मा *दि म्यानचेस्टर गार्जियन* अखबारले नेभिल कार्डसलाई क्रिकेट पत्रकारका रूपमा नियुक्त गऱ्यो । उनी खेलकूदबारेमा लेख्ने एक मात्र पहिलो पत्रकार हुन् भन्ने मानिन्छ ।

सन् १९२७ मा *बीबीसी रेडियो* स्थापना भएपछि क्रिकेट कमेन्ट्रीका लागि खेलकूद पत्रकारलाई नियुक्त गर्न थालियो । त्यस्तो पहिलो क्रिकेट कमेन्टेटर थिए, जोन आर्लोट । फ्रान्सको *ला इक्युपे*लाई पहिलो खेलकूद पत्रिका मानिन्छ, जसले सन् १९०३ मा वार्षिक साइक्लिङ प्रतियोगिता आयोजना गर्ने घोषणा गऱ्यो । 'टुर डे फ्रान्स' नाम दिइएको उक्त प्रतियोगिता अहिले पनि विश्वभर लोकप्रिय छ ।

दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) पछि खेलकूद पत्रकारिताको विकासको अर्को खुड्किलो थपियो । बेलायतका राष्ट्रिय दैनिक र आइतबारे अखबारले खेलकूदको छुट्टै शाखा स्थापना गरे । *सन्डे ट्याब्लोइ*डले त फूटबलका लागि मात्रै पत्रिकामा छुट्टै शाखा खोल्यो ।

पत्रिकाले खेलाडीलाई समेत खेलकूद लेख्ने जिम्मा दिन थाले । द सन्डे टाइम्सले सन् १९२४ ओलम्पिकका एक सय मिटर दौडका स्वर्ण विजेता हार्लोल्ड अब्राहम र इङल्यान्ड क्रिकेट टोलीका पूर्वकप्तान सर लियोनार्ड हटनलाई खेलकूदसम्बन्धी लेख लेख्ने जिम्मा दियो । खेलकूद पत्रकारिताले बेलायतमा धेरैलाई सफलताको शिखरमा पुऱ्याएको उदाहरण पाइन्छ । *दि डेली मिरर*का पिटर विल्सन र हग म्याक इल्भानी, दि अब्जर्भरका इयान उल्ड्रिज अनि *सन्डे टाइम्स*का फूटबल पत्रकार ब्रायन ग्लाभिन बीसौं शताब्दीका चर्चित व्यक्तित्व हुन् ।

सन् १९५० देखि सन् १९६० को दशकमा विज्ञान-प्रविधिको विकासका कारण खेलकूद गतिविधिबारे पनि धेरै प्रचार-प्रसार हुन थाल्यो। सन् १९६४ को टोकियो ओलम्पिकलगत्तै फोटो पत्रकार टोनी डफीले फोटो एजेन्सी खोले। त्यसको नाम *अल स्पोर्ट्स्* राखिएको थियो। त्यही एजेन्सी अहिले *गेटी इमेज*को नामले लोकप्रिय छ। डफीले सन् १९६८ को मेक्सिको ओलम्पिकमा खिचेको अमेरिकी लङजम्प खेलाडी बब मेमोनको फोटोलाई अहिलेसम्म पनि उत्कृष्ट तस्वीर मानिन्छ।

पछिल्लो समय खेलकूद पत्रकारिताले अनुसन्धानात्मक धार समातेको छ। खेलकूद क्षेत्रमा हुने भ्रष्टाचार, खेल मिलेमतो, राजनीतिक हस्तक्षेप, डोपिङ (प्रतिबन्धित औषधिको प्रयोग) जस्ता विषयले खेलकूद पत्रकारितामा निकै चुनौती थपेका छन्।

खेलकूद पत्रकार र पत्रकारितालाई संगठित गर्न सन् १९२४ को पेरिस ओलम्पिकको मौका पारेर 'दि इन्टरनेसनल स्पोर्टस् प्रेस एसोसिएसन' को स्थापना गरियो। त्यसका संस्थापक फ्रान्सका फ्राङ्क रिचेल र बेल्जियमका भिक्टर वियोन थिए।

## नेपालमा खेलकूद पत्रकारिताको इतिहास

खेलकूद क्षेत्रको संस्थागत विकाससँगै नेपालमा खेलकूद पत्रकारिताको पनि वीजारोपण भएको हो। २००७ सालको परिवर्तनअगाडि नै नेपालमा खेलकूद गतिविधि र खेलसँग सम्बन्धित संघसंस्थाको उपस्थिति देखिए पनि ठोस कदम भने त्यसपछि मात्र चालिएका हुन्। सर्वसाधारणको पहुँचमा खेलकूदको शुरूवात भने जहानियाँ शासनको अन्त्यपछि नै भएको हो।

२०१४ सालमा मणीन्द्रराज श्रेष्ठले प्रकाशन गरेको *स्पोर्टिङ टाइम्स* लाई नेपालको पहिलो खेलकूद पत्रिका मानिँदै आएको छ। त्यो पत्रिका केही अंक निस्केर बन्द भएको थियो। श्याम केसीले २०१८ सालमा *स्पोर्टस्म्यान* प्रकाशन गरेको इतिहास छ भने २०२४ सालमा राजेन्द्रबहादुर श्रेष्ठले *रङ्गशाला* प्रकाशन गरेको पाइन्छ।

सन् १९८० को दशकको मध्यतिरबाट नेपाली खेलकूद पत्रकारिताले गति लियो। खेल समाचारलाई प्राथमिकतामा राख्ने नेपालको पहिलो पत्रिका *दि राइजिङ नेपाल*को नाम आउँछ। यसले आफ्नो स्थापनाकाल २०२२ सालदेखि नै खेलकूद समाचारलाई स्थान दियो। खेल समाचारले विशेष महत्त्व भने सन् १९८५ पछि पाएको हो। राखेपले खेलकूद कार्यक्रम तयार गरी *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*बाट प्रसारण गर्ने गरेको थियो। तर, ती कार्यक्रम लामो समय भने चलेननन्।

त्यसपछि पनि *खेलकूद जगत्, स्पोर्टस् नेपाल, खेलकूद मञ्च, खेल संसार*जस्ता मासिक

खेल पत्रिका प्रकाशनमा आएको पाइन्छ। राष्ट्रिय खेलकूद परिषद् आफैंले २०२५ सालमा *खेल र खेलाडी* तथा २०३१ सालतिर त्रैमासिक *खेल पत्रिका खेलकूद* र *जनजीवन* प्रकाशन गरेको थियो।

सन् १९५१ को दिल्ली एसियाडबाट नेपाली खेलकूद पत्रकारिता अन्तर्राष्ट्रिय खेलमञ्चमा प्रवेश गऱ्यो। खेलकूद पत्रकारिताले सबैभन्दा धेरै फड्को मारेको २०४६ सालको राजनीतिक परिवर्तनपछि नै हो। त्यसपछि निजी क्षेत्रका प्रकाशनहरूले क्रमशः खेलकूदका लागि छुट्टै पृष्ठको व्यवस्था गरे। त्यसयता यो एक विधाकै रूपमा विकास हुँदै आयो।

नेपालमा खेलकूद पत्रकारिता एक विधा बनिसकेको छ। सञ्चारमाध्यमहरूले पनि खेलकूदलाई प्राथमिकता दिएका छन्। टेलिभिजन च्यानलमा विश्वका खेल गतिविधि नियाल्ने अवसर उपलब्ध छ। एफएम रेडियो र खेलकूदमा विशिष्टीकृत अनलाइनहरूले पनि खेलकूद पत्रकारितामा नयाँ आयाम थपेका छन्। खेल प्रतियोगिता र खेलाडीलाई मिडियाले उच्च प्राथमिकता दिने भएकाले नेपाली खेलकूदले पनि सहजै प्रायोजक पाउँदै आएका छन्।

## खेलकूद पत्रकारका लागि आवश्यक योग्यता

खेलकूद पत्रकारिता एक विशिष्ट पत्रकारिता भएकाले यसमा संलग्न पत्रकारमा विशेष क्षमता आवश्यक पर्छ। खेलकूद पत्रकारितामा भविष्य खोज्नेहरूका लागि खेलप्रति गहिरो अभिरुचि पहिलो शर्त हो। यसका साथै खेलकूदसँग सम्बन्धित नियम र प्राविधिक शब्दहरूको ज्ञान अर्को अनिवार्य शर्त हो।

एउटै व्यक्तिलाई सबै खेलका बारेमा राम्रो जानकारी नहुन पनि सक्छ। त्यसैले सम्पन्न राष्ट्रहरूमा खेलकूद पत्रकारितालाई पनि विभिन्न 'बीट' मा विभाजन गरिएको हुन्छ। सीमित स्रोत र साधनबीच पत्रकारिता गर्नुपर्ने भएकाले नेपालमा भने त्यो सम्भव भइसकेको छैन। त्यसैले खेलकूद पत्रकारिता गर्न चाहनेले थुप्रै खेलका बारेमा जानकारी राख्नुपर्ने हुन्छ। कम्तीमा पनि नेपालमा लोकप्रिय र नतिजामुखी खेलका विषयमा त राम्रै जानकारी हुनुपर्छ।

खेलकूदसँग सम्बन्धित प्राविधिक शब्दसँगै सम्बन्धित खेलको गहिराइसम्म पुगेर विश्लेषण गर्न सक्ने क्षमता पनि खेलकूद पत्रकारमा हुन आवश्यक छ। कतिपय पूर्वखेलाडीहरू पनि खेलकूद पत्रकारितामा सक्रिय भएका छन्। प्राविधिक रूपले सही विश्लेषण तथा खेलकूदको वास्तविक भावना समेट्नमा अन्यभन्दा खेलाडी पत्रकार बढी प्रभावकारी साबित पनि भएका छन्। पत्रपत्रिकादेखि रेडियो, टेलिभिजन, अनलाइनलगायत सबैखाले

सञ्चारमाध्यममा सम्बन्धित खेलाडीको उपस्थिति बाक्लो भइसकेको छ । सार्वजनिक सञ्चारमाध्यममा विशेष गरेर कमेन्टेटर र स्तम्भकारका रूपमा खेलाडीहरू स्थापित भएका छन् ।

वेबसाइटहरूमा पनि खेलाडीले ब्लगमार्फत आफ्नो अनुभव र खेल जीवनका विषयमा वर्णन अनि खेलको विश्लेषण गर्ने परम्परा शुरू भएको छ । खेलाडी स्वयंले आफ्ना भोगाइका चित्रण यथार्थ रूपमा उतार्ने भएकाले पाठक, श्रोता र दर्शकमाझ यसको विशेष प्रभाव पर्ने गरेको छ ।

विदेशमा मात्र होइन, यो शैली नेपालमा पनि भित्रिसकेको छ । पछिल्लो समय नेपाली खेलाडीले पनि खेलकूद पत्रकारितामा आफूलाई सक्षम प्रमाणित गरिसकेका छन् । आठौं दक्षिण एसियाली खेलकूदमा कराँतेकी स्वर्ण पदक विजेता विनिता चौधरीले करिब पाँच वर्ष सक्रिय पत्रकारिता गरिन् ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व-कप्तान पवन अग्रवाल पनि कुनै समय *कान्तिपुर* दैनिकमा नियमित स्तम्भकार थिए । क्रिकेट टोलीका अर्का पूर्वकप्तान ज्ञानेन्द्र मल्लले *एभिन्यूज टेलिभिजन*मा केही समय खेलकूदसम्बन्धी कार्यक्रम चलाए । छनोट चरण पार गरेर ओलम्पिक खेल्ने पहिलो नेपाली तेक्वान्दो खेलाडी संगीना वैद्यले *इमेज च्यानल*मा केही समय खेलकूद कार्यक्रम सञ्चालन गरेकी थिइन् । महिला क्रिकेट टोलीकी पूर्व-खेलाडी सविना कार्की अहिले पनि खेलकूद पत्रकारितामा सक्रिय रहँदै आएकी छन् ।

खेलाडीहरूले सम्बन्धित खेलको नियम, प्राविधिक शब्द, मैदानमा प्रत्यक्ष वा परोक्ष रूपमा हुने चलाखी, खेलाडीका समस्या जस्ता विषयमा राम्ररी बुझ्ने भएकाले पनि उनीहरू पत्रकारितामा प्रभावकारी ठहरिएका हुन् । यसको अर्थ, खेलकूद पत्रकारिता गर्न खेलाडी नै हुनुपर्छ भन्ने होइन र यो सम्भव पनि छैन । तर, खेलकूद पत्रकारिता गर्न चाहने पत्रकारमा सम्बन्धित खेलका नियम, प्राविधिक ज्ञान र सूक्ष्म रूपमा विश्लेषण गर्न सक्ने क्षमता भने हुनैपर्छ ।

## खेल पत्रकारका लागि समाचारका विषय

खेलकूद पत्रकारको मुख्य काम भनेकै खेलकूदसँग सम्बन्धित समाचार संकलन र सम्प्रेषण गर्नु हो । पत्रकारिताका अन्य विधाभन्दा खेलकूद पत्रकारिता एउटा अर्थमा भिन्न छ । त्यो भनेको एउटा दक्ष खेल पत्रकारले खेलकूद प्रतियोगिता भइरहेको स्थलमै पुगेर समाचार संकलन गर्नुपर्छ । टेलिफोनमा कुरा गरेर पनि हारजितको सामान्य समाचार त बनाउन सकिएला, तर त्यसले न सिंगो खेलको भावना समेट्न सक्छ, न त आफ्ना पाठक, दर्शक

र श्रोताप्रति नै न्याय गर्न सक्छ। प्रतियोगितास्थलमा पुग्दा खेलकूद पत्रकारले हारजितको नतिजासँगै खेलको गहन विश्लेषण गर्न सक्छ, हार वा जितको कारण पत्ता लगाउन सक्छ र खेलाडी, निर्णायक वा प्रशिक्षकबाट गल्ती भएको भए त्यसको भेउ पनि पाउन सक्छ। खेल मैदानमा कुनै खेलाडी घाइते भए त्यसको वास्तविक चित्रण गर्न सक्छ। खेलको समाप्तिपछि जित्ने वा हार्ने टोलीका कप्तान वा प्रशिक्षकसँग कुराकानी गरेर उनीहरूका भनाइ आफ्ना पाठक, दर्शक वा श्रोतासम्म पुऱ्याउन सक्छ।

यति मात्र होइन, दर्शकको सहभागिता, दर्शकले टोलीको हौसला बढाउन गर्ने गतिविधि, खेलकूद व्यवस्थापकका कमीकमजोरीजस्ता विषयमा पनि पत्रकारले ध्यान दिनुपर्ने हुन्छ। प्रतियोगिता आयोजकको गल्तीले कतै खेलाडीले समस्याको सामना त गर्नुपरेको छैन ? खेल पत्रकार सधैं चनाखो हुन आवश्यक छ।

यसैगरी खेल मैदान वा खेलस्थलको अवस्थाले पनि बेलाबखत खेलाडीको प्रदर्शन र नतिजामा प्रभाव पारिरहेको हुन्छ। खेल मैदानमा खेलाडीहरूले देखाउने व्यवहारप्रति पनि खेल पत्रकार चनाखो हुनुपर्छ। खेलका क्रममा अंक बटुलेपछि, गोल गरेपछि, विकेट लिएपछि, अर्धशतक वा शतक बनाएपछि वा अन्तिम नतिजापछि खेलाडीले देखाएका व्यवहार पाठक, दर्शक वा श्रोताका लागि चाखलाग्दो विषय हुन सक्छन्।

उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी, प्रशिक्षक वा निर्णायकहरू पनि खेलकूद पत्रकारका लागि समाचारको विषय बन्न सक्छन्। खेलाडीहरू पनि समाजका 'सेलिब्रेटी' भएकाले उनीहरूका निजी जिन्दगीका विषयमा जान्न पनि पाठक, श्रोता र दर्शक उत्सुक हुन्छन्। खेलाडीले सफलताको शिखरमा पुग्न गरेका संघर्षका कथा पनि खेल पत्रकारका लागि महत्त्वपूर्ण खुराक हुन सक्छन्।

यसैगरी ठूला अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि खेलाडीले गर्ने अभ्यास, अभ्यासका लागि खेलाडीलाई उपलब्ध गराइएका पूर्वाधार, खेलाडीका खानपान, अध्ययन र रुचि पनि खेल पत्रकारका समाचारका विषय बन्न सक्छन्। यसका अतिरिक्त समय-समयमा खेल निकायहरूबाट खेलाडी र खेलकूद क्षेत्रका विषयमा गरिने अध्ययन अनुसन्धान पनि समाचारका विषय बन्न सक्छन्।

खेल मैदानमा समाचार संकलन गर्न जाँदा खेलकूद पत्रकार कतिसम्म चनाखो हुनुपर्छ भन्ने बुझ्न २०७३ को बृहत् राष्ट्रिय खेलकूद प्रतियोगिताको सातौं संस्करणमा नवलपरासीकी १६ वर्षीया गुडिया गुप्ताको मिडिया कभरेज एउटा उदाहरण हुन सक्छ। इटहरी रङ्गशालामा खेलाइएको १५ सय मिटर दौडमा गुडियाले पश्चिमाञ्चल क्षेत्रको प्रतिनिधित्व गर्दै निर्धारित दूरी पाँच मिनेट १२ सेकेन्डमा पूरा गरिन्। तर, उनी खाली खुट्टा ट्र्याकमा

ओर्लिएको एक फोटो पत्रकारको लेन्सले मात्रै पत्ता लगायो र तस्वीरसहित समाचार छापियो, 'खाली खुट्टै प्रतियोगिता।' करिब दुई हजार रुपैयाँको 'स्पाइक शु' किन्ने रकम नभएकाले उनी खाली खुट्टै दौडिएको खबर छापिएपछि खेल पदाधिकारीहरूको आलोचना भएको, बयान फिर्ता लिन खेलाडीलाई दबाब दिइएको, आर्थिक र खेल सामग्री सहयोग गर्ने दाताहरूको लर्को लागेको आदि फलोअप घटनासँगै एउटा फोटो पत्रकारको क्यामेराले नेपाली खेलाडीको निरिहता र खेल क्षेत्रका चित्र उजागर गरिदिएको थियो।

## मैदानबाहिर पनि खेल पत्रकारिता

खेलकूद पत्रकारहरू खेल, खेलाडी र प्रतियोगिताका समाचार लेख्नमा मात्र सीमित नभई खेलकूद क्षेत्रमा हुने गरेका अन्य घटनाप्रति पनि उत्तिकै सचेत हुन आवश्यक छ। खेल मैदानमा हुने हारजित खेलकूद क्षेत्रको एउटा पाटो हो भने अरू पाटा थप गम्भीर छन्, जस्तै- खेलकूद क्षेत्रमा राजनीतिक हस्तक्षेप, बेथिति, आर्थिक अनियमितता आदि।

चरम राजनीतिक हस्तक्षेपका कारण नै नेपाली खेलकूद क्षेत्रले अन्तर्राष्ट्रिय खेलकूद वृत्तमा अपेक्षित सफलता हात पार्न सकिरहेको छैन भने दलहरूले खेलाडीलाई आफ्नो स्वार्थका लागि प्रयोग गर्ने गरेका छन्। परिषद्को सदस्य-सचिवदेखि बोर्ड सदस्यसम्म राजनीतिक रूपमा नियुक्त हुने अधिकांश व्यक्ति खेलकूद क्षेत्रसँग असम्बन्धित र खेल तथा खेलाडीका समस्याका विषयमा अनभिज्ञ हुन्छन्। उनीहरू खेल क्षेत्रभन्दा नियुक्तिदाताप्रति बढी बफादार देखिन्छन्। फलतः उनीहरूले खेलकूद क्षेत्रलाई आफ्नो र दलीय स्वार्थसिद्धिको माध्यम बनाउने गरेको पाइन्छ।

त्यसैको प्रतिफलस्वरूप अनेक अस्वाभाविक घटना देखिन्छन्, जस्तै- विदेशमा हुने प्रतियोगिताहरूमा सहभागिता जनाउने नेपालको खेल टोली अस्वाभाविक रूपमा भद्दा हुने; टोलीमा खेलाडी र प्रशिक्षकभन्दा गैरखेलाडी, दलका कार्यकर्ता र प्रशासनिक कर्मचारीको बाहुल्य रहने; पदाधिकारीहरू सबैभन्दा पहिले पुग्ने तर प्रतियोगिता शुरू भइसक्दा पनि खेलाडी भने नपुग्ने आदि।

त्यसबारे केही घटना सम्झौं :

> सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा भएको एसियाली खेलकूदमा समयमै आयोजनास्थल पुग्न नसक्दा नेपाली कुस्ती खेलाडीले प्रतियोगिताबाट वञ्चित हुनुपरेको थियो। पुरुष क्रिकेट, एथलेटिक्स र टेबुलटेनिस खेलाडीले पनि हवाई उडानकै समस्याले सास्ती भोग्नुपरेको थियो तर खेल पदाधिकारी भने निकै अघि इन्चोन पुगिसकेका थिए।

सन् २०१७ मा तुर्कमेनिस्तानको अस्गबातमा भएको 'एसियन इन्डोर एन्ड मार्सल आर्टस गेम्स' मा कुराँस खेलको पुरुषतर्फको ९० केजी तौल समूहका एक खेलाडी खेल शुरू हुनु ठीकअघि शौचालय गएका कारण अनुपस्थित भए । पटकपटक बोलाउँदा पनि रिङमा उपस्थित नभएपछि रेफ्रीले विपक्षी खेलाडीलाई विजयी घोषित गरेका थिए । प्रतियोगिताको बुद्धिचालमा नेपालका दुई खेलाडी निर्धारित समयभन्दा ४० मिनेटपछि मात्र खेलस्थलमा पुगेका कारण नियमानुसार विपक्षीलाई वाकओभर दिनुपरेको थियो ।

सोही प्रतियोगिताको मुवाथाई खेलको ६७ केजी तौल समूहमा नेपाली खेलाडी रिङमा नउत्रँदा मकाउका विपक्षी खेलाडीले वाकओभर पाएका थिए । त्यतिबेला ती नेपाली खेलाडी खेल स्थलनजिकैको हलमा अभ्यास गरिरहेका थिए । ठूलो संख्यामा अस्गबात पुगेका नेपाली खेल पदाधिकारी भने खेलस्थलमा उपस्थित थिएनन् । अन्तर्राष्ट्रिय खेलमञ्चमा देशको शिर निहुरिने यस्ता घटनाप्रति खेल पत्रकार सधैं सचेत हुनुपर्छ ।

खेल पत्रकारले सधैं चनाखो रहनुपर्ने अर्को विषय हो– खेलकूद क्षेत्रको आर्थिक अनियमितता । सरकारले खेल क्षेत्रको भौतिक पूर्वाधार तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजनाका लागि उपलब्ध गराएको ठूलो बजेट खेलकूद क्षेत्रको विकासमा समुचित सदुपयोग हुँदैन । पूर्वाधार निर्माण, खेलाडीको खानपान, पोसाक तथा खेलकूद सामग्री खरिद, स्वयंसेवक परिचालन, प्रशिक्षण, प्रतियोगिताको उद्घाटन तथा समापन समारोह, सांस्कृतिक कार्यक्रम, यातायात व्यवस्थापन, सुरक्षाजस्ता नाममा सरकारले उपलब्ध गराएको बजेटको ठूलो रकममा आर्थिक अनियमितता हुने गरेको छ । एउटा खेल पत्रकारका लागि यो सधैं खोज र अनुसन्धानको विषय हुन सक्छ ।

## खेलकूद, प्रविधि र खेल पत्रकारका चुनौती

नयाँ-नयाँ प्रविधिको विकासले पछिल्लो समय विश्व खेलकूदलाई जटिल बनाउँदै लगेको छ । प्रविधिको विकासले एकातिर खेलकूदलाई सहज र विवादरहित बनाएको छ भने अर्कातिर चुनौती पनि उत्तिकै थपिदिएको छ ।

विश्व खेलकूदमा वर्षौं पहिले भित्रिएका सामान्य प्रविधिसमेत प्रयोगमा ल्याउन नसक्दा नेपाली खेलकूद विवादित बन्ने गरेका प्रशस्तै उदाहरण छन् । प्रशिक्षणमा अपनाइने समयसापेक्ष प्रविधि र प्रविधियुक्त अत्याधुनिक खेल पूर्वाधार त टाढाका कुरा, खेलमा निष्पक्ष निर्णय दिन सक्ने सामान्य प्रविधिसम्म नेपाली खेलकूदमा भित्रन सकेको छैन । आठौं राष्ट्रिय खेलकूदमा जस्तो ठूला प्रतियोगितामा निर्णायकले 'स्टप वाच' बाटै खेलाडीका नतिजा मापन गर्नुपर्ने अवस्था त्यस्तै कमीको एक उदाहरण हो । सो खेलकूदमा म्याराथनको 'रुट निर्धारण' मा समेत आयोजकबाट कमीकमजोरी भएको गुनासो चर्कै रूपमा उठेको

थियो । जबकि दक्षिण एसियाकै अधिकांश राष्ट्रमा खेलाडीलाई प्रशिक्षण गराउँदादेखि नै 'डिजिटल टाइमिङ' को व्यवस्था गरिएको लामै समय बितिसकेको छ ।

एथलेटिक्स र पौडीजस्ता प्रतियोगितामा टाइमिङमा हुने सामान्य त्रुटिले पनि नतिजामा ठूलो असर पार्छ । यी खेलका अन्तर्राष्ट्रिय निकायहरूले पनि 'डिजिटल' र 'स्टप वाच' मार्फत मापन गरिएको समयलाई फरक तरिकाले मूल्यांकन गर्ने गर्छन् । तर, नेपाली खेलकूदमा भने यति सामान्य विषयमा पनि सम्बन्धित निकायको ध्यान नपुग्दा सातौं राष्ट्रिय खेलकूद प्रतियोगितामा थुप्रै बेथिति देखिएका थिए । इटहरीमा भएको महिला क्रिकेट फाइनलमा एपीएफ क्लब र पूर्वाञ्चल विकास क्षेत्रबीच भएको फाइनल खेलको अन्त्यतिर एउटा चौकाको विषयलाई लिएर विवाद मात्र भएन, एपीएफका खेलाडीले खेल नै बहिस्कार गरेर हिँडे । पूर्वाञ्चललाई विजयी घोषित गरियो । एउटा सामान्य प्रविधिको कमीले देशकै सबैभन्दा ठूलो प्रतियोगिता विवादित बन्न पुगेको थियो ।

व्यावसायिक बन्दै गएको विश्व खेलकूदमा निष्पक्ष नतिजाभन्दा पनि 'नाफा वा घाटा' ले विशेष अर्थ राख्न थालेको छ । खेल मिलेमतो, खेलाडीद्वारा शक्तिवर्द्धक औषधीको प्रयोग, प्रतिभाशाली विपक्षी खेलाडीलाई घाइते बनाउन निर्णायकका आँखा छलेर गरिने खतरनाक ट्याकल वा धक्कामुक्की, विपक्षीलाई उत्तेजित वा आक्रोशित बनाउन मैदानमा नजानिँदो किसिमले गरिने गालीगलौज यसका उदाहरण हुन् । सातौं राष्ट्रिय खेलकूदको एथलेटिक्समा पुरुष १० हजार मिटर दौडको फाइनलमा अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत प्रतिनिधित्व गरिसकेका दुई खेलाडी त्रिभुवन आर्मी क्लबका हरिकुमार रिमाल र एपीएफ क्लबका गोपीचन्द्र पार्की सार्वजनिक रूपमै आरोप-प्रत्यारोपमा ओर्लिएको घटना दर्शकले समेत देखिसकेका छन् ।

जुनसुकै कारणले भए पनि निर्णायकले दिएको निर्णय विवादित बन्दा समग्र खेल क्षेत्र बद्नाम हुन पुग्छ । त्यसो हुन नदिन खेल क्षेत्रमा भित्रिएका प्रविधि प्रभावकारी माध्यम बन्न सक्छन् । बदलिँदो समयसँग आधुनिक प्रविधि भित्र्याउन नसकेकाले नै नेपाली खेलकूदले यस्ता घटनाको सामना गर्दा त्यसको दबाब पनि खेलकूद पत्रकारमाथि नै पर्छ । निर्णायकले एउटा निर्णय दिने, खेलाडीले अर्को दाबी गर्ने, प्रशिक्षकले आआफ्नो स्वार्थअनुसार परिभाषा गर्ने, खेल व्यवस्थापक निरिह बन्ने भएपछि खेल पत्रकारले के लेख्ने ?

## खेलकूद पत्रकारका समस्या

नेपाली पत्रकारितामा खेलकूद समाचारको महत्त्व बढ्दै आए पनि सञ्चारमाध्यममा खेलकूद पत्रकारिता अझै सम्पादकहरूको पहिलो प्राथमिकतामा पर्न सकेको छैन । अन्तर

ाष्ट्रिय प्रतियोगिताहरूमा सफलता हात पार्दा मात्र खेलकूद समाचारलाई प्राथमिकताको विषय बनाउने गरिएको छ । कुनै प्रतियोगितामा खेलाडीले गरेको उत्कृष्ट प्रदर्शन, खेल्ने शैली, खेलाडीका जीवनशैली र संघर्षहरूले अझै पनि यथोचित स्थान पाउन सकेका छैनन् ।

खेल पत्रकारका लागि अर्को समस्या आर्थिक पक्ष पनि हो । नेपाली खेलाडीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि सहभागिता जनाएका हुन्छन् । देशभित्रै पनि कतिपय ठूला प्रतियोगिता हुन्छन् । यस्तो अवस्थामा सञ्चार गृहले त्यस्ता प्रतियोगिताको समाचार संकलन गर्न पठाउँदैनन् । खेलकूद परिषद्, ओलम्पिक कमिटी, विभिन्न खेलकूद संघ आदि निकायले खेल पत्रकारलाई प्रतियोगिताका समाचार संकलन गर्न लैजाने परम्परा छ । यस्तो स्थितिमा खेलकूद पत्रकारको निष्पक्षता संकटमा पर्ने स्थिति हुन्छ ।

अर्को समस्या हो- देशभित्र नियमित तालिम वा प्रशिक्षण अभाव । नेपालमा प्रत्येक खेलका लागि छुट्टाछुट्टै खेलकूद पत्रकार राख्ने परम्परा शुरू भइसकेको छैन । एउटै खेलकूद पत्रकारले सबै खेलबारे समाचार संकलन गर्नुपर्ने अवस्था छ । आफूलाई राम्रो जानकारी नभएको खेलको पनि समाचार बनाउनुपर्दा गल्ती हुने सम्भावना ज्यादा हुन्छ ।

यसबाहेक विश्व खेलकूदमा विभिन्न खेलका नीति-नियम समय-समयमा परिवर्तन भइरहेका हुन्छन् । ती नीति-नियममा अनभिज्ञ रहेर समाचार बनाउँदा त्रुटि हुने पर्याप्त सम्भावना रहन्छ । त्यसो हुन नदिन निरन्तर तालिम एवं प्रशिक्षण आवश्यक पर्छ । तर, हाम्रो देशमा यस्ता प्रशिक्षण र तालिमको निकै अभाव छ । यसैगरी खेलकूद पत्रकारिता क्षेत्रमा प्रयोग हुने नयाँ प्रविधिको हकमा पनि यो कुरा लागू हुन्छ ।

सम्बन्धित खेल पत्रकार वा सञ्चार गृहको मात्र होइन, सम्बन्धित खेल निकायले पनि यसतर्फ चासो देखाएको पाइँदैन । खेल संघहरूले पनि बेलाबखत पत्रकारहरूलाई जानकारी दिन गोष्ठी वा अन्तरक्रिया गरे सान्दर्भिक नै हुने थियो । तर, त्यो परम्परा नेपाली खेलकूदमा राम्ररी शुरू हुनै सकेको छैन ।

संघीय राजधानी काठमाडौंकै खेल पत्रकारहरू विभिन्न समस्यासँग जुधिरहेको वर्तमान स्थितिमा मोफसलका पत्रकारको अवस्था त झनै निराशाजनक छ । जिल्ला समाचारदाताले पठाउने खेलकूद समाचारले राष्ट्रिय सञ्चारमाध्यममा पर्याप्त स्थान नपाउने हुँदा उनीहरू यसतर्फ खासै रुचि देखाउँदैनन् । फलतः खेलकूदका समाचार लेख्ने अभ्यासमा झन् कमी आउँछ । एक्लैले हरेक 'बीट' को समाचार लेख्नुपर्ने अवस्थामा रहेका जिल्लाका पत्रकारका लागि विधागत समाचार लेखनका विषयमा पनि पर्याप्त तालिम वा प्रशिक्षण आवश्यक छ ।

## जनसम्पर्क र सूचनाको स्रोत

खेलकूद क्षेत्रको समाचार संकलन गर्ने सञ्चारकर्मीले खेलाडी, खेल पदाधिकारी, निर्णायक, प्रशिक्षक, खेल व्यवस्थापक र खेलकूद विज्ञहरूको भर पर्नुपर्ने हुन्छ । कुनै पनि प्रतियोगिताका क्रममा मैदानमा हारजितका लागि घम्साघम्सी गर्ने खेलाडीहरू खेल पत्रकारका लागि सूचनाका केन्द्र हुन् ।

प्रतियोगिता आयोजना, खेलस्थलको व्यवस्थापन, खेलकूदसँग सम्बन्धित नीति निर्माणको तयारी, खेलकूद पूर्वाधार योजनामा सक्रिय खेल पदाधिकारी र व्यवस्थापकहरू पनि खेलकूद पत्रकारका सूचनाका महत्त्वपूर्ण स्रोत हुन् ।

यसैगरी दक्ष र प्रतिभाशाली खेलाडी उत्पादन गर्न अहोरात्र खटिने प्रशिक्षकले पनि खेलकूद पत्रकारलाई गतिला सूचना उपलब्ध गराउन सक्छन् । लामो अध्ययन, तालिम र अनुभवबाट खारिएर आएका निर्णायकहरू पनि खेलकूद पत्रकारलाई महत्त्वपूर्ण सूचना उपलब्ध गराउने उत्तिकै महत्त्वपूर्ण स्रोत हुन् ।

कतिपय अवस्थामा खेलकूद प्रतियोगिताका क्रममा निर्णायकहरू (रेफ्री, जज, जुरी आदि) ले दिने निर्णय विवादास्पद पनि बन्ने गरेका छन् । यस्तो स्थितिमा सम्बन्धित खेलका अन्य निर्णायकसँगको कुराकानी खेलकूद पत्रकारका लागि सान्दर्भिक हुन सक्छ ।

समाचारको भित्री तहसम्म पुग्न, समाचार विश्लेषण गर्न, विस्तृत जानकारी हासिल गर्न खेलविज्ञहरूको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । परिवर्तित नियम तथा प्रविधिबारे खेलकूद पत्रकारले विज्ञको सहयोग लिन सक्छन् । यसैगरी खेलकूद क्षेत्रका बेथिति, व्यवस्थापकहरूबाट हुने कमीकमजोरी, अनियमितताजस्ता सूचना पहुँच बढाउन खेलकूद पत्रकारले खेल क्षेत्रका प्रशासनिक कर्मचारीसँग सुमधुर सम्बन्ध बनाउनुपर्ने हुन्छ ।

नेपाली खेलकूदमा एक सयभन्दा बढी 'राष्ट्रिय खेल संघ' छन् । यी संघ खेलकूद पत्रकारका लागि समाचार प्राप्त हुने स्रोत बन्न सक्छन् । युवा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय खेलकूद परिषद् र नेपाल ओलम्पिक कमिटीअन्तर्गत रहेका शाखा वा निकायबाट पनि खेलकूद पत्रकारले आवश्यक समाचार प्राप्त गर्न सक्छन् ।

यसैगरी फूटबलका क्लब, मार्सल आर्ट्स् डोजो, निजीस्तरमा सञ्चालित खेलकूद एकेडेमीहरू पनि खेलकूद पत्रकारले समाचार प्राप्त गर्न सक्ने निकाय हुन् । यसका अतिरिक्त खेलाडी, निर्णायक, प्रशिक्षक र कर्मचारीका संघसंस्थाबाट पनि खेलकूद पत्रकारले सूचना प्राप्त गर्न सक्छन् ।

मुलुक संघीय स्वरूपमा गएपछि हरेक प्रदेशमा खेलकूद विकास परिषद् गठन भएका छन् । सबै जिल्लामा 'जिल्ला खेलकूद विकास समिति' छन् । प्रत्येक पालिकाले खेलकूदका लागि बजेट विनियोजन गर्ने गरेका छन् । यी स्थानबाट पनि खेलकूद पत्रकारले समाचार प्राप्त गर्न सक्छन् ।

पछिल्लो समय देशव्यापी रूपमा खेलकूदका गतिविधि बढेका छन् । मोफसलमा पनि ठूलो पुरस्कार राशिसहित विभिन्न खेलका ठूला प्रतियोगिता हुँदै आएका छन् । खेलकूद पत्रकारका लागि यस्ता क्लब पनि समाचारका गतिला स्रोत बन्न सक्छन् ।

## खेलकूद पत्रकारिता र अन्तर्राष्ट्रिय समाचार

अन्तर्राष्ट्रिय खेलकूद समाचारका पारखी पनि नेपालमा थुप्रै छन् । खासगरी अन्तर्राष्ट्रिय फूटबल र क्रिकेट युवामाझ लोकप्रिय छन् । युरोपका कतिपय व्यावसायिक लिग फूटबलका पारखी पनि नेपालमा छन् । उनीहरूलाई समाचार पस्किनु पनि खेलकूद पत्रकारको दायित्व हो । यसबाहेक अन्तर्राष्ट्रिय टेनिस, ब्याडमिन्टन, बास्केटबल, बक्सिङजस्ता खेल नेपाली युवामाझ लोकप्रिय छन् । विश्वकप र युरोकप फूटबल, विश्वकप क्रिकेट, ओलम्पिक खेलकूद, एसियाली र दक्षिण एसियाली खेलकूदले पनि नेपाली खेल क्षेत्रलाई तरंगित पारिरहेको हुन्छ । यी विषयका समाचार खेलकूद पत्रकारले पस्किनुपर्ने हुन्छ ।

अन्तर्राष्ट्रिय प्रतियोगिताबारे समाचार संकलन गर्न प्रायः नेपाली सञ्चारमाध्यमले आफ्नै खर्चमा सञ्चारकर्मी पठाउँदैनन् । नेपाली खेलाडीले भाग लिने ओलम्पिक, एसियाली खेलकूद, दक्षिण एसियाली खेलकूदजस्ता प्रतियोगिताका समाचार संकलन गर्न विभिन्न उपाय अपनाएर नेपाली खेलकूद पत्रकार विदेश जाने गरेका छन् । यसबाहेक अन्य अन्तर्राष्ट्रिय समाचारका हकमा भने नेपाली खेल पत्रकारले पनि विभिन्न अन्तर्राष्ट्रिय समाचार संस्था, सञ्चारमाध्यम, खेलकूदसँग सम्बन्धित अनलाइन र न्यूज पोर्टलकै भर पर्नुपर्ने अवस्था छ । नेपालको सन्दर्भमा अधिकांश सञ्चार गृहले राष्ट्रिय समाचार समिति (रासस) सँग समाचार किन्ने गरेका छन् । *रासस*ले भने *एपी, एएफपी, रोयटर्स, सिन्ह्वा, पीटीआई* जस्ता अन्तर्राष्ट्रिय समाचार समितिसँग सम्झौता गरेको हुन्छ । ती समितिले पठाउने समाचारमा खेलकूदका ताजा समाचार, विश्लेषण, खेलाडीका प्रोफाइलजस्ता विषय पनि समेटिएका हुन्छन् ।

यसका अतिरिक्त सम्बन्धित खेलका अन्तर्राष्ट्रिय महासंघहरूले आफ्नो वेबसाइटमा पनि सम्बन्धित खेलकूद प्रतियोगिताका खेल तालिका, नतिजा, अंक तालिका आदि राख्ने गरेका छन् । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले विश्वभर हुने ठूला प्रतियोगिताको प्रत्यक्ष प्रसारण पनि गर्ने गर्छन् । पछिल्लो समय त खेलकूदसँग सम्बन्धित अनलाइन र फेसबुकजस्ता

सामाजिक सञ्जालबाट समेत प्रतियोगिताहरूको प्रत्यक्ष प्रसारण हुने गरेको छ ।

## खेलाडी र खेल पदाधिकारीसँगको सम्बन्ध

खेलाडी, निर्णायक, प्रशिक्षक, व्यवस्थापक र खेल पदाधिकारी खेलकूद पत्रकारका लागि पक्कै पनि सूचनाका महत्त्वपूर्ण स्रोत हुन् । तर, यस्ता स्रोतबाट कुनै पनि विषयको सूचना प्राप्त हुनासाथ त्यसलाई विश्वास गरेर समाचार बनाउनु खेलकूद पत्रकारका लागि जोखिमपूर्ण हुन सक्छ । प्राप्त सूचनालाई अन्य विभिन्न स्रोत वा तथ्यबाट पुष्टि गरेर मात्र समाचार बनाउनुपर्छ, अन्यथा समाचारका स्रोतले उल्टै खेलकूद पत्रकारलाई आफ्नो हितमा प्रयोग गर्ने प्रबल सम्भावना रहन्छ ।

नेपालको सन्दर्भमा वार्षिक बजेटको हिसाबले सबैभन्दा कम रकम विनियोजन हुने मन्त्रालयमा पर्छ– युवा तथा खेलकूद मन्त्रालय । प्राप्त बजेटको पनि ठूलो हिस्सा कर्मचारीहरूको तलब/भत्तामै खर्च हुन्छ । यस्तो अवस्थामा भौतिक पूर्वाधार निर्माण, नियमित प्रशिक्षण, प्रतियोगिता आयोजना र खेलाडीको हकहितका लागि निकै कम रकम मात्र बाँकी रहन्छ, जसको प्रत्यक्ष मार खेलाडीमाथि पर्छ । आम जनमानस र खेलकूद पत्रकारमा पनि खेलाडी सबैभन्दा पीडित हुन् भन्ने गहिरो छाप परेको छ । त्यसैले नेपाली खेल पत्रकारितामा पनि खेलाडीका कतिपय कमीकमजोरीप्रति सकेसम्म आँखा चिम्लिने प्रवृत्ति छ ।

खेलाडीको हकहित र उनीहरूले पाएका दुःखकष्टका विषयमा कलम चलाउनु खेलकूद पत्रकारको दायित्व पनि हो । अर्कातिर, खेलाडीबाट हुने गरेका कमीकमजोरीका विषयमा समाचार बनाउनु पनि खेल पत्रकारकै कर्तव्य हो । यो तथ्यलाई कसैले पनि बिर्सन मिल्दैन । कतिपय अवस्थामा खेलाडी, प्रशिक्षक र व्यवस्थापकसँग निकट सम्बन्ध भएकै कारणले खेल पत्रकारले उनीहरूका सानाभन्दा साना समाचारलाई पनि प्राथमिकता दिएको तर अन्य कतिपय महत्त्वपूर्ण खेल गतिविधिले स्थान नपाएको उदाहरण पनि नेपाली खेलकूद पत्रकारितामा देख्न पाइन्छ ।

कुनै खेल पदाधिकारी अन्तर्राष्ट्रिय सेमिनारमा सहभागी हुन विदेश गएको विषयलाई पनि प्राथमिकताका साथ समाचार बनाइन्छ । अनि त्यही खेल पदाधिकारी स्वदेश फर्किएपछि उक्त सेमिनारमा उसले के भूमिका निर्वाह गऱ्यो र देशको खेलकूद क्षेत्रले के पायो भन्ने समाचार बनेको पाइँदैन ।

कुनै खेलमा नेपालले लज्जास्पद हार बेहोर्दा पनि सम्मानजनक हार भनेर समाचार लेखिएका प्रशस्तै उदाहरण छन् । कतिपय खेलमा त खेलाडी हाऱ्यो भने त्यसको समाचार नै बन्दैन,

जबकि त्यही खेलाडी विदेश जाँदा ठूलै समाचार बनाइएको हुन्छ। यस्ता विषयमा खेलकूद पत्रकार र खेलाडी, प्रशिक्षक, व्यवस्थापक वा खेल पदाधिकारीबीचको सम्बन्धले भूमिका निर्वाह गरिरहेको हुन्छ। यसतर्फ खेलकूद पत्रकार सधैं सचेत रहनुपर्छ।

खेलकूद क्षेत्रमा पनि एउटै संस्था वा निकायभित्र विभिन्न गुट/उपगुट देखिन्छन्। उनीहरू खेल पत्रकारसँगको सम्बन्धको फाइदा उठाएर एकार्काका कमीकमजोरी उदाङ्गो पार्न तत्पर रहन्छन्। यसतर्फ खेलकूद पत्रकार गम्भीर नहुँदा र कसैले दिएको स्वार्थप्रेरित सूचनालाई आँखा चिम्लिएर विश्वास गर्दा अरू कोही अनाहकमा मारमा पर्न सक्छ।

## खेलकूद पत्रकार र अध्ययन

खेलकूद पत्रकारले कुनै पनि खेल समाचार बनाउनुअघि आफैंले त्यो खेलका विषयमा जानकारी हासिल गर्न आवश्यक हुन्छ।

अर्कातिर, खेलकूद समाचारका पाठक, दर्शक र श्रोता सचेत हुन्छन्। कम्तीमा पनि उनीहरूले आफूलाई मन पर्ने खेलका विषयमा जानकारी बटुलेका हुन्छन्। यस्तो अवस्थामा हचुवाका भरमा समाचार तयार पार्दा सम्बन्धित सञ्चार गृह र खेल पत्रकारले नै लज्जाबोध गर्नुपर्ने हुन्छ।

विश्वमा खेलकूदसँग सम्बन्धित थुप्रै पुस्तक प्रकाशित हुँदै आएका छन्। तर, नेपालमा भने केही खेलहरूमा केन्द्रित भएर फाट्टफुट्ट पुस्तक र लेखहरू प्रकाशन भएबाहेक खेलकूदलाई विषय बनाएर लेखिएका खासै पुस्तक पाइँदैन। त्यसैले खेलकूद क्षेत्रका विषयमा बुझ्न र अध्ययन गर्न चाहनेका लागि नेपालमा अध्ययन सामग्रीको अभाव छ भन्नेमा दुईमत छैन।

तर, खेलकूद पत्रकारितालाई पेशा बनाउन चाहने नयाँ पत्रकारले इन्टरनेटबाट पनि धेरै ज्ञान सिक्न सक्छन्। इन्टरनेटमा विश्वभर खेलिने हरेक खेलका विषयमा विस्तृत जानकारी पाउन सकिन्छ। यसका अतिरिक्त विभिन्न खेलको विकासक्रम, चर्चित खेलाडी र क्लबबारे पनि इन्टरनेटबाट जानकारी पाउन सकिन्छ।

पछिल्लो समय नेपालमा पनि विदेशी र स्वदेशी लेखकका पुस्तकहरू किन्न पाइन्छ। यस्ता पुस्तकबाट पनि नयाँ खेलकूद पत्रकारहरूले ज्ञानको दायर फराकिलो बनाउन सक्छन्। स्वदेशी वा विदेशी सञ्चारमाध्यममा आउने समाचारको अध्ययनले पनि खेलकूदका विषयमा धेरै कुरा बुझ्न सहयोग पुऱ्याउँछ। खेल क्षेत्रमा कलम चलाउने नयाँ मात्र होइन, पुराना पत्रकारका लागि पनि निरन्तर अध्ययन आवश्यक पर्छ।

## खेलकूद पत्रकारको आचरण

खेलकूद पत्रकारिता र पत्रकारका केही समान नियम छन् । ती नियम सबै देशमा एक समान लागू हुन्छन् भन्ने त हैन तर मार्गनिर्देशनचाहिँ हुन्छ ।

अमेरिकामा खेलाडीलाई सम्पर्क गर्नका लागि ड्रेसिङ रुममा जान सकिँदैन । युरोपमा पनि विशेष गरेर फूटबलमा यस्तो नियम लागू हुने गरेको छ । खेल र निजी जीवनमा खेलकूद पत्रकारले हस्तक्षेप गरेको भन्ने आरोपमा विभिन्न समस्या सामना गर्नुपरेको यथार्थ पनि कसैसँग लुकेको छैन ।

पत्रकारिताका अन्य विधामा जस्तै खेलकूद पत्रकारितामा पनि निष्पक्षता पहिलो शर्त हो । यथार्थ र निष्पक्षता पत्रकारिता र खेलकूद पत्रकारिताका धर्म हुन् ।

सञ्चार गृहमा काम गर्ने भएकाले खेलकूद पत्रकारका धेरै पक्षमा सहज पहुँच हुन्छ । खेलकूद पत्रकारहरूले प्रभाव र दबाबमा खेलकूद क्षेत्रका धेरै सुविधा निःशुल्क प्रयोग गर्न सक्छन् । जबकि त्यही सुविधा उपभोग गरेवापत अरूले शुल्क तिर्नुपर्ने हुन्छ । त्यसैले स्वच्छ पत्रकारिताका लागि खेलकूद पत्रकारले त्यस्ता सुविधाको निःशुल्क प्रयोग कहिल्यै गर्नु हुँदैन ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिता भइरहेका हुन्छन् । तिनमा खेल पत्रकारलाई निःशुल्क प्रवेश पास उपलब्ध हुन्छ । तर, खेल पत्रकारले आफ्ना परिवारका सदस्य वा साथीभाइका लागि पनि आयोजकसँग निःशुल्क पास माग्ने प्रवृत्ति हुन्छ, जुन गलत हो ।

देशभित्र वा विदेशमा आयोजकको खर्चमा गरिने निःशुल्क यात्रा अर्को महत्त्वपूर्ण पक्ष हो । नेपालको सन्दर्भमा खेलकूदसँग सम्बन्धित संघसंस्थाले खेलकूद पत्रकारलाई निःशुल्क यात्रा गराउनु सामान्य देखिन्छ । कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदा पनि खेलकूद निकायहरूले नै पत्रकार लैजाने परम्परा छ । आर्थिक कारणले सञ्चार गृहहरू पनि आयोजकले नै आफ्ना खेल पत्रकारलाई समाचार संकलनका लागि लैजाऊन् भन्ने चाहन्छन् । यसरी खेल पत्रकारलाई निःशुल्क यात्रा गराउँदा उनीहरूको स्वार्थ गाँसिनु पनि स्वाभाविक हो । खेल पदाधिकारीले पनि सकेसम्म आफ्नो विषयमा कुनै गलत समाचार नआओस् भन्ने चाहना राखेका हुन्छन् । फलतः प्रतियोगिताका क्रममा देखिएका कमीकमजोरी, प्रशिक्षक वा खेलाडीको कमजोर प्रदर्शन, प्रतियोगिताका क्रममा देखिएका बेथितिजस्ता विषयमा पत्रकारले कलम चलाउन सक्दैनन् । त्यसैले यस्ता पक्षमा खेलकूद पत्रकार संवेदनशील हुन आवश्यक छ ।

खेलाडीहरू समाजका 'सेलिब्रेटी' हुन् । पत्रकारले त्यस्ता उनीहरूसँग निकट रहेर तस्वीर

खिचाउने र सामाजिक सञ्जालमा राख्ने प्रचलन नेपालमा पनि बढ्दै आएको छ। यस्ता व्यवहारले अन्य खेलाडीलाई खेल पत्रकारले लेखेका समाचारको निष्पक्षतामाथि सन्देह हुन्छ।

यसैगरी खेल पत्रकारलाई समय-समयमा खेलाडी, प्रशिक्षक, निर्णायक वा खेल पदाधिकारीबाट भोजनका लागि आमन्त्रण गरिन्छ। यस्ता खानपिनका अवसर खेलकूद पत्रकारले धन्यवादसहित अस्वीकार गर्नु राम्रो हुन्छ।

खेलकूद पत्रकार पेशागत जीवनका हरेक मोडमा ठोक्किने भनेकै खेलकूद क्षेत्रका व्यक्तिसँग हो। त्यसैले खेलकूद पत्रकार आफ्ना समाचारका स्रोतसँग सधैं सभ्य र मर्यादित रूपमा प्रस्तुत हुनुपर्छ। खेलकूद पत्रकार भएकैले 'म अरूभन्दा विशेष हुँ' भन्ने भावनाले उसको पेशागत जीवनलाई विवाद र संकटमा पार्न सक्छ।

खेलकूदको विकासमा गुणात्मक फड्को मार्न अन्तर्राष्ट्रियस्तरका भौतिक पूर्वाधार, विद्यालय खेलकूद परिचालन, नियमित प्रशिक्षण र प्रतियोगिता, कुशल नेतृत्व, खेलाडी पलायन रोक्न प्रभावकारी नीति-नियम आवश्यक हुन्छ। दक्ष प्रशिक्षक, आधुनिक प्रशिक्षण शैली, खेलकूदमा प्रविधिको प्रयोगजस्ता पक्षमा पनि खेल क्षेत्र निकै पछाडि देखिन्छ। आगामी दिनमा यी क्षेत्रको समेत विकासले खेलजगत् मात्र नभएर खेलकूद पत्रकारिताकै हित गर्ने निश्चित छ।

# जीवनका रङ्गहरूको प्रस्तुति

**रामनाथ घिमिरे**

पत्रकारिता आफैंमा एउटा कला हो र साहित्य पनि हो । त्यसैले यसले सूचना र ज्ञानका साथै मनोरञ्जन पनि प्रदान गर्छ । तर, विधाकै रूपमा कला पत्रकारिताको इतिहास भने धेरै पुरानो छैन । पत्रकारिताको शुरूवातदेखि नै कुनै न कुनै रूपमा कलाको विषय समेटिएको भए पनि छुट्टै विधाका रूपमा भने कला तथा मनोरञ्जन पत्रकारिताले धेरैपछि मात्रै स्थान पाएको देखिन्छ ।

मानव सभ्यताको विकासक्रम अध्ययनका लागि विभिन्न कालखण्डमा पुर्खाहरूले ओडार तथा ढुंगामा कोरेका विभिन्न कलाकृति नै कलाको इतिहासका प्रमुख आधारशिला हुन् । रङको खोज भएपछि विभिन्न रङ्गीनमा चित्र बनाउन थालियो । फोटोग्राफीको शुरूवातपछि मात्रै आधुनिक कला र मनोरञ्जन क्षेत्रको विकास भएको मानिन्छ ।

विस्तारै थिएटर र प्रविधिको विकाससँगै चलचित्र निर्माण शुरू भयो । मनोरञ्जनका लागि नाटक र विभिन्न प्रहसन हुँदै चलचित्र विकासका क्रममा प्रवेश गरेको विश्वको मनोरञ्जन क्षेत्र मानव जीवनको अंग र ठूलो उद्योगका रूपमा स्थापित छ । यस क्षेत्रलाई मात्रै समेट्ने सञ्चारमाध्यमको संख्या विश्वभर हजारौं छन् । कला तथा मनोरञ्जन पत्रकारितालाई आफ्नो विधा बनाएर काम गर्ने पत्रकारको संख्या पनि निकै छ ।

## विश्वमा कला तथा मनोरञ्जन

विश्वमा लेखन पद्धितको विकास मेसोपोटामियन सभ्यताको सुमेरबाट चार हजार इशापूर्वमै

भएको मानिन्छ । 'क्युनिफम' अर्थात् 'लेखाइ पद्धति' को शुरूवात चित्रात्मक हुन्थे । इजिप्टमा यी चित्रात्मक लेखाइलाई 'हाइरोग्लिफ' भनिन्थ्यो । विश्वमा विकास भएका मेसोपोटामिया, इजिप्ट, ग्रिक, सिन्धुघाँटी, रोमनलगायतका सभ्यतामा लेखाइ पद्धतिसँगै कला, साहित्य, संस्कृति, धर्म तथा विविध सामाजिक प्रचलन शुरू भएको पाइन्छ । दर्शनशास्त्र, सौन्दर्यशास्त्र र इतिहासका बारेमा चर्चा शुरू भएदेखि नै कलाका विषयमा समेत लेखन शुरू भएको मान्यता छ। विभिन्न धार्मिक ग्रन्थ र लोक श्रुति पनि कला तथा तथा मनोरञ्जनका आधारस्तम्भ हुन् ।

विशेषगरी कलाका आवश्यक आधारभूत सैद्धान्तिक विषयलाई अंगीकार गर्दै लिपिबद्ध गर्ने र पुस्तान्तरण गर्दै जाने काममा ग्रिक लेखक तथा इतिहासकारहरूको भूमिका महत्त्वपूर्ण छ । त्यसअघि मेसोपोटामिया तथा इजिप्ट सभ्यतामा उनीहरूका सांस्कृतिक मान्यता व्यवस्थित र आम मानिससम्म पुऱ्याउनका लागि कलाको उपयोग बढी नै हुन्थ्यो। दृश्य भाषाको प्रभाव मानिसमा तत्कालै पर्ने भएकाले प्राचीनकालदेखि नै दृश्यमा देखिने विषयलाई मानिसले उपयोगमा ल्याए। धर्म, संस्कृति, प्रभाव र वैभव फैलाउने माध्यम पनि कलामार्फत सम्भव भएकाले मानिसले यसको विकासमा जोड दिए । फलतः कलाका विविध आयाम र रूपको विकास भयो ।

सिन्धु घाँटी सभ्यतामा विकास भएको कलाका विविध आयामबारे अहिलेसम्म लिखित दस्ताबेज पाइएको छैन । वैदिक कालमा विकास भएका केही पुराणमा कलाका विषय उल्लेख छन् । विशेषगरी, 'विष्णुधर्मोत्तर' मा विभिन्न देवीदेवताका प्रतिमा निर्माणसम्बन्धी विषयमा उल्लेख गरिएको पाइन्छ।

## नेपालमा चलचित्र र रङ्ग पत्रकारिता

नेपालमा श्री ३ महाराज देवशमशेरले मुलुकको बागडोर सम्हालेपछि 'प्रजा' ले सिनेमा हेर्ने अवसर पाएको इतिहास छ। १९५८ जेठ ३ सोमबारको *गोरखापत्र*मा 'टुँडिखेलमा तमासा' शीर्षकमा सिनेमा हेर्न सार्वजनिक निम्तो छापिएपछि नेपालमा तमासाको लहर नै चलेको मानिन्छ। त्यसमा उल्लेख गरिएको छ :

> श्री ३ महाराजबाट बेदाम्मा दुनिञाहरूले हेर्न पाऊन् भनी टुँडिखेलमा प्रोजेक्टास्कोप अर्थात् मानिसले चलफिर गऱ्येको सब काम तस्वीरबाट सोहवीमोजिम दुरुस्त देखिन्या तमासा वैशाख २६ गते बुधबारदेखि हुनेछ। सो तमाशा हेर्नेलाई अगाडि केटा केटीहरू, ताहाँपछि नीज केटा केटीहरूका आमाहरू, वाहाँपछि लोग्ने मानिसहरू वाहाँपछि बग्गीमा आउनेहरू अरूलाई नछेकने गरी रहने छन् ।

राणाकालमा सिंहदरबार नाचघर थियो र दरबारियाहरूले त्यहींभित्र नाटक हेर्ने गर्थे। त्यसपछि भारतीय दूतावासले २००५ साल भदौ १ मा हिन्दी चलचित्र 'माँ बाप' देखायो। दरबार हाइस्कुलको दक्षिणतर्फ रहेको मजलिस घरमा नाटक देखाउने गरिएको थियो। शहीद गंगालालले समेत स्कुल पढ्दा मजलिस घरमा देखाइएका नाटकमा भाग लिएका थिए। त्यहाँ बेलाबखत देखाइन्थे- संवादहीन सिनेमा अर्थात् मूक फिल्म।

२००६ सालसम्म नेपालमा सिनेमा-घर थिएन। सम्पन्न व्यक्तिहरूले प्रोजेक्टर ल्याएर घरमै सिनेमा हेर्ने चलन थियो। २००३ साउन १८ मा *गोरखापत्र*ले छापेको एउटा लेखमा नेपालमा सिनेमा-घरको माग अति रहेको उल्लेख छ।

१९९६ सालमै भारतमा भने पाँच सयवटा सिनेमा-घर बनिसकेका थिए। बेलायतमा पाँच हजार १५०, जर्मनीमा पाँच हजार ३०२, अमेरिकामा १८ हजार दुई सय, युरोपभरि ६६ हजार ८७६ र उत्तर अमेरिकाभरि २२ हजार ४५६ वटा सिनेमा-घर थिए।

२००६ सालमा त पश्चिमा मुलुकले टेलिभिजनको चमत्कार देखिसकेको थियो। त्यो अद्भुत घटनालाई २००६ कात्तिक २२ गते *गोरखापत्र*ले यसरी बयान गरेको थियो :

> *बीबीसी*का रिपोर्टरहरूले बेलायत र बर्भिह्यामबीच टेलिभिजन यन्त्रको सम्बन्ध स्थापित भई उसद्वारा प्रचार भएको दृश्य पनि हेरे। १०० माइल टाढा बेलायतबाट प्रचार भएको कुरा यिनीहरूले बर्भिह्याममा बसी सुबिस्तासँग देखे।

जुद्धशमशेरका पालामा बनेको थियो- टाउन हल भनेर चिनिने सिटी हल अर्थात् सभागृह। यसको उद्घाटन २००६ मंसिर २६ मा भएको थियो। काठमाडौं सिनेमा भवनका रूपमा नेपालमा शुरू भएको २०० सिट क्षमताको सो चलचित्र घरको भारतको बंगाल मोसन पिक्चर एसोसिएसनमार्फत रिल ल्याएर दिउँसो १२ देखि २ बजेसम्म र अपराह्न ४ देखि ७ बजेसम्म सिनेमा देखाइन्थ्यो। उद्घाटनमा 'रामविवाह' नामक सिनेमा देखाइयो।

तत्कालीन मन्त्रिपरिषद्ले २००८ सालमा मुलुकभरमा सिनेमा देखाउने व्यवसाय राष्ट्रियकरण गर्ने निर्णय गऱ्यो। २००८ साल असोज ४ मा ललितपुरमा ललित सिनेमा भवन खुल्यो। २००८ साल असोज ९ मा वीरगञ्जमा सिनेमा-घर खुल्यो र पहिलो शोमा 'नरसिंह अवतार' नामक सिनेमा देखाइयो। २०१० साल असार २७ मा जय नेपाल चित्रघर खुल्यो र पहिलो शोमा 'गणेश महिमा' नामक सिनेमा प्रदर्शन गरियो। उपत्यकामा मुनलाइट, विश्वज्योति, श्रीसिनेमा, रञ्जना आदि सिनेमा-घर खुले।

काठमाडौं सिनेमालाई सरकारले धान्न नसक्ने भएपछि निजी क्षेत्रलाई आह्वान गरेर सरकारले २००९ सालमा टेन्डर निकाल्यो। आम्दानीको ३५ प्रतिशत सरकारलाई बुझाउने

सर्तमा मिरसुब्बा दयारामभक्त माथेमा र सरदार कृष्णलाल चित्रकारले ९९ वर्षका लागि सिनेमा-घर जिम्मा लिए। त्यसले नयाँ नाम पायो- जनसेवा सिनेमा हल।

त्यो बेला प्रायः हिन्दी सिनेमा चल्थे भने एकाध अंग्रेजी सिनेमा चलाइन्थ्यो। 'मिसन अफ दि डेन्जर' नामक अंग्रेजी सिनेमा प्रदर्शन भइरहेका बेला जनसेवा हलमा २०१८ साल भदौ २७ गते राति आगजनी गरियो। दुई दिनअघि निर्देशक अमात्यकी पत्नी लामु अमात्य सवार गाडीले एकजनालाई ठक्कर दिएपछि विवाद सिर्जना भएको थियो। त्यसै विवादमा पर्सिपल्ट सिनेमा हल जलाइयो।

## नेपालमा कला तथा मनोरञ्जन पत्रकारिता

प्राचीनकालमा ललितकलाका बारेमा विभिन्न शास्त्र, पुस्तक तथा शिलालेखमा अभिलिखित विभिन्न देवदेवीका चित्र तथा मूर्ति निर्माण, तिनको नाप र प्रस्तुतिका विषयमा प्रतिमाशास्त्रमा उल्लेख गरिएको पाइन्छ। नेपालमा पाइएका अधिकांश प्राचीनकालयताका कलाकृति प्रतिमाशास्त्रका आधारमा बनेको इतिहास छ।

नेपालमै १९५५ सालमा *सुधासागर* साहित्यिक पत्रिका प्रकाशन शुरू भयो। यो नै पहिलो साहित्यिकपत्रिका थियो। यसले कला, साहित्य र मनोरञ्जनका विषयलाई उठाएको मान्न सकिन्छ। १९५८ सालमा *गोर्खापत्र*को प्रकाशन शुरू भएपछि भने यसले समाजका विविध पाटालाई समाचार बनाउन थाल्यो। कलाले पनि कुनै न कुनै रूपमा स्थान पाउन थालेको थियो। १९९१ सालमा नेपालमा संस्थागत रूपले कला शिक्षाको शुरूवात हुनु पनि महत्त्वपूर्ण घटना थियो।

नेपालमा पहिलोपटक कलाकै सन्दर्भमा केन्द्रित रहेर सत्यमोहन जोशीले २००८-०९ सालमा प्रकाशन गरेको पत्रिका *कलाकार* त्रैमासिक हो। शुरूमा नेपाल भाषामा प्रकाशित यो पत्रिका पछि नेपाली भाषामा समेत प्रकाशित थियो। पुरातत्त्व विभागले २०१० सालपछि नेपाली सम्पदा र पुरातात्विक महत्त्व राख्ने विषयमा अनुसन्धान गर्ने, जर्नल तथा पुस्तक प्रकाशन गरेको पाइन्छ। २०१४ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानको स्थापना भएपछि पुरातात्विक सम्पदा, प्राचीन नेपाली कलाका विविध सन्दर्भमा प्रकाशन गरेको देखिन्छ।

नेपाली चलचित्र पत्रकारिताको भने व्यापक र विस्तृत अध्ययन हुनै बाँकी छ। नेपाली चलचित्रभन्दा चलचित्र पत्रकारिताको इतिहास पुरानो देखिन्छ। चलचित्रको विषयवस्तु समेटिएको *सिनेमा* पत्रिकालाई सबैभन्दा पुरानो पत्रिका मानिन्छ। यो पत्रिका २०११ कात्तिक १० मा प्रकाशनमा आएको थियो। त्यसबेलासम्म नेपाली चलचित्र बनिनसकेका कारण यो पत्रिकालाई नेपाली चलचित्रभन्दा पनि जेठो मान्न सकिन्छ। तर यो पत्रिका दोस्रो अंक पुग्दानपुग्दै बन्द भयो।

त्यसपछि २०१४ सालमा *रङ्गमञ्च* प्रकाशन भयो । कुमारी चन्द र शेखर कुमारको संयुक्त सम्पादकत्वमा छापिएको यो पत्रिका शुरूमा साप्ताहिक र पछि मासिक भएर केही समय प्रकाशित भएको थियो । २०२७ सालमा *आराधना* र *प्रिया* भन्ने दुई पत्रिका देखा परे । यी चलचित्र पत्रिकाहरू पनि निरन्तर निस्किएनन् । चलचित्र पत्रकारिता क्षेत्रमा निस्कन थालेदेखि निरन्तरता दिनेमा *कामना* देखा पर्‍यो । २०४१ मंसिर १५ मा विजयउदय पाल्पाली र पुष्करलाल श्रेष्ठ प्रकाशक बनेर यो पत्रिका शुरू गरेका थिए । दुई अंकपछि पाल्पाली सम्पादकबाट हटे र श्रेष्ठ सम्पादक एवं प्रकाशकका रूपमा रहे । *कामना* २४ अंकसम्म ट्याबलोइड पेपरका रूपमा आयो र त्यसपछि रङ्गीन आवरणसहित म्यागाजिन आकारमा आयो । पछि यही कामना प्रकाशन समूह नामक प्रकाशनबाट *नेपाल समाचारपत्र* दैनिक पत्रिका, *साधना* पारिवारिक मासिक एवं *महानगर* सन्ध्याकालीन दैनिक पत्रिकासमेत प्रकाशन भए । हाल ब्रोडसिट दैनिकहरूले एक पृष्ठमा चलचित्रका गतिविधि दिने गरेको पाइन्छ भने एफएम तथा टेलिभिजनहरूबाट चलचित्रका विविध पक्ष समेटेर कार्यक्रम प्रसारण हुने गर्छन् ।

यसबाहेक कला पत्रकारिताको मात्र इतिहास हेर्ने हो भने २०१६-०१७ सालतिर *गोर्खापत्र*मा नारायणबहादुर सिंहको प्रवेशसँगै नेपाली कलाका बारेमा फाट्टफुट्ट लेखिन थालेका हुन् । २०२० सालताका गेहेन्द्रमान अमात्यले *गोर्खापत्र*लगायतका पत्रपत्रिकामा कलासम्बन्धी लेखरचना प्रकाशन गरेको पाइन्छ । कलाको संस्थागत विकास गर्ने उद्देश्यले २०२२ सालमा स्थापित नेपाल ललितकला संस्था (नाफा) ले २०२३ सालमा कलाकार शिलुप्यारीको सम्पादनमा मुखपत्र प्रकाशन गर्‍यो । २०२७ सालमा विजय थापाको सम्पादनमा *कलाकार* नामक अर्को पत्रिका निस्कियो ।

२०२७ सालमै नेपालमै पहिलोपटक नारायणबहादुर सिंहको 'नेपाली चित्रकार' नामक पुस्तक साझा प्रकाशनले निकाल्यो । २०२० सालको दशकमा सिंहले *गोर्खापत्र*मा कलासम्बन्धी समीक्षात्मक लेख लेख्न थाले । *गोर्खापत्र*ले मासिक रूपमा साहित्यिक पत्रिका *मधुपर्क*को प्रकाशन २०२५ बाट शुरू गर्‍यो । नाफाले ०२६ र ०३१ सालमा अंग्रेजीमा मुखपत्र प्रकाशन गर्‍यो । २०३२ सालमा नरसिंहभक्त तुलाचनको प्रकाशन, कुसुम तुलाचनको सम्पादनमा कलाकृति नामक *कला पत्रिका* प्रकाशन भयो । २०३५ सालमा नेपालमै पहिलोपटक काठमाडौंबाहिर धरानबाट युवा कला केन्द्रको प्रकाशन र मुकेश मल्लको सम्पादनमा *कला* पत्रिका तीन अंकसम्म निस्कियो ।

२०७४ सालसम्म आइपुग्दा नेपालमा कला प्रकाशनमा निकै वृद्धि भयो । *माध्यम, कला र कलाकार, कलाकृति, आकृति, ललितकला* द्वैमासिक, *कलाकर्म, क्यानभास* साप्ताहिक, *फाइनआर्ट नेपाल डटकम, ललितकला समीक्षा, आर्टनेपाल, कलादृष्टि, ललितकला*

पत्रिकालगायतले कलाका विविध पक्ष र आयाममा रहेर कला लेखन तथा पत्रकारिता गरे। २०६६ सालमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको स्थापनासँगै यसले प्रकाशन गरेका पुस्तक, बुलेटिन आदिले नेपाली कला लेखनको क्षेत्रलाई फराकिलो बनाउँदै लगे।

पछिल्लो समयमा कलाका विषयलाई विभिन्न साहित्यिक, समाचारमूलक तथा अनलाइनले समेत स्थान दिँदै आएका छन्। चलचित्र पत्रकारिताका हकमा भने यो क्षेत्र अझै पनि अभिनेत्रीको ग्ल्यामरभन्दा अगाडि बढ्न सकेको छैन। व्यक्तिगत जीवनमा बिग्रिएको सम्बन्ध, कलाकारबीचको विवाद, चलचित्र निर्माण आरम्भ तथा प्रदर्शनी आदि सञ्चारमाध्यमका नजरमा पर्ने गरेका छन्। अझै पनि सिनेमाको इतिहास, सिनेमा समीक्षा, समालोचना, सिनेमा समाचार, सिनेमाको कलात्मकता, त्यसका गीत-संगीत पक्षलगायतका सम्पूर्ण जानकारी र विश्लेषण समेटिएको सामग्री कमै मात्रै पढ्न पाइन्छ।

## कला पत्रकारिताको उद्देश्य

अमेरिकी आर्किटेक्ट, डिजाइनर तथा लेखक फ्याङ्क लोयड राइट (सन् १८६७-१९५९) को भनाइमा 'मानव प्रयोगका लागि उपयुक्त सुन्दर रूपहरूमा प्रकृतिको प्राथमिक सिद्धान्तहरूको खोज र विकास' नै कला हो। कलालाई सर्वसाधारणसम्म पुऱ्याउने माध्यम वा साधन अर्थात् संयन्त्र भनेको कला पत्रकारिता, समीक्षा वा कला लेखन हो।

कला, साहित्य र मनोरञ्जन मानव जीवनको उपज, जीवनका रङहरूको पर्याय र रहस्यहरूको प्रतिबिम्ब पनि भएकाले कला पत्रकारिताका उद्देश्य व्यापक छन्। आम नागरिकलाई सूचना, शिक्षा, अभिप्रेरणा र मनोरञ्जन आदि दिनु पत्रकारिताको उद्देश्य भएकाले त्योभन्दा कला पत्रकारिताको नितान्त अर्को उद्देश्य हुन सक्दैन। यिनै उद्देश्यलाई हृदयगंम गर्दै समाज र संस्कृतिको अविछिन्न सम्बन्धको निरन्तर खोज र त्यसको वस्तुनिष्ठ प्रस्तुति कला तथा मनोरञ्जन पत्रकारितामार्फत गर्नु नै यसको पहिलो प्राथमिकता हुन्छ।

## कला तथा मनोरञ्जन पत्रकारिताको क्षेत्र

कला तथा मनोरञ्जन पत्रकारिताले परम्परागत कला, आधुनिक कला, चित्रकला, संगीत, थिएटर, फेसन, सेलिब्रेटी, घटना कभरेज वा कला र मनोरञ्जनसँग सम्बन्धित कुनै पनि विषय समेट्छ। कलाको खोजी, समीक्षा, मनोरञ्जनबारे सार्वजनिक रायको विश्लेषण, सेलिब्रेटीको अन्तर्वार्ता, मनोरञ्जनात्मक घटना संकलन गर्नु प्राथमिक कार्य हो। कला तथा मनोरञ्जनसँग सम्बन्धित अनुद्घाटित विषयहरूको गम्भीर खोज, सामाजिक सञ्जालमा चर्चा कमाएका सिर्जनात्मक कुराको अन्तरवस्तुसहितको रिपोर्टिङ पनि कला तथा मनोरञ्जन बीटको छातामुनि अट्छ।

पत्रकारिताको एउटा शाखाका रूपमा रहेको कला तथा मनोरञ्जन पत्रकारिता ललितकला, साहित्य, चलचित्र, संगीत, थिएटर र वास्तुकलासहित विभिन्न कलाहरूको रिपोर्टिङ र सम्पादन तथा प्रकाशन प्रसारणसँग सम्बन्धित छ ।

कम्तीमा कला पत्रकारिताभित्र निम्न विषय समेट्न सकिन्छ :

- ललितकला, नाट्यकला, साहित्यकला, रङ्गकला
- संगीत, नाटक तथा चलचित्र समीक्षा
- प्रसिद्ध स्थानहरूको समीक्षा
- विभिन्न कला तथा ऐतिहासिक वस्तुहरूको खोज तथा समीक्षा
- थिएटर वा कन्सर्टहरूको कभरेज
- सेलिब्रेटीहरू र अन्य प्रसिद्ध व्यक्तिका गतिविधि र उनीहरूसँगको अन्तरङ्ग
- राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भइरहेका कला तथा मनोरञ्जन क्षेत्रका घटनाहरूको कभरेज

## कला तथा मनोरञ्जन पत्रकारिताको व्यापकता

नेपालका ऐतिहासिक तथा धार्मिक कलाकौशलकै कारण हुने पर्यटन, देशमा भएको आर्थिक उपार्जन तथा चलचित्र उद्योगको योगदानको चर्चा गर्ने हो भने राष्ट्रिय आयमा यस क्षेत्रले ठूलै हिस्सा ओगटेको छ । कला तथा मनोरञ्जन पत्रकारिता गर्ने पत्रकारले कला क्षेत्रलाई अन्य विषयसँग जोडेर पत्रकारिता गर्ने हो भने यसको व्यापकतालाई थप बल पुग्ने देखिन्छ । जस्तै :

- कला तथा मनोरञ्जन र अर्थतन्त्र
- कला तथा मनोरञ्जन र समाज
- कला तथा मनोरञ्जन र संस्कृति
- कला तथा मनोरञ्जन र राजनीति
- कला तथा मनोरञ्जन र पर्यटन
- खेलकूद र कला तथा मनोरञ्जन
- कला तथा मनोरञ्जन र जीविकोपार्जन
- कला तथा मनोरञ्जन र स्वास्थ्य (मानसिक स्वास्थ्यसमेत)
- जलवायु परिवर्तनले कला मनोरञ्जन तथा संस्कृतिमा आएको विचलन

- विश्वव्यापीकरणले कला तथा मनोरञ्जनमा पारेका असर तथा बेफाइदा

## कला तथा मनोरञ्जन पत्रकारिता तथा अन्य पत्रकारिता

विधाका हिसाबले कला तथा मनोरञ्जन पत्रकारिताले मनोरञ्जनलाई केन्द्रमा राखेर पत्रकारिताको धर्म निर्वाह गरिरहेको हुन्छ । अन्य पत्रकारिताभन्दा कला तथा मनोरञ्जन पत्रकारिताका केही फरक विशेषता छन्, जस्तै :

- कला तथा मनोरञ्जन प्रस्तुतिको माध्यम हो ।
- यो मानिसको कुनै पनि रचनात्मक कामसँग सम्बन्धित पेशा हो ।
- यो आफैंलाई अभिव्यक्त गर्ने एक क्षमतासँगको समन्वयात्मक कार्य हो ।
- यो एउटा क्षमता वा गुणपस्कने कार्य हो ।
- सबैले बुझ्ने गरी कलालाई थप दृश्यात्मक तथा मनोरञ्जनात्मक बनाउन गरिने आवश्यक प्रक्रिया हो ।
- यो एउटा गतिविधि हो,जसले कुरूप वा सुन्दर के छ, जस्ताको तस्तै प्रकट गर्दछ ।
- यो विशेषतः व्यक्तिवादमा आधारित क्षमताको विश्वव्यापीकरणको आधार हो ।

## कला पत्रकारका ज्ञान र योग्यता

पत्रकार समाजको पहरेदार, समाज सुधारक र सही सूचनाको पर्याय भएकाले पत्रकारिता गर्ने विषय र तरिकामा पत्रकार पोख्त हुन जरुरी छ । शैक्षिक योग्यता, कानूनको ज्ञान, समाज र संस्कृतिको ज्ञान पनि पत्रकारका लागि आवश्यक योग्यता हुन् ।

त्यति मात्र होइन, आफूले पत्रकारिता गर्ने भाषामा निपुणताका साथै अन्य भाषामा समेत आवश्यक ज्ञान हुनुपर्छ । यसका अलवा कला तथा मनोरञ्जन पत्रकारमा निम्नलिखित गुण हुन जरुरी छ :

- कला, साहित्य तथा मनोरञ्जन क्षेत्रप्रतिको गहिरो अभिरुचि
- ऐतिहासिक तथा पुरातात्विक विषयको ज्ञान
- इतिहासको ज्ञान
- अध्ययनशीलता
- कानूनको ज्ञान
- जनसम्पर्क स्थापित गर्ने कला
- मिलनसार र मेहनती

- जोखिम मोल्न सक्ने, साहसी
- लेखन तथा प्रस्तुति शैलीमा कलात्मकता

यसबाहेक तपाईंले निम्न कुरामा ध्यान दिनुहोस् :

**आफैंलाई चिन्नुहोस्** : आफ्नो रुचिको क्षेत्र, क्षमता, ज्ञान, सीप र स्वास्थ्यबारे राम्ररी मूल्यांकन गर्नुहोस् ।

**शिक्षित हुनुहोस्** : औपचारिक शिक्षा तपाईंका लागि आत्मविश्वासको पहिलो खुड्किलो हो । पत्रकारिता वा कला क्षेत्रको औपचारिक शिक्षा पूरा गर्नुहोस् । अनौपचारिक रूपमा तपाईंले कलम चलाउने, बोल्ने वा दृश्यांकन गर्ने विषयमा अध्ययन गर्ने गर्नुहोस् ।

**अनलाइनमा उपस्थिति सिर्जना गर्नुहोस्** : इन्टरनेटका कारणले विश्वका घटना सामाजिक सञ्जालमा प्राप्त गर्न सक्नुहुन्छ । कला तथा मनोरञ्जन पत्रकारका रूपमा अनलाइनमा उपस्थिति देखाउनुहोस् र यस क्षेत्रका व्यक्तिसँग मिलेसम्म सामाजिक सञ्जालमा जोडिनुहोस्, उनीहरूलाई पछ्याउनु होस् ।

**नेटवर्क बनाउनुहोस्** : सकेसम्म आफ्नो विधाका व्यक्तिहरूसँगको नेटवर्क बनाउनुहोस् र निरन्तर सम्पर्कमा रहनुहोस् । आफूभन्दा अग्रज र अनुजका कुरामा ध्यान दिनुहोस् । जानेको कुरा बाँड्नुहोस् र नजानेको सिक्नुहोस् ।

**शंकालु हुनुहोस्** : कसैले कुनै सूचना दिँदैमा झट्ट विश्वास नगर्नुहोस्, बरु शंकासहित त्यसका अन्य पाटाबारे विचार गर्नुहोस् । प्रचारमुखी हुनेभन्दा तथ्यको परीक्षणमा ध्यान दिनुहोस् ।

**प्रभावको पूर्वानुमान गर्नुहोस्** : तपाईंको मेहनतको कारण खोज्नुहोस् । तपाईंले तयार गरेको सामग्रीको प्रभावको पूर्व-मूल्यांकन गर्नुहोस् । प्रभावशाली लेखनका लागि प्रयास गर्नुहोस् ।

**नवीनतम प्रविधि प्रयोग गर्नुहोस्** : तथ्यांक संकलन, लेखन तथा रेकर्डका लागि नवीनतम प्रविधि छनोट गर्नुहोस् । आधुनिक प्रविधिसँगै चल्नुहोस् ।

**आफ्नो लेखाइको सम्पादन आफैं गर्ने बानीको विकास गर्नुहोस्** : आफूले तयार गरेको सामग्री दोहोऱ्याएर/तेहेऱ्याएर पढ्ने बानीको विकास गर्नुहोस् । आफ्नो सामग्री पटकपटक पुनर्लेखन गर्न र काट्न सिक्नुहोस् ।

**आफैंलाई समय-सीमा दिनुहोस्** : समयको दबाबमा काम गर्ने अभ्यास गर्न आफैंलाई

समय-सीमा दिनुहोस् । पत्रकारका लागि काम गर्ने घन्टा अप्रत्यासित र असंगत छ। कतिखेर केका लागि दौडिनुपर्छ भन्ने विषयको टुंगो हुँदैन। तसर्थ आफूलाई सधैं तयार राख्नुहोस्।

**अद्यावधिक रहनुहोस्** : आफू आबद्ध पेशा र सम्बद्ध विषयमा सदैव चनाखो रहनुहोस्। कला, साहित्य र मनोरञ्जनसँग सम्बन्धित व्यक्ति, कार्यक्रम, घटना, विवादलगायतका सबै पक्षबारे जानकार रहनुहोस्।

**अनुभव प्राप्त गर्नुहोस्** : सफलता प्राप्त गर्न हतार नगर्नुहोस्। बरु, सैद्धान्तिक ज्ञान बढाउनुहोस्, प्रयोगात्मक अभ्यासलाई निरन्तता दिनुहोस् र जानेको ज्ञान तथा सीपलाई विभिन्न फोरममा परीक्षण गर्नुहोस्।

**अध्ययन–अनुसन्धानमा समय निकाल्नुहोस्** : आफू कार्यरत क्षेत्रबारे कुनै लेख, रचना, रिपोर्ट वा अनुसन्धान सार्वजनिक भए/नभएबारे ध्यान दिनुहोस्। अध्ययनलाई प्राथमिकतामा राखेर समय निकाल्नुहोस्। नयाँ-नयाँ कुराको अनुसन्धानमा तत्पर हुनुहोस्।

**संकटको सामनाका लागि तयार हुनुहोस्** : तपाईंले सोचेको जस्तो समय-सीमा, विषयवस्तु र परिस्थिति नहुन सक्छ। तसर्थ आफूलाई साधारण प्रोफाइलमा राख्नुहोस् र जस्तोसुकै संकटको सामनाका लागि तयार रहनुहोस्। पत्रकारले आन्दोलन, दुर्घटना वा गिरफ्तारीको घटनास्थलमा भाग्नुपर्ने हुन सक्छ। पेशाको अप्रत्यासितताले पनि यसलाई रोमाञ्चक र अन्य कामभन्दा फरक बनाउँछ।

**प्राविधिक पक्ष तथा शब्दावली जान्नुहोस्** : यस क्षेत्रका प्राविधिक तथा विशिष्ट शब्दहरूको अर्थ जान्न जरुरी छ। उदाहरणका लागि फारसी भाषामा सभागृहलाई 'मजलिस घर' भनिन्छ भन्ने थाहा पाउनुभएन भने यससम्बन्धी आधारभूत कुरै थाहा नभएको जस्तो देखिन सक्छ।

**कला तथा मनोरञ्जन क्षेत्रका कही शब्दावली**

**Under Tone** – हल्का रङ, मधुरो रङ।

**Unity** – एकत्व, मिल्नु

**Tulika** (तुलिका) – ब्रुस/पिर

**Turpentine-Oil** – तारपिनको तेल । तेल रङलाई पातलो गर्न यसको भूमिका रहन्छ।

**Two Point Perspective** – दुई विन्दु दूरान्तर ।

**Type of Piece** - नमुना कृति, प्रारम्भिक रचना

**Traditional Art** – परम्परागत कला, रीतिवादी कला ।

**Tone** – रङको गाढादेखि हल्का रूप । यसलाई प्रकाशले प्रभाव पार्ने भएकाले प्रकाशका कारण यसको तह छुट्टिँदै जान्छ ।

**Street Art** – गल्ली या सडकका भित्तामा बनाइएका चित्र ।क्तचभतअजभच स्ट्रेचर (क.साम.) चौकोस, क्यानभास तन्काउनका लागि बनाइने काठको चौकोस । क्तगमष्य स्टुडियो : चित्रशाला, शिल्पशाला

**Sketch** – रेखाचित्र ।

**Sculpture** – मूर्तिकला ।

**Sculptor** – मूर्तिकार ।

**Salon** – कला प्रदर्शनी कक्ष ।

**Sarawa** – रङ घोल्ने भाँडो । माटोको सानो कचौरा जसमा रङ घोल्ने काम गरिन्छ ।

**Saturation** – रङको निक्खर शुद्धता । रङको चहकिलोपन ।

**Rock Painting** - रक पेन्टिङ ढुंगामा बनाइएको चित्र ।

**Printmaking** – छापाचित्रण ।

प्रस्तरमूर्ति – ढुंगामा बनेका मूर्ति ।

**Primary Colour** – प्राथमिक रङ, मौलिक रङ, आधारभूत रङ ।

**Priming** – प्राथमिक लेप, चित्र सतहको प्रथम लेपन ।

**Portrait** – मुहारचित्र/मूर्ति, व्यक्तिचित्र, रूपचित्र ।

**Poster** – विज्ञापन चित्र, सन्देश चित्र ।

**Oil Painting** – तेल रङ्गीय चित्र ।

**Lettering** – अक्षरको कला, अक्षर लेखन

**Intellectual Art** – बौद्धिक कला ।

**Handicraft** – हस्तकला ।

**Graphics** – छापाचित्र, मुद्रित चित्र ।

**Graffitti** – सडक, घर या पर्खालका भित्तामा बनाइएका समसामयिक घटनामा आधारित चित्राकृति ।

**Gallery** – कला प्रदर्शनी कक्ष, कलादीर्घा, प्रदर्शन मण्डप ।

**Frame** - चौकोस, चौखटा । कलाकृतिलाई आकर्षक बनाउन प्रयोग गरिने चौखटा, चौकोस

**Fabric Painting** – कपडामा बनाइने चित्र ।

**Fantasy** – कपोलकल्पित चित्र, स्वप्नचित्र ।

**Exhibition**– प्रदर्शनी, कलाकारका कलाकृतिलाई देखाउने काम ।

**Craft** – शिल्प, शिल्पकर्म, कालिगढी, हस्तकौशल ।

**Contrast** – भिन्नता, फरकपन । कलामा विपरीत तत्त्वहरूको व्यवस्थापन गर्ने तरिकालाई भिन्नता भनिन्छ ।

**Collage**– समुच्चित चित्र, कागज चिप्काएर बनाइएको चित्र, कागज, कपडा, पत्रपत्रिका आदि जोडेर/चिप्काएर बनाइएको चित्र ।

**Ceramics** – मृत्तिका कला, मृत्तिका शिल्प । चिनियाँ माटोद्वारा बनाइएका कलाकृति वा सामग्री ।

**Ceramist** – मृत्तिका शिल्पी, मृत्तिका कला बनाउने कलाकार

**Cave Art** – गुफा कला

**Canvas** – चित्रफलक, चित्रपट । चित्र बनाउने सतह या कपडा । सामान्य अर्थमा काठको चौकोसमा कपडालाई तन्काएर चित्र बनाउन प्रयोग गरिने चित्र सतह ।

**Canvas Board** – क्यानभासमा चित्र बनाउँदा अड्याउने बोर्ड ।

**Cabinet Picture** – लघुचित्र, सानो चित्र ।

**Armature** – मूर्तिको आरम्भिक ढाँचा । मूर्तिको कङ्काल, मूर्तिको आधार ।

**Archeology** – पुरातत्त्व । ऐतिहासिक तथा प्राचीन कालमा बनेका वा उपयोग गरिएका महत्त्वपूर्ण वस्तुको अध्ययन गर्ने विधा, पुराना कलाकृति तथा संस्कृतिको अध्ययन-अनुसन्धानसँग सम्बन्ध राख्ने विधा ।

## चलचित्र निर्माणसम्बन्धी केही शब्दावली

**A-Roll** – मुख्य कथानक सट। पात्र वा अन्तर्वार्ताका विषय समावेश गर्ने सबै प्रकारका फुटेज। ए-रोल फुटेज, प्रायः मुख्य फुटेज, प्राथमिक फुटेज, नायक फुटेज वा प्रमुख सटका रूपमा चिनिन्छ।

**Academy Awards** – एकेडेमी अवार्ड – एकेडेमी अफ मोसन पिक्चर आर्ट्स् एन्ड साइन्सेसद्वारा चलचित्र उद्योगका कलाकार, निर्देशक, प्राविधिक वा संगीतकारलाई उत्कृष्ट उपलब्धिका लागि दिइने वार्षिक पुरस्कार।

**Action** – काम शुरू भएको छ भनेर कलाकार र टोलीलाई सचेत गराउन निर्देशकले बोल्ने टेकको शुरूको बोली।

## कला तथा मनोरञ्जन पत्रकारका सीप

पत्रकारिताको विकासमा कला पत्रकारिताको भूमिका महत्त्वपूर्ण छ; चाहे त्यो पत्रकारितालाई व्यावसायिक रूपमा अघि बढाउन भूमिका खेलेको पेन्नी प्रेस[१] होस् वा पीत पत्रकारितामा प्रयोग भएको येल्लो किड्स[२] नै किन नहोस्, कार्टून र चित्रहरूको प्रयोगमार्फत उत्प्रेरणा र नयाँ प्रश्न सिर्जनाका साथै उत्साह र आक्रोशलाई व्यवस्थित गर्न कला क्षेत्रको विशिष्ट योगदान छ।

कलाले हामीलाई भावनात्मक रूपमा छुन्छ। मनोरञ्जन मनसँगको सामीप्य भएकै कारण कला र मनोञ्जन संसारको जुनसुकै भाषा, वर्ग, जाति तथा समुदाय र उमेर समूहमा पनि लोकप्रिय छ। कलाको शक्तिले संस्कृति, राजनीति र अर्थव्यवस्थालाई प्रभाव पार्न सक्छ।

---

१. ट्याब्लोइड-शैलीका अखबारहरू संयुक्त राज्य अमेरिकामा १८३० पछि ठूलो मात्रामा उत्पादन भएका थिए। हाते प्रविधिबाट वाष्प-संचालित मुद्रणमा परिवर्तन भएपछि सस्तो मूल्यका अखबारहरूको ठूलो मात्रामा उत्पादन सम्भव भएको थियो। धेरैभन्दा धेरै पाठकसमक्ष पुऱ्याउने हेतुले यसको शुरुको मूल्य एक पेन्नी राखिएको हुनाले यस्ता अखबारलाई पेन्नी प्रेस भनिएको हो।

२. पीत पत्रकारिता शब्द 'होगन्स् एली' भनिने लोकप्रिय 'न्यूयोर्क वर्ल्ड कमिक'बाट आएको हो, जुन कमिकमा पहेँलो लुगा लगाएको "पहेँलो बच्चा" नामको पात्र देखाइएको थियो। जोसेफ पुलिट्जरको *न्यूयोर्क वर्ल्ड* पत्रिकासँग हरतरहले प्रतिस्पर्धा गर्न कटिबद्ध, उनका प्रतिद्वन्द्वी *न्यूयोर्क जर्नल*का मालिक विलियम रान्डोल्फ हर्स्टले पुलिट्जरको सनसनीपूर्ण शैलीको नक्कल गरे र 'होगन्स् एली' बनाउने कलाकार आर.एफ. आउटकाल्टलाई नै *न्यूयोर्क वर्ल्ड* बाट आफ्नो पत्रिकामा ताने। जवाफमा, पुलिट्जरले अर्को एक कार्टुनिस्टलाई भर्ना गरेर दोस्रो पहेंलो बच्चा सिर्जना गर्न लगाए। चाँडै नै १८९० को दशकको सनसनीखेज प्रेसमा "येल्लो किड्स्" अर्थात् "पहेँला बच्चाहरू" का बीच घमासान प्रतिस्पर्धा चल्यो। पत्रकारिताको त्यो शैलीले "पीत पत्रकारिता" को संज्ञा पायो।

रूसी महान् लेखक लियो टोलस्टोय (सन् १८२८-१९१०) ले कलालाई परिभाषित गर्दै यसो भनेका छन् :

> कलाको गतिविधि मानिसहरूको आफ्नै भावनाद्वारा अरूलाई प्रभावित गर्ने र अरूका भावनाबाट प्रभावित हुने क्षमतामा आधारित हुन्छ। बलियो भावना, कमजोर भावना, महत्त्वपूर्ण भावना वा अप्रासंगिक भावना, राम्रा भावना वा खराब भावना- यदि तिनले पाठक, दर्शक वा श्रोतालाई प्रभावित पार्छन् भने यसले कलाको कार्य प्राप्त गर्दछ।

टोलस्टोयको भनाइ मान्ने हो भने कला तथा मनोञ्जनको क्षेत्र नभएको भए हाम्रो इतिहास, संस्कृति र परम्परा नै खतरामा पर्ने थियो। कला एक विशेष क्षमता हो। मानिसले कलाको शक्ति बुझेका छन्। त्यही शक्तिबाट त्रस्त हुनेहरूले इतिहासमा पटकपटक कलाकारलाई आलोचना गरेका र धम्क्याएका मात्र होइन, प्रतिबन्ध लगाएका र कलाकृतिकै हत्या गरेका पनि छन्।

## समाचारका स्रोत

पत्रकारको सम्पत्ति भनेकै स्रोतसँगको उसको सम्बन्ध हो। जोसँग धेरै विश्वसनीय स्रोतहरू छन्, वास्तवमै ऊ नै धनी र प्रभावशाली पत्रकार हो। विधाअनुसार पत्रकारिताका स्रोत पनि फरक हुनु स्वाभाविक हो। कला तथा मनोरञ्जन पत्रकारिताका लागि समाचार निर्माण गर्दा निम्न स्रोत प्रभावकारी हुन सक्छन् :

- राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) र आबद्ध संघसंस्था
- कला, साहित्य, संस्कृति तथा मनोरञ्जनसम्बन्धी मन्त्रालय तथा सरकारी कार्यालय
- कला, साहित्य तथा मनोरञ्जनसँग सम्बन्धित प्रतिष्ठान तथा संघसंस्था
- विश्व सम्पदा सूचीमा सूचीकृत संस्था तथा धरोहर र सम्बद्ध संस्था तथा व्यक्तिहरू
- विभिन्न ऐतिहासिक तथा पुरातात्विक क्षेत्र र संरक्षण केन्द्र
- पुस्तकालय तथा संग्रहालयहरू
- कलाकार, लेखक तथा अध्येता
- थिएटर, ग्यालरी तथा कलाकेन्द्र, सिनेमा-घर, रेकर्डिङ स्टुडियो
- कानूनविद्, अदालत तथा अस्पताल
- कलाकार तथा कलाकारितासँग सम्बन्धित संघसंस्था वा समूहहरू

- सेलिब्रेटीहरू, उनीहरूका सहयोगी तथा परिवारका सदस्य
- कर्मचारी, सूचना अधिकारीहरू, प्रहरी, प्रत्यक्षदर्शी
- संवाददाता तथा समाचार एजेन्सी
- प्रेस-विज्ञप्ति, इमेल, पत्रकार सम्मेलन
- समाज तथा सामाजिक सञ्जाल
- प्रतिस्पर्धी सञ्चारमाध्यम तथा इन्टरनेट, पुस्तक तथा आलेखहरू

## कला तथा मनोरञ्जन पत्रकारिता र जनसम्पर्क

तपाईंका काम, व्यवहार र सम्बन्धका आधारमा समाचार ब्रेक गर्ने आधार तयार हुन्छ। दीर्घकालीन, पारस्परिक रूपमा लाभदायक सम्बन्धले नै पत्रकारलाई सूचना प्राप्त गर्न र पाठक, श्रोता तथा दर्शकको विश्वास जित्न मद्दत गर्छ।

तपाईं अथवा तपाईं कार्यरत सञ्चारमाध्यमले कुनै घटना वा कार्यक्रमको जानकारी सबैभन्दा पहिले प्राप्त गर्न, सूचनाको सत्यतथ्य तथा सन्तुलित समाचारको पहिलो प्रकाशन वा प्रसारण गर्नका लागि जनसम्पर्क नै पहिलो शर्त हो। प्रभावकारी जनसम्पर्कका लागि पत्रकारले स्रोतसँग सम्बन्ध निर्माण गर्नु र कायम राख्नु महत्त्वपूर्ण हुन्छ। जनसम्पर्क स्थापित गर्न यस्ता पक्षमा ध्यान दिन जरुरी छ :

**भेटघाटका लागि समय निकाल्नुहोस्** : काम पर्दा मात्रै सम्पर्कका लागि खोजी गर्ने, बोल्ने र भेट्ने बानी सुधार्नुहोस्। जानकार तथा विषयविज्ञका साथै अन्य स्रोतसँग भेटघाटका लागि समय निकाल्नुहोस्। भर्चुअल जमानामा भर्चुअल माध्यममै मात्र भर पर्ने बानीले सम्बन्ध सोचेजस्तो प्रगाढ नहुन सक्छ। भौतिकरूपमा गरिएको भेटघाटमा आत्मीयता र खुलापन बढी हुन्छ।

**समयसीमाको सम्मान गर्नुहोस्** : रिपोर्टर तथा पत्रकारहरूका लागि सामान्यतः लेख वा प्रसारण सामग्री निर्माणका लागि कडा समय-सीमा हुन्छ। तसर्थ जसरी आफ्नो समय-सीमा पछ्याउनु हुन्छ, त्यसैगरी स्रोतले दिएको समयको पनि सम्मान गर्नुहोस्। स्रोतसँग लिएको समयमा तपाईं जसरी पनि हाजिर हुनुहोस्।

पुनः कुराकानी अगाडि बढाउनु : सामग्री प्रकाशन वा प्रसारणपछि पनि तपाईं तिनीहरूसँग सम्पर्कमा रहनुहोस्। तपाईंले तयारी गर्दै गरेको अर्को विषयबारे पनि विषयको गम्भीरताका आधारमा सुझाव लिने बानीको विकास गर्नुहास्। तपाईंले कभर गरेको घटनाको सधैं फलो-अप गर्नुहोस्।

**व्यावसायिक संस्थाहरूसँग संलग्न हुनुहोस्** : जनसम्पर्कका लागि पत्रकारहरूको व्यावसायिक संस्थाहरूमा कुनै न कुनै रूपमा आबद्ध हुनुहोस् । यी संस्थामा आबद्ध पेशेबरबाट आफ्नो विधाबारे जान्न मौका मिल्छ । यस्तो संस्थाहरूको कार्यक्रम र तपाईंको संलग्नताले तपाईंप्रति उनीहरूको विश्वास बढ्न सक्छ ।

**सामाजिक सञ्जालमार्फत अन्तरक्रिया गर्नुहोस्** : सामाजिक सञ्जालमा सक्रिय रहनुहोस् । सान्दर्भिक विषयविज्ञ पछ्याउनुहोस्, तिनीहरूका सामग्री मन पराउनुहोस् र भर्चुअल सम्बन्ध निर्माण गर्नका लागि कहिलेकाहीं तिनीहरूका लेखहरू साझेदारी गर्नुहोस् ।

## कला तथा मनोरञ्जन पत्रकारिता र कानूनी ज्ञान

पत्रकारिता क्षेत्रलाई ध्यानमा राखेर निर्माण भएका संवैधानिक तथा कानूनी व्यवस्थाबाट कला तथा मनोरञ्जन पत्रकारिता पनि प्रभावित हुनु स्वाभाविक हो । त्यसबाहेक प्रतिलिपि अधिकार, गोपनीयता, गाली-बेइज्जती तथा साइबर अपराधसम्बन्धी विषय सबै उत्तिकै महत्त्वपूर्ण छन् ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १७ ले मानिसको गोपनीयताको अधिकार प्रत्याभूत गरेको छ । नेपालको संविधान २०७२ को धारा २८ मा र वैयक्तिक गोपनीयतासम्बन्धी ऐन २०७५ मा यसबारे व्यवस्था गरिएको छ ।

मुलुकी अपराध संहिताको दफा २९८ ले विद्युतीय माध्यमद्वारा गोपनीयता भंग गर्न नहुने व्यवस्था गरेको छ । यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा २० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ । राष्ट्रिय साइबर सुरक्षा नीति, २०७८ विद्युतीय कारोबार ऐन २०६३ लगायतका व्यवस्थाप्रति पनि यो बीटमा कलम चलाउने पत्रकार सचेत हुन जरुरी छ ।

यस बीटमा पत्रकारिता गर्ने सबैले ख्याल गर्नुपर्ने केही प्रमुख संवैधानिक तथा कानूनी व्यवस्थाको सूची यस प्रकार छ :

### संवैधानिक व्यवस्था

- सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६)
- स्वतन्त्रताको हक (धारा १७)
- समानताको हक (धारा १८)

- सञ्चारको हक (धारा १९)
- धार्मिक स्वतन्त्रताको हक (धारा २६)
- सूचनाको हक (धारा २७)
- गोपनीयताको हक (धारा २८)
- भाषा र संस्कृतिको हक (धारा ३२)
- श्रमको हक (धारा ३४)
- महिलाको हक (धारा ३८)
- बालबालिकाको हक (धारा ३९)
- दलितको हक (धारा ४०)
- सामाजिक न्यायको हक (धारा ४२)

**ऐनहरू**

- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६
- छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८
- राष्ट्रिय प्रसारण ऐन, २०४९
- अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३
- गोरखापत्र संस्थान ऐन, २०१९
- राष्ट्रिय समाचार समिति ऐन, २०१९
- सञ्चार संस्थान ऐन, २०२८
- रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१
- प्रेस काउन्सिल ऐन, २०४८
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५
- श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१
- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६

यसका साथै सञ्चारकर्मलाई प्रभावित पार्न सक्ने मुलुकी संहिताका व्यवस्था, विभिन्न प्रदेश सभाले पारित गरेका सञ्चारसम्बन्धी कानूनबारे पनि जानकार रहनुपर्छ । सञ्चार र चलचित्रसँग सम्बन्धित राष्ट्रिय नीतिहरूको अध्ययन उत्तिकै उपयोगी छ । यस अलवा मिडिया र चलचित्र जगत्लाई प्रभाव पार्न सक्ने विधेयक तथा विधेयक बन्ने प्रक्रियामा भइरहेका प्रगतिबारे पनि अपडेट रहनुपर्छ ।

## कला तथा मनोरञ्जन पत्रकारिताको महत्त्व

समाजको विकासमा कला तथा मनोरञ्जनको महत्त्वपूर्ण स्थान छ । धार्मिक तथा ऐतिहासिक तत्थ्यहरूको व्यापकताका लागि कला तथा मनोरञ्जनका माध्यमलाई प्राथमिकता दिइनुले हालको आधुनिक राज्य निर्माणमा समेत यस क्षेत्रको विशेष योगदान छ भन्न सकिन्छ । विशेषतः विश्वले बुझ्ने एउटै साझा भाषाका रूपमा समेत कला तथा मनोरञ्जनलाई लिन सकिन्छ । संस्कृति तथा ऐतिहासिक विषयलाई कला तथा मनोरञ्जनका रूपमा विकास गरेर अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने प्रचलनले पनि यसको व्यापकता र महत्त्व प्रस्ट हुन्छ ।

## समाचार : दिने कि नदिने ? दिए कसरी ? दिने कसरी ?

कुनै विषय समाचार बन्छ कि बन्दैन ? समाचार दिने कि नदिने ? कसको नाम कसरी जोड्ने ? यस्ता अनेक प्रश्नको सही उत्तर पर्गेल्न सकिएन भने निर्णयमा पुग्न समस्या पर्छ ।

यस्ता मामिलामा एउटा अवस्था आउँछ- घटनासँग असम्बन्धित व्यक्तिका नाम उल्लेख गर्ने कि नगर्ने ? यस सन्दर्भमा नेपालको पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को दफा ५(५) ले ‘पत्रकार तथा सञ्चारमाध्यमले गर्न नहुने’ कामका रूपमा गरेको व्यवस्थाले भन्छ, ‘पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिका नाम असान्दर्भिक रूपमा जोडी कसैको मर्यादामा आँच पुग्ने वा चरित्र हत्या हुने गरी कुनै पनि सामग्री प्रस्तुत गर्नु हुँदैन ।’

## व्यावसायिकता र समस्या

नेपालको पत्रकारिताले अझै पनि व्यावसायिक रूप लिइसकेको छैन । पत्रकारले जीवनयापन गर्न पुग्ने गरी पारिश्रमिक नपाउने समस्या त छँदै छ, तोकिएको पारिश्रमिकसमेत तोकिएको समयमा र एकमुष्ठ नपाउने अवस्था छ ।

कला तथा मनोरञ्जनलाई मुख्य बीट बनाएर काम गर्ने पत्रकारहरूको अवस्था झनै दयनीय छ। सञ्चारमाध्यमले नै कला तथा मनोरञ्जन पत्रकारितालाई उचित प्राथमिकता नदिएको प्रस्टै छ। ब्रोडसिट पत्रपत्रिकामा त विज्ञापन बढेको बेला कला तथा मनोरञ्जन पृष्ठमा समाचार छाप्नै नपाएको गुनासो पत्रकारहरूको छ। कोरोना महामारीका बेला कला तथा मनोरञ्जन पृष्ठ नै नछापिनुले पनि उपेक्षालाई पुष्टि गर्छ।

यो बीटमा काम गर्न इन्टर्न वा सिकारु पत्रकारलाई प्राथमिकता दिनुले पनि नेपाली पत्रकारिता जगत्ले कला तथा मनोरञ्जन पत्रकारितालाई कम प्राथमिकता दिएको प्रस्ट हुन्छ। भाइरल हुने लालसाले जे पायो त्यही प्रश्न सोध्ने र लहडका भरमा यस क्षेत्रमा लाग्ने कलाकार र पत्रकारकै कारण यो क्षेत्र थप विवादित तथा अविश्वनीय बन्दै गएको छ।

हुनत यही बीटमा लामो समय पत्रकारिता गरेका पत्रकारहरूको संख्या पनि ठूलो छ। उनीहरूले अहिले यही बीटलाई नै केन्द्रमा राखेर विभिन्न म्यागेजिन तथा अनलाइन समाचार पोर्टल चलाइरहेका पनि छन्। उनीहरूले आफूले लामो समय यस क्षेत्रमा काम गरेर कमाएको स्रोत र साधनको उपयोग गर्दै यसलाई टिकाएका छन्। तर, यो बीटलाई नै केन्द्रमा राखेर प्रकाशित केही म्यागजिन तथा अनलाइन पनि यस क्षेत्रमा लागेर वा अन्य उद्योग व्यवसायबाट कमाएर खर्च गर्नेहरूको कारणबाट धानिएको समेत छ। कला तथा मनोरञ्जन पत्रकारिता जोगाउन केही विदेशमा रहेका नेपालीको पनि थोरबहुत हात छ।

नेपाली कला तथा मनोरञ्जन पत्रकारिताका केही मुख्य समस्यालाई यसरी उल्लेख गर्न सकिन्छ :

- मुख्य सञ्चारमाध्यममा कम प्राथमिकता पाउनु
- दक्ष जनशक्ति अभाव
- स्वार्थप्रेरित पत्रकारिता
- व्यावसायिक दक्षता तथा कानूनी ज्ञानको कमी
- परनिर्भरता र आर्थिक नियन्त्रण

नेपाली कला तथा मनोरञ्जन पत्रकारितामा कमजोर मानव संसाधन व्यवस्थापन र व्यावसायिक दक्षताको अभाव मात्र होइन, विषयगत ज्ञान र समाचार-कोणको पनि समस्या देखिन्छ। यो कुरो पत्रकारिता, संस्कृति र कला तथा साहित्य क्षेत्रलाई पनि चित्त बुझेको देखिँदैन।

वरिष्ठ पत्रकार तथा सञ्चारविज्ञ प्राध्यापक पी. खरेलका अनुसार, नेपाली पत्रकारमा विषयप्रतिको ज्ञानको मात्रै अभाव छैन, व्यावसायिकताको समेत खडेरी छ।[३] केही समाचारका विषय कोट्याउँदै उनी नेपाली कला तथा मनोरञ्जन पत्रकारलाई यसरी समाचारको टिप्स दिन्छन् :

> उता भारतमा अमिताभ बच्चनले नातिनीलाई सुझाएका कुरा नेपाली कला तथा मनोरञ्जन पत्रकार लेख्छन् । तर, के नेपाली कलाकार कोही हजुर बा भएका छैनन् र ? खै, मैले कहिल्यै पनि कुनै वरिष्ठ कलाकारका नातिनातिना जन्मिएको कुनै समाचार पढेको वा सुनेको छैन । उताको दिँदा यताको पनि दिए हुँदैन र ?
>
> कुनै बेलाका चर्चित नेपाली कलाकार अहिले कसरी दिन काट्छन् भन्ने विषय आम नागरिकलाई चासो हुँदैन र ? त्यस्ता विषय पनि दिँदा हुन्छ नि । उता प्रियंका चोपडा गर्भवती भएको कुरा नेपाली सञ्चारमाध्यममा आउँछ तर नेपाली कलाकारचाहिँ गर्भवती नै हुँदैनन् कि ? न मैले समाचार पढ्न नपाएको हो ? कोही गर्भवती भएका छन् भने त्यो पनि दिँदा हुन्छ । पाठक र उनीहरूका फलोअर्सलाई त चासो हुन्छ नि ।
>
> कुनै पनि चलचित्रको प्रमोसनको जिम्मा नै कुनै पत्रकारको समूह वा व्यक्तिले लिने र बाँडेर खाने जस्तो पाराले नेपाली मनोरञ्जन पत्रकारिताको विश्वसनीयता बढ्दैन, बरु त्यसको खडेरी पर्दै जानु स्वाभाविक छ ।

कला क्षेत्रमा खोजमूलक र सिर्जनशील विषयको खडेरी नै छ । समाचार पढ्नका लागि कुनै कलाकारले कि त कला वा चित्रकला प्रदर्शनी गर्नुपर्छ, कि केही कार्यक्रम हुनुपर्छ । ऐतिहासिक तथा सांस्कृतिक धरोहरबारेका समाचार लेख्न पनि कि कुनै सहयोगी संस्था वा कुनै स्थानीय तहले आर्थिक सहायता वा भ्रमणको व्यवस्था मिलाउनुपर्ने बाध्यता छ ।

संस्कृतिविद् एवं शताब्दी पुरुष सत्यमोहन जोशीले पत्रकारहरूमा अध्ययनशीलता नै पाएनन् । उनको गुनासो यस्तो थियो :

> 'पत्रकारहरू मसँग कुराकानी गर्न आउने गर्छन् । तर, कुराकानीमा कुनै वजन हुँदैन । ' तपाईंको बिहे कहिले भएको थियो ?' भनेर सोध्छन् । मेरो बिहे कहिले भएको थियो भन्ने कुराले पाठकलाई के सन्देश दिन्छ ? पत्रकारिता सस्तो भयो, पत्रकार सस्ता भए, व्यक्तिवादी भए । जबकि पत्रकार त देशभक्त हुनुपर्थ्यो, देशवादी हुनुपर्थ्यो ।

---

३. वरिष्ठ पत्रकार पी. खरेलसँग, विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा लेखकले *नेपाल न्यूज बैंक*का लागि २०८० साल वैशाख १९ गते गरेको अन्तर्वार्तामा आधारित ।

आफूले गरेका काम र अनुसन्धानबारे पत्रकारले सोधीखोजी नै नगरेको उनको गुनासो थियो । नेपालमा कला, संस्कृति र मनोरञ्जनका क्षेत्रमा खोजी गर्न नसकेर कयौं मौलिक तथा ऐतिहासिक पक्षहरू हराएर गएको उनको अनुमान थियो ।

नाटककार प्रचण्ड मल्लले कलाकारका दुःख र पीडाप्रति पत्रकारका आँखा नगएको र राज्यले पनि कलाकार र मौलिक कलालाई अपेक्षित महत्त्व नदिएको उनको गुनासो थियो । तर, आम नागरिकका क्षेत्रबाट भने यस क्षेत्रलाई अथाह माया मिलेको उनको भनाइ पाइन्छ ।[४]

वरिष्ठ साहित्यकार मदनमणि दीक्षितले पनि नेपाली साहित्य क्षेत्र उत्थानका लागि पत्रकारिताले प्रभावकारी भूमिका खेल्न नसकेको बताएका थिए । पत्रपत्रिकाहरू शासकको स्तुति र शक्तिको भक्तिमा लागेकाले सोचेजस्तो परिणाम आउन नसकेको उनको विश्लेषण छ । प्रथम नायिका भुवन चन्दलाई भने नेपाली पत्रकारमा विषयवस्तुको ज्ञान नै कम रहेको जस्तो लाग्छ ।

ललितकला पत्रकार समाजका अध्यक्ष केशवराज खनाल कला बुझ्ने पत्रकारहरूको अभाव भएकै कारण कला पत्रकारिताले सोचेजस्तो स्थान नपाएको बताउँछन् । पत्रकारलाई अभिमुखीकरण जस्ता कार्यक्रम राख्दासमेत उनीहरूमा त्यसबारे ज्ञान लिनुपर्छ भन्ने चेतना नदेखिएको उनको गुनासो छ ।

## प्रभावमुक्त पत्रकारिता र आचरण पक्ष

भनिन्छ, कसैले कुनै पनि विषयको जानकारी दिन्छ भने त्यो विज्ञापन हो । तर, लुकाउन खोजेको सार्वजनिक महत्त्वका विषयलाई सार्वजनिक गरिन्छ भने त्यो वास्तवमा पत्रकारिता हो । सूचना दिने व्यक्ति स्वार्थप्रेरित हुँदैन भन्ने भ्रममा कहिल्यै नबस्नुहोस् । विश्वभरि नै पत्रकारितालाई स्वार्थप्रेरित तत्त्वहरूको घेराबन्दीमा पारिएको गुनासो व्यापक सुनिन्छ । तसर्थ प्रभावमुक्त पत्रकारिताका लागि निम्न कुरामा ध्यान दिनुहोस् :

- भरपर्दो अनुसन्धान गर्ने, तथ्यको जाँच तथा विश्लेषण गर्ने,
- विषयसँग जोडिएका सहायक कुराबारे खोजी गर्ने,

---

४. शताव्दी पुरुष जोशी र नाटककार मल्लसँग ब्रिटिश फोर्सेस बोर्डकास्टिङ सर्भिस, *बीएफबीएस गोर्खा रेडियो*को धारावाहिक रेडियो कार्यक्रम 'अडियो बूक'का लागि लेखकले गरेको कुराकानीमा आधारित । सो कार्यक्रम २०१४ देखि सन् २०१८ सम्म विभिन्न विशिष्ट व्यक्तित्वहरूसँग गरेको कुराकानीमा आधारित थियो ।

- सजिलै प्राप्त हुने विषय तथा तथ्यले प्रायः सामग्रीलाई संकुचित बनाउँछ भन्ने ख्याल गर्ने,
- प्रायः चर्चामा आइरहने पात्र र विषयमै निर्भर नरहने,
- व्यक्तिगत विषयलाई प्राथमिकता नदिने
- विषय वा आफ्नो विधासँग जोडिएका हरेक पक्षलाई नजिकबाट नियाल्ने ।

मानवअधिकार र लोकतन्त्रको सम्मान पत्रकारिताको आधारशिला हो । पत्रकार तथा सञ्चारमाध्यमले लोकतन्त्र, न्याय, स्वतन्त्रता, समावेशिता, समानतालगायत मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्याभूत गरेका विषयमा सधैं सचेत हुनुपर्छ । त्यस्तै राष्ट्रिय तथा विश्वव्यापी रूपमा मानिएका पत्रकार आचारसंहिताको पालना पत्रकारहरूको कर्तव्य हो ।

त्यसका अलवा कला तथा मनोरञ्जन पत्रकारले प्रचलित आचारसंहितालाई विशेष ख्याल गर्नुपर्छ । त्यसमा सन्निहित विषयवस्तुका साथै बौद्धिक सम्पत्तिको संरक्षण, सामाजिक तथा सांस्कृतिक पूर्वाग्रहप्रति सचेत, प्रतिनिधित्वको ख्याल र सूचनाको शुद्धता र प्रमाणीकरणमा सचेतता पत्रकारले व्यावसायिक अभ्यासका क्रममा ध्यान दिनुपर्ने पक्ष हुन् ।

## कला तथा मनोरञ्जन पत्रकारितामा अवसर

कला तथा मनोरञ्जन उद्योग विश्वमै सबैभन्दा बढी लोकप्रिय र आम मानिसको ध्यान खिच्ने क्षेत्र हो । कला तथा मनोरञ्जन पत्रकारिताका क्षेत्रमा त्यति धेरै खोजमूलक तथा अनुसन्धानात्मक विषयको प्रस्तुति नभएकाले यो क्षेत्रमा काम गर्ने पत्रकारका लागि पर्याप्त अवसर छन् ।

विस्तारै उद्योगका रूपमा विकास हुँदै गरेको यो क्षेत्रको पत्रकारिता पनि व्यावसायिक रूपमा अघि बढ्ने आधार तय हुँदै गएको छ । तसर्थ पत्रकारिता पेशाभित्र विधामा नै विशिष्टीकरण गरेर मूल प्रवाहमा स्थापित हुन सक्ने सम्भावना बढ्दो छ । त्यसका लागि पत्रकारले आफ्नो व्यावसायिक ज्ञान र पत्रकारिताको धर्मलाई परिष्कृत र व्यवस्थित गर्दै लैजानुचाहिँ पर्छ ।

यस क्षेत्रको पत्रकारिताका बहुआयामिक विशेषता छन् । कलाका अनगिन्ती आयाम, चित्र तथा चलचित्रका विभिन्न विधा, साहित्य, संस्कृति, रीतिरिवाज र चाडपर्वभित्र लुकेका विविध कलात्मक पक्ष अनि विभिन्न वर्ग, जाति, समुदाय र क्षेत्रका आआफ्नै मनोरञ्जनका मौलिक तथा ऐतिहासिक शैलीका कारण यो क्षेत्र अन्य विधाभन्दा धनी, शक्तिशाली र लोकप्रिय छ ।

परापूर्वकालदेखि नै विभिन्न देशमा दौत्य सम्बन्धका आधारमा कला प्रदर्शनी तथा औपचारिक कार्यक्रम हुने गरेका छन् । पछिल्लो समय बढ्दो विश्वव्यापीकरण र नेपालीको फैलिँदो सञ्जालले गर्दा नेपाली कला, साहित्य, संगीत तथा संस्कृतिको विश्वव्यापीकरण बढ्दो छ । हाल आएर विश्वका विभिन्न शहरमा प्रतिभा छनोट, कला प्रदर्शनी, पुरस्कार वितरण कार्यक्रमका साथै हराएका नेपाली कलाकौशलको खोजी र चासोसमेत बढेको छ । त्यस्तै विदेशमा पनि नेपाली संस्कृति जगेर्नाका लागि विभिन्न प्रयास थालिएका छन् ।

विदेशी अध्येता तथा अनुसन्धाताको समेत चासो बढ्न थाल्नुले पनि यस क्षेत्रका पत्रकारको महत्त्व थपिँदो छ । विश्वको अवस्था हेर्दा कम विकसितभन्दा विकसित मुलुकमा राजनीति, अपराधलगायतका विषयमा भन्दा मनोरञ्जन तथा खेलकूदलगायतका विषयका पाठक, श्रोता वा दर्शकको संख्या धेरै देखिन्छ । तसर्थ पनि यस विधाका पत्रकारको भविष्य उज्ज्वल छ ।

## सन्दर्भ–सूची


अधिकारी, प्रकृति । २०७६ । *एसएलसीको इतिहास* । काठमाडौं : प्रकृति अधिकारी ।

*गोरखापत्र*का विभिन्न अंक ।

चलचित्र विकास बोर्ड । २०६२ । *स्मारिका, राष्ट्रिय चलचित्र महोत्सव* । काठमाडौं, चलचित्र विकास बोर्ड, श्री ५ को सरकार ।

दर्नाल, रामशरण । २०४५ । *नेपाली संगीत-संस्कृति* । काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दाहाल, काशीराज । २०५८ । *आमसञ्चार र कानून* । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट ।

देवकोटा, ग्रीष्मबहादुर । २०५१ । *नेपालको छापाखाना तथा पत्रपत्रिकाको इतिहास* । काठमाडौं : साझा प्रकाशन ।

*नेपाल राजपत्र*का विभिन्न अंक ।

पाँडे, भीमबहादुर । *त्यसबखतको नेपाल*का विभिन्न खण्डहरू ।

भौकाजी, रामकुमार । २०७६ । *श्री जुद्धकला पाठशाला (इतिहास : वि.सं २०००-२०२३)* । काठमाडौं : नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ।

माथेमा, दयारामभक्त । २०७३ । *अनुभव र अनुभूति : जीवनयात्राका ऐतिहासिक मोड* । काठमाडौं : दया फाउन्डेसन ।

राई, शरद । २०६१ । *फोटोग्राफी दिग्दर्शन* । विनोद ढुंगेल, सं. । काठमाडौं : फोटो कन्सर्न प्रा.लि. ।

शर्मा, दुर्गानाथ, सं. । २०५४ । *प्रसारण पत्रकारिता हाते किताब* । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट ।

शर्मा, लक्ष्मीनाथ । २०३८। *चलचित्रकला : सिद्धान्त, शैली र प्रवृत्ति* । काठमाडौं : साझा प्रकाशन ।

शर्मा, लक्ष्मीनाथ । २०६२ । *नेपाली चलचित्रको भावी रूपरेखा* । काठमाडौं ।

सायमी, प्रकाश । सन् १९९३ । *चलचित्र : कला र प्रविधि* । काठमाडौं : उर्वशी फिल्म प्रोडक्सन प्रा.लि.।

Gunaratne, Shelton A., ed. 2000. *Handbook of the Media in Asia.* New Delhi: Sage Publication.

Kharel, P. 2001. *Media Issues in Nepal.* Kathmandu: Nepal Association of Media Educators.

Kharel, P., ed. 2002. *Sight, Sound & Pulse.* Kathmandu, Nepal Press Institute.

http://www.martinchautari.org.np

https://mediaactionnepal.org

https://firstdraftnews.org/articles/disinfo-hollywood/

https://gorkhapatraonline.com

https://ir.nbu.ac.in/

https://elibrary.tucl.edu.np/bitstream/123456789/7763/2/Chapter%20Page%281%29.pdf

## लेखक चिनारी



**विनोद ढुङ्गेल**

विभिन्न विषयका एक दर्जनभन्दा बढी किताबका लेखक तथा सम्पादक विनोद ढुङ्गेल २०४५ सालदेखि पत्रकारितामा संलग्न छन् । त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्र र पूर्वाञ्चल विश्वविद्यालयबाट आमसञ्चार र पत्रकारितामा स्नातकोत्तर तथा पोखरा विश्वविद्यालयबाट अंग्रेजीमा एमफिल गरेका उनीसँग विभिन्न पत्रपत्रिका, रेडियो र टेलिभिजनको सम्पादकीय नेतृत्व सम्हालेको अनुभव छ । सन् २००३ मा डेनिस इन्स्टिच्यूट फर ह्युमन राइट्सबाट ह्युमन राइट्स् कोर्श गरेका उनी करीब दुई दशकदेखि प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय संस्था रिपोर्टर्स विदाउट बोर्डर्स् (आर एसएफ) का 'नेपाल सम्वाददाता'को रूपमा कार्यरत छन् । आमसञ्चार तथा पत्रकारिताको स्नातकोत्तर तहमा मिडिया कानून, आमसञ्चार अनुसन्धान र मिडिया व्यवस्थापन विषय प्राध्यापनरत ढुङ्गेल आमसञ्चारसम्बन्धी नीति-विश्लेषक तथा प्रशिक्षक पनि हुन् ।



**रामकृष्ण रेग्मी**

पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतको कान्तिपुर सिटी कलेजमा सन् २००० देखि प्राध्यापनरत प्रा. रामकृष्ण रेग्मी नेपाल प्रेस इन्स्टिच्यूटको स्थापनादेखिकै प्रशिक्षक र धेरै नेपाली पत्रकारका गुरू हुन् । त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नाकोत्तर र जर्मनीको इन्टरन्याशनल इन्स्टिच्यूट अफ जर्नालिजमबाट पत्रकारितामा डिप्लोमा गरेका उनले २०२८ सालतिर *कमनर* अंग्रेजी दैनिकबाट पत्रकारिता शुरू गरेका थिए । २०३० सालमा *राष्ट्रिय समाचार समिति*मा संलग्न भएका उनी २०४६ सालको राजनीतिक परिवर्तनको छ- सात वर्षसम्म पनि कुनै परिवर्तन नदेखेपछि चीफ रिपोर्टरबाट राजीनामा दिएर निजी क्षेत्रका विभिन्न सञ्चारमाध्यममा संलग्न भएका थिए । २००४ सालमा काठमाडौँको नरदेवीमा जन्मेका नेपाली र अंग्रेजी दुवै भाषामा कलम चलाउने वरिष्ठ पत्रकार, लेखक तथा अनुसन्धानकर्ता रेग्मीको लेखन, सहलेखनमा विभिन्न पुस्तक प्रकाशित छन् ।



**ध्रुवहरि अधिकारी**

लण्डन स्कूल अफ जर्नालिजमका अनर्स डिप्लोमा तथा संयुक्त राष्ट्रसंघीय ड्याग ह्यामरशोल्ड फेलो ध्रुवहरि अधिकारी ४५ वर्षअघि *गोरखापत्र* दैनिकबाट पत्रकारितामा प्रवेश गरेका हुन् । वरिष्ठ पत्रकार अधिकारीसँग *बीबीसी, रोयटर्स, इन्टर प्रेस सर्भिस (आईपीएस), न्यूयोर्क टाइम्स, टाइम, डचे वेल्ले, योमुरी शिम्बुन, एशिया टाइम्स अनलाइन, साउथ चाइना मर्निङ् पोष्ट, डाउन, लस एञ्जलस टाइम,* लण्डनको *दि इण्डिपेण्डेण्ट* जस्ता अन्तर्राष्ट्रिय समाचार संस्था तथा सञ्चारमाध्यममा पत्रकारिता गरेको अनुभव छ। जर्मनीबाट मिडिया प्रशिक्षक प्रशिक्षण तालिमसमेत लिएका उनले २०४१ सालमा स्थापित नेपाल प्रेस इन्स्टिच्यूटको शुरूदेखि करिब २० वर्ष प्रशिक्षक भएर काम गरे र पछि त्यस संस्थाको अध्यक्ष पनि भए। हाल अधिकारी स्वतन्त्र पत्रकारिता गर्छन्।



**अनन्तराज लुईंटेल**

संवैधानिक कानूनका एलएलएम र राजनीतिशास्त्रका एमए अनन्तराज लुइँटेल संवैधानिक कानून व्यवसायी मञ्चका महासचिव र सर्वोच्च अदालत बार एसोसिएसनका कार्यसमिति सदस्य भइसकेका छन्। हाल नेपाल प्रेस काउन्सिल र *नागरिक दैनिक* एवं *रिपब्लिका दैनिक*को प्रकाशक नेपाल रिपब्लिक मिडिया प्रालिका कानूनी सल्लाहकारसमेत रहेका उनले *द हिमालयन टाइम्स* अंग्रेजी दैनिक, *राजधानी, हिमालय टाइम्स, देउराली* दैनिक, *प्रकाश* र *सौर्य* साप्ताहिकमा रहेर कानूनी पत्रकारिताको साढे दुई दशकको अनुभव सँगालिसकेका छन् । *नागरिक*का नियमित स्तम्भकार र सर्वोच्च अदालतमा विभिन्न मुद्दामा बहसमा क्रियाशील लुइँटेलको लेखन र संयुक्त लेखनमा गरी तीनवटा पुस्तक प्रकाशित छन्।



**केपी ढुंगाना**

२०५८ सालदेखि पत्रकारितामा संलग्न केपी ढुंगाना खोजमूलक पत्रकारितामा रुचि राख्छन्। १६ वर्षदेखि सुरक्षा र अपराध विधाको रिपोर्टिङमा संलग्न उनको संगठित अन्तर्देशीय अपराधसम्बन्धी पुस्तक 'ओपन सेक्रेट : मिर्जा-जमिमदेखि फैजान हत्याकाण्डसम्मका नालीबेली' प्रकाशित छ । *राजधानी, नयाँ पत्रिका, नागरिक, कान्तिपुर*लगायतका दैनिक पत्रिकाका साथै *पहिलो पोष्ट* र *नेपाल लाइभ* अनलाइनमा काम गरिसकेका उनी हाल *उकेराडटकम*का प्रधान सम्पादक छन्।



**हरिबहादुर थापा**

तीन दशकदेखि पत्रकारितामा संलग्न हरिबहादुर थापा मूलतः राजनीतिक, आर्थिक र सामाजिक विकृतिविरुद्ध कलम चलाउने गर्छन् । उनका 'भ्रष्टाचारको शल्यक्रिया', 'एनाटोमी अफ करप्सन' (अंग्रेजी संस्करण), 'विदेशी सहायताका विसंगति', 'दलीय द्वन्द्व' लगायतका कृति प्रकाशित छन् । *कान्तिपुर* दैनिकमा स्थापनाकालदेखि २६ वर्ष काम गरेर सम्पादकसम्म भएका थापा *अन्नपूर्ण पोस्ट्* दैनिकको प्रधान सम्पादक पनि भए । *ईकागज डटकम*का संस्थापक प्रधान सम्पादक थापा संसदीय मामिला पत्रकार समाजका पूर्वअध्यक्षसमेत हुन् ।



**सुरेश आचार्य**

२०४३ सालमा *देशान्तर* साप्ताहिकबाट पत्रकारिता आरम्भ गरेका पत्रकार सुरेश आचार्य नेपाल पत्रकार महासंघका विभिन्न पदमा निर्वाचित हुँदै सभापतिसम्म भए । त्रिभुवन विश्वविद्यालयबाट ग्रामीण विकासमा सामुदायिक रेडियोले पुऱ्याएको भूमिकाका विषयमा विद्यावारिधि गरेका आचार्यसँग छापा, रेडियो र टेलिभिजन पत्रकारिताको अनुभव छ । पत्रकारितासम्बन्धी विभिन्न पुस्तकमा सहलेखन गरेका आचार्य पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका विभिन्न क्याम्पसमा प्राध्यापनरत छन् । न्यूनतम पारिश्रमिक निर्धारण समितिका प्रथम अध्यक्ष आचार्यले आम सञ्चार क्षेत्रका विभिन्न नीति तथा कानून निर्माणका लागि गठित कार्यदल तथा समितिमा रहेर पनि योगदान गरेका छन् ।



**श्रीराम पौडेल**

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक श्रीराम पौडेल रत्न राज्यलक्ष्मी क्याम्पसको पत्रकारिता विभागका प्रमुख हुन् । उनले 'नेपालमा सूचनाको हकसम्बन्धी नीति कार्यान्वयन' विषयमा त्रिविबाट विद्यावारिधि गरेका छन् । यसैगरी जनप्रशासन विषयमा दर्शनाचार्य, पत्रकारिता र राजनीतिशास्त्रमा स्नातकोत्तर र कानूनमा स्नातक गरेका उनी सन् २०१९ को Study of the U.S. Institutes (SUSI) फेलो हुन् । अढाई दशकदेखि पत्रकारितामा सक्रिय उनीसँग *कान्तिपुर एफएम, कान्तिपुर टेलिभिजन, ईमेज च्यानल, सगरमाथा टेलिभिजन, बीएफबीएस रेडियो, नागरिक न्यूज डटकम* र *माइरिपब्लिका डटकम*मा सम्पादकीय नेतृत्व सम्हालेको अनुभव छ ।



**कुवेर चालिसे**

पत्रकारिताको २५ वर्षभन्दा लामो अनुभव सँगालेका कुबेर चालिसेले नेपाली र अंग्रेजी दुवै भाषामा पत्रकारिता गरेका छन् । सन् २०१० मा नेपालको *दि हिमालयन टाइम्स* र मरिससको पहिलो अंग्रेजी दैनिक *दि इन्डिपेन्डेन्ट*को बिजनेस तथा आर्थिक ब्युरो प्रमुख भएका चालिसे *अन्नपूर्ण पोस्ट्* दैनिकको अनुभवपछि सन् २०१५ मा *रिपब्लिका* र *नागरिक दैनिक*को पनि बिजनेस तथा आर्थिक ब्युरो प्रमुख भए । रेडियो तथा टेलिभिजन पत्रकारिताको अनुभवसमेत भएका चालिसे विश्व प्रसिद्ध समाचार एजेन्सी *रोयटर्स*बाट तालिमप्राप्त पत्रकार हुन् । चालिसे नेपाल आर्थिक पत्रकार समाज (सेजन) को उपाध्यक्ष र नेपालको पहिलो राष्ट्रिय आर्थिक दैनिक *कारोबार*का सम्पादक पनि भए ।



**मुराहरि पराजुली**

त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर मुराहरि पराजुली २०५८ सालमा *कान्तिपुर* दैनिकबाट आर्थिक सम्वाददाताका रूपमा पत्रकारितामा प्रवेश गरेका हुन् । २०६४ सालदेखि *कान्तिपुर*मै आर्थिक डेस्क सम्पादकका रूपमा पत्रकारितालाई निरन्तरता दिएका उनी *नागरिक* दैनिकको स्थापना कालदेखि त्यसको आर्थिक डेस्क सम्पादक भए । २०७२ सालबाट करीब पाँच वर्ष पुनः *कान्तिपुर*को आर्थिक डेस्क सम्पादकका रूपमा काम गरेपछि विभिन्न मिडियामा आर्थिक विषयहरूमा लेख्न थालेका पराजुली हाल *सेतोपाटी* अनलाइनमा खुला बजार अर्थतन्त्रका पक्षमा टिप्पणी लेख्छन् । पत्रकारितासँगसँगै २०६४ सालदेखि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सेवा प्रवेश गरेका पराजुली हाल सो संस्थाका कम्पनी सचिव, प्रवक्ता तथा सूचना अधिकारीसमेत हुन् ।



**विकास थापा**

नेपाली पत्रकारितामा जलस्रोतलाई एउटा छुट्टै विधाका रूपमा स्थापित गराउन योगदान पुऱ्याएका पत्रकार विकास थापाले २० वर्ष *कान्तिपुर* दैनिकका विभिन्न जिम्मेवारीमा रही काम गरेका छन् । 'जलसरोकार' का विषयमा निरन्तर कलम चलाउँदै आएका थापा *ऊर्जा नेपाल* पत्रिकाका प्रधान सम्पादक भए भने *अन्नपूर्ण पोस्ट्* दैनिकमा काम गर्दै सम्पादनको नेतृत्व पनि सम्हाले । व्यवस्थापनमा स्नातकोत्तर (एमबीए) थापाले ऊर्जा र आर्थिक मामिलाका समाचारमा विशेष दक्षता हासिल गर्नुका साथै 'नेपालमा जलविद्युत्' नामक पुस्तक पनि लेखेका छन् । हाल उनी *ईकागज डटकम*का प्रधान सम्पादक छन् ।



**डा. बद्रीप्रकाश ओझा**

साहित्यमा स्नातकोत्तर गरेपछि सन् १९९४ मा शिक्षण पेशा अपनाएका डा. बद्रीप्रकाश ओझा पछि पिउने पानी तथा सरसफाइ क्षेत्रमा संलग्न भए । त्यसपछि सबै संलग्नता त्यागेर आध्यात्मिक साधना र यात्रा आरम्भ गरे । सन् १९९९ को अन्त्यतिरबाट *रेडियो सगरमाथा*मा आध्यामिक प्रवचन दिन शुरू गरेका उनले पछि आप्का हाउसको *'न्यूजपुल'* मा काम शुरू गरे र *अन्नपूर्ण पोस्ट्*मा सरुवा गरिए । सन् २००९ सम्म सञ्चार तथा जनचेतना विज्ञका रूपमा कृषि क्षेत्रमा काम गरेका ओझाले पूर्वाञ्चल विश्वविद्यालयको कान्तिपुर सिटी कलेजबाट आम सञ्चार तथा पत्रकारितामा स्नातकोत्तर गरेका छन् । उनले सन् २०१९ मा भारतको वनारस हिन्दु विश्वविद्यालय र अमेरिकाको कोलम्बिया विश्वविद्यालयबाट संयुक्त विद्यावारिधि हासिल गरेका छन् ।

---



**एकराज पाठक**

विगत २५ वर्षयता पत्रकारितामा सक्रिय एकराज पाठक *राष्ट्रिय समाचार समिति*का प्रधान सम्पादक हुन् । आम सञ्चार तथा पत्रकारितामा स्नातकोत्तर तथा सो विषय प्राध्यापनको १८ वर्षको अनुभव भएका उनले सूचनाको हक र पत्रकारितासँग सम्बन्धित पुस्तक लेखेका छन् । स्वास्थ्य मामिलामा समाचार लेखनको अनुभव भएका उनी २०६१ सालपछि नेपाल स्वास्थ्य पत्रकार समूह (हेजान) मा संलग्न रही पछि यसको अध्यक्ष भएका थिए । पूर्वाञ्चल विश्वविद्यालय र उच्च माध्यमिक शिक्षा परिषद्को पत्रकारिता विषय समितिको सदस्य भई पत्रकारितासम्बन्धी पाठ्यक्रम निर्माणमा समेत संलग्न पाठकका *रासस,* विभिन्न पत्रपत्रिका र अनुसन्धानमूलक एवं प्राज्ञिक जर्नलमा लेख/आलेख प्रकाशित छन् ।

---



**दीपक सापकोटा**

दीपक सापकोटा विपद् मामिलासम्बन्धी नेपाल सरकारको केन्द्रीय निकाय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सञ्चारविज्ञका रूपमा कार्यरत छन् । यसअघि सापकोटाले २०७२ वैशाखको भूकम्पपछिको पुनर्निर्माणका लागि गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा पनि सञ्चारविज्ञका रूपमा चार वर्षभन्दा बढी समय काम गरिसकेका छन् । आम सञ्चार तथा पत्रकारितामा स्नातकोत्तर सापकोटासँग *नयाँ पत्रिका* दैनिक, *जनदिशा* दैनिकका साथै विभिन्न साप्ताहिक एवं पाक्षिक पत्रिकामा काम गरेको अनुभव छ । सापकोटाले २०७१ को सिन्धुपाल्चोकको जुरे पहिरो, २०७२ वैशाखको भूकम्पलगायतका विपद्हरूको रिपोर्टिङ गरेका छन् । माओवादी जनयुद्धमाथि आधारित 'उथलपुथलका दश वर्ष' पुस्तकका लेखक सापकोटा स्वतन्त्र लेखन पनि गर्छन् ।



**कपिल काफ्ले**

करिब चार दशकदेखि नेपाली पत्रकारितामा सक्रिय कपिल काफ्ले *नेपाल समाचारपत्र* र *महानगर* दैनिकलगायतका पत्रपत्रिकाका संस्थापक सम्पादक हुन् । मानवअधिकारका विभिन्न विधामा पत्रकारलाई तालिम दिने कार्यमा समेत सक्रिय उनले *राजधानी* दैनिक र *हिमालय टेलिभिजन*मा पनि सम्पादकीय नेतृत्व गरेका छन् । पत्रकारिता तथा आम सञ्चारमा एमफिल उनी हिन्दु संस्कारमा लैंगिक प्रतिनिधित्व र मिडियाको भूमिका विषयमा विद्यावारिधि गर्दैछन् । काफ्ले नेपाल प्रेस इन्स्टिच्युटमा तालिम प्रमुख छन् भने नेपाल खुला विश्वविद्यालय तथा मदन भण्डारी मेमोरियल कलेजको स्नातकोत्तर तहमा पत्रकारिता प्राध्यापन पनि गर्छन् । साहित्यिक तीन र पत्रकारितासम्बन्धी तीन गरी ६ वटा किताब बजारमा ल्याएका उनका विभिन्न जर्नलमा अनुसन्धानमूलक आलेख पनि प्रकाशित छन् ।



**नितु पण्डित**

सञ्चारिका समूह नेपालकी निवर्तमान अध्यक्ष नितु पण्डितसँग दुई दशकभन्दा लामो पत्रकारिताको अनुभव छ । लैंगिक समानता र महिला सशक्तीकरणका लागि स्थानीयदेखि राष्ट्रिय स्तरसम्म वकालत, अनुसन्धान र लैंगिक मुद्दालाई मिडियामा मूल प्रवाहीकरण गर्नमा उनको उल्लेख्य सहभागिता छ । उनले महिलाका समस्यामा केन्द्रित रहेर विभिन्न विधामा तालिम सञ्चालन गर्नुका साथै मिडियाले समाजमा निर्माण गर्ने महिलाको छविलाई कसरी सकारात्मक रूपमा प्रस्तुत गर्ने भन्ने विषयमा वकालत गर्दै आइरहेकी छन् । सुप्रबल जनसेवाश्री २०७६ बाट पनि सम्मानित पण्डित सरकारले दिने राष्ट्रिय पत्रकारिता पुरस्कार २०७७ का साथै प्रेस काउन्सिल नेपालको क्रियाशील पत्रकारिता पुरस्कार २०७६ बाट पनि सम्मानित छिन् ।



**कुमार यात्रु**

कोशी प्रदेशको पाँचथर जिल्ला, फिदिम नगरपालिका- ११ मा जन्मिएका कुमार यात्रु अर्थात् कुमारप्रसाद तामाङ विगत ३० वर्षदेखि नेपाली पत्रकारितामा संलग्न छन् । *राजधानी* दैनिकका सम्पादक हुनुका साथै विभिन्न साप्ताहिक तथा मासिक पत्रिकामा काम गरिसकेका उनी हाल बहुभाषिक टेलिभिजन *इन्डिजिनियस* र *आईटीभी नेपाल*मा प्रमुख कार्यकारी कार्यक्रम निर्माता छन् । यात्रुले 'परम्परागत आदिवासी ज्ञान' (२०७९) पुस्तक लेखेका छन् । यसबाहेक 'नेपालको सञ्चार नीति तथा कानूनहरूमा आदिवासीका सरोकारहरू' (२०७९), 'कोरोना महामारीमा आदिवासी मिडियाका असल अभ्यास' (२०७९), 'रेडियोमा जनजाति' (२०५८) लगायत मिडियासम्बन्धी केही अनुसन्धान गरेका छन् । उनीसहितको सह-सम्पादनमा 'छापामा जनजाति', 'नेपालको स्थानीय शासन' लगायतका पुस्तक प्रकाशित छन् ।



**छत्र कार्की**

अढाइ दशकदेखि पत्रकारितामा क्रियाशील छत्र कार्की पछिल्लो समय gavi.org का लागि वातावरणीय स्वास्थ्य, जलवायु परिवर्तन, विज्ञान, जनस्वास्थ्य आदि विषयमा कलम चलाउँछन् । *नागरिक दैनिक*को ब्युरो प्रमुख तथा नेपालको पहिलो अनलाइन न्यूजपोर्टल *नेपालन्यूज*को सम्पादक भइसकेका उनी सन् २०१४ मा स्थापित नेपाल फोरम अफ साइन्स जर्नालिस्ट्स् (एनएफएसजे) का संस्थापक अध्यक्ष हुन्, हाल कार्यक्रम निर्देशक छन् । वर्ल्ड फेडरेशन अफ साइन्स जर्नालिस्ट्स्‌द्वारा आयोजित विज्ञान पत्रकारितासम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनमा उनले पटक-पटक वक्ताका रूपमा सहभागिता जनाइसकेका छन् । न्युरो साइन्स र माइन्डफुलनेस मेडिटेसनमा विशेष रुचि राख्ने उनी त्रिभुवन तथा काठमाडौं विश्वविद्यालयसम्बद्ध कलेजहरूमा प्राध्यापन पनि गर्छन् ।



**रोशन राउत**

रोशन राउत २५ वर्षभन्दा लामो समयदेखि खेलकूद पत्रकारितामा सक्रिय छन् । *श्री सगरमाथा* दैनिक, *राष्ट्रिय समाचार समिति, स्पेश टाइम* दैनिक, *अन्नपूर्ण पोस्ट्* दैनिक, *सौर्य* दैनिक हुँदै उनी हाल *रातोपाटी* अनलाइनमा कपी एडिटरका रूपमा कार्यरत छन् । *अन्नपूर्ण पोस्ट्*मा खेलकूद ब्युरो प्रमुख हुँदै उनले समाचार संयोजकका रूपमा पनि काम गरे भने *सौर्य दैनिक*मा समाचार सम्पादक भए । कानूनका स्नातक र आम सञ्चारका स्नातकोत्तर राउतसँग विश्वकप छनोट, फूटबल, एसियाली खेलकूद, दक्षिण एसियाली खेलकूद, यू– १९ विश्वकप क्रिकेट, बृहत् राष्ट्रिय खेलकूदलगायत थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताका समाचार संकलन गरेको अनुभव छ ।



**रामनाथ घिमिरे**

कला पत्रकारितामा विशेष रुचि राख्ने रामनाथ घिमिरेले २०६३ सालमा *रेडियो सगरमाथा*बाट पत्रकारिता यात्रा शुरू गरेका हुन् । १२ वर्ष ब्रिटिश फोर्सेस ब्रोडकास्टिङ सर्भिस (बीएफबीएस) *गोर्खा रेडियो*मा सहसम्पादक रहेका उनी अहिले *नेपाल न्यूज बैंक* समाचार एजेन्सीका सम्पादक छन् । राष्ट्रकवि माधवप्रसाद घिमिरे, शदाब्दी पुरुष सत्यमोहन जोशी, प्रथम नायिका भुवन चन्दलगायत नेपाली कला तथा मनोरञ्जन क्षेत्रका विशिष्ट व्यक्तिको जीवनका आरोह-अवरोह समेटेर उनले बनाएको रेडियो कार्यक्रम 'अडियो बूक' २००औं शृंखलासम्म प्रस्तुत भएको थियो । उनले लेखेका दुई दर्जनभन्दा बढी गीत बजारमा छन् भने कथा, कविता, गजल पनि लेखेका छन् । पत्रकारितामा स्नातकोत्तर तथा कानूनमा स्नातक घिमिरे पत्रकारिता अध्यापनसमेत गर्छन् ।